ISSN 2091 2013

# हाम्रो पुरुषार्थ

त्रैमासिक

स्वर्णवर्ष शताङ्क

द्वितीय भाग






## किरण पुस्तकालय

तम्घास, गुल्मी




१४० औं लेखनाथ जयन्ती समारोहको उद्घाट गर्नुहुँदै प्रमुख अतिथि
पूर्व राजदूत झवीन्द्र अर्याल (बीचमा)





कवि शिरोमणि लेखनाथ पौडेलको १४० औं जन्मजयन्ती समारोहमा उपस्थित साहित्यप्रेमीहरू




प्रेस काउन्सिलबाट किरण पुस्तकालयमा पाल्नुभएका
अतिथिहरू



पुस्तकालयको अध्ययन कक्षमा व्यस्त अर्जुन आवासीय
माध्यमिक विद्यालयका विद्यार्थीहरू

# हाम्रो पुरुषार्थ (त्रैमासिक)

## स्वर्ण-वर्ष, शताङ्क (द्वितीय भाग)

❑ वर्ष : ५१ ❑ अङ्क : १ ❑ सम्पूर्णाङ्क : १०० ❑ कात्तिक-पुस, २०८०

**सम्पादक**

शशि पन्थी

**सह–सम्पादक**

दीन पन्थी

**सहायक सम्पादक**

भुवनप्रसाद अर्याल

**सहयोगी मण्डल**

गोपाल पन्थी

राधा पन्थी

हिमकला राना

ईश्वर वि.क.

**किरण पुस्तकालय**

तम्घास, गुल्मी (फोन : ०७९-५२०२८७)

सम्पर्क फोन नं. : ०७९-५२०२६०, ५२०४८३)

मो.नं. : ९८५११४८८०७, ९८४७५०६२८८

E-mail : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com

Website : www.kiranpustakalaya.com

मूल्य : रु.४००/-

*कम्प्युटर सेटिङ्ग : ईश्वर वि.क.*

*मुद्रक : सुशिला प्रिन्टर्स, गुल्मी ०७९-५२०४५०*

*E-mail : spgulmi 33@gmail.com*

आवरण : हाम्रो पुरुषार्थका वार्षिक, अर्धवार्षिक र त्रैमासिकका प्रथम अङ्कहरू (सम्पूर्णाङ्क १, ८ र ६०)

# हाम्रो पुरुषार्थ(त्रैमासिक)

## *काठमाडौं प्रतिनिधि*

**डा. दुर्गाप्रसाद अर्याल**
फोन नं. ०१-४८२०५९७

**डा. लक्ष्मीकान्त पन्थी**
फोन नं. ९८४९१४८३८५

**गोविन्दप्रसाद पोखरेल**
फोन नं. ९८४१८४९६६६

**भानुभक्त मरासिनी**
फोन नं. ९८४१७१३३३६

**ध्रुवराज पन्थी**
फोन नं. ०१४२७८६५१

**डा. कृष्ण भण्डारी "मुमुक्षु"**
फोन नं. ९८५६०३२४७७

## *रुपन्देही प्रतिनिधि*

**गोपाल पन्थी**
फोन नं. ९८५७०३३३३८

**रुरु शर्मा**
फोन नं. ९८४७०९३०११

**कविता पन्थी**
फोन नं. ९८४७०३३९२४

**माधव गौतम**
फोन नं. ९८५१०१३२८१

## *चितवन प्रतिनिधि*

**पूर्णप्रसाद अधिकारी**
फोन नं. ०५६-५२८१६०

## *दाङ प्रतिनिधि*

**प्रा.डा. अर्जुनप्रसाद भट्टराई**
फोन नं. ९८६८६३०४६१

## *पाल्पा प्रतिनिधि*

**कमल खत्री**
फोन नं. ९८४७३०८९०८

## *पोखरा प्रतिनिधि*

**शङ्कर ज्ञवाली**
फोन नं. ९८५६०३१४४४

## *विदेश प्रतिनिधि*

**महेश आचार्य**
सन्फ्रान्सिस्को, क्यालिफोर्निया, संयुक्त राज्य अमेरिका
**फोन नं. +१७०२-४२८-५५४०**

**डा. गोपालप्रसाद शर्मा**
के. २२/१८ पञ्चगङ्गाघाट
वाराणसी, उत्तरप्रदेश, भारत
फोन नं. ००९१८००५३११०७२

**शंकरप्रसाद शास्त्री**
गढी केन्ट, घुच्चुपानी रोड, अनारवाला
देहरादून, उत्तराखण्ड, भारत
फोन नं. ००९१९९७२०७४८४

**महेन्द्रकुमार लम्साल**
लेनकास्टर स्ट्रीट-२२
सिड्नी, अस्ट्रेलिया
फोन नं. ०६१४१२००१७६९

**विष्णु शर्मा**
पी. डब्लू. डी. कोलोनी
डिफू, कर्बी, एङ्गलोङ्ग, आसाम, भारत
फोन नं. ००९१३६७१२७३१८५

**प्रकाशकीय**

# शताङ्कसम्मको यात्रा

- पुस्तकालय चलाउन गाह्रो छ । पत्रिका निकाल्न गाह्रो छ, स्तरीय बनाउन गाह्रो छ, निरन्तरता दिन झन् गाह्रो छ । स्तरीय कति भयो हामी भन्दैनौं, पाठकहरूबाट आउला । हामी निरन्तर रूपमा शताङ्कसम्म सरासर आयौं । यसैमा हामी हर्ष व्यक्त गर्दछौं । पचास वर्षसम्म पत्रिका निकाल्ने पुरुषार्थ किरण पुस्तकालयले गर्‍यो । यो 'हाम्रो पुरुषार्थ' पुस्तकालयकै पुरुषार्थ हो ।

- पत्रिका निकाल्न अर्थको व्यवस्था हुनुपर्छ । अर्थले मात्र हुँदैन । स्तरीय रचनाहरू पाउनु दुर्लभ हुन्छ । रचनाहरूको सम्पादन, प्रकाशन पनि हाम्रो दुर्गम भेकमा कठिन छ । मुद्रण पनि कठिन छ । वितरण झन् कठिन छ । कठिनताहरूका पहाडहरू छन्, चढ्न नसके गुल्टिनुपर्छ । लक्ष्मी र सरस्वती दुबैलाई खुशी गराउनु कडा चुनौती छ । चुनौतीबीच यहाँसम्म आयौं यसैमा सन्तुष्ट छौं ।

- शताङ्क प्रकाशित भयो दुई भागमा पुग-नपुग आठ सय पृष्ठमा । यसमा हामीलाई माया गरेर, भर गरेर आफ्ना अमूल्य रचनाहरू प्रदान गर्ने लेखक महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौं । प्रमादवश हामीबाट हुन गएका कमजोरीप्रति क्षमाप्रार्थी छौं । यसमा जे जति विशेषता छन्-ती हाम्रा सहयोगीहरूका वरदान हुन्, जे जति कमजोरीहरू छन् ती हाम्रा मात्र हुन् ।

- पत्रिका प्रकाशनको एउटा उचाइमा आएका छौं - समयक्रममा र सङ्ख्यामा पनि । जेजस्तो भए पनि एउटा इतिहास बनेको छ । ठाउँले गर्व गर्न सक्नुपर्छ । जिल्लाले गर्व गर्न सक्नुपर्छ । नगरले गर्व गर्न सक्नुपर्छ ।

- हामी हात थापिरहन्छौं - पुस्तकालय र पत्रिकाका लागि पनि । यहाँहरूको सद्भावले, सहयोगले यी बाँच्नेछन्, बढ्नेछन् - पछिसम्म । शताङ्कका द्वितीय भागबाट - हाम्रा सकल हितैषी, सहयोगी महामना महानुभावहरूमा अभार व्यक्त गर्दछौं ।

–ooo–

# कुटुरो फुकाउँदा


| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| **लेख/आलेख/निबन्ध/** | | | |
| १. | 'हाम्रो पुरुषार्थ'को द्विशताङ्क कामना | डा. तुलसी भट्टराई | १ |
| २. | हाम्रो पुरुषार्थको शताङ्कको प्रतीक्षामा | सनत रेग्मी | ६ |
| ३. | नेपाली वाङ्मयका यस्ता ... | प्रा.गोविन्दराज भट्टराई | ८ |
| ४. | रुरु : निर्वचनको एक झलक | प्रा.डा. नारायण खनाल | १२ |
| ५. | हाम्रो पुरुषार्थ : जनजागरण | सूब सेन | २० |
| ६. | हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क-८९ संक्षिप्त... | डा.हरिहर अर्याल | २३ |
| ७. | हाम्रो पुरुषार्थलाई अनन्त शुभकामना | युवराज पौड्याल | २७ |
| ८. | हाम्रो पुरुषार्थका विशेषाङ्कहरूको ... | प्रा.डा. अर्जुनप्रसाद भट्टराई | ३० |
| ९. | 'हाम्रो पुरुषार्थ' को पुरुषार्थ | कृष्ण ज्ञवाली | ४५ |
| १०. | 'हाम्रो पुरुषार्थ'को कुटुरो फुकाउँदा | यादवचन्द्र निरौला | ५० |
| ११. | हाम्रो पुरुषार्थमा ऐतिहासिक इस्मा... | हीरा ए.सी. | ५७ |
| १२. | हाम्रो पुरुषार्थका त्रैमासिक अङ्कहरू... | घनश्याम भण्डारी | ६९ |
| १३. | हाम्रो पुरुषार्थमा पाठक प्रतिक्रियाः... | कृष्णबहादुर कुँवर | ९२ |
| १४. | हाम्रो पुरुषार्थमा प्रकाशित ... | चनकबहादुर कुँवर | ११३ |
| १५. | हाम्रो पुरुषार्थमा बालवर्षाङ्क ... | हिमकला राना | ११९ |
| १६. | हाम्रो पुरुषार्थको अभूतपूर्व पुरुषार्थ | त्रैलोक्य प्रताप सेन | १२३ |
| १७. | 'किरण पुस्तकालय र हाम्रो पुरुषार्थ... | मोहन ज्ञवाली | १२८ |
| १८. | यात्रा पुरुषार्थको | ढुण्डिराज पोखेल | १३० |
| १९. | हाम्रो पुरुषार्थ र विकटमा छपाइ... | ईश्वर वि.क. | १३५ |
| १९. | हाम्रो पुरुषार्थ भारतको देहरादूनदेखि... | रुरु शर्मा | १४४ |
| २०. | हाम्रो पुरुषार्थभित्र अटाएका भारतीय... | चन्द्रकान्त पन्थी | १४७ |
| २१. | राष्ट्रको गौरव-हाम्रो पुरुषार्थ | संगीता उपाध्याय पौडेल | १५६ |
| २२. | 'हाम्रो पुरुषार्थ'का पृष्ठहरू | कविता पोखेल | १५९ |
| २३. | 'हाम्रो पुरुषार्थका आवरण पृष्ठहरू | गोपाल पन्थी | १६५ |
| २४. | 'हाम्रो पुरुषार्थमा समावेशी सहभागिता | राधा पन्थी | १७० |
| २५. | 'हाम्रो पुरुषार्थका १०० अंक | शिवराज मरासिनी | १७४ |

| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| २६. | 'हाम्रो पुरुषार्थभित्र गुल्मी' डायरी ... | डिल्लीराज खनाल | १७८ |
| २७. | 'नौलो सृष्टि : सानो दृष्टि'का बारे... | दानबहादुर के.सी. | १७३ |
| २८. | गुल्मीको गहना 'हाम्रो पुरुषार्थ' | शंकरप्रसाद गौतम | २०४ |
| २९. | पुस्तकालय विकासको अभियानमा... | सन्ध्या पन्थी | २०६ |
| ३०. | पुस्तकालय र हाम्रो पुरुषार्थका ... | भुवन अर्याल | २३१ |
| ३१. | किरण पुस्तकालय : संक्षिप्त परिचय | डा.टङ्कप्रसाद पन्थ | २५६ |
| ३२. | 'हाम्रो पुरुषार्थ' र यसको ९७औं अंक | झवीन्द्र पन्थी | २६१ |
| ३३. | यताउताबाट स्तम्भको संक्षिप्त ... | ज्ञानराज मरासिनी | २६३ |
| ३४. | शताङ्कको सुखद अवसरमा पहिला... | गोविन्द गिरी प्रेरणा | २६७ |

**गीत/कविता/गजल/मुक्तक**

| | | | |
|---|---|---|---|
| १. | हाम्रो पुरुषार्थ | प्रह्लाद पोखेल | ४ |
| २. | गजल | बूँद राना | १९ |
| ३. | सृजना र साहित्यको दीप | शारदा खनाल | १३३ |
| ४. | हाम्रो पुरुषार्थ | स्थानेश्वर खनाल | १३९ |
| ५. | शताङ्क प्रकाशनमा सहस्राङ्कको... | लक्ष्मण रिजाल | १४० |
| ६. | झाँगिइरहूँ सधैभरि | गोमा सेन | १४३ |
| ७. | ज्योति छर्दै अगाडि झन् | नमोनारायण पन्थी | १५८ |

**विशेष स्तम्भ**

| | | | |
|---|---|---|---|
| १. | प्रकाशकीय | प्रकाशक | iii |

**स्थायी स्तम्भहरू**

| | | | |
|---|---|---|---|
| १. | अनुभव/अनुभूति | मोहनबहादुर भलामी | २६९ |
| २. | पुस्तकालय परिचय | गोविन्दप्रसाद शर्मा | २७४ |
| ५. | किरण पुस्तकालयको पातो | सचिव | २८३ |
| ६. | नौलो सृष्टि : सानो दृष्टि | अकिञ्चन | २८४ |
| ७. | यताउताबाट | अर्पण साप्ताहिक/दैनिक निर्णय | २९० |
| ८. | पाठक-प्रतिक्रिया | नमराज मरासिनी | २९१ |
| ९. | किरण पुस्तकालयका विशिष्ट/आजीवन सदस्यको परिचय | | २९२ |
| १०. | हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरू | | २९६ |


ooo

# अनुरोध !

- फोहर सकेसम्म कम उत्पादन गरौं, जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, सम्बन्धविच्छेद एवम् बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने सूचीमा छ/छैन प्रत्येक वर्षको साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।
- नगरपालिकामा तोकिएका कर-शुल्कहरू समयमै बुझाई विकास निर्माणमा सक्रिय सहभागी बनौं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं; सभ्य नागरिकको परिचय दिऔं ।

**अनुरोधक**

# सन्धिखर्क नगरपालिका

**अर्घाखाँची (लुम्बिनी प्रदेश, नेपाल)**

*// लेख //*

# 'हाम्रो पुरुषार्थ' को द्विशताङ्क कामना



**डा. तुलसी भट्टराई**

कुनै पनि मुलुकको भाषा, साहित्य, कला एवं संस्कृति भनेको राष्ट्रको आन्तरिक स्वरूप हो, आत्मा हो । सभ्यताको परिचायक हो । सामाजिक मूल्यमान्यताको मापदण्ड हो । साहित्यमा समाज र राष्ट्र दुबैलाई प्राणवान् बनाउने शक्ति हुन्छ ।

नेपाली साहित्यको विकास र उत्थानमा साहित्यिक पत्र-पत्रिकाको महत्त्वपूर्ण योगदान रहेको कुरा विगत इतिहासबाट प्रष्ट हुन्छ । विशेषतः वि.सं. १९५८ मा सरकारी स्वामित्वमा प्रारंभ भएको गोरखापत्रले जयपृथ्वीबहादुर सिंहको सम्पादन पछि साहित्यिक रचनाहरू प्रकाशित गर्न थालेको हो । आजसम्म पनि साहित्यले स्थान पाएकै छ ।

त्यसपछि साहित्यिक पत्रपत्रिका-माधवी, सुन्दरी, उदय, शारदा, रूपरेखा, मधुपर्क, गरिमा, हुँदै अहिलेसम्म करिब पाँच हजार साहित्यिक पत्रिका प्रकाशित भइसकेका छन् तर निरन्तरता भने थोरै पत्रिकाले मात्र पाएका छन् ।

यतिबेला सय अंक माथि पुगेका पत्रिका औंलामा गनिने मात्र छन् । रचना, अभिव्यक्ति, जनमत, शिवपुरी सन्देश आदि पत्रिका स्वनामधन्य पत्रिका हुन् । यी पत्रिकाहरूले शताब्दीपछि पनि निरन्तरता दिइरहेका छन् ।

यिनै पत्रिकाको क्रममा स्वर्ण अक्षरले अंकित गरिने साहित्यिक पत्रिकाको महत्त्वपूर्ण नाम हो-**हाम्रो पुरुषार्थ** । काठमाडौं राजधानीबाट धेरै टाढा-मोफसल-दुर्गम क्षेत्र मानिने गुल्मी जिल्लाको तम्घासमा यो हाम्रो पुरुषार्थ जन्मिएको हो । यो कुनै सरकारी सहयोग वा निकायबाट प्रारम्भ गरिएको पत्रिका होइन । नितान्त व्यक्ति विशेषको सत्प्रयासबाट जन्मिएर आज शताङ्कमा पुगेको छ ।

गुल्मी जिल्लाको तम्घासमा २०२५ भदौतिर त्यसबेला क्याम्पस पढ्ने गरेका केही युवाहरू भेला भएर पुस्तकालयसम्बन्धी छलफल गरेछन् । यस्ता युवाहरूको नेतृत्व गरेका श्री शशि पन्थीले साथीहरूसँग भनेछन्-"अब हामीहरू केही गरौं । जुन कुराले समाज र राष्ट्रलाई समेत योगदान पुग्न सकोस् । यो हामीले गर्ने

काम पुस्तकालयको स्थापना हो । यसबाट शिक्षा, संस्कृति, भाषा साहित्य जस्ता विविध पक्षको सेवा गर्न सकिन्छ । मानिसमा पढ्ने बानीको विकास गराउँछ । सबैभन्दा असल र राम्रो कार्य हो-पुस्तकालयको स्थापना । "

शशिजीको यस्तो गहन र दूरगामी प्रस्तावलाई साथीहरूले पनि सहमति जनाएपछि पुस्तकालय स्थापना अभियान प्रारम्भ भएको थियो । पचपन्न वर्ष अघिका संस्थापकमध्येका श्री शशि पन्थीले लामो समयसम्म यस किरण पुस्तकालयका सचिवका रूपमा सेवा दिएर यतिबेला अध्यक्षको दायित्व बहन गर्नुभएको छ । आज यो किरण पुस्तकालय मुलुकभरिकै पुस्तकालयहरूमध्येको अग्रपंक्तिको दशभित्र गणना हुन्छ ।

२०७५ भाद्र २४ मा किरण पुस्तकालयले स्वर्ण-जयन्ती मनाएको थियो । त्यस महोत्सवमा मैले सहभागी बन्ने अवसर पाएको हुँ । यही स्वर्ण-जयन्तीको अवसर पारेर प्रदेश ५ स्तरीय पुस्तकालय सम्मेलन पनि भएको हो । मैले तम्घास क्षेत्र र किरण पुस्तकालयको अवलोकन गर्ने अवसर चाँहि २०५८ चैत्र शुक्ल सप्तमी-नवमीसम्मको तीनदिने भाषिक संगोष्ठीका बेला मिलेको हो । त्यतिबेलाको नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका प्राज्ञ सदस्य डा.टीकाराम पन्थीको संयोजनमा यो गोष्ठी भएको थियो । त्यतिबेला किरण पुस्तकालयका तर्फबाट पनि एउटा भेटघाट कार्यक्रम राखिएको थियो ।

'किरण पुस्तकालय' को सञ्चालन गर्दैगर्दा शशि पन्थीमा अर्को तृष्णा जाग्यो । पुस्तकालयलाई चलायमान गर्न एउटा सहित्यिक पत्रिका पनि आवश्यक पर्छ । पत्रिकाको महत्त्व बुझेका शशिजी साथीहरूसँग यसबारे छलफल गर्दा सबैको सहमति भयो । अनि पत्रिकाको नाम "हाम्रो पुरुषार्थ" राखियो । हाम्रो अर्थात् सम्पूर्णको पुरुषार्थ । धर्म, अर्थ, काम, मोक्षको समष्टि रूप पुरुषार्थ । यो 'हाम्रो पुरुषार्थ' धेरै पटक छपाइका लागि बनारस पनि पुग्नुपर्थ्यो । राम्रो छपाइको व्यवस्था जहाँसुकै थिएन । शशिजीको एकलव्य भक्तिभावको कारण यस पत्रिकाको विकास र प्रकाशन बढ्दै गएर आज शताङ्कमा पुगेको छ । साथै प्रकाशन प्रारम्भ भएको पचास वर्ष, स्वर्ण-वर्ष पनि यही २०८० हो । यो एउटा राम्रो संयोग पनि मान्नुपर्छ ।

'हाम्रो पुरुषार्थ' अर्थात् सामूहिक पुरुषार्थ नाम भए पनि सम्पादक/प्रकाशक-शशि पन्थी २०३०-२०८० सम्म पचास वर्ष निरन्तर रहन सक्नु सम्भवतः उदाहरणीय पक्ष हो । किनभने एउटै व्यक्तिले पचास वर्ष योगदान दिनसक्नु सामान्य कुरा होइन । एक जनाको निःस्वार्थ योगदानले-'हाम्रो पुरुषार्थ' हामी सबै नेपाली भाषा साहित्यमा लाग्नेहरूकै निम्ति गौरव गर्ने नाम बनेको छ ।

'हाम्रो पुरुषार्थ' का सामान्य अंक सँगै समय समयमा विशेषाङ्कहरू प्रकाशित भएका छन् । यस्ता विशेषाङ्कहरू नेपाली वाङ्मयका निम्ति अमूल्य सामग्री बन्ने गरेका छन् । सङ्ग्रहणीय र पठनीय बनेका छन् । सामान्य अंक पनि मूल्यवान् छन् । साहित्यिक पत्रिकाको प्रकाशन र निरन्तरता दिनु त्यति सजिलो कार्य होइन । सरकारी निकायका निम्ति "साहित्यिक पत्रिका प्रकाशन" "कागलाई बेल पाक्यो, हर्ष न बिस्मात" उखान जस्तै हो । साहित्यिक पत्रिकाले विज्ञापन पाउँदैन । यसको बिक्री हुँदैन । टाढा पठाउने हुलाक सुविधा वा अन्य त्यस्ता साधन छैनन् । पुस्तक व्यवसायीले पनि प्रायः पाठ्यपुस्तकबाहेकका साहित्यिक पुस्तक पत्रिका बेच्दैनन् । यदि राख्यो बेच्यो भने पनि पैसा दिने चलन छैन । यस्तो विचित्र अवस्थामा कसरी चल्न सक्छन् यस्ता साहित्यिक पत्रपत्रिकाहरू ? त्यसकारण निरन्तरता दिएर 'शताङ्क पुऱ्याउने सम्पादक/प्रकाशक धन्यवादसहित विशेष अभिनन्दनका पात्र हुन् । नमन योग्य अर्थात् नमनीय व्यक्तित्व हुन् । यी विशिष्ट सम्पादक ।

*'हाम्रो पुरुषार्थ' का सामान्य अंक सँगै समय समयमा विशेषाङ्कहरू प्रकाशित भएका छन् । यस्ता विशेषाङ्कहरू नेपाली वाङ्मयका निम्ति अमूल्य सामग्री बन्ने गरेका छन् । सङ्ग्रहणीय र पठनीय बनेका छन् । सामान्य अंक पनि मूल्यवान् छन् । साहित्यिक पत्रिकाको प्रकाशन र निरन्तरता दिनु त्यति सजिलो कार्य होइन । सरकारी निकायका निम्ति "साहित्यिक पत्रिका प्रकाशन" "कागलाई बेल पाक्यो, हर्ष न बिस्मात" उखान जस्तै हो । साहित्यिक पत्रिकाले विज्ञापन पाउँदैन । यसको बिक्री हुँदैन । टाढा पठाउने हुलाक सुविधा वा अन्य त्यस्ता साधन छैनन् ।*

नेपाली वाङ्मयका विभिन्न विधाका रचनाहरू, अनुसन्धानपरक सामग्रीहरू, विशेष प्रकारका विशेषाङ्कहरू प्रकाशित गरेर-'हाम्रो पुरुषार्थले-पुऱ्याएको योगदान बारे जति चर्चा गरे पनि कम्ती नै हुन्छ ।

'हाम्रो पुरुषार्थ' का पर्याय बनेका शशि पन्थी एवं दीन पन्थी लगायतका समर्पित व्यक्तिहरू प्रति साधुवाद । यस हाम्रो पुरुषार्थले अर्को दोस्रो शताङ्क पनि नाघ्न सकोस् ।

यस 'शताङ्क' का सम्पादक/प्रकाशक, सहयोगी सबैमा हार्दिक नमन/जय 'हाम्रो पुरुषार्थ शताङ्क ।

**✍ नेपाल प्रज्ञा-प्रतिष्ठानका पूर्व सदस्य सचिव ।**

ooo

# हाम्रो पुरुषार्थ



✒ प्रह्लाद पोखेल

१
रेसुङ्गा नग लुम्बिनी-शिर भयो गुल्मी रही केन्द्रमा
हो हाम्रो पुरुषार्थ बिम्बित भयो साहित्य हृत्केन्द्रमा
अत्यावश्यक पुस्तकालय भयो स्रष्टाहरूको बल
प्रज्ञा ज्योति फिँजाउने किरणको ज्योत्स्ना छरी झल्मल !

२
त्यो ज्योत्स्नामय जागृति प्रथमतः हुर्केर बीजाक्षर
फैलेको छ विशाल वृक्ष गतिलो ऊर्जा बनी उज्जर !
सम्पूर्णाङ्क पुगेछ जो सय जहाँ सेवा गरी वाङ्मय
यो हाम्रो पुरुषार्थको गरिरहौं स्रष्टा सबैले जय !

३
ज्ञानी उत्तम ऋष्यशृङ्ग ऋषिको संस्कारले प्राणित
जो जो जागृत छन् उपासकहरू गर्छन् सबैले हित
बाँच्यो वाङ्मय संस्कृति व्यसन भै विद्यासँगै विस्तृत
विद्याको व्यवहार झङ्कृत हुँदा छन् जीवनी संस्कृत !

४
राम्रा लेख-निबन्ध-गीत-कविता त्यस्तै समीक्षा पनि
छापी मुक्तक साथमा गजलका बान्की तथा टिप्पणी
बाङ्गा व्यङ्ग्य र हास्य या लघुकथा उस्तै कथा गम्किला
सामग्री भरिपूर्ण संस्मरणका छन् भावना स्वादिला !

५
स्थायी स्तम्भहरू अनेक रहने सम्प्रेष्य सान्दर्भिक
छन् स्वाभाविक सिर्जना समयका उल्लेख्य आकर्षक
विद्वान् व्यक्ति विशिष्ट साथ गरिने वार्ताहरू छन् कति
हुन् हाम्रो पुरुषार्थ जीवित हुने स्थायी यिनै सम्पति !

६

यात्रा गर्न पचास वर्ष पहिले थालेर हिँड्दै रह्यो
बन्दै बाल, वयष्क या नवयुवा जो प्रौढतामा गयो
साक्षी सक्षम सिर्जना अनुभवी नेतृत्वदायी भयो
छापा-संस्कृतिभित्र जीवन-जगत् जोडेर जागा छ यो !

७

धेरै लेखक जन्मिए सँगसँगै हुर्के, बढे, पन्पिए
जल्ले जीवनमा नयाँ किसिमका पर्याप्त ऊर्जा दिए
त्यो ऊर्जामय जिन्दगी अघि बढोस् झन् ऊर्ध्वगामी बनी
यो हाम्रो पुरुषार्थ सार्थक बनोस् उत्कृष्ट सञ्जीवनी !

✍ **उपाध्यक्ष – भानु प्रतिष्ठान, काठमाडौं ।**

**०००**


# सूचना !

- **फोहर सकेसम्म कम उत्पादन गरौं, जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं ।**
- **जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, सम्बन्धविच्छेद एवम् बसाईँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।**
- **सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने सूचीमा छ/छैन प्रत्येक वर्षको साउन महिनामा आ–आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।**
- **गाउँपालिकामा तोकिएका कर शुल्कहरू समयमै बुझाई विकास निर्माणमा सक्रिय सहभागी बनौं ।**
- **खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।**

अनुरोधक

# गुल्मीदरबार गाउँपालिका

**गौंडाकोट, गुल्मी**

// आलेख //

# हाम्रो पुरुषार्थको शताङ्कको प्रतीक्षामा



सनत रेग्मी

हाम्रो पुरुषार्थ र शशि पन्थीको अन्योन्याश्रित सम्बन्ध रहेको छ । पचास वर्ष र सयौं अङ्कसम्म हाम्रो पुरुषार्थको सम्पादन गर्नु चानचुने कुरा होइन ।

मलाई सम्झना छ २०४० सालमा, गणेशमान सिंहज्यूको चाक्सीबारी स्थित निवासमा नेपाली कंग्रेसका कार्यकर्ताहरूको भेला थियो । त्यस भेलामा सम्मेलन स्थलकै गेटमा शशिजी उभिएर हाम्रो पुरुषार्थको बी.पी. स्मृति अङ्क हामी साहित्यिक अभिरुचि भएका कार्यकर्ताहरूलाई बाँड्दै हुनुहुन्थ्यो । हाम्रो पुरुषार्थसँग मेरो पहिलो भेट त्यही हो । त्यसैबाट मैले हाम्रो पुरुषार्थ, किरण पुस्तकालय र शशि पन्थीज्यूलाई चिन्न थालेको हुँ । उसो त म शशिजीलाई रेडक्रसकर्मीका रूपमा पहिले चिन्दथेँ । हामी धेरै पटक रेडक्रसका सम्मेलनहरूमा भेटेको पनि हो तर शशिजी साहित्यकार पनि हो र 'हाम्रो पुरुषार्थ' को सम्पादक पनि हो भन्ने मलाई थाहा थिएन । पछि त रेडक्रसको केन्द्रीय समितिमा निर्वाचित भएपछि म शशिजीसँग घनिष्ठ पनि भएँ ।

शशिजी रेडक्रसका बैठकहरूमा आउँदा हाम्रो पुरुषार्थका नयाँ अङ्कहरू लिएर आउनुहुन्थ्यो र मलाई पनि उपहार दिनुहुन्थ्यो । हाम्रो पुरुषार्थ आफ्नै विशेषता बोकेको पत्रिका थियो र छ पनि । यसका अङ्कहरूमा अधिकांशतः गुल्मी, अर्घाखाँची, पाल्पा र बुटवलतिरका साहित्यकारहरूका रचना हुने गर्दछन् । यस दृष्टिले यस पत्रिकाले क्षेत्रीय साहित्यकारहरूलाई निकै प्रोत्साहित गरेको देखिन्छ । हाम्रो पुरुषार्थमा नियमित स्तम्भको रूपमा पुस्तकालय परिचय दिने गरेको छ । यसले नेपालका पुस्तकालयहरूको विषयमा राम्रा जानकारीहरू पस्किने गरेको छ र यो किरण पुस्तकालयको अन्य पुस्तकालयप्रतिको सम्मान हो । त्यस्तै यस पत्रिकामा त्यस भेकबाट प्रकाशित पुस्तक परिचयको पनि नियमित स्तम्भ नौलो सृष्टि : सानो दृष्टि हो ।

हाम्रो पुरुषार्थले समय-समयमा अत्यन्त स्तरीय विशेषाङ्कहरू प्रकाशित गरेको छ । मैले पढेको लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क, भाषिक संगोष्ठी विशेषाङ्क, बी.पी कोइराला स्मृति विशेषाङ्क र टीकाराम पन्थी, भीमकान्त पन्थी

विशेषाङ्क अत्यन्त स्तरीय र सङ्ग्रहणीय विशेषाङ्कहरू हुन् । ताजा रुरुक्षेत्र विशेषाङ्क पनि अत्यन्त महत्त्वपूर्ण विशेषाङ्क हुन पुगेको छ । रुरुक्षेत्रको गहन अध्ययन गर्न यो विशेषांङ्क यथेष्ट छ ।

हाम्रो पुरुषार्थको अर्को महत्त्वपूर्ण पक्ष हो त्यसमा छापिने अन्तर्वार्ताहरू, हाम्रो पुरुषार्थका प्रत्येक अङ्कमा साहित्य र समाजसेवामा लागेका एक जना विशिष्ट व्यक्तिको अन्तरर्वार्ता रहने गरेको छ । यी अन्तरर्वार्ताहरू संकलित एउटा पुस्तक प्रकाशित गर्न पाए त्यो नेपाली साहित्यको एउटा विशिष्ट कृति हुने थियो ।

मेरा पनि दुईचार रचना हाम्रो पुरुषार्थका अङ्कहरूमा छापिएका छन् । शशिजीको अनुरोध र ताकिता हुँदा पनि कतिपय विशेषाङ्कमा रचना लेख्न सकिएन ।

म हाम्रो पुरुषार्थको नियमित पाठक हुँ । यस पत्रिकाबाट मैले अर्घाखाँची, पाल्पा, गुल्मी, बुटवल र कपिलवस्तुका थुप्रै साहित्यकारसँग परिचित हुने मौका पाएँ । उनीहरूको साहित्यसित परिचित हुने मौका पाएँ । विशेष गरेर त्यस क्षेत्रका सांस्कृतिक सम्पदाका विषयमा प्रशस्त ज्ञान प्राप्त गरेको छु ।

*हाम्रो पुरुषार्थ आफ्नै विशेषता बोकेको पत्रिका थियो र छ पनि । यसका अङ्कहरूमा अधिकांशतः गुल्मी, अर्घाखाँची, पाल्पा र बुटवलतिरका साहित्यकारहरूका रचना हुने गर्दछन् । यस दृष्टिले यस पत्रिकाले क्षेत्रीय साहित्यकारहरूलाई निकै प्रोत्साहित गरेको देखिन्छ । हाम्रो पुरुषार्थमा नियमित स्तम्भको रूपमा पुस्तकालय परिचय दिने गरेको छ । यसले नेपालका पुस्तकालयहरूको विषयमा राम्रा जानकारीहरू पस्किने गरेको छ र यो किरण पुस्तकालयको अन्य पुस्तकालयप्रतिको सम्मान हो । त्यस्तै यस पत्रिकामा त्यस भेकबाट प्रकाशित पुस्तक परिचयको पनि नियमित स्तम्भ नौलो सृष्टिः सानो दृष्टि हो ।*

*हाम्रो पुरुषार्थले समय-समयमा अत्यन्त स्तरीय विशेषाङ्कहरू प्रकाशित गरेको छ ।*

अब हाम्रो, पुरुषार्थको एक सयौं अङ्क प्रकाशित हुन लागेको छ । यसको शताङ्क पनि एउटा विशिष्ट अङ्क हुने विश्वासका साथ यो आलेख यहीं टुङ्ग्याउँछु । यसको शीघ्र प्रकाशनको कामनासहित शताङ्क प्राप्तिको प्रतीक्षामा छु ।

✍ **नेपालगञ्ज, बाँके (पूर्व सदस्य-सचिव, नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौं) ।**

ooo

# नेपाली वाङ्मयका यस्ता उपासकहरूमा हार्दिक प्रणाम



✒ प्रा. गोविन्दराज भट्टराई

म २०३० सालको शुरूदेखि काठमाडौं आएँ । आएँ भनूँ कि गएँ, झापाबाट काठमाडौं पुग्न पाँच दिन लाग्थ्यो इण्डियाको बाटो । मेरो उद्देश्य थियो सेवाकालीन शिक्षकको रूपमा बी.एड्. पढ्ने । मलाई मासिक आधा तलब (रू एक सय बाह्र) मिल्ने गरी पढ्ने शर्तमा जिल्ला शिक्षाले छानेको थियो । म कान्तिपुर शहरको मध्य भाग–टेकु भन्सार नाजिक ब्रह्मटोलतिर बस्थें । त्यहाँदेखि कीर्तिपुर धाएर पढ्ने बानी बसालें । धेरैले त्यसै गर्थे किनभने कीर्तिपुरमा अहिले जस्तो गाउँ थिएन । माथि डाँडाको शहरमा पानी र भाषाको कारणले हामी पाखेलाई खट्न मुस्किल थियो, त्यसो त त्रि.वि. होस्टल थियो तर खर्च पूरा नहुने मान्छे छात्रावासमा बस्नु असम्भव थियो । किनभने त्यहाँ कुनै काम पाइने सम्भावना थिएन । त्यसैले मैले ट्युसन गर्ने अथवा कुनै सानोतिनो कारिन्दा बनी बिहान बेलुका खटेर दुई पैसा कमाउँला, पढ्ने खर्च जुटाउँला भनी शहर रोजेको थिएँ । शहरबाट प्रतिदिन आई-जाईमा बीस-बीस पैसा बस भाडा तिर्नु अथवा एक डेढ घण्टा हिँडेर त्यो जोगाउनु-दुबै उपाय थिए ।

२०३१ साल लागेदेखि म दैनिक ट्युसन पढाउनमा यदाकदा प्रुफ हेर्न व्यस्त हुन थालें । बी.एड्.मा अंग्रेजी मेजर लिनेको सान अर्कै थियो । झोंछेमा सहकारी नामको प्रेस थियो । त्यस बेलाका सबै लेटर प्रेस हुन्थे । मालिक अमृतमान श्रेष्ठ थिए । उनैका छोरा छोरीसमेत अरू भेला गरी त्यहीँ पढाउँथें ।

आफ्नो साहित्यिक रुचि पनि बढ्न थालेको थियो । रूपरेखा, मधुपर्क रचना जस्ता पत्रिका किनी खोजी पढ्न सिकें । लेख्ने अभ्यास पनि गर्न लागें । तिनै दिनमा कुन संजोगले हो कि पत्रिका छपाउने उद्देश्यले हो आईजाई गर्ने गुल्मीका दुई तपस्वीलाई भेटेछु । उहाँहरू पन्थी दाजुभाइ श्री शशि र दीन पन्थी हुन्हुन्थ्यो । त्यस बेला ता तपस्वीको दर्जा आर्जन गरेको थिएन । हाम्रो पुरुषार्थ नामक साहित्यिक पत्रिका भर्खर कति अङ्क पार्नु भएको थियो । तर मेरो भेट

हुन्थ्यो । पत्रिका दिनु हुन्थ्यो । माग्थें पनि । त्यस बेलादेखि एक दशकसम्मका हाम्रो पुरुषार्थ अङ्कहरू संकलन गरी दमकमा लगेर राखेको छु ।

मेरा दाजु तुलसीप्रसाद बनारसमा भएकाले उहाँहरूको आई-जाई उता पनि भएकाले चिनारी भयो कि अर्थोकै संजोग म भन्न सक्तिनँ तर आज पचास वर्षपछि पनि उस्तै दुई पन्थी ब्रदर्सलाई भेटिरहन्छु । यसपालि पाल्पामा श्री दीन पन्थीलाई भेटैं । पाल्पाको कार्यक्रम ता स्रष्टा चोलेश्वर शर्माको कृति विमोचन तथा साहित्यिक विमर्श थियो तर यसले अनेक स्रष्टासित भेट पनि गरायो । मलाई सानो हर्ष भएन ।

*मेरो मन ता साहित्यिक प्रयासहरूमै हुन्थ्यो । त्यसैले किरण पुस्तकालय तम्घासको अवलोकन गर्ने, त्यसको प्रकाशन हाम्रो पुरुषार्थका अङ्कहरू हेरेर खुसी हुने गर्दै समय व्यतीत भएको छ । अझ त्यो भित्री पहाडमा कसरी उहाँहरूले त्यत्रो लिगेसी (बिरासत) स्थापित गर्नुभयो निरन्तर राख्नु भो, त्यहाँका भाषा साहित्यप्रेमी सज्जनहरू कति सम्माननीय हुनहुन्छ होला । त्यस भूमिको सम्झनाले मात्र पनि मलाई तृप्ति दिन्छ ।*

त्यसो ता उहाँहरूसित अरू पनि भेट हुन्छन् संवाद हुन्छन् । एकपल्ट बी.पी. शताब्दीको अवसरमा अग्रज शशि पन्थी हाम्रो आवास कीर्तिपुरमा पनि आउनु भएको थियो । उहाँहरूकै सौजन्यमा तम्घास बजारमा एक बृहत् कार्यक्रम भयो । म संयोजकसहित एक हूल पुग्यौं र एक दिन ठूलो उत्सव गरी फिऱ्यौं । फेरि आर्कोपल्ट नेल्टाको अध्यक्षका नाताले तम्घास जाने दल लिएर म अघि लागें । माघको ठिहीमा त्यहाँ पनि एक सम्मेलन गर्यौं । ती स्मृतिहरू मैले आफ्नो निबन्ध-सङ्ग्रहमा समावेश गरेको छु । यसरी नेपाली साहित्य र अंग्रेजी भाषा दुबै भारी बोकेर निकैपल्ट देश भ्रमण गरेको छु । त्यस्तो आनन्द कमैले लिए हुनन् । आज म उच्च हिमालदेखि लाहा, जिम्बू, पाखनबेत, माझिफल, धूपी, राडी पाखी आदिका भारी बोकेर मधेस झर्ने दाजुभाइ दिदी बैनी सम्झिन्छु, मध्य पहाडदेखि भीरमौरीको मह, मूलाको बीउ, अल्लाको ज्वारीकोट यस्तै के के लिएर झर्नेहरू मधेस डुल्थे । जीवन यस्तै व्यापारको लागि बनेको रहेछ । मैले अंग्रेजी भाषासँगै नेपाली साहित्यको बीउका भारी भिरेर यात्रा गरें । त्यसैले पूर्वको इलामदेखि उता डडेलधुरासम्मै मेरा पाइलाहरू भेटिएलान् । सम्म मधेस भूमिको ता कुरै भएन ।

मेरो मन ता साहित्यिक प्रयासहरूमै हुन्थ्यो । त्यसैले किरण पुस्तकालय तम्घासको अवलोकन गर्ने, त्यसको प्रकाशन हाम्रो पुरुषार्थका अङ्कहरू हेरेर खुसी हुने गर्दै समय व्यतीत भएको छ । अझ त्यो भित्री पहाडमा कसरी उहाँहरूले त्यत्रो लिगेसी (बिरासत) स्थापित गर्नु भयो निरन्तर राख्नु भो, त्यहाँका

भाषा साहित्यप्रेमी सज्जनहरू कति सम्माननीय हुनहुन्छ होला । त्यस भूमिको सम्झनाले मात्र पनि मलाई तृप्ति दिन्छ ।

गत श्रावणको पाल्पा भेटमा दीन पन्थीज्यूले अब हाम्रो पुरुषार्थको शताङ्क प्रकाशन गर्ने योजना सुनाउनु भयो । पूर्वदेखि पश्चिसम्मका कुनै पहाडमा यस्तो नियमित साहित्यिक पत्रिका छैन । इलाम, धनकुटा, पाल्पा, सुर्खेत कहीँ छैन । कसरी कत्रो प्रतिज्ञा गर्ने हाम्रो पुरुषार्थका सम्पादक प्रकाशकले त्यो पल्लो मध्य पहाडमा बसेर यसलाई निरन्तरता दिइरहनुभएको छ सम्झेर म छक्क पर्छु । यो हृदय उहाँहरूको सम्मानले निहुरेको छ । काठमाडौंबाहेक धरान, बुटवल, गोर्खा नेपालगन्ज सबैतिर सम्झेर ल्याउँदा यस्तो स्तरीय साहित्यिक पत्रिकाको यस्तो अविच्छिन्न इतिहास कतै छैन । यो उहाँहरूले देश र जातिको गौरव बढाउन गरेको कर्म हो । एक जीवन अर्पेर गरेको । आजका रोचक घिमिरेले जस्तै अभिव्यक्तिका नगेन्द्रराजले जस्तै ।

*पूर्वदेखि पश्चिसम्मका कुनै पहाडमा यस्तो नियमित साहित्यिक पत्रिका छैन । इलाम, धनकुटा, पाल्पा, सुर्खेत कहीँ छैन । कसरी कत्रो प्रतिज्ञा गर्ने हाम्रो पुरुषार्थका सम्पादक प्रकाशकले त्यो पल्लो मध्य पहाडमा बसेर यसलाई निरन्तरता दिइरहनुभएको छ सम्झेर म छक्क पर्छु । यो हृदय उहाँहरूको सम्मानले निहुरेको छ । काठमाडौंबाहेक धरान, बुटवल, गोर्खा नेपालगन्ज सबैतिर सम्झेर ल्याउँदा यस्तो स्तरीय साहित्यिक पत्रिकाको यस्तो अविच्छिन्न इतिहास कतै छैन । यो उहाँहरूले देश र जातिको गौरव बढाउन गरेको कर्म हो । एक जीवन अर्पेर गरेको ।*

हाम्रो पुरुषार्थ सय अङ्क पुऱ्याउने मात्र होइन कति मूल्यवान् र अति स्तरीय प्रकाशन पनि छन् । यसका विशेषाङ्कहरू त अघि भवानीका, भानुका जस्तै गरी पुनर्प्रकाशन गर्नु पर्ने हुन्छन् । अहिलेसम्ममा हाम्रो पुरुषार्थका १९ वटा विशेषाङ्क प्रकाशित भएको कुरा सुनाउनुभयो । ती हुन्–(क) समालोचना विशेषाङ्क, (ख) लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क, (ग) पुस्तकालय विशेषाङ्क, (घ) कथा विशेषाङ्क, (ङ) भाषिक संगोष्ठी विशेषाङ्क (च), पत्रकारिता विशेषाङ्क आदि । तीबाहेक अरू पनि थुप्रै विशेषाङ्कहरू छन्, जसमध्ये भानु द्विशतवार्षिक र बी.पी. शतवार्षिक नै कस्ता दुर्लभ लाग्छन् । २०७१ सालमा बी.पी. शताब्दीका अवसरमा प्रकाशित विशेषाङ्कसँग तुलनीय अर्को कर्म देशभरिमै भएन । स्याङ्जाबाट प्रकाशित रजस्थल (पूर्णाङ्क ५९) अनि गुल्मीको हाम्रो पुरुषार्थ (अङ्क ६३) प्रत्येकले पाँच सयभन्दा बढी पृष्ठका मूल्यवान् सामग्री प्रकाशित गरे । हामीले नेपाली लेखक संघको तर्फबाट पुग नपुग ३०० को । कत्रो त्याग छ । स्याङ्जा, गुल्मीको । अझ स्याङ्जाले ता भानु विशेषाङ्कका दुई ठेली छपायो ।

उहाँहरूको मनमा यस्तो हाम्रो पुरुषार्थले अब कुनै नौलो कर्म पनि गर्न पाए हुन्थ्यो भन्ने इरादा रहेछ । भाइ दीनसित पाल्पा भेटमा सल्लाह गर्‍यौं । मैले झट्ट प्रस्ताव गरें र सल्लाह दिएँ—भारतीय नेपाली साहित्यको कसो होला ? हामी करौंसो जोडिएर बसेका छिमेकीहरू । यता घोर अन्धकार हुँदा दार्जीलिङ, बनारस, देहारादून, सिलाङ, आसाम आदिले बत्ती सल्काए ती बल्दै छन् । तर अब हामी भाषा संस्कृतिका ब्याडमा भएकाले अरूतिर तेल थप्तै रहनुपर्छ । उतातिरको उपलब्धि के कसो हुँदै छ त्यसको पनि ज्ञान हाम्रालाई दिनु आवश्यक छ । अर्थात् हाम्रो आदानप्रदान चलिरहनु पर्छ । यस्तो आदानप्रदान अब ता टाढा टाढा अफ्रिकासम्म पुगेका नेपालीहरूका समक्ष स्थापित गर्नुपर्दछ । उहाँहरूले हार्दिक समर्थन गर्नुभयो ।

नभन्दै मैले पारिपट्टिका हाम्रा स्रष्टासित सम्पर्क गरी सहयोग मागी केही रचना सङ्कलन गर्न सकें । टाढाबाट फोनको भरमा गर्नु छ भनेजस्तो त हुन्न तथापि हामी नेपाली भाषा, संस्कृति, साहित्यको एक स्रोतभूमिमा बसोबास गर्नेहरूले संसारभरकै नेपालीत्वको प्रेम गर्नुपर्छ, यसको रक्षार्थ केही गर्नुपर्छ । नत्र यो वणिक्को जीवनलाई कसैले सम्झने छैन । त्यसैले धरणिधर कोइरालाले सम्झाएका थिए नैवेद्यमा—एक पेट ता कागले पनि भर्छ है सधैं । त्यो संकेत देखाउन हाम्रो पुरुषार्थको एक विशेषाङ्क तयारी गर्दै हुनहुन्छ उहाँहरू ।

ठूलो कुरा त नेपाली भाषाभाषीका प्रयत्नका बीचमा एकत्व भाव हो । यस्तो सुदीर्घ इतिहास बोकेको साहित्यिक प्रकाशनको रूपरेखाले, भानुले, शारदाले, रचना अथवा अभिव्यक्तिले आ-आफ्ना शताङ्क प्रकाशनको अवसरमा सम्पादकीयको सङ्ग्रह निकाले । दायित्व, वाङ्मय, हिमाली गुराँस, प्रज्ञापन सबैले गर्व गर्दैछन् । हाम्रो पुरुषार्थले पनि त्यही गरोस् भन्ने कामना राख्तछु । साथै भानु, देवकोटा, बी.पी. कोइरालाजस्ता विशेषाङ्कहरूलाई पुस्तकको रूपमा पनि प्रकाशनमा लानु पर्दछ । किनभने विशेषाङ्कहरू अमर सिर्जना बोकेर बसेका हुन्छन् । आज रूपरेखाको, शारदाको विशेषाङ्क, बनारसको उदयको निस्के, मधुपर्कका बेला बेला निस्कछन् । उता सिक्किमका स्रस्टा दार्जीलिङको दियालो गर्दैछन् । भविष्यमा त सबै डिजिटल हुन सक्छन्, हामीले वर्तमानसम्मको रक्षा गर्ने रहेछ । तर भविष्यको चिन्ता पनि नछोडीकन हाम्रो पुरुषार्थले दुई सय, तीन सय अङ्क पुऱ्याएको देख्नलाई हाम्रो लामो आयु छैन तर कल्पना गरौं । ती अनन्तसम्म निस्किरहून् । गुल्मीको पवित्र भूमिले त्यस्ता मानवतावादी सन्तान जन्माइरहन सकोस् । जय हामो पुरुषार्थ ।

**प्रख्यात विद्वान् एवं साहित्यकार ।**

ooo

// लेख //

# रुरु : निर्वचनको एक झलक



प्रा.डा. नारायणप्रसाद खनाल

**आरम्भ**

किरण पुस्तकालय, तम्घासबाट प्रकाशित हाम्रो पुरुषार्थ (वर्ष : ५०, अङ्क : ३ सम्पूर्णाङ्क : ९८ वैशाख-असार, २०८०) रुरुक्षेत्र विशेषाङ्कका रूपमा एक्कासि हातपर्दाको आनन्दातिरेकले सम्पादकीयसहित यसभित्रका दुई जनाका अन्तर्वार्ता; २९ जनाका लेख, निबन्ध, समीक्षा, टिप्पणी; आठ जनाका गीत, कविता, गजल, मुक्तक; तीन जनाका संस्मरण; नौ शीर्षकका 'स्थायी स्तम्भहरू' र 'हाम्रो पुरुषार्थ'को स्वर्णजयन्तीलगायतका केही विज्ञापन, ग्रन्थको सुन्दर साजसज्जा, केही महत्त्वपूर्ण चित्रहरूसमेत ३६२ पेजमा निर्माण भएर नि जम्मा ५००्-मूल्य कायम गरिएको 'हाम्रो पुरुषार्थ' को रुरुक्षेत्र विशेषाङ्क अध्ययनपश्चात् 'रुरु' शब्दकै व्यवस्थित निर्वचन आवश्यक ठानेर यस जिज्ञासाको उपक्रम सुरू गरिएको छ ।

**रुरु:शब्दार्थका सन्दर्भमा**

यहाँ रुरु, रुरुकन्या र रुरुक्षेत्रबीच घनिष्ठ सम्बन्ध देखिएकाले यिनलाई प्रायः एकै साथ हेर्ने प्रयत्न गरिएको छ । रुन्छ अर्थ भएको प्रख्यात पाणिनीय 'रु' धातुबाट रौति शब्दं करोतीति भन्ने व्युत्पद्यमान अर्थमा औणादिक सूत्र 'रुशातिभ्यां क्रुन्' ले 'क्रुन्'(रु) प्रत्यय गरेपछिको प्रथम व्युत्पन्न 'रुरु' एक मृगविशेष अर्थात् स्वातीनक्षत्रको प्रथम चरण 'रु' बाट सुरू भएको नाम 'रुरु' तयार हुन्छ, जसका कोशीय अर्थ अनेक छन्-

एक पर्वत(रुरुमुण्ड), एक दैत्य, जन्तु, च्यवनका नाति (जसले आफ्नो तपोबलले आयुको आधा भाग दिएर प्रिया प्रमद्वरालाई जीवित गरेका थिए), विश्वेदेव दैवतको एक गण, (ब्राह्मी आदि अष्टमातृकाका असिताङ्ग, चण्डनाथ, क्रोधभैरव, उन्मत्तभैरव, कपालिभैरव, भीषणभैरव र संहारभैरवजस्तै अष्टभैरवमध्ये एक) रुरुनाथ भैरव, (कौशिक, हिन्दोल, श्रीराग, मेघराग, दीपकजस्ता छ रागमध्ये एक)भैरवराग, वृक्षविशेष र (सावर्णि मनुका सप्तर्षि अश्वत्थामा, कृपाचार्य, राम,

व्यास, कौशिक, गालवपछिका सातौं) रुरु नामका एक ऋषि, एक पर्वत रुरुमुण्ड, तर जुन शब्दको यहाँ जुन स्थानविशिष्ट अर्थमा प्रयुक्त रुरुक्षेत्रमा रहेको रुरुको निर्वचन गर्न लागिएको छ, त्यसको सम्बन्ध मृगविशेष 'रुरु' र रुरुहरूले पालिएकी पोसिएकीले प्रख्यात भएकी रुरुकन्या भन्ने जुन पक्ष छ, त्यसै नामबाट विख्यात रुरुक्षेत्रमा रहेको रुरुकै सन्दर्भलाई दृष्टिगत गर्नु उपयुक्त हुन्छ । यो रुरु मृग कस्तो हुन्छ भन्ने सन्दर्भका विशेषता अनेक देखिन्छन्-

१. रुरुको ठिठ्यूँमा रातो, सेतो र कालो रङ्ग हुन्छ अर्थात् यो छिर्बिरे हुन्छ । (पशुप्रबन्ध)

२. रुरु ससाना हाँगाबिङ्गा भएका सिङले सुसज्जित हुन्छ, छोटो पुच्छर, खैरो रङ्ग भई प्रायः जलाशयको नजिक देखिने मृग हो ।

३. रुरु सेतो रङ्गको मृग हो । (स्मृतितत्त्व)

४. रुरु चित्तल वा रातो रङमा सेतो थोप्ला हुने मृग हो-रुरुश्चित्रः । (संस्कारदीपक)

५. रुरु गोरो रङ्गको मृग हो-रुरुर्गौरमृगः प्रोक्तः ।

६. रुरु साँभर मृग हो-रुरुःशम्बरः (याज्ञवल्क्यस्मृति-यसको छाला विशेष जातिका लागि उत्तरीय बनाउने प्रावधान थियो भने लोक प्रचलनमा पनि यसको छाला उत्तम मानिन्थ्यो र त डिंगाको जुत्ता हो कि साबर-साँभरको ? भनेर सोध्ने गरिन्थ्यो ।)

नौ किसिमका मृगमध्ये रुरु पनि एक हो, जस्तै सम्बर, रोहित, न्यङ्कु, कुरङ्ग, सुदृश, रुरु, एण, हरिण । पाठान्तरमा यी नौ मृगमा हल्का केही यस्तो भिन्नता देखिन्छ-चमूरू, रोहित, न्यङ्कु, सम्बर, बभ्रूण, रुरु, शश, एण, हरिण । यीमध्ये पाँचथरीको हुने हरिणमध्ये रुरु पनि एक मानिन्छ, जस्तै ऋष्य, खड्ग, रुरु, पृषत, मृग । कालिकापुराणका अनुसार यिनीहरू बलिदान र मृगचर्मका लागि प्रख्यात छन् । यसरी रुरु जताततै प्रसिध्द छ । यसका पोथीका सिङ हुँदैनन् भने भालेका सिङ हुन्छन्, यो कुरा अधिकांश मृगमा लागु हुन्छ । तर रुरुमा के त्यस्तो दुर्गुण हुन्छ र 'रुरुःसर्पादपि क्रूरो जन्तुरुक्तः पुरातनैः' भन्न देवीभागवतले सक्यो? नेपाली शब्दसागरले त एक थरी बाघलाई समेत रुरु मानेको छ ।

वराहपुराणअनुसार देवदत्त ऋषि र अप्सरा प्रम्लोचाकी परित्यक्ता पुत्रीलाई वनका मृगजातिका रुरुहरूसँगै पालित-पोषित (तु. मृगशावैःसह वर्धितो जनः, कालिदास) हुँदै पिताका साथ हुर्केबढेकी हुँदा नाम रुरुकन्या दिइएको देखिन्छ, जसले ब्रह्मचर्य धारण गरेर सय वर्ष तपस्या गर्दा नारायणका विचित्र रूपको दर्शन पाइन् र भगवान् यही रूपमा यहीँ विराजमान हुनुपर्ने र आफ्नो नाम पनि अमर हुनुपर्ने वरदान मागिन्, दुबै प्राप्त हुँदा रुरुकन्याको तपस्थली भएकाले स्थानको

नाम 'रुरु' रहेको र नारायण 'हृषीकेश' स्वरूपमा रहेको जुन क्षेत्र हो त्यही नै रुरुक्षेत्र हो (वेणीमाधव ढकाल, २०८०;१२-१७) । ठीक यही कुरा वेदप्रसाद पन्थ (२०८०; ८०-८६) ले पनि भनेका छन्, तर यिनले रुरुमृग नभन्नुपर्थ्यो किनकि रुरु र मृग पर्यायवाची हुन्, विशेष्यविशेषण होइनन् । राजाराम सुवेदीले रुरु नाम गरेकी देवकन्याले रिडी र कालीको दोभानमा तपस्या गर्दा रुरुक्षेत्र भएको प्रमाण पेस गर्दै पौराणिक कालमा रिडीक्षेत्रको नाम रुरु थियो भनेका छन् । कालान्तरमा यसलाई रिडी भनिएको भन्दै पं.ज्ञानेश्वर सरस्वती शास्त्रीको रिडी नामबारेको अभिमत वाक्य यसरी राखिएको छ-

**ऋणानां सहजातानां त्रयाणां मार्जनादियम् ।**
**ऋणीति नाम तटिनी प्रतीच्यादागता खलु ॥**

मानिस जन्मदा लिएर आउने तीन ऋण देवऋण, पितृऋण र ऋषिऋणलाई हटाइदिने हुनाले ऋणी भन्ने नाम भएकी नदी पश्चिम (अर्घाखाँची) तिरबाट आएकी छन्... यही ऋणीको अपभ्रंश रिडी हो (युवराज भुसाल, ७३-७९) ।

मगर भाषामा कालोलाई 'रि' र पानीलाई 'डी' भनिन्छ । कृष्णा (काली) गण्डकी रिडी भएरै बग्ने भएकाले यो ठाउँलाई रिडी नामकरण गरिएको लोकोक्ति छ (कृष्ण ज्ञवाली, १८०-१९८) ।

मगर भाषामा 'रि' भन्नाले कालो र 'डी' भन्नाले पानी बुझिने भएकाले कालो पानी बग्ने ठाउँ रिडी अर्थात् काली गण्डकी भनिएको हो (ध्रुव भट्टराई, २३२-२३४) ।

मगर भाषामा 'रि'को अर्थ धमिलो र 'दी' भनेको पानीमा अर्थ्याइन्छ । यही धमिलो पानी अथवा रिदी वाक्यको अपभ्रंश हुँदै कालान्तरमा रिडी धामले परिचित कृष्णा गण्डकी र रिडी खोलाको सङ्गम आजको पवित्र रिडीधाम हो (हेमराज पाण्डे, १०१-११०) । रुरु (मृग)को दूध खाई हुर्केकी हुनाले रुरुकन्या नाम रह्यो । ... रुरुकन्या केही समय तपस्या गरी परमधाम प्राप्त गरिन् । यो क्षेत्र रुरुक्षेत्र नामबाट प्रख्यात भयो (ठाकुर शर्मा भण्डारी, ९२-१००) । 'वराहपुराण', 'काली गण्डकी' 'रुरुवृत्तम्', 'रुरुगौरव' र 'रुरुक्षेत्रमाहात्म्यम्'का प्रमाण दिंदै ऋणी शब्दको अपभ्रंश नै आजको रिडी शब्द हो... । ...ती कन्या रुरुजातिका मृगद्वारा पालिएकी हुनाले उनको नाम 'रुरु' रहन गयो (नवराज पाण्डेय, २०८०;५२-५८) ।

अमरकोषमा रहेका हरिणका नाममध्ये अजिनयोनि, ईहामृग, ऋश्य, एण, कदली, कन्दली, कुरङ्ग, कृष्णसार, कोक, गन्धर्व, गवय, गोकर्ण, चमर, चमूरू, चीन, न्यङ्कु, पृषत, प्रियक, मृग, रङ्कु, राम, रुरु, रौहिष, वातप्रमी, वातमृग, वातायु, वृक, शंवर, शरभ, शश, सारङ्ग, समूरू, सृमर, हरिणमध्ये रुरु एक मृगको

पर्यायवाची शब्द हो । मृग, कस्तुरी मृग, देवीले मारेको एक राक्षस, एक भैरवको नाम रुरु शब्दबाट बुझिन्छ भन्ने भार्गव हिन्दी कोषको मत छ ।

संस्कृतको रुरु र नदी रुरु शब्दलाई लिएर महाकवि वंशमणिले एकाक्षरी पद्य यसरी प्रस्तुत गरेका छन्-

**रेरे रूरो रूरो रारै रर रोरा ररै ररम् ।**
**रूरो ररे रुरुरूरो रररेरोरिरिरररौ ॥ १७४९**

रुरुकन्याको नामबाट नामकरण गरिएको विशिष्टधाम रुरुक्षेत्र हो (वेणीमाधव ढकाल) । गुल्मी, पाल्पा, तथा स्याङ्जा जिल्लाका साबिकका रुरु, थानपति, ग्वादी, बलेटक्सार, बम्घा, रिमुवा, दिगाम, सिद्धेश्वर, ख्याहा, अर्गली, चण्डिभन्ज्याङ, कोटाकोट तथा अस्लेवा आदि गा.वि.स.सम्म फैलिएको बृहत् क्षेत्र नै रुरुक्षेत्र हो (मोहनीलाल नेपाल, ३६-५२) । गुल्मीका दशवटा गाउँपालिकामध्ये रुरुक्षेत्र पनि एक हो (हिरण्यलाल ज्ञवाली, २०५-२१८) ।

रुरुकन्याले तपस्या गरेर विष्णु वा शालिग्राम उत्पत्ति भएका हुँदा यस ठाउँलाई रुरुधाम वा रुरुक्षेत्र भनेर नामकरण गरियो (शारदा भट्टराई, १२५-१३२) । यसै गरी ज्ञाननिष्ठ ज्ञवाली (१२०-१३२), मीनप्रसाद ज्ञवाली (१७३-१७६) लगायत धेरै लेखकका गद्यपद्यात्मक योगदान प्रशंसनीय छन् ।

प्रस्तुत सन्दर्भमा अस्ट्रेलियामा पाइने कङ्गारूको थोरै पृष्ठभूमि राख्न उपयुक्त होला । संस्कृत भाषा प्रायः विश्व भाषाको जननी हो । यस भाषामा मृगवाचक अनेक शब्द रहेका छन् र यस कङ्गारू शब्दको अर्थ केही विशेषतायुक्त मृग नै हुन्छ । यसका निकट दृष्टिगोचर हुने सम्भावित शब्दमा अत्यधिक प्रचलित कुरङ्ग र रुरु शब्द पर्दछन् ।

**कुरङ्ग शब्द र कङ्गारू :**

कुरङ्ग मृगको नाम हो । कौ भूमौ पृथ्व्यां वा रङ्गति रञ्जयतीति वा यस व्युत्पत्तिका आधारमा कुरङ्ग शब्द बन्दछ । थोरै ताम्रवर्ण भएको हरिणका आकृतिको ठूलो मृगलाई कुरङ्ग मानिएको छ-'हरिणस्य गुणैस्तुल्यः कुरङ्गः कथितो बुधैः । ' यसै गरी सुश्रुतमा 'न कृष्णो न च ताम्रश्च कुरङ्गः सोभिधीयते' भन्ने पनि देखिन्छ । आयुर्वेदिक ग्रन्थ भावप्रकाशले यसका गुणबारे भन्छ-'यसको मासु पुष्टकारी, बलशाली, शीतल, पित्तहारक, गरिष्ठ, मीठो, वातहारक, कब्जियत गर्ने र केही कफ बढाउने हुन्छ । ' अब प्रश्न उठ्छ के कुरङ्ग 'कङ्गारू'को पूर्व रूप या मूल रूप हुन सक्छ ? शब्दनिर्माण हेर्दा कुरङगमा कु, र, ङ्, ग यति चार वर्ण छन् भने कङ्गारूमा क, ङ्, गा, रू चारै छन् अर्थात् संस्कृतको 'उ' ध्वनि पश्चगामी बनेको छ भने सँगैको 'र'लाईसमेत साथै लगेको छ र 'रू' बनेको छ

तर 'र'मा रहेको 'अ' 'क'सँगै बसेको छ र 'क'ले 'ङ्'लाई तानेको छ अनि सँगैको 'ग'लाई आकार थपेर अँगालेकै छ । अतः 'कुरङ्ग' 'गङ्कारू' वा 'कङ्गारू' जस्ता सवर्गीय रूपमा ध्वनिपरिवर्तनसहित उच्चारण हुनु कुनै ठूलो या नौलो कुरो होइन । यस दृष्टिले संस्कृत कुरङ्ग नै गङ्गुरु-गङ्गरू-कङ्गरू हुँदै कङ्गारू बनेर स्थिर भएको स्पष्ट देखिन्छ । यत्ति हो कि अगाडिको 'कुर'बाट कसरी 'उर' उछुट्टिएर 'रु' बनी पछाडि गयो भन्ने कुरामात्र अलि नौलो लागेको हो तर लामो समयदेखिका वक्ताले बोल्दै जाँदा यसप्रकारले ध्वनिपरिवर्तन हुनु कुनै असम्भव प्रक्रिया चाहिँ होइन । यसैले एउटा सम्भावनाका रूपमा कुरङ्ग नै कङ्गारू बनेको निश्चित छ । कुरङ्गम शब्द पनि मृगवाचक नै हो र योभन्दा कुरङ्ग नै सन्निकट शब्द हुनसक्छ ।

## रुरु शब्दको व्यापकता

रुरु सामान्य मृगविशेष र विशिष्ट दुबै खाले मृगका रूपमा माथि व्याख्या गरिएको शब्द हो । रुरु शब्दार्थ हेर्दा पिठ्युँमा रातो, सेतो र कालो रङ भएको मृग;ससाना सिङ र छोटो पुच्छर अनि खैरो रङ्गको तथा प्रायः जलाशय नजिक बस्ने एकजातको मृग;कतै सेतो मृग;कतै साँभर मृग;कतै गौर मृग;कतै चित्तल मृग भन्ने गरेको पाइन्छ । त्यसो त रुरु मृगका धेरै प्रकार हुन सक्छन् । यस्तै रुरुःसर्पादतिक्रूरो जन्तुरूक्तः पुरातनैः पनि भनेको भेटिन्छ । राजनिघण्टुमा त यसका मासुका गुणहरू स्निग्धत्व, गुरुत्व, मन्दाग्निकारक र बलप्रद हुन्छन् भनिएको छ, तर कङ्गारूका सामीप्यका दृष्टिले हेर्दा रुरुका सिङ हुने कुरा लेखिएको छ भने कङ्गारूका सिङबाहेक सबै कुरा मिल्छन्, रुरु जातका पनि भालेको सिङ हुने तर पोथीका सिङ नहुने देखिन्छ नै । यदि सामान्य मृगवाची रुरु पद ग्रहण गर्ने हो भने यो उत्तर पदमा रहेको पनि अनुमान गर्न सकिन्छ । जस्तै कङ्क शब्दसँग रुरु जोडिएर यो शब्द बनेको हो र कङ्करुरु मूल हो भने अझ बढी संस्कृत नामकरणका निकट पुग्न सकिन्छ । यथा-कङ्कते उद्गच्छति उत्प्लुत्योत्प्लुत्य गच्छति धावते उड्डीयत इति वा भन्ने अर्थमा ककि गतौ धातुबाट 'कङ्क' शब्द तयार हुन्छ यद्यपि यसको सही अर्थ यही नामको एक चरो हो, जो सेतो चिल वा ठूलो बकुल्को जातको पक्षी पनि हुन सक्छ । यो बसेको भूमिबाट उफ्रीउफ्री आकाशमा पुग्दछ । महाभारत-कृष्णचरित्रमा 'कङ्क'नाम गरेका मानवपात्रको चर्चा छ, यो प्रासङ्गिक कुरा मात्र हो तर उहिलेउहिले बाणको पुच्छरतिर कङ्क नाउँका चराको प्वाँख टाँस्ने चलन थियो, यसैले बाण वा काणलाई 'कङ्कपत्र' वा 'कङ्कपुत्त' पनि भनिन्छ । यहाँ यदि 'कङ्क' शब्द छ भन्ने मान्ने हो भने 'कङ्गारू'सँग कङ्कशब्दको अर्थ ठ्याक्कै मिल्छ किनकि जसरी कङ्क चरो उफ्रेझैं गरी आकाशमा उड्छ, त्यसरी नै कङ्गारू मृग पनि उफ्रीउफ्री जीवन निर्वाह गर्छ-कङ्क इव रुरुः कङ्करुरु-कङ्गरुरु-कङ्गारुरु-कङ्गारू-कङ्गारू यसरी रूप परिवर्तन भएर कङ्गारू बनेको पनि हुन सक्छ । 'कङ्कजस्तै रुरु वा मृग' भन्ने

अर्थमा 'कङ्गारू' बन्ने कुरा धेरै भरपर्दो हुनसक्छ । 'गङ्गारू'चाहिँ उच्चारणका वैविध्यले नै भएको हो । उच्चारणका क्रममा पछि 'रुरु'का पछिल्ला 'रू'मा रहेका 'र् उ' मध्ये पहिले स्वर वर्ण 'उ' र पछि व्यञ्जनवर्ण "को स्वतः लोप भएको हो । यसैले 'कङ्करुरु' पनि 'कुरङ्ग' शब्दजस्तै कङ्गारूको तत्सम मूल शब्द हुन सक्ने कुरालाई नकार्न सकिंदैन । यस निरूक्तिबाट संस्कृत भाषाको व्यापकता अस्त्रेलियाका आदिवासीका भाषामा समेत देख्न सकिन्छ ।

नौ फिट उफ्रने र प्रतिघण्टा ४८ कि.मि. भन्दाबढी यात्रा गर्न सक्ने क्षमता भएकाले र अन्य कयौं कारणले अनौठो मान्न सकिने तथा विश्वका विरलै भागमा पाइने कङ्गारू वा 'कङ्क-रुरु' मात्रोपस (macropus) वंशको जन्तु रहेछ । अझ यसलाई त्यस्तो मृगप्रजाति मान्न सकिन्छ, जो रुरु वा कुरङ्ग हो र पेटको थैलोमा बच्चा वा जोई (joey) हुर्काउँछ अनि लचकदार स्प्रिङ्गजस्ता पछिल्ला बलिया खुट्टाका भरले दौडिन्छ-उफ्रिन्छ । उत्प्लुत गति भएकाले कङ्कपक्षीका गतिसँग यसको समानता देखिन्छ । अतः कुरङ्ग वा कुरङ्ग-रुरु अथवा कङ्क-रुरुजस्ता तत्सम शब्दबाट स्थानीय भाषामा कङ्गरुरुका रूपमा यो शब्द आयो र अन्ततः कङ्गारूका रूपमा स्थिर भयो । अजातशत्रुजस्तो र मायालु भैं लाग्ने यस निर्दोष प्राणीका प्रमुख शत्रु उनै हिंस्रक जङ्गली जनावर र मानव हुन् भने खास गरी डिङ्गो वा जङ्गली कुकुर, गिद्ध-गरूड, बाज, अजिङ्गर आदिले यसको शिकार गर्दछन् तर आत्मसुरक्षाका लागि खुट्टा बजारेर वा मुखबाट आवाज निकालेर साथी गुहार्ने र स्वयं पनि सङ्घर्ष गर्न यो पछि पर्दैन । अस्त्रेलियाका आदिमानव वा एबओरिज्नल त यसको शिकारका लागि विश्वविख्यात नै छन् किनकि यिनैले त्यस्तो अचम्मको घरेलु काठे हतियार बनाएका थिए, जो नामुद सिकारीले राम्ररी ताकेर हान्दा शिकार ठहरै पर्थ्यो र फेरि फर्केर शिकारीसमक्ष पुग्थ्यो । यो प्रसङ्ग यत्ति !

**उपसंहार**

माथिका रिडी (खोला) रुरु (मृग) र रुरुक्षेत्र (धाम)का अनेक बयान र रुरु शब्दलाई हेर्दा रिडी र ऋणी प्रचलित लोकव्युत्पत्ति र धार्मिक आध्यात्मिक दृष्टिले शास्त्रीयता प्रदान गरिएका व्युत्पत्ति हुन् तर रुरु र रुरुकन्याकै विशेषतागर्भित रहेको धार्मिक पौराणिक मान्यता नै सर्वश्रेष्ठ हुने हुँदा रुरु तत्सम शब्दले नै रिडी तद्भव शब्द उत्पादन गरेको हुनुमा कुनै आपत्ति रहँदैन । जस्तै-रुरु-रूरी-रिरी-रिडी (तु. घोरो-घोडो, घरी-घडी, गोरेटो-गोडेटो, घोरेटो-घोडेटो) इत्यादि प्राकृत अपभ्रंशका प्रक्रिया हुन्, तर स्थानीय भाषालाई सम्मान गर्नु आवश्यक हुन्छ । हेर्नुपर्ने के हुन्छ भने यहाँका निवासी मगर पुराना हुन् कि वराह पुराण वा गण्डकी माहात्म्य पुरानो हो, अन्वेषकको ध्यानाकर्षण जरूरी छ । फेरि अन्य विकल्प पनि हेर्न सकिन्छ, जस्तो कि रिङ्गिणी शब्द । कालो फूल फुल्ने ऐसेलुको

लहरालाई र वनमुगलाई पनि रिङ्गिनी भनिन्छ । कतैतिरबाट के यी कुराको सम्भावना पुष्टि हुन्छ ? नहोला तर तर्क गर्न सकिन्छ । माथिका तथ्यबाट के प्रस्ट हुन्छ भने रुरु एक मृगजातिको जनावर हो, त्यही रुरुका पोथीको दूध खाएर हुर्केकी कन्या अवश्य पनि रुरुकन्या हुन्, उनीबारेको पौराणिक मिथकले नै हालसम्मको अध्ययनअनुसार रुरुखण्ड् रुरुधाम रुरुक्षेत्र रिडीक्षेत्र तयार भएको छ र यसका पृष्भूमिमा रहेको अर्घाखाँचीतिरबाट बग्दै आउने रिडीखोलो र दामोदरकुण्डबाट शालग्रामी शिलासहित निस्कने कृष्णागण्डकीको सङ्गम नै धार्मिक तीर्थस्थल निर्माणको प्रमुख कारक भएकाले सबैले बुझ्ने रिडी पनि यही हो, जहाँ पाल्पातिर हृषीकेशको श्रीविग्रह रिडी हो भने गुल्मीतिरको बजार रिडी हो भने खोला, गङ्गा जे भने पनि दुबैतिर बगर बनाउने पूर्ववाहिनी गङ्गा रिडी हो । यस पुण्यक्षेत्र र रिखेश्वर बारेका किंवदन्ती के कति छन्, तिनले दिने सङ्केत गम्भीर हुनसक्छ तर यस ग्रन्थले लोकसाहित्यका ती विषयलाई प्रस्तुत गर्न नसकेको पनि स्पष्ट हुन्छ किनकि जोडदार आस्थावान् पौराणिक बिम्बका सामु यसले स्थान नपाउनु कुनै आश्चर्य हुँदैन । यस क्षेत्रका वरिपरिका गाउँको नाम यसै प्रख्यात क्षेत्र विशेषका आधारमा नामकरण हुनु कुनै अनौठो होइन । स्याङ्जा, पाल्पा र गुल्मीलाई जोड्ने त्रिखण्डे पुलको निर्माणले यस क्षेत्रको धार्मिक, सामाजिक र पर्यटकीय पक्षधरतालाई महत्त्वपूर्ण रूपमा उकास्ने सम्भावना स्पष्टै देखिन्छ । अनेक गम्भीर विषयविशिष्ट यस विशेषाङ्कले यदाकदा कालीगण्डकीको प्राकृतिक प्रवाहमा विकासका नाउँमा ल्याउन खोजेका अवरोध, त्यसको प्रतिरोध र तत्सम्बन्धमा राष्ट्रका विभिन्न भागबाट निस्कने विभिन्न क्रिया-प्रतिक्रिया आदिको खोज-अन्वेषणमा समेत महत्त्वपूर्ण दस्तावेजको रूपमा रहेको 'हाम्रो पुरुषार्थ'को स्थान नेपाली साहित्यमा जे छ, त्यो त्यसरी नै अनिर्वचनीय छ, जसरी रुरु, रुरुकन्या, रिडी, रुरुक्षेत्र छन् । नाम निर्वचनमा विज्ञवर्ग आकृष्ट होस् !, यत्ति ।

*अनेक गम्भीर विषयविशिष्ट यस विशेषाङ्कले यदाकदा कालीगण्डकीको प्राकृतिक प्रवाहमा विकासका नाउँमा ल्याउन खोजेका अवरोध, त्यसको प्रतिरोध र तत्सम्बन्धमा राष्ट्रका विभिन्न भागबाट निस्कने विभिन्न क्रिया - प्रतिक्रिया आदिको खोज - अन्वेषणमा समेतमहत्त्वपूर्ण दस्तावेजको रूपमा रहेको 'हाम्रो पुरुषार्थ'को स्थान नेपाली साहित्यमा जे छ, त्यो त्यसरी नै अनिर्वचनीय छ, जसरी रुरु, रुरुकन्या, रिडी, रुरुक्षेत्र छन् ।*

**त्रिवेणी साहित्य प्रतिष्ठान, नवलपरासी (बसुपू) ।**

ooo

# गजल



✍ **बूँद राना**

छ इच्छा प्रथा एक नौलो बसालूँ
पुजी देश पैले अरू कर्म थालूँ !

कतै चेहरामा धूलो पर्न सक्छ
बगाई पसीना म धूलो पखालूँ !

यति हैसियत होस् बढी चाहिँदैन
दिई काँध कमजोरलाई उचालूँ !

म आकाश नाघी कहाँ पुग्न सक्छु
यतै भूमिमै प्रेमको ओत हालूँ !

बनूँ ठोस पर्खाल हावाहुरीमा
न निभ्ने गरी शान्तिको दीप बालूँ !

भने हुन्छ स्वार्थी छ यो स्वार्थ मेरो
चुहाई सधैं बूँद ढुङ्गा पगालूँ !

✍ **प्रसिद्ध गजलकार, कवि, पूर्व प्राज्ञ सदस्य – नेपाल प्रज्ञा-प्रतिष्ठान, काठमाडौं ।**

ooo

**'हाम्रो पुरुषार्थ'को शताङ्क (सम्पूर्णाङ्क १००) दुई भागमा प्रकाशित भएको हुनाले यसका दुबै भाग सँगसँगै सङ्ग्रह गर्न र पढ्न सबै ग्राहक, पाठक सदस्य तथा लेखक एवं कविहरूलाई अनुरोध गरिन्छ ।**

**– हाम्रो पुरुषार्थ**

// लेख //

# हाम्रो पुरुषार्थ : जनजागरण



✍ **सूब सेन**

हाम्रो पुरुषार्थ 'छिपेका प्रतिभाशाली साहित्यकारहरूलाई जनसमक्ष राख्ने' उद्देश्य राखेर प्रकाशन सुरू भएको थियो । यो उद्देश्यसँग सम्बन्धित विषय जन-समाजमा जागृति ल्याउनु हो । यो अभिव्यक्ति सामान्य शैलीमा प्रकट भए तापनि सम्पादक श्री शशि पन्थी जस्ता विशाल साहित्यिक व्यक्तित्वद्वारा प्रस्तुतिमा राख्न, सरल, सरस, सज्जन, सबै स्तरसँग सम्मिलित भई आत्मीयता साट्न स्थापित गर्न सक्ने समाज सेवा तथा साहित्यिक क्षेत्रमा सफलताको भऱ्याङ्बाट चुचुरोमा पुगिरहेका व्यक्तित्व र उहाँका सहयोगी भाइहरूको उद्देश्य गहन छ । खास अर्थ, जनजागरण (जागृति) रहेको छ ।

समाजमा निद्रामा तन्द्रामा भएकाहरूलाई जगाएर बिरूवाको रूपमा जागरणरूपी मल, जल दिएर हुकाई समाजमा प्रस्तुत गर्न सकेमा (केवल साहित्यिक क्षेत्रमा मात्र होइन, सीमित राख्न सकिंदैन) आफ्नो देश-भूमि माटोप्रति भक्ति, अस्तित्वको सुरक्षा तथा जनजीवनका सबै पक्षमा उन्नति/प्रगति गर्नु/गराउनु हो । छिपेका साहित्यकारहरूको खोजी व्यक्तित्वको खोजी हो । उत्साहित प्रोत्साहित गर्नु हो । सन्मार्गमा लगाउनु हो । कलम चलाउनेलाई बाद्धिक क्षमता बढाउन गति दिनु हो । देश समाज नबुझ्रेकालाई यसतर्फको मर्म र महत्त्वसहित बुन्याउनु हो । कहीं जानु छ तर, कहाँ पुग्ने थाहा छैन भने, उसलाई सन्मार्ग बताउनु हो । जीवनको प्रयोजन नबुझ्रेकालाई प्रयोजन र उपयोग बताउनु हो । यी सबै पक्ष जनजागरणसँग सम्बन्धित छन् ।

यी सबै क्षेत्रको दूरी तय गरिसकेको छ 'हाम्रो पुरुषार्थ' ले । जुन नजरमा सम्पादक शशि पन्थी र 'हाम्रो पुरुषार्थ' तथा किरण पुस्तकालय एक अर्काको पर्याय भइसकेका छन् । सह-सम्पादक दीन पन्थी, भुवनप्रसाद अर्याल, सहयोगी गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क., जस्ता आजका पुरुषार्थी, भावी दिन तथा सन्ततिमा सुदिन जन्माउने उद्देश्य खोजी, जागृति नै यस उद्देश्यको पूर्ण उद्देश्य हो । विना जागृति मानव मस्तिष्कमा, मनमा, मुटुमा कुनै

गतिशीलता आउन सक्दैन देख्दैन, बुझ्दैन पनि अनि छिप्न जान्छ । यसर्थ मानव जाति (प्राणी) लाई खोज्नु, जगाउनु उठाउनु 'हाम्रो पुरुषार्थ' को बुद्धिमत्ताभरि दूरदृष्टि सुझबुझ र सिंगो विषयको जानकार, आज विषयमा अध्ययन र विश्लेषणात्मक भोलि आउने/ल्याउने सुदिनबारे योजना कार्यक्रमका द्रष्टा, देशभक्ति, मातृभक्ति, भाइचारा र शान्तिका भावना भावित विशेष व्यक्तित्वहरू निर्माण जस्ता महान् उद्देश्य लिएर सफलताका साथ 'हाम्रो पुरुषार्थ' अगाडि बढिरहेको छ, निरन्तर ।

पुरुषार्थले भाषा, साहित्य, संस्कृति र पहिचानलाई चारैचौरास पुऱ्याएको छ । एक आपसमा मिलन सम्मिलन गराएर नेपाल मातृभूमिप्रति समर्पित देशभक्ति, मातृभक्ति सिकाएको छ । गुल्मी गुल्मीबासी जन-समाज तथा साहित्यकार समक्ष प्रस्तुत गरेको/भएको छ । लुम्बिनी अञ्चल, लुम्बिनी प्रदेशभरिको जनसमाजलाई उठाएको छ । जागरण ल्याएको छ । आजको जमाना एकल्काटे जमाना होइन ! अन्तर्राष्ट्रिय विश्व जनसमाज, विश्व मानवीय समाज, विश्व शान्तिको जमाना हो । जमानाअनुसारको सम्पर्क, सद्भावना भरी 'हाम्रो पुरुषार्थले' शान्तिका सियाँल दिएको छ दिइरहेको छ, व्यापक पारिरहेको छ ।

*पुरुषार्थले भाषा, साहित्य, संस्कृति र पहिचानलाई चारैचौरास पुऱ्याएको छ । एक आपसमा मिलन सम्मिलन गराएर नेपाल मातृभूमिप्रति समर्पित देशभक्ति, मातृभक्ति सिकाएको छ । गुल्मी गुल्मीबासी जन - समाज तथा साहित्यकार समक्ष प्रस्तुत गरेको/भएको छ । लुम्बिनी अञ्चल, लुम्बिनी प्रदेशभरिको जनसमाजलाई उठाएको छ । जागरण ल्याएको छ । आजको जमाना एकल्काटे जमाना होइन ! अन्तर्राष्ट्रिय विश्व जनसमाज, विश्व मानवीय समाज, विश्व शान्तिको जमाना हो । जमानाअनुसारको सम्पर्क, सद्भावना भरी 'हाम्रो पुरुषार्थले' शान्तिका सियाँल दिएको छ दिइरहेको छ, व्यापक पारिरहेको छ ।*

उदाहरण–आफ्नै घर परिवारबाट दिइनु/देखिनुपर्दछ । यसअनुसार हाम्रो परिवार गुल्मीबाट 'हाम्रो पुरुषार्थ' किरणरूपी प्रकाश–किरण पुस्तकालयको स्थापनापछि, यही र यहाँ पढेर आफूलाई नै पढाएका गुल्मीबासीहरू राष्ट्रिय स्तरमा ख्याति प्राप्त भइसकेका छन् भने, अन्तर्राष्ट्रिय स्तरमा समेत विश्वका अधिकांश देशहरूमा पुगेका छन् । आफ्नो पृष्ठभूमि र पहिचानलाई शान लगाइरहेका छन् । साथै कसैले हारेका छैनन् । कसैले निरर्थक जिन्दगी पनि बिताइरहेका

छैनन् । 'हाम्रो पुरुषार्थ' का प्रतीक पुरुषार्थ गरेर इज्जत कमाइरहेका छन् । यो स्तरका गुल्मी निवासीहरू बन्न/बनाउन 'हाम्रो पुरुषार्थ' साहित्यिक पत्रिका र 'किरण पुस्तकालय' तथा यी दुबैका जन्मदाता विशिष्ट साहित्यकार 'कुशल योजनाकार, विशिष्ट प्राचार्य/प्राध्यापक एवं समाजसेवी शशि पन्थी, सहयोगी भाइहरू दीन पन्थी, भुवन अर्याल, पन्थीहरूको दह्रो उर्वर मस्तिष्क, मन, मुटुको प्रशंसनीय र सफल योगदानलाई यो सानो लेखका सानो लेखक नमन गर्दछ । 'हाम्रो पुरुषार्थ' र किरण पुस्तकालय फुलिरहून् सधैं नमन गर्दछु ।

**'हाम्रो पुरुषार्थ' र किरण पुस्तकालय फुलिरहनू सधैं**
**कहिल्यै नओइलाउने मखमली फूलझैं ।**

**शिक्षा सेवाका विशिष्ट साहित्यकार शशि पन्थी**
**सहयोगीहरू सबैको तपस्या जारी रहोस् सधैं ॥**

**प्रथम संविधानसभा सदस्य, पूर्व अञ्चलाधीश ।**

ooo


किरण पुस्तकालयद्वारा प्रकाशित तथा श्री दीन पन्थीद्वारा लिखित छोटा, मीठा निबन्धहरूको सङ्कलन




# हुटिटचाउँको मन

पढ्नुहोस् ।

एक पटक पढेपछि फेरि पनि पढूँ पढूँ लाग्नेछ ।

// लेख //

# हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क–८९ : संक्षिप्त विषयवस्तु



डा. हरिहर अर्याल

लुम्बिनी प्रदेशका विभिन्न स्थलहरूबाट प्रकाशित हुने साहित्यिक पत्रिकाहरूमा गुल्मी तम्घासबाट प्रकाश्यमान 'हाम्रो पुरुषार्थ' त्रैमासिकको महत्त्वपूर्ण स्थान छ । यस पत्रिकाले पचासौं वसन्त पार गरेकोमा स्वर्णजयन्ती मनाउने तथा उनान्सय अङ्क पूरा गरेर सयौं अङ्क (कार्तिक, मंसिर, पुस २०८० 'शताङ्क') प्रकाशन गर्ने उल्लासमय अवसर प्राप्त गरेको छ ।

गुल्मी, तम्घास स्थित 'किरण पुस्तकालय' बाट अनभिज्ञ कवि, लेखक, रचनाकार, साहित्यकार विरलै होलान् जस्तो लाग्दछ । किरण पुस्तकालयले प्रायः आरम्भकालदेखि नै आध्यात्मिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक, साहित्यिक, वैचारिक आदि नेपाली एवं संस्कृत भाषासम्बद्ध महत्त्वपूर्ण कृतिहरूको प्रकाशन गर्दै आएको छ र साथै 'हाम्रो पुरुषार्थ' नामक पत्रिकाको पनि प्रकाशन यसै पुस्तकालयद्वारा भइरहेको छ । अनेक पत्रिकाहरू केही समयका लागि चम्कन्छन् र कालान्तरमा अस्ताउँछन् तर हाम्रो पुरुषार्थको निरन्तरता पचासौं वर्षसम्म अक्षुण्ण रहेको देखिन्छ ।

डा. लक्ष्मीकान्त पन्थीले मलाई उपलब्ध गराउनुभएको सुन्दर आकर्षक आवरण, शुद्ध मुद्रण, समुचित सम्पादन, विषयवस्तुको यथोचित सन्निवेशले विभूषित हाम्रो पुरुषार्थको वर्ष ४८ (माघ–चैत्र २०७७) को ८९ औं अङ्क 'पं.भीमकान्त पन्थी शत वार्षिक स्मृति विशेषाङ्क' का रूपमा प्रकाशित भएको छ । सम्पादक मण्डल समवेत प्रधान सम्पादक शशि पन्थीद्वारा सम्पादित यस विशेषाङ्कको प्रकाशन हेतु प्रेरकतत्त्व के थियो त ? भन्ने प्रश्नको उत्तर यसै अङ्कको सम्पादकीय लेखबाट सजिलै अवगत गर्न सकिन्छ । एकान्त एक पहाडी दुर्गम गाउँमा जन्मेर साधारण कृषि–पशुपालन आदि व्यवहार गर्दै रहेर पनि आफ्ना साहित्यिक, धार्मिक, आध्यात्मिक, सत्कर्म धर्म निष्ठामय, सरल, शालीन, आस्तिक उज्ज्वल जीवन,

उत्कृष्ट प्रतिभा सम्पन्न शास्त्राभ्यास, छात्रहित तत्पर सद्गुरुत्व, जिज्ञासा-प्रश्न समाधानकर्तृत्व, सदाचार परिपालनात्मक एवं रचनात्मक क्रियाकलापद्वारा समाजलाई विशिष्ट योगदान दिई यशोधवलित जीवन व्यतीत गरेका, गाउँ, जिल्ला, प्रदेशमात्र नभैं समग्र राष्ट्रका विभूतिस्वरूप महापुरुष पं.भीमकान्त पन्थीको व्यक्तित्व तथा कृतित्त्वलाई सार्वजनसंवेद्य रूपमा प्रस्तुत गर्नु नै प्रेरणा स्रोत बनेको हुनुपर्छ ।

**येषां सुविद्या सुतपः सुदानं गुणाः सुशीलं शुभकर्म धर्मः ।**
**मर्त्यस्य लोकस्य विभूतयस्ते नरस्वरूपा अमरा जयन्ति ॥**

अतीव उत्कृष्ट अवदान भएका महान् व्यक्तित्वको स्मृतिमा समर्पित यस विशेषाङ्कले ती महापुरुषको पुरुषार्थ समाजमा परिचित गराउनका निमित्त चार खण्डमा सामग्रीहरू प्रस्तुत गरेको छ । १. संस्मरण खण्ड, २. समीक्षा खण्ड, ३. संस्कृत खण्ड र ४. परिशिष्ट खण्ड । अन्तमा पत्रिकाका स्थायी स्तम्भहरू पनि संलग्न छन् ।

*गुल्मी, तम्घास स्थित 'किरण पुस्तकालय' बाट अनभिज्ञ कवि, लेखक, रचनाकार, साहित्यकार विरलै होलान् जस्तो लाग्दछ । किरण पुस्तकालयले प्रायः आरम्भकालदेखि नै आध्यात्मिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक, साहित्यिक, वैचारिक आदि नेपाली एवं संस्कृत भाषासम्बद्ध महत्त्वपूर्ण कृतिहरूको प्रकाशन गर्दै आएको छ र साथै 'हाम्रो पुरुषार्थ' नामक पत्रिकाको पनि प्रकाशन यसै पुस्तकालयद्वारा भइरहेको छ । अनेक पत्रिकाहरू केही समयका लागि चम्कन्छन् र कालान्तरमा अस्ताउँछन् तर हाम्रो पुरुषार्थको निरन्तरता पचासौं वर्षसम्म अक्षुण्ण रहेको देखिन्छ ।*

संस्मरण खण्डका चालीस लेखहरू प्रायः महाकविका पुत्रपुत्री, पौत्र, पौत्री, भाइ, भतिजा, भान्जा, ज्वाइँ प्रभृति कुटुम्बी तथा बान्धवजनहरूद्वारा लेखिएका छन् जसमा पं.भीमकान्तका वंशवृत्त, अध्ययन, अध्यापन, पुराणवाचन, गुण, शील, स्वभाव, विचार, व्यवहार, सामाजिकता आदि विषयमा विस्तृत प्रकाश पारिएको छ । साथै केही विद्वान्हरूका लेखहरूमा उहाँको प्रतिभा, विद्वत्व, कवित्व, गुरुत्वादिको सविस्तार परिचय दिइएको छ ।

समीक्षाखण्डका सत्ताईस लेखहरूमा पं.भीमकान्त पन्थीको असाधारण वैदुष्य, प्रतिभासमर्थित कवित्व, अनन्य साधारण सदाचारपरायण जीवनचर्या, महाकाव्यकारिता, योगसाधकता, दार्शनिकता, अतीव शालीन सादा जीवन, उदात्त विचार, उदार कल्पनाशीलता, बहुशास्त्र विज्ञता आदि विषयको प्रस्तुतिका साथै

विविध विद्वान्हरूद्वारा उहाँका अनुपम कृति 'जगदम्बिका वैभवम्, जगदीश्वरवैभवम्' नामक महाकाव्यद्वयको समीक्षा, 'विविधपद्यावलिः' कविता-सङ्ग्रहको समीक्षा पनि अनेक कोणबाट प्रस्तुत गरिएको छ । भारद्वाज गोत्रको परिचय तथा महाकवि भीमकान्त पन्थीको जन्मकुण्डली-विषयक विचार गरिएको छ ।

संस्कृत खण्डमा डा. टीकाराम पन्थी, डा.लक्ष्मीकान्त पन्थी, डा.महानन्द तिमिल्सिनाद्वारा महाकविका महाकाव्य युगलको परिचय, कथावस्तु विवेचन, शास्त्रव्युत्पत्ति, सूक्ति-प्रकृति सौन्दर्य आदि समीक्षण प्रस्तुत भएको छ । योगी नरहरिनाथ, पन्थी सेवा समाज, विश्वहिन्दु महासंघ, टीकाराम पन्थी, फणिनारायण सिग्देल आदि विद्वान्हरूद्वारा विविध अवसरमा लेखिएका अभिनन्दनपत्रहरूको वर्णन गरिएको छ । नुरापति पोखरेलद्वारा नेपालका तेह्र जना महाकाव्यकारहरूको परिचय दिइएको छ जसमा अठार महाकाव्यहरू संक्षिप्त रूपमा विषय वस्तु उल्लेख तथा समीक्षणपूर्वक परिचायित छन् । तेह्र महाकविहरूमा पं.भीमकान्त पन्थीको अन्यतम संलग्नता छ ।

डा. लक्ष्मीकान्त पन्थीले पिताका स्मृतिमा रचित संस्कृत कविताहरूमा पिताको जीवन, गुरुत्व, वैशिष्ट्य, महत्त्व आदि स्पष्ट पार्नुभएको छ र साथै लुम्बिनी अञ्चलका संस्कृत कविहरूको संक्षिप्त परिचय दिनुभएको छ । प्राच्य व्याकरणका प्रणेता पाणिनि, आदिकाव्य रामायणका कर्ता वाल्मीकिको चर्चाबाट प्रारम्भ गरी देवकीनन्दन अर्याल (आचारादर्श), रश्मिराज अर्याल (कथामृतम्), काव्यकार विद्वान् दधिराम मरासिनी (श्रीराम चरितामृतम्, श्रीकृष्ण चरितामृतम्), ढुण्डिराज पन्थी, उमानाथ पन्थी (गण्डकी गौरवम्), माधवप्रसाद देवकोटा (भारती वैभवम्) भीमकान्त पन्थी (जगदम्बिकावैभवम्, जगदीश्वरवैभवम्, विविध पद्यावलिः), वेणीमाधव ढकाल, (पृथूदयम्), विष्णुराज आत्रेय (व्यथाविधा, हनुमदयनम्), हरिहरशर्मा अर्ज्याल (मुक्तिमन्दिरम्, मातलिमहिमा, तपस्विकृषीवलम्), लक्ष्मीकान्त पन्थी (लक्ष्मीवैभवम्, सारस्वतवैभवम्, जगज्जननीवैभवम्, काव्यमालिका) ।

अन्तिम परिशिष्ट खण्डमा कविवर भीमकान्त लिखित लेख, पद्यमय पत्र, हस्ताक्षर, छायाचित्र तथा स्थायी स्तम्भका विषयहरू राखिएका छन् ।

यसरी यो अङ्क एक मनस्वी, यशस्वी, अनुकरणीय चरित्रवधनी, महान् कवि, विद्वद्वरेण्य पं.भीमकान्त पन्थीका स्मृतिमा समर्पित छ र यसको अध्ययनबाट अभिज्ञ अनभिज्ञ सर्वसाधारणले पनि गुण, शील, सदाचार, साहित्य, अध्यात्म आदि विषयक सत्प्रेरणा पाउने विश्वास राख्दै लेखनीलाई विराम दिन्छु । जयति हृषीकेशः ।

(हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ८९ मा छुट हुन गएको यो पत्र यहाँ प्रस्तुत गरिएको छ ।- सम्पादक)

१५ जून २००२

श्रीयुत डा० लक्ष्मीकान्त पन्थीज्यू

सादर नमस्कार

उभयत्र कुशलताको मङ्गलमय कामना गर्दछु । कृपापूर्वक स्मरण गरी प्रेषित गरेको पत्र र सारस्वत साधनाको परिणाम स्रोत काव्यत्रयी सहर्ष प्राप्त गरें। आजको कोलाहलमय वातावरणमा पं. श्री लक्ष्मीकान्त पन्थीज्यू द्वारा संस्कृत भाषामा दुई महाकाव्य र विविध संस्कृत पद्यावलीको संग्रह प्रकाशित गर्नु एक साहसिक र प्रशंसनीय कार्य पनि हो । यदि भारतमा ती काव्य प्रकाशित हुनेथिए भने आजतक कति पुरस्कार र सम्मान प्रशस्ति पदकहरु प्राप्त भै सकेका हुने थिये विश्वको एकमात्र हिन्दुराष्ट्र भनिने नेपालमा "त्रिभि-र्वर्षैर्विपश्यन्ति गोपाः" भन्ने सूक्ति चरितार्थ भएको छ मेरो पनि नेपालमा संस्कृत उत्थानका निमित्त केही गर्ने विचार थियो तर अब विचारमा ठूलो आघात पुगेको छ ।

यहाँ वर्तमानमा कार्यरत संस्कृत अध्यापन गर्ने व्यक्तिलाई राम्रो सम्मान छ म पनि स्वभाव अनुसार एउटा संस्कृत विश्वविद्यालय (हरिद्वारमा) स्थापन गर्ने उद्देश्यले सरकारसंग संघर्षरत छु देखौं भविष्यमा के हुन्छ । काव्यप्रशंसामा मैले धेरै शब्द लेख्नु छैन । फुटकर कवितामध्ये धेरै पद्यहरुले हृदय स्पर्श गरे । म नेपाललाई धन्य सम्झन्छु अञ्चल र गुल्मी त उहाँका साधनाकालमा नै पवित्र र धन्य भैसकेको छ । त्यस्तो सारस्वत गर्भमा उत्पन्न हुनाले तपाईं पनि पाँचौ भाई धन्य हुनु हुन्छ । त्यस देशमा श्रद्धा र सम्मान सारस्वत साधना द्वारा प्राप्त गर्ने आशा विद्वान र कवि दुवैले नराखेमा नै राम्रो छ । विद्वान र कवि कहिले पनि मर्दैन जीवित अवस्थामा यिनीहरु सर्वत्रै भावेन पीडित रहन्छन् अस्तु साधनाको मूल्याङ्कन परलोकमा नै होला ।

भवदीय

डा० पद्मप्रसाद सुवेदी

---

✍ तानसेन न.पा.-९, पाल्पा, हाल-काठमाडौं ।

ooo

// लेख //

# हाम्रो पुरुषार्थलाई अनन्त शुभकामना !



**युवराज पौड्याल**

प्रदेश नं. ५ अन्तर्गत लुम्बिनी अञ्चल गुल्मी जिल्ला अति मनोहर पहाडी जिल्ला हो । यस जिल्लामा विभिन्न पर्यटकीय स्थलहरू रहेका छन् । यहाँका मानिसहरू ज्यादै मिहिनेती, परीश्रमी तथा धार्मिक प्रवृत्तिका छन् । सामजिक क्षेत्रमा निस्वार्थ भावना लिएर काम गर्ने व्यक्तित्वहरू अन्य स्थानको तुलनामा यहाँ प्रशस्त मात्रामा भेटिन्छन् । शिक्षा क्षेत्रमा पनि विद्वान् स्व. टीकाराम पन्थी, शशि पन्थी, सुव सेन, दीन पन्थी, भुवनप्रसाद अर्याल जस्ता अनेकन् व्यक्तित्वहरूलाई बिर्सन मिल्दैन, सकिँदैन । रमणीय र पवित्र रेसुङ्गाको काखमा रहेको तम्घासस्थित किरण पुस्तकालयले त्यस भेगका सम्पूर्ण धार्मिक, सामाजिक, सांस्कृतिक साहित्यिक फाँटमा अहं भूमिका निर्वाह गरेको छ । किरण पुस्तकालयले प्रकाशित गर्ने हाम्रो पुरुषार्थ पत्रिका र शशि पन्थी, दीन पन्थीजस्ता व्यक्तित्वहरू पर्यायवाचीको रूपमा रहेको अनुभूति गर्न सकिन्छ । गुल्मीको शिक्षा, पुस्तकालय, प्रकाशन भन्ने बित्तिकै हाम्रो मानसपटलमा उहाँहरूको प्रतिबिम्ब आइहाल्छ ।

हाम्रो पुरुषार्थ त्रैमासिक पत्रिकाले पाठकहरूलाई धित मर्ने गरी ज्ञानका खुराकहरू पस्किएको पनि पाइन्छ । यसमा देश तथा विदेशका सूचना, धार्मिक, सामाजिक, साहित्यिक जस्ता लेखहरूले राम्रैसँग सुगन्ध छरेको देखिन्छ । आम जनताहरूलाई धार्मिक, नैतिक, चारित्रिक, आध्यात्मिक, सांस्कृतिक पुनर्जागरणको युगको आवश्यकता रहेका लेखहरू प्रशस्त मात्रामा पढ्न पाइन्छ । यसले गीत, कविता, गजल, मुक्तक, हास्यव्यङ्ग्य तथा विश्लेषणात्मक लेखरचनाहरू समावेश गरी स्तरअनुसार आकर्षित गर्ने क्षमता पनि राख्दछ । यसमा छापिएका कुनैकुनै लेखहरू त पढेर नभ्याउँदासम्म छोड्न मनै लाग्दैन । यस पुरुषार्थले भविष्यमा नेपाली भाषा र साहित्यमा अझ पुरुषार्थ देखाउनेछ भन्ने कुरामा विश्वास राख्न सकिन्छ ।

किरण पुस्तकालयले त्रैमासिक रूपमा हाम्रो पुरुषार्थ प्रकाशन गरी पुस्तकालयको गरिमालाई उचो त राख्यो नै त्यसमा पनि गुल्मी जिल्लाको शैक्षिक जागरण र पठन संस्कृतिको विकासमा इटा थप्ने काम गरकेको छ । पुस्तकालयको भौतिक

संरचना यस क्षेत्रकै अब्बल रहेको छ । शशि पन्थीलगायत सम्पूर्ण गुल्मीबासीहरूको मिहिनेत र लगनशीलताको प्रतिफल हो । यस पुस्तकालयले धेरै पुस्तकहरू प्रकाशित गरेका समाचारहरू यही पुरुषार्थबाट जानकारी प्राप्त भएको छ ।

यस पुस्तकालयले विशिष्ट सदस्य, आजीवन सदस्य तथा साधारण सदस्यहरू बनाई अझ यसलाई बलियो बनाउने काम गरेको छ । आम्दानीका स्रोतहरूका बलिया आधारहरू खोजिरहेको छ । सबल आर्थिक अवस्था नै संस्थाको बलियो खम्बाको रूपमा रहेको हुन्छ भन्ने कुरालाई मनन गरेर विभिन्न कार्यक्रमहरू अगाडि सारेको पाइन्छ ।

*हाम्रो पुरुषार्थ त्रैमासिक पत्रिकाले पाठकहरूलाई धित मर्ने गरी ज्ञानका खुराकहरू पस्किएको पनि पाइन्छ । यसमा देश तथा विदेशका सूचना, धार्मिक, सामाजिक, साहित्यिक जस्ता लेखहरूले राम्रैसँग सुगन्ध छरेको देखिन्छ । आम जनताहरूलाई धार्मिक, नैतिक, चारित्रिक, आध्यात्मिक, सांस्कृतिक पुनर्जागरणको युगको आवश्यकता रहेका लेखहरू प्रशस्त मात्रामा पढ्न पाइन्छ । यसले गीत, कविता, गजल, मुक्तक, हास्यव्यङ्ग्य तथा विश्लेषणात्मक लेखरचनाहरू समावेश गरी स्तरअनुसार आकर्षित गर्ने क्षमता पनि राख्दछ । यसमा छापिएका कुनैकुनै लेखहरू त पढेर नभ्याउँदासम्म छोड्न मनै लाग्दैन ।*

पुरुषार्थ देशका विभिन्न ठाउँहरूमा पुगेको नै छ, त्यसमा पनि भारतको उत्तराखण्डको राजधानी देहरादूनसम्मका पाठकहरूले पढ्ने अवसर प्राप्त गरेको कुरा पनि यसै पत्रिकामार्फत जानकारी भएको छ । हुन त आजभोलि इन्टरनेटको माध्यमबाट पनि पढ्न संक्ने अवस्था रहेको छ । किरण पुस्तकालयले गरेको सुकर्मलाई कसैले पनि रोकेर रोकिन्न । यस पुस्तकालयले विभिन्न ठाउँहरूमा प्रतिनिधिहरू राखेर पुरुषार्थ नियमित रूपमा निःशुल्क वितरण गर्दै आएको छ । पाल्पामा कमल खत्रीको लगनशीलता देख्दा त लोभै लाग्छ । उनी हरेक कार्यक्रमामा पुग्दा ल अब हाम्रो पुरुषार्थ आयो भन्ने सबैमा जिज्ञासा पलाउँछ ।

यस पुस्तकालयले वि.सं २०७५ साल भाद्र २४ र २५ गते प्रदेश स्तरीय पुस्तकालय सम्मेलन गरेको थियो सो सम्मेलनमा धवल पुस्तकालयले पनि सहभागी हुने मौका पाएको थियो । पुस्तकालयले पुस्तक मात्र प्रकाशित गर्ने होइन कि सभा सम्मेलन पनि गर्दछ भन्ने सन्देश प्रवाहित गर्न सक्षम भएको छ । यस सम्मेलनमा पठन संस्कृति हराएको होइन पाठकहरू नयाँ प्रविधिसँग जोडिन पुगेका हुन् भन्ने निष्कर्ष निकालिएको थियो । हुन त पुस्तक नै हातमा लिएर

पढे जस्तो त हुन सक्दैन तर पनि अहिलेको प्रविधिसँग टाढा रहन पनि सकिँदैन । अहिलेका सन्ततिहरूको पुस्तकालयप्रति वितृष्णा होइन प्रविधिमैत्री बनाउनु पर्दछ भन्ने माग रहेको हुन सक्छ । यस पुस्तकालयले विभिन्न विशेषाङ्कहरू प्रकाशन गरी पुरुषार्थको महत्त्वलाई अझ बढाएको छ ।

पुस्तकालयका योग्य सक्षम व्यक्तित्व विद्वान् शशि पन्थीलाई धवल पुस्तकालयद्वारा सम्मान गर्न पाएकोमा धवल पुस्तकालय परिवार गौरवान्वित भएको अनुभूति गरेको छ । धवल र किरण पुस्तकालयबीच सम्बन्ध स्थापित गर्न सके अझ पुस्तकालयको गरिमा बढ्न सक्नेछ । यसमा मेरो सानो दृष्टि मात्र हो ।

हाम्रो पुरुषार्थ ५० वर्ष पूरा गरी ५१औं वर्षमा प्रवेश गरेको अवसरमा पुरुषार्थ पत्रिकामा केही आफ्ना दृष्टि राख्न पाउँदा ज्यादै खुशी लागेको अनुभूति गरेको छु । आगामी दिनहरूमा यो पत्रिका अझ सशक्त रूपमा आफ्ना स्तरीय खुराकहरू लिएर पाठकमाझ आउन सफल होस् भन्ने अनन्त शुभकामना पनि व्यक्त गर्दछु ।

**लेखक - अध्यक्ष : धवल पुस्तकालय, पाल्पा ।**

ooo


# सूचना !

- **फोहर सकेसम्म कम उत्पादन गरौं, जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं ।**
- **जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, सम्बन्धविच्छेद एवम् बसाईंसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।**
- **सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने सूचीमा छ/छैन प्रत्येक वर्षको साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।**
- **गाउँपालिकामा तोकिएका कर शुल्कहरू समयमै बुझाई विकास निर्माणमा सक्रिय सहभागी बनौं ।**
- **खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।**

अनुरोधक

**मदाने गाउँपालिका**

पुर्कोट दह, गुल्मी

# हाम्रो पुरुषार्थका विशेषाङ्कहरूको आयाम



प्रा.डा. अर्जुनप्रसाद भट्टराई

## १. विषयप्रवेश

१०४ वर्षे जहानियाँ राणा शासनको शिक्षा र चेतनाविरोधी रणनीतिले देशकै शैक्षिक र बौद्धिक स्तर कमजोर रहेको परिप्रेक्ष्यमा पश्चिम नेपालको विकट जिल्ला गुल्मी शिक्षाका दृष्टिले निकै पछि थियो । मानिसहरूमा शिक्षा र चेतनाको निकै कमी भएकाले उनीहरूको समग्र जीवनस्तर नै ज्यादै पिछडिएको कष्टकर र दयनीय थियो । यही कुरालाई अन्तर्हृदयबाट महसुस गरी जिल्लाको चेतनाको स्तरलाई माथि उकासी मानिसका जीवनस्तरमा सुधार ल्याउने सदिच्छा बोकेका युवाहरूको सामूहिक प्रयत्नबाट वि.सं. २०२५ साल कार्तिक २० गते किरण पुस्तकालयको सञ्चालन भई वि.सं. २०२८ साल भदौ ३ गते प्रमुख जिल्ला अधिकारीको कार्यालय, शिक्षा शाखा, गुल्मीबाट अनुमति प्राप्त भएपछि विधिवत् रूपमा पुस्तकालयको स्थापना भयो । सुरूमा शशि पन्थीको घरको दलानबाट सेवा दिन शुरू गरेको यस संस्थाका भर्खर प्रवेशिका, प्रवीणता अध्ययन गर्दै गरेका युवाहरूको क्रियाशीलता र अठोट देखेर जिल्लाका तत्कालीन प्रशासकहरूलाई पनि यी युवाहरूको पवित्र उद्देश्यमा समाहित हुने चाहना भयो र पुस्तकालयको भवन निर्माणका लागि चिदीचौरको छेवैंमा रहेको एक तले भवन र जमिन उपलब्ध गराउने निर्णय भयो । त्यसपछि युवाहरूको धेरै मिहिनेत परिश्रमले विभिन्न उदारमना दानी व्यक्तित्व, विभिन्न संघ-संस्था आदिबाट सहयोग जुटाई पुस्तकालयको दुई तले भवन निर्माण गरियो । सो भवन पनि पर्याप्त नभएकोले संघीय सरकारको सहयोगमा ३ तले भवन निर्माण भई उपर्युक्त उद्देश्यले स्थापित र सञ्चालित किरण पुस्तकालयले तत्कालीन समयमा ज्ञान र सूचनाको प्रमुख स्रोत भएका पुस्तक र पत्रिकाको संकलन र व्यवस्था गरी पाठकलाई अध्ययन गर्ने अवसर प्रदान गर्‍यो । १८, २० वर्षको लाउँलाउँ र खाउँखाउँको उमेरमा बडो कष्टले आफ्नो पसिना चुहाएर अलि अलि कमाएको

पैसाले ४, ५ दिन पैदल हिँडेर पाल्पा बुटवल पुगी पुस्तक किनेर बोरा वा झोलामा बोकी कठिनताका साथ तम्घास ल्याएर अरूलाई ज्ञान बाँड्ने ती युवाका सोंचलाई अनुभूत गर्दा साँच्चै मन रोमाञ्चित हुन्छ । यसरी जनस्तरबाट स्थापित यो पुस्तकालयले साहित्यको माध्यमबाट समाजमा चेतना बढाउने र समृद्ध समुन्नत समाजको निर्माण गर्ने उद्देश्यले पुस्तकालय आफैले पनि साहित्यिक पत्रिका प्रकाशन गर्ने अठोट गऱ्यो । फलतः २०३० साल कार्तिकको देवकोटा–जयन्तीमा वार्षिक मुखपत्रको रूपमा 'हाम्रो पुरुषार्थ' नामक साहित्यिक पत्रिकाको प्रकाशन प्रारम्भ भयो । त्यसै अनुरूप वि.सं. २०३५ फागुन १४ गते षड्मासिक रूपमा हाम्रो पुरुषार्थ नामक साहित्यिक पत्रिका प्रकाशन गर्ने अनुमति पाई पत्रिका प्रकाशन हुन थाल्यो । वि.सं. २०७० असोज २१ गते हाम्रो पुरुषार्थले त्रैमासिक रूपमा प्रकाशनको अनुमति पाई त्रैमासिक रूपमा प्रकाशन हुँदै आएको छ ।

यसरी प्रकाशनकै क्रममा पुस्तकालयले विभिन्न विशेष अवसरमा ती अवसरलाई चिरस्मरणीय बनाउन ती अवसरसँग सम्बन्धित अतिरिक्ताङ्क वा विशेषाङ्क पनि प्रकाशन गर्न थाल्यो । यसरी नियमित प्रकाशनकै रूपमा विशेषाङ्क भनेर वा नियमित प्रकाशनभन्दा अतिरिक्त अङ्कका रूपमा प्रकाशित भएका विशेष महत्त्वका अङ्कहरूका विभिन्न आयामहरूका बारेमा यहाँ अध्ययन गरिन्छ ।

## २. हाम्रो पुरुषार्थका विशेषाङ्कहरू

हाम्रो पुरुषार्थले अतिरिक्ताङ्क वा विशेषाङ्क भनेर आजसम्म विभिन्न १९ वटा अङ्कहरू प्रकाशित गरेको देखिन्छ । त्यसमध्ये अतिरिक्ताङ्कका रूपमा राज्याभिषेक अतिरिक्ताङ्क, अन्तर्राष्ट्रिय बालवर्षातिरिक्ताङ्क प्रकाशित भएका छन् भने विशेषाङ्कका रूपमा लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क, साहित्यकार विश्वेश्वरप्रसाद कोइराला स्मृति–अङ्क, अन्तर्राष्ट्रिय युवा वर्षाङ्क, पुस्तकालय विशेषाङ्क, कथा विशेषाङ्क, नेपाली भाषिका संगोष्ठी विशेषाङ्क, पत्रकारिता विशेषाङ्क, भानुभक्त विशेषाङ्क, विश्वेश्वर विशेषाङ्क, डा. टीकाराम पन्थी स्मृति विशेषाङ्क, स्वर्णवर्ष विशेषाङ्क, भीमकान्त पन्थी स्मृति विशेषाङ्क, कवि प्रयासी विशेषाङ्क, रुरुक्षेत्र विशेषाङ्कहरू प्रकाशित भएका छन् । तीमध्ये यहाँ १६ वटा अतिरिक्ताङ्क वा विशेषाङ्कहरूको संक्षिप्त परिचय गराइन्छ–

### २.१. राज्याभिषेक अतिरिक्ताङ्क

वि.सं. २०३१ सालमा भएको लोकप्रिय राजा वीरेन्द्र वीरविक्रम शाहदेवको राज्याभिषेकको शुभअवसरमा हाम्रो पुरुषार्थको शुभ राज्याभिषेक अतिरिक्ताङ्क प्रकाशित भयो । प्रधान सम्पादक शशि पन्थी र सम्पादक चिरञ्जीवी शर्मा रहेको यस अङ्कमा जनप्रिय राजा वीरेन्द्र वीरविक्रम शाहदेवको राज्याभिषेकका अवसरमा

जिल्लामा भएका विभिन्न गतिविधिहरू र शुभकामना, शुभेच्छाका रचनाहरू संगृहीत छन् ।

## २.२. अन्तर्राष्ट्रिय बालवर्षातिरिक्ताङ्क

संयुक्त राष्ट्र संघले सन् १९८५ साललाई अन्तर्राष्ट्रिय बाल वर्षको रूपमा मनाउने निर्णय गरेको सुअवसरमा किरण पुस्तकालयले वि.सं. २०३६ साल भाद्र महिनामा प्रकाशित हाम्रो पुरुषार्थको वर्ष ६, अङ्क ९ लाई अन्तर्राष्ट्रिय बालवर्षातिरिक्ताङ्क प्रकाशित गर्‍यो । सम्पादक शशि पन्थी र सहायक सम्पादकद्वय दीन पन्थी र भेष बहादुर कुँवर रहेको यो अङ्कमा पत्रिकाका स्थायी स्तम्भहरूका साथै बालवर्षका अवसरमा नेपालमा गठित समितिको परिचय र यस वर्ष बालबालिकाका कार्यक्रमको जानकारीका साथै बालबालिकाका बारेमा लेखिएका १५ वटा लेख-रचनाहरू प्रकाशित भएका छन् ।

## २.३. लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क

हाम्रो पुरुषार्थको वर्ष ९ अङ्क २, सम्पूर्णाङ्क १५ लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्कका रूपमा प्रकाशित भएको छ । लुम्बिनी अञ्चलका कवि साहित्यकार, साहित्यिक संस्था पत्रपत्रिका आदिका बारेमा लेखिएका २६ वटा विभिन्न लेखकका लेख-रचनाहरू यस सङ्ग्रहमा छापिएका छन् ।

डा. टीकाराम पन्थीको लुम्बिनी अञ्चलका संस्कृत कवि र कविता, हीरामणि शर्मा पौड्यालको साहित्यिक फाँटमा लुम्बिनी अञ्चलका केही प्रबन्धकाव्यहरू, बनमाली निराकारको लुम्बिनी अञ्चलका केही कथा र कथाकारहरू, रमेशचन्द्र उपाध्यायको नेपाली साहित्यमा लुम्बिनी अञ्चलका केही साहित्यकारहरू, दीन पन्थीको लुम्बिनी अञ्चलका कवि र कविताबारे टिपटाप कुरा, मदनप्रसाद दवाडीको लुम्बिनी अञ्चलका चार उपन्यास एक परिचय, विनयकुमार कसजूको लु.अं.मा भाषा र साहित्यको उन्नतिका लागि व्यक्तिगत र संस्थागत प्रयासहरू, सान्दाइको लु.अं. का महिला साहित्यको सन्दर्भमा मालती उपन्यास ससर्ती हेर्दा, लाटो साथीको संस्कृत साहित्यको विकासमा लुम्बिनी अञ्चलको योगदान लेखका साथै वामदेव पहाडी, कृष्ण ज्ञवाली, गोकर्णराज शास्त्री, भेषबहादुर कुँवर, शिवभक्त शर्मा, शशि पन्थी, सुदीप बागची, भूपति ढकाल, लक्ष्मीकान्त पन्थी, अर्जुन ज्ञवाली, जगत्‌बहादुर जोशी, चोलेश्वर शर्मा, मेघराज शर्माहरूका महत्त्वपूर्ण लेखहरू यस अङ्कका बौद्धिक खुराक हुन् । त्यस्तै प्रतिभा परिचय, लुम्बिनी प्रदेशबाट निस्केका पत्र पत्रिकाको सूची, साहित्यिक संस्थाहरू, लुम्बिनी अञ्चलका प्रेसहरू आदि जानकारी ज्यादै महत्त्वपूर्ण रहेका छन् । साथै पत्रिकाका स्थायी स्तम्भहरू यस सङ्ग्रहमा छापिएका छन् ।

## २.४. साहित्यकार विश्वेश्वरप्रसाद कोइराला स्मृति–अङ्क

हाम्रो पुरुषार्थको वर्ष ९, अङ्क ३ सम्पूर्णाङ्क १६ साहित्यकार विश्वेश्वरप्रसाद कोइराला स्मृति–अङ्क रहेको छ । साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाको स्वर्गारोहणपछि उनकै स्मृतिमा उनका साहित्यिक योगदानका बारेमा लेखिएका केदारमान व्यथित, ऋष्यशृङ्ग, मोहन कोइराला, कमल दीक्षित, कोषराज न्यौपाने, रामप्रसाद ज्ञवाली, नारायण अधिकारी, कुलप्रसाद कोइराला, दुर्गाप्रसाद अर्याल, हरिप्रसाद शर्मा श्रीकृष्ण गौतमका लेखहरू र विश्वेश्वरप्रसाद कोइरालाको श्वेत भैरवी कथा र साहित्यमा प्रगतिशीलता लेखसमेत गरी १५ वटा लेख-रचनाहरू प्रकाशित भएका छन् ।

## २.५. अन्तर्राष्ट्रिय युवा वर्षाङ्क १९८५

संयुक्त राष्ट्र संघले सन् १९८५ साललाई अन्तर्राष्ट्रिय युवा वर्षको रूपमा मनायो । त्यही अवसरमा नेपालमा पनि विभिन्न गतिविधिहरू गरिए । सोही अवसरमा गुल्मी जिल्लामा पनि विविध गतिविधि भए । सोही अवसरमा हाम्रो पुरुषार्थले पनि वि.सं. २०४२ साल पुष १४ गते आफ्नो वर्ष १३, अङ्क २, सम्पूर्णाङ्क २४ लाई युवाहरूसँग सम्बद्ध सामग्रीहरू समेटेर अन्तर्राष्ट्रिय युवा वर्षाङ्क १९८५ प्रकाशन गऱ्यो । यसमा गुल्मी जिल्लालगायत नेपालभर सञ्चालित युवाका कार्यक्रम तथा गतिविधिहरूको जानकारी गराइएको छ । यस अङ्कमा पत्रिकाका स्थायी स्तम्भबाहेक युवाका बारेमा लेखिएका विभिन्न १६ वटा कविता, लेख-रचनाहरू प्रकाशित भएका छन् ।

## २.६. पुस्तकालय विशेषाङ्क –

नेपालमा पुस्तकालयका बारेमा राम्ररी खोजीनिति र अनुसन्धान नभएको अनुभव गरी किरण पुस्तकालयले हाम्रो पुरुषार्थको वर्ष २६, अङ्क १ सम्पूर्णाङ्क ३७ मा पुस्तकालयकै विषयवस्तुहरूलाई मात्र समेटी पुस्तकालय विशेषाङ्क प्रकाशित गऱ्यो । कमलमणि दीक्षितको धन्यवादको आदान–प्रदान, डा. टीकाराम पन्थीको अलिखित हस्तलिखित ग्रन्थागार, डा. भूपहरि पौडेलको नेपालका प्रमुख पुस्तकालयहरूको..., शिव रेग्मीका १. साहित्य श्रीवृद्धिका लागि पुस्तकालयको योगदान र २. नेपालमा सार्वजनिक पुस्तकालय गरी दुई लेख, मधुसूदन शर्मा सुवेदीको राष्ट्रिय अभिलेखालय, कृष्णमान मानन्धरको नेपालमा पुस्तकालयको पृष्ठभूमि, शशिनाथ ठाकुरको त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयको..., पुरुषोत्तम घिमिरेको केशर पुस्तकालय, शशि पन्थीको सार्वजनिक पुस्तकालयको विकास..., नयराज पन्तको गुरुराजको घर र पुस्तकालयको संभार, वनमाली निराकारको धवल पुस्तकालय : अतीतदेखि वर्तमानसम्म, हेमराज ज्ञवालीको रीडको नेपाल लाइब्रेरी प्रोजेक्टलगायत कृष्णप्रसाद पराजुली, कृष्णप्रसाद बस्याल,

दुर्गाप्रसाद अर्याल, रामप्रसाद वाशिष्ठ, शुकदेव ज्ञवाली, लक्ष्मण उपाध्याय, भोला श्रेष्ठ, दुर्गा+मोहन, पूर्णप्रसाद अधिकारी, गोपाल थापा, सनत रेग्मी, भेषबहादुर कुँवर 'प्रयासी', घनश्याम सुस्मित, विनोद कडरिया, श्रीराम सापकोटा, गोपालप्रसाद पाण्डेलगायतका लेखकका नेपालमा पुस्तकालयको इतिहास, पुस्तकालयसम्बन्धी कानूनहरू, सरकारले सार्वजनिक पुस्तकालयलाई हेर्ने दृष्टिकोण, देशभर सार्वजनिक पुस्तकालयको अवस्थिति वा वितरण, सार्वजनिक पुस्तकालयको अवस्था आदिका बारेमा लेखिएका विविध ३० वटा लेखहरू प्रकाशित भएका छन् ।

## २.७. कथा विशेषाङ्क

कथा साहित्यको अति लोकप्रिय विधा हो । बालकदेखि वृद्धसम्म सबैलाई कथा ज्यादै मन पर्छ । त्यसैले किरण पुस्तकालयले हाम्रो पुरुषार्थको वर्ष २६, अङ्क २ सम्पूर्णाङ्क ३८ लाई कथा विशेषाङ्कका रूपमा प्रकाशित गरेको छ । नेपाली कथाको इतिहास, विभिन्न चरण र प्रवृत्तिहरू, नेपाली कथाका प्रकारहरू आदि कथाको सैद्धान्तिक ज्ञान प्रदान गर्नुका साथै पाठकहरूलाई कथाको रससागरमा चुर्लुम्म डुबाउने उद्देश्यले प्रकाशित यो अङ्कमा अर्जुनप्रसाद भट्टराईको कथा र कथाको तत्त्व, भुवन अकिञ्चनको कथाको सैद्धान्तिक परिचय, पूर्णप्रसाद अधिकारीको विगत आगत कथा ... र लक्ष्मणप्रसाद गौतमको गोठालेको 'भाँडो' सूत्र समालोचनाका साथै डा. टीकाराम पन्थीका १. नौलो मुहार २. गार्हस्थ्य महिमा र ३. जैन कथा गरी तीन कथा, डा. सूर्यमणि अधिकारी, भागीरथी श्रेष्ठ, सनत रेग्मी, लाटो साथी, वनमाली निराकार, उत्तरकुमार पराजुली, जागिरे नेपाली, कपिल लामिछाने, भानुभक्त मरासिनी, दीन पन्थी, भेषबहादुर कुँवर, कर्ण, मुकुन्दहरि ज्ञवाली, चैतन्य प्रधान, गुरूप्रसाद मैनाली, विश्वेश्वरप्रसाद कोइराला, रूपनारायण सिंह, प्रेमचन्द्र, गी द मोपासा, खलील जिब्रान, चन्दनविक्रम शाह, अकिञ्चन, विवेक पन्थी, शशिनाथ ठाकुर, कृष्णप्रसाद पन्थी, डा. लक्ष्मीकान्त पन्थी, र पं. भीमकान्त पन्थीका मनमुग्धकारी कथाहरूले पाठकका मनलाई आह्लादित गराउँछन् ।

## २.८. नेपाली भाषिक संगोष्ठी विशेषाङ्क

वि.सं. २०५७ साल चैत्र १८ र १९ गते नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान र किरण पुस्तकालयको संयुक्त आयोजनामा तम्घासमा देशका लब्धप्रतिष्ठित विद्वान् प्राज्ञहरू सम्मिलित नेपाली भाषिक संगोष्ठी भव्यताका साथ सम्पन्न भयो । सो संगोष्ठीमा राष्ट्रका मूर्धन्य विद्वानहरू डा. चूडामणि बन्धु, डा. व्रतराज आचार्य र दीन पन्थीले क्रमशः भाषा, भाषिका र नेपाली भाषिका विषयमा, कर्णालीपारिका स्थानीय भाषिक भेद विषयमा र पूर्वी नेपाली भाषिकामा पर्वती (पश्चिमाञ्चलीय) भेद विषयमा कार्यपत्रहरू पेश गरे । ती कार्यपत्रहरू माथि क्रमशः उपप्रा.

रमाकान्त पौड्याल, सहायक प्राध्यापक गोपाल पन्थी र सहप्राध्यापक चोलेश्वर शर्माले टिप्पणी गरे । ती कार्यपत्रमाथि सामूहिक छलफलसमेत गरेर प्राप्त निष्कर्षका आधारमा संशोधन गरी पारिएका कार्यपत्रहरू यस विशेषाङ्कमा समावेश गरिएका छन् । त्यसबाहेक भाषाका मर्मज्ञ विद्वानहरू प्रा. बालकृष्ण पोखरेल र प्रा. मुकुन्दशरण उपाध्यायको ओजस्वी अन्तर्वार्ता अन्य विभिन्न भाषाविद्का भाषासम्बन्धी लेखहरू, शशि पन्थीको नेपाली भाषिक संगोष्ठीको संक्षिप्त प्रतिवेदन र पत्रिकाका नियमित स्तम्भहरूका साथै संगोष्ठीमा लिइएका सुन्दर तस्विरहरूले कलेवरका भित्री र बाहिरी पानाहरू सजिएको यो विशेषाङ्क साँच्चै नै विशेष रहेको छ र भाषा शिक्षक र अध्येताका लागि सङ्ग्रहणीय रहेको छ ।

## २.९. पत्रकारिता विशेषाङ्क

किरण पुस्तकालयले आफ्नो वर्ष ३२, अङ्क २, सम्पूर्णाङ्क ५० लाई पत्रकारिता विशेषाङ्कको रूपमा २०६२ सालमा प्रकाशित गर्‍यो । यसमा पत्रिकाको नियमित स्तम्भहरूमध्येको एक भेटघाट स्तम्भमा भेटघाट–५० मा साहित्यिक पत्रकार भवानी घिमिरेको अन्तर्वार्ता, भेटघाट–५१ मा नेपाल टेलिभिजनका तत्कालीन महाप्रबन्धक दुर्गानाथ शर्माको अन्तर्वार्ता र भेटघाट–५२ मा कान्तिपुर प्रकाशनका संस्थापक एवं प्रकाशक हेमराज ज्ञवालीसँगको अन्तर्वार्ता गरी ३ वटा मूर्धन्य पत्रकारहरूका ओजस्वी अन्तर्वार्ताहरू छापिएका छन् । त्यस्तै पत्रिका, पत्रकारिता र पत्रकारका बारेमा लेखिएका ७३ वटा विभिन्न लेखक पत्रकारहरूका लेखहरू, प्रेस काउन्सिल नेपालको वार्षिक प्रतिवेदन (२०५९–२०६०) स्रोतका आधारमा पत्रपत्रिकाको वस्तुस्थिति, सूचना तथा सञ्चार मन्त्रालयसंग सम्बद्ध नीति, ऐन नियमहरूको सूची, नियमावलीहरू, पत्रकार आचार संहिता – २०६०, पत्रकारितासम्बन्धी महत्त्वपूर्ण पुस्तकहरू, गुल्मीबाट प्रकाशित पत्र – पत्रिकाहरू, गुल्मी डायरीअन्तर्गत ६ महिनाभित्र गुल्मीमा घटेका महत्त्वपूर्ण घटनाहरूको सँगालो, यताउताबाटमा भावना (दैनिक) वर्ष ८, अङ्क ३१६, २०६१ माघ २८ गते प्रकाशित कविता ज्ञवाली (पन्थी)को शिक्षा र चेतनाको ज्योति छर्दैछ किरण पुस्तकालय शीर्षकको लेख, पुस्तकालय परिचय स्तम्भअन्तर्गत ज्ञानज्योति पुस्तकालयको परिचय, नौलो सृष्टि : सानो दृष्टिअन्तर्गत प्रेस काउन्सिल नेपालद्वारा प्रकाशित पत्रकारिताका तीन आयाम पुस्तकको एन्.पी. भारद्वाजले लेखेको पुस्तक परिचय छापिएको छ । पाठक-प्रतिक्रियामा हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ४८ मा फणिनारायण सिग्देलद्वारा लिखित 'सनातन धर्म र वर्ण व्यवस्था' शीर्षक लेखमा ईसाइ समुदाय अर्घाखाँचीका महासचिव वर्षात् दर्लामीको प्रतिक्रियामाथिको प्रतिक्रिया, हाम्रो पुरुषार्थका आजीवन ग्राहकको नामावली र कलेवरसमेत गरी जम्मा ४७६ पृष्ठको यो विशेषाङ्क पत्रकारिता अध्ययन गर्ने सबैका लागि सङ्ग्रहणीय रहेको छ ।

## २.१०. डा. टीकाराम पन्थी विशेषाङ्क

गुल्मीको भाडगाउँमा जन्मेर आफ्नो विद्वत्ता र साहित्यकारिताबाट देशदेशान्तर ख्याति कमाउन सफल डा. टीकाराम पन्थीले किरण पुस्तकालयको अध्यक्षसमेत बनेर यसको स्थापना र विकासमा धेरै योगदान गर्नुभएको थियो । त्यसैले पन्थीको स्वर्गारोहणपछि उहाँको सम्मानमा पुस्तकालयले हाम्रो पुरुषार्थको वर्ष ३८, अङ्क १, सम्पूर्णाङ्क ५६ लाई सम्पूर्णरूपमा उहाँमा समर्पित गरी डा. टीकाराम पन्थी विशेषाङ्कको रूपमा २०६७ साल कार्तिक महिनामा प्रकाशित गर्‍यो । डा. टीकाराम पन्थीको व्यक्तित्वमाथि प्रकाश पारिएका, उहाँका विभिन्न कृतिहरूको समीक्षा गरिएका र उहाँलाई संस्मरण तथा श्रद्धाञ्जलि अर्पण गरिएका १२४ वटा लेख-रचनाहरू संगृहीत गरी विशालकाय रूपमा प्रकाशित गरेको छ । प्रा.डा. हरिप्रसाद आचार्य, प्रा.डा. जयराज आचार्य, विदुर पौडेल, प्रा.डा. टीकाराम अधिकारी, प्रा. घनश्याम अधिकारी, डा. लक्ष्मीकान्त पन्थी, भेषबहादुर कुँवर, हिरण्यलाल ज्ञवाली, डा. तुलसी भट्टराई, चित्तरञ्जन नेपाली, डा. केशवप्रसाद उपाध्याय, सनत रेग्मी, प्रा.डा. राजाराम सुवेदी, नारायणदत्त शास्त्री, प्रा.डा. बाबुराम पोखरेल, डा. रविलाल अधिकारी, प्रा.डा. ऋषिराम पोखरेल, सूब सेन, वनमाली निराकार, कोषराज न्यौपाने, प्रा.डा. वेणीमाधव ढकाल, डा. विष्णुप्रसाद घिमिरे, विश्वेश्वरी अधिकारी, कृष्णप्रसाद वस्याल, युवराज शर्मा गौतम, देवी पन्थी, मदनप्रसाद दवाडी, मुकुन्द शर्मा चालिसे, कृष्णप्रसाद कोइराला, अर्जुन ज्ञवाली, फणिनारायण सिग्देल, बाबुराम ज्ञवाली, उत्तरकुमार पराजुली, डा. दुर्गाप्रसाद अर्याल, हेमराज ज्ञवाली, माधव वियोगी, हरिप्रसाद ज्ञवाली, अर्जुनप्रसाद भट्टराई, दधिराम सापकोटा, प्रा.डा. विष्णुप्रसाद देवकोटा, लक्ष्मण रिजाल, गणेश पाण्डेय 'वल्कल', मोदनाथ प्रश्रित, प्रह्लाद पोखरेल, सूर्यकान्त पन्थी, कृष्ण भण्डारी 'मुमुक्षु', रमाकान्त पौडेल, डिल्लराज सिजाल, तीर्थराज अधिकारी, दिलिप भट्टराई, डा. नारायण गौतम, पूर्णप्रसाद अधिकारी, डा. भेषराज अर्याल, हेमराज पाण्डे 'अभागी', डा. बद्रीनारायण गौतम, प्रा. स्थानेश्वर गौतम, डा. हिमलाल पन्थी, डा. लीलानाथ पौडेल, नारायण नेपाल, भीमकान्त पन्थी, राजेन्द्र आचार्य, आचार्य नारायणप्रसाद तिमिल्सिना 'मधुप' गोविन्दराज पोख्रेल, प्रा.डा. मणिलाल शर्मोपाध्याय, कविता देवकोटा (रिजाल), पद्मप्रसाद पन्थी, चन्द्रबहादुर के.सी., लक्ष्मी गौतम, नवराज पाण्डेय, रामप्रसाद पन्त, रमेशकुमार शर्मा, चन्द्रकान्त आचार्य, डा. नेत्रप्रसाद न्यौपाने, डा. स्वामी प्रपन्नाचार्य, प्रा. विद्यानाथ उपाध्याय, ठाकुर शर्मा, प्रा. गोपीकृष्ण शर्मा, भरतराज पण्डित, प्रा.डा. विष्णुराज आत्रेय, भागवत ज्ञवाली, चन्द्र भण्डारी, विष्णु पन्थी, कृष्णबहादुर कुँवर, नातिमैञाँ मानन्धर शर्मा भण्डारी, हेमराज मरासिनी, हुमकान्त पाण्डे, डुकुलराज घिमिरे, भानुभक्त मरासिनी, अनन्त पन्थी, ऋषिराम भुसाल, रामचन्द्र पन्थी, प्रा.डा. होमनाथ भट्टराई, दीन पन्थी, प्रेमनाथ अर्याल, डा. शिवप्रसाद पौड्याल, कृष्णप्रसाद ज्ञवाली, प्रा.डा. मोहन

तिमिल्सिना, नमोनाराण पन्थी, भेषराज सापकोटा, प्रा.डा. नारायणप्रसाद खनाल, प्रा.डा. रामप्रसाद शर्मा ज्ञवाली, चन्द्रकान्त पन्थी, मुक्तिनाथ गैह्रे, गङ्गा अभिलाषी, हीराबहादुर भलामी, प्रेमराज मरासिनी 'विनीत', पं परशुराम उपाध्याय पन्थी, खिमानन्द पोखरेल, मुना पौडेल, राधा पन्थी, प्रा. शशि पन्थी, ध्रुवराज पन्थी, गीता पन्थी, गोविन्द ज्ञवाली, शान्ति ज्ञवाली, बाबुराम ज्ञवाली, पन्थी रामप्रसाद, गोपाल पन्थी, लता पन्थी, विष्णुप्रसाद खनाल आदिका डा. टीकाराम पन्थीको जीवनी, व्यक्तित्व र कृतित्वमाथि प्रकाश पारिएका लेख-रचनाहरू प्रकाशित भएका छन् । पत्रिकाका स्थायी स्तम्भसमेत गरी कूल ५१० पृष्ठको यस विशेषाङ्कले डा. टीकाराम पन्थीको बहुआयामिक विराट् व्यक्तित्वलाई उजागर गरेको छ ।

## २.११. भानु विशेषाङ्क

किरण पुस्तकालयले आफ्नो वर्ष ४१, अङ्क १, सम्पूर्णाङ्क ६० लाई भानु विशेषाङ्कको रूपमा प्रकाशित गर्‍यो । भानुभक्त आचार्यको २००औँ जन्मजयन्तीको अवसरमा प्रकाशित यस विशेषाङ्कमा भानुभक्तका कुलमा उत्पन्न विद्वान् प्रा.डा. जयराज आचार्यको भावगाम्भीर्ययुक्त अन्तर्वार्ता, अर्का वंशज शिवराज कौण्डिन्न्यायनको आदिकवि भानुभक्त आचार्य (संक्षिप्त सर्वाङ्गीण परिचय) लेखले भानुभक्तका बारेमा साँच्चै नै सर्वाङ्गीण परिचय दिएको छ । त्यस्तै उक्त पुस्तकमा उनका विविध पक्षका बारेमा ख्यातिप्राप्त विद्वान्हरूद्वारा लेखिएका ५२ वटा गहकिला समीक्षात्मक लेख-रचनाहरू संगृहीत छन् । कलेवरसहित कूल ३२४ पृष्ठको यो विशेषाङ्कमा भानुभक्तका विविध पक्षहरू उजागर गरिएका छन् ।

## २.१२. विश्वेश्वर विशेषाङ्क

जनताको हितलाई मात्र राजनीतिको एक मात्र मूल लक्ष्य मान्ने नेपाली राजनीतिका सच्चा आदर्शवादी नेता जननायक बी.पी. कोइराला नेपाली साहित्यमा विश्वेश्वरप्रसाद कोइरालाका नामले सुप्रसिद्ध हुनुहुन्छ । प्रजातान्त्रिक विचार र आन्दोलनका प्रमुख मियो रही अति क्रियाशील राजनैतिक जीवन व्यतित गरेका बी.पी. कोइरालाले कठोर कारावास र देशबाट निर्वासित समेत हुनु परेको थियो । राजनैतिक बन्दीका रूपमा जेलमा रहँदा नै उनका अधिकांश साहित्यिक कृतिहरू लेखिएका भए तापनि तिनमा राजनीतिको कुनै गन्ध समेत् पाइँदैन । राजनैतिक क्षेत्रमा बी.पी. कोइरालाका नामले र साहित्यमा विश्वेश्वरप्रसाद कोइरालाका नामले सुप्रसिद्ध यिनी नेपाली साहित्यमा फ्रायडेली यौन मनोविज्ञानका महारथी सुप्रसिद्ध आख्यानकार हुन् । यिनै विश्वेश्वरप्रसाद कोइरालाको शतवार्षिकीको शुभ अवसरमा किरण पुस्तकालयले हामो पुरुषार्थको वर्ष ४१, अङ्क ४, सम्पूर्णाङ्क ६३ लाई विश्वेश्वर विशेषाङ्कका रूपमा प्रकाशित गरेको छ । यस अङ्कमा धेरै लेखक समालोचकहरूले उनका कृतिहरूका विविध पक्षका बारेमा सूक्ष्म विश्लेषण गरेका छन् ।

## २.१३. कवि प्रयासी स्मृति–अङ्क

हाम्रो पुरुषार्थको वर्ष ४७, अङ्क ३, सम्पूर्णाङ्क ८६ कवि प्रयासी स्मृति–अङ्कका रूपमा प्रकाशित भएको छ । गुल्मी जिल्लाको तम्घासमा जन्मिएर सोही ठाउँलाई कर्म थलो बनाएका कवि भेषबहादुर कुँवरले शिक्षण पेसामा रहेर लामो समयसम्म अध्यापन क्षेत्रमा गरेका योगदानको फलस्वरूप उहाँबाट दीक्षित शिष्यहरूका संस्मरणहरू र गुल्मीका अनेक साहित्यिक गतिविधिमा सहभागी भई आर्जन गरेको ख्यातिबाट सुपरिचित सहकर्मी साहित्यकारहरूका संस्मरणहरू, साथै लामो समयसम्म किरण पुस्तकालयसँग सम्बद्ध रहेर त्यसको प्रकाशन हाम्रो पुरुषार्थको सहायक सम्पादक भई कार्य गर्दा साथै स्काउट आदि संस्थामा दिएको योगदानका साक्षी महानुभावहरू र परिजनका संस्मरणहरूसमेत गरी कवि भेषबहादुर कुँवर प्रयासीमा समर्पित ५२ वटा उहाँका कृतिहरूका समीक्षात्मक लेख संस्मरणहरू संगृहीत प्रस्तुत अङ्कको कलेवरको अग्रभागमा कविको आकर्षक तैल चित्र र पृष्ठभागमा कविकै हस्ताक्षरमा कविका कालजयी कविताहरू र उनका प्रकाशित कृतिहरूका चित्रहरू छापिएका छन् ।

## २.१४. स्वर्णवर्ष विशेषाङ्क

त्यस्तै किरण पुस्तकालयको स्वर्णवर्षको अवसरमा पुस्तकालयले हाम्रो पुरुषार्थको वर्ष ४६, अङ्क १, सम्पूर्णाङ्क ८० लाई स्वर्णवर्ष विशेषाङ्कको रूपमा प्रकाशित गरेको छ । अग्रभागमा तत्कालीन पुस्तकालयको नक्सा र पृष्ठभागमा प्रस्तावित नयाँ भवनको रूपरेखा चित्रित गरिएको सुन्दर कलेवरयुक्त यस विशेषाङ्कमा तत्कालीन सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री सम्माननीय के. पी. शर्मा वली, नेपाल सरकारका परराष्ट्रमन्त्री माननीय प्रदीपकुमार ज्ञवाली, श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री माननीय गोकर्ण बिष्ट, प्रदेश नं. ५ का मुख्यमन्त्री माननीय शंकर पोखेल, ५ नं प्रदेशका सामाजिक विकास मन्त्री माननीय सुदर्शन बरालका शुभकामनाहरूले सजिएको उक्त विशेषाङ्कमा पुस्तकालयको सेवा गर्ने, त्यसबाट लाभ लिने, माया गर्ने ७५ जना महानुभावहरूका लेख-रचनाहरू प्रकाशित भएका छन् । पत्रिकाका नियमित स्तम्भहरूका साथै किरण पुस्तकालयको बारेमा संक्षिप्त जानकारी, ५० वर्षे यात्राको क्रममा अतिथि तथा आगन्तुक पुस्तिकाका उद्‌गारहरू, पुस्तकालय सञ्चालन र हाम्रो पुरुषार्थ पत्रिका प्रकाशनसम्बन्धी अनुमतिका लागि विभिन्न कार्यालयमा दर्ता भई प्राप्त प्रमाण–पत्रहरू, वर्तमानका संरक्षक, विशिष्ट र आजीवन सदस्यका नामावलीहरू, दिवंगत संरक्षक सदस्यहरू र आजीवन सदस्यहरूको नामावली, पुस्तकालय व्यवस्थापन समितिको नामावली, किरण पुस्तकालय र हाम्रो पुरुषार्थको बारेमा लिखित शोधपत्रहरूको जानकारी गराइएको

छ । त्यस्तै पुस्तकालय परिचयअन्तर्गत देवघाट सार्वजनिक पुस्तकालयको परिचय छापिएको छ ।

## २.१५. पं. भीमकान्त पन्थी शतवार्षिक–स्मृति– विशेषाङ्क

गुल्मीको वाग्लामा जन्मिएर देशैभरि आफ्नो परिचय बनाउन सफल संस्कृत मनीषि तथा कवि स्व. भीमकान्त पन्थीको शतवार्षिकीको अवसरमा किरण पुस्तकालयले हाम्रो पुरुषार्थको वर्ष ४८, अङ्क २, सम्पूर्णाङ्क ८९ लाई भीमकान्त पन्थी शतवार्षिक–स्मृति– विशेषाङ्कको रूपमा प्रकाशित गरेको छ । पत्रिकाका स्थायी स्तम्भबाहेक १. संस्मरणखण्ड, २. समीक्षाखण्ड, ३. संस्कृतखण्ड र ४. परिशिष्टखण्ड गरी चार खण्डमा कविका विविध पक्षको परिचय दिइएको छ ।

संस्मरण खण्डमा प्रा. डा. लक्ष्मीकान्त पन्थी, पं. शेखरनाथ पन्थी, सीता रिजाल, नीलाम्बर पन्थी, नीलमाया पन्थी पं. रामप्रसाद अर्ज्याल, पं. टंकेश्वर पोखरेल, वासुदेव झवाली, कोषाराज न्यौपाने, युवराज भुसाल, प्रा. माधवराज गौतम, सूर्यकान्त पन्थी, चन्द्रकान्त पन्थी, विष्णुकान्त पन्थी, डा. कृष्णकान्त पन्थी, भेषराज पन्थी, थानेश्वर पन्थी, खिमानन्द शर्मा पन्थी, तुलसी पन्थी, तुलसीदास गौतम, शिवराज मरासिनी, पं. देवराज अर्याल, मायादेवी पन्थी, शारदा पन्थी, गेहलक्ष्मी घिमिरे, विजया घिमिरे, कमला पन्थी (अधिकारी), किरण पन्थी (पाण्डेय), पुण्यप्रसाद अर्याल, प्रा.डा. भेषराज अर्याल, प्रा. डा. नवराज कट्टेल, प्रा. डा. माधव पन्थी, भक्ति उपाध्याय, भावना पन्थी, साधना पन्थी, मनीषा पन्थी, गुणनिधि पन्थीले भीमकान्त पन्थीका विविध गुणहरूको स्मरण गरेका छन् ।

त्यस्तै समीक्षा खण्डमा सीता रिजाल, प्रा. डा. प्रेमप्रसाद चौलागाईं, प्रा.डा. महानन्द तिमिल्सिना, प्रा.डा. वेणिमाधव ढकाल, प्रा.डा. विष्णुराज आत्रेय, प्रा.डा. हरिहर शर्मा, प्रा.डा. भोजराज अर्ज्याल, प्रा.डा. जयराज आचार्य, रञ्जन सिग्देल, यदुप्रसाद पन्थी, कमला पन्थी, हेमराज पाण्डे, शरत्कुमार भट्टराई, प्रयागराज भट्टराई 'वाशिष्ठ', ठाकुर शर्मा, प्रह्लाद पोखेल, मुकुन्द शर्मा, धनञ्जय शर्मा, डा. लक्ष्मीकान्त पन्थी, प्रा.डा. टीकाराम पन्थी, ज्यो. रत्ननिधि रेग्मी 'शुक्राचार्य' का लेखहरूमा पं भीमकान्त पन्थीका विभिन्न कृति, लेख-रचनाहरूका गहन समीक्षा गरिएका छन् ।

अर्को संस्कृत खण्डमा प्रा.डा. टीकाराम पन्थीका जगदम्बिकावैभवमहाकाव्यस्य समीक्षणम् र जगदीश्वरवैभवमहाकाव्यस्य संक्षिप्तः परिचयः, प्रा.डा. लक्ष्मीकान्त पन्थीका जगदम्बिकावैभवमहाकाव्यस्य कथावस्तुविवेचनम्, जगदीश्वरवैभवमहाकाव्यस्य कथावस्तुविवेचनम्, प्रा.डा. महानन्द तिमिल्सिनाका जगदम्बिकावैभवे शास्त्रव्युत्पत्तिः र जगदम्बिकावैभवमहाकाव्ये स्तुति–प्रीति–सूक्ति–प्रकृतिसौन्दर्यसमीक्षणम्, नुरापति पोखरेलको नैपालकाः महाकाव्यकाराः, प्रा. पुरुषोत्तम पन्थीको पं भीमकान्तपन्थिनो

जन्मकुण्डलीस्थग्रहफलविचारः, योगी नरहरिनाथको अभिनन्दनपत्रम्, पन्थी सेवासमाजको अभिनन्दनपत्रम्, विश्वहिन्दुमहासंघको अभिनन्दनपत्रम्, टीकाराम पन्थीको अभिनन्दनपत्रम्, फणिनारायण सिग्देलको अभिनन्दनपत्रम्, प्रा. डा. लक्ष्मीकान्त पन्थीका प्रकाशकीयम्, पितुर्जीवनमीदृशम्, परिचयः, गुरुत्वम्, वैशिष्ट्यम्, महत्त्वम्, पितरौ, पितृसूक्तम्, पितृचरणस्मरणम्, कृपामूर्तिः, लुम्बिन्यञ्चलसंस्कृतकविपरम्परा शीर्षकका लेखहरू संगृहीत छन् ।

त्यस्तै अर्को परिशिष्ट खण्डमा पं. भीमकान्त पन्थीका केही प्रकाशित सामग्रीहरू, पं. भीमकान्त पन्थीका अप्रकाशित सामग्रीहरू, पं. भीमकान्त पन्थीका विषयमा बुझेका मानिसहरूको भनाइ, महाकवि पं. भीमकान्त पन्थीका हस्ताक्षरहरू, कृष्णशरण उपाध्यायको पितृ–वन्दना र केही छायाचित्रहरू रहेका छन् ।

### ३.१६. रुरुक्षेत्र विशेषाङ्क–

*यो धाम देश देशान्तरका वैदिक सनातनी र हिन्दु धर्मका अनुयायीका बीचमा सुपरिचित छ । तर यसको महत्त्व संस्कृत अध्ययन नगरेका पौराणिक महत्त्व नबुझेका धेरै युवा पुस्तालाई थाहा छैन । त्यस्तै राज्यले पनि यसको संरक्षण र विकासमा धेरै ध्यान दिन नसकिरहेको परिप्रेक्ष्यमा किरण पुस्तकालयले हाम्रो पुरुषार्थको वर्ष ५०, अङ्क ३, सम्पूर्णाङ्क ९८ लाई रुरुक्षेत्र विशेषाङ्कको रूपमा प्रकाशित गरेको छ ।*

गुल्मी, पाल्पा र स्याङ्जाको संगम स्थल, पवित्र कालिगण्डकी र रिडी नदीको संगमको सेरोफेरोमा रहेको रुरुक्षेत्र नेपालका चार धाममध्येको एक हो । शालिग्रामशीलामय मूर्ति विराजमान रहेको हृषीकेश भगवान्को मन्दिर रुरुकन्याको तपस्थली, और्वऋषिको तपस्थली यो रुरुक्षेत्रको महत्त्वगान वेदव्यासले वराह आदि पुराणमा गरेका छन् भने नेपालमहात्म्य, गण्डकी गौरवम्, रुरुगौरवम् आदि अन्य अनेक ग्रन्थहरूमा यसको वर्णन गरिएको छ । त्यसैले यो धाम देश देशान्तरका वैदिक सनातनी र हिन्दु धर्मका अनुयायीका बीचमा सुपरिचित छ । तर यसको महत्त्व संस्कृत अध्ययन नगरेका पौराणिक महत्त्व नबुझेका धेरै युवा पुस्तालाई थाहा छैन । त्यस्तै राज्यले पनि यसको संरक्षण र विकासमा धेरै ध्यान दिन नसकिरहेको परिप्रेक्ष्यमा किरण पुस्तकालयले हाम्रो पुरुषार्थको वर्ष ५०, अङ्क ३, सम्पूर्णाङ्क ९८ लाई रुरुक्षेत्र विशेषाङ्कको रूपमा प्रकाशित गरेको छ । रुरुक्षेत्रमा जन्मेर देशविदेशमा ख्याति कमाएका पत्रकार आदित्यमान श्रेष्ठ र सोही क्षेत्रका मूर्धन्य विद्वान् शिक्षासेवी तथा आध्यात्मिक व्यक्तित्व देवेश्वर सरस्वतीको अन्तर्वार्ता प्रकाशित गरेको यस अङ्कमा २८ जना लेखकहरूका लेख, निबन्ध, समीक्षा, टिप्पणीहरू, ८ वटा कविका गीत, कविता, गजल, मुक्तकहरू, तीन जना

लेखकका संस्मरणहरू र पत्रिकाका अन्य स्थायी स्तम्भ र सामग्रीहरू प्रकाशित भएका छन् । लेख, निबन्ध, समीक्षा, टिप्पणीअन्तर्गत प्रा.डा. वेणिमाधव ढकालको पौराणिक रुरुक्षेत्र र पाल्पाका मणि–मुकुट भगवान् हृषीकेश, नारायण ज्ञवालीको रुरुक्षेत्रः पाना नपल्टाइएका पौराणिक प्रकरण, युवराज पाण्डेको रिडी र काली गण्डकी नदी सभ्यता र यसको सेरोफेरो, सहप्रा. मोहनीलाल नेपालको रुरुक्षेत्रका लोकसम्पदाहरू, प्रा. नवराज पाण्डेयको रुरुक्षेत्र परिचय, युवराज भुसालको रिडी क्षेत्र र यसको महत्त्व, वेदप्रसाद पन्थको विशिष्ट धाम रुरुक्षेत्रको संक्षिप्त चिनारी, तुलसीदास गौतमको धार्मिक र व्यापारिक केन्द्र बनेको रिडीको माघे सङ्क्रान्ति मेला, ठाकुर शर्मा भण्डारीको तीन जिल्लाको सङ्गम : रुरुक्षेत्रको महिमा, भट्टराई बन्धुको ग्रामीण जीवनमा रिडी : रुरुधाम, उपप्रा. ज्ञाननिष्ठ ज्ञवालीको रुरुक्षेत्रको महिमा, शारदा भट्टराईको रुरुधामको बहुआयामिक महत्त्व र गौरवशाली इतिहास, साधक दुर्गादत्त पौडेल (तपोनिष्ठ)को रुरुक्षेत्र धाम (रिडी)को पौराणिक महत्त्व, घनश्याम भण्डारीको बम्घाकोट, मीनप्रसाद ज्ञवालीको रुरुक्षेत्रको सांस्कृतिक परिचय, कृष्ण ज्ञवालीको रुरुक्षेत्र र भगवान् हृषीकेशको महिमा, शंकरप्रसाद गौतमको रुरुक्षेत्रको धार्मिक महत्त्व, डा. हिरण्यलाल ज्ञवालीको नेपाली साहित्यमा रुरुक्षेत्रको योगदान, डा. रामराज पन्थीको रिडीको संस्कृत पाठशालामा पं. ढुण्डीराज पन्थी र उहाँका छोराहरूको योगदान, परशुराम भट्टराईको दर्शनीय रुरुक्षेत्र, प्रा.डा. धुवप्रसाद भट्टराईको नेपालकै गौरवगाथा गाउने रुरुक्षेत्र, कमलराज श्रेष्ठको रुरुक्षेत्र : पर्यटकीय महत्त्व, राजु भुसालको रुरुक्षेत्र, शालग्राम शिला र यसको महत्त्व, डा. भवेश्वर पंगेनीको च्यारिटेवल सोसाइटी नाबालख पाल्ने अड्डा' लोक कल्याणको एउटा नमूना, कृष्णबहादुर कुँवरको रुरुक्षेत्र माहात्म्य र विकासको गति, डा. लक्ष्मीकान्त पन्थीको गण्डकीका कविता एवं काव्यहरूका सापेक्षतामा कालीगण्डकी खण्डकाव्य एक परिशीलन, दीन पन्थीको गण्डकीगाथा, तेजनिधि पौडेलको रुरुक्षेत्र (रिडीधाम), चन्द्रप्रकाश उपाध्यायको रुरुक्षेत्र गाउँपालिकाको परिचय शीर्षकका लेखहरू प्रकाशित भएका छन् । त्यस्तै गीत, कविता, गजल, मुक्तकअन्तर्गत प्रह्लाद पोखरेलको घुमूँ तीर्थ घरी घरी, गणेश ज्ञवालीको हामी द्यौता खोज्न पाउँ यतै बगरमा, मुकुन्द शर्मा चालिसेको काली गण्डकी, पन्थी रामप्रसादको रुरुक्षेत्र, नारद गौतमको रुरुक्षेत्रको गीत, भरतराज पौडेलको सम्झन्छु प्यारो थलो, काशीनाथ मिश्रितको रुरुका गन्तव्य, प्रा.डा. रामप्रसाद ज्ञवालीको म मेरै रुरुमा झरी शीर्षकका गीत कविताहरू प्रकाशित छन् । त्यस्तै संस्मरणमा चन्द्रकान्त आचार्यको रिडी पहिले र अहिले, भागीरथी श्रेष्ठको मेरो जन्मभूमि, रिडी : मीठा सम्झनाहरू, हेमराज पाण्डेको रिडीधामबाट आर्जन गरेको ज्ञान गरी तीनवटा संस्मरणहरू प्रकाशित छन् । पत्रिकाका अन्य स्थायी स्तम्भहरूसमेत गरी कुल ३७२ पृष्ठको यो विशेषाङ्क ज्यादै महत्त्वपूर्ण छ ।

## ३. उपसंहार

यसरी हाम्रो पुरुषार्थले आफ्ना नियमित अङ्कमा ज्ञान–विज्ञान, भाषा–साहित्य, शिक्षा–स्वास्थ्य, श्रुति स्मृति, इतिहास–पुराण, संस्कृत–संस्कार–संस्कृति, कथा, कविता, मुक्तक, गजल, निबन्ध, नियात्रा, समीक्षा, खोज, अनुसन्धान, साहित्य, साहित्यकार, लेखक कवि, राजनैतिक–धार्मिक–सामाजिक अभियन्ताहरूका परिचय विचार आदि मुखरित गरेको छ । त्यस्तै विभिन्न अवसरमा प्रकाशित विशेषाङ्कहरूलाई दृष्टिपात गर्दा ती विशेषाङ्कहरूले निम्न क्षेत्रहरूलाई ओगटेको पाइयो–

### १. भाषा साहित्यको संरक्षण र संवर्धनमा योगदान

*किरण पुस्तकालयले देशभर रहेका विभिन्न पुस्तकालयको बारेमा हाम्रो पुरुषार्थका प्रत्येक अङ्कमा पुस्तकालय परिचय नामक एउटा स्थायी स्तम्भ नै बनाएर जानकारी गराउने गरेको छ । त्यति मात्र होइन यसले पुस्तकालय विशेषाङ्क नै निकालेर देशभरमा रहेका सार्वजनिक पुस्तकालयको विरण र तिनीहरूको स्थिति, पुस्तकालयको बारेमा बनेका नीति नियमहरूको जानकारी, यसमा गर्नुपर्ने विभिन्न सुधारहरू, राज्यले पुस्तकालयलाई हेर्ने दृष्टिकोण, उसले गर्नुपर्ने कर्तव्य र दायित्व आदिका बारेमा सुसूचित गराएर पुस्तकालयको प्रवर्धनको क्षेत्रमा विशेष स्तुत्य काम गरेको छ ।*

हाम्रो पुरुषार्थका प्रत्येक अङ्क भाषा साहित्यको संरक्षण र संवर्धनमा समर्पित छन् । त्यसमा पनि विशेषाङ्कहरूमा समाचोचना विशेषाङ्क, भाषिक संगोष्ठी विशेषाङ्क, कथा विशेषाङ्क, पत्रकारिता विशेषाङ्क आदि यस क्षेत्रमा विशेष समर्पित रहेका छन् ।

### २. साहित्यकारका व्यक्तित्व र कृतित्वको प्रकाशनमा योगदान

यस क्षेत्रमा लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क, साहित्यकार विश्वेश्वरप्रसाद कोइराला स्मृति–अङ्क, डा. टीकाराम पन्थी विशेषाङ्क, भानु विशेषाङ्क, कवि प्रयासी स्मृति–अङ्क, पं. भीमकान्त पन्थी शतवार्षिक–स्मृति–विशेषाङ्क, विश्वेश्वर विशेषाङ्क आदिले यस क्षेत्रको विशेष प्रतिनिधित्व गर्दछन् ।

### ३. पुस्तकालयको प्रवर्धनमा योगदान

किरण पुस्तकालयले देशभर रहेका विभिन्न पुस्तकालयको बारेमा हाम्रो पुरुषार्थका प्रत्येक अङ्कमा पुस्तकालय परिचय नामक एउटा स्थायी स्तम्भ नै बनाएर जानकारी गराउने गरेको छ । त्यति मात्र होइन यसले पुस्तकालय विशेषाङ्क नै निकालेर देशभरमा रहेका सार्वजनिक पुस्तकालयको विरण र तिनीहरूको स्थिति, पुस्तकालयको बारेमा बनेका नीति नियमहरूको जानकारी, यसमा गर्नुपर्ने विभिन्न

सुधारहरू, राज्यले पुस्तकालयलाई हेर्ने दृष्टिकोण, उसले गर्नुपर्ने कर्तव्य र दायित्व आदिका बारेमा सुसूचित गराएर पुस्तकालयको प्रवर्धनको क्षेत्रमा विशेष स्तुत्य काम गरेको छ ।

### ४. पत्रकारिताको प्रवर्धनमा योगदान–

हाम्रो पुरुषार्थका धेरै अङ्कहरूमा देशका लब्धप्रतिष्ठित पत्रकारहरूका अन्तर्वार्ता, लेख-रचना र अभिमतहरू प्रकाशित गर्दै आएको छ । त्यति मात्र नभएर यसले पत्रकारिता विशेषाङ्क नै प्रकाशित गरेर यसले देशका विभिन्न विकास क्षेत्र, अञ्चल र जिल्लामा पत्रकारिताको इतिहास वर्तमान स्थिति, आदिका बारेमा विस्तृत खोजमूलक जानकारीहरू पस्केको छ ।

### ५. बालबालिकाको प्रवर्धनमा योगदान

हाम्रो पुरुषार्थले अन्तर्राष्टिय बालवर्षको उपलक्ष्यमा बाल वर्षातिरिक्ताङ्क प्रकाशित गर्नुका साथै बाल साहित्यका अनेक लेख-रचनाहरू प्रकाशित गर्ने, पुस्तकालयले आयोजना गर्ने विभिन्न कार्यक्रमहरूमा बालबालिकाहरूलाई सहभागी गराउने बाल कविता प्रतियोगिता आदिहरू गराउने, बालबालिकाका लेखरचनाहरू प्रकाशित गरी उनीहरूलाई लेखन प्रकाशनमा प्रोत्साहन गर्ने कार्य गर्दै आएको छ ।

### ६. युवाहरूको प्रवर्धनमा योगदान

युवाहरू राष्ट्रका मेरूदण्ड हुन् । उनीहरूकै काँधमा राष्ट्र निर्माणको अभिभारा हुन्छ । त्यस्तै पुस्तकालयको स्थापना र वृद्धि विकासमा पनि युवाहरूको अहं भूमिका रहेको हुन्छ । किरण पुस्तकालयको सञ्चालक समितिमा रहेर, हाम्रो पुरुषार्थको सम्पादक र प्रतिनिधि भएर धेरै युवाहरूले योगदान गर्नुभएको छ । पुस्तकालयबाट लाभान्वित हुने वर्ग पनि मूलतः युवावर्ग नै हो । किरण पुस्तकालयले अन्तर्राष्ट्रिय युवा वर्षाङ्क १९८५ प्रकाशित गरेर र आफ्ना हरेक गतिविधिहरूमा युवाहरूलाई सक्रिय रूपले सहभागी बनाएर युवाहरूको व्यक्तित्व विकासमा ठूलो योगदान गरेको छ ।

### ७. धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक स्थलको महत्त्व प्रवर्धनमा योगदान

हाम्रो पुरुषार्थका अधिकांश अङ्कहरूमा महत्त्वपूर्ण भौगोलिक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक महत्त्वका स्थल, झाँकीहरूलाई विशेष महत्त्व दिई आवरण चित्रमै राख्ने गरेको छ । यस्ता सामग्रीहरूलाई समेटेर लेखिएका पुस्तक ऐतिहासिक दस्तावेज आदिहरूलाई आफै प्रकाशक भई प्रकाशन गर्ने गरेको छ । साथै रुरु विशेषाङ्क नै निकालेर यस क्षेत्रमा आफ्नो विशिष्ट योगदानको नमूना प्रस्तुत गरेको छ ।

## ८. शैक्षिक जागरणमा योगदान

किरण पुस्तकालयले विभिन्न तहमा अध्ययनरत छात्रछात्राहरूलाई अध्ययनका लागि पुस्तकहरू उपलब्ध गराउनुका साथै हाम्रो पुरुषार्थले आफ्ना अङ्कहरूमा शैक्षिक जागरणका धेरै लेख-रचनाहरू प्रकाशित गरेर यस क्षेत्रमा अतुलनीय योगदान गरेको छ । गुल्मी जिल्लामा शैक्षिक जागरणको मूल स्रोत किरण पुस्तकालय र हाम्रो पुरुषार्थ नै हो भन्नुमा अतिशयोक्ति हुँदैन । हाम्रो पुरुषार्थका सबै अङ्क विशेषाङ्कहरू नै यसका बलिया प्रमाण हुन् ।

> *किरण पुस्तकालयले विभिन्न तहमा अध्ययनरत छात्रछात्राहरूलाई अध्ययनका लागि पुस्तकहरू उपलब्ध गराउनुका साथै हाम्रो पुरुषार्थले आफ्ना अङ्कहरूमा शैक्षिक जागरणका धेरै लेख रचनाहरू प्रकाशित गरेर यस क्षेत्रमा अतुलनीय योगदान गरेको छ । गुल्मी जिल्लामा शैक्षिक जागरणको मूल स्रोत किरण पुस्तकालय र हाम्रो पुरुषार्थ नै हो भन्नुमा अतिशयोक्ति हुँदैन । हाम्रो पुरुषार्थका सबै अङ्क विशेषाङ्कहरू नै यसका बलिया प्रमाण हुन् ।*

## ९. आर्थिक, सामाजिक र सांस्कृतिक उन्नयनमा योगदान

हाम्रो पुरुषार्थले गुल्मी र यसका छिमेकी जिल्लाका अनेक विद्यार्थी अध्येताहरूलाई अध्ययनका सामग्री उपलब्ध गराई उनको शैक्षिक र बौद्धिक उन्नयनमा ठूलो योगदान गरेको छ । फलस्वरूप धेरैले व्यावसायिक सफलता पाउनुका साथै जिल्ला र देशको आर्थिक, सामाजिक र सांस्कृतिक योगदानमा महत्त्वपूर्ण योगदान पुगेको छ । यस कार्यमा हाम्रो पुरुषार्थका सबै अङ्क, विशेषाङ्कहरूले टेवा दिएका छन् ।

यसरी आजसम्म आइपुग्दा किरण पुस्तकालयले हाम्रो पुरुषार्थको सय अङ्क प्रकाशित गर्नुका साथै विभिन्न सुअवसरमा विभिन्न विशेषाङ्कहरू प्रकाशित गरी राष्ट्रिय जीवनका अनेक क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

## सन्दर्भ ग्रन्थसूची

किरण पुस्तकालय, तम्घास, गुल्मीबाट प्रकाशित हाम्रो पुरुषार्थका विशेषाङ्कहरू ।

✍ **नेपाल संस्कृत विश्वविद्यालय विद्यापीठ, बेलभुण्डी, दाङ ।**

ooo

# 'हाम्रो पुरुषार्थ'को पुरुषार्थ



कृष्ण ज्ञवाली

आज भदौ १५ गते । पुस्तकालय दिवस रहेछ आज । थाहा थिएन । २०६५ सालबाट यो मनाउन थालिएको रहेछ । यसै दिनको बिहानीमा यो लघुलेख आरम्भ गरे पनि वैयक्तिक एवं कार्यगत व्यस्तताका कारण पूर्णता दिन आज ठ्याक्कै १३ दिन लागेछ ।

किरण पुस्तकालयको नामसँग यसका स्वनामधन्य संस्थापक शशि पन्थीजीको नाम कसरी जोडिएको रहेछ भन्ने बारेको एउटा रोचक प्रसङ्ग रेडियो रेसुङ्गाको अनलाइन पोर्टलमा यही भदौ २० गते छापिएको एउटा आलेखमा छ । शशिजीको पूरा नाम शशिकिरण पन्थी रहेछ । १६ वर्षकै उमेरमा २०२५ साल कार्तिक २० गते गाईगोठमा बाँसका चिमको प्रयोग गरी तख्ताहरू बनाएर किरण पुस्तकालयको स्थापना भएको रहेछ । भौतिक साधन-स्रोत नभएर के भो, उत्साह, आँट र अठोट मनग्गे थियो उहाँमा । शुरूमा १३० वटा पुस्तक तिनै बाँसका तख्तीमा राखियो र पुस्तकालय खुल्यो । पुस्तकालय त खुल्यो, अब नाम के राख्ने भन्ने भएपछि शशिजीले आफ्नो पूरा नामको बीचको शब्द किरण राख्ने भन्ने संकल्प गर्नुभएछ र पुस्तकालयको नामकरण भएछ । किरण नै किन राखियो त भन्ने बारेमा शशिजीको भनाइ ज्यादै घतलाग्दो छ । उहाँ भन्नुहुन्छ- "मैले शशि आफूसँगै राखें । किरण जसले उज्यालो प्रकाश दिन्छ, त्यो पुस्तकालयलाई दिएँ । पुस्तकालयले धेरैलाई ज्ञानको पुञ्ज दिएको छ । "

यसरी पहिले शशिजीले जन्माएको र पछि अनेकौं अरू 'शशिहरू' को समेत सद्भाव, सहयोग र सहभागितामा बढ्दै-हुर्किंदै सुपुष्ट बनेको किरण पुस्तकालय यतिखेर ५५ वर्षको परिपक्व प्रौढ वय पार गर्दैछ भने यसले शुरूमा वार्षिकका रूपमा जन्माएको र पछि अर्धवार्षिक हुँदै त्रैमासिक बन्न पुगेको 'हाम्रो पुरुषार्थ' त शतजीवी नै भइसकेको छ ।

हाम्रा शास्त्रले 'शतायुर्वै पुरुषः' भनेर मानिसको अपेक्षित आयु सामान्यतया सय वर्ष तोकिदिए पनि 'हाम्रो पुरुषार्थ' को आयु भने निरवधिक र सुदीर्घ हुनेछ र होस् भन्ने आशा र प्रार्थना गर्नु उचित ठान्दछु ।

> *हाम्रो पुरुषार्थले आफ्ना हरेक अङ्कमा साहित्यका विभिन्न विधा (विशेषतः कविता, निबन्ध, समालोचना र नाटकलाई समुचित स्थान दिंदै बेला-बेलामा यी विधाहरू र साथै आदिकवि भानुभक्तलगायत नेपाली तथा संस्कृत साहित्य र संस्कृतिका विशिष्ट प्रतिभाहरूको व्यक्तित्व र कृतित्वमा केन्द्रित भई विशेषाङ्कहरू पनि निकाल्ने गरेको छ । तर योसँगै नेपाली साहित्य, संस्कृति, कला र अध्यात्मका साथै विभिन्न जीवनोपयोगी व्यावसायिक सीप र दक्षतामा निपुण एवं ज्ञान र अनुभवले ओतप्रोत वयः परिपक्व व्यक्तित्वहरूसँगको साक्षात्कार र अन्तर्वार्तालाई आधार बनाउँदै 'भेटघाट' र 'अनुभव/अनुभूति' यी दुई स्तम्भलाई पनि नियमित प्रायः रूपमा प्रकाशित गर्ने गरेको छ ।*

हाम्रो पुरुषार्थसँगको मेरो चिनारी देशकै सर्वप्राचीन विद्यालयहरूमध्ये एक रिडी संस्कृत प्रधानपाठशाला (हाल संस्कृत तथा साधारण माध्यमिक विद्यालय) मा पूर्वमध्यमा पढ्दाताका भएको हो । मैले विक्रम सम्वत् २०३२ सालमा त्यहाँबाट पूर्वमध्यमा परीक्षा (हालको एस.ई.ई.) देशभरिमै सर्वप्रथम भई उत्तीर्ण गरेको हुँ । साहित्यमा रुचि र किञ्चित् चञ्चुप्रवेशसमेत भएकाले साहित्यिक पत्रिकाहरू खोजी-खोजी पढ्ने गरिन्थ्यो । पिताजीको संकलनमा भएका गुराँस (जसको प्रकाशक 'गुल्मी साहित्यिक उत्साहवर्धिनी समिति' भन्ने थियो, बनारसबाट छापिन्थ्यो र सम्पादक तारेन्द्र माण्डव्य भन्ने हुनुहुन्थ्यो जस्तो लाग्छ), जयतु संस्कृतम्जस्ता पत्रिकाहरू नबिराई पढ्ने गरेको सम्झना छ । 'गुराँस' को कुनै एउटा अङ्कमा पिताजीको एउटा अध्यात्मपरक कविता मन्दाक्रान्ता छन्दमा "भन्छ अध्यात्मवाद !" शीर्षकमा छापिएको थियो, जुन म लय मिलाएर पढ्थें । तर अहिले कविता याद छैन र पत्रिका पनि हराएर गयो ।

हो, त्यसैबेला 'हाम्रो पुरुषार्थ' र किरण पुस्तकालयका बारेमा जानकारी भएको हो मलाई । त्यसबेला यो पत्रिका शिशुबाट बालक बन्दैथियो । पछि म काठमाडौ आई वाल्मीकि क्याम्पसमा पढ्न थालेपछि भने पत्रिकाका केही अङ्कहरू विस्तारै हात पर्दै गए । त्यसैताका मेरो एउटा लेख यसै पत्रिकामा संघर्षशील वाम-राजनीतिकर्मी एवं सुप्रसिद्ध साहित्यकार मोदनाथ 'प्रश्रित' को बहुप्रशंसित कृति मानव महाकाव्यको समीक्षामा आधारित भई छापिएको सम्झना छ ।

हाम्रो पुरुषार्थले आफ्ना हरेक अङ्कमा साहित्यका विभिन्न विधा (विशेषतः कविता, निबन्ध, समालोचना र नाटकलाई समुचित स्थान दिंदै बेला-बेलामा यी विधाहरू र साथै आदिकवि भानुभक्तलगायत नेपाली तथा संस्कृत साहित्य र संस्कृतिका विशिष्ट प्रतिभाहरूको व्यक्तित्व र कृतित्वमा केन्द्रित भई विशेषाङ्कहरू पनि

निकाल्ने गरेको छ । तर योसँगै नेपाली साहित्य, संस्कृति, कला र अध्यात्मका साथै विभिन्न जीवनोपयोगी व्यावसायिक सीप र दक्षतामा निपुण एवं ज्ञान र अनुभवले ओतप्रोत वयः परिपक्व व्यक्तित्वहरूसँगको साक्षात्कार र अन्तर्वार्तालाई आधार बनाउँदै 'भेटघाट' र 'अनुभव/अनुभूति' यी दुई स्तम्भलाई पनि नियमित प्रायः रूपमा प्रकाशित गर्ने गरेको छ । यीमध्ये 'भेटघाट' स्तम्भमा प्रकाशित विद्वान् मनीषिहरूसँगको कुराकानीले मेरो ध्यान खिचेको हुँदा म यसै विषयमा केन्द्रित एउटा लघु-चर्चा आरम्भ गर्दैछु ।

सर्वप्रथम विद्वद्वर पण्डित भीमकान्त पन्थी । मेरा अग्रज आदरणीय विद्वान्द्वय लक्ष्मीकान्त र स्व. सूर्यकान्त एवं प्रिय मित्र चन्द्रकान्तका पिता भीमकान्त पन्थी सरल, स्वाभिमानी एवं सज्जन पुरुष हुनुहुन्थ्यो । शैक्षिक उपाधिबाट मापन गर्न नसकिने उहाँको विद्वत्ता र पाण्डित्य केवल आञ्चलिक थिएन, परन्तु देशव्यापी थियो, किनभने उहाँले काठमाडौंस्थित वेदविद्याश्रममा बसेर धेरै विद्यार्थीहरूलाई पढाउनुभयो । सर्वोपरि कुरा त के भने मैले उहाँलाई जाने-बुझेसम्म अहिलेको संशोधनवादी, सुधारवादी र प्रगतिवादी भनिने युगमा उहाँ पूर्ण सनातनधर्मी वैदिक वर्णाश्रमधर्मावलम्बी आचारनिष्ठ ऋषिकल्पविद्वान् हुनुहुन्थ्यो । उहाँसँगको कुराकानी भेटघाट-३३ का रूपमा सम्पूर्णाङ्क ४१ मा प्रकाशित छ । शास्त्रीसम्म मात्र पढे पनि प्रौढ तर सुललित संस्कृतमा "जगदम्बिकावैभवम्" र "जगदीश्वरवैभवम्" जस्ता दुई-दुईवटा महाकाव्यका साथै "विविधपद्यावलिः" नामक अत्यन्त सुन्दर संस्कृत पद्यमाला लेख्न सक्ने उहाँ व्याकरणमा कति व्युत्पन्न र साहित्यादि अन्य विधामा कति निष्णात हुनुहुन्थ्यो भन्ने कुरा स्वतःस्पष्ट हुन्छ । उक्त ग्रन्थहरूका सम्बन्धमा संस्कृतका अर्का धुरन्धर विद्वान् महामेधावी डा. टीकारामपन्थी, विद्वद्वर प्रा. वेणीमाधव ढकाल र प्रतिभापुञ्ज प्रा. विष्णुराज आत्रेयले लेखेका भूमिकाहरूबाट पनि यस कुराको पुष्टि हुन्छ । यसबाट अहिलेको तुलनामा पहिलेको पढाइको गुणस्तर (छात्र, गुरु, पाठ्यक्रम र पाठनविधिका दृष्टिले) कति उन्नत थियो भन्ने पनि छर्लंग हुन्छ ।

भेटघाटका लागि हाम्रो पुरुषार्थले छानेका अर्का पात्र हुनुहुन्छ डा. जयराज आचार्य । उहाँको जगत्प्रशंस्य वैशिष्ट्य के हो भने उहाँ संस्कृत, अंग्रेजी र नेपाली तीनै भाषाका व्याकरण, साहित्य र दर्शनमा प्राज्ञिक दृष्टिले पारङ्गत हुनुहुन्छ । अझ कुटनीतिको पनि ज्ञान र अनुभव छ । यस अर्थमा उहाँ नेपालले गर्व गर्न लायक राष्ट्रसेवक प्रा. यदुनाथ खनालको आधुनिक संस्करण हो भन्दा अत्युक्ति नहोला ।

जयराजजीसँगको कुराकानी संस्कृत र अंग्रेजी भाषाका व्याकरण र शब्दानुशासनसँग सम्बन्धित महत्त्वपूर्ण विषयमा, खास गरी शब्दको निर्माण, विनिर्माण, व्युत्पत्ति, अर्थाभिसन्धान, पदसंयोजन र पदवियोग जस्ता विधामा तुलनात्मक अध्ययन र विवेचनामा रुचि र जिज्ञासा राख्नेहरूका लागि साँच्चि नै

लाभदायी छ । यस अतिरिक्त महाभारत ग्रन्थको आधुनिक रूप २४ सर्ग र एक लाख श्लोकको "उत्तरमहाभारतम्" रचना गर्ने महत्त्वाकांक्षी संकल्प, त्यसको उद्देश्य, रचनाको आरम्भ र प्रगतिका बारेमा पनि यो कुराकानीले प्रेरणादायी प्रकाश पारेको छ । लेखक स्वयं सहभागी भएको यो बृहत् ग्रन्थप्रणयनमा स्व. विद्वद्वरेण्य डा. टीकाराम पन्थी पनि संलग्न हुनुहुन्थ्यो र उहाँले झण्डै १० हजार श्लोक लेखिसक्नुभएको जानकारी यो कुराकानीले दिएको छ । "एक प्रकारले संस्कृत भाषामा लेखिएको विश्वकोष वा बुद्धको अवतारपछिका २५०० वर्षमा मानवजातिले गरेका अनुभवका विभिन्न प्रमुख पक्षलाई समेटेको विश्व-इतिहासकोश बनाउने कल्पना" का साथ शुरू गरिएको यो विशाल ग्रन्थरचनाको कार्य अहिले स्थगित छ भन्ने सुन्दा दुःख लाग्छ । डा. आचार्यले आफू यस्तै अर्को ग्रन्थ "उत्तररामायणम्" को निर्माणमा रत रहेको जानकारी दिनुभएको छ जुन आफैमा एउटा स्तुत्य कार्य हो । "विद्वानेव विजानातिविद्वज्जनपरिश्रमः" । एउटा कृति तयार गर्न कति परिश्रम पर्छ भन्ने कुरा कृतिकारलाई जति अरू कसलाई थाहा होला र ? जयराजजीको यो परिश्रमपूर्ण साधनाको सफलताको कामना हामी सबैले गर्नुपर्छ । डा. आचार्यसँगको कुराकानी भेटघाट-६४ का रूपमा पत्रिकाको सम्पूर्णाङ्क ६० मा पढ्न सकिन्छ ।

*हाम्रा जति पनि धार्मिक, सांस्कृतिक र आध्यात्मिक अनुष्ठानहरू छन्, ती सबैको विधि-विधान, वर्णन र व्याख्या-विवेचना संस्कृत ग्रन्थहरूमा पाइन्छ । त्यसैले संस्कृतका विद्वान्-विदुषीहरूका लेख-रचना र उहाँहरूसँगको अन्तर्वार्ता छापेर हाम्रो पुरुषार्थले धर्म, संस्कृति र अध्यात्मको संरक्षण र संवर्धनमा टेवा पुर्‍याएको छ ।*

भेटघाटका लागि चयन गरिएका अर्का सत्पात्र हुनुहुन्छ प्रा. चेतोनाथ शर्मा आचार्य । दीर्घकालसम्म रानीपोखरी संस्कृत पाठशाला तथा वाल्मीकि क्याम्पसमा व्याकरण, न्यायलगायत विषयहरूका साथै मूलतः दर्शनशास्त्रको प्राध्यापन गरी सेवानिवृत्त हुनुभएका वयोवृद्ध विद्वान् चेतोनाथ गुरु मेरा पनि गुरु हुनुहुन्छ र मेरा पिताजीसँग समेत सुपरिचित हुनुहुन्छ, किनभने उहाँहरू दुबै वेदान्त दर्शनका प्रकाण्ड विद्वान् ब्रह्मविद् श्रीगुरुदेव डा. क्षितीशचन्द्र चक्रवर्तीका शिष्य हुनुहुन्छ । अर्कातिर, गुरूपुत्र मनोजजी मेरा एक समयका सहकर्मी मित्र हुनुहुन्छ ।

चेतोनाथ गुरुको प्रवचनशैली र सामर्थ्य विशिष्ट छ । पूर्वीय दर्शनका सबैजसो हाँगा छिमलिसकेको आत्मविश्वास उहाँको अभिव्यक्तिमा पाइन्छ, यद्यपि अहंकार र मिथ्याप्रवञ्चना एक रत्ती छैन । उहाँको लेखन र प्रवचनमा सन्तुलन, समन्वय र समादर छताछुल्ल छ । उहाँद्वारा रचित आत्मानुसन्धान ग्रन्थमा पूर्वीय दर्शनका सबै शाखाहरूको आलोडन-विलोडनपूर्वक दर्शनशिरोमणिका रूपमा प्रसिद्ध अद्वैत वेदान्त दर्शनको सार कर्म, भक्ति र ज्ञानमा आधारित आत्मा र ब्रह्मस्वरूपको राम्रो विवेचना छ । यद्यपि आत्मज्ञान नितान्त अनुभवको विषय हो, स्वानुभूतिवेद्य

भनिएको छ ब्रह्मलाई ("स्वानुभूत्येकमानाय") । तथापि म को हुं, जगत् के हो, जीव के हो, ईश्वर के हो, आत्मा के हो, परमात्मा के हो, ब्रह्म के हो, जीव कसरी ब्रम्ह बन्न सक्छ, संसार मायिक हो वा याथार्थिक हो, मुक्ति के हो, यसका प्रकार के हुन्, यिनको प्राप्ति कसरी हुन्छ, द्वैत र अद्वैत दर्शनबीचको पार्थक्य के हो, कुन उपेक्ष्य हो, कुन ग्राह्य हो, मानवजीवनको परम कर्तव्य के हो, पूर्वजन्म र पुनर्जन्मको तारतम्य के हो, आस्तिकता के हो, नास्तिकता के हो जस्ता अनगिन्ती दार्शनिक पिपृक्षा र जिज्ञासाको यथोचित शास्त्रसम्मत प्रमाणपरक समाधान दिने प्रयत्न चेतोनाथ गुरुको उक्त ग्रन्थमा गरिएको छ । यी प्रश्नका केही अंश त यसै अन्तर्वार्तामा पनि उत्तरित छन् । अन्तर्वार्ताकार संस्कृतज्ञ विद्वान् डा. लक्ष्मीकान्त पन्थी हुनुभएकाले प्रश्नहरू अत्यन्त स्तरीय छन् । यो अन्तर्वार्तामाथि उल्लिखित अरू दुई अन्तर्वार्ताजस्तै अत्यन्त पठनीय छ । यो अन्तर्वार्ता भेटघाट-९७ का रूपमा पत्रिकाको सम्पूर्णाङ्क ९६ मा प्रकाशित छ ।

यसरी हाम्रो पुरुषार्थले नेपाली वाङ्मयसँगै संस्कृत वाङ्मयको पनि सेवा गरेको छ । यसका दुईवटा पक्ष छन् । पहिलो, नेपाली भाषा, व्याकरण र साहित्य संस्कृत वाङ्मयबाट अथाह प्रभावित छ । जतिसुकै (कु) तर्क गरे पनि संस्कृतसँगको नेपालीको सम्बन्ध अविच्छेद्य र अक्षुण्ण छ । त्यसैले संस्कृत वाङ्मयका विविध विधामा केन्द्रित लेख-रचना र अन्तर्वार्ताहरू प्रकाशित गरेर पत्रिकाले नेपाली साहित्यकै श्रीवृद्धिमा योगदान पुऱ्याएको छ । दोस्रो, संस्कृत हाम्रो सनातन आर्य संस्कृतिको प्रवेशद्वार हो । हाम्रा जति पनि धार्मिक, सांस्कृतिक र आध्यात्मिक अनुष्ठानहरू छन्, ती सबैको विधि-विधान, वर्णन र व्याख्या-विवेचना संस्कृत ग्रन्थहरूमा पाइन्छ । त्यसैले संस्कृतका विद्वान्-विदुषीहरूका लेख-रचना र उहाँहरूसँगको अन्तर्वार्ता छापेर हाम्रो पुरुषार्थले धर्म, संस्कृति र अध्यात्मको संरक्षण र संवर्धनमा टेवा पुऱ्याएको छ । यस क्रममा पत्रिकाले, भेटघाट स्तम्भसँगै, भाषा, साहित्य, संस्कृति, कला र अन्य जीवनोपयोगी शिल्पमा उत्कर्ष हासिल गरेका वयःपरिपक्व व्यक्तिहरूलाई चयन गरी "अनुभव र अनुभूति" स्तम्भमार्फत संवाद गर्ने पनि गरेको छ । बेला-बेलामा विशेषाङ्क नै निकालेर विद्वान् साधकहरूको सम्मान गरेको त छँदैछ-जस्तो आफ्नो ५६ औं अङ्कलाई समादरणीय विद्वद्वर दिवंगत डा. टीकाराम पन्थीको व्यक्तित्व र वैशिष्ट्यमा केन्द्रित विशेषाङ्कका रूपमा प्रकाशित गरेर साह्रै महनीय कार्य यो पत्रिकाले गरेको छ । यो स्तुत्यक्रम नटुटोस्, र बरू सबै तह-तप्काका, सबै जाति र लिंगका विद्वान्-विदुषीहरूलाई समेटेर यो भेटघाट स्तम्भ निरन्तर चलिराखोस्, यही शुभकामना !

**नेपाल सरकारका पूर्व सचिव ।**

**ooo**

// लेख //

# हाम्रो पुरुषार्थको कुटुरो फुकाउँदा



यादवचन्द्र निरौला

**विषय-प्रवेश**

नेपालमा अनौपचारिक शिक्षाको थालनी धेरै पहिलेदेखि नै भएको भए पनि राणाकालमा मात्र यसले औपचारिकता पायो । निश्चित वर्ग र समुदायका लागि मात्र खुलेका यस्ता सीमित शिक्षालयले आम नागरिकको पढ्ने चाहनालाई संबोधन गर्न सक्ने कुरै भएन । आम समुदायका लागि निरन्तर अध्ययन गर्ने थलोको रूपमा सार्वजनिक पुस्तकालय खोल्न खोज्दा घटेको दु:खदायी घटनालाई नेपालको इतिहासले पुस्तकालय पर्वका रूपमा सधै सम्झन्छ ।

राणाशासनको अन्त्यपछि मुलुकभर औपचारिक शिक्षा प्रदान गर्ने शिक्षालय तथा अनौपचारिक वा निरन्तर शिक्षा प्रदान गरी पठनसंस्कृतिको विकास र विस्तारमा योगदान दिने सार्वजनिक तथा सामुदायिक पुस्तकालय खुल्न थाले । यसै सेरोफेरोमा वि.सं. २०२५ साल कार्तिक २० गते करिब १३० थान पुस्तक सङ्कलन गरी गाई पाल्नका लागि बनाइएको कटेरोमा बाँसका चिमले बारबेर गरेर तत्कालीन लक्ष्मीपुर गाउँ पञ्चायतको वा.नं. १, तम्घास गुल्मीमा केही स्वयंसेवकहरूको पहलमा खुलेको पुस्तकालय हो-किरण पुस्तकालय ।

"हजारौं माइलको यात्रा पहिलो पाइलाबाट शुरू हुन्छ" भनेजस्तै २०२५ साल कार्तिक २० गते गाईको कटेरोबाट थालनी भएको किरण पुस्तकालयको यात्रा निरन्तर-निरन्तर अगाडि बढिरहेको छ । १३० थान पुस्तक बढेर अहिले १२, ००० भन्दा बढीको भव्य संकलन मात्र भएको छैन, स्थापनाको केही समयपछि नै गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा रहेका महत्त्वपूर्ण सरकारी कार्यालयहरू नजिकै सबैलाई पायक पर्ने ठाउँमा दुई तल्ले भवन निर्माण गरी पुस्तकालयका लागि कर्मचारीको समेत व्यवस्था गरेर सेवा प्रदान गर्न थालेको गौरवशाली इतिहास छ यस पुस्तकालयसँग ।

पाठकको रुचि र आवश्यकताअनुसारका पुस्तक छनोट गर्ने, छनोट गरेका पुस्तकलगायतका पठन सामग्री किनेर, उपहारस्वरूप वा साटासाट गरेर सङ्कलन

गर्ने, दर्ता, वर्गीकरण, सूचीकरणलगायतका प्राविधिक काम सम्पन्न गरेर खोजेको बखत पाउन सक्ने गरी पुस्तकालयमा राखेर पाठक सेवा प्रदान गर्ने काम पुस्तकालयको हुन्छ ।

पुस्तकालयको किसिम र प्रकृतिअनुसार संसारका विभिन्न लेखक, प्रकाशकका बौद्धिक सिर्जनालाई एकै ठाउँमा सङ्कलन गरेर पाठकको रुचि र आवश्यकताअनुसार सेवा प्रदान गर्ने काम मात्र पुस्तकालयको होइन । पुस्तकालय स्वयम् एउटा लेखक, प्रकाशक हुन सक्छ र हुनुपर्छ । यसले पुस्तकालयको सङ्कलन विस्तारमा त योगदान पुग्छ नै कला, साहित्य र स्थानीय वैशिष्ट्यलाई प्रकाशनमार्फत संसारभर फैलाउन सहयोग गर्छ । स्थापनाको पाँच वर्षपछि नै हामीले पुस्तक सङ्कलन गर्ने मात्र होइन, स्रष्टाका विभिन्न रचनालाई समावेश गरेर भाषा, साहित्य, कला, संस्कृतिको जगेर्ना पनि गर्नुपर्छ भन्ने दूरदृष्टि राखेर किरण पुस्तकालयले वि.सं. २०३० सालदेखि नै "हाम्रो पुरुषार्थ" नामक साहित्य प्रधान पत्रिकाको प्रकाशन गर्न थाल्यो । स्थापनाका पाँच वर्षसम्म वार्षिक रूपमा प्रकाशन भएको यो पत्रिका २०३६ सालदेखि अर्धवार्षिक र २०७० सालदेखि त्रैमासिक रूपमा प्रकाशन हुन थालेको पाइन्छ । प्रकाशन हुन थालेको ५० वर्ष पूरा हुन लागेको अवसरमा प्रकाशित यो अङ्क शताङ्क हुनेछ । मोफसलबाट केही पत्रिका मात्र नियमित रूपमा प्रकाशन हुन्छन् । ९९ वटा अङ्कसम्म निरन्तर रूपमा प्रकाशन हुँदा यसले नेपाली भाषासाहित्यको विकास र विस्तारमा जुन योगदान दिएको छ त्यसको विस्तृत अध्ययन गर्ने हो भने दुईचारओटा विद्यावारिधिको शोध गर्नका लागि पर्याप्त हुन्छन् होला । अगाडि संकेत गरिएजस्तै नेपालको पुस्तकालयक्षेत्रको विकास र विस्तारमा हाम्रो पुरुषार्थको योगदानको मात्र सङ्क्षिप्त चर्चा गरिएको छ ।

## हाम्रो पुरुषार्थको कुटुरो फुकाउँदा भेटिएका केही पुस्तकालयसम्बन्धी कुरा

वर्षभरिमा हरेक दिन महत्त्वपूर्ण हुन्छन् । यति हुँदा-हुँदै पनि कुनै कुनै दिनले विशेष महत्त्व राख्दछन् । हिन्दूहरूको महान् चाड तिहार सधै आउँछ । त्यसमध्ये लक्ष्मीपूजाको आफ्नै महत्त्व छ । यसै लक्ष्मीपूजाका दिन वि.सं. १९६६ साल कार्तिक २७ गते पिता तिलमाधव देवकोटा र माता अमरराज्यलक्ष्मी देवीको कोखबाट जन्मेका तीर्थमाधव देवकोटा (नक्षत्रअनुसारको नाम) लक्ष्मीप्रसाद देवकोटा वास्तवमा माता लक्ष्मीका नभई सरस्वतीका वरद पुत्रका रूपमा जन्मिएर नेपाली साहित्यमा महाकविका रूपमा संसारभरका नेपाली भाषीबीच अमर छन् । यिनै देवकोटा हुन् जसको अगुवाइमा १९८७ सालमा "सरस्वती गुठी" नामगरेको सार्वजनिक पुस्तकालय खोल्न खोज्दा झण्डै जेल जानु परेको र त्यससमयको १०० रूपैयाँ जरिवाना तिर्नुपरेको । यिनै सरस्वतीका वरदपुत्रको सम्झनामा मुलुकभर विभिन्न विद्यालय, क्याम्पस, सडक, चोक, पुस्तकालयका नाम

राखिएका छन् । यिनैको संझनालाई दिगो बनाउनका लागि विभिन्न सङ्घ संस्थाहरूले विविध कामहरू गरेको पाइन्छ ।

नेपालको राजधानीभन्दा धेरै टाढा गुल्मी जिल्लाको सदरमुकाममा स्थापना भएको किरण पुस्तकालय गुल्मीले वि.सं. २०३० सालको लक्ष्मीपूजाका दिन यिनै देवकोटाको जन्मजयन्तीका अवसरमा एउटा साहित्यप्रधान वार्षिक पत्रिकाको पहिलो अङ्क प्रकाशन गर्‍यो । जसको नाम जुरायो **'हाम्रो पुरुषार्थ'** । हो, मानवको विकासका रूपमा पुस्तकालयको तुलना गर्न मिल्ने हो भने भरखर पाँच वर्षको बालक जसले साहित्यप्रधान पत्रिकाको प्रकाशन गर्ने हिम्मत गर्‍यो र नाम दियो हाम्रो पुरुषार्थ । पत्रिका पाँच वर्षको के भएको थियो वार्षिकबाट अर्धवार्षिक रूपमा प्रकाशन गर्ने हिम्मत गर्‍यो र २०६९ सालसम्म यसलाई निरन्तरता दियो । वि.सं. २०७० सालदेखि हरेक त्रैमासिकको अन्तरालमा यो पत्रिका निरन्तर प्रकाशन भैरहेको छ ।

*नेपालको राजधानीभन्दा धेरै टाढा गुल्मी जिल्लाको सदरमुकाममा स्थापना भएको किरण पुस्तकालय गुल्मीले वि.सं. २०३० सालको लक्ष्मीपूजाका दिन यिनै देवकोटाको जन्मजयन्तीका अवसरमा एउटा साहित्यप्रधान वार्षिक पत्रिकाको पहिलो अङ्क प्रकाशन गर्‍यो । जसको नाम जुरायो "हाम्रो पुरुषार्थ"। हो, मानवको विकासका रूपमा पुस्तकालयको तुलना गर्न मिल्ने हो भने भरखर पाँच वर्षको बालक जसले साहित्यप्रधान पत्रिकाको प्रकाशन गर्ने हिम्मत गर्‍यो र नाम दियो हाम्रो पुरुषार्थ । पत्रिका पाँच वर्षको के भएको थियो वार्षिकबाट अर्धवार्षिक रूपमा प्रकाशन गर्ने हिम्मत गर्‍यो र २०६९ सालसम्म यसलाई निरन्तरता दियो । वि.सं. २०७० सालदेखि हरेक त्रैमासिकको अन्तरालमा यो पत्रिका निरन्तर प्रकाशन भैरहेको छ ।*

यो आलेख तयार गर्नका लागि सकेसम्म धेरै हाम्रो पुरुषार्थका अङ्कहरूको विस्तृत अध्ययन गर्नु आवश्यक थियो तर त्यसो गर्न सकिएन कारण सबै अङ्कहरूको अनुपलब्धता र सीमित समय । यद्यपि, आमाले बनाएको अचारमा अमिलो, पिरो मिलेको छ छैन भनेर हातमा अलिकति चाख्न दिंदा, जुन तिखो र मिठो स्वादको अनुभूति हुन्थ्यो ठीक त्यस्तै अनुभूति गराए आफूसंग उपलब्ध भएका हाम्रो पुरुषार्थका केही अङ्क र पुस्तकालयको वेवसाइटमा उपलब्ध भएका केही अङ्कको अध्ययनले ।

पच्चीसौं वसन्त पार गरेर २६ औं वर्ष प्रवेशका अवसरमा प्रकाशन भएको हाम्रो पुरुषार्थ पुस्तकालय विशेषाङ्कका रूपमा प्रकाशन भएको रहेछ । सम्पादकीयको

पहिलो प्याराग्राफले नै पुस्तकालय के हुन् र तिनले के गर्नुपर्छ भन्ने कुरा छर्लङ्ग पार्छन् आमाले चाख्न दिएको एक पित्को अचारको स्वाद जस्तै । सम्पादकीयका ती हरफ जस्ताको तस्तै यहाँ उद्धरण गरें :

अक्षर ब्रम्ह हुन्, अजरामर छन् । अक्षरबाट शब्द बन्छन् । शब्द प्रकाशमय छन् । सबै ज्ञान शब्दबाट प्रकाशित हुन्छन् ।। शब्दबाट वाक्य बन्छन् । वाक्यबाट अर्थ निस्कन्छन् । अर्थ ज्ञान हो । ज्ञान पुस्तकमा संगालिन्छ । पुस्तक ज्ञानसङ्ग्रह हुन् । यस्ता ज्ञानसङ्ग्रह पुस्तकहरू पनि सङ्ग्रह गरी राख्ने पुस्तकालय हो । त्यसैले पुस्तकालय ज्ञानसागर हो ।

सम्पादकीय यतिमा मात्रै सकिंदैन पुस्तकालय विशेषाङ्क भएकाले विविधता खोज्ने पाठकलाई झिंजो लाग्ला भनेर पुस्तकालयको महत्त्व बुझिदिन गरेको सादर अनुरोध पनि छ र छन् नेपालमा सार्वजनिक पुस्तकालयलाई राज्यले गरेको चरम उपेक्षाको दुखेसो मात्र होइन प्रजातन्त्रमा ज्ञानका मन्दिररूपी सार्वजनिक पुस्तकालयप्रति गरेको उपेक्षाको आक्रोश पनि । विशेषाङ्कका पाना पल्टाउँदै जाँदा आफूले आर्जन गरेको सारा सम्पत्ति आफ्ना सन्ततिलाई नदिएर आफ्नो शेषपछि नेपाल सरकारको हुने गरी शेष पछिको बकस गरिदिएका नेपाली राष्ट्रिय कांग्रेसका संस्थापक, अहिंसावादी नेता तथा अङ्ग्रेजी भाषामा लेखेर नेपालको इतिहासलाई संसारभर फैलाउने डा. डिल्लीरमण रेग्मी र नेपाली साहित्यको विकास र विस्तारमा विशेष योगदान दिएको मदन पुरस्कार पुस्तकालयका संस्थापक कमलमणि दीक्षितको अन्तर्वार्ता छापिएको छ । दुबै अन्तर्वार्ता सम्पादक शशि पन्थीले लिनुभएको देखिन्छ । पुस्तक र पुस्तकालयको अध्ययन अनुसन्धान गर्न खोज्ने जो कोहीलाई पनि यो एउटा राम्रो सन्दर्भ-सामग्री हुन सक्छ । यो अङ्कको 'कुटुरो फुकाउँदा' माथि उल्लेख भएका दुईओटा अन्तर्वार्ताका अतिरिक्त ३० वटा विभिन्न लेखरचनाहरू र चारओटा स्थायी स्तम्भहरू छन् ।

कमल दीक्षितको धन्यवादको आदानप्रदानमा मदन पुरस्कार पुस्तकालयको चर्चा छ । डा. टीकाराम पन्थीको अलिखित-हस्तलिखित ग्रन्थागारमा हस्तलिखित ग्रन्थको महत्त्व र तिनको संरक्षणमा दिनुपर्ने चासोमात्र झल्कँदैन कतै जिरामरिच पोको पार्न यस्ता ग्रन्थको दुरूपयोग नहोस् भन्ने खबरदारी पनि छ । साहित्यकार कृष्णप्रसाद पराजुलीको पुस्तकालयको सम्झनामा आफूले गाउँमा जागृति पुस्तकालय खोल्न गरेको प्रयास र पुस्तकालय स्थापनापछिको सन्तुष्टि पढ्न सकिन्छ । डा. भूपहरि पौडेलको आलेख नेपालका पुस्तकालयहरूको संक्षिप्त रेखाङ्कनमा भाषा र पुस्तकालयको सम्बन्ध, नेपालमा किरात, लिच्छवी, मल्ल र शाहकालमा पुस्तकालयमा भएको विकास, राणाकालको पुस्तकालय पर्व, २००७ सालअघि र पछि खुलेका पुस्तकालयको सूची समावेश छ । नेपालको पुस्तकालयको इतिहासबारे अध्ययन गर्न चाहनेका लागि लेख उपयुक्त छ । यस

विशेषाङ्कका बाँकी लेखरचनामा नेपालका विभिन्न पुस्तकालय जस्तोः नेपाल राष्ट्रिय पुस्तकालय, केसर पुस्तकालय, त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय र त्यहाँ उभिएरै सेवा दिने कर्मचारी विष्णुराज ओझा, सार्वजनिक पुस्तकालय, रिड नेपालको सामुदायिक पुस्तकालयदेखि लिएर जनस्तरबाट खोलिएको नेपालको पहिलो धवल पुस्तकालय, प्रेम पुस्तकालयका रूपमा स्थापना भएर पछि महेन्द्र पुस्तकालयका रूपमा परिचित नेपालगञ्जको महेन्द्र पुस्तकालयलगायत उपलब्ध भएसम्मका नेपालका पुस्तकालयहरूको सूचीसमेत संलग्न छ । अतः यो विशेषाङ्क नेपालको तत्कालीन समयको समग्र पुस्तकालयको अध्ययनका लागि एउटा स्रोत बन्न सक्छ । अब यसका सीमित प्रतिमात्र बाँकी होलान् । पुस्तकालयले यसलाई विद्युतीय प्रतिका रूपमा सुरक्षित गरी भावी पुस्ताका लागि बचाइराख्नु जरूरी छ ।

यसपछि वर्ष ४८, अङ्क ४, सम्पूर्णाङ्क, ९१ साउन-असोज २०७८, वर्ष ४९, अङ्क ३ सम्पूर्णाङ्क ९४, वैशाख-असार २०७९, वर्ष ४९, अङ्क ४, सम्पूर्णाङ्क ९५, साउन-असोज २०७९, वर्ष ५०, अङ्क १, सम्पूर्णाङ्क ९६, कात्तिक-पुस २०७९ गरी हाम्रो पुरुषार्थका चारओटा अङ्कमात्र आफूसंग उपलब्ध रहेछन् । वेवसाइटबाट केही अङ्कको समेत अध्ययन गर्दा अन्तर्राष्ट्रिय मान्यताअनुसार सबै अङ्कको कभर पेजको माथि नै अन्तर्राष्ट्रिय पत्रिका मानक अङ्क (International Standard Serail Number छोटकारीमा ISSN Number राखिएको पाएँ । हरेक अङ्कका कभर आकर्षक रूपले डिजाइन गरिएका र ११६ देखि १२८ पेजका रहेका पाइए ।

सम्पूर्णाङ्क ९१ मा नेपालको सुदूर पहाडी जिल्ला ताप्लेजुङमा शुरूमा जङ्गवीर पुस्तकालयका नामबाट स्थापना भएर पछि कञ्चनजङ्घा सार्वजनिक पुस्तकालयको रूपमा रहेको पुस्तकालयको परिचय छापिएको छ । चौधौं राष्ट्रिय पुस्तकालय दिवसका अवसरमा मुलुकभरबाट सर्वोत्कृष्ट पुस्तकालयका रूपमा किरण पुस्तकालय पुरस्कृत हुँदाको खुसी पनि साटिएको छ स्थायी स्तम्भ किरण पुस्तकालयको पातोमा ।

सम्पूर्णाङ्क ९४ मा किरण पुस्तकालयको नवनिर्मित भवन र सो भवन उद्घाटन हुँदाको समयको आकर्षक तस्वीर छ । पुस्तकालय परिचयमा भारतको देहरादूनमा रहेको भानुभक्त पुस्तकालयको परिचय छापिएको छ । विसं. २०४४ सालतिर स्थापना भएको यो पुस्तकालयले भारतको उत्तराखण्डमा बसोबास गर्ने नेपाली मूलका भारतीय नागरिकहरूलाई सामाजिक एकता र सद्भाव कायम गर्न ठूलो योगदान पुऱ्याएको देखिन्छ । पुस्तकालयको पातोको अध्ययन गर्दा पुस्तकालयले यस अवधिमा सम्पन्न गरेका विविध गतिविधि अवगत हुन्छ । प्रदेश पुस्तकालय नीतिको आवश्यकतासम्बन्धमा लुम्बिनी प्रदेश शिक्षा, विज्ञान तथा

खेलकुद मन्त्रालयका सचिवको समुपस्थितिमा भएको कार्यक्रम, नेपाली लोकवार्तासम्बन्धी कार्यशालालगायतका गतिविधिबाट पुस्तकालयको सक्रियता झल्कन्छ ।

*स्थापनाकालदेखि अहिलेसम्मका पचासौं वर्षहरूमा कत्ति पनि विचलित नभईकन मोफसलको एक पुस्तकालयले नेपाली भाषा, साहित्य र संस्कृतिप्रति पुऱ्याएको योगदानको जति प्रशंसा गरे पनि कमै होला । कर्मवीरहरू न त दुःखमा आत्तिन्छन् न त सुखमा मात्तिन्छन् । सार्वजनिक पुस्तकालय सञ्चालन गर्नेजस्तो रुखो कामबाटै नाम कमाएका यस्ता कर्मवीरहरूले जीवनपर्यन्त शिक्षाका लागि दिएको योगदान मननीय छ । राज्यले गर्नुपर्ने काम एउटा पुस्तकालयले गरिरहेको छ । यस्ता संस्था हाम्रा गहना हुन् । यिनको संरक्षण गर्न तीनओटै तहका सरकारका निर्णायक तहमा बस्नेहरूको ध्यान जानु जरूरी छ । तल्लो तहमा बसेर यसो गर्न पाए हुन्थ्यो भनेर कामना गर्ने हामीजस्ता भूँइमान्छेहरूको प्रार्थना र सपना कुनै दिन साकार हुनेछन् । ती दिन छिटै आइदिऊन् ।*

सम्पूर्णाङ्क ९५ मा पन्ध्रौं राष्ट्रिय पुस्तकालय दिवसका अवसरमा सर्वोत्कृष्ट पुस्तकालयका रूपमा सम्मानित दीपशिखा सामुदायिक पुस्तकालयको परिचय र यसले सञ्चालन गरेका गतिविधि छापिएको छ । यो पुस्तकालयले सूचना तथा सञ्चार प्रविधिले ल्याएका अवसरको सदुपयोग गर्दै पाठकलाई प्रदान गरेको प्रभावकारी सेवाको चर्चा उल्लेख छ । साथै पुस्तकालयको पातोमा पुस्तकालयलाई विभिन्न दाताले दिएको सामग्री, तत्कालीन शहरी विकास मन्त्री रामकुमारी झाँक्रीले अवलोकन गरेपछि दिनुभएको मन्तव्यको सार लगायतका उपयोगी कुरा समावेश छन् ।

सम्पूर्णाङ्क ९६ मा ब्रह्मकुमारी राजयोग सेवा केन्द्रको व्यवस्थापनमा सञ्चालन भइरहेको नेपाल जर्नी पब्लिक लाइब्रेरीको परिचय छापिएको छ । परम्परागत पुस्तकालय तथा आधुनिक विद्युतीय पुस्तकालयको सम्मिश्रणका रूपमा रहेको यो पुस्तकालय एउटा नमूना पुस्तकालय हो भन्ने थाहा पाइन्छ ।

प्रकाशनको आरम्भदेखि ९९ अङ्कसम्म आइपुग्दा यसले सयौं पुस्तकालयका कथा लेखिसकेको छ । सयौं लेखकका विचार पस्किइसकेको छ । आदिकवि भानुभक्त आचार्य, विश्वेश्वरप्रसाद कोइरालालगायत नेपालको राजनैतिक, शैक्षिक, सामाजिक क्षेत्रमा योगदान पुऱ्याएका शिखरपुरुषको स्मृतिमा विशेषाङ्क प्रकाशन गरेर विशेष योगदान पुऱ्याएको छ ।

माथि उल्लेख भएका त प्रतिनिधि कथा मात्र हुन् । स्थापनाकालदेखि अहिलेसम्मका पचासौं वर्षहरूमा कत्ति पनि विचलित नभईकन मोफसलको एक

पुस्तकालयले नेपाली भाषा, साहित्य र संस्कृतिप्रति पुऱ्याएको योगदानको जति प्रशंसा गरे पनि कमै होला । कर्मवीरहरू न त दुःखमा आत्तिन्छन् न त सुखमा मात्तिन्छन् । सार्वजनिक पुस्तकालय सञ्चालन गर्नेजस्तो रुखो कामबाटै नाम कमाएका यस्ता कर्मवीरहरूले जीवनपर्यन्त शिक्षाका लागि दिएको योगदान मननीय छ । राज्यले गर्नुपर्ने काम एउटा पुस्तकालयले गरिरहेको छ । यस्ता संस्था हाम्रा गहना हुन् । यिनको संरक्षण गर्न तीनओटै तहका सरकारका निर्णायक तहमा बस्नेहरूको ध्यान जानु जरूरी छ । तल्लो तहमा बसेर यसो गर्न पाए हुन्थ्यो भनेर कामना गर्ने हामीजस्ता भूँइमान्छेहरूको प्रार्थना र सपना कुनै दिन साकार हुनेछन् । ती दिन छिटै आइदिऊन् । हाम्रो पुरुषार्थको शताङ्कमार्फत सबैमा विजया दशमी, दीपावलीलगायत सबै पर्वहरूको हार्दिक शुभकामना ।

✍ **उपसचिव-शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।**

०००


# सूचना !

- **फोहर सकेसम्म कम उत्पादन गरौं, जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं ।**
- **जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, सम्बन्धविच्छेद एवम् बसाईंसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।**
- **सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने सूचीमा छ/छैन प्रत्येक वर्षको साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।**
- **गाउँपालिकामा तोकिएका कर शुल्कहरू समयमै बुझाई विकास निर्माणमा सक्रिय सहभागी बनौं ।**
- **खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ॥**

अनुरोधक

**छत्रकोट गाउँपालिका**

**चोयगा, गुल्मी**

*// लेख //*

# हाम्रो पुरुषार्थमा ऐतिहासिक इस्मा राज्यको चर्चा

हीरा ए.सी.



## पृष्ठभूमि

किरण पुस्तकालय वि.सं. २०२५ साल कार्तिक २० गते स्थापना भएको थियो । पस्तकालयले आफ्नो स्थापना यता गुल्मीमा पठनसंस्कृतिको विकास र, अध्ययन-अनुसन्धानको वातावरण तयार गर्ने, शैक्षिक तथा साहित्यिक गोष्ठीहरूको आयोजना गर्ने, लेखक-कविहरूलाई सम्मान-प्रोत्साहन गर्ने, लेख-रचनाहरू प्रकाशनमा ल्याउने तथा भाषा, साहित्य, धर्म, संस्कृति, इतिहासको खोज, अनुसन्धान, संरक्षण एवं प्रकाशन गर्ने काम गर्दै आएको छ । यसले विभिन्न लेखक एवं साहित्यकारका कृतिहरू प्रकाशन गर्ने क्रममा हालसम्म २० वटा प्रकाशनहरू सार्वजनिक भएका छन् । जसमा सन्त शशिधरको बाणोपनिषद् (२०३३), डा. टीकाराम पन्थीको निबन्ध/प्रबन्ध सङ्ग्रह केही जनश्रुतिहरू (२०४२), केशवप्रसाद पौडेलको परिचयात्मक पुस्तिका रुरुक्षेत्र (२०४३), मुकुन्दहरि ज्ञवालीको कविता-सङ्ग्रह मेरो देश नेपाल(२०५४), डा. राजाराम सुवेदीको ऐतिहासिक प्रबन्ध गुल्मीको ऐतिहासिक झलक (२०५५), मोदनाथ प्रश्रितको प्रबन्ध/निबन्धात्मक कृति मानवताको कलङ्क : जातपात र छुवाछूत प्रथा (२०५८), डा. टीकाराम पन्थीको सांस्कृतिक चिन्तन (२०६२), डा. लक्ष्मीकान्त पन्थीको कृति काव्यमालिका (२०७५), प्रा.डा. बाबुराम ज्ञवालीको आधा जिस्ता (२०७६), दीन पन्थीद्वारा रचित निबन्ध-सङ्ग्रह हुटिट्याउँको मन(२०७६), युवराज भुसालको हाम्रो भौगोलिक इतिहास लगायत रहेका छन् ।

त्यसैगरी किरण पुस्तकालयले २०३० सालदेखि आफ्नो मुखपत्रको रूपमा हाम्रो पुरुषार्थको प्रकाशन गरिरहेको छ । यो पत्रिका २०३५ देखि अर्धवार्षिक र २०७० देखि त्रैमासिक रूपमा प्रकाशित हुँदैआएको छ । हाम्रो पुरुषार्थले आफ्नो नियमित अङ्कका साथै विभिन्न अवसरमा विशेषाङ्कहरूसमेत प्रकाशन गर्ने गरेको छ । तीमध्ये लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क २०३९, गुल्मी

परिचयाङ्क २०५३, पुस्तकालय विशेषाङ्क २०५५, नेपाली भाषिक संगोष्ठी विशेषाङ्क २०५८, पत्रकारिता विशेषाङ्क २०६२, डा. टीकाराम पन्थी विशेषाङ्क २०६७, बी.पी. विशेषाङ्क २०७१, किरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्क २०७५ आदि रहेका छन् ।

## हाम्रो पुरुषार्थमा इस्मा

हाम्रो पुरुषार्थका थुप्रै अङ्कहरूमा ऐतिहासिक इस्मा राज्य बारे विभिन्न लेखक तथा अन्वेषकहरूका लेखरचना तथा अध्ययन–अनुसन्धानमूलक सामग्रीहरू छापिएका छन् । यहाँ तिनीहरूको बारेमा संक्षिप्त चर्चा गरिएको छ :

## १. सम्पूर्णाङ्क २५ (२०४३)

वि.सं. २०४३ सालमा प्रकाशित हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क २५ मा ऐतिहासिक इस्मा राज्य बारे महत्त्वपूर्ण लेख प्रकाशित भएको छ । दुर्गाप्रसाद अर्यालद्वारा लिखित इस्माको ऐतिहासिक झलक शीर्षकको उक्त लेख पृष्ठ ३७–४० मा प्रकाशित छ । ऐतिहासिक प्रबन्धमूलक सो लेखमा–इस्मा राज्य सर्वप्रथम सिञ्जाप्रदेशबाट आएका भट्ट भनिने उपाध्याय ब्राह्मणबाट प्रारम्भ भएको, यसमा सबैभन्दा पहिला चावा राजा, त्यसपछि क्रमशः कुशा, नरसिंह र विष्णुदास राजा भएको, चारपुस्तासम्म राज्य गरेपछि ब्राह्मण जातिले राज्य गर्नु अनुचित ठानी प्रभाकरले सिंह शाहवंशीय जातिलाई राजा बनाएर आफू सल्लाहकार भएर अर्जैमा आई बसेको तथा अर्जैमा आई बसेकाले विष्णुदास राजाका छोरा प्रभाकरको थर अर्ज्याल रहन गएको उल्लेख छ । उक्त लेखमा विष्णुदासका अरू दुई छोरामा एउटा पौदीमा गई बसेकाले पौडेल र अर्का सिग्दीमा गई बसेकाले सिग्देल थर भएको तथा एउटै विष्णुदासका छोराहरू तीन बेग्लाबेग्लै स्थानमा बसेकाले ती स्थानका नामले अर्याल, पौडेल र सिग्देल भएको बताइएको छ । कालान्तरमा बहादुर शाहले पश्चिमी राज्यहरू हस्तगत गरी नेपाल राज्यमा समावेश गरिसकेपछि इस्मा राज्य क्षतविक्षत भएको र त्यहाँका अन्तिम राजा गोविन्द सिंह सल्यानको बडागाउँमा गई बसोबास गरे र पछि बडागाउँबाट उनका सन्तानहरू कैलाली, बर्दिया र काठमाडौंमा बसोबास गरेको उल्लेख गरिनुका साथै राजा तिलविक्रम सिंह शाहले राहाले/रालेको जग्गा जन्मेजय अर्याललाई दानबिर्ता दिएको ऐतिहासिक कागज पनि प्रकाशित छ ।

## २. सम्पूर्णाङ्क ३३ (२०५३)

वि.सं. २०५३ सालमा प्रकाशित हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ३३ गुल्मी परिचयाङ्क हो । यसमा हाल गुल्मी जिल्लाअन्तर्गत पर्ने ऐतिहासिक चौबीसी राज्यहरू गुल्मी, इस्मा, मुसिकोट र धुर्कोट राज्यको बारेमा अध्ययन अनुसन्धान गरी सामग्री प्रकाशित गरिएको छ । उक्त अङ्कमा पृष्ठ १७ देखि २६ सम्म गुल्मीको परिचय

शीर्षकको लेख प्रकाशक किरण पुस्तकालयको तर्फबाट तयार पारी प्रकाशित गरिएको छ । सो लेखमा-"नेपाल एकीकरण हुनुपूर्व हालको गुल्मी जिल्ला चौबीसी राज्यमध्ये एक थियो । नेपाललाई ७५ जिल्लामा विभाजन नगर्दै गुल्मीअन्तर्गत इस्मा, मुसिकोट, धुर्कोट, अर्घा र खाँची गरी ६ राज्यहरू थिए । यी राज्यहरूलाई जनभाषामा गुल्मी ६ जिल्ला भनिन्थ्यो । पछि ७५ जिल्ला कायम गर्दा अर्घा र खाँची छुट्टाएर एउटा अर्घाखाँची जिल्ला बन्यो । यता गुल्मी, इस्मा, मुसिकोट र धुर्कोट जोडेर एउटा गुल्मी जिल्ला बन्यो" भनी उल्लेख गरिएको छ ।

गुल्मी परिचयाङ्ककै पृष्ठ २७ देखि ३७ सम्म गुल्मी जिल्लाको ऐतिहासिक पृष्ठभूमि शीर्षकमा डा. राजाराम सुवेदीको शोधमूलक प्रबन्ध/लेख प्रकाशित छ । उक्त लेखमा-नेपालमा लिच्छवि शासनको पतनपछि सिंजा र दुल्लुलाई केन्द्रविन्दु बनाई खस, चल्ल र मल्ल पदधारी राजाहरूले गुगे, पुराङ, यारी, कैलाश, गढवाल, कुमाऊ, तराई तथा काठमाडौं उपत्यकासम्म फैलिएको विशाल राज्यको जगेर्ना गरेको र खस राज्यको पतनपछि चौबीसी राज्यहरूको स्थापना भएको उल्लेख छ । यसैक्रममा स्थापित इस्मा राज्यमा जम्मा २४ मौजा भएको र यसलाई ४००० इस्मा भन्ने गरिएको, जसको पूर्वमा मुसीकोट राज्य, पश्चिम अग्लुङको उकालोदेखि झिमरूक खोलासम्म, उत्तर ग्वालीचौर बाग्लुङसम्म र दक्षिण धुर्कोट राज्यको सीमाना छल्दी खोलासम्म रहेको उल्लेख उक्त लेखमा छ । साथै इस्मामा राजा नहुँदा अर्जेल थरका ब्राह्मणहरूले राजाले गरिआएको काम गरेको, अर्ज्यालवंशका राजाहरूमा क्रमशः च्यवनराज भट्ट, कुशाराज भट्ट, विष्णुदास भट्ट र प्रभाकर अर्जेल भएको तथा प्रभाकरले चार वर्ष राज्य गरेपछि गुल्मीका राजकुमार सुरथसिंहलाई मन्त्रदान दिएर इस्माको राजा बनाएको उल्लेख अर्जेल वंशावलीमा भएको तर सल्यान बडागाउँबाट प्राप्त वंशावलीमा भारतको कर्णाटकबाट पहाड पसी इस्माको राजा हुने पहिलो व्यक्ति अंगदसिंह राव(रावा) भनेर उल्लेख गरेको पाइन्छ । उनीपछि क्रमशः पृथ्वीराजसिंह राव, रामराज सिंह राव, रूपसिंह राव, तिलविक्रमसिंह रायठौर, गोविन्दसिंह रायठौर, बेनिप्रसादसिंह रायठौर, धर्मकेशर सिंह, गिरिभूपेन्द्र सिंह, पुण्यप्रताप सिंह, मानबहादुर सिंह र केशरीप्रताप सिंह इस्माको राजा भएको उल्लेख छ ।

इस्माली राजाहरूले इस्मामा ६ पुस्ताले मात्र राज्य गरेको, राजा गोविन्दसिंह रायठौरको राज्यकालमा नेपाली सेनाले इस्मा कब्जा गरेको र त्यहाँका राजा गोविन्द सिंह र छोराहरू कुलराजसिंह र पराशरसिंह पलायन भई सल्यानको बडागाउँमा बसोबास गर्न थालेको बताइएको छ । नेपाली सेनासँगको युद्धमा इस्माका ५३ खड्का क्षेत्री, २२ ठकुरी, १० सार्की र १५ मगर गरी जम्मा १०० जना मानिस मारिएको विवरण दिइनुका साथै चौरासीको जमीनलाई लिएर इस्मा र धुर्कोटबीच तथा रानीवनको कुरालाई लिएर इस्मा र मुसिकोटबीच झैझगडा

हुने गरेको तथा धुर्कोटे राजाकी छोरी इस्माले विवाह गरेको समयमा बुल्म भन्ने ठाउँ इस्मालाई दिएको पनि उल्लेख छ ।

त्यसैगरी सोही अङ्कको पृष्ठ ७४-७६ मा दुर्गाप्रसाद अर्यालको स्थानीय संस्कृतिको पृष्ठभूमिमा मर्भुङ्की मालिकादेवीको परिचय शीर्षकको लेख प्रकाशित छ । जसमा आफ्नो राज्य कालमा भट्ट कहिने अर्ज्याल वंशीय ब्राह्मणहरू पश्चिम नेपालको तत्कालीन सिन्जा राज्यबाट इस्मा आई तीनपुस्ता राज्य गरिसकेपछि ब्राह्मण जातिले राजकाज गर्नु अनुचित ठानी सिंह भनिने शाहवंशीय ठकुरी क्षत्रियलाई खोजेर उक्त राज्य प्रदान गरेको र ती भट्ट भनिने अर्ज्याल ब्राह्मण तिनै क्षत्रिय ठकुरी राजालाई राज्यसम्बन्धी सरसल्लाह दिने, धर्मकर्मका उपदेश गर्ने भएर बसेको उल्लेख छ ।

### ३. सम्पूर्णाङ्क ४० (२०५७)

वि.सं. २०५७ सालमा प्रकाशित हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ४० मा इस्मा राज्यमा चार पुस्तासम्म राजा भएर पछि राजगुरु भई बसेका अर्यालवंशको बारेमा चर्चा गरिएका दुईवटा लेखहरू प्रकाशित छन् । पृष्ठ ५१ देखि ६० सम्म डा.लक्ष्मीकान्त पन्थीद्वारा लिखित पण्डित श्रुतधर शीर्षकको जीवनीमूलक लेखमा मरभुङको पण्डितटोलामा जन्मिएका पण्डित श्रुतधरको वर्णन गरिनुका साथै अर्ज्याल वंशावलीको बारेमा पनि उल्लेख गरिएको छ । जसअनुसार भारतको जयपुर शहरबाट उहिले इस्मामा आत्रेय गोत्रीय भट्ट उपनाम भएका ब्राह्मण आएका, यीमध्ये तेह्र पुस्तासम्म भट्ट भनिए, त्यसपछि तीन पुस्ता राजा भए । तिनमा उदय १, सूदय २, रायी ३, देवदत्त ४, वत्सराज ५, श्रीवत्सराज ६, देव ७, नन्द ८, हरिराम ९, हरिदत्त १०, कृष्णराम ११, चावा १२,

*वि.सं. २०५७ सालमा प्रकाशित हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ४० मा इस्मा राज्यमा चार पुस्तासम्म राजा भएर पछि राजगुरु भई बसेका अर्यालवंशको बारेमा चर्चा गरिएका दुईवटा लेखहरू प्रकाशित छन् । पृष्ठ ५१ देखि ६० सम्म डा.लक्ष्मीकान्त पन्थीद्वारा लिखित पण्डित श्रुतधर शीर्षकको जीवनीमूलक लेखमा मरभुङको पण्डितटोलामा जन्मिएका पण्डित श्रुतधरको वर्णन गरिनुका साथै अर्ज्याल वंशावलीको बारेमा पनि उल्लेख गरिएको छ । जसअनुसार भारतको जयपुर शहरबाट उहिले इस्मामा आत्रेय गोत्रीय भट्ट उपनाम भएका ब्राह्मण आएका, यीमध्ये तेह्र पुस्तासम्म भट्ट भनिए, त्यसपछि तीन पुस्ता राजा भए । तिनमा उदय १, सूदय २, रायी ३, देवदत्त ४, वत्सराज ५, श्रीवत्सराज ६, देव ७, नन्द ८, हरिराम ९, हरिदत्त १०, कृष्णराम ११, चावा १२, नृसिंह यी १३ भट्ट हुन् । त्यसपछि चावा १४, कुशा १५, विष्णुदास १६ राजा भएका हुन् । पृ.५८।*

नृसिंह यी १३ भट्ट हुन् । त्यसपछि चावा १४, कुशा १५, विष्णुदास १६ राजा भएका हुन् । पृष्ठ ५८

तेह्रौं पुस्तामा रहेका नृसिंह भट्टका एक छोरा पौंदी भन्ने गाउँमा गएर बस्न थाले । यिनका सन्तानहरू पौड्याल वा पौडेल भनेर प्रसिद्ध छन् । विष्णुदास राजाका छोरा सत्रौं पुस्ताका प्रभाकरले राज्य गर्न छोडी शक्तिसिंह भन्ने ठकुरीलाई राजा बनाई तिनै शक्तिसिंहले दिएको बिर्ता अर्जै गाउँमा आएर बसेकोले यिनको थर अर्ज्याल भएको, प्रभाकरका हंस, सुमन्त र श्रीपति भन्ने तीन छोरामध्ये जेठा हंस स्याङ्जाको खिलुङ गाउँमा गई बसेको, माहिला छोरा सुमन्त अर्जैमा नै बसेको तथा कान्छा छोरा श्रीपति अर्ज्यालचाहिँ अमरभूमि (हाल मरभूङ) मा गई बसेको लेखिनुका साथै अर्जै आलयो येषां ते अर्ज्यालयः, भन्ने विग्रहअनुसार अर्जै स्थलबाट अर्ज्याल थर हुन गएको हो भन्ने उल्लेख छ ।

त्यसैगरी सोही अङ्कको पृष्ठ ११७ देखि १२१सम्म डा. विष्णुराज आत्रेयको अर्ज्याल राजगुरु इस्मादेखि गोर्खासम्म शीर्षकको लेख प्रकाशित छ । त्यसमा इस्माराज्यमा च्यवनराज भट्ट (प्रथम चावाराजा) देखि आत्रेय गोत्रीय ब्राह्मणराजाको शासनको थालनी भएको र उनीपछि क्रमशः नरसिंहराज भट्ट-च्यवनराज भट्ट (द्वितीय चावाराजा)-कुशराज भट्ट (कुशाराजा)-विष्णुदास भट्ट-प्रभाकरराज भट्टसमेत आत्रेय गोत्रीय ब्राह्मणहरूले इस्मामा शासन गरेको तथा च्यवनराज भट्ट (प्रथम) पूर्व पनि यी ब्राह्मणहरू इस्माका ठकुरी राजाका राजगुरु नै थिए भनिएको छ । त्यसबेला इस्मा र मुसिकोट राज्यबीचको झैझगडा शान्त पार्न चारवर्ष मात्र राजा भएका प्रभाकरले राजसिंहासन छोडी गुल्मीबाट राजकुमार शक्ति सिंहलाई ल्याई उनको व्रतबन्ध गरी, पाल्पाली राजाका भाइकी छोरीलाई मागी विवाह गराई उनैलाई राजा बनाई आफू राजगुरु भएपछि बसोबासका लागि "आर्य गाउँ" विर्ता बक्साई सपरिवार त्यहीँ बसे । आर्यगाउँमा आलय अर्थात् घर भएको हुनाले यी र यिनका आत्रेयगोत्रीय सन्ततिहरू आर्यालय-अर्यालय-अर्ज्यालय-अर्ज्याल-अर्जेल थरले प्रसिद्ध भएको, प्रभाकर अर्ज्याल जीवनको उत्तरार्द्धमा रिडी आई बसेको उल्लेख छ ।

प्रभाकरका नाति तथा श्रीपति भट्ट अर्ज्यालका कान्छा छोरा नारायणदास अर्ज्याल अर्घा खनका आफ्ना सहपाठी सर्वेश्वर खनाललाई साथ लिई गोसाइथान तीर्थ जाँदा लसर्घा र खिलुङ हुँदै लमजुङ पुगे । त्यहाँ उनले राजा यशोब्रह्म शाहका छोराको चिनाटिप्पन हेरेको, उनको विद्वत्ताबाट राजारानी खुसी भएको, नारायणदासको योजना र जुक्तिबुद्धिबाटै वि.सं. १६१६ को भाद्र कृष्णअष्टमीको दिन द्रव्यशाहलाई गोर्खाको राजगद्दीमा बसालेर आश्विन शुक्ल अष्टमीको दिन नारायणदास अर्ज्यालले दीक्षामन्त्र सुनाएपछि इस्माली अर्ज्याल राजगुरुको वंशज गोर्खाका शाह राजाहरूको पनि राजगुरु हुनपुगेको उल्लेख छ ।

### ४. सम्पूर्णाङ्क ४३ (२०५८)

वि.सं. २०५८ सालमा प्रकाशित हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ४३ को पृष्ठ ७५ देखि ७८ सम्म प्रकाशित हिमलाल पन्थीद्वारा लिखित मगरात क्षेत्र र मगरको ऐतिहासिक पृष्ठभूमि शीर्षकको लेखमा उनले नेपालको एकीकरण हुनुपूर्व तात्कालिक बाईसी राज्यहरूमा कतिपय राजाहरू मगर थिए, ती राज्यहरूलाई मगरराज्य भनी संवोधन गरिन्थ्यो । उक्त मगरराज्यलाई पछि मगरराज भन्न लागियो र यही मगरराज नै अहिले मगरात भएको अनुमान गर्दै गुल्मी, पाल्पा, बाग्लुङ, म्याग्दी, पर्वत, स्याङ्जा लगायतका तात्कालिक मगरात क्षेत्रभित्र अहिले पनि मगरहरूको बाहुल्य रहेको बुझिन्छ भनेका छन् ।

### ५. सम्पूर्णाङ्क ४६ (२०६०)

वि.सं. २०६० सालमा प्रकाशित हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ४६ को पृष्ठ ३० देखि ३५सम्म रालेद्यौराली शीर्षकको स्थान परिचयमूलक लेख प्रकाशित छ । डा. दुर्गाप्रसाद अर्यालद्वारा लिखित उक्त लेखमा हाल सिर्सेनीमा पर्ने राले शाकेसम्बत् १६९६ मा इस्माका राजाले जन्मेजय अर्ज्याललाई दिएको गाउँ हो भन्ने कुरा उल्लेख गरेका छन् ।

### ६. सम्पूर्णाङ्क ७४ (२०७४)

वि.सं. २०७४ सालमा प्रकाशित हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ७४ को पृष्ठ ४५ देखि ६२सम्म मगर राज्य बल्ढेङगढी शीर्षकको खोज अनुसन्धानमूलक प्रबन्ध/लेख प्रकाशित छ । विजय सागरद्वारा लिखित उक्त प्रबन्धात्मक लेखमा तत्कालीन बाईसीचौबीसी राज्य, मगर जाति, मगरभाषा-संस्कृति र बल्ढेङगढी राज्यको बारेमा चर्चा गर्ने क्रममा इस्मा राज्यको बारेमा पनि उल्लेख गरिएको पाइन्छ । मध्यकालको शुरुशुरुसम्म नेपाल राज्य टुक्रिएको थिएन तर अनेक विषय (जिल्ला)मा विभक्त थियो । गण्डकी गुल्म विषय (वर्तमान गुल्मीभेग)मा नरेन्द्रदेव, उदयदेवको पालामा ने.सं.११९ (वि.सं. १०५६) मा लेखिएको ग्रन्थ पाइएको, लुम्जुगुङ (वर्तमान लमजुङ भेग) मा राजा शंकरदेवको पालामा ने.सं.१८९ (वि.सं. ११२६) मा लेखिएको ग्रन्थ तथा पूर्वतिर पनि केही ग्रन्थहरू भेटिएका छन् । पछि गण्डकी र कोशी प्रस्रवण क्षेत्रभन्दा टाढाका प्रदेशमा केन्द्रको अधिकार छुट्दै गयो । यसैबीच कर्णाली प्रदेशमा खसहरूको प्रभाव बढ्दै गई विक्रमको बाऱ्हौं शताब्दीको शुरूतिर खस राजा नागराजले सिंजालाई राजधानी बनाई एक स्वतन्त्र राज्य खडा गरेको, वि.सं. ११५४ मा दक्षिण तराईमा डोयराजा नान्यदेवले सिमरा-वनगढ(सिम्रौनगढ)लाई राजधानी बनाई अर्को स्वतन्त्र राज्य स्थापना गरेका जस्ता विवरण उक्त लेखमा दिइएको छ ।

कर्णाली प्रदेशमा स्थापित उक्त खसराज्य पृथ्वी मल्लको समयमा सानो साम्राज्यको रूपमा विस्तार भएको तर अभय मल्लपछि यो राज्य पनि टुक्रियो । मेदिनी वर्मा, बलिराजहरूले जुम्लाभेकमा र संसार वर्माले दुल्लुभेकमा कब्जा जमाए । सोऱ्हौं शताब्दीको अन्त्यसम्ममा कर्णाली प्रदेश अनेक स-साना राज्यमा परिणत भयो । यिनको संख्या बाईसजति पुगेकोले यी राज्य बाईसी कहलाए । त्यस्तै कर्णालीका खस राजाहरूले अधिकार जमाएको गण्डकीपूर्वका इलाका टुक्रिएर बाईसी राज्य भएपछि गण्डकी प्रदेशमा पनि सेन, शाह, चन्द, समाल आदिका स-साना राज्यहरू खडा भए । यी राज्यहरूको संख्या लगभग चौबीस जति हुनाले यी राज्य चौबीसी कहलाए । यसैक्रममा धुर्कोट, मुसिकोट र इस्मा जस्ता राज्यहरू खडा भएको उल्लेख उनले गरेका छन् ।

## ७. सम्पूर्णाङ्क ८७ (२०७७)

वि.सं. २०७७ सालमा प्रकाशित हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ८७ को पृष्ठ ८१ देखि ८८ सम्म इस्मा गाउँपालिकाको परिचय समावेश गरिएको छ । चन्द्रप्रकाश उपाध्यायद्वारा लिखित तथा हाम्रो पुरुषार्थको स्थायी स्तम्भअन्तर्गत प्रकाशित उक्त स्थान परिचयात्मक प्रबन्ध/लेखमा वर्तमान इस्मा गाउँपालिकाको भौगोलिक, आर्थिक, शैक्षिक, राजनैतिक परिचय दिइनुका साथै ऐतिहासिक इस्मा राज्यको बारेमा पनि चर्चा गरिएको छ । उक्त अङ्कको आवरण पृष्ठमा नै इस्मा गाउँपालिकाको ऐतिहासिक इस्माकोट (तत्कालीन इस्मा दरबार) को तस्वीर छापिएको छ । इस्मा राज्यको बारेमा चर्चा गरिएको उक्त लेखमा-नेपालको इतिहासमा प्राचीनकाल मानिने लिच्छवि कालमा मानदेव शक्तिमा आएपछि पश्चिमपट्टीका मल्ल राज्यहरूमाथि आक्रमण गर्दै गण्डकी तरेर मानदेवले आफ्नो अधिकार स्थापित गरेको, त्यसबेला वर्तमान गुल्मी र यस आसपासका क्षेत्रलाई "गण्डीगुल्म विषय" भन्ने गरिएको, गुल्मी क्षेत्र केन्द्रबाट शासित भएको र पछि सिन्जा राज्यअन्तर्गत शासित हुन पुगेको, कर्णाली प्रदेशका राजा अभय मल्लका पालासम्म गुल्मीमा मल्ल राजाको प्रत्यक्ष शासन चलेको उल्लेख गरिएको छ ।

त्यसैगरी मल्ल राजाहरूपछि यस क्षेत्रमा बलिहाङ राजा भएको, उनले बल्ढेङगढीलाई राजधानी बनाएको, बल्ढेङगढी राज्यको उदयकालमा गुल्मी पनि त्यसको प्रभावमा परेको, पछि त्यो राज्य कमजोर हुँदै गएपछि यसक्षेत्रका राजा रजौटाहरूले स्वतन्त्र राज्य निर्माण गर्ने क्रममा इस्मा राज्यको उदय भएको हो । इस्मा राज्यमा ठकुरीहरूको प्रवेश नहुँदै राजा च्यवनराज, राजा कुशाराज, राजा विष्णुदास र राजा प्रभाकर नामका भट्ट पदधारी अर्ज्याल ब्राह्मणहरूले राज्य सञ्चालन गरेको तथा राजा प्रभाकरले राजकाजमा छलछाम, धोका, फरेब र

दण्डसजाय गर्न अनुचित ठानी गुल्मी चारपाला राज्यमा भारतको कर्णाटकबाट राजनीतिक आश्रय लिई बसेका सुरथसिंह नामक एक राजपुतलाई धर्मपुत्र बनाएर उनैलाई इस्माको राज्यभार सुम्पेर अङ्गदसिंह रावा भन्ने पदवी पनि जोडिदिएको वर्णन गरिएको छ । अर्ज्याल ब्राह्मणहरूले ठकुरीहरूलाई राज्य दिएपछि इस्मा ६ पुस्तासम्म स्वतन्त्र रहेको, राजा गोविन्दसिंह रायठौरको राज्य अवधिमा नेपालको पश्चिम विस्तार प्रारम्भ भएको र वि.सं. १८४३, आश्विन ४ गते नेपाली सेनाले इस्मामाथि विजय गरेको उल्लेख छ ।

उक्त लेखमा इस्माको भौगोलिक, आर्थिक, सामरिक अवस्था, नेपाली सेनासँग भएको युद्ध, इस्माको सैन्यशक्तिको बारेमा चर्चा गरिएको छ । साथै नेपाली सेनासँगको घमासान युद्धपछि इस्माकोट नेपालको अधीनमा परेकाले त्यहाँका राजा गोविन्दसिंह, चौतारियाहरू कुलराज सिंह रप्रसाद सिंह पनि शिकारबाटै पलायन भएको र राजगुरु गजाधर अर्ज्याल महातारीको आशौचमा भई पलायन हुन नसक्दा इस्माकोटमा नै खड्गदेवताको पूजापरम्परा धानेर बसेको तथा सिंह राजाहरूले इस्मामा छ पुस्तासम्म राज्य गरेको लगायतका कुरा उल्लेख छ ।

## किरण पुस्तकालयका प्रकाशनमा इस्मा राज्य

हाम्रो पुरुषार्थको प्रकाशक किरण पुस्तकालयबाट प्रकाशित पुस्तकहरू गुल्मीको ऐतिहासिक झलक (२०५५) र हाम्रो भौगोलिक इतिहास (२०७८) मा इस्मा राज्यको बारेमा यथेष्ट चर्चा गरिएको छ । क्रमशः डा. राजाराम सुवेदी र युवराज भुसालद्वारा लिखित यी दुई पुस्तकमा इस्मा र यस वरपरका बाईसीचौबीसी राज्यहरूको बारेमा गहिरो अध्ययन-अनुसन्धान गरी सामग्रीहरू प्रस्तुत गरिएको छ । यहाँ उक्त दुई पुस्तकहरूको चर्चा संक्षेपमा गरिएको छ :

## १. गुल्मीको ऐतिहासिक झलक (२०५५)

इस्मा राज्यको बारेमा खोज अनुसन्धान गरी लेखिएको महत्त्वपूर्ण पुस्तक गुल्मीको ऐतिहासिक झलक हो । डा. राजाराम सुवेदीद्वारा लेखिएको यो पुस्तक वि.सं. २०५५ सालमा किरण पुस्तकालयले प्रकाशन गरेको हो । उक्त पुस्तकमा गुल्मी जिल्लाको भौगोलिक स्थिति, राजनीतिक इतिहास, धार्मिक, सांस्कृतिक, आर्थिक, सामाजिक, शैक्षिक अवस्थाको बारेमा चर्चा गरिएको छ । यसक्रममा इस्मा राज्यको चर्चा गर्दै वि.सं. १५५० तिर स्थापित इस्मा राज्यमा ४००० कुरिया र २४ मौजा थिए, इस्माको पूर्वमा मुसिकोट राज्यको सिमाना, पश्चिमतर्फ अग्लुङको उकालो हुँदै झिमरूक खोला, उत्तरमा बाग्लुङको ग्वालीचौर र दक्षिणमा धुर्कोट राज्यको सीमा पर्दथ्यो भनिएको छ । उक्त पुस्तकमा-इस्मामा ठकुरीहरू भन्दाअघि भट्ट पदधारी अर्ज्याल ब्राह्मणहरूले राज्य सञ्चालनको काम गरेका थिए । ब्राह्मणले ब्रह्मकर्म गर्ने कि दण्डविधानअनुसार शासन गरी अपराधीलाई

मुड्याउनु, काट्नु, अंगभंग गर्नु ? त्यसैले ती ब्राह्मण राजाले गुल्मी चारपालामा भारतको कर्णाटकबाट राजनीतिक आश्रय लिई बसेका सुरथसिंह नामक एक राजपूतलाई धर्मपुत्र बनाई अङ्गदसिंह रावा भन्ने पद पनि जोडिदिएर इस्माको राजकाज सुम्पेका थिए । ब्राम्हणहरू राजा हुनुपूर्व इस्माकोटमा जाडेराजाको राज्य थियो । विवेकशून्य उक्त राजाबाट हैरान र क्रुद्ध रैतीहरूले निजलाई मारी अर्ज्यालहरूलाई राजा बनाएका थिए । राजा च्यवनराज भट्ट (अर्ज्याल), राजा कुशाराज भट्ट (अर्ज्याल), राजा विष्णुदास भट्ट (अर्ज्याल) र राजा प्रभाकर भट्ट (अर्ज्याल) इस्माका भट्ट पदधारी अर्ज्याल राजाहरू हुन् । अन्तिम ब्राह्मण राजा प्रभाकर भट्ट अर्ज्यालले ठकुरी वंशलाई राजकाज सुम्पिएपछिको वंशक्रमअनुसार पहिलो राजा अङ्गदसिंह रावा त्यसपछि राजा पृथ्वीराजसिंह रावा, राजा रामराजसिंह रावा, राजा रूपसिंह रावा, राजा तिलविक्रमसिंह रायठौर, राजा गोविन्दसिंह रायठौर, राजा वेनीप्रसादसिंह रायठौर, राजा धर्मकेशरसिंह रायठौर, राजा गिरिभूपेन्द्रसिंह रायठौर, राजा पुण्यप्रतापसिंह रायठौर, राजा मानबहादुरसिंह रायठौर र राजा केशरीप्रतापसिंह रायठौर हुन् । अर्ज्याल ब्राह्मणहरूले राज्य दिएपछि ठकुरीहरू इस्मा राज्यमा ६ पुस्तासम्म स्वतन्त्र राजा रहेको देखिन्छ । राजा गोविन्दसिंह रायठौरको शासनकालमा वि.सं. १८४३ आश्विन ४ गते नेपाली सेनाले इस्मामाथि विजय गरेको थियो ।

उपर्युक्त विवरणका अलावा तत्कालीन इस्मा राज्यको छिमेकी राज्यसँगको सम्बन्ध, राजनैतिक, आर्थिक, सामरिक र सैनिक शक्ति, नेपाली सेनासितको युद्ध, उक्त युद्धमा भएको हताहती, युद्धमा पराजयपछि शिकार गर्न गएका तत्कालीन राजा गोविन्द सिंह रायठौर र चौतारियाहरू कुलराजसिंह एवंप्रसादसिंह शिकारबाटै पलायन भई सल्यानको बडागाउँतर्फ लागेको तर उनका राजगुरु गजाधर अर्ज्याल महतारीको आशौचमा रहेकोले पलायन हुन नसकी इस्माको पूजापरम्परा धानेर बसेको उल्लेख उक्त पुस्तकमा छ । आत्मसमर्पण नगरी नेपाली सेनासितको युद्धमा पराजयपछि नेपालमा एकीकरण भएकोले इस्माको पूजाआजाको लागि गुठीको व्यवस्था नहुँदा व्यक्तिगत रूपबाट पूजापरम्परा चलिआएको, इस्माका अन्तिम राजा गोविन्दसिंह रायठौरले प्रदान गरेका ऐतिहासिक प्रमाण र कागजपत्रहरू आगलागीमा परेर नष्ट भएकोले अभिलेख नरहेको तर विभिन्न व्यक्तिहरूबाट उपलब्ध केही अभिलेखहरू प्रकाशित यो पुस्तकले इस्मा राज्यको इतिहास संरक्षणमा महत्त्वपूर्ण योगदान गरेको छ ।

### २. हाम्रो भौगोलिक इतिहास (२०७८)

किरण पुस्तकालयले वि.सं. २०७८ सालमा प्रकाशन गरेको तथा युवराज भुसालद्वारा लिखित हाम्रो भौगोलिक इतिहास पुस्तकमा इस्मा राज्यको बारेमा पनि चर्चा गरिएको छ । वि.सं. ५२१देखि वि.सं. ९३७ सम्म काठमाडौंमा राजधानी

राखी शासन गरेका नेपालका लिच्छविहरूको राज्य पूर्वमा भारतको आसाम, कामरूप, दवाकदेखि पश्चिममा दैलेख, जुम्ला, अछामसम्म फैलिएको तर उनीहरू कमजोर हुँदै गएपछि गण्डकी र कर्णाली प्रदेशमा मगर राज्यको उदय भएको थियो । बाह्रौं शताब्दीको मध्यतिर कर्णाली प्रदेशको सिंजामा राजा अशोक चल्लको उदयसँगै ती मगर राज्यहरू सिंजाको अधीनमा परेको, वि.सं. १३८०को आसपासमा काठमाडौंलाई पनि जितेर अरूण नदीसम्म फैलिएको खस राज्य अभय मल्ल(वि.सं. १४३३-१४४८)को शासनकालसम्म आइपुग्दा आन्तरिक कलह र अलग राजा बन्ने महत्त्वाकाङ्क्षाले गर्दा बाईसी र चौबीसी नामका अनेकौं टुक्रामा विभाजित भएको र मध्यकालको विशाल खस साम्राज्य पतन भएको उल्लेख गरिएको छ । भुसाल(२०७८)ले लेखक सम्मरबहादुर सिंह ठकुरी (२०६९)लाई उद्धृत गर्दै भनेका छन्-इस्माक्षेत्रका अर्ज्यालहरू जाजरकोटबाट वर्तमान प्यूठानको चुँजा हुँदै इस्मामा आएका थिए र त्यस भेगका राजाले उनीहरूलाई राजगुरु बनाएका थिए । पछि त्यहाँका राज्यहरू बीचको युद्धमा राजाको मृत्यु भएकोले राजगुरु च्यवनराज भट्टलाई नै त्यहाँको राजा घोषणा गरिएको उल्लेख गरेका छन् ।

इस्माका अन्तिम भट्ट ब्राह्मण राजा प्रभाकरको समयमा वि.सं. १६५२ तिर अर्घाका राजा धनराज शाहले इस्मामाथि आक्रमण गरी पश्चिमी भूभाग (पुरकोट भेग) कब्जा गरेको, यो युद्ध र काटमारबाट विरक्त इस्माली राजा प्रभाकरले गुल्मीमा आश्रय लिई बसेका सुरथसिंहलाई आफ्नो राज्यमा ल्याई धर्मपुत्र बनाई अङ्गतसिंह राव भन्ने पदवीसमेत दिई वि.सं. १६५३मा राजा बनाएको र आफू राजगुरु भएको उल्लेख छ । प्रा.डा. विष्णुराज आत्रेयलाई उद्धृत गर्दै लेखकले अर्ज्यालहरूले इस्मामा ६ पुस्ता शासन गरेको, इस्मा दरबार पहिले अमरभूमि (मरभुङ)मा रहेको र शत्रुको डर भएपछि राजा सुरथसिंहले राजगुरु प्रभाकरको सहमतिमा पूर्वतर्फको अग्लोडाँडो(वर्तमान इस्माकोट)मा सारेको उल्लेख गरेका छन् । भुसाल(२०७८)का अनुसार उर्दू भाषाबाट आएको इस्मा शब्दको अर्थ सुरक्षा वा सुरक्षित स्थान हुन्छ । वि.सं. १६५४ मा इस्माले अर्घामाथि आक्रमण गरी अर्घातोष, डिभर्नासम्म जितेको र अर्घाका राजाको अनुरोधमा दुई पक्षबीच वार्ता भई यसअघि अर्घाले कब्जा गरेको पुरकोट क्षेत्र इस्माले नै पाउने तथा अर्घातोष, डिभर्ना क्षेत्र इस्माले अर्घालाई फर्काउने सहमति भएको उल्लेख गरेका छन् । त्यसैगरी प्रथम इस्माली राजा चावा भट्टका दुई पत्नी रहेको, तिनीहरूबीच मनमुटाव हुँदा जेठीले आफू अलग्गै बस्न राजासँग अर्जी गरेपछि राजाले एउटा थालिनो आकारको पाखो जग्गा दिएको, यसरी अर्जी गरेर प्राप्त जग्गालाई उनीहरूले अर्जीको जग्गा–अर्जी भन्दाभन्दै अर्जे भनिएको र उनका सन्ततिलाई अर्जेल–अर्ज्याल भन्दै अर्याल भन्न थालिएको तथा चावाराजाकी कान्छी पत्नीतर्फका सन्तानले पहिले उपाध्याय लेख्ने गरेकोमा पछि अर्ज्याल नै लेख्न

थालेको उल्लेख छ । उक्त पुस्तकमा इस्माली ठकुरी राजाहरूको वंशावली, गोरखाली सेनासँगको युद्ध, त्यो युद्धबाट इस्माली राजाहरू ससुराली सल्यानतर्फ लागेको लगायत महत्त्वपूर्ण घटना विवरणहरू उल्लेख गरिएको छ ।

## निष्कर्ष

युरोपेली मुलुकहरूले हजारौं वर्ष पुराना भौतिक सम्पदा र इतिहासलाई सुरक्षित राखेर पर्यटन प्रवर्धन गरिरहेको भए पनि नेपालमा दुई-तीन सय वर्षअघिको इतिहास र सम्पदाको समेत संरक्षण हुन सकिरहेको छैन । राजा पृथ्वीनारायण शाहले शुरू गरेको एकीकरण अभियानमा ५० भन्दा बढी राज्यहरू समाहित भएकोमा अधिकांश राज्यको भौतिक संरचना, इतिहास कालान्तरमा हराउँदै-मासिदै गएको देखिन्छ । कुनैबेला चौबीसी राज्यहरूमध्ये निकै शक्तिशाली मानिएको पर्वत राज्यको दरबार कहाँ थियो ? एकसमय मगरातमा निकै फैलिएको बल्ढेङगढी (बलीहाङ) कहिले स्थापित भयो ? भन्नेजस्ता कुराहरूमा प्रमाणको अभाव छ । यस परिवेशमा वि.सं. २०२५ सालमा स्थापित किरण पुस्तकालयले इस्मा र यस वरपरका बाईसीचौबीसी राज्यको अध्ययन-अन्वेषण गरी उपलब्ध सामग्रीहरू प्रकाशित गरेर हाम्रो इतिहासको संरक्षणमा महत्त्वपूर्ण योगदान गरेको छ । वि.सं. १५५० मा स्थापित इस्मा राज्यका राजाहरू, दरबार, तत्कालीन अवस्था, त्यसले समेटेको क्षेत्र, तत्कालीन राजनीतिक खिचातानी र कतिपय घटनाहरू, इस्मा राज्यको पतन जस्ता पक्षहरूमा हाम्रो पुरुषार्थ र किरण पुस्तकालयका प्रकाशनहरूले यथेष्ट जानकारी दिन्छन् । इस्माबारे विभिन्न विद्वान्हरूबाट गरिएका अध्ययन, अनुसन्धान र प्राप्त अभिलेखहरू हाम्रो पुरुषार्थमार्फत प्रकाशित नभएको भए आजसम्म नष्ट भइसकेका हुनसक्दथे ।

*किरण पुस्तकालयले इस्मा र यस वरपरका बाईसीचौबीसी राज्यको अध्ययन - अन्वेषण गरी उपलब्ध सामग्रीहरू प्रकाशित गरेर हाम्रो इतिहासको संरक्षणमा महत्त्वपूर्ण योगदान गरेको छ । वि.सं. १५५० मा स्थापित इस्मा राज्यका राजाहरू, दरबार, तत्कालीन अवस्था, त्यसले समेटेको क्षेत्र, तत्कालीन राजनीतिक खिचातानी र कतिपय घटनाहरू, इस्मा राज्यको पतन जस्ता पक्षहरूमा हाम्रो पुरुषार्थ र किरण पुस्तकालयका प्रकाशनहरूले यथेष्ट जानकारी दिन्छन् । इस्माबारे विभिन्न विद्वान्हरूबाट गरिएका अध्ययन, अनुसन्धान र प्राप्त अभिलेखहरू हाम्रो पुरुषार्थमार्फत प्रकाशित नभएको भए आजसम्म नष्ट भइसकेका हुनसक्दथे ।*

यति हुँदाहुँदै पनि इस्मा राज्यबारे हाम्रो पुरुषार्थमा प्रकाशित धेरैजसो लेख/प्रबन्धका सन्दर्भ सामग्रीहरू सीमित मात्र उल्लेख गरिएको, विषयवस्तु दोहोरिएको तथा केही नाम, तिथिमिति फरक-फरक उल्लेख भएकोले थप अध्ययन अनुसन्धान आवश्यक देखिन्छ । इस्मा राज्यको स्थापनापूर्वको अवस्था के कस्तो थियो ? कति जना भट्ट ब्राह्मणहरू इस्माका राजा भए ? सिंह ठकुरी (जो पछि रायठौर कहलाए) मध्येका पहिला राजाको नाम किन फरकफरक छ ? इस्माको नामकरण कसरी भयो ? इस्माको राजधानी शुरूमा अमरभूमि (हालको मर्भुङ्ग) वा खामदेशमा थियो वा थिएन ? जस्ता विषयहरूमा अध्ययन अनुसन्धान गरिएका लेखहरू हाम्रो पुरुषार्थले प्राथमिकता दिएर प्रकाशित गरेमा पाठकहरूको जिज्ञासा मेटिने देखिन्छ । आजसम्म इस्मा राज्यको इतिहास संरक्षण र प्रकाशनमा हाम्रो पुरुषार्थ र किरण पुस्तकालयको योगदान अतुलनीय छ । यस्तो स्तुत्य कर्मको अगुवाइ गर्नुहुने आदरणीय शशि सरसहित सहयोगी सबैजनालाई हार्दिक धन्यवाद ।

**लेखक - नेकपा (एमाले), लुम्बिनी प्रदेश कमिटीका पूर्व सदस्य ।**

ooo


# सूचना !

- **फोहर सकेसम्म कम उत्पादन गरौं, जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं ।**
- **जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, सम्बन्धविच्छेद एवम् बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।**
- **सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने सूचीमा छ/छैन प्रत्येक वर्षको साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।**
- **गाउँपालिकामा तोकिएका कर शुल्कहरू समयमै बुझाई विकास निर्माणमा सक्रिय सहभागी बनौं ।**
- **खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ॥**

अनुरोधक

**सत्यवती गाउँपालिका**

**जोहाङ्ग, गुल्मी**

# हाम्रो पुरुषार्थ त्रैमासिक अङ्कहरूको समीक्षा



घनश्याम भण्डारी

## लेखसार

"हाम्रो पुरुषार्थ" साहित्यिक पत्रिका हो । यसको वि.सं. २०३० सालमा पहिलो अङ्क प्रकाशित भएको थियो । गुल्मी जिल्लामा किरण पुस्तकालय छ । यस पुस्तकालयले २०३० सालको देवकोटा जयन्ती (लक्ष्मी-पूजा)का दिन आफ्नो वार्षिक मुखपत्रका रूपमा 'हाम्रो पुरुषार्थ' को प्रथम अङ्क प्रकाशन गरेको थियो । यो पत्रिका वि.सं. २०३० बाट २०३४/३५ सम्म वार्षिक रूपमा र २०३५/२०३६ देखि गुल्मी जिल्ला कार्यालयमा दर्ता भएर अर्धवार्षिक रूपमा प्रकाशन गर्न थालियो । यो पत्रिका २०३० बाट हाल २०८० सम्म निरन्तर रूपमा प्रकाशन गरिएको छ । यसका वि.सं. २०७०/०७१बाट त्रैमासिक अङ्कहरू प्रकाशन भइरहेका छन् । किरण पुस्तकालय तम्घास प्रकाशक र शशि पन्थी सम्पादक रही प्रथम अङ्क प्रकाशन भएको पचासौं वर्ष वि.सं. २०८० मा १०० औं (शताङ्क) अङ्क प्रकाशन गर्न थालिएको छ । यहाँ "हाम्रो पुरुषार्थ साहित्यिक पत्रिकाका त्रैमासिक अङ्कका मात्र वस्तुपरक वैज्ञानिक एवम् निष्पक्ष समालोचनात्मक रूपमा समीक्षा गर्ने जमर्को गरिएको छ ।

## विषय प्रवेश

"हाम्रो पुरुषार्थ" गुल्मी जिल्लामा विगत ५० वर्षदेखि अटुट रूपमा प्रकाशन भइरहेको साहित्यिक पत्रिका हो । गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा वि.सं. २०२५ साल कार्तिक २० गते किरण पुस्तकालय स्थापना गरिएको थियो । साहित्यकार एवम् समाजसेवी व्यक्तित्व श्री शशि पन्थी संस्थापक भई स्थापना भएको किरण पुस्तकालय यस पत्रिकाको प्रकाशक हो । शशि पन्थी अङ्क १ देखि १०० औं अङ्कसम्मकै सम्पादक हुनुहुन्छ । अङ्क १ का प्रधान सम्पादक शशि पन्थी, सम्पादक चिरञ्जीवी शर्मा र सहायक सम्पादक भेषबहादुर कुँवर हुनुहुन्थ्यो । यसको मोल रू.१ (एक) मात्र राखिएको थियो ।

वि.सं. २०३० सालमा किरण पुस्तकालयबाट वार्षिक रूपमा 'हाम्रो पुरुषार्थ' साहित्यिक पत्रिकाको प्रकाशन प्रारम्भ भएपछि त्यसले गुल्मीको साहित्यिक

पत्रकारितामा एउटा गौरवशाली इतिहास निर्माण गरेको छ । २०३६ सालदेखि अर्धवार्षिक रूपमा नियमित प्रकाशित भइरहेको यस पत्रिकाको नियमित प्रकाशन र सम्पादनमा शशि पन्थी, दीन पन्थी, भेषबहादुर कुँवर, नारायण पन्थी, भुवन अर्याललगायतको भूमिका महत्त्वपूर्ण रहेको छ ।

'हाम्रो पुरुषार्थ' ले गुल्मीबाट प्रकाशित भई राष्ट्रिय स्तरको 'क' वर्गको साहित्यिक पत्रिकाको हैसियत प्राप्त गरेको छ । गुल्मी जिल्ला कार्यालयबाट किरण पुस्तकालयले २०३५/१२/१४ मा अर्धवार्षिक साहित्यिक पत्रिकाका रूपमा प्रकाशन गर्ने प्रमाणपत्र प्राप्त गरेको थियो । गुल्मी जिल्ला कार्यालयमा यसको दर्ता नं.१/२०३५/३६ छ । वि.सं. २०३६ देखि अर्धवार्षिक र २०७० देखि त्रैमासिक रूपमा प्रकाशन गर्न थालिएको छ ।

यस समीक्षात्मक लेखमा "हाम्रो पुरुषार्थ" साहित्यिक पत्रिकाको प्रकाशनका विभिन्न घटना र वि.सं. २०७० सालदेखि त्रैमासिक रूपमा प्रकाशन भएका अङ्कहरू ६० देखि ९९ सम्मका समीक्षा र पत्रिकालाई केही सुझाव प्रस्तुत गरिएको छ ।

## विद्यमान अवस्थाको विश्लेषण

यस लेखमा "हाम्रो पुरुषार्थ" साहित्यिक पत्रिकाको समीक्षा गर्ने प्रयास गरिएको छ । पत्रिका समीक्षा सिर्जना होइन । यसमा सिर्जनामाथि पाठकीय दृष्टिकोण वा समालोचनात्मक दृष्टिकोण प्रस्तुत हुने गर्दछ । पत्रिका समीक्षा गहन सैद्धान्तिक विश्लेषण नभएर पत्रिकाको परिचयात्मक प्रस्तुति मात्र हो । यसमा पत्रिकाको बाह्य स्वरूपको चिनारीका साथ आन्तरिक विषयका बारेमा परिचयात्मक जानकारी दिने कार्य गरिन्छ । "हाम्रो पुरुषार्थ" साहित्यिक पत्रिकाको शक्ति र सीमाका बारेमा जानकारी प्रस्तुत गरेर यस पत्रिकाका जिज्ञासु पाठकहरूमा पठनका लागि उत्प्रेरित गर्ने उद्देश्यले यो समीक्षा लेखिएको छ ।

यस पत्रिकामा विशिष्ट स्थापित लेखकदेखि नवोदित लेखकका लेख, रचना प्रकाशन हुने गर्दछन् । वि.सं. २०८० मा पत्रिका प्रकाशन सुरू भएको ५० वर्ष भएको छ । पत्रिकाको १०० औं अङ्क शताङ्क प्रकाशन हुन गइरहेको छ । यो अङ्क विशेषाङ्कका रूपमा रहेको छ । सम्पादकज्यू र सम्पादन मण्डल एवम् किरण पुस्तकालय परिवारको अथक मिहिनेत र लगावबाट यो सम्भव भएको हो ।

यहाँ "हाम्रो पुरुषार्थ" साहित्यिक पत्रिकाका विशिष्ट विद्वान् र नवोदित रचनाकारका लेख, रचना, अध्ययन गरी तटस्थ, तथ्यपरक र वस्तुपरक विश्लेषणलाई ध्यान दिई समीक्षा गरिएको छ । अनावश्यक प्रशंसा वा निन्दा र यस पत्रिकाका स्रष्टाका रचनालाई महान् स्रष्टासँग असमान तुलना पनि गरिएको छैन । समीक्षकको बौद्धिक क्षमताले भ्याएसम्म लेख, रचनाको चुरो पहिल्याउन

खोजिएको छ । वस्तुता, सत्यता र प्रमाणहरूसँग खेली निष्कर्ष निकाल्ने सानो प्रयास मात्र गरिएको छ । यस समीक्षामा निम्न लिखित कुराहरूमा आधारित भई विषयवस्तु उठान गरी प्रस्तुत गरिएको छ :

## (क) "हाम्रो पुरुषार्थ" त्रैमासिक पत्रिकाको ऐतिहासिक पृष्ठभूमि

गुल्मी जिल्लाको तत्कालीन लक्ष्मीपुर गाउँ पञ्चायत (हालको रेसुङ्गा नगरपालिका, तम्घास) मा वि.सं. २०२५ सालमा त्यहाँका साहित्यप्रेमी शशि पन्थीको सक्रियतामा किरण पुस्तकालयको स्थापना गरिएको थियो । यस पुस्तकालयको मुखपत्रका रूपमा वि.सं. २०३० सालको देवकोटा जयन्ती (लक्ष्मी-पूजा) का दिनबाट किरण पुस्तकालय प्रकाशक भई "हाम्रो पुरुषार्थ" को प्रकाशन प्रारम्भ भयो । यस साहित्यिक पत्रिकाका प्रधान सम्पादक शशि पन्थी, सम्पादक चिरञ्जीवी शर्मा र सहायक सम्पादक भेषबहादुर कुँवर हुनुहुन्थ्यो । मूल्य रू.१/-रहेको यस पहिलो अङ्कमा ५४ पृष्ठ रहेका छन् । आर्थिक अभाव, लेख संकलनमा कठिनाइ, लामो तयारीका लागि समय अभाव आदि कारणले यो अङ्क १०० पृष्ठको बनाउन खोज्दा खोज्दै छोटो भएको यसको सम्पादकीयमा उल्लेख छ । पुस्तकालय परिवारले आँट र साहस गरी गुल्मी जिल्लाबाट साहित्यिक पत्रिकाको प्रकाशन सुरू गर्नु सराहनीय कार्य हो । यसलाई परिस्कृत गर्दै वि.सं. २०३५/१२/१४ मा जिल्ला कार्यालयमा दर्ता भई २०३६ देखि अर्धवार्षिक रूपमा प्रकाशन गर्न थालियो । वि.सं. २०३६ देखि २०६९/०७० सम्म अर्धवार्षिक रूपमा प्रकाशन भएको "हाम्रो पुरुषार्थ" ले २०७० को सम्पूर्णाङ्क ६० देखि त्रैमासिक रूपमा प्रकाशन भएको देखिन्छ ।

"हाम्रो पुरुषार्थ" का पहिला सातओटा अङ्क वार्षिक रूपमा प्रकाशन भएको, वि.सं. २०३६ देखि २०६९ सम्म अङ्क आठदेखि ५९ सम्म अर्धवार्षिक अङ्क प्रकाशन भए । वि.सं. २०७० सालदेखि हालसम्म अङ्क ६० देखि हाल १०० औं शताङ्क अङ्कसम्म त्रैमासिक रूपमा प्रकाशन भएका छन् ।

कुनै पनि साहित्यिक, अनुसन्धानात्मक र खोजमूलक पत्रिका यति लामो समयसम्म अटुट रूपमा प्रकाशन सामान्य रहर र मिहिनेतले सम्भव हुँदैन । यो सम्पादक, सम्पादक मण्डल र किरण पुस्तकालय परिवारको उच्च त्याग, तपस्या र निरन्तर प्रयासको परिणाम हो ।

## (ख) पत्रिकाका सम्पादक र सम्पादक मण्डलसम्बन्धी जानकारी

किरण पुस्तकालय तम्घास गुल्मी प्रकाशक भई प्रकाशित हुने "हाम्रो पुरुषार्थ" साहित्यिक पत्रिकाका सुरूका अङ्कका प्रधान सम्पादक शशि पन्थी हुनुहुन्थ्यो । सम्पादकमा चिरञ्जीवी शर्मा र सहायक सम्पादक भेषबहादुर कुँवर रहनु भएको थियो ।

यस पत्रिकाको अङ्क–८ देखि प्रधान सम्पादक नराखी शशि पन्थी सम्पादक, दीन पन्थी सह-सम्पादक, सहायक सम्पादक भेषबहादुर कुँवर, भुवनप्रसाद अर्याल र सहयोगी मण्डलमा गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. रहनुभएको छ त्यसैगरी, वर्ष ५०, सम्पूर्णाङ्क ९७ को सम्पादक मण्डलमा अन्य सबैजना यथावत् हुनुहुन्छ भने सहायक सम्पादकमा भुवनप्रसाद अर्याल मात्र हुनुहुन्छ ।

*कुनै पनि साहित्यिक, अनुसन्धानात्मक र खोजमूलक पत्रिका यति लामो समयसम्म अटुट रूपमा प्रकाशन सामान्य रहर र मिहिनेतले सम्भव हुँदैन । यो सम्पादक, सम्पादक मण्डल र किरण पुस्तकालय परिवारको उच्च त्याग, तपस्या र निरन्तर प्रयासको परिणाम हो ।*

## (ग) रचनाकारसम्बन्धी विवरण

"हाम्रो पुरुषार्थ" साहित्यिक पत्रिका वि.सं. २०३० सालदेखि निरन्तर रूपमा वार्षिक, अर्धवार्षिक र त्रैमासिक रूपमा प्रकाशन भइरहेको छ । शिक्षा र साहित्यको विकासमा नै सभ्यता र संस्कृतिको उत्थान सम्भव छ । नेपाली भाषा र साहित्यको सेवामा जिल्ला र गाउँका कुना-कुनाबाट पनि केही योगदान दिन सकियोस् र छिमेकी साहित्यकारहरूले आफ्नो प्रतिभाको विकास गर्न पाऊन् भन्ने उद्देश्य लिएर "हाम्रो पुरुषार्थ" साहित्यिक पत्रिकाको प्रकाशन थालिएको थियो । त्यसरी गाउँमा छिपेका साहित्यकारको खोजी गर्ने कार्य आफैमा जटिल कार्य हो तर पनि यो पत्रिका यति लामो समयसम्म निर्धारित समयमा नै प्रकाशन भइरहनु, साहित्यकार, लेखक र रचनाकारका मायाले गर्दा नै हो ।

यस पत्रिकाको भेटघाटमा अन्तर्वार्ता दिनुहुने विशिष्ट विद्वान्, तथा अन्तर्वार्ता लिने सम्पादक, सम्पादक मण्डलका सदस्यहरू तथा विभिन्न स्थानका पत्रिकाका प्रतिनिधि विशिष्ट साहित्यकार र रचनाकार हुनुहुन्छ । हरेक जसो अङ्कमा आफ्ना लेख, रचना दिने स्थापित लेखक, कवि र साहित्यकार हुनुहुन्छ । केही नवोदित रचनाकारका रचनाहरू पनि पत्रिकामा प्रकाशित भएको देखिन्छ ।

## (घ) पत्रिकाको विशेषता

"हाम्रो पुरुषार्थ" त्रैमासिक साहित्यिक पत्रिका किरण पुस्तकालय तम्घास गुल्मीले प्रकाशन गर्ने पत्रिका हो । यो विगत ५० वर्षदेखि निरन्तर रूपमा प्रकाशन भइरहेको छ । यस पत्रिकाको १०० औं अङ्क हजुरको हातमा छ । यस पत्रिकाका मुख्य विशेषता निम्न अनुसार छन् :

- प्रेस काउन्सिल नेपालको मूल्याङ्कनको आधारमा "क" वर्गको राष्ट्रिय साहित्यिक पत्रिका ।
- सबै अङ्कको प्रकाशक किरण पुस्तकालय, तम्घास गुल्मी रहेको छ ।
- वर्ष १, अङ्क १ देखि वर्ष ५०, अङ्क १०० सम्मका प्रधानसम्पादक र सम्पादक साहित्यकार एवम् वरिष्ठ समाजसेवी शशि पन्थी हुनुहुन्छ ।
- धेरै अङ्क साधारण अङ्क र केही विशेषाङ्कका रूपमा प्रकाशित छन् ।
- प्रायः साधारण अङ्क १०० देखि ७६ पृष्ठका र मूल्य रू.५०/-, १००/-, १५०/- र विशेषाङ्क ३०० देखि ४+१२+६७६=६९२ पृष्ठका र मूल्य रू.५००/-, ७००/- राखिएका छन् ।
- वर्ष १, अङ्क १ को पृष्ठ संख्या ५४ र मूल्य रू.१ थियो । जुन २०३० मा प्रकाशित भएको थियो ।
- "हाम्रो पुरुषार्थ" त्रैमासिकका सबै अङ्कमा काठमाडौं प्रतिनिधि डा.दुर्गाप्रसाद अर्याल, डा.लक्ष्मीकान्त पन्थी, गोविन्दप्रसाद पोखरेल, भानुभक्त मरासिनी, ध्रुवराज पन्थी र कृष्णप्रसाद भण्डारी "मुमुक्षु" हुनुहुन्छ । पाल्पा प्रतिनिधि कमल खत्री, रूपन्देही प्रतिनिधि गोपाल पन्थी, रुरु शर्मा, कविता पन्थी, माधव गौतम रहनु भएको छ । चितवन प्रतिनिधिमा पूर्णप्रसाद अधिकारी, दाङमा डा. अर्जुनप्रसाद भट्टराई र पोखरामा शङ्कर ज्ञवाली प्रतिनिधि भएको जनाइएको छ ।

त्यस्तै विदेश प्रतिनिधिमा निम्न व्यक्तित्वहरू हुनुहुन्छ ।

| | |
|---|---|
| डा. मणिलाल शर्मोपाध्याय/डा.गोपालप्रसाद शर्मा | -वाराणसी, भारत |
| महेन्द्रकुमार लम्साल | - अस्ट्रेलिया |
| हरिनारायण सापकोटा/महेश आचार्य | - अमेरिका |
| शङ्करप्रसाद शास्त्री | - देहरादून, भारत |
| विष्णु शर्मा | -आसाम, भारत |

- सम्पादकीय शीर्षक राखी सान्दर्भिक बेला र विषयसँग छोटो र मिठो भाषामा लेखिने गरेको छ ।
- विषय-सूचीलाई "कुटुरो फुकाउँदा" शीर्षकमा राखिएको छ ।
- प्रायः सबै अङ्कको भेटघाट शृङ्खलामा विशिष्ट विद्वान्सँग विविध विषयवस्तुमा आधारित भई अन्तर्वार्ता लिई प्रकाशन गरिएको छ ।

- कविता, कथा, लघुकथा, गजल, मुक्तक, अनुसन्धानात्मक लेख, आलेख, पुस्तकका समालोचना आदि विषयवस्तु प्रकाशन गरिएका छन् ।
- हरेक अङ्कमा स्थायी स्तम्भहरू रहेका छन् ।
- स्थायी स्तम्भमा-भेटघाट, सम्पादकीय, पुस्तकालयपरिचय, किरण पुस्तकालयको पातो, नौलो सृष्टि : सानो दृष्टि, यताउताबाट, पाठक-प्रतिक्रिया आदि समेटिएका छन् ।
- पत्रिकालाई पुस्तकाकार रूप दिइएको छ ।
- हरेक अङ्कका आवरण रोचक र सन्देशमूलक छन् ।
- पुराना पुस्ताका साहित्यकारलाई सम्मान र नयाँ पुस्ताका स्रष्टालाई प्रोत्साहन गरिएको छ ।
- छपाइ र मूल्य ठिकै छ ।
- लेख, रचना र प्रकाशित सामग्री समय सान्दर्भिक, मर्मस्पर्शी र अत्यन्तै प्रेरणादायी छन् ।
- हरेक अङ्कमा पाठकका प्रतिक्रिया छापिएका छन् ।

## (ङ) "हाम्रो पुरुषार्थ" पत्रिकाका त्रैमासिक अङ्कहरूको समीक्षा

"हाम्रो पुरुषार्थ" साहित्यिक त्रैमासिक पत्रिका हो । यो पत्रिका किरण पुस्तकालय तम्घास गुल्मीले प्रकाशन गर्दछ । यस पत्रिकाका ९९ अङ्क प्रकाशन भइसकेका छन् । पत्रिका प्रकाशन हुन सुरू भएको ५० औं वर्ष पुग्दा १०० औं अङ्क विशेषाङ्कका रूपमा प्रकाशित भई हजुरको हातमा आइसकेको छ ।

यो पत्रिका २०३० देखि २०३५ सम्म वार्षिक रूपमा प्रकाशन भयो । वि.सं. २०३६ देखि २०६९/७० सम्म अर्धवार्षिक रूपमा प्रकाशन भएको थियो । २०७० सालको कार्तिक-पुसमा पत्रिका प्रकाशन हुन थालेको ४१ वर्षको अङ्क १, सम्पूर्णाङ्क ६० बाट यो त्रैमासिक रूपमा प्रकाशन हुन थाल्यो । समीक्षकलाई यस पत्रिकाका सबै ९९ वटै अङ्कको समीक्षा गर्ने इच्छा हुँदाहुँदै पनि सबै अङ्क अध्ययन गर्ने समयाभावले गर्दा त्रैमासिक रूपमा प्रकाशन भएका अङ्क अर्थात् २०७० सालदेखि हालसम्म प्रकाशित पत्रिकाको मात्र संक्षेपमा समीक्षा गरिएको छ ।

"हाम्रो पुरुषार्थ" को वर्ष ४१, सम्पूर्णाङ्क ६० मा त्रैमासिक अङ्कका रूपमा भानु विशेषाङ्क प्रकाशित भएको छ । यस पत्रिकाको सम्पादकीय मिठो भाषामा "भानुको उज्यालोमा" शीर्षकमा लेखिएको छ । जसमा छोटा वाक्यमा पढ्दा आनन्द आउने गरी भानुले नेपाली भूगोल, ढुङ्गा, माटो र नेपाली भाषामा प्राण भरेको बताइएको छ । भाषा संस्कृति र साहित्यिक मूल्य र मान्यताका सन्देश फैलाउने

भानुभक्तलाई पुरुषार्थी भनिएको छ । उनको पुरुषार्थलाई नमन र श्रद्धाको श्रद्धाञ्जलि पनि दिइएको छ ।

यस अङ्कमा प्रा.डा. जयराज आचार्यको अन्तर्वार्ता राखिएको छ । प्रा.डा.आचार्यले मनुष्यको व्यक्तित्व निर्माणमा पारिवारिक संस्कार र बाह्य परिवेश दुबैको भूमिका हुने बताएका छन् । सामाजिक या राजनीतिक परिवर्तनमा आन्तरिक कारण संस्कार र बाह्य कारण वातावरणले भूमिका खेल्ने बताइएको छ । उनले सुखकर दशवटा धर्म हुने बताएका छन् ।

नौवटा स्थायी स्तम्भका सामग्री र ५१ वटा लेख, रचना समेटिएको यस अङ्कमा भानुभक्तको व्यक्तित्व, कृतिको अध्ययन र अनुसन्धान गरिएका लेख राखिएका छन् । आफ्नो ५६ वर्षे जीवन कालमा आदिकविले संस्कृतबाट नेपाली भाषामा पुर्‍याएको योगदान अतुलनीय रहेको विचार विभिन्न लेखकहरूले उल्लेख गरेका छन् । भानुभक्त र उनका कृतिका सम्बन्धमा अनुसन्धान गर्नेका लागि यो पत्रिका उपयोगी छ ।

वि.सं. २०७०/०६/२१ मा जिल्ला प्रशासन कार्यालय गुल्मीबाट त्रैमासिक पत्रिकाका रूपमा प्रकाशन गर्ने अनुमति दिइएकोले यसले आफूलाई त्रैमासिक पत्रिकाका रूपमा प्रकाशन गरेको छ ।

गुल्मी तम्घासबाट निस्कने साहित्यिक पत्रिका "हाम्रो पुरुषार्थ" को वर्ष ४१, अङ्क ६१ मा सम्पादकीय "नुनका बिउहरू" शीर्षकमा लेखिएको छ । यसमा आदिकवि भानुभक्तले २०० वर्षसम्म उम्रिने विचार विद्याका बिउहरू रोपेका हुनाले पुराना बनेनन् । त्यसैले, हामीले नुनका नउम्रने बिउ नरोपौं । भाषा, साहित्य, विचार, भावना आदिका माध्यमबाट राष्ट्रको प्रगति गरौं भन्ने सार यस सम्पादकीयको छ ।

विभिन्न २३ वटा उत्कृष्ट लेख, रचना प्रकाशित भएको यस अङ्कमा दीन पन्थीको बोटेमाझीसम्बन्धी लेख, उत्तर कुमार पराजुलीको "को बाठो" ? पठनीय छन् । पराजुलीको 'को बाठो ?' लेख, सामाजिक एकताका लागि मर्मर्स्पशी लाग्यो । कोही बोलेन वा कम बोल्यो भन्दैमा लाटो र ज्यादा बोल्यो भन्दैमा बाठो हुँदैन । जो नबोली वा कम बोलेर पनि सबैको कुरा बोलिदिन्छ, त्यो बाठो हो भन्ने निष्कर्ष निकालिएको यो लेख साह्रै मनपर्दो छ ।

पुस्तकालय परिचयमा डडेलधुरा सार्वजनिक पुस्तकालयको बारेमा लेखिएको छ । जसको ध्येय जिल्लाको शैक्षिक अवस्थामा सकारात्मक परिवर्तन ल्याउने र लक्ष्य सबैमा पढ्ने बानीको विकास गर्ने रहेको छ । समग्रमा ९२ पृष्ठको यो पत्रिका उत्कृष्ट लेख-रचनाले भरिएको छ ।

"हाम्रो पुरुषार्थको" २०७१ सालको वर्ष ४१ सम्पूर्णाङ्क ६२, वैशाख–आषाढको अङ्कमा "नगर सभ्यताका पाइलाहरू" शीर्षकमा गुल्मीको तम्घास रेसुङ्गा नगरपालिका बनेको कुरालाई सम्पादकीय राखिएको छ ।

साहित्यकार बूँद रानालगायत १७ जना रचनाकारका लेख, रचना समावेश भएको यो पत्रिका ९२ पृष्ठको छ । यस अङ्कमा "कलियुगका महत्त्वपूर्ण तीर्थस्थल : प्रयाग, शालग्राम, देवघाट धामको वैशिष्ट्य" आचार्य नारायणप्रसाद शर्मा "देवबाबा"ले लेख्नुभएको छ । यो लेख ज्ञानवर्धक छ । यो लेखको आकार लामो छ । यसमा देवघाट हामी सम्पूर्ण हिन्दुहरूको सर्वोच्च तीर्थस्थल रहेको बताइएको छ । भानु पुस्तकालय रम्घा–चुँदी तनहूँको बारेमा परिचय गराइएको छ । पाठक–प्रतिक्रियामा शङ्करप्रसाद गौतम, बलेटक्सार–१ सिंदुरे गुल्मीको "हाम्रो पुरुषार्थ" पत्रिकाको ६० औं अङ्क भानु विशेषाङ्कका बारेमा समालोचना टिप्पणी उत्कृष्ट छ ।

हाम्रो पुरुषार्थको वर्ष ४१ अङ्क ६३, श्रावण–आश्विन, २०७१ को त्रैमासिक अङ्क "विश्वेश्वर विशेषाङ्क" का रूपमा प्रकाशित छ । आवरण पृष्ठमा विश्वेश्वरप्रसाद कोइरालाको तस्वीर राखिएको छ । "एउटा युगको यादमा" शीर्षकमा सम्पादकीय लेखिएको छ । बी.पी. जन्मेको १०० वर्ष र दिवंगत भएको ३३ वर्ष भएको उल्लेख छ । चिन्न सकेन देशले बी.पी.लाई मौकामा उल्लेख गरिएको सम्पादकीय मार्मिक छ । त्यस्तै, सम्पादकीयमा बी.पी.लाई महापुरुष, युगद्रष्टा, एउटा युग पुरुष र कालले नखाने साहित्यिक कृतिका स्रष्टा र साहित्यकारप्रति यो अङ्क समर्पित छ भनिएको छ । पैंसठ्ठी जना स्रष्टाका बी.पी. कोइरालाका कृतिसँग सम्बन्धित लेख, रचना समावेश भएको यो विशेषाङ्क सामान्य त्रैमासिक पत्रिका मात्र नभएर ऐतिहासिक दस्तावेज हो । बी.पी. कोइरालाका बारेमा बुझ्न, चिन्न, जान्न, अध्ययन अनुसन्धान गर्न चाहनेहरूलाई यो अङ्क महत्त्वपूर्ण स्रोत सामग्री बनेको छ । यो अङ्क ४९६ पृष्ठको छ । बी.पी. कोइरालाका विभिन्न साहित्यिक कृतिहरूको समीक्षा र अनुसन्धान गर्न खोज्ने जोकोहीले र साहित्यमा रुचि हुनेले एकपटक यो अङ्क पढ्नै पर्ने छ । यो अङ्क नेपाली साहित्यका विद्यार्थी, राजनीतिका जिज्ञासु र अन्वेषकहरूका लागि पठनीय, मननीय र बहुउपयोगी रहेको छ । यसमा प्रकाशित सबै लेख, रचनाहरूले बी.पी.को पारिवारिक पृष्ठभूमिदेखि राजनीतिक, साहित्यिक योगदानको चर्चा गरेका छन् ।

यस पत्रिकाले साहित्यकार विश्वेश्वरप्रति श्रद्धासुमन मात्र प्रकट नगरी उनको व्यक्तित्व, कृतित्त्व र योगदानको मूल्याङ्कन गर्ने कार्य गरेको हुनाले यो अङ्क एउटा ऐतिहासिक दस्तावेज बनेको छ ।

"हाम्रो पुरुषार्थ" को सम्पूर्णाङ्क ६४ मा "देवकोटामा समर्पण" शीर्षकको सम्पादकीय रहेको छ । यस पत्रिकामा महाकवि देवकोटाको प्रेरणाबाट किरण पुस्तकालय खुलेको जनाइएको छ । नेपालका भाषाहरूको वर्तमान स्थिति शीर्षकको डा.

यदुनन्दन उपाध्यायको लेखदेखि सुरू भएर सुन्दरी जल शीर्षकको वियोगी बुढाथोकीको लेखसम्म ६ वटा लेख समावेश छन् । यसमा ६० पृष्ठ रहेका छन् । पुस्तकालय परिचयमा झापामा रहेको त्रिफला पुस्तकालयको बारेमा उल्लेख छ । जसका संस्थापक श्री प्रेमप्रकाश पोखरेल "फलाहारी" हुनुहुन्छ । फलाहारीले फल मात्र आहार गर्ने, गेरू वस्त्रधारी हुनुहुन्छ । उहाँले मेचीकाली यात्रा गर्दा संकलन गरेका पुस्तकबाट २०५३ साल वैशाख १ गते पुस्तकालय स्थापना गर्नु भएको थियो । उहाँका अनुसार पुस्तकालयले मस्तिष्कको उपचार गर्दछ ।

वि.सं. २०७१ मा भएको "हाम्रो पुरुषार्थ" को वर्ष ४२ अङ्क ६५ मा "हाम्रो चिन्ता" शीर्षकमा सम्पादकीय लेखिएको छ । यसमा नेताको सत्तामोह, विश्वासको खडेरी, पौने तीन कोटि अटाउने बलियो जग हालेको देशरूपी घर बन्नेमा चिन्ता देखाइएको छ । दीन पन्थीको 'पृथ्वी र मान्छे' शीर्षकको लेखमा सबै जीवजन्तु र मानिसको पृथ्वी साझा घर हो । यी हात्तीदेखि भुसुनासम्मको घर हो । त्यसैले, मान्छेले मात्र पृथ्वीलाई बपौती र पेवा ठान्नु हुँदैन भनिएको छ । उत्तरकुमार पराजुलीले बलत्कारको समाधान सुशिक्षामा देख्नुभएको छ । कपिल अज्ञातजीको शौर्यगाथा काव्यसम्बन्धमा संक्षिप्त टिप्पणीलगायत स्थायी स्तम्भबाहेक १४ वटा लेख-रचना समावेश भएको ६० पृष्ठको यो अङ्क पठनीय छ ।

सम्पूर्णाङ्क ६६, २०७२ मा प्रकाशित भएको थियो । नेपालमा २०७२ साल वैशाख १२ गते ७-८ रेक्टर स्केलको गोर्खाको बारपाक केन्द्रविन्दु भएको ठूलो भूकम्प गयो । धेरै जनधनको क्षति भयो । यसै विषयवस्तु अर्थात्-"भूकम्प कहर" शीर्षकमा सम्पादकीय लेखिएको यस अङ्कको आवरण पृष्ठमा नेपालको सानको रूपमा काठमाडौंमा रहेको धरहरा ढल्दै गरेको तस्वीर राखिएको छ । यस अङ्कमा ६८ पृष्ठमा १७ वटा लेख, रचना र सातवटा स्थायी स्तम्भ समेटिएको यो अङ्क अत्यन्त रोचक र गहन छ । डा.तुलसी भट्टराईको बी.पी. निर्दिष्ट समाजवाद निबन्धमा समाजवादले एउटा चेतनशील, सभ्य, शिष्ट र योग्य नागरिक बन्न मद्दत दिन्छ भन्ने परिभाषा दिनुभएको छ । डा.लक्ष्मीकान्त पन्थीले हाम्रो समाजमा स्त्री एवम् पुरुषले आ-आफ्नो असल चरित्र र कर्तव्यको पालन गर्नु नै सदाचार हो भन्नुभएको छ । दीन पन्थीले दानधर्म नगर्ने मानिस चोर हो, दान गर्नाले यश, उदारता उत्पन्न हुन्छ भन्नुभएको छ । श्रीकृष्ण उपाध्यायको शोक, लहरी शीर्षकको कवितामा महाभूकम्पको असर र पाएको पीडा व्यक्त गरी लेखहरू टुङ्गिएका छन् ।

पुस्तकालय परिचयमा टीकापुर सामुदायिक पुस्तकालय कैलाली उल्लेख छ । यसमा महिलाका लागि कम्प्यूटर कक्षा, बालबालिकाका लागि खेलौना र पाठ्यसामग्री उपलब्ध छन् । यी अन्य पुस्तकालयका लागि अनुकरणीय हुन सक्दछन् । महाभूकम्पबाट किरण पुस्तकालयका भवन चर्किएका फोटाहरू किरण

पुस्तकालयको पातोमा समेटिएको छ । यस प्रकाशनको सकारात्मक प्रभावस्वरूप किरण पुस्तकालयले नयाँ भवन पाएको हुनुपर्दछ ।

हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ६७, २०७२ मा प्रकाशित सम्पादकीय "लोकतन्त्र फुलोस्, फलोस्" शीर्षकमा लेखिएको छ । नेपालमा वर्षौंको संघर्षपछि नेपाली जनताले गणतन्त्रात्मक नेपालको संविधान आफै बनाएर आफ्नो राजा आफै भएको कुरा उल्लेख गरिएको छ । यस अङ्कमा १९ वटा लेख-रचना र आठओटा स्थायी स्तम्भका सामग्री ८४ पृष्ठमा समेटिएका छन् । लेख-रचना समय सान्दर्भिक र मर्मस्पर्शी छन् । यसको अन्त्य भागमा आजीवन सदस्यहरूको परिचय दिइएको छ । पत्रिका प्रकाशनसँगै आजीवन सदस्य पनि धमाधम बढेको देखिन्छ ।

मिलन समीरको फिङ्गलको संरचनात्मक स्वरूप शीर्षकको लेखमा कवि शिव गौतमले श्रीगणेश गरेको नेपाली कविताको फरक शैली चाखलाग्दो छ । अमेरिकाबाट शिव गौतमले 'मधुपर्क' मासिकमार्फत नेपाली साहित्यमा भित्र्याइएको' फिङ्गल' लेखनमा नेपालमै रहेर आफ्नो कलम चलाउने प्रथम फिङ्गल कवि स्याङ्जाली युवा स्रष्टा शम्भु अर्याल रहेको बताइएको छ । किरण पुस्तकालयको पातोमा "वार्षिक प्रतिवेदन" प्रस्तुत गरिएको छ ।

हाम्रो पुरुषार्थको वर्ष ४३ को सम्पूर्णाङ्क ६८, २०७२ सालको कार्तिक पुस त्रैमासिक रूपमा प्रकाशित भएको छ । "ज्योर्तिमय बाटोमा" शीर्षकको सम्पादकीय रहेको यस अङ्कमा ६८ पृष्ठ छन् । स्थायी स्तम्भबाहेक १४ वटा लेख-रचना समावेश गरिएको यस अङ्कमा नेपाल रेडक्रस सोसाइटीका महामन्त्री देवरत्न धाख्वासँग सम्पादक शशि पन्थीले समाज विकास ; साहित्य र रेडक्रसका बारेमा गरेको कुराकानीसहितको अन्तर्वार्ता रोचक छ । गजल, मुक्तक, लघुकथा, कविता र लेख-रचना समेटिएको यस अङ्कमा किरण पुस्तकालयको नयाँ विधान २०७२ पुस १ गतेदेखि लागू हुने गरी प्रकाशन गरिएको छ । यसमा १० वटा परिच्छेद र २७ वटा नियम रहेका छन् । पत्रिका पठनीय छ ।

सम्पूर्णाङ्क ६९, वर्ष ४३, २०७२ मा प्रकाशित पत्रिकामा "हाम्रो पुरुषार्थका प्रश्नहरू" शीर्षकमा सम्पादकीय लेखिएको छ । आठओटा स्थायी स्तम्भका सामग्री र १७ वटा लेख, रचना समेटिएको यस अङ्कमा अजम्बरध्वज खातीसँग लिइएको अन्तर्वार्ता राखिएको छ । वृद्ध साहित्यकारको अनुभव यसमा देखिएको

*नेपालको पहिलो पुस्तकालय "पुस्तक चिताइ तहबिल" राजा गीर्वाण युद्धविक्रम शाहको पालामा वि.सं.१८६९ भाद्र १५ गते लालमोहर जारी भई खुलेको कुराको जानकारीसहित भारद्वाजले पुस्तकालय परिचयमा उल्लेख गर्नुभएको छ ।*

छ । नारायण झवाली, नारद गौतम, महेन्द्र पन्थी आदिका कविता पठनीय छन् । डा.बाबुराम झवाली र उत्तरकुमार पराजुलीका लेखहरू राम्रा छन् । यस पुस्तकालयबाट प्रकाशित १३ वटा पुस्तकका र लेखकका नाम आवरण पृष्ठको पछिल्लो भागमा जनाइएको छ । प्रेस काउन्सिल नेपालले "हाम्रो पुरुषार्थ" त्रैमासिक पत्रिकालाई 'क' वर्गको पत्रिकामा वर्गीकृत गरेको छ । प्रमाणपत्र राखिएको छ । पचहत्तर पृष्ठ र मूल्य रू.५०/-रहेको यस अङ्कमा ७ जना आजीवन सदस्यको विवरण पेश गरिएको छ ।

वि.सं. २०७३ हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ७० मा "भानुप्रति कृतज्ञता" शीर्षकमा सम्पादकीय लेखिएको छ । भेटघाटको ७१ औं शृङ्खलामा देवेश्वर सरस्वतीसँग सम्पादक शशि पन्थी र सह-सम्पादक दीन पन्थीले संस्कृत व्याकरण, साहित्य र पूर्वीय दर्शन एवम् संस्कृतिका बारेमा लिएको अन्तर्वार्ता प्रस्तुत गरिएको छ । यसमा श्री सरस्वतीजीले मान्छे पाप र पुण्यको संस्कारसमूह हो । जीवन ज्ञान प्राप्त गरेर पुरुषार्थ गर्न सके सार अन्यथा श्वास प्रश्वास लिने खलाँती जस्तो निसार हो । त्यस्तै, प्रत्येक जीवनको ध्येय जन्म मरणबाट पार हुनु हो भनिएको छ । यो अन्तर्वार्ता अद्वैत दर्शनमा आधारित छ ।

दीर्घराज घिमिरे र विदुर पौडेलका लेखहरू गहकिला छन् । स्थायी स्तम्भमा ८ वटा सामग्री र लेख-रचना १४ वटा गरी २२ वटा सामग्री पस्किएको यस अङ्कमा प्रायः सबै लेख-रचना, सान्दर्भिक छन् । नेपालको पहिलो पुस्तकालय "पुस्तक चिताइ तहबिल" राजा गीर्वाण युद्धविक्रम शाहको पालामा वि.सं. १८६९ भाद्र १५ गते लालमोहर जारी भई खुलेको कुराको जानकारीसहित भारद्वाजले पुस्तकालय परिचयमा उल्लेख गर्नुभएको छ ।

हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ७१ मा नेपालीहरूको महान् पर्व "दशैंको शुभकामना" शीर्षकमा सम्पादकीय लेखिएको छ । यसमा विजयादशमी २०७३ को उपलक्ष्यमा मंगलमय शुभकामना व्यक्त गरिएको छ । कथा, कविता, गजल, बालकथा, मुक्तक, नियात्रा, समालोचना र लघु अनुसन्धान एवम् स्थायी स्तम्भमा ६ वटा सामग्री ८४ पृष्ठको यस पत्रिकामा समावेश छन् । नारायणप्रसाद शर्मासँगको अन्तर्वार्ता, नेपाली साहित्य, राजनीति, पत्रकारिता, इतिहास तथा सामाजिक परिवर्तनसँग सम्बन्धित छ । उत्तरकुमार पराजुलीको देवनागरी नेपाली वर्ण उच्चारण प्रवृत्ति तथा शैली शीर्षकको लघु अनुसन्धानात्मक लेख वर्ण उच्चारण गर्न सिक्दा वा सिकाउँदा साँवा वर्ण मात्र वा शब्दावली प्रयोग गर्दा बढी प्रभावकारी हुन्छ भन्ने बारेमा केन्द्रित रहेको छ । यससँगै १५ वटा लेख-रचना पठनीय छन् ।

किरण पुस्तकालयको नव निर्वाचित व्यवस्थापन समितिको नामावली उल्लेख छ । नौ सदस्यीय समिति श्री नरप्रसाद श्रेष्ठको अध्यक्षतामा गठन भएको छ ।

पुस्तकालय परिचयमा नेपालको पहिलो पुस्तकालय "पुस्तक चिताई तहबिल" का बारेमा लेखिएको छ । किरण पुस्तकालयको पातोमा पुस्तकालयका ७ वटा कामहरू उल्लेख गरिएको छ ।

सम्पूर्णाङ्क ७२, २०७३ को यस साहित्यिक पत्रिकामा 'हामी' शीर्षकमा सम्पादकीय पस्किएको छ । हामी ठूला कुरा गर्छौं तर माखाका पित्त जस्ता चित्त छन् । हामी भ्रष्टाचारमा डुबेका छौं । हामीले घर भत्कायौं तर बनाउन सकेनौं । हामी विष रोपेर अमृत स्याहार्न चाहन्छौं । हामी एक थुँगा नेपालीबाट च्यातिएर अनेक थरी भयौं भनिएको छ । त्यसैले हामी पहिचान शून्य, अस्तित्त्व शून्य हुनबाट जोगिनु पर्नेछ ।

यस अङ्कमा १३ वटा लेख, रचना र सातवटा स्थायी स्तम्भका सामग्रीहरू समेटिएका छन् । प्राच्य संस्कृत विद्या र पौरस्त्य दर्शनशास्त्रका विशेषज्ञ प्रा.डा. दीर्घराज घिमिरेसँग 'हाम्रो पुरुषार्थ' पत्रिकाका काठमाडौं प्रतिनिधि डा.लक्ष्मीकान्त पन्थीले लिनुभएको अन्तर्वार्ता प्रस्तुत गरिएको छ । उहाँका अनुसार सम्बन्धजनित निकाय र आत्माको सम्बन्धलाई जीवन भन्दछन् ।

प्रा.डा.बाबुराम ज्ञवालीको लेखमा गीतालाई ब्रह्मविद्या भनिन्छ भनी निष्कर्ष निकालिएको लेख रोचक छ । जम्मा २१ वटा सामग्री पस्किएको यस अङ्कमा पुस्तकालय परिचयमा सर्वोदय पुस्तकालय तथा वाचनालय दाङको बारेमा उल्लेख छ । पुस्तकालयका पुस्तक चोरी भएको बारेमा पढ्दा खिन्नता महसुस भयो । सके पुस्तकालयलाई आफूले पुस्तक दिएर सहयोग गर्नु, नसके पुस्तक चोरी जस्तो घृणित कार्य गरी जघन्य अपराध नगरे हुने महसुस भयो ।

"हाम्रो पुरुषार्थ" त्रैमासिक साहित्यिक पत्रिकाको सम्पूर्णाङ्क ७३ मा १२ वटा लेख-रचना र ७ वटा स्थायी स्तम्भका सामग्री प्रकाशित छन् । अन्तर्वार्ता, कथा, कविता, स्मरण, कृतिसमीक्षा र विविध विषयका लेख पठनीय छन् । डा.लक्ष्मीकान्त पन्थीसँगको अन्तर्वार्ताको निचोडमा 'जीवन परिश्रम हो' भन्ने निष्कर्ष छ । उत्तरकुमार पराजुलीको 'मृत्युको सन्यास लेखले ज्ञान र हरिप्रसाद भण्डारीको "जन्त जाने रहर" भन्ने लेख पढ्दा हाँसो लाग्यो । मेरो आफ्नै जीवनको घटना टपक्कै टिपी लेखिदिए झैं महसुस भयो ।

"हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ७४, २०७४ मा प्रकाशन भएको थियो । यसमा "हाम्रो सम्बन्ध सेतुःनेपाली भाषा" शीर्षकमा सम्पादकीय लेखिएको छ । नेपाल र प्रवासमा भएका हामी नेपाली बहुभाषी छौं तर एकताको सूत्रमा नेपाली भाषा रहेको बताइएको छ ।

कवि, लेखक, कथाकार, अनुवादक, प्राध्यापन गर्नु हुने तथा नेपाल रेडक्रस सोसाइटीका कार्यकारी निर्देशक भएर सेवाकार्यमा योगदान पुऱ्याउनुभएका तीर्थराज वन्तसँग सम्पादक शशि पन्थीले गर्नुभएको अन्तर्वार्ता रोचक छ । वन्तका अनुसार नेपाली भाषामा आजभोलि ग्रहण लाग्न थालेको छ । किरण पुस्तकालयले अनुसन्धानमूलक कृति प्रकाशित गरिरहेको छ तसर्थ यस्ता अनुसन्धानलाई निरन्तरता दिई भाषा र संस्कृतिको रक्षा र प्रवर्धन गर्न किरण पुस्तकालयलाई शुभेच्छा व्यक्त गरिएको छ । अन्तर्वार्ता रोचक र ज्ञानमूलक छ ।

प्राध्यापक डा. ऋषिराम पोखरेलले आठ प्रकारका रामायणका बारेमा उल्लेख गर्नुभएको लेख गहन छ । 'जागिरे परीक्षा' शीर्षकको शिवशरण ज्ञवालीको लेख पठनीय, रोचक र वास्तविकतामा आधारित छ । विजय सागरको "मगर राज्य बल्ढेङगढी" शीर्षकको लेख जानकारीमूलक छ । पश्चिम पाल्पाको बल्ढेङगढी धार्मिक, प्राकृतिक र ऐतिहासिक महत्त्वले भरिपूर्ण छ । यसलाई सांस्कृतिक, धार्मिक र प्राकृतिक पर्यटनको त्रिवेणी बनाउन सकिन्छ ।

"हाम्रो पुरुषार्थ" को सम्पूर्णाङ्क ७५ का लेख-रचना निकै स्वादिला र ज्ञानवर्धक छन् । डा.शास्त्रदत्त पन्तसँगको अन्तर्वार्तामा राजतन्त्र विघटन हुनुको कारण स्पष्ट रूपमा उल्लेख गरिएको छ । कालीगण्डकीमा मात्र पाइने शालिग्राम शिलाको शास्त्रीय प्रमाण प्रा.डा. वेणीमाधव ढकालले सरल रूपमा प्रस्तुत गर्नु भएको छ । उत्तरकुमार पराजुलीको लेखमा पुरुषमा पितृत्व महिलामा मातृत्वको गुण र ती दुबैको संयोजनबाट मानव जीवन चलेको तर्क र प्रमाण पेश भएकोले रोचक बनेको छ । समग्रमा पत्रिकाका सबै लेख-रचना र स्थायी स्तम्भका सामग्री राम्रा छन् ।

हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ७६, वि.सं. २०७४ मा प्रकाशित भएको थियो । यस अङ्कमा "कविशिरोमणिलाई सम्झेर" शीर्षकमा सम्पादकीय लेखी कविशिरोमणि लेखनाथ पौड्यालको १३४ औं जयन्तीमा उनीप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गरिएको छ । साहित्यकार विश्वप्रेम अधिकारीसँगको अन्तर्वार्तामा साहित्यिक स्रष्टा आफैले बाटो तयार गरेर अघि बढे स्रष्टाको उचाइ बढ्ने उल्लेख छ । मुक्तक, कथा, कविता, गजल, लेखसहित २३ वटा लेखरचना र ७ वटा स्थायी स्तम्भका सामग्री भएको यो अङ्क गहकिलो छ । किरण पुस्तकालयको पातोमा आफ्नो स्वर्ण-जयन्ती वर्षारम्भ भएको उल्लेख छ ।

सम्पूर्णाङ्क ७७ मा प्रकाशित पत्रिकाका ७६ पृष्ठ छन् । आवरण पृष्ठमा महान् साहित्यकार स्व.इन्द्रबहादुर राईको तस्वीर छापिएको छ । सम्पादकीयमा "श्रद्धामा इन्द्रबहादुर राई" शीर्षकमा सीमा पारी बसेर पनि नेपाली भाषा, साहित्यको माध्यमबाट करोडौं नेपाली भाषीका मन-मन बस्न सफल उनै साहित्यकार २०७४

फागुन २२ मा ९० वर्षमा दिवंगत हुनुभएकोमा हार्दिक श्रद्धाञ्जलि व्यक्त गरिएको छ ।

महान् साहित्यकार ज्ञानमणि नेपालसँग सम्पादक शशि पन्थी र काठमाडौं प्रतिनिधि डा.दुर्गाप्रसाद अर्यालले लिनुभएको अन्तर्वार्ता गहन छ । नेपाली भाषा र साहित्यमा गहनता ल्याउन सर्जकहरूको गम्भीर ध्यान आकृष्ट हुनुपर्ने निष्कर्ष निकालिएको छ । त्यस्तै, अन्तर्वार्तामा इतिहास सत्य, तथ्य र प्रमाणको आधारमा लेखिनुपर्ने बताइएको छ । अठारवटा लेख-रचना र सातवटा स्थायी स्तम्भका सामग्री भएको यस अङ्कमा हाइकु, कविता, मुक्तक र लेख-रचना राखिएका छन् । गीता मरासिनीको हिन्दु समाजमा प्रचलित विवाह र विवाहका ११ प्रकार, ४ सीमा र ४ वटा स्थानीय संस्कार अध्ययन गर्दा रोचक लाग्दछन् । निष्कर्षमा विवाहको काम फोड्ने होइन, जोड्ने हो । सुन्दर र सत्य संसारको निर्माण गर्नु विवाह संस्कारको अभीष्ट हो भनिएको छ । किरण पुस्तकालयको पातोमा" एक स्थानीय तह : एक नमूना पुस्तकालय नारामा होइन, कार्यान्वयनमा लागौं । " भन्ने अपील गरिएको छ । नेपाली साहित्यको विश्वव्यापीकरण अभियानमा अन्तर्राष्ट्रिय नेपाली साहित्यसमाजको विशिष्ट योगदान रहेको पदम विश्वकर्माको लेख र अन्य लेख, रचनाहरू सुन्दर र पढ्नै पर्ने छन् ।

"हाम्रो पुरुषार्थ" को सम्पूर्णाङ्क ७८, वर्ष ४५, वि.सं. २०७५ मा प्रकाशन भएको थियो । आवरण पृष्ठमा नेपाल कम्युनिष्ट पार्टीको घोषणापत्रका लेखक कार्ल मार्क्सको तस्विर छापिएको छ । सम्पादकीयमा "अजरामर मार्क्स" शीर्षकमा कार्ल मार्क्स जन्मेको दुई शताब्दी भएकोमा उनीप्रति हार्दिक सम्झना र श्रद्धाञ्जलि व्यक्त गरिएको छ ।

सूर्यबहादुर (सूब) सेनसँग लिइएको अन्तरर्वार्तामा साहित्य राष्ट्र, समाज तथा व्यक्तिको लागि जीवन हो भनिएको छ । नेपाल सरकारका प्रथम मुख्य सचिव गुल्मीका चन्द्रबहादुर थापासम्बन्धी युवराज भुसालको लेखले निजामती सेवामा गुल्मेलीको चाख बढ्नुको चुरो पहिल्याइएको छ । राजा महेन्द्रका पालामा उहाँलाई नेपालको प्रथम मुख्य सचिवको जिम्मेवारी दिइएको उल्लेख छ । उहाँ पछि गुल्मीका अर्का मुख्य सचिव हुन सफल व्यक्तित्व श्री लीलामणि पौडेल हुनुहुन्छ । कुनै अङ्कमा उहाँसँगको अन्तर्वार्ता प्रकाशन गर्दा उपयोगी होला । यस अङ्कमा आन्तरिक राजस्व कार्यालय बुटवलले मिति २०७४/१२/२० मा किरण पुस्तकालयलाई आयकर छुट पाउने संस्थामा दर्ता गरी प्रदान गरिएको प्रमाणपत्र प्रकाशित छ । सम्पूर्णाङ्क ७९ मा २० वटा लेख-रचना संगृहीत छन् । विश्व नागरिकका रूपमा संयुक्त राष्ट्रसंघका उपमहासचिव हुनुभएका गुल्मीका कुलचन्द्र गौतमसम्बन्धी लेख छ । डा.लक्ष्मीकान्त पन्थीः एक चिनारी, पाँच नम्बर प्रदेशस्तरीय प्रथम पुस्तकालय सम्मेलन तम्घासमा भएको प्रतिवेदनले यस अङ्कको

उचाइ थपेको छ । साहित्यकार मोदनाथ प्रश्रित र प्रा.डा. दुर्गाप्रसाद अर्यालका लेखले पत्रिका पठनीय बनेको छ ।

सम्पूर्णाङ्क ८०, वर्ष ४६, कार्तिक-पुस, २०७५ मा प्रकाशन भएको "हाम्रो पुरुषार्थ" त्रैमासिक पत्रिका किरण पुस्तकालयको स्वर्ण-वर्ष विशेषाङ्कका रूपमा प्रस्तुत छ । यसमा ४२८ पृष्ठ र मूल्य रू.५००/-रहेका छन् । पचहत्तरवटा लेख, रचना, १० वटा प्रमाण (सूचना) उद्‌गार खण्ड र स्थायी स्तम्भमा ९ वटा सामग्रीहरू समावेश छन् । प्रसिद्ध साहित्यकार मोदनाथ प्रश्रितको "५५ वर्षदेखिका तम्घासका सम्झना" तथा किरण पुस्तकालय स्थापनाका घटना, इतिहास र पुस्तकालयसम्बन्धी विशिष्ट लेखक र रचनाकारका लेखले यो विशेषाङ्क चाखलाग्दो र पठनीय बनेको छ । पुस्तकालयविद् इन्दिरा दलीसँगको अन्तर्वार्ता, सांसददेखि नेपाल सरकारका महत्त्वपूर्ण पदमा रहेका विज्ञ व्यक्तिहरूका लेख छापिएका छन् । सबै लेख किरण पुस्तकालयसँग सम्बन्धित छन् । यसबाट पुस्तकालयको इतिहास, संघर्ष र भावी योजना एवम् कार्यक्रमसम्बन्धी जानकारी प्राप्त गर्न सकिन्छ ।

वि.सं. २०७५ मा प्रकाशित भएको हाम्रो पुरुषार्थको त्रैमासिक अङ्क ८१ मा १८ वटा लेख, रचना र ७ वटा स्थायी स्तम्भका सामग्री रहेका छन् । प्रा.कपिल अज्ञातको "ज्योतिष शास्त्रको वैज्ञानिक आधार तथा दैनिक जीवनमा यस विद्याको उपयोगिता लगायतका लेखले पत्रिका पठनीय बनेको छ ।

वि.सं. २०७६ को अङ्क ८२ मा "राष्ट्र, भाषा र साहित्य" शीर्षकको सम्पादकीय प्रकाशन गरिएको छ । आदिकवि भानुभक्त आचार्यको तस्वीर आवरण पृष्ठमा छापिएको छ । स्थायी स्तम्भमा ८ वटा सामग्रीसहित १२ वटा लेख-रचना समावेश गरिएका छन् । आजको हाम्रो मुख्य आवश्यकता विद्यमान समाज व्यवस्था परिवर्तन हो भन्ने निष्कर्ष निकालिएको महान् कम्युनिष्ट नेता मोहनविक्रम सिंहसँग काठमाडौं प्रतिनिधि प्रा.डा. दुर्गाप्रसाद अर्यालले लिएको अन्तर्वार्ता रोचक छ ।

डा. तुलसी भट्टराईले आफू सत्तरी वर्ष लागेकोमा उमेरसँगैका व्यवहारका कुरा लेख्नुभएको "सत्तरी विमर्श" मा जीवनको सार्थकता खोज्दै गरेको जनाउनुभएको छ । काव्यमालिका पढेपछि दीन पन्थीले समीक्षा लेख्नुभएको छ । विनोद नेपालको 'जिन्दगी' कवितामा जे जस्तो परिस्थिति आए पनि जुध्दै जिन्दगी अगाडि बढाउनुपर्ने कुरा उल्लेख छ । डा.शंकर गैरेले बालकृष्ण समको "मुकुन्द इन्दिरा" नाटकको रससंरचनाका बारेमा लेख्दै १० प्रकारका रसका बारेमा उल्लेख गर्नुभएको छ । यस अङ्कमा महिलासशक्तीकरण, कौटिल्यको अर्थशास्त्र, यौन शिक्षा परम्परा र सिलोक छन्दको कविता "रेसुङ्गा हेर्दै मरूँ" आदि पठनीय छन् ।

"हाम्रो पुरुषार्थ" को सम्पूर्णाङ्क ८३ वि.सं. २०७६ मा प्रकाशित भएको छ । यसभित्र लेखिएका विभिन्न लेखहरू अत्यन्त मननीय छन् । प्रा.डा.हरिप्रसाद आचार्यसँगको अन्तर्वार्तामा संस्कृतिलाई मासिदै गएको कुरा र यसको महिमा र महत्त्वलाई उल्लेख गर्दै संरक्षण गर्नु पर्ने कुरा प्रस्तुत गरिएको छ । त्यसै गरी उत्तरकुमार पराजुलीको पूर्वीय दर्शनसँगको हिमचिम र गंगा अभिलाषीको पाठकीय दृष्टिकोण राम्रा लेख हुन् । स्थायी स्तम्भको नौलो सृष्टिः सानो दृष्टि स्तम्भमा सुरेशप्रसाद अर्यालले लेखेको "हुटिट्याउँको मन" निबन्धसम्बन्धी दृष्टिकोण उपयुक्त छ । यसले यस कृतिको स्पष्ट भाव प्रस्ट्याएको छ । "भानु चम्काउने मोती" शीर्षकको सम्पादकीय र आवरणमा मोतीराम भट्टको तस्वीर राखिएको छ । नेपाली भाषा साहित्यमा गजल भित्र्याउने राष्ट्रका विभूति मोतीराम भट्टको १५४ औं जन्मजयन्तीको अवसरमा समर्पित यो पत्रिका पाठकलाई राम्रो साहित्यिक खुराक दिन सक्षम रहेको छ ।

"हाम्रो पुरुषार्थ" को अङ्क ८४ को आवरण पृष्ठमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको तस्वीर राखिएको छ । यसमा १३ वटा लेख-रचना र ७ वटा स्थायी स्तम्भका सामग्री राखिएका छन् । "महाकवि देवकोटाप्रति श्रद्धाञ्जलि" शीर्षकको सम्पादकीय छ । डा.बाबुराम ज्ञवालीले लेखेको "हजुर, हजुर सन्चै छ" कविता मन छुने छ । यस कवितामा जीवनको भोगाइलाई प्रष्ट पारिएको छ । दुर्गाप्रसाद श्रेष्ठसँगको भेटघाटमा भएका कुराकानी अत्यन्त गहन र पथप्रदर्शक छन् । डा.तुलसी भट्टराईको "खोया बिर्के खोया र हाम्रो समाज", प्रा.कपिल अज्ञातको सम्झनाका बिम्बहरू, शिवशरण ज्ञवालीको भाषा शिक्षणमा प्रकार्य परकता, होमनाथ शर्माको वैदेशिक शिक्षा, पद्मप्रसाद शर्मा, विष्णुराज सिग्देल, चन्द्रकान्त आचार्य, रमेश गौतम र स्व.कुलमणि देवकोटाका लेखहरू पठनीय छन् ।

"हाम्रो पुरुषार्थको अङ्क८५, २०७६ सालमा प्रकाशन भएको थियो । आवरणमा महामारीबाट जोगिन सामाजिक दूरीको संकेत राखिएको छ । यस पत्रिकाको सम्पादकीय "कोरोनाको कहर" शीर्षकमा लेखिएको छ । यस पत्रिकामा १९ वटा लेख-रचना र ८ वटा स्थायी स्तम्भका सामग्रीहरू प्रकाशित छन् । भेटघाटमा महेशराज पन्तसँगको कुराकानीमा भारतीय सभ्यताको प्रभाव बुझ्न संस्कृत भाषा अपरिहार्य भएको निष्कर्ष निकालिएको छ । समालोचना तथा लेखकका कृतिमाथिको व्याख्या एवम् विभिन्न कविता र गीतले यो अङ्क पाठकको रोजाइमा परेको छ ।

सम्पूर्णाङ्क ८६ को आवरण पृष्ठमा कवि प्रयासीको तस्वीर प्रकाशित छ । यो कवि प्रयासी स्मृति अङ्कका रूपमा आएको छ । पृष्ठ संख्या २१६ र मूल्य रू.२००/- रहेको यस अङ्कमा "प्रयासीको सम्झनामा" शीर्षकमा सम्पादकीय लेखिएको छ । साहित्यकार, किरण पुस्तकालयका पूर्व कोषाध्यक्ष, हाम्रो पुरुषार्थका सहायक

सम्पादक भेषबहादुर कुँवरको साहित्यिक उपनाम 'प्रयासी' हो । उनैको योगदानको चर्चा गर्दै सम्झना र सम्मानमा प्रस्तुत अङ्क समर्पित गरिएको छ ।

कवि भेषबहादुर कुँवर 'प्रयासी' लाई पढाउनुका साथै सँगै अध्यापन गर्नुभएका शिक्षाप्रेमी, समाजसेवी तथा साहित्यानुरागी चिरञ्जीवी शर्मासँग सम्पादकले गर्नुभएको अन्तर्वार्ताबाट प्रयासीका बारेमा धेरै कुरा बुझ्न सकिन्छ । कवि प्रयासीसँगका पचास वर्ष शीर्षकमा हाम्रो पुरुषार्थका सम्पादक शशि पन्थीले लेख्नुभएको संस्मरणात्मक लेखमा बाल्यकालदेखिकै सामीप्यताको उल्लेख छ । पन्थीले किरण पुस्तकालयमा पुस्तक, पत्रपत्रिका जम्मा गर्ने, पढ्ने र लेख्नेसम्बन्धी कुरामा सहकार्य भएको र कवि प्रयासीको योगदान महत्त्वपूर्ण रहेको कुरा स्पष्ट गर्नुभएको छ ।

सम्पूर्णाङ्क ८७, वर्ष ४७, वि.सं. २०७७ मा प्रकाशित भएको थियो । यो अङ्क राष्ट्रकवि माधवप्रसाद घिमिरेको स्मृतिमा समर्पण गरिएको छ । आवरण पृष्ठमा कवि घिमिरेको तस्वीर र इस्मा गाउँपालिका, गुल्मीको ऐतिहासिक इस्माकोटको तस्वीर राखिएका छन् । "राष्ट्रकविको स्मृतिमा" शीर्षकमा सम्पादकीय लेखिएको छ । विभिन्न १७ वटा स्रष्टाहरूका लेख, रचना एवम् ६ वटा स्थायी स्तम्भहरूका सामग्रीहरू ११६ पृष्ठमा प्रकाशित छन् । विभिन्न शीर्षकमा लेखिएका लेख र चन्द्रप्रकाश उपाध्यायले इस्मा गाउँपालिकाको परिचय शीर्षकमा लेखेको लेखबाट उक्त गाउँपालिकाका विविध कुरा जान्ने अवसर प्राप्त हुन्छ । यसमा किरण पुस्तकालयले प्रकाशन गरेका १८ वटा पुस्तकका नाम र लेखकका नाम प्रकाशित छन् । वरिष्ठ साहित्यकार देवीप्रसाद वनवासीका साहित्यकारसम्बन्धी पत्रिकाका सम्पादकले युवा साहित्यकार मिलन समीरको सहयोगमा गरिएको कुराकानी र व्यक्त विचार प्रेरणादायी छन् । समग्रमा पत्रिका रोचक र ज्ञानवर्धक छ ।

सम्पूर्णाङ्क ८८ मा आवरण पृष्ठमा कालीगण्डकी गाउँपालिका गुल्मीमा अवस्थित शिवालय मन्दिर परिसर राखिएका छन् । पत्रिकाको सम्पादकीय सिसिफसको कथा" शीर्षकमा लेखिएको छ । यहाँ, सिसिफसको कथा र नेपाली क्रान्तिलाई तुलना गरिएको छ । जम्मा १९ वटा लेख, रचना र ९ वटा स्थायी स्तम्भका सामग्री समावेश गरिएको यो पत्रिका उत्कृष्ट छ ।

"हाम्रो पुरुषार्थ" त्रैमासिक साहित्यिक पत्रिकाको सम्पूर्णाङ्क ८९ मा आवरण पृष्ठमा पं.भीमकान्त पन्थी र ऐतिहासिक गुल्मीदरबार राखिएको छ । यो पत्रिका पं.भीमकान्त पन्थी शतवार्षिक स्मृति-विशेषाङ्कका रूपमा प्रकाशित गरिएको छ । यसको सम्पादकीय "कवि पं. भीमकान्त पन्थीका स्मृतिमा" शीर्षकमा लेखिएको छ । यस कृतिमा ६९२ पृष्ठमा ४० वटा लेख, कवि पं.लक्ष्मीकान्त पन्थीको व्यक्तित्व, जीवनी र कृतिका बारेमा २७ वटा समीक्षात्मक लेख, १४ वटा संस्कृत

खण्डका लेख, ६ वटा परिशिष्ट खण्ड, स्थायी स्तम्भहरू र संस्मरण खण्ड समावेश गरिएका छन् ।

सम्पूर्णाङ्क ९० को आवरण पृष्ठमा चन्द्रकोट गाउँपालिका, गुल्मीमा अवस्थित ऐतिहासिक चन्द्रकोट देवीमन्दिर राखिएका छन् । सम्पादकीयमा "बुद्धम् शरणम् गच्छामि" शीर्षकमा लेखिएको छ । यसमा बुद्ध भनेको शान्ति, मैत्री र करूणा हो । हामी बुद्ध पथमा हिड्न सिकौं भनिएको छ ।

वरिष्ठ विद्वान् पुरुषोत्तम उपाध्यायसँगको अन्तर्वार्ता, दिवाकर प्रधानको नेपाली भाषाको शुद्धीकरण शीर्षकको लेख पठनीय छन् । कथा, कविता, नियात्रा तथा अन्य लेखहरू सन्देशमूलक छन् । पालिकापरिचयमा चन्द्रप्रकाश उपाध्यायको "चन्द्रकोट गाउँपालिकाको संक्षिप्त परिचय" ले यसको जानकारी पस्किएको छ । किरण पुस्तकालयको पातोमा आ.व.२०७७/०७८ का पुस्तकालयका विविध गतिविधि समेटिएको छ ।

सम्पूर्णाङ्क ९१ पत्रिका प्रकाशनको ४८ औं वर्ष वि.सं. २०७८ मा प्रकाशित भएको छ । आवरण पृष्ठमा छत्रकोट देवालय, चोएगा गुल्मीको तस्वीर प्रकाशन गरिएको छ । सम्पादकीयमा "अहिले आफ्नै कुरा" शीर्षकमा किरण पुस्तकालयको आफ्नै सुविधा सम्पन्न भवन बनेको बारेमा लेखिएको छ । यसमा १३२ पृष्ठमा २० वटा लेख-रचना र ११ वटा स्थायी स्तम्भका सामग्री समेटिएका छन् ।

विशिष्ट व्यक्तित्व भरत जंगम र मथुराप्रसाद श्रेष्ठसँगका अन्तर्वार्ताहरू प्रेरणादायी छन् । संघर्ष नै सफलताको कडी भएको बताइएको छ । कविता राष्ट्रियता र देशप्रेमको भावले युक्त छन् । उत्तरकुमार पराजुलीको लेख ४२ पेजको लामो छ तर सन्देशमूलक छ । "शिक्षण सिकाइमा गीताको सन्देश" पाठकका माझमा उत्कृष्ट किसिमले पस्किएको छ । पाठ्यक्रम निर्माण गर्दा गीताको सार झल्किने गरी युवायुवतीको व्यवहारमा कर्म गर, फलको आशा नगर भन्ने भावले प्रेरित भएर गर्नुपर्ने बताइएको छ । वास्तवमा सबै लेख, रचना र सामग्री पठनीय र मननीय छन् ।

"हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ९२ मा यस पत्रिकामा छब्बीसवटा लेख-रचना र ११ वटा स्थायी स्तम्भका सामग्री १३२ पृष्ठमा समेटिएका छन् । पत्रिका प्रकाशनले ४९ औं वर्षमा प्रवेश गरेको छ । छन्द सारथि कवि रमेश खकुरेलसँग लिइएको अन्तरर्वार्ताको निष्कर्ष साहित्य सिर्जनाको कारक तत्त्व 'सर्वे भवन्तु सुखिनः' को अवधारणा हो भन्ने निकालिएको छ । यस अङ्कमा कविता, कथा, धर्म, दर्शन, कोरोना वा विपत्सँग सम्बन्धित लेख, व्यङ्ग गीत आदि सन्देशमूलक छन् । धुर्कोट गाउँपालिकाको परिचय, पुस्तकालयपरिचय, पाठक-प्रतिक्रिया तथा किरण पुस्तकालयका विशिष्ट आजीवन सदस्यको परिचय एवम् हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरूको नामावली समावेश गर्नु यस अङ्कका विशेषता हुन् ।

सम्पूर्णाङ्क ९३ आवरण पृष्ठमा खरका छाना मुक्त मदाने गाउँपालिका र गाउँपालिकाका पर्यटकीय स्थलका तस्वीर राखी प्रकाशित भएको छ । वि.सं. २०७८ माघ चैतको यस अङ्कमा सम्पादकीय "होली" शीर्षकमा प्रेममिलनको पर्वको रूपमा लेखिएको छ । स्थायी स्तम्भका ११ वटा सामग्री र अस्थायी स्तम्भमा २२ वटा लेख, रचना १३२ पृष्ठमा प्रकाशित छन् । प्राध्यापक, साहित्यकार कोषराज न्यौपानेसँग लिएको अन्तर्वार्ता र पण्डित परशुराम उपाध्याय पन्थीको अनुभव र अनुभूतिमा आधारित अन्तर्वार्ता रोचक छन् । कविता, लेख, यात्रावर्णन ज्ञानवर्धक छन् । त्यसैले यो अङ्क महत्त्वपूर्ण छ । मदाने गाउँपालिकाको परिचयबाट मदानेको बारेमा धेरै कुरा बुझ्न सकिन्छ ।

"हाम्रो पुरुषार्थ" को सम्पूर्णाङ्क ९४ को आवरण पृष्ठमा किरण पुस्तकालय तम्घास गुल्मीको नवनिर्मित भवन र भवनको उद्घाटन कार्यक्रमका तस्वीरहरू राखिएका छन् । उद्घाटन प्रतिनिधिसभा सदस्य, गुल्मी क्षेत्र नं.२ का सांसद एवंम् पूर्वमन्त्री श्री गोकर्णराज बिष्टबाट रिवन काटी गरिएको छ । "हाम्रो पुरुषार्थ" पत्रिकाको लागि किरण पुस्तकालय आमा हुन् । यसै पुस्तकालयले यो पत्रिका जन्माएको हो । प्रथम अङ्कदेखि हालसम्मका सम्पूर्ण अङ्कको प्रकाशक पुस्तकालय नै हो । "समुन्नतिका सोपानहरू" शीर्षकमा सम्पादकीय लेखिएको छ । यसमा संस्कार, खाना, नाना, छाना, कृषि, इलम, उद्योग देशको पहिचान, विद्या, कला, शान्ति र समृद्धिमा समुन्नति खोजिरहेको बताइएको छ । प्रा.गोपीकृष्ण शर्मासँग भाषाका सम्बन्धमा काठमाडौं प्रतिनिधि डा.लक्ष्मीकान्त पन्थीद्वारा लिइएको अन्तर्वार्तामा "भाषाले पनि समयअनुसार परिवर्तन खोजेको हुन्छ " भन्ने निष्कर्ष निकालिएको छ । पाठक-प्रतिक्रियामा कक्षा-९ मा अध्ययन गर्ने सुजन सुनारले बालबालिकामा पठनसंस्कृति, साहित्यप्रेम र नेपालीभाषाको विकास गर्न यस पत्रिकामा एउटा "बालसंसार" स्तम्भ राख्न दिएको सुझाव सान्दर्भिक छ ।

"हाम्रो पुरुषार्थ" त्रैमासिक पत्रिका प्रकाशनको ४९ वर्ष पूरा हुँदै गर्दा अङ्क ४, सम्पूर्णाङ्क ९५ लाई २०७९ मा प्रकाशनमा ल्याइएको छ । आवरण पृष्ठमा २००९ सालको तम्घास गुल्मी नामाङ्कित ऐतिहासिक रू.३ को हुलाक टिकट र वर्तमान जिल्ला हुलाक कार्यालयको भवन राखिएका छन् । "मान्छे र बाटाहरू" शीर्षकमा सम्पादकीय लेखिएको छ । मान्छेलाई बाटो चाहिन्छ । बाटालाई मानिस चाहिन्छ । मान्छे नभए को बाटोमा हिड्छ र बाटो नभए मान्छे कहाँ हिड्छ भनी लेखिएको छ । साहित्याचार्य, भागवताचार्य श्री फणिनारायण सिग्देलसँग अन्तर्वार्ता लिइएको छ । अन्तरर्वार्तामा श्री सिग्देलले सांस्कृतिक पहिचानलाई अगाडि बढाउनु आजको आवश्यकता हो भन्नुभएको छ । राजेन्द्रकुमार आचार्यले सांस्कृतिक पर्व तीज र यसको सामाजिक प्रभाव शीर्षकमा लेखेको लेखमा

तीजका केही राम्रा र केही कमजोरी पक्ष औंल्याउनुभएको छ । पाठक-प्रतिक्रियामा काठमाडौंबाट मुरारिविनोद पोखरेलले सम्पादकलाई सम्बोधन गरी दिइएका सुझाव पत्रिकाका सम्पादकका लागि मननीय छन् ।

सम्पूर्णाङ्क ९६, पत्रिका प्रकाशन शुरू भएपछि ५० औं वर्षको पहिलो अङ्क हो । यसको आवरण पृष्ठमा गर्जुरा पार्क, रेसुङ्गा, गुल्मी राखिएको छ । "प्रकृतितर्फ फर्केर शीर्षकमा सम्पादकीय लेखिएको छ । विकासका नाममा विनास ननिम्त्याउँ भन्ने सन्देश सम्पादकीयले दिन खोजेको छ ।

दार्शनिक विद्वान् पं.चेतोनाथ शर्मा आचार्यसँगको अन्तर्वार्तामा सभ्य समाजका लागि साहित्य, संगीत र कला चाहिन्छ भनिएको छ । यो २३ पृष्ठ लामो कुराकानी छ । संस्कृतका कविता र अन्य कविता रमाइला र ज्ञानवर्धक छन् तर सबै पाठकले बुझ्न कठिन पो हुने हो कि? समग्रमा यो अङ्क पठनीय र मननीय नै छ ।

*पत्रिका छाप्ने रहर त धेरैले गर्दछन् । खटेर काम गर्न भने धेरैले सकेका छैनन् । "हाम्रो पुरुषार्थ" त्यसको अपवाद हो । यो विगत ५० वर्षदेखि निरन्तर प्रकाशन भइरहेको छ । लेख - रचना प्रकाशित सामग्री, समय सान्दर्भिक, मर्मस्पर्शी र अत्यन्तै प्रेरणादायी छन् ।*

सम्पूर्णाङ्क ९७, वर्ष ५० वि.सं. २०७९ मा प्रकाशन भएको थियो । यसको आवरण पृष्ठमा ११ औं लोकवार्ता सम्मेलनमा सहभागीद्वारा राष्ट्रिय गानमा सरिक भएको तस्वीर छापिएको छ । "पानी पखाल्नुको पीडा" शीर्षकमा सम्पादकीय छ । शरीर, कपडा, भाँडा र हरेक मैलिएका चीजलाई पानीले पखालेर सफा गराउन सकिन्छ तर पानी फोहोर भएमा सफा गराउन केले पखाल्ने भनी चिन्ता व्यक्त गरिएको छ । प्रा.शिवगोपाल रिसाल र शशिधर पाण्डेसँगका अन्तर्वार्ता, ७ वटा लेख, निबन्ध, समीक्षा र टिप्पणी तथा ५ वटा कथा र लघुकथा यस अङ्कमा छन् । त्यसै गरी, १८ वटा गीत, कविता, गजल र मुक्तक, एउटा हास्यव्यङ्ग र एउटा संस्मरण प्रकाशित भएका छन् । यस पत्रिकामा १० वटा सामग्री स्थायी स्तम्भमा समावेश गरिएका छन् । 'हाम्रो पुरुषार्थमा यसरी विधा छुट्याएर सामग्रीहरूको कुटुरो फुकाइएको यो पहिलो पटक हो । अबका अङ्कमा पनि विधा छुट्याएर सामग्री राखिदिए पाठकलाई रोजेर पढ्न सजिलो हुनेछ ।

पाठक-प्रतिक्रियामा संगीता उपाध्याय पौडेलले देहरादून, उत्तराखण्ड भारतबाट हाम्रो पुरुषार्थ साहित्यिक पत्रिका भारतमा बस्ने नेपाली भाषीहरूको मनको प्रिय

पत्रिका बनेको प्रतिक्रिया दिनुभएको छ । यस पत्रिकाको वेवसाइट www. kiranpustakalaya.com मा खोज गरेर देहरादूनवासी गोर्खालीहरूलाई साहित्यिक लेख-रचना अध्ययन गर्न अपिल गरिएको छ । जुन हामी सम्पूर्ण नेपालीहरूका लागि पनि सन्देशमूलक छ ।

सम्पूर्णाङ्क ९८, रुरुक्षेत्र विशेषाङ्क हो । यस अङ्कको आवरण पृष्ठमा कालीगण्डकी र रिडीको संगमस्थल रुरुक्षेत्र" राखिएको छ । "रुरुक्षेत्र ततः परम्" शीर्षकको सम्पादकीयमा रुरुक्षेत्र हाम्रो धर्म, संस्कृति, कला, इतिहास र सभ्यताको केन्द्र हो भनिएको छ । वरिष्ठ पत्रकार आदित्यमान श्रेष्ठ र देवेश्वर सरस्वतीसँग लिइएका अन्तर्वार्ता प्रकाशित छन् । रुरुक्षेत्र गाउँपालिकाको परिचयमा चन्द्रप्रकाश उपाध्यायले गाउँपालिकासम्बन्धी विविध सामग्री समेट्नुभएको छ । रुरुक्षेत्रको महत्त्व झल्कने खालका लेख-रचना धेरै छन् । बम्घाकोट शीर्षकमा लेखिएको लेखमा भँगेर देवताको शक्ति र रानीले तरबारले काटेको ढुङ्गासम्बन्धी किंवदन्ती रोचक छन् । यो रुरुक्षेत्रधामसम्बन्धी जान्न, बुझ्न र अन्वेषण गर्न खोज्नेहरूका लागि एउटा महत्त्वपूर्ण दस्तावेज हो । कुल ३७२ पृष्ठ र मूल्य रू.५००/-रहेको यस विशेषाङ्कलाई दुई अन्तर्वार्ता;२८ लेख, निबन्ध, समीक्षा र टिप्पणी, ८ ओटा गीत, कविता, गजल, मुक्तक ३ वटा संस्मरण र ९ वटा स्थायी स्तम्भका सामग्री समावेश गरी पूर्णता दिइएको छ । काली गण्डकी, हृषिकेश भगवान्, शालिग्राम शिला आदिको महत्त्व पत्ता लगाउन यो अङ्क महत्त्वपूर्ण छ । त्यस्तै रुरुक्षेत्रको लोकसम्पदा जनजीवन, महिमा, धार्मिक सांस्कृतिक, पर्यटकीय महत्त्व बुझ्न यो अङ्क पढ्नै पर्ने छ । यस अङ्कमा किरण पुस्तकालयका दुई जना संरक्षक सदस्यहरू गोकर्णराज बिष्ट र डिल्लीराज भुसालको परिचय राखिएको छ । रुरुक्षेत्र गाउँपालिकाको केन्द्र : घिउबेसीमा निर्माणाधीन प्रशासनिक भवन र गुल्मी, पाल्पा र स्याङ्जा जोड्ने तीनमुखे पुल रिडीका तस्वीरहरू राखिएका छन् ।

**"हाम्रो पुरुषार्थ" को ९९ औं अङ्क**

## (च) पत्रिकाले विभिन्न क्षेत्र/पक्षमा पारेको प्रभावको समीक्षा

"हाम्रो पुरुषार्थ" साहित्यिक त्रैमासिक पत्रिकाको प्रकाशनपछि निम्न लिखित क्षेत्र/पक्षमा प्रभाव पारेको देखिन्छ :

१. गुल्मी जिल्ला साहित्यिक क्षेत्रमा उच्च स्थानमा पुग्न सफल भएको छ ।

२. गुल्मी जिल्लामा साहित्यिक क्षेत्रमा कलम चलाउने स्रष्टामा उल्लेख्य वृद्धि भएको छ ।

३. देशभित्र र बाहिरका नेपालीभाषी साहित्यिक मनलाई एकताको डोरीमा बाँध्न सफल भएको छ ।

४. नवोदित स्रष्टाले स्थापित लेखकसँग साहित्यिक विचार आदानप्रदान गर्ने र साहित्य लेखनसीप ग्रहण गर्ने अवसर प्राप्त गरेका छन् ।

५. गुल्मी र आसपासका धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थलको प्रचारप्रसार भएको छ ।

६. विभिन्न स्थानका पुस्तकालयको जानकारी प्राप्त भएको छ ।

७. विभिन्न कृतिको समीक्षा गर्ने र अध्ययन गर्ने अवसर छ ।

८. साहित्यकारसँग भेटघाट हुने गरेको छ ।

## (छ) साहित्यिक स्रष्टाले प्राप्त गरेका अवसरको समीक्षा

यस पत्रिकाको प्रकाशनपश्चात् साहित्यिक स्रष्टाले निम्नानुसारका अवसर प्राप्त गर्न सकेका छन् ।

- आफ्नो योग्यता, क्षमता र सीपअनुसार लेख-रचना लेख्न र प्रकाशन गर्न पाएका छन् ।
- आफ्नै घरदैलोमा बसेर राष्ट्रिय 'क' वर्गको साहित्यिक पत्रिका अध्ययन गर्ने अवसर प्राप्त गरेका छन् ।
- अन्य जिल्ला, प्रदेश र देशका साहित्यकारसँग भलाकुसारी गर्न पाएका छन् ।
- आफ्नो क्षमता उजागर गर्न पाएका छन् ।
- पुस्तकालय र साहित्यिक कृतिका बारेमा ज्ञान हासिल गर्न पाएका छन् ।

## (ज) पत्रिकाका लागि सुझाव

पत्रिका छाप्ने रहर त धेरैले गर्दछन् । खटेर काम गर्न भने धेरैले सकेका छैनन् । "हाम्रो पुरुषार्थ" त्यसको अपवाद हो । यो विगत ५० वर्षदेखि निरन्तर प्रकाशन भइरहेको छ । लेख-रचना प्रकाशित सामग्री, समय सान्दर्भिक, मर्मस्पर्शी र अत्यन्तै प्रेरणादायी छन् । यति हुँदाहुँदै पनि यस साहित्यिक पत्रिकालाई अझ स्तरीय बनाउनका लागि निम्नलिखित सुझावहरू दिनु सान्दर्भिक ठान्दछु ।

१. स्तरीय लेख, रचना उपलब्ध गराउने स्रष्टालाई बेलाबेलामा पुरस्कृत र सम्मान गर्नुपर्ने ।

२. स्थायी आयस्रोतको बन्दोवस्त गरी विज्ञापनरहित बनाउन सके उपयुक्त हुने।

३. विदेश प्रतिनिधि भारतका दार्जिलिङ र सिक्किम त्यस्तै नेपाली भाषी भएको म्यानमारमा राखेर पत्रिका वितरण गर्न सकिने ।

४. पत्रिकाको आवरण पृष्ठमा नै प्रकाशन वर्ष र सम्पूर्णाङ्क जनाएमा पाठकका लागि सजिलो हुने ।

५. आजीवन सदस्य र विशिष्ट सदस्यको परिचय क्रमाङ्कसहित राख्दा पारदर्शी हुने ।

६. प्रत्येक अङ्कका प्रकाशित संख्या उल्लेख गर्न सकिने ।

७. पत्रिकामा "बाललेख स्तम्भ" राखी विद्यालयमा अध्ययन गर्ने बालबालिकाका लेख, रचना समावेश गर्न सके साहित्यिक क्षेत्र फराकिलो बनाउन सकिने ।

८. छोटा तर मिठा रचनालाई स्थान दिने गरे अझ राम्रो हुने ।

९. बाल पुस्तकालयको पहल गरी बालबालिकाको पठन संस्कृतिमा सहयोग गर्नुपर्ने ।

१०. नयाँ पुस्तालाई समेट्दै साहित्यानुरागीको साझा चौतारी बनाउनुपर्ने ।

११. गुल्मी जिल्लाका प्रमुख बजारमा इलाकास्तरीय पुस्तकालय स्थापना गर्ने कार्यक्रम बनाई पहल गर्न उपयुक्त हुने ।

१२. त्रैमासिकबाट मासिक प्रकाशन गर्न सके पाठक बढी लाभान्वित हुने ।

## निष्कर्ष

"हाम्रो पुरुषार्थ" विगत ५० वर्षदेखि निरन्तर रूपमा प्रकाशन भइरहेको साहित्यिक पत्रिका हो । सुरूमा वार्षिक, बीचमा अर्धवार्षिक र वि.सं. २०७० बाट हालसम्म ६० औं अङ्कबाट त्रैमासिक रूपमा प्रकाशन भइरहेको छ । यहाँ यस पत्रिकाका त्रैमासिक भएदेखि यहाँका सम्पूर्ण ४० अङ्कको समीक्षा लेख्ने प्रयास गरिएको छ । पत्रिका प्रकाशन शुरू भएको ५० औं वर्षमा यसको शताङ्कलाई विशेषाङ्कका रूपमा प्रकाशन गर्न थालिएको हो । यस १०० औं अङ्कमा समावेश गर्ने गरी त्रैमासिक अङ्कहरूको समीक्षा लेख्ने अवसर प्रदान गर्नुभएकोमा सम्पादकज्यूलाई धन्यवाद ।

## सन्दर्भ-सामग्री

पन्थी, शशि(२०३०) हाम्रो पुरुषार्थ(अङ्क १) तम्घास : किरण पुस्तकालय

पन्थी, शशि (२०७० देखि २०८०) हाम्रो पुरुषार्थ (अङ्क ६० देखि ९९ सम्म) तम्घास : किरण पुस्तकालय, गुल्मी ।

✍ रुरुक्षेत्र गाउँपालिका, गुल्मी । उपप्राध्यापक-शृङ्गीश्वर क्याम्पस, रानीबास, गुल्मी ।

ooo

// लेख //

# 'हाम्रो पुरुषार्थ'मा पाठक-प्रतिक्रिया : एक अध्ययन



कृष्णबहादुर कुँवर

## किन पाठक-प्रतिक्रिया ?

सम्पादकलाई चिठ्ठी वा पाठक–प्रतिक्रिया खासगरी दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, त्रैमासिक, अर्धवार्षिक वा वार्षिक पत्रपत्रिकाहरूमा देख्न सकिन्छ । अमेरिकी समाचारपत्रहरूमा अठारौं शताब्दितिरै सम्पादकलाई चिठ्ठी (Letter to the editor - LTE) को लेख्ने सुरूवात (Wikipedia, 2022) भएको पाइन्छ । फ्रिम्यान्ज जरनल (Freeman's Journal) सन् १८६३ जनवरी २८ मा जोन ग्रेले सम्पादक जे. जे. म्याकार्थीलाई पठाएको चिठ्ठी प्रकाशन गरेको पाण्इन्छ ।

सम्पादकलाई चिठ्ठी धेरै प्रकारका हुन्छन् तापनि खासगरी कुनै लेख वा प्रकाशित सामग्रीको बारेमा प्रशंसा वा विरोधमा, त्यस्तै कुनै त्रुटि सच्याउने, नयाँ सुझावहरू आदि विषयमा हुन सक्छन् । त्यस्तै दुई सयदेखि पाँचसय शब्दहरूमा सीमित रहेर लेख्दा राम्रो मानिन्छ । कसैलाई व्यक्तिगत आक्षेप लगाइएका वा धेरै लामा वा असान्दर्भिक चिठ्ठीहरू सम्पादकको छनौटमा नपर्न पनि सक्छन् ।

## सन्दर्भ 'हाम्रो पुरुषार्थ'मा प्रकाशित पाठक–प्रतिक्रियाको

नेपालमा सम्पादकलाई पत्र गोरखापत्र, द राइजिंग नेपाल, कान्तिपुरजस्ता दैनिक र अरू साप्ताहिक पत्रिकाहरूमा विशेष स्तम्भमा प्रकाशन गरेको पाइन्छ । नेपालको मध्य पहाडी जिल्ला गुल्मीको सदरमुकामको प्रमुख शासकीय कार्यालय तम्घासको सामुन्नेमा तीन तले भव्य भवनमा हाल स्थित किरण पुस्तकालय आजभन्दा पचास वर्षअघि २०२५ सालतिर भडखालाका कान्छा पण्डितको निजी गाईगोठमा थियो भन्दा अहिलेको पुस्ताले नपत्याउन सक्छन् । यो स्वाभाविक पनि हो । हिजोआज पढेलेखेका सचेतहरूको परिवारले बिना भाडा सित्तैमा गोठ सार्वजनिक उपयोगको लागि दिन हिचकिचाउनु पर्ने स्वाभाविक वातावरणमा रहनेलाई सनातनी धार्मिक शिक्षामा तल्लीन ती महान् सज्जनले कुन प्रेरणा र भावनाले पुस्तकाश्रय (आलय वा घर होइन) दिनु भए होला, नतमस्तक हुनैपर्छ ।

अर्को अचम्म के भने पुस्तकालय चलाउन नै हम्मे पर्ने, सञ्चालन गरे पाठक नपाउने, अझ पहाडी जिल्लाको सुक्दै गएको बजार र घट्दो जनसङ्ख्या भएको ठाउँमा पचास वर्षदेखि हाम्रो पुरुषार्थ पत्रिका अनवरत प्रकाशन गर्नु हो । त्यसमा पनि राष्ट्रियस्तरको 'क' श्रेणीमा परिरहन सफल र स्तरीय खोजमूलक सामग्रीले ओतप्रोत राखिरहनु चानचुने कुरा होइन ।

*अर्को अचम्म के भने पुस्तकालय चलाउन नै हम्मे पर्ने, सञ्चालन गरे पाठक नपाउने, अझ पहाडी जिल्लाको सुक्दै गएको बजार र घट्दो जनसङ्ख्या भएको ठाउँमा पचास वर्षदेखि हाम्रो पुरुषार्थ पत्रिका अनवरत प्रकाशन गर्नु हो । त्यसमा पनि राष्ट्रियस्तरको 'क' श्रेणीमा परिरहन सफल र स्तरीय खोजमूलक सामग्रीले ओतप्रोत राखिरहनु चानचुने कुरा होइन ।*

हाम्रो पुरुषार्थको 'शताङ्क' को लागि लेखरचनाको सन्दर्भमा कुरा हुँदा अहिलेसम्म प्रकाशित पाठक–प्रतिक्रियाहरूको स्थिति अध्ययन गर्ने कुरा चल्यो । उपलब्ध भएका सबै अङ्कहरूबाट यो सीमित अध्ययन गरिएको हो । खासगरी स्थान विशेष-प्रकाशित पाठक–प्रतिक्रियाहरूका प्रेषकको ठेगानाका आधारमा) सबभन्दा लामो चिठ्ठी र छोटो चिठ्ठी, कसको कति पटक पाठक–प्रतिक्रिया प्रकाशित रहेछ, प्राप्त प्रतिक्रियामा सम्पादकको जवाफ, मुख्य सुझाव वा गुनासो, हाम्रो पुरुषार्थको प्रकाशन-समय-समयको प्रतिदर समेतको विषयमा अध्ययन केन्द्रित रहेको छ । प्रकाशित सबै पाठक–प्रतिक्रियाहरू मननीय र समय सापेक्ष पाइयो तर विस्तार भयको कारणले ती सबै समावेश गर्न सकिएन । काठमाडौंमा पंक्तिकारसँग सङ्गृहीत हाम्रो पुरुषार्थका प्रतिहरू, किरण पुस्तकालयका झविन्द्र पन्थीजी लगायतका सहयोगी हातहरूले इमेलमा पठाएको पाठक–प्रतिक्रियाहरूका फोटोकपी, विवरणको आधारमा र सीमित समयको आधारमा अध्ययन गरिएको हुँदा यसको अध्ययन सीमाको बाध्यता बुझिदिनु हुन विनम्र आग्रह छ ।

**अध्ययनबाट पाइएका तथ्यहरू**

- ❑ सबै पाठक–प्रतिक्रियाहरूमा किरण पुस्तकालयले 'हाम्रो पुरुषार्थ' साहित्यिक पत्रिका निरन्तर प्रकाशित गरेर साहित्यिक योगदान दिएको उल्लेख रहेको पाइयो ।
- ❑ पाठक–प्रतिक्रिया स्तम्भको शुरूवात (हाम्रो पुरुषार्थमा वि.सं. २०३९ देखि अर्थात् सम्पूर्णाङ्क १७ देखि मात्र पाठक–प्रतिक्रिया स्तम्भको शुरूवात भएको पाइन्छ ।) पाठक–प्रतिक्रिया स्तम्भ सुरू सम्पूर्णाङ्क १७, २०३९ मा ८ वटा पाठक–प्रतिक्रियाहरू प्राप्त भएका थिए, त्यसपछि सम्पूर्णाङ्क २१ मा ६ वटा, २० र ४७ सम्पूर्णाङ्कमा ५–५ वटा प्राप्त भएको पाइयो । त्यसपछि बढीमा ३

र पछिल्ला अङ्कहरूमा साधारणतया एउटा मात्र पाठक–प्रतिक्रिया प्रकाशन भएको पाइयो । सम्पूर्णाङ्क ३५ मा एउटा पनि पाठक–प्रतिक्रिया छापिएको देखिएन ।

*तुलनात्मक रूपले शिक्षित छिमेकी जिल्ला - पाल्पा जिल्लाको संख्या १३ (९ प्रतिशत), अर्को छिमेकी जिल्ला अर्घाखाँचीको संख्या ६ (४ प्रतिशत), रूपन्देहीको संख्या ५ (३ प्रतिशत) पाइयो । राजधानी काठमाडौंको संख्या ३ र कपिलवस्तुको संख्या ३ पाइयो । त्यस्तै चितवन, दाङ, जाजरकोट, रौतहट (गौरजेल) को संख्या दुई - दुईका दरले पाइयो । कञ्चनपुर, बैतडी, डोटी, अछाम, कैलाली, प्यूठान, पर्वत, बाग्लुङ, लमजुङ, मकवानपुर, उदयपुर, खोटाङ, भोजपुर, सप्तरी, मोरङ, इलाम जिल्लाको संख्या एक–एकका दरले पाइयो ।*

- चार पटक पाठक–प्रतिक्रिया प्रकाशनमा दुई पाठक (ध्रुवराज पन्थी र विष्णु घर्ती), तीन पटक प्रकाशनमा दुई पाठक (कृष्णप्रसाद बस्याल र मुरारिविनोद पोखरेल), दुई पटक प्रकाशनमा तेह्र पाठक (सन्ध्या पन्थी, सङ्गीता उपाध्याय, कर्ण लोहित, गणेशपुण्य श्रेष्ठ, राजेन्द्रगोपाल सिंह, हरिप्रसाद भण्डारी, डा. टीकाराम पन्थी, मोदनाथ प्रश्रित, रमेशकुमार खनाल, डिल्लीराज खनाल, चेतनाथ कणेल, सी गौतम, वर्षात् दर्लामी) पाइयो । एक पटक पाठक–प्रतिक्रिया प्रकाशनमा १०५ वटा रहेको पाइयो ।

- कुनै कुनै पाठक–प्रतिक्रिया त लेखजस्तै सन्दर्भ–सूचीसहित ४ पेजसम्मको पाइयो । सबभन्दा छोटो एक परिच्छेदको पनि पाइयो । अन्य पत्रिकामा प्रकाशित पाठक–प्रतिक्रियाहरू (चारवटा) साभार गरी हाम्रो पुरुषार्थमा प्रकाशन गरेको पाइयो ।

- कूल १४९ पाठक–प्रतिक्रियाहरूमध्ये ४ वटामा सम्पादकको जबाफ पनि दिएको पाइयो ।

- स्थान विशेषको पाठक–प्रतिक्रिया-कूल प्रकाशित पाठक–प्रतिक्रिया संख्या १४७ मध्ये गुल्मी र हाल काठमाडौंमा रहेको ठेगाना उल्लेख भएकाहरूको संख्या ७२ (४९ प्रतिशत) छ । तुलनात्मक रूपले शिक्षित छिमेकी जिल्ला-पाल्पा जिल्लाको संख्या १३ (९ प्रतिशत), अर्को छिमेकी जिल्ला अर्घाखाँचीको संख्या ६ (४ प्रतिशत), रूपन्देहीको संख्या ५ (३ प्रतिशत) पाइयो । राजधानी काठमाडौंको संख्या ३ र कपिलवस्तुको संख्या ३ त्यस्तै चितवन, दाङ, जाजरकोट, रौतहट (गौरजेल) को संख्या दुई-दुईका दरले

पाइयो । कञ्चनपुर, बैतडी, डोटी, अछाम, कैलाली, प्यूठान, पर्वत, बाग्लुङ, लमजुङ, मकवानपुर, उदयपुर, खोटाङ, भोजपुर, सप्तरी, मोरङ, इलाम जिल्लाको संख्या एक–एकका दरले पाइयो । कूल प्रकाशित पाठक–प्रतिक्रिया संख्या १४७ मध्ये विदेशतर्फ भारतको पाठक–प्रतिक्रिया संख्या ९(६ प्रतिशत), अमेरिकाको संख्या २ र बर्माको संख्या १ पाइयो ।

**पाठक–प्रतिक्रियाहरूका मुख्य बुँदाहरू**

- ❑ सम्पादनमा भाषागत त्रुटि हुन नहुने र परिपक्वता हुनुपर्ने ।
- ❑ पत्रिका समयमा प्रकाशित हुनुपर्ने ।

**केही सान्दर्भिक पाठक–प्रतिक्रियाहरू (सुरू अङ्कदेखि सम्पूर्णाङ्क ९९ सम्म)**

विस्तारभयले आंशिक मात्र यहाँ उल्लेख गर्ने धृष्टता गरिएको छ :-

- ◆ हाम्रो पुरुषार्थको वर्ष ९ अङ्क २ भित्र सररर आँखा दौडाएँ । सम्पादकीयमा हस्याङ्-फस्याङ् र लस्याङ्-बस्याङ् भनेर त्रुटिहरूमा क्षमा माग्ने प्रयास भएको छ । यो खल्लो कुरा हो । (बालकृष्ण बस्याल, पाल्पा-सम्पूर्णाङ्क १७, २०३९)
- ◆ यसले पत्रिकालाई स्तरीय तुल्याएको छ । (कृष्णप्रसाद बस्याल, पाल्पा-सम्पूर्णाङ्क १७, २०३९) (साढे तीन पेज)
- ◆ किरण पुस्तकालयबाट प्रकाशित 'हाम्रो पुरुषार्थ' नामक पत्रिका पढन पाइयो। पश्चिम पहाडको एउटा कुनामा रहेको गुल्मी जिल्लाबाट साहित्यका हरेक रस भरिएको त्यस्तो पत्रिका प्रकाशन हुन्छ भन्ने हामीहरूले कल्पना पनि नगरेको कुरा हो । युवा साहित्यकारले भरिएको त्यस गुल्मी जिल्लाले अन्य जिल्लाहरूलाई युवा साहित्यिक क्षेत्रमा पछाडि गराउने रहेछ । हाम्रो पुरुषार्थ आफू मात्र सफल नभएर प्रेरणाको रूपमा पनि खडा छ, जसको सम्पर्कले नेपाली युवा साहित्यकारहरू त्यसै किसिमका पत्रिका प्रकाशन गर्न तम्सिने छन् । (रत्न लम्साल र धेरै धेरै साथीहरू, श्री ज्योति माध्यमिक विद्यालय, बेलटार, उदयपुर-सम्पूर्णाङ्क १७, २०३९)
- ◆ 'हाम्रो पुरुषार्थ' को लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क शुरूदेखि अन्तसम्म हेर्ने मौका पाएँ । नव वर्ष २०३९ मा प्रकाशित भएर पनि .... फेला पार्दा बत्तीको मुनि अँध्यारा भन्ने उक्ति सम्झन पुग्छु भने यहाँ रिडी आउनुभन्दा ... काठमाडौं, न्यूरोड पीपलको बोटमा देख्दा झन् अचम्म मान्न पुगें । (गणेश पुण्य श्रेष्ठ, रिडी, गुल्मी-सम्पूर्णाङ्क १७, २०३९)
- ◆ शुभकामना ! हो चोखो शुभ–कामना व्यक्त गर्नुपर्ने पुरुषार्थ तपाईंहरूले शुरू गर्नुभएको हो तर जिब्रो नचपाई भन्नुपर्दा चाहिं तपाईंहरूको 'पुरुषार्थ' निकै

बोधो र अल्छे पाराले अगाडि बढे जस्तो लाग्छ-पञ्चायती व्यवस्थामा देश अगाडि बढेजस्तो । अगाडि त बढेकै हो तर समयको गति र जनताको आवश्यकताहरूलाई चिनेर 'हाम्रो पुरुषार्थ'ले आफूलाई परिमार्जन गर्दै लगे जस्तो लाग्दैन । मैले यिनै खोटहरू देखें तापनि 'राम्रो नेपाली साहित्यिक पत्रिका भनेर...खण्डमा म 'हाम्रो पुरुषार्थ' लाई आफ्नो भोट दिन्छु । (मदन 'मुमुक्षु' इलाम, फिक्कल-सम्पूर्णाङ्क १७, २०३९)

- 'हाम्रो पुरुषार्थ' वर्ष १०, अङ्क २, सम्पूर्णाङ्क १८ समयमै हात पऱ्यो । डा. टीकाराम पन्थीको 'हलि पाइएन' भन्ने लेख ज्यादै रोचक र समसामयिक लाग्यो । बाहुनले हलो जोते जात जाने र भातपानी बन्द हुने समस्या समाजमा अझै विद्यमान छ । हलो जोत्ने काम शास्त्रले निषिद्ध गरेको छैन भन्दै सप्रमाण उहाँले गर्नुभएको व्याख्या चित्त बुझ्दो छ तर उहाँको मध्यममार्ग अपनाउने तरीका भने अलि युक्तिसंगत देखिदैन । ७५ प्रतिशत शिक्षण र पुरोहित्याइँ गरी २५ प्रतिशत मात्र कृषि गर्ने बाहुनले हलो नजोते पनि हुने र बाँकी अरू बाहुनले जोते हुन्छ भन्ने सल्लाह सामयिक र न्यायोचित भएन । (कृष्णप्रसाद बस्याल, पाल्पा-सम्पूर्णाङ्क १९, २०४०)-(तीन पृष्ठ) ।

- हाम्रो पुरुषार्थको वर्ष १०, अङ्क २ पढ्ने मौका मिल्यो । भाषाका विशिष्ट विद्वान् डा. टीकाराम पन्थीसँगको अन्तर्वार्ता ज्यादै महत्त्वपूर्ण छ । यस्ता खोजपूर्ण अनुसन्धानात्मक अन्तर्वार्ताको क्रम हाम्रो पुरुषार्थले छुटाउने छैन भन्ने आशा गरेका छौं । (राजेश्वर कार्की, जाजरकोट, गोविन्द शाही, जुम्ला-सम्पूर्णाङ्क २०, २०४१)

- हाम्रो पुरुषार्थको वर्ष ११, अङ्क १, सम्पूर्णाङ्क १९ हेर्ने सौभाग्य प्राप्त भयो । हाम्रो पुरुषार्थले हाम्रा नेपाली कवि, कथाकार, नाटककार र उपन्यासकार एवं प्रतिष्ठित अन्य व्यक्तिहरूको परिचयलाई स्थान दिएमा राम्रो हुनेछ । यो पत्रिका ग्रामीण क्षेत्रबाट निस्कने हुँदा नजीकका गाउँहरूको परिचय पनि दिएमा बढी रोचक हुने थियो । (राजेन्द्र गोपालसिंह 'निराकार', पाल्पा-सम्पूर्णाङ्क २०, २०४१)

- हाम्रो पुरुषार्थको वर्ष ११, अङ्क १९ प्राप्त गरें । केही सुझावहरू दिन चाहन्छु-पहिलो कुरो हाम्रो पुरुषार्थले लेख...माथि 'लेख', कथाको माथि 'कथा' र निबन्धको माथि 'निबन्ध' आदि लेख्ने गरोस् । त्यस्तै लेख, कविता कथा आदिका लेखक, कवि, कथाकारहरूको ठेगाना उहाँहरूकै कृतिको अन्तमा लेख्ने गरोस् साथै भरखर मात्र साहित्याकाशमा उदाएका साहित्यकारका लागि केही पाना थप गर्न कसो होला ? (विनोदकुमार नेपाल 'बैगुनी', पाल्पा-सम्पूर्णाङ्क २०, २०४१)

- I am getting "Hamro Purushartha" . I received one today . Before this, I have received three others . Thank you very much for sending "Hamro Purushartha" to me . (Michael Harris, Indiana, USA-सम्पूर्णाङ्क २०, २०४१)
- 'हाम्रो पुरुषार्थ' वर्ष ११, अङ्क २ पढ्दा लागेका दुई–चार कुरा-शुरूमै नरेन्द्रमणि आ.दी.को अन्तर्वार्ता र "नेपाली भाषा र साहित्य मेरो सम्पूर्ण जीवनको आकर्षण केन्द्र भएको छ" भन्ने उद्‍गार नै त्यसको शीर्षकमा चढेको देख्दा जुन आशाले म त्यसभित्र पसें, निस्कदाँ बन्दूक बोकेर जङ्गल चहारेको शिकारी एउटा ढुकुर मात्र बोकेर फर्केको अनुभव भयो । किताब पाएको खुशीमा यदुनाथ खनालले लेखेको पद्यबन्ध चिठीको कुन साहित्यिक मूल्य देखेर अनुवादसहित २ पृष्ठ खर्चियो यो पनि ठम्याउन सकिनँ । दुईचार राम्रा देखिने रचनालाई काखी च्याँपेर लेखकको जीवन प्रक्रियालाई बिर्सी जयकार भनाउँदा भावी सन्तानको भाग्यसित ठूलो खेलबाड पनि भइरहेको हुन सक्छ । खासगरी समीक्षकहरूले यस्ता सवालमा लापर्वाह हुनु ज्यादै खतरनाक कुरा हुन सक्छ । त्रिपाठीजीलाई सचेत हुन मेरो सविनय आग्रह । 'हाम्रो पुरुषार्थ'ले अहिलेसम्म देश र राष्ट्रियताको सवालमा जोड दिएझैं वर्ग र जनमुक्तिका युगीन सवालहरूतिर पनि उचित ध्यान दिए युग चेतनाको यो साँचो संवाहक ठहर्नेछ । (मोदनाथ प्रश्रित, गौरजेल-सम्पूर्णाङ्क २१, २०४१) (तीन पृष्ठ)
- नयाँ कवि, कथाकारहरूलाई प्रवेश गराई प्रोत्साहन दिई हिंड्न सकेमा लोकप्रिय स्तरीय हुँदै जाने थियो । (राजेन्द्र गोपाल सिंह 'निराकार', पाल्पा-सम्पूर्णाङ्क २१, २०४१)
- आगामी अङ्क देखि नाटक र निबन्धको स्तम्भ थप्नु पर्‍यो । कथा साह्रै कम भयो, पाठक लोभिने बाटै भएन । एउटा नयाँ स्तम्भ खडा गरी "ज्ञान गुन" पनि समावेश गर्नु पर्‍यो । (कृष्ण पहाडी 'कर्मचण्डाल', पाल्पा-सम्पूर्णाङ्क २१, २०४१)
- त्यहाँको साहित्य एवम् पुस्तकालयप्रेमी उदीयमान युवाहरूका सत्प्रयासमा प्रकाशित पत्रिकाले म एउटा दङालीमा अत्यन्त ठूलो हौसलाको पनि अनुभव भयो । शैक्षिक र अन्य दृष्टिले 'दाङभन्दा गुल्मी पछि छ' भन्ने मानिसहरूको धारणालाई यसले राम्रो जवाफ दिएको छ । पुस्तकको आकारको हिसाबले मूल्य रू.५।-बढी हैन । (युग चेतना साप्ताहिकबाट (साभार-वर्ष–२, अङ्क ३६, २०४१ कार्तिक-सम्पूर्णाङ्क २१, २०४१)
- प्रत्येक अङ्कहरूमा प्रकाशित लेख, समालोचना, अन्तर्वार्ता, कथा, कविता आदि स्तरीय र पठनीय छन् । प्रत्येक अङ्कले कुनै न कुनै नयाँ प्रतिभालाई

जन्माएको छ । केही अङ्कले झारा टारेजस्तो लाग्यो । (जगतबहादुर खड्का, गुल्मी-सम्पूर्णाङ्क २२, २०४२)

- सम्पूर्णाङ्क २१ अलि दुब्लो रहेछ-आकार र रचनामा पनि ! भविष्यमा स्तरीय रचना समावेश गरिने आशा गर्दछौं । (शेषकान्त काफ्ले, गिरिराज पन्त, वन विज्ञान अध्ययन संस्थान, हेटौंडा-सम्पूर्णाङ्क २२, २०४२)

- २०३० सालमा न्वारान भएको 'हाम्रो पुरुषार्थ' आफ्नो अनुकरणयोग्य र प्रेरणादायी पुरुषार्थ प्रदर्शन गर्न पनि सक्षम छ । एक पटक ...अङ्क र गुल्मेली प्रतिभा अङ्क प्रकाशित गरी धेरै अपरिचित प्रतिभालाई चिनाउनु भए सुनमाथि सुगन्ध हुनेछ । आजीवन ग्राहक शुल्क रू.१६०।-निकै चर्को भयो किनकि साधारण बैंक ब्याज पनि रू.२०।-पुग्छ तर दुई प्रतिको मूल्य रू. १०।-मात्र छ । लेखकहरूलाई पनि पारिश्रमिक दिने गरेको थाहा छैन । यसलाई रोचक बनाउन प्रतिभा परिचय वा प्रवेश (मधुपर्कमा झैं) स्तम्भ र ज्ञानविज्ञान, आविष्कार र उपलब्धि, चुट्किला, गाउँखाने कथा, सामान्य ज्ञान प्रतियोगिता (International Forum मा जस्तै) इत्यादि विविध स्तम्भ राख्नु आवश्यक देखिन्छ । यसको लागि हाम्रो अनुरोध पनि । (वेदप्रसाद पन्त, गिरिराज पन्त, बलेटक्सार, गुल्मी।-सम्पूर्णाङ्क २३, २०४२)

- यस अङ्कका रचनाहरूमध्ये डा. टीकाराम पन्थीको 'आर्यहरूको जातीय सद्भाव' लेख विशेष उल्लेखनीय छ र मेरो आफ्नो लेखन–प्रसङ्गको विषय...परेकोले यसबारे एक दुई कुरा भन्न चाहान्छु । यस अङ्कका अरू रचनाहरूबारे विस्तारभयले केही लेखिनँ । (मोदनाथ प्रश्रित, गौरजेल-सम्पूर्णाङ्क २३, २०४२) (तीन पृष्ठ)

- सम्पादकीय, कृति परिचय र पाठक–प्रतिक्रिया आकर्षणका विषय बनेका छन् । अझ टीकाराम पन्थीको 'आर्यहरूको जातीय सद्भाव' नामक लेखमाथि गरिएको मोदनाथ प्रश्रितको प्रतिक्रियाले देखाएको यथार्थता र वैदिक कर्मवादका परिसीमाहरूको झलकले पाठकलाई आकर्षित तुल्याएको छ र नयाँ जानकारी गराएको छ । (हरिप्रसाद शर्मा, खोटाङ्-सम्पूर्णाङ्क २४, २०४२)

- "बन्द प्याकेटभित्र विश्वासको... बिस्फोट" गोमा जी.सी.को कथा राम्रो छ । महिला जगत्मा गुल्मीबाट निक्लने पुरुषार्थमा यस अङ्कमा उहाँको मात्र कथा छ । यत्तिको कथालाई मान्नैपर्छ । अरू स्तम्भ राम्रै छन् । (शोभा शाह, बीरबास, गुल्मी-सम्पूर्णाङ्क २६, २०४३)

- 'हाम्रो पुरुषार्थ' सम्पूर्णाङ्क २७ सानै आकारमा भए पनि स्तरीय रचनाहरू लिएर हाम्रो सामु आएको छ । मोदनाथ प्रश्रितको खोजपूर्ण लेख र चोलेश्वर शर्माको व्यङ्यनिबन्ध यस अङ्कका प्राण नै हुन् । प्रश्रितज्यूले

जातपात र छुवाछूतको विद्वत्तापूर्ण विवेचनात्मक विश्लेषण सरल शैलीमा प्रस्तुत गर्नुभएको छ । यस लेखमा केही भनाइ आपातरमणीय (बोत्रे) पनि छन्-जस्तो आजको पैंतीस सय वर्ष अगिसम्म जात पात र छुवाछूत भन्ने कुरा कसैलाई थाहा थिएन" 'बुद्धको समयसम्म सत्य त्रेता आदि युगको परिकल्पना भएको थिएन" आदि । वर्णव्यवस्थालाई वैदिक मान्नु र ३५ सय वर्ष अघि जातपात थिएन भन्नु परस्पर विरोधी कुरा होइन ? वर्णसंकर उपजाति धेरै पछि उदाएको हो तापनि वैदिकवाङ्मयमा चार वर्णलाई जाति भन्ने चलन छ । बृहदारण्यक उपनिषद् महाभारत युग (३१०० ई.पू.) भन्दा पुरानो हो । (डा. टीकाराम पन्थी, गुल्मी-सम्पूर्णाङ्क २८, २०४४)

- सम्पूर्णाङ्क २८ को कविता, कथाबारेमा उल्लेख छ । यस पटकको सबभन्दा ठूलो गुनासो प्रूफ मिस्टेकको भन्नु पर्दछ । प्रूफको गल्ती यति छ कि त्यसको लेखाजोखा नगरौं । मेरो आफ्नै रचना खतम भएछ । लेखनाथलाई आधुनिक कवि पनि हुन् भनी सप्रमाण भन्न खोजेको थिएँ । तर पृष्ठ २२ को बाइसौं हरफमा "लेखनाथलाई आधुनिक हैनन् भन्दा उनीमाथि सरासर अन्याय हुन जान्छ" भनी मैले लेखेकोमा "आधुनिक हुन् भन्दा" छापिन गै अर्थको अनर्थ हुन गएको छ र त्यसले मलाई भन्दा बढी अन्याय लेखनाथलाई हुन गएको ठानेको छु । आइन्दा यस्तो गल्ती नहोस् भनी हार्दिक अनुरोध गर्दछु । अरू रचना ठीकै छन् । हाम्रो पुरुषार्थ दुब्लाएर पनि रोग व्याधि चाहिं नलागोस् भन्ने कामना गर्दछु । (कृष्णप्रसाद बस्याल, हाल-राजविराज-सम्पूर्णाङ्क २९, २०४५)
- पाठकहरूको अभावमा पत्रिकाको विकास असम्भव छ । शिक्षित युवाहरूको रूचि नेपाली साहित्यमा भन्दा हिन्दी पत्रिका, हिन्दी फिल्मतिर अत्यधिक छ । फलतः पसलहरूमा नग्न चित्रका मुखपृष्ठ भएका अन्य भाषाका किताबहरू मात्र देखिन्छन् । वर्तमान स्थितिमा साहित्यिक पत्रिका चलाउनु कम कष्टदायी छैन । यस विकट स्थितिमा पनि किरण पुस्तकालयले हाम्रो पुरुषार्थलाई सजीवता र नियमितता दिन सकेकोमा धन्यवाद छ । (शालिकराम पाण्डे, पाल्पा, हाल बुटवल-सम्पूर्णाङ्क ३१, २०४६)
- कुटुरो फुकाउँदादेखि लिएर सबै स्थायी स्तम्भहरू पढने सौभाग्य पाएँ । पत्रिका राम्रो लाग्यो । ठाउँ–ठाउँमा प्रिन्टिङ्ग मिस्टेकले गर्दा अर्थको अनर्थ भएको पनि पाइयो र सच्याई-सच्याई पढें । हाम्रो पुरुषार्थमा अझै अरू स्तम्भहरूजस्तै के तपाईंलाई थाहा छ ? 'त्यो पनि जानिराखौं' निबन्ध व्यक्तित्त्व विकासको लागि अन्तर्वार्ता, ख्यातिप्राप्त कलाकारका बारेमा जीवनी, विश्वचर्चित व्यक्तिको जीवनी जस्ता स्तम्भहरू पनि समावेश गर्न सकेमा र यस पत्रिकालाई द्विमासिक गराएमा हाम्रो पुरुषार्थ हृष्टपुष्ट हुन्थ्यो कि ? (रमेशकुमार खनाल, पाल्पा-सम्पूर्णाङ्क ३१, २०४६)

- यस्ता साहित्यिक पत्रिकाहरू यता भारतको सुदूर पूर्वाञ्चलतिर पनि व्यापक रूपमा प्रचार गर्न पाए हामीलाई पनि नेपालान्तर्गत विविध कार्यकारिणी एवं प्रशासनिक व्यवधानका कुराको ज्ञान हुने थियो । हामी असमबासीलाई प्रतिदिन समस्याको झटारोले मर्माहत पारिरहन्छ र नेपाली पत्र–पत्रिकाको उति विकास भएको छैन । (के.बी. राणा, असम, भारत-सम्पूर्णाङ्क ३२, २०४६)

- यस पत्रिकाको आजीवन ग्राहक बन्न र पत्रिका सुलभ तरीकाबाट प्राप्त गर्न के गर्नु पर्ला यसै स्तम्भ मार्फत जानकारी पाऊँ । (रमेशकुमार खनाल, पाल्पा-सम्पूर्णाङ्क ३२, २०४६) (खनालजी, तपाईंले हाम्रो पत्रिका रूचिपूर्वक पढनु भएकोमा धन्यवाद ! यस पत्रिकाको आजीवन ग्राहक शुल्क हालसम्म रू. २०० । मात्र छ । तपाईंले बैङ्कबाट ड्राफ्ट बनाई हाम्रो पुरुषार्थको नाममा ग्राहक शुल्क पठाएमा हामीले हुलाकबाट तपाई जहाँ बस्नु हुन्छ त्यहाँ पत्रिका पठाइदिनेछौं।–सम्पादक)

- २०४६ सालको जनआन्दोलन एवं पूर्ण प्रजातन्त्रको पुनःस्थापना पश्चात् निद्रामा परेका विभिन्न व्यक्ति, समुदाय र संघसंस्था जुर्मुराइरहेको अवस्थामा यसले पनि आफ्नो जोस, जाँगर र जवानीको प्रदर्शन एवं प्राजातान्त्रिक मूल्य, मान्यता अनुसार साहित्यिक क्षेत्रमा निर्भीक भएर आफ्नो पहिचान राख्नु पर्नेमा यो अझैतिर निद्रामा परेकोमा यसका पाठक एवं सदस्यहरू आश्चर्यचकित छन् । म यो पत्रमार्फत हाम्रो पुरुषार्थका सम्पादक मण्डललाई निद्रा छोडी यसलाई निरन्तरता दिन अनुरोध गर्दछु । चन्द्रकान्त पन्थी,-सम्पूर्णाङ्क ३३, २०५३)

- पत्रिका प्रकाशित हुन बन्दै भएको भए कारणसहित तलको ठेगानामा जानकारी दिनु हुन अनुरोध छ । बन्द नभएर प्रकाशित भइरहेको भए मजस्तो नियमित पाठक र आजीवन ग्राहकलाई सो पत्रिका किन उपलब्ध हुन सकेन खुलस्त बताइदिनु भएमा सन्तोष लाग्नेछ । (गोविन्दप्रसाद पोखरेल, गुल्मी हाल : काठमाडौं-सम्पूर्णाङ्क ३४, २०५४) (हाम्रो पुरुषार्थले बीचमा विश्राम लिएको पक्कै हो । यसको ३३औं अङ्क केही ढीलो गरी तपाईंको हात पर्नुपर्छ । ३३औं अङ्कदेखि हामीले यसको प्रकाशन र वितरण कार्यलाई पहिलेभन्दा अझ व्यवस्थित बनाउने प्रयास गरिरहेका छौं।– सम्पादक)

- 'हाम्रो पुरुषार्थ'भित्र विभिन्न विधाका कविता, कथा, निबन्ध, भ्रमणबारे लेखका साथै खेलकूद ज्ञान–विज्ञान, बाल–कार्यक्रम, महिला कार्यक्रम इत्यादि स्तम्भहरू थपेर प्रकाशन गरे अझै रोचक हुने थियो होला जस्तो लाग्छ । (भीम पोखेल, शोणितपुर, आसाम, भारत-सम्पूर्णाङ्क ३६, २०५५)

- २०४६ सालको जनआन्दोलनमा यस जिल्लाको किरण पुस्तकालयबाट प्रकाशित हुने हाम्रो पुरुषार्थ खतरा किसिमले घाइते भएर अझै छटपटाउँदै छ कि शहीद भयो भन्ने सोचेको थिएँ तर त्यो मेरो सोचाइ मात्र रहेछ । एकाएक वर्ष २४, सम्पूर्णाङ्क ३३, अङ्क १ गुल्मी परिचयाङ्कको रूपमा निकालेको देख्दा असाध्यै खुशी लाग्यो । सो अङ्कमा प्रकाशित गुल्मी जिल्लाका प्रजातन्त्र प्राप्तिका लागि आफ्नो ज्यान बलिवेदीमा चढाउने महान् योद्धा बीर शहीद शम्शेरबहादुर खत्री, शहीद देवीप्रसाद अर्याल, शहीद मित्रबन्धु खरेललाई समेत सम्मान गरेको देख्दा कोही पनि बहुदलबादीहरू खुशी नहुने प्रश्नै छैन, तर कता कता लामो अनुसन्धानमा लागेको हाम्रो पुरुषार्थमा केही विवादास्पद नामहरू पनि छापिएका रहेछन् । जानेर होस् वा अन्जानमा लामो समयसम्म अनुसन्धानमा रहेको पुरुषार्थको कसैसँग पूर्वाग्रह त छैन । हाम्रो पुरुषार्थलाई कसैसँग पूर्वाग्रही हुनु आवश्यक छैन तर गुल्मी परिचयाङ्कमा त्यस्तो स्वतन्त्र नदेखिएर हाम्रो पुरुषार्थले आफ्नो अस्मितालाई खतम गरेर कसैलाई बढाउने र कसैलाई घटाउने गर्न लागेको देखियो । गुल्मी परिचयाङ्कको पेज नं.१५४ मा प्रकाशित हाल विभिन्न क्षेत्रमा कार्यरत गुल्मी जिल्लाका प्रमुख व्यक्तिहरू शीर्षक हेरेर असाध्यै खुशी लाग्यो । मेरो विचारमा यो शीर्षकले हाम्रो पुरुषार्थलाई विवादमा पारेको महसूस गरेको छु । किनकि नाम हेर्दा त्योभन्दा माथिल्ला ओहदामा बसेका नामहरू प्रकाशित भएका रहेनछन् । उदाहरणको लागि नेपाली काँग्रेसका महाधिवेशन प्रतिनिधि एवं तम्घास गा.वि.स.का अध्यक्ष भुवनप्रसाद श्रेष्ठ र महाधिवेशन प्रतिनिधि रवि ज्ञवाली लगायतका कैयौं व्यक्तिहरूका नाम छुटेको पाइयो र कतै हाम्रो पुरुषार्थले पुरानो आफ्नो छविलाई बिर्सिएर पूर्वाग्रही त भएको छैन ? त्यस्तै नजीकको तीर्थ हेला भनेझैं अधिकृतहरूको नाम छपाइमा छिमेकी गा.वि.सं. अर्खलेकै कृषि विकास बैंक मुख्य कार्यालयका विभागीय प्रमुख कृष्णबहादुर कुँवरको नाम पनि देखिएन र गुल्मी जिल्ला घर भई प्रहरी सेवामा कार्यरत अधिकृतहरूको नामावली शीर्षकमा प्रहरी निरीक्षकसम्मको नाम प्रकाशित भएको रहेछ । छिमेकी गा.वि.स.का प्रहरी वरिष्ठ उपरीक्षक रविकान्त अर्यालको नाम देखिएन । (महेन्द्र पाण्डेय, गुल्मी–सम्पूर्णाङ्क ५५, २०५५)
- साहित्यिक फाँटमा देशका चर्चित व्यक्ति र नेतृत्वहरूले दृष्टि नदिंदा यस फाँटको प्रस्फुटन खुलेर निस्कन सकेको छैन । यहाँको स्थिति यस्तै छ । अब हाम्रो पुरुषार्थका लागि मैले के लेखूँ ? पहिले केही लेखेर पठाएको हो । त्यो छापिएको छैन । त्यो रचना सम्पादकहरूकै फाइलमा कतै परेको होला । सबै परिस्थिति पूर्ण प्रतिकूल हुँदा कलम चलाउँदै गर्नु पर्ला । (धर्मराज पाण्डे, हाल : काठमाडौं–सम्पूर्णाङ्क ३६, २०५५)

- बाहिरी आवरणमै किरण पुस्तकालयको तस्वीर छ तर भित्र त्यसबारे सानो जानकारीसम्म नहुनु सम्पादकहरूको कमजोरी हो । १९६ पेजहरूमा स्थायी स्तम्भबाहेक ३० वटा रचनाहरू छन् । ती सबै पुस्तकालय सम्बन्धित छन् । धेरै लेखहरू पुस्तकको आकार बढाउन राखेजस्तो लाग्छ । (कृष्णप्रसाद पन्थी, काठमाडौं-सम्पूर्णाङ्क ३८, २०५६)
- १७४ पृष्ठ संख्या भएको हाम्रो पुरुषार्थको यो अङ्कले गरीब पाठकको क्रयशक्तिलाई ध्यान दिएको पाइँदैन । विज्ञापनको भरमारले पत्रिकाको व्यापारीकरण भएकोमा औंलो उठाउने ठाउँ देखिन्छ । (ओमप्रकाश शाह, गुल्मी-सम्पूर्णाङ्क ३९, २०५६)
- "हाम्रो पुरुषार्थ" को कथा विशेषाङ्क अङ्क-२ (वैशाख २०५६) को प्रति एउटो मेरो निम्ति कृपा गरी पठाउनु भएको रहेछ । यस अङ्कमा मेरो कथाले ठाउँ पाउन सकेछ । यो कथाको योग्यता हो अथवा सम्पादक मण्डलीको अनुग्रह औ प्रोत्साहन म भन्न सक्दिनँ । ('कर्ण' तेजु, अरूणाचल प्रदेश, भारत-सम्पूर्णाङ्क ३९, २०५६)
- यसका अतिरिक्त धेरै विज्ञापनहरूको प्रधानता हुँदाहुँदै पनि पुस्तकको मूल्य चाहिँ गुल्मेली पाठकहरूले चर्को मानेको कुरालाई आत्मसात् गर्नैपर्छ । यसका साथै गुल्मीबाटै निस्कने पत्रिकामा पनि साहित्यिक लेखहरू राख्न पाइएन भन्ने गुल्मीका लेखकहरूको गुनासो रहेको छ । (पार्वती अर्याल, ह्वाङ्दी, गुल्मी-सम्पूर्णाङ्क ४०, २०५७)
- डा. टीकाराम पन्थीज्यूको 'वृद्ध वर्षले' वृद्ध वर्षको चिनारी, वृद्धावस्था कुन उमेरदेखि शुरू हुन्छ तथा वृद्धहरूलाई उपेक्षा होइन सम्मान गर्नुपर्छ भन्ने शिक्षा दिएको छ । 'अचम्म लाग्छ' कवितामा सान्दाइले घुसखोरी फटाहा, जासूसले सच्चा नेताहरूलाई पनि कुमार्गमा लाग्न विवश बनाउने सामन्तहरूको खुइरो खनेका छन् भने अर्कोतिर रामप्रसाद ज्ञवालीले 'आक्रोश' कवितामा जनताको बुई चढेर बनेका नेता पछि गएर जनताकै कुभलो गर्न थालेपछि त्यस्ता जनघाती नेताहरूलाई चेतावनी दिएका छन् । अब 'लालपूर्जा होइन कालापूर्जा' मा कृष्णबहादुर कुँवरले सुकुम्बासीको समस्याभन्दा हुकुमबासीको विलासितालाई ध्यान दिने सुकुम्बासी समस्या समाधान आयोगलाई सिओले घोँचेर सही मार्गमा आउन निवेदन गरेका छन् । यो पत्रिकाले गुल्मी जिल्लाका नव सिकारू साहित्यकारहरूलाई स्थान दिने हो भने गुल्मीमा गुम्सिएर रहेको साहित्यले मौलाउने मौका पाउने थियो । साथै सम्पादक समूह सबैको लेख-रचना नदेख्दा नून नराखेको तरकारीजस्तो अनुभव भएको छ । (विष्णुप्रसाद खनाल, खनदह, अर्घाखाँची-सम्पूर्णाङ्क ४०, २०५७)

- तपाईंहरूको उत्साह, परिश्रम र लगनशीलताले पत्रिका "हाम्रो पुरुषार्थ"लाई प्रतिष्ठा दिलाएको छ । यसले निरन्तरता र स्तरीयता पाउन सकेको छ । यसको लागि साधुवाद । अझै उज्ज्वल भविष्यको लागि कामना गर्दछु । (जगतबहादुर जोशी, पाल्पा-सम्पूर्णाङ्क ४०, २०५७)(सबभन्दा छोटो)
- सनत रेग्मीले कसरी जेल यात्रामा परें भन्ने पुरानो सम्झना गर्नुभएको रहेछ, म आफू पनि जेल यात्रा भोगेको व्यक्ति भएकोले यस्ता लेखको मर्म बुझ्ने प्रयास गर्दछु । (श्यामकृष्ण शर्मा खनाल, प्राचार्य, श्रीभैरव नवदीप उच्च मा.वि. छहरा, पाल्पा-सम्पूर्णाङ्क ४१, २०५७)
- अधिराज्यका सबै सार्वजनिक पुस्तकालयहरूमध्ये किरण पुस्तकालयले हामीप्रति बढी स्नेह र माया देखाई हाम्रो परिचय देशका अन्य भागमा पनि गरिदिनाले हामीलाई गौरव लागेको छ । (हरिलाल गिरी, सचिव, कैलाली जनपुस्तकालय, धनगढी-सम्पूर्णाङ्क ४१, २०५७)
- "हाम्रो पुरुषार्थ" पत्रिका (२०५७ वैशाख सम्पूर्णाङ्क ४०) मा श्यामकृष्ण शर्मा खनालले लेखेको "पण्डितराज सोमनाथको जीवनी र व्यक्तित्त्व" शीर्षक लेख प्रकाशित भएको छ । उक्त लेखमा खनालले एतिहासिक तथ्य बेवास्ता गरी सोमनाथलाई उचाल्न अन्य विद्वान्लाई गिराउने प्रयास गरेका छन् । (दुई पृष्ठ) २०२३ सालपछि यी सब प्रमाणहरू प्रकाशित भइसक्दा पनि श्यामकृष्ण शर्मा खनाल जस्ता व्यक्तिले "स्रष्टा र साहित्य" मा प्रकाशित सोमनाथको अन्तर्वार्तालाई मात्र आधार मानी लेखेको लेख "हाम्रो पुरुषार्थ" जस्तो स्तरीय पत्रिकामा प्रकाशन योग्य हो कि होइन भन्ने कुरा पाठकवर्गले नै निर्णय गर्ने कुरा हो । (प्रकाश ए. राज, काठमाडौं-सम्पूर्णाङ्क ४२, २०५८)
- This is to acknowledge with thanks receipt of two books Viz "Hamro Purushartha" & "Hamro Purushartha - Katha Visheshank" . (R A Varma, Managing Trustee, Shri Kali Temple Trust, Yangon-सम्पूर्णाङ्क ४४, २०५९)
- हाम्रो पुरुषार्थमा राजनीतिको गन्ध नआओस् । त्यस्ता लेख आएमा त्यस अङ्कलाई सम्पादकज्यूहरूबाट झिकिदिनुलाई बेमनासिव मानिने छैन । प्रचलित परम्परामा आघात पर्ने कुनै कुरालाई यसमा स्थान दिनु यसको गरिमाप्रति खेलबाड संझिनेछ । एउटा वर्गलाई माथि उठाउन खोज्दा अर्को वर्गलाई होच्याउने प्रवृत्तिले प्रश्रय नपाओस् । पुरुषार्थ माने धर्म, अर्थ, काम र मोक्ष पनि हो । यस पत्रिकाले चारोटैको प्रतिनिधित्व गरेको पाठक वर्गलाई होस् । पत्रिकाले प्रबुद्ध लेखक, साहित्यकार, कला, सँस्कृति र इतिहासविद् र समालोचकहरूलाई स्थान दिएको छ । यो स्तुत्य हो । हाम्रो धर्म, संस्कृति, दर्शन र परम्पराका कट्टर पक्षधर स्वर्गीय वा वर्तमान

व्यक्तित्त्वहरूको अवदान यस पत्रिकाले अभिलेखका रूपमा सुरक्षित राख्ने प्रयास गरेको छ भन्ने संकेत मलाई यदाकदा दृष्टिगोचर हुने अङ्कले दिएका छन् । यो अत्यन्त प्रशन्नताको विषय हो । वर्तमानमा धार्मिक कट्टरता (धर्मलाई समजोपयोगी बनाउनुपर्छ भन्ने आधुनिक विचारग्रसित धारणाबाट अत्यन्त टाढा रहने मनस्थितिका पक्षपातीहरूको धार्मिक अविचलित भाव) राख्नेहरूबाट भएको प्रत्यक्ष क्रियाकलाप (जसले धार्मिक मान्यताका अनुयायी वर्गलाई असर पारेको हुन्छ, हिन्दूधर्मको मौलिकताको जगेर्नामा असाधारण योगदान पुऱ्याएको छ) बारे पनि यस पत्रिकाले अलिकति पनि चासो राखिदिएमा धेरै ठूलो उपलब्धि मानिनेछ । (देवेश्वर सरस्वती–आचार्य पीठ, रिडी, गुल्मी-सम्पूर्णाङ्क ४५, २०५९)

◆ हाम्रो पुरुषार्थको ४४ औं अङ्कमा प्रस्तुत भएका सबै खाले सामग्रीहरू रसिला, घोचिला, पेचिला एवं गुनिला भएकै कारणले हाम्रो पुरुषार्थको अध्ययन क्षेत्र विस्तारको लागि प्रकाशन अवधि छोट्टाई अर्थात् त्रैमासिकसम्म बनाउने र साहित्यिक घटनाको संक्षिप्त विवरणयुक्त एउटा साहित्यिक सामान्य ज्ञान प्रस्तुत गर्ने सल्लाह दिने जमर्को यस लुखुरेको रहेकोले उल्लिखित कुराको लागि आग्रह पनि गर्दछु । (विष्णु घर्ती 'भनभनेली' गुल्मी-सम्पूर्णाङ्क ४५, २०५९)

◆ पत्रिकामा विज्ञापनलाई कम बनाई ज्ञान, विज्ञान, स्वास्थ्य तथा खेलकूदसम्बन्धी लेख–रचनालाई पनि समावेश गर्न सकेको खण्डमा राम्रो हुने थियो जस्तो मलाई लागेको छ । (सावित्रा पन्थी, रेसुङ्गा बहुमुखी क्याम्पस, गुल्मी-सम्पूर्णाङ्क ४५, २०५९)

◆ निरन्तरताका पछाडि आर्थिक पक्ष पनि निर्णायक बन्न पुग्दछ । आर्थिक स्रोतका लागि गुठी, अक्षयकोष वा महादानीहरूको कृपा चाहिन्छ । सम्पादकको लागि आकर्षक तलब र सुविधा चाहिन्छ । समयले सबैलाई बूढो र क्षमताहीन बनाउँछ । पुराना पात झर्दछन्, नयाँ पात पलाउँछन् । स्रोत केही छैन । निशुल्क कति दिन खट्ने । लेख-रचना सित्तैमा लिई यसको स्तरीयता र निरन्तरता कति दिन कायम राख्ने ? यो प्रश्नले उत्तर खोजिरहेको छ । (तुलसी गौतम, तम्घास, गुल्मी-सम्पूर्णाङ्क ४६, २०६०)

◆ गएको वैशाख अङ्क पढ्ने अवसर पाइयो । पत्रिका राम्रो छ । पुरुषार्थले पुराना र स्थापित लेखकका साथै नयाँ प्रतिभाहरूलाई पनि स्थान दिएको देखेर उत्साह जागेको छ । तर गएको अङ्कमा प्रकाशित "ए ! चेली" भन्ने चोरी कविता छापिएको देखेर अचम्म लाग्यो । (हुतराज 'प्याला', थोर्गा, गुल्मी-सम्पूर्णाङ्क ४७, २०६०) ('हाम्रो पुरुषार्थ'को सम्पूर्णाङ्क ४६ मा 'ए ! चेली' कविता प्रकाशित भएको छ । त्यसमा रहेका २७ पंक्तिमध्ये १० पंक्ति कवि शीतविन्दुको 'आस्था, ओ मेरी प्रिया' भन्ने कविता–सङ्ग्रहको पृष्ठ २९

को 'एकाबिहानै एउटी चेली' भन्ने कविताबाट १० पंक्ति मिलेको देख्दा अचम्म लागेको छ । हामीलाई जानकारी गराउने हुतराज प्यालालाई साधुवाद दिँदै कवि शीतविन्दुको उक्त कविता उहाँकै अनुरोधमा यहाँ प्रकाशित गरेका छौं।-सम्पादक मण्डल)

- यस पत्रिकाका सन्दर्भमा सामान्य समीक्षा र विश्लेषण गर्ने जमर्को गरेको छु । पृष्ठ १२७ रेसुङ्गा तपोभूमि प्रथम राष्ट्रव्यापी खुला दौड प्रतियोगिता २०६० ज्येष्ठ ३१ गते शुरू हुने भनिएको दौडको विज्ञापन मनगढन्ते जस्तो लाग्दछ । यस्तो विज्ञापन छापिनु पत्रिकाको स्तरीयतामा आँच आउने कुरा होइन र ? (वैकुण्ठ थापा, रेसुङ्गा बहुमुखी क्याम्पस, गुल्मी-सम्पूर्णाङ्क ४७, २०६०) (तीन पृष्ठ)
- हाम्रो पुरुषार्थको पूर्णाङ्क ४६, वर्ष ३१, अङ्क २, ६० पढ्ने, मौका पाएँ । स्थायी स्तम्भको रूपमा करीब ८ पेजमा 'गुल्मी डायरी' प्रकाशित गरिएको छ । यसमा प्रकाशित समाचारहरूको सङ्ग्रह गरी प्रत्येक १० वर्षमा एउटा किताब प्रकाशन गर्न सकेमा अझ उपलब्धिमूलक हुनेजस्तो लाग्छ । यस पत्रिकामा पाठकहरूका आफ्ना प्रतिक्रियाहरू 'पाठक – प्रतिक्रिया' स्तम्भ अन्तर्गत प्रकाशन गरिएको छ । जुन स्तम्भ सम्पादकमण्डलको लागि सुझावको रूपमा सहयोगी हुने गर्दछ । (खेमराज खनाल, रेसुङ्गा बहुमुखी क्याम्पस, गुल्मी-सम्पूर्णाङ्क ४७, २०६०)(चार पृष्ठ)
- यस बीचमा मलाई डर लाग्दछ भोलिका दिनहरूमा यसको निरन्तरताले सम्पादकहरूको समर्पण एवं प्रतिबद्धताका साथै बढ्दो लागत खर्चलाई कसरी धान्ने भन्ने बुझाउँछ भने स्तरीयताले क्षेत्रीय एवं राष्ट्रियस्तरमा प्रकाशन हुने पत्रिकाहरूसंग कसरी स्वस्थ प्रतिस्पर्धी बनाउन सकिन्छ भन्ने हो । यसको 'इमेज'लाई निरन्तरता दिन यसले सक्छ कि सक्दैन । (तुलसी गौतम, हाल : काठमाडौं-सम्पूर्णाङ्क ४७, २०६०)
- स्थायी स्तम्भमा राखिंदै आएको पाठक–प्रतिक्रिया भन्ने स्तम्भ यो अङ्कमा राम्रोसंग अध्ययन गरें । वैकुण्ठ थापा तथा खेमराज खनालका आफ्ना प्रतिक्रियाहरू अत्यन्तै राम्रो लाग्यो । पुस्तकहरू पढ्ने समय भने तीन घण्टा मात्र रहेको हुँदा सम्भव भएसम्म थप १ घण्टा भएमा राम्रो हुने थियो। रूक्मागत अर्याल, रेसुङ्गा बहुमुखी क्याम्पस, गुल्मी-सम्पूर्णाङ्क ४८, २०६१)
- सतीको सराप परेको यस मुलुकको सरकारले खै राम्रो काम गर्ने संस्थाको कार्यको मूल्याङ्कन गरेको ? यहाँ त पुरस्कृत हुनको लागि चाप्लुसे र कसैको दलाल बन्नुपर्ने रहेछ, यस्तो भाषा–साहित्य क्षेत्रमा शोध–अनुसन्धान गर्ने संस्थाको कार्यको मूल्याङ्कन गर्ने नै हो भने किरण पुस्तकालय अग्रपंक्तिमा रहने कुरामा दुई मत हुन्नथ्यो होला । साहित्य परिषद् प्यूठानको 'सुमन' का अङ्कहरू किरण पुस्कालयमा पुर्‍याउन पाएकोमा खुशी

व्यक्त गर्दछु । (कमलप्रसाद पोखेल, उपाध्यक्ष, साहित्य परिषद्, प्यूठान-सम्पूर्णाङ्क ४९, २०६१)

- 'हाम्रो पुरुषार्थ' सम्पूर्णाङ्क ५२ वैशाख २०६३ करीब ४/५ महिनापछि मात्र हात पर्‍यो । पाठकको नाताले निम्न जिज्ञासासाथ एक सुझाव राख्न चाहन्छु :– पत्रिका दुब्लाउँदै गएको छ, आर्थिक वा प्राविधिक कारण के हो ? सम्पादक मण्डलले सामग्री मलखादमा कसिङ्गर कोचे जस्तो लाग्छ, काँट–छाँट गर्ने सम्पादनकला कता गयो ? गुल्मी र अन्य स्थानमा उत्कृष्ट लेखक नपाइएका हुन् कि ? सम्पादकहरूमा कन्जुस्याइँ भएको हो ? अनुमान गर्न सकिएन । विज्ञानले धेरै फड्को मारिसकेको यो जमानामा अनि आधा दर्जनको हाराहारीमा सम्पादक मण्डलद्वारा पत्रिका त २ दिनभन्दा बढी नलाग्न पर्ने हो । (विष्णुहरि ज्ञवाली, थानपति, हाल बुटवल-सम्पूर्णाङ्क ५३, २०६३)
- पाठकको नाताले निम्न प्रतिक्रिया तथा सुझाव राख्न चाहन्छु-पत्रिकाको स्वरूप आधुनिक तथा वैज्ञानिक शैलीमा नयाँ पुस्तालाई समेट्ने गरी प्रोत्साहन गर्नुपर्ने । लेख–रचना तथा कृतिलाई पर्याप्त मात्रामा सङ्कलन गरी छनौट र प्राथमिकताका आधारमा प्रकाशन गर्नुपर्ने । समयमा नै पत्रिका प्रकाशन गरी हात पार्नुपर्ने । (शिवलाल खनाल, भुवनपानी, गुल्मी-सम्पूर्णाङ्क ५४, २०६४)
- हाम्रो पुरुषार्थ (अर्धवार्षिक) सम्पूर्णाङ्क ५५, कार्तिक २०६६ को साहित्यिक पत्रिका सर्सर्ती पढें र पाठक–प्रतिक्रिया प्रस्तुत गर्ने प्रयास गरें । हाम्रो पुरुषार्थ –५५ मा समाबिष्ट सबै सामग्री उपयुक्त लागे । साहित्यिकभन्दा धार्मिक–सांस्कृतिक विषयका सामग्री धेरै छन् । साहित्यिकभित्र कविता विधाको बाहुल्य छ । यस अङ्कमा जे छन्, ठीकै छन्, जे छैनन् तीमध्ये कथा, एकाङ्की, समालोचनात्मक लेखहरूलाई आगामी अङ्कहरूमा ठाउँ दिन सके राम्रो हुन्थ्यो कि ? (थानेश्वर अर्याल, उप–प्राध्यापक, बुटवल बहुमुखी क्याम्पस, रूपन्देही-सम्पूर्णाङ्क ५६, २०६७)(सन्दर्भ सूचीसहित आठ पृष्ठ)
- कसै–कसैका अभिव्यक्ति भने डा. टीकारामको भन्दा आफ्नै कृतिलाई प्रकाशित गर्न खोजेजस्ता पनि भान हुन्छन् । धेरै लेखकका सामग्रीमा उही कुराहरू दोहोरिएकोले पुस्तक अनावश्यक रूपले मोटो भएको छ । (साभार-गाउँले देउराली, पूर्णाङ्क ८०८, २०६८) (उमानाथ आत्रेय,-सम्पूर्णाङ्क ५७, २०६८)
- पुस्तकालयको स्थायित्व र पत्रिकाको नियमितताको लागि आर्थिक स्रोत जुटाउन देहायका उपाय अबलम्बन गर्न जरूरी छ :– किरण पुस्तकालय र हाम्रो पुरुषार्थका आजीवन तथा स्थायी ग्राहकहरूसंग सम्भव भएसम्म सम्पर्क गरी आर्थिक स्रोत जुटाइदिन अनुरोध गर्नुपर्छ । स्थानीय

नगरपालिका र जि.वि.स. बाट वार्षिक अनुदान उपलब्ध गर्न पहल सुरू गर्नुपर्छ । प्राध्यापक, शिक्षक, कर्मचारी, सेना, प्रहरी, साहित्यकार, लेखक, कवि, कलाकार, विद्यार्थीहरूबाट एक पटकको लागि सक्दो सहयोग गरिदिन आग्रह गर्नुपर्दछ । साहु, महाजन, बुद्धिजीवी, व्यापारी तथा शुभेच्छुकहरूलाई सहयोगको लागि अपिल गर्नुपर्दछ । शिक्षा कार्यालयको समेत सहयोग लिई शिक्षण संस्था तथा गैरसरकारी संस्थाबाट समेत सहयोग लिने वातावरण बनाउनु पर्दछ । जिल्लाका सबै गा.वि.सं. हरूलाई पुस्तकालयको स्तरोन्नति गर्न आर्थिक सहयोगको लागि आग्रह गर्नु पर्दछ । पुस्तकालयको जग्गाामा भवन निर्माण गर्न प्रारम्भिक कामको थालनी गर्न स्थानीय नगरपालिका र जि.वि.स. ले पहल गर्ने तथा पुस्तकालय भवनलाई आर्थिक आयआर्जनको अवधारणाको रूपमा विकास गर्ने । (साभार : हिमाली गुराँस, २०६८) (ध्रुवराज पन्थी, गुल्मी-सम्पूर्णाङ्क ५८, २०६९)

- धार्मिक क्षेत्रलाई अगाडि बढाउने क्रममा हाम्रा पूज्यनीय, वन्दनीय, ब्रह्मलीन इतिहासविद् विद्वान् योगी नरहरिनाथलगायतका विद्वान्हरूले निकै परिश्रम गर्नुभएको छ । अब आउने अङ्कमा एक पटक नेपालका धार्मिक तीर्थस्थलहरूलाई समेटेर एउटा धार्मिक विशेषाङ्क निकाल्ने काम गरेमा हाम्रा सम्पूर्ण धर्मानुरागीहरू, तीर्थानुरागीहरू, स्वदेशप्रेमी सबैलाई थप ज्ञान मिल्नेछ र नेपाललाई तीर्थपर्यटनको रूपमा पनि विकास गर्दै नेपालीहरूको जीवनस्तरको वृद्धि गर्न मद्दत पुग्नेछ । (मोतीप्रसाद खनाल, गुल्मी-सम्पूर्णाङ्क ६३, २०७१)
- हाम्रो पुरुषार्थ श्रावण –आश्विन २०७१ विश्वेश्वर विशेषाङ्कमा ६५ जना विद्वान् लेखकका लेख-रचनाहरू अति गुणस्तरीय छन् । यी लेखहरू बी.पी.को बारेमा थप अनुसन्धान गर्न चाहने महानुभावहरूको लागि अति उपयोगी हुने विश्वास लिएको छु । (सुन्दरप्रसाद जोशी 'बादल', पर्वत-सम्पूर्णाङ्क ६४, २०७१)(सात पेज)
- 'हाम्रो पुरुषार्थ' त्रैमासिक विश्वेश्वर विशेषाङ्क लक्ष्मीनारायण सामुदायिक पुस्तकालयले प्राप्त गरेको कुरा सहर्ष जानकारी गराउँदै धन्यवाद ज्ञापन गर्दछौं । मलाई त के लाग्यो भने के यो बी.पी. चिन्तन प्रतिष्ठानले प्रकाशित गरेको हो ? वा नेपाल प्रज्ञा–प्रतिष्ठानले प्रकाशन गरेको हो ? अथवा नेपाली काँग्रेसले नै पो प्रकाशित गरेको हो ? मेरो अर्थ हो किरण पुस्तकालयले मैले माथि उल्लेख गरेका तीनवटा संस्थाहरूले गर्नुपर्ने काम बी.पी. जस्ता महापुरुषको विशेषाङ्क प्रकाशन गरेर अति नै महत्त्वपूर्ण काम गरेको छ । (गणेशप्रसाद नेउपाने, अध्यक्ष, लक्ष्मीनारायण सामुदायिक पुस्तकालय, लमजुङ; अध्यक्ष, नेपाल सामुदायिक पुस्तकालय संघ, काठमाडौं-सम्पूर्णाङ्क ६६, २०७२)

- 'हाम्रो पुरुषार्थ' पढ्न पाएकोमा धेरै खुशी लागेको छ । यस क्रममा निम्न क्रियाकलाप सञ्चालन गरोस् भन्ने सुझाव दिन चाहन्छु :–१. गुल्मी जिल्लाभरि प्रमुख बजारमा इलाका स्तरीय पुस्तकालय स्थापना गर्ने कार्यक्रम बनाई पहल गरोस् । २. गुल्मी जिल्लामा बाल पुस्तकालयको पनि आवश्यकता छ । किरण पुस्तकालयले आफ्नो भिन्नै एउटा कोठालाई बाल पुस्तकालय फाँट भनी बालउपयोगी पाठ्यसामग्री स्थानीय विद्यालयबाट बाल उमेरका छात्र–छात्रालाई जानकारी गराई पाठक बनाउन सकिन्छ । ३. तम्घास बाल मन्दिर, जिल्लामा बाल कल्याण समिति हुन्छ । त्यसबाट सहयोग हुनसक्छ । (रविचन्द्र शाक्य, पूर्व कर्मचारी परिषद्, कपिलवस्तु-सम्पूर्णाङ्क ६९, २०७२)
- महाकाली अञ्चलतिर 'हाम्रो पुरुषार्थ' धेरै पहिलेदेखि फाट्टफुट्ट रूपमा देख्न पाइन्थ्यो । यसको सम्पूर्णाङ्क ७० सर्सर्ती हेर्ने मौका पाएँ । पहिले त निकै मोटा रङ्गीन विशेषाङ्कहरू हेरेको भएर होला यस पटकको 'हाम्रो पुरुषार्थ' आवरणसहित ८४ पृष्ठमा सीमित भएको पाएँ । विज्ञापन खासै नभएर अलि दुब्लाएको हो कि ? पत्रिकाको खुराक विज्ञापन हो । खान्की नपुगेपछि मान्छे पनि दुब्लाउँछ । 'हाम्रो पुरुषार्थ'लाई पूरा खुराक पुर्याउन सबै साहित्यप्रेमीहरूले प्रयास गर्नुपर्छ । (किशोर भट्ट, महेन्द्रनगर, कञ्चनपुर-सम्पूर्णाङ्क ७१, २०७३)
- मैले यस पत्रिकाबाट समय–समयमा धेरै थोरै ज्ञान आर्जन गर्न पाएको छु र यस पटकको 'हाम्रो पुरुषार्थ' त्रैमासिक हात पर्दा हल्का दुःख लाग्यो । कारण यो अलि दुब्लाएछ । अर्को पटक यो अलि मोटाएर आउनेछ भन्नेमा विश्वस्त पनि छु । (छन्दबहादुर पहराई मगर, हाडहाडे, गुल्मी-सम्पूर्णाङ्क ७४, २०७४)
- 'हाम्रो पुरुषार्थ' साहित्यिक त्रैमासिक पत्रिकाको सम्पूर्णाङ्क ७३ पढ्ने मौका मिल्यो । ४४ वर्षदेखि यति धेरै अङ्क निकाल्न सफल भएको यो पत्रिका हाम्रो ५ नं. प्रदेशको सबैभन्दा पुरानो ऐतिहासिक साहित्यिक पत्रिका हो भन्ने मेरो विश्वास छ । यसका कतिपय लेखकहरू स्थायी जस्तै देखिन्छन् भने केही नयाँ प्रतिभाहरूले पनि स्थान पाएको बुझिन्छ । विज्ञापन खासै देखिएन । पाठकका भरमा मात्र पत्रिका कसरी चल्ला ? यसलाई चिरञ्जीवी बनाइरहन सम्पादक र प्रकाशकले विशेष ध्यान दिन जरूरी छ भन्ने मलाई लागेको छ । (सिन्धु भट्टराई, दाङ-सम्पूर्णाङ्क ७४, २०७४)
- 'हाम्रो पुरुषार्थ' पढ्ने सौभाग्य प्राप्त भइरहेको छ । यसै क्रममा २०७४ सालको वैशाख–असार अङ्क पनि पढ्न पाइयो । यसमा 'हाम्रो सम्बन्ध सेतु : नेपाली भाषा' भन्ने सम्पादकीयले मलाई पनि प्रतिक्रिया जनाउन मन लाग्यो । प्रवासमा, प्रदेशमा, स्वदेशमा नेपाली जातिको गौरव र प्रतिष्ठा एवं

पहिचानको रूपमा नेपाली भाषाले दार्जिलिङ, सिक्किम, आसाम, देहरादूनसम्म संस्कृति र भाषामा जोडिन्छौं-हामी ।' भन्ने कुराले देहरादूनमा बस्ने म जस्ता धेरै नेपालीको मन छोयो । नेपालमा गणतन्त्र आएपछि त नेपाली भाषाको अझ ठूलो उन्नति हुनु पर्नेमा ग्रहण लाग्न थाल्नु हामी सबैलाई चिन्ताको विषय हो । ग्रहणबाट मुक्तिको लागि भाषिक नदीमा डुबुल्की लगाएर हामीले मोक्षको मार्ग पहिल्याउनै पर्छ । (सङ्गीता उपाध्याय पौडेल, देहरादून, उत्तराखण्ड, भारत-सम्पूर्णाङ्क ७५, २०७४)

- लेखहरू ज्यादै लामा भए भने मान्छेलाई पढ्दा पट्यार लाग्छ । छोटा मीठा लेखहरू अझ धेरै छाप्नेतर्फ ध्यान आकृष्ट गर्न चाहन्छु । (सुबोध शर्मा, विराटनगर, मोरङ्ग-सम्पूर्णाङ्क ७६, २०७४)
- राशिफललाई साहित्यिक पत्रिकामा स्थान नदिएको भए पनि हुन्थ्यो । पत्रिकामा छोटा तर मीठा रचनालाई स्थान दिने गरेमा अझ राम्रो होला । (योगेन्द्र कार्की, जाजरकोट-सम्पूर्णाङ्क ७९, २०७५)
- सरकारले गर्नुपर्ने काम तपाईंहरूले गरिरहनुभएको छ । तपाईंहरूले प्रदेशस्तरीय प्रथम पुस्तकालय सम्मेलन गर्नुभयो र सरकारलाई पुस्तकालयका माग पूरा गराउन ध्यानाकर्षण गराउनुभयो । शिक्षाको विकास गर्न चाहने सरकारले सम्मेलनले उठाएका विषयहरू अध्ययन गर्न लगाएर पुस्तकालयहरूको विकासमा निश्चित नीतिनियम बनाई सहयोग गर्ने परिपाटी बसालोस् भन्ने हाम्रो पनि माग छ । यिनलाई पढिदिने पाठक चाहिएका छन् । (रामप्रसाद र केशव भट्टराई पोखरा, कास्की-सम्पूर्णाङ्क ८०, २०७५)
- किरण पुस्तकालयको भवन अहिले सरकारी तहबाट निर्माणाधीन छ । आशा छ त्यो अब यस वर्षभरमा तयार हुन्छ तर त्यसको सञ्चालन गर्न, त्यसभित्र विभिन्न पुस्तकहरू भर्न र त्यसलाई नियमित रूपमा विभिन्न उपकरणको प्रयोगका साथ सञ्चालन, संवर्धन गर्न स्थानीय निकाय, प्रदेशस्तर र संघबाट पनि सहयोग गर्नु आवश्यक छ । प्रत्येक साहित्यानुरागी व्यक्तिहरूले हाम्रो पुरुषार्थको आजीवन ग्राहक बन्ने, पुस्तकालयलाई यथाशक्ति सहयोग गर्ने र यसबाट प्रकाशित हुने कृतिहरू पढ्ने गर्दा नै यस पुस्तकालयलाई सहयोग हुने देखिन्छ । विशेषतः स्थानीय निकायबाट यस पुस्तकालयलाई नियमित आर्थिक सहयोग गर्ने परिपाटीको थालनी भएमा पुस्तकालय एवं यस पत्रिकाको प्रकाशनमा टेवा मिल्ने छ । (विष्णुकान्त पन्थी, गुल्मी-सम्पूर्णाङ्क ८४, २०७६)
- भेषबहादुर कुँवर 'प्रयासी' स्मृति–अङ्क ग्रन्थ हो । विशिष्ट व्यक्तिबाट शुभकामना प्रस्तुत भएको भए अति सुन्दर हुने थियो । नौलो सृष्टि सानो दृष्टि शीर्षक अन्तर्गत अन्य लेखकवर्गका अन्य कृतिहरूको चर्चाले यस

स्मृतिअङ्कलाई खल्लो बनाएको जस्तो लाग्यो । (भीष्मप्रसाद श्रेष्ठ, गुल्मी-सम्पूर्णाङ्क ८७, २०७७)

- धेरै बुझ्ने मौका मिल्यो । एक चीज माग्नु भयो तर मैले दिन सक्ने अवस्था थिएन, किन दिइन होला भनेर गल्ती गरेजस्तो लाग्यो । (गणेशपुण्य श्रेष्ठ, रूपन्देही-सम्पूर्णाङ्क ८७, २०७७)
- छ्यासमिस केही नगरी अध्ययनशील पाठक, अन्वेषक, चिन्तक समूहलाई बौद्धिक खुराक स्वरूपमा हाम्रो पुरुषार्थको कलेवर परिवर्तनतर्फ सोँच्न सकिएला कि ? (चैतन्य देवकोटा, काठमाडौं-सम्पूर्णाङ्क ८७, २०७७)
- Website बाट पढन पाउँदा खुशी लाग्यो, कुर्नु परेन । इस्मा गाउँपालिकाको परिचयबाट जानकारी प्राप्त भएकोले अन्य पालिकाहरूको पनि प्रकाशन गरी सुरक्षित राख्दा राम्रो हुने थियो । (डिल्लीराज खनाल, गुल्मी-सम्पूर्णाङ्क ८८, २०७७)
- अध्ययनको सिलसिलामा भारतमा आएको बेला website बाट पढन पाउँदा तम्घासमै भएको अनुभव भयो । (सन्ध्या पन्थी, चेन्नई, भारत-सम्पूर्णाङ्क ८८, २०७७)
- आधुनिकीकरणको नाममा समाज विकृत हुँदै गएको छ । आधुनिक शिक्षानीति पनि विद्यार्थीलाई नैतिक र चरित्रवान् बनाउनेभन्दा पनि विदेशीको योजनामा पाठ्यक्रम बनाउने र सोही अनुरूप विदेशी संस्कार उन्मुख शिक्षाको प्रचलन बढदो छ । नीतिनिर्माताले यो कुरा बुझेर तत्काल सही दिशामा कदम चाल्नुपर्ने देखिन्छ । (कृष्णकान्त पन्थी, पीएचडी, अमेरिका-सम्पूर्णाङ्क ९२, २०७८)
- समयको परिवर्तनसँगै किरण पुस्तकालय आफ्नो सानो भवनबाट अहिले भव्य आकर्षक भवनमा बदलिएको छ । पुस्तकालय सञ्चालन गर्न नियमित बजेटको अभाव अझै पनि कायमै छ । यसतर्फ सम्बन्धित निकायको ध्यान जानु जरूरी देखिन्छ । बालबालिकामा पठन संस्कृति, साहित्यप्रेम र नेपाली भाषाको विकास गर्न यस पुस्तकमा एउटा स्तम्भ 'बाल संसार' समावेश गरी बालोपयोगी पाठ्यसामग्री प्रकाशित गर्न सकेमा विद्यालय उमेरका बालबालिकाहरू पनि हाम्रो पुरुषार्थ पत्रिकासँग परिचित हुने मौका पाउने थिए । यो मेरो एउटा सानो सुझाव हो । (सुजन सुनार कक्षा : ९, उपल्लो तम्घास मा.वि., तम्घास, गुल्मी-सम्पूर्णाङ्क ९४, २०७९)
- हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ९४ पढें । यसको पृष्ठ ११३ मा सुझाइएको 'बाल-संसार' वा उपयुक्त नाम दिएर सानो खण्ड थप हुन आवश्यक देखियो । पढ्ने बानी खस्कँदो अवस्थामा ९-१२ का विद्यार्थीका लेखहरू आउनु उपलब्धिमूलक हुनसक्छ । प्रदेश तहमा उत्कृष्ट पुस्तकालय

अभियन्ता, पुस्तकालयसेवी, पुस्तकालयमा नियमित पठन/अध्ययन गर्नेमा अब्बल, पुस्तकालय सम्बन्धमा विभिन्न प्रतियोगितामा पुरस्कृत हुनेहरूलाई सम्मान, कदर तथा प्रशंसापत्र वितरण गर्न पहल गर्ने । सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूलाई (सङ्कलन, पाठक, कर्मचारी तथा पाठक सेवा सुविधाका आधारमा) तीन वर्गमा वर्गीकृत गरी तदनुरूप पुस्तकालयहरूलाई प्रदेश तथा स्थानीय तहबाट वार्षिक अनुदान दिने किटान स्थायी व्यवस्था गराउन पहल गर्ने । (मुरारिविनोद पोखरेल, काठमाडौं-सम्पूर्णाङ्क ९५, २०७९)

## एकसरो निचोड

पाठक-प्रतिक्रियाको सन्दर्भमा माथिका केही विविध प्रसङ्गहरूलाई यहाँ केलाउँदा केही गरिसकेको रहेछ र निरन्तरता दिनु पर्दो रहेछ, अझै गर्न केही कामहरू बाँकी रहेछन् भनेर सजग गराएको देखिन्छ । ती हुन् :–

पश्चिम पहाडको एउटा कुनामा रहेको गुल्मी जिल्लाबाट प्रकाशित 'हाम्रो पुरूषार्थ' ले गुल्मी जिल्लाका अतिरिक्त अन्य जिल्लाहरूका साहित्यकारहरूहरूलाई अगाडि बढाएर यथार्थमा 'पुरूषार्थ' बन्न सफल भएको छ । अरू जिल्लाहरूको लागि उत्प्रेरक बन्न पुगेको छ । हाम्रो पुरूषार्थले हाम्रा नेपाली कवि, कथाकार, नाटककार र उपन्यासकार एवं प्रतिष्ठित अन्य व्यक्तिहरूको परिचयलाई स्थान दिएको छ ।एकातिर 'आर्यहरूको जातीय सद्भाव' बढाउने बहस चलाएको छ भने अर्कोतिर ब्राह्मणले हलो जोत्न नहुने तत्कालीन सामाजिक परिवेशमा जातको कारणले निषिद्ध छैन, गर्न हुन्छ भनेर प्रगतिशील लेखहरू प्रकाशन गरेकोमा सार्थक प्रतिक्रिया गरेर समाजमा व्यावहारिक रूपमा परिणत गर्ने वातावरण सिर्जना गरेको छ ।

ज्येष्ठ नागरिकको सन्दर्भमा वृद्ध वर्षको चिनारी, वृद्धावस्था कुन उमेरदेखि शुरू हुन्छ तथा वृद्धहरूलाई उपेक्षा होइन सम्मान गर्नुपर्छ भन्ने सचेतना दिएको छ । राजनैतिक कारणबाट समेत कारागारमा रहनुपर्ने र पुस्तकको सरल पहुँच नभएको तत्कालीन समयमा पुस्तकालयले उपलब्ध गराउने गरेको गुनलाई चिट्ठीद्वारा प्रशंसा गरिएको सन्दर्भ मननीय पाइन्छ । किरण पुस्तकालयले अरू सार्वजनिक पुस्तकालयहरूसंग पनि सहयोग आदानप्रदान गरेको कार्यलाइ सकारात्मक रूपमा लिइएको छ ।

पाठकहरूको अभावमा पत्रिकाको विकास असम्भव छ । यस्ता साहित्यिक पत्रिकाहरू देशबाहिर भारतको सुदूर पूर्वाञ्चलतिर पनि व्यापक रूपमा प्रचार गर्न पाए हुने भन्ने हुटहुटी प्रवासी नेपालीहरूले चिट्ठीबाट अवगत गराएको पाइन्छ । 'हाम्रो पुरूषार्थ' ले प्रवासमा, प्रदेशमा, स्वदेशमा नेपाली जातिको गौरव र प्रतिष्ठा

एवं पहिचानको रूपमा नेपाली भाषाले दार्जिलिङ, सिक्किम, आसाम, देहरादूनसम्म संस्कृति र भाषामा जोडिदिने काम गरेको अभिव्यक्तिलाई हाम्रो पुरूषार्थ र किरण पुस्तकालयले आर्जित पूँजीको रूपमा मान्न सकिन्छ ।

**सन्दर्भ–सूची**


हाम्रो पुरुषार्थ, सम्पूर्णाङ्क १७ देखि ९९ सम्म, किरण पुस्तकालय, तम्घास गुल्मी ।

हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क १७ देखि ९९ सम्मको प्रति दर विवरण, किरण पुस्तकालय, तम्घास गुल्मी ।

विभिन्न websites


(लेखक परिचय : २०२९ सालमा गोरखापत्रमा यो पंक्तिकारले लेखेको एउटा सम्पादकलाई चिट्ठी प्रकाशित भएको थियो र गोरखापत्रले तीन महिनासम्म निःशुल्क ग्राहक भनी पुरस्कृत गरेको थियो । )

***यताउताबाट (हाम्रो पुरुषार्थ, सम्पूर्णाङ्क ६४, २०७१, पृष्ठ ५०) स्तम्भमा साभार उद्धृत***

## *गुल्मीको पुरुषार्थ*

***साहित्य साधनामा गुल्मी***

***यस जिल्लाका साहित्यसाधक तथा सरस्वतीपुत्रहरूमा यज्ञ शर्मा सुरी, शशिधर, लक्ष्मीनारायण, योगकुमार, लीलाम्बर, शोभाकर ज्ञवाली, उमानाथ पन्थी, रूक्मांगत पन्थी, रूक्मांगत अर्याल, गोविन्द मरासिनी, कृष्णप्रसाद ज्ञवाली, डा. टीकाराम पन्थी, श्रीकृष्ण गौतम, सूर्यबहादुर सेन वली, भीमकान्त पन्थी, डा.रामप्रसाद ज्ञवाली, डा.लक्ष्मीकान्त पन्थी, शशि पन्थी, दीन पन्थी, चन्द्रकान्त पन्थी, लक्ष्मण रिजाल, भेषबहादुर कुँवर, भागिरथी श्रेष्ठ, नीलाम्बर पन्थी, कृष्णबहादुर कुँवर, प्रयागलाल श्रेष्ठ, हिरण्य ज्ञवाली, रुद्र ज्ञवाली, रूक्मांगत ज्ञवाली, युवराज गौतम, हेमराज ज्ञवाली, मञ्जु थापा, हरिप्रसाद भण्डारी, कमल श्रेष्ठ, प्रदीप ज्ञवाली आदि रहेका छन् । (पूर्वाञ्चल दर्पण, वर्ष : १०, अङ्क २–३, पूर्णाङ्क : ९५, पृष्ठ ८–९, २०७०, जेठ–असार) ।***

**अर्थविद् ।**

ooo

// लेख //

# हाम्रो पुरुषार्थमा प्रकाशित सन्देशमूलक विज्ञापनको सामाजिक योगदान



✍ चनकबहादुर कुँवर

आजभन्दा ५५ वर्ष पूर्व शैक्षिक चेतनाको किरण फैलाउने उद्देश्यले २०२५ सालमा स्थापना भएको किरण पुस्तकालयले आफ्नो मुखपत्र "हाम्रो पुरुषार्थ" साहित्यिक पत्रिकामार्फत समाजमा ज्ञानको विविध पक्षमा अतुलनीय योगदान पुऱ्याएको छ । वि.सं. २०३० सालको लक्ष्मीपूजाका दिन देवकोटा जयन्तीको शुभअवसर पारी किरण पुस्तकालयले हाम्रो पुरुषार्थ साहित्यिक पत्रिकाको वार्षिक अङ्क-१ को पहिलो प्रकाशन गरेको हो । त्यस यता अविच्छिन्नरूपमा २०३६ सालदेखि अर्धवार्षिक र २०७० सालदेखि त्रैमासिकरूपमा पत्रिका प्रकाशित भइरहेको छ । हाम्रो पुरुषार्थ त्रैमासिक साहित्यिक पत्रिका राष्ट्रियस्तरको 'क' वर्गमा वर्गीकृत रहेको छ । यो अङ्क १००औं सम्पूर्णाङ्कको रूपमा प्रकाशित भएको छ । हालसम्म विभिन्न समयमा डेढ दर्जनभन्दा बढी विविध विषयका शुभराज्याभिषेक अतिरिक्ताङ्क-२०३१, अन्तर्राष्ट्रिय बाल वर्ष अतिरिक्ताङ्क-२०३६, समालोचना विशेषाङ्क-२०३७, लुम्बिनी अञ्चलकासाहित्य र साहित्यकार विशेषाङ्क-२०३९, साहित्यकार विश्वेश्वरप्रसाद कोइराला स्मृति अङ्क-२०३९, लेखनाथ अङ्क-२०४१, अन्तर्राष्ट्रिय युवा वर्षाङ्क १९८५ (२०४२), गुल्मी परिचयाङ्क-२०५३, पुस्तकालय विशेषाङ्क-२०५५, कथा विशेषाङ्क-२०५६, नेपाली भाषिक संगोष्ठी विशेषाङ्क-२०५८, पत्रकारिता विशेषाङ्क-२०६२, डा. टीकाराम पन्थी विशेषाङ्क-२०६७, भानु विशेषाङ्क-२०७०, बी.पी. विशेषाङ्क-२०७५, किरण पुस्तकालय स्वर्ण वर्ष विशेषाङ्क-२०७५, कवि प्रयासी स्मृति अङ्क-२०७७ र पं. भीमकान्त पन्थी स्मृति विशेषाङ्क-२०७७ विशेषाङ्कहरू प्रकाशित भएका छन् । यस पत्रिकाको स्वदेश तथा विदेशमा गरी १००० भन्दा बढी व्यक्ति र संस्थाहरू आजीवन सदस्य बनेका छन । हाल प्रविधिको विकासले गर्दा पुस्तकालयको वेभसाइट WWW.kiranpustkalaya.edu.np को माध्यमबाट संसारका जुनसुकै स्थानबाट पनि निःशुल्क पढ्न मिल्ने गरी व्यवस्था मिलाइएको छ ।

विज्ञापन भन्नाले अङ्ग्रेजी शब्द ADVERTISEMENT को नेपाली रूपान्तरण हो । यसको शाब्दिक अर्थ केही कुराको विशेषरूपमा जानकारी वा सूचना दिनु वा त्यसको बारे प्रचार-प्रसार गर्नु भन्ने बुझिन्छ । कुनै कुरा वा वस्तुलाई जनमानससम्म पुर्‍याउन विज्ञापनको अति नै महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । विज्ञापन विभिन्न माध्यमबाट गर्ने गरिन्छ । पत्र-पत्रिकामा छापेर, रेडियो, टीभी लगायत अन्य विद्युतीय सामग्रीबाट प्रसारण गरेर तथा अन्य क्रियाकलाप जस्तै नाटक आदि गरेर पनि विज्ञापन गर्ने गरिन्छ । विज्ञापनको माध्यमबाट जनमानसमा विश्वास र सामग्रीका बारे ज्ञान दिने गरिन्छ । त्यसैले त नेपालीमा एउटा उखान प्रचलित रहेको छ-बोल्नेको पीठो बिक्छ, नबोल्नेको चामल पनि बिक्दैन । हाम्रो पुरुषार्थमा विभिन्न उद्योगी तथा व्यवसायीहरूले व्यवसायको प्रचार-प्रसारको लागि र संघ-संस्था, सरकारी कार्यालयहरूले सूचना तथा सचेतनामूलक विज्ञापन उपलब्ध गराउँदै आइरहेको छ । जसबाट समाजमा भएका विकृति, विसंगति, उछृङ्खलता, द्वेष, वितृष्णा र अश्लीलताका विरूद्ध जनचेतना फैलाउने काममा सन्देशमूलक विज्ञापन छापेर समाजलाई सही बाटोमा डोराउने काममा हाम्रो पुरुषार्थले महत्त्वपूर्ण भूमिका खेलेको छ ।

*हाम्रो पुरुषार्थको पहिलो अङ्कदेखि स्वर्णजयन्ती ५० वर्षको समयावधिसम्म प्रकाशित अङ्कहरूमा भएका विज्ञापनहरूको अध्ययनले निम्न कुराहरू देखाउँछ । हाम्रो पुरुषार्थमा प्रकाशित विज्ञापनहरू शुभकामना, सूचनामूलक/जानकारीमूलक, ज्ञानवर्धक/सचेतनामूलक र व्यावसायिक विज्ञापन रहेको पाइन्छ । वि.सं. २०३० सालको देवकोटा जयन्तीको अवसर पारी प्रकाशित हाम्रो पुरुषार्थको पहिलो अङ्कमा किरण पुस्तकालयबाट दिइएको सन्देशमूलक शुभकामना विज्ञापन यसप्रकार छन्दमा रहेको छ :*

*"यी हिन्दू जनको अपूर्व रसिलो आनन्दको यो क्षण,*
*बन्दै गै अति तेजिलो भुवनमा हाम्रा हितैषी गण ।*
*होऊन् पूज्य र मान्य विश्वभरमा चम्केर चाँडै अब,*
*देखून् यी अनगिन्ती मार्गहरूमा गन्तव्य ठाउँ सब ।"*

हाम्रो पुरुषार्थको पहिलो अङ्कदेखि स्वर्णजयन्ती ५० वर्षको समयावधिसम्म प्रकाशित अङ्कहरूमा भएका विज्ञापनहरूको अध्ययनले निम्न कुराहरू देखाउँछ । हाम्रो पुरुषार्थमा प्रकाशित विज्ञापनहरू शुभकामना, सूचनामूलक/जानकारीमूलक, ज्ञानवर्धक/सचेतनामूलक र व्यावसायिक विज्ञापन रहेको पाइन्छ । वि.सं. २०३० सालको देवकोटा जयन्तीको अवसर पारी प्रकाशित हाम्रो पुरुषार्थको पहिलो अङ्कमा किरण पुस्तकालयबाट दिइएको सन्देशमूलक शुभकामना विज्ञापन यसप्रकार छन्दमा रहेको छ :

**"यी हिन्दू जनको अपूर्व रसिलो आनन्दको यो क्षण,**
**बन्दै गै अति तेजिलो भुवनमा हाम्रा हितैषी गण ।**

**होऊन् पूज्य र मान्य विश्वभरमा चम्केर चाँडै अब,**
**देखून् यी अनगिन्ती मार्गहरूमा गन्तव्य ठाउँ सब । "**

माथिका पंक्तिहरूमा भनिएअनुसार नै हाम्रो पुरुषार्थले देश-देशान्तरसम्म सबैको हितका निम्ति सूर्यझैं ताप दिने, चन्द्रमाझैं प्रकाश छर्ने, ज्ञान, कला, साहित्य, संस्कृति, भाषाको उन्नयनमा अतुलनीय योगदान पुऱ्याएको छ । पत्रिकाको निरन्तरता एवं स्तरीयतताका निम्ति विभिन्न सामाजिक संघ-संस्था, सरकारी कार्यालय एवं उद्योगी-व्यवसायीहरूबाट विभिन्न समयमा शुभकामना, सचेतनामूलक तथा सूचनामूलक विज्ञापन प्राप्त भएको पाइन्छ । एकातर्फ पत्रिका प्रकाशनमा विज्ञापनको माध्यमबाट आर्थिक सहयोग मिलेको छ भने अर्कोतर्फ समाजलाई सही बाटोमा डोऱ्याउन र कतिपय कुराहरूको जानकारी दिन पनि यसले ठूलो भूमिका खेलेको पाइन्छ

विज्ञापनको माध्यमबाट समाजमा दिने शिक्षा र सकारात्मक सोंचसम्बन्धी हाम्रो पुरुषार्थमा प्रकाशित केही विज्ञापनहरू यसप्रकार छन् :

जिल्ला वन कार्यालय गुल्मीको सचेतनामूलक विज्ञापन सम्पूर्णाङ्क-२३ मा प्रकाशित :

**'रूख रोपौं, वन जोगाऔं, देशलाई हराभरा पारौं । '**

वि.सं. २०३९ सालमा स्थापित रेसुङ्गा क्याम्पसको संस्थागत विकास र स्थायित्वका निम्ति गरिएको सहयोगको आह्वानसम्बन्धी विज्ञापन सम्पूर्णाङ्क-२३, ५३ मा प्रकाशित :

**'गुल्मी जिल्लामा शिक्षाको किरण छर्न स्थापना भएको रेसुङ्गा क्याम्पसलाई तन, मन र धनले सहयोग गरौं । '**

'शिक्षा नै हरेक प्रगतिको मुहान हो'

त्यसैले

- ❑ तम्घासलाई गुल्मी जिल्लाको प्रमुख शैक्षिक केन्द्र बनाऔं ।
- ❑ गुल्मी जिल्लाका सबै विद्यालयहरूलाई स्वच्छ, शान्त र अनुशासित वातावरणमा स्तरीय शिक्षा प्रदान गर्ने संस्थाको रूपमा विकास गर्न जनसहभागिता जुटाऔं ।

- ❑ रेसुङ्गा बहुमुखी क्याम्पसलाई स्नातकोत्तर तहसम्म सञ्चालन गर्ने पूर्वाधार निर्माणका निम्ति सबै जुटौं ।
- ❑ शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यक पहलको थालनी गरौं ।

यसै गरी किरण पुस्तकालय, तम्घास गुल्मीबाट पनि विभिन्न अङ्कहरूमा प्रकाशित केही सन्देशमूलक विज्ञापनहरू यसप्रकार छन् :

**'पुस्तकालयमा गएर पत्र-पत्रिका पढ्ने र पुस्तकालयलाई सहयोग गर्ने बानी बसालौं'**-सम्पूर्णाङ्क-४७ मा प्रकाशित ।

**'सबै जना पुस्तकालयमा जाने र पढ्ने बानी बसालौं, पठनसंस्कृतिको विकास गरौं । '** सम्पूर्णाङ्क-९० मा प्रकाशित ।

**'गुल्मीबाट प्रकाशित सम्पूर्ण पुस्तक तथा पत्रपत्रिकाहरू एउटा पनि नछाडी किरण पुस्तकालयमा सहयोगस्वरूप दिने गरौं । यस पुस्तकालयलाई उत्कृष्ट सङ्ग्रहस्थलको रूपमा विकास गरौं । '** सम्पूर्णाङ्क-८१ मा प्रकाशित ।

'प्रत्येक वर्ष भाद्र १५ गते नेपालमा पुस्तकालय दिवस मनाउने गरौं । सम्पूर्णाङ्क-७२ मा प्रकाशित

रुरुक्षेत्र रिडी र तपोभूमि रेसुङ्गाधाम जस्ता धार्मिक पर्यटकीय स्थलहरूको संरक्षण र प्रवर्धनका लागि सचेतनामूलक विज्ञापन :

**'रुरुक्षेत्र रिडी र तपोभूमि रेसुङ्गाधाम गुल्मीका गौरवपूर्ण ऐतिहासिक तीर्थस्थलहरू हुन् । यहाँका प्राकृतिक, सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक सम्पदाको सुरक्षा गरौं । पर्यटन उद्योगको प्रवर्धन गरौं । जैविक विविधताको रक्षा गरौं । तीर्थस्थल र धार्मिक क्षेत्रको पवित्रता कायम गर्न स्वच्छता र सरसफाइमा विशेष ध्यान दिने गरौं । '** सम्पूर्णाङ्क-६९ मा प्रकाशित ।

**नेपाल सरकार विज्ञापन बोर्डबाट जनचेतनामूलक विज्ञापन :**

'लिङ्ग पहिचान गरी गर्भपतन गर्नु अपराध हो । लिङ्ग पहिचानको आधारमा छोरा र छोरीमा विभेद गरी सन्तान जन्माउने कार्य नगरौं, नगराऔं । प्रविधिको प्रयोग गरी लिङ्ग पहिचान गर्ने र गर्भपतन गराउने कार्य अपराध हो । त्यस्ता कार्य गर्नु वा गराउनु हुँदैन । चिकित्सकले समेत त्यस्ता कार्यलाई निरूत्साहित गरी चिकित्सा पेशालाई मर्यादित बनाऔं । विभेदरहित समाजको निर्माण गरौं. । '-सम्पूर्णाङ्क-९६ मा प्रकाशित ।

**'बाल विवाह, अनिच्छित विवाह, बहुविवाह, दाइजो विवाह र दबाब विवाह यी सबै विवाह सामाजिक र कानूनी अपराध हुन् ।** '–सम्पूर्णाङ्क–९३ मा प्रकाशित ।

**'चाडपर्वको संरक्षण र संवर्धन गरौं, चाडपर्वमा फजूल खर्च नगरौं । हाम्रा सांस्कृतिक पर्वहरूको जर्गेना गरौं । मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं । '** सम्पूर्णाङ्क–९५ मा प्रकाशित ।

**'लागू औषधरहित परिवार : स्वास्थ्य जीवनको आधार । '** सम्पूर्णाङ्क–९१ मा प्रकाशित ।

**'आगो, हीटर र ग्यास प्रयोगमा होशियारी अपनाऔं । झयाल, ढोका थुनेर आगो, हीटर र ग्यास नबालौं । सुत्ने बेलामा आगो, हीटर र ग्यास निभाऔं । साना बालबालिकाको पहुँचबाट प्रज्ज्वलनशील सामग्री टाढा राखौं । सकेसम्म बाथरूममा गिजरको प्रयोग नगरौं । '**

**सम्पूर्णाङ्क–९२ मा प्रकाशित**

**'हावाहुरीबाट बचौं र बचाऔं । घरको संरचना बलियो बनाऔं ।** '–सम्पूर्णाङ्क–९४ मा प्रकाशित ।

**'वर्षा र गर्मीको समयमा सर्तकता अपनाऔं । वर्षाको समयमा खोलानालामा नजाऔं । वर्षाले बाढी पहिरोको जोखिम निम्ताउने भएकोले सर्तकता अपनाऔं । गर्मी समयमा विभिन्न प्रकारका संक्रमाक रोगहरू फैलिने भएकोले सरसफाइमा ध्यान दिऔं । '** सम्पूर्णाङ्क–९५ मा प्रकाशित ।

'विद्युतीय उपकरणहरू जस्तै मोबाइल, ट्याब, ल्यापटप आदिको प्रयोगबाट बालबालिकालाई पर्ने असरबाट सर्तक बनौं।–सम्पूर्णाङ्क–९८ मा प्रकाशित

*हाम्रो पुरुषार्थले विभिन्न सन्देशमूलक, सूचनामूलक र सचेतनामूलक विज्ञापन छापी समाजमा रहेका सबै प्रकारका अज्ञानतालाई मेटाउँदै सभ्य र सुसंस्कृत समाज निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।*

हाम्रो पुरुषार्थले समाज र राष्ट्रका लागि विभिन्न विधामा विशिष्ट योगदान पुर्‍याएका व्यक्तित्वहरूको भेटघाट स्तम्भमार्फत व्यक्तित्व परिचय, स्रष्टाका कृतिहरूको सम्बन्धमा स्थायी स्तम्भ नौलौ सृष्टि–सानो दृष्टिमार्फत कृति र स्रष्टाको परिचय, अनुभव र अनुभूति स्तम्भमार्फत विभिन्न महानुभावहरूको परिचयसहित अनुभव, देशभरि रहेका पुस्तकालयहरूको परिचय क्रमशः दिदै आएको छ । यसका साथै गुल्मी जिल्लाका स्थानीय निकायहरूको भौगोलिक

ऐतिहासिक महत्त्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थलहरूको परिचयका साथै त्यहाँको कला, , संस्कृति रहनसहनको पहिचान र महत्त्वबारे जानकारी गराइरहेको छ । हालसम्म मदाने गाउँपालिका, छत्रकोट गाउँपालिका, इस्मा गाउँपालिका, धुर्कोट गाउँपालिका, गुल्मीदरबार गाउँपालिका र रुरुक्षेत्र गाउँपालिकाका परिचय प्रकाशित भइसकेका छन् ।

हाम्रो पुरुषार्थले विभिन्न सन्देशमूलक, सूचनामूलक र सचेतनामूलक विज्ञापन छापी समाजमा रहेका सबै प्रकारका अज्ञानतालाई मेटाउँदै सभ्य र सुसंस्कृत समाज निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । समाज र राष्ट्रमा रहेका विशिष्ट महानुभावहरूको परिचय र उहाँहरूको कृति तथा योगदानलाई उजागर गरी पहिचान स्थापित गर्न हाम्रो पुरुषार्थले महत्त्वपूर्ण भूमिका खेलेको छ ।

**सचिव - किरण पुस्तकालय, गुल्मी ।**

०००

# सूचना !

- **फोहर सकेसम्म कम उत्पादन गरौं, जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं ।**
- **जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, सम्बन्धविच्छेद एवम् बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।**
- **सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने सूचीमा छ/छैन प्रत्येक वर्षको साउन महिनामा आ–आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।**
- **गाउँपालिकामा तोकिएका कर शुल्कहरू समयमै बुझाई विकास निर्माणमा सक्रिय सहभागी बनौं ।**
- **खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।**

अनुरोधक

**कालीगण्डकी गाउँपालिका**

**पूर्तिघाट, गुल्मी**

# हाम्रो पुरुषार्थका बालवर्षाङ्क र युवावर्षाङ्क



हिमकला राना

कुनै पनि देशका बालबालिका त्यो देशका कर्णधार हुन् । देशको भाग्य र भविष्यसँग बालबालिका जोडिएका हुन्छन् । उनीहरूलाई उचित पालनपोषण, शिक्षादीक्षा र अवसर प्रदान गरी भविष्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने बनाउनुपर्दछ । यस सम्बन्धमा पटक पटक विभिन्न किसिमका अभियानहरू चलाएर सबैलाई सुसूचित गर्ने प्रयास भएको देखिन्छ । कतिपय सन्दर्भमा आफ्नो स्वार्थसिद्धिका लागि बालबालिकाहरूलाई विभिन्न सुविधाबाट वञ्चित गर्ने गरिएको पनि छ । बालबालिकामाथि हुने विभिन्न किसिमका शोषणलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनले दण्डनीय भनेको छ । कानुनको परिपालना गर्नु सबैको कर्तव्य हो ।

बालबालिकाको हितका लागि कोसेढुङ्गा सावित भएको संयुक्त राष्ट्र संघको बालअधिकारसम्बन्धी महासन्धि सन् १९८९ लाई लिन सकिन्छ । यसले बालअधिकारका सम्बन्धमा थुप्रै प्रावधानहरू राखेको छ । नेपालले यसलाई सन् १९९० मा अनुमोदन गरेपछि नेपालमा पनि बालअधिकारका क्षेत्रमा एउटा महत्त्वपूर्ण उपलब्धि भएको छ । त्योभन्दा पनि पहिले अन्तर्राष्ट्रिय बाल वर्ष सन् १९७९ मा मनाइयो । संयुक्त राष्ट्रसंघले सन् १९५९ मा बालअधिकारको घोषणापत्र तयार गरेको थियो । त्यसको प्रचार-प्रसार गरी बालअधिकारको संरक्षण र संवर्धन गर्न सन् १९७९ मा अन्तर्राष्ट्रिय बालवर्ष घोषणा गरिएको थियो । नेपालले पनि बालवर्ष समिति घोषणा गरी बालबालिकाको क्षेत्रमा महत्त्वपूर्ण काम गरेको थियो । यसको प्रचारप्रसारको लागि हुलाक टिकट प्रकाशन, सांस्कृतिक कार्यक्रमको आयोजना, साहित्यिक कार्यक्रमको आयोजना र वर्ष पुस्तक प्रकाशन गरेको थियो । यसबाट बालशिक्षा, पौष्टिक आहार, बालस्वास्थ्यका क्षेत्रमा व्यापक प्रचारप्रसार भएको देखिन्छ ।

गुल्मी जिल्लामा रहेको प्रतिष्ठित पुस्तकालय किरण पुस्तकायले पनि अन्तर्राष्ट्रिय बालवर्षको अवसरमा अन्तर्राष्ट्रिय बालवर्षातिरिक्ताङ्क प्रकाशन गरेको थियो । अर्धवार्षिक रूपमा प्रकाशन गर्दै आएको आफ्नो साहित्यिक पत्रिका हाम्रो पुरुषार्थ अन्तर्राष्ट्रिय बालवर्षको सुअवसरमा अतिरिक्त अङ्क प्रकाशित गरी बाल संरक्षण र अधिकारका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएको छ । यस अतिरिक्त अङ्कमा विशेष गरी बालबालिकाको क्षेत्रमा भएका प्रयास र बालवर्षका अवसरमा नेपालले खेल्नुपर्ने भूमिकाका बारेमा प्रकाश पारिएको छ ।

यस अतिरिक्ताङ्कमा डा. टीकाराम पन्थीले आफ्ना कृतिमा बालबालिकाका स्वभावका बारेमा चर्चा र चिरफार गरेका छन् । उनले महाकवि लक्ष्मीप्रसाद देवकोटाका मेरी शिशु, के नेपाल सानो छ ? बादलजस्ता कविता र निबन्धमा बालबालिकालाई दिव्य गुणको स्रोत मानेका छन् । यसको साथै करूणाजस्तो मूर्धन्य गुणको प्रादुर्भाव गर्ने बालक नै हो भनेर ठोकुवा गरेका छन् । बालबालिकाको विकासमा उनीहरूको बाहिरी वातावरण, अभिभावकको व्यवहार, छिमेकीको व्यवहार आदिले प्रभाव पार्ने कुरा उल्लेख गरेका छन् ।

यसै अङ्कमा कवि गणेशप्रसाद ज्ञवालीले 'बाला नै हुन् चमचम हुने देशका वीर तारा' नामक कविताको शीर्षक दिएर बालबालिकाको स्वभावका बारेमा उल्लेख गरेका छन् ।

**सानो नानी भुरुभुरु उडी चन्द्रमा टिप्दिनेछ**
**फोरी आफै कठिन पहरा सून त्यो झिक्दिनेछ**

**चढ्दै बढ्दै हिमचुली चढी ह्यूँ अझै थप्दिनेछ**
**यो पानामा अझ नवकला हातले कप्दिनेछ ।**

त्यस समयका बालबालिका र उनका आमाले भोग्नु परेका दु:खकष्टलाई जस्ताको त्यस्तै उतार्ने काम शशि पन्थीले गरेका छन् । मुलुकमा ४० प्रतिशत बालबालिका रहेको तर ३५ प्रतिशत बालबालिकाहरू उचित पोषण, शिक्षादीक्षाबाट वञ्चित रहेको यथार्थ उनले पस्केका छन् । बिहान साँझको छाक टार्नका लागि गर्भिणी आमाहरू काममा जानु परेको, २ कोस टाढा बस्ने बालबालिका विद्यालय नजिक नभएकै कारण विद्यालय आउन नसकेको यथार्थ अवस्थाको चित्रण पन्थीले गरेका छन् । उनले अन्तर्राष्ट्रिय बालवर्ष मनाउने दिनमा सरकारसँग बालबालिकाले भोग्नु परेका समस्याहरू अझै कति दिन भोग्नुपर्ने हो ? भनी प्रश्न समेत गरेका छन् ।

पूर्वीय सभ्यताका बालबालिका र पाश्चात्य सभ्यताका बालबालिकाको यथार्थ चित्रण चेतनाथ घिमिरेले गरेका छन् । पूर्वीय सभ्यताका बालबालिकाको

शिक्षादीक्षा र विवाहको अवस्था तथा पाश्चात्य संस्कृतिका बालबालिकाहरूले प्राप्त गर्ने व्यावहारिक शिक्षाको अवस्थाको चिरफार उनले आफ्नो लेखमा गरेका छन् ।

यसका साथै बालबालिकाको विकासका लागि सुझावहरू पनि उनले दिएका छन् । बालकोषमा रकम जम्मा गर्ने, चिकित्सकले बालबालिकाका लागि थप सेवा गर्ने, व्यावहारिक शिक्षाको व्यवस्था गर्ने, सामाजिक ज्ञानको विकास गराउन, बाल चरित्रको निर्माण गरी ग्रामीण क्षेत्रको यथार्थ बोध गराउन, स्वास्थ्य र सरसफाइमा ध्यान दिन उनको सुझाव रहेको छ ।

संयुक्त राष्ट्र संघले सन् १९७९ मा नै सन् १९८५ मा अन्तर्राष्ट्रिय युवा वर्ष मनाउने घोषणा गरेको थियो । नेपालले पनि उक्त प्रस्तावलाई अनुमोदन गर्दै सन् १९८५ मा अन्तर्राष्ट्रिय युवा वर्ष मनाउने निर्णय गर्‍यो । तत्कालीन अधिराजकुमार धीरेन्द्र वीर विक्रम शाहको अध्यक्षतामा उक्त समिति गठन भएको थियो । गुल्मी जिल्लामा पनि सुरेशचन्द्र भुसाल संयोजक रहेको अन्तर्राष्ट्रिय युवा वर्ष सहयोग तथा समन्वय समिति गठन गरिएको थियो । उक्त समितिले गुल्मीमा विभिन्न कार्यक्रमहरू सम्पन्न गरेको थियो । युवा सेवा कोषको स्थापना, विभिन्न प्रतियोगितात्मक कार्यक्रम सञ्चालन र साहित्यिक गोष्ठी र सेमिनारको आयोजना समेत गरिएको थियो ।

विशेष अवसरमा आफ्नो विशेषाङ्क प्रकाशित गर्दै आएको किरण पुस्तकालयले वि.सं. २०४२ मा हाम्रो पुरुषार्थको अन्तर्राष्ट्रिय युवा वर्षाङ्क १९८५ प्रकाशित गर्‍यो । यस वर्षाङ्कमा डा. टीकाराम पन्थीले संस्कृत साहित्यका महाकवि कालिदासका कृतिमा रहेका युवासम्बन्धी दृष्टिकोणलाई चिरफार गर्ने काम गरेका छन् । कालिदासको रघुवंश महाकाव्यमा सूर्यवंशी वा चन्द्रवंशी युवा राजाहरूमा रहेको चरित्रको यथार्थ चित्रण उक्त लेखमा गरी युवाहरू आफ्नो सन्मार्गलाई छाडेर कुसङ्गत र कुलतमा लाग्न नहुने कुरा बताएका छन् । हिन्दू धर्म र संस्कारका कुरा बताउँदै युवाहरूलाई संस्कारयुक्त बनाउन उनको लेख महत्त्वपूर्ण रहेको छ ।

*संयुक्त राष्ट्र संघले सन् १९७९ मा नै सन् १९८५ मा अन्तर्राष्ट्रिय युवा वर्ष मनाउने घोषणा गरेको थियो । नेपालले पनि उक्त प्रस्तावलाई अनुमोदन गर्दै सन् १९८५ मा अन्तर्राष्ट्रिय युवा वर्ष मनाउने निर्णय गर्‍यो ।*

कवि यदु पन्थीले युवालाई शान्तिका अग्रदूत मानेका छन् । उनले युवालाई नेपाल आमाको सेवा गर्ने व्यक्तिका साथै सबैको आशा भरोसाका केन्द्र मानेका छन् । युवा ज्ञानका पुञ्ज रहेको र भावी दिनमा पनि उनको कर्मले देशको मुहार फेर्ने कुरामा उनी ढुक्क छन् । सत्य, न्याय, अहिंसा र आशाका पुञ्जका रूपमा रहेका युवाहरूका बारेमा उनले लेखेका छन् :

**सत्यको पक्षको निम्ति युवा प्रबुद्ध बुद्ध हौ**
**नेपाली भाग्यका स्रष्टा अहिंसा प्रिय शुद्ध हौ**

**आशाका केन्द्र हौ प्यारो जन्मभूका सपूत हौ**
**साँच्चै मेरो युवा तिमी शान्तिका अग्रदूत हौ ।**

मोदनाथ प्रश्रितले आफ्नो युवा गीतमार्फत युवा नै यो विश्वलाई थाम्ने र चन्द्र सतहमा पुग्ने शक्ति हौ भनेर प्रशंसा गरेका छन् । आज विश्वमा पाँच अरब जनसङ्ख्या रहेकोमा तिनलाई गास, बास र कपासको व्यवस्था गर्न युवाको महत्त्वपूर्ण योगदान रहने उनले उल्लेख गरेका छन् । यसको साथै युवा परिवर्तनका संवाहक भएकाले विश्वमा भइरहेको अन्याय अत्याचार, लुटपाट आदिको अन्त्य गर्न युवालाई आह्वानसमेत गरेका छन् । उनी लेख्दछन् :

**विश्वबाट लुटपाट फूटफाट फालिद्यौ**
**सात द्वीप झल्लमल्ल सात सूर्य बालिद्यौ ।**

साहित्यकार दुर्गाप्रसाद अर्यालले युवामा कार्यशक्ति रहेको कुरा उल्लेख गर्दै वर्तमान समयमा युवाहरू चार वर्गमा विभाजित भएको स्वीकार गरेका छन् । पहिलो एस्.एल्.सी. फेल भएर भौँतारिरहेको, दोस्रो पढेलेखा नभएको, आफ्नो काम पढ्ने लेख्ने नभएको भन्दै पुर्ख्यौली पेसा लाएअह्राएका काम गर्ने, तेस्रो एस्.एल्.सी. पास भएको, जागिरको खोजीमा रहेको र चौथो ५-७ कक्षा पढ्दा-पढ्दै लाहुर गएको । यी चार किसिमका युवामा आआफ्नै विशेषता रहेको तर जसले जे काम गरे पनि देशको विकास गर्न युवा शक्ति आवश्यक हुने उनको भनाइ छ । युवाहरूको उत्साहमा नै हो देशले कोल्टे फेर्ने । भाषण, गोष्ठी, भेला आदिले देश परिवर्तन नहुने हुँदा युवाहरूमा सीप, दक्षता विकास गर्ने खालका कार्यक्रमको आयोजना गर्न उनले आह्वान गरेका छन् ।

यीबाहेक नारायण आचार्यको युवा, नारद गौतमको तन्नेरीलाई बूढाको अर्ती, भेषबहादुर कुँवर 'प्रयासी'को हामी त युवा पो त, भानुभक्त मरासिनीको युवा, हरिप्रसाद भण्डारीको युवकहरूलाई आह्वानजस्ता कविताहरू यस अङ्कमा प्रकाशित भएका छन् । ती सबै कवितामा युवाहरू देशका खम्बा हुन् । यिनले समाज विकासमा महत्त्वपूर्ण योगदान दिन सक्छन् । समाजमा न्यायको ज्योति बाल्ने काम युवाहरूको नै हो । आफ्नो देश छोडेर परदेश नजान पनि कविताहरूमा आग्रह गरिएको छ । यदि तिमी गयौ भने नेपाल आमा शोकमा पर्नेछिन् भन्दै स्वदेश भक्तिमा लाग्न आह्वान गरिएको छ । देशमा रहेको अशिक्षा, भ्रष्टाचार, अपकार हटाउँदै सभ्य समाजको निर्माण गर्न युवा लाग्नु पर्ने कवितामा उल्लेख छ :-

**सीता र बुद्धको देश गराई अति उज्ज्वल**
**हे युवा देशकै निम्ति बाँच्नुपर्दछ केवल ।**

## अन्तमा

नेपालले अन्तर्राष्ट्रिय बालवर्ष मनाउँदाको समय र वर्तमान समयमा अन्तर छ । समयको परिवर्तनसँगै बालबालिकाको अवस्थामा पनि परिवर्तन भएको छ । बालअधिकार, बाल संरक्षण र बाल विकासको क्षेत्रमा ठूलो परिवर्तन भएको छ । शिक्षा, स्वास्थ्यलगायतका सुविधाबाट बालबालिकाहरू कमै मात्रामा वञ्चित हुन परेको अवस्था छ । यी क्षेत्रमा उनीहरूको सुनिश्चितताका लागि पहल गरिरहनु पर्ने अवस्था छ ।

युवाहरू देशका ढुकढुकी हुन् । यो कुरालाई सबैले बुझेका छन् । देश विकासको लागि युवाहरू स्वदेशमै बस्नुपर्छ भन्ने आवाज झनै टङ्कारोरूपमा उठ्न थालेको छ । युवावर्ष मनाउँदाको समयभन्दा वर्तमान समयमा युवाहरू विदेशिनेको संख्या झनै विकराल छ । आज दैनिक १५०० युवा विदेशिएको तथ्याङ्कले सबैको मन भारी बनाएको छ । यसले पक्कै पनि देश विकासमा नकारात्मक असर पार्छ नै । देशका लागि आवश्यक जनशक्ति नहुँदा देश विकासमा असर पर्ने कुरा निश्चित छ । युवाहरूलाई रोजगारको भरपर्दो अवस्था सिर्जना गरी उनीहरूलाई स्वदेश भक्तिमा लाग्ने वातावरण बनाउन सरकार र सरोकारवाला सबै लाग्नुपर्ने आवश्यकता रहेको छ ।

*युवाहरू देशका ढुकढुकी हुन् । यो कुरालाई सबैले बुझेका छन् । देश विकासको लागि युवाहरू स्वदेशमै बस्नुपर्छ भन्ने आवाज झनै टङ्कारोरूपमा उठ्न थालेको छ । युवावर्ष मनाउँदाको समयभन्दा वर्तमान समयमा युवाहरू विदेशिनेको संख्या झनै विकराल छ । आज दैनिक १५०० युवा विदेशिएको तथ्याङ्कले सबैको मन भारी बनाएको छ । यसले पक्कै पनि देश विकासमा नकारात्मक असर पार्छ नै । देशका लागि आवश्यक जनशक्ति नहुँदा देश विकासमा असर पर्ने कुरा निश्चित छ । युवाहरूलाई रोजगारको भरपर्दो अवस्था सिर्जना गरी उनीहरूलाई स्वदेश भक्तिमा लाग्ने वातावरण बनाउन सरकार र सरोकारवाला सबै लाग्नुपर्ने आवश्यकता रहेको छ ।*

**किरण पुस्तकालय, गुल्मीका कोषाध्यक्ष तथा ईश्वरी मा.वि. गुल्मीदरबार-६, गुल्मीका सहायक प्रधानाध्यापक ।**

ooo

# हाम्रो पुरुषार्थको अभूतपूर्व पुरुषार्थ

त्रैलोक्यप्रताप सेन



आदरणीय शशि सरले लेख्ने जिम्मा लगाएको म्याद नि गुज्रियो, तैपनि जिम्मेवारी पूरा गर्ने जमर्को गर्दछु । यसपालि चाहिँ अल्छी गरेर हैन, बिरामी नै परियो र ।

*लुम्बिनी प्रदेशको पहाडी जिल्ला गुल्मीमा स्थापित किरण पुस्तकालय नेपालका शीर्षस्थ पुस्तकालयमा पर्दछ भन्ने कुरा पनि जगजाहेरै भएको विषय हो । वास्तवमा पाँच दशकको अवधिभित्र हाम्रो पुरुषार्थले धेरै सिकारू कवि तथा लेखकलाई पुरुषार्थी कवि र लेखक बनाएको कदापि बिर्सन सकिन्न । योभन्दा अझ महत्त्वपूर्ण विषय त के छ भने हाम्रो पुरुषार्थले यस क्षेत्रका आम जनतामा चेतनाको विस्फोट गराएको अनुभव हुन्छ ।*

यो वर्ष "हाम्रो पुरुषार्थ" ले स्वर्ण-महोत्सव मनाउँदै छ । किरण पुस्तकालय तम्घास, गुल्मीको प्रकाशकत्वमा निरन्तर "हाम्रो पुरुषार्थ" प्रकाशित हुँदै आएको विषय सर्वविदितै छ । लुम्बिनी प्रदेशको पहाडी जिल्ला गुल्मीमा स्थापित किरण पुस्तकालय नेपालका शीर्षस्थ पुस्तकालयमा पर्दछ भन्ने कुरा पनि जगजाहेरै भएको विषय हो । वास्तवमा पाँच दशकको अवधिभित्र हाम्रो पुरुषार्थले धेरै सिकारू कवि तथा लेखकलाई पुरुषार्थी कवि र लेखक बनाएको कदापि बिर्सन सकिन्न । योभन्दा अझ महत्त्वपूर्ण विषय त के छ भने हाम्रो पुरुषार्थले यस क्षेत्रका आम जनतामा चेतनाको विस्फोट गराएको अनुभव हुन्छ । यस क्षेत्रका प्राध्यापक, विद्यार्थी र अगुवा समाजसेवी तथा राजनीतिक व्यक्तित्वका लागि धेरै हदसम्म हाम्रो पुरुषार्थ प्रेरणादायी पाठ्यसामग्री रहिआएको देखिन्छ । यो जागरणमूलक चेतनाको विकास र प्रारम्भदेखि नै गर्विलो प्रकाशन हो, छ र रहिरहने छ । यो मेरो दृढ विश्वास हो । एउटा निकै दुब्लो र बूढो देखिने पातलो पुस्तिका भन्न सुहाउने पुस्तक, अर्को मोटो चिल्लो भव्य र गह्रुङ्गो पुस्तक, यी दुबै "हाम्रो पुरुषार्थ" का दुई अङ्कहरू हुन् जुन पुस्तकहरू किरण पुस्तकालयको आफ्नो कार्यकक्षमा शशि सरले मलाई थम्याउँदै भन्नुभयो, "सेनजी ! यी दुबै पुस्तकहरू अध्ययन गर्नुहोस् र दुबै पुस्तकमा विभिन्न लेखक,

साहित्यकार एवं कविहरूले साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाबारे लेख्नुभएका विचार जोडेर एउटा लेख लेख्नुपर्‍यो । " मैले हुन्छ त भनें, स्वीकार गरें पनि तर, विषयको गम्भीरता, गहनताको सोच आएन त्यो क्षण !

तर पछि गम्भीर भएँ । बी.पी. कोइरालाबारे लेखिएका लेख, रचनाहरू कविताहरू र लेखक, साहित्यकारहरूले लेखेका लेखहरू पढेर उहाँहरूद्वारा लेखिएका लेखहरूबारे टिप्पणी गर्नु भनेको दुस्साहस नै लाग्दै गएको छ । तैपनि जिम्मा लिइसकेपछि लेख्नै पर्‍यो, जे जसो त होला !!

सजिलेरी उम्कने बाटो जस्तो लाग्ने पनि तर सत्य पनि के रहने भयो भने मैले आग्रह गर्ने भएँ सबैलाई एकपटक यी दुई ज्ञान-भण्डार पुस्तकहरूलाई पढिदिनुहोस् । बहुमुखी प्रतिभाका धनी विश्वेश्वरप्रसाद कोइराला भन्ने विलक्षण व्यक्ति नेपालमा जन्मेकोमा पक्कै गर्व लाग्नेछ ।

यत्ति भनिसकेपछि अब भने म हाम्रो पुरुषार्थका यी दुई विशेष अङ्कबारे लेख्ने जमर्को गर्दैछु । खास गरी वि.सं. २०३९ साल असोजमा अर्ध-वार्षिक प्रकाशनका सिलसिलामा हाम्रो पुरुषार्थले साहित्यकार विश्वेश्वरप्रसाद कोइराला स्मृति अङ्क प्रकाशित गरेको देखिन्छ । ज्ञातव्य रहोस्, सोही वर्षको श्रावण ६ गते नेपालको प्रजातान्त्रिक आन्दोलनका महानायक तथा विख्यात साहित्यकार बी.पी. कोइरालाको दैहिक अवसानले नेपाली जन-मनमा परेको गम्भीर आघातलाई पूर्णतः आत्मसात् गरी तीन महिनाभित्रै बी.पी. स्मृति अङ्क निकाल्नु आफैमा ऐतिहासिक महत्त्वको विषय ठहरिन्छ । त्यो समय निरंकुश पञ्चायती शासन व्यवस्थाको समय थियो । त्यतिखेर बी.पी. बारे चर्चा गर्नु र प्रकाशन गर्नु भनेको सिंगो राज्य व्यवस्थासँग पौंठेजोरी खेल्नु सरहको जोखिम लिनु पर्ने समय थियो । त्यस्तो स्थितिमा "हाम्रो पुरुषार्थ"ले अभूतपूर्व पुरुषार्थ देखाएको विषय सदा स्मरणीय रहनेछ । त्यसमाथि उक्त स्मृति अङ्कमा तत्कालीन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका पूर्व उपकुलपति केदारमान "व्यथित" सँग साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाबारे लिइएको अन्तर्वार्ता आजको सन्दर्भमा पनि उत्तिकै पठनीय र प्रेरणादायी सामग्री देखा पर्छ ।

*त्यतिखेर बी.पी. बारे चर्चा गर्नु र प्रकाशन गर्नु भनेको सिंगो राज्य व्यवस्थासँग पौंठेजोरी खेल्नु सरहको जोखिम लिनु पर्ने समय थियो । त्यस्तो स्थितिमा "हाम्रो पुरुषार्थ"ले अभूतपूर्व पुरुषार्थ देखाएको विषय सदा स्मरणीय रहनेछ । त्यसमाथि उक्त स्मृति अङ्कमा तत्कालीन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका पूर्व उपकुलपति केदारमान "व्यथित" सँग साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाबारे लिइएको अन्तर्वार्ता आजको सन्दर्भमा पनि उत्तिकै पठनीय र प्रेरणादायी सामग्री देखा पर्छ ।*

अन्तर्वार्ताको पछिल्लो अनुच्छेदमा व्यथित भन्नुहुन्छ । "बी.पी. को मृत्युले बी.पी. लाई भलो भए पनि जनतालाई कुभलो भएको कुरा भावी पिढीले स्वीकार्नेछ ।" बी.पी. मा मस्तिष्कपक्ष र हृदयपक्ष दुबैको सन्तुलन थियो । वास्तवमा, बी.पी.का एक-एक कुराहरूको अनुसन्धान हुनुपर्छ । यी कुरा आज पनि उत्तिकै सान्दर्भिक लाग्छन् । यसै अङ्कमा वि.सं. २०११ सालमा प्रगति नामको प्रकाशनमा प्रकाशित विश्वेश्वरप्रसाद कोइरालाकै "साहित्यमा प्रगतिशीलता" नामक लेख समावेश गरिएको छ । मलाई लाग्छ, यो आलेख नेपाली समाजको लागि कालजयी सन्देश दिने खालको छ ।

यसरी नै बी.पी.को स्वेत भैरवी, कुलप्रसाद कोइरालाद्वारा रचित औपन्यासिक मूल्य बी.पी. कोइरालाको, हरिप्रसाद शर्मा रचित विश्वेश्वरप्रसाद कोइरालाको संक्षिप्त जीवनी र व्यक्तित्व, श्री कृष्ण गौतमद्वारा लिखित श्री विश्वेश्वरप्रसाद कोइराला साहित्य साधनामा पुरुषार्थ पक्षः एक विवृत्ति, गोपीकृष्ण शर्माद्वारा लिखित मोदीआइन उपन्यासका केही पक्ष जस्ता लेखहरूले बी.पी.बारे यथेष्ट विषयवस्तु संकेत गरेका छन् भने कवि कोषराज न्यौपानेद्वारा रचित बी.पी., कवि रामप्रसाद ज्ञवालीद्वारा रचित निभिसक्यो एउटा दीप हामीलाई प्रकाश दिएर पनि, कवि नारायण अधिकारीद्वारा रचित ऊ मेरो दुई टुक्राभित्रको, कवि दुर्गाप्रसाद अर्यालद्वारा रचित "तीन टुक्रा", कवि मोहन कोइरालाद्वारा रचित सत्यमा प्रतिष्ठा हुन्छ जस्ता कविताहरूले बी.पीको व्यक्तित्वको उजागर गर्नुका साथै चेतनाको मूल फुटाउन शंखघोष गरिरहे झैं लाग्छ । यसै गरी, नौलो सृष्टि-सानो दृष्टिसम्ममा बी.पी प्रति शब्दपुष्पहरूको सुगठित विचार प्रवाहद्वारा श्रद्धाञ्जलि दिने काम भएको छ भने किरण पुस्तकालयको पातोमा शोक सन्देशको मर्मस्पर्शी सन्देश समावेश गरिएको देखिन्छ । मैले माथि भनेको दुब्लो लाग्ने आकृति सानो भएको हाम्रो पुरुषार्थको यो अङ्क उसबेला प्रकाशित यो कृति चिरकालपर्यन्त भव्य एवं पठनीय सामग्री रहेको अनुभव हुन्छ ।

समयको प्रवाहको गति कहिल्यै रोकिदैन । त्यसमाथि स्वतन्त्रता, समानता, भातृत्वको भावधारा र समाजवादी चिन्तनधारालाई सधैका लागि कोही कसैले कहीं पनि रोक्न सकेका छैनन्, सक्दैनन् नै । बी.पी. कोइराला उल्लिखित मूल्य मान्यताको मौखिक तथा जीवन्त व्यक्तित्व हुनुहुन्थ्यो । उहाँको दैहिक अवसानले उहाँको आदर्शलाई पछ्याएर २०४६ सालमा जनआन्दोलन भयो ।

पछि, २०६२/६३ मा फेरि अर्को आन्दोलन सफल त भयो तर बी.पीको आदर्शलाई वास्तविक धरातलमा आत्मसात् गर्नबाट नेपाली समाजका अगुवाहरू गम्भीर रूपमा चुके, चुकिरहेका छन् । यही स्थितिमा हाम्रो पुरुषार्थले गहन खोजका साथ वर्ष ४१, अङ्क ४, सम्पूर्णाङ्क ६३ मा अर्थात् २०७१ श्रावण-आश्विन त्रैमासिक अङ्कमा ४+८+४९६ पृष्ठको विश्वेश्वरप्रसाद कोइराला विशेषाङ्क नेपाली समाजमा

ल्याइदियो । ६५ जना विख्यात लेखकद्वारा बी.पी.बारे लेखिएका महत्त्वपूर्ण लेख-रचनाले यो कृति सजिएको छ । वास्तविक अर्थमा बी.पी.लाई बुझ्न र बी.पी.को चिन्तन, सोच र सपना साकार पार्न सम्झनुपर्ने, मनन गर्नुपर्ने र व्यवहारमा लागु गर्नुपर्ने विषयवस्तुहरू यस ग्रन्थमा समेटिएका छन् । हाम्रो पुरुषार्थको गम्भीर दृष्टिले मुलुकको सर्वाधिक उँचो व्यक्तित्वको आलोक र विचारलाई पाठकसम्म पस्कने जुन पुरुषार्थ सत्कार्य भएको छ, हृदयतः हाम्रो पुरुषार्थ प्रकाशक सम्पूर्ण आदरणीय टिमलाई हार्दिक कृतज्ञता ज्ञापन गर्नु यथोचित ठान्दछु । म त्यसमाथि पनि आम नेपाली जनमानसमा बी.पीको योगदानको चर्चा गरेर आउँदो पुस्तालाई प्रेरणादायी सन्देश प्रवाह गरिरहनका लागि पनि यो सत्कार्यको अहम् भूमिका रहिरहने मान्दछु ।

*हाम्रो पुरुषार्थले समाजको लागि लगाएको गुन सदा स्तुत्य छ । हाम्रो पुरुषार्थका यी र यस्ता प्रकाशन आम नेपाली समाजका लागि सधै सबैका लागि साझा सम्पत्ति हुन् । नाम जस्तै काम उस्तै हुने विरलै उदाहरण हो पुरुषार्थ !*

उक्त ग्रन्थमा अर्न्तवार्ता दिने तथा कलम चलाउनु हुने मूर्धन्य दिग्गज लेखकहरूमा क्रमशः प्रा.डा.लोकराज बराल, प्रा. कृष्णप्रसाद खनाल, प्रा.डा. जयराज आचार्य, डा. कृष्णप्रसाद भट्टराई, प्रा.डा. जयराज पन्त, प्रा.डा.यज्ञप्रसाद अधिकारी, प्रा. डा. हरिप्रसाद शर्मा, डा. गोविन्दराज भट्टराई, डा.ज्ञानु पाण्डे डा. कुमारप्रसाद कोइराला, डा.रामप्रसाद ज्ञवाली, डा.नारायण चालिसे, प्रा.डा. नारायणप्रसाद खनाल, डा.तुलसी भट्टराई, डा. बद्रीनरायण गौतम, प्रा.डा.बाबुराम ज्ञवाली थुप्रै व्यक्तित्वहरू हुनुहुन्छ ।

गुल्मीका वर्तमान सांसद चन्द्र भण्डारी, तत्कालीन जि.वि.स. सभापति चन्द्रबहादुर के.सी., भागवत ज्ञवाली, अर्जुनप्रसाद भट्टराई, भुवनप्रसाद श्रेष्ठ, महेन्द्र कुमार पन्थी, टङ्क पन्थ, ठाकुर शर्मा भण्डारी, ज्ञाननिष्ठ ज्ञवाली, प्रा.डा.दुर्गाप्रसाद अर्याललगायतका गुल्मेली अग्रज लेखक तथा प्रतिभाहरूको कलमसमेत बी.पी. बारे चलेको पाइन्छ । बी.पी.बारे जो जसले जिज्ञासा राख्लान्-भावी दिनमा पनि यो ग्रन्थ पठनीय रहिरहनेछ । बी.पी.को निरन्तर सिर्जनशीलता, उत्साहजनक उत्तरदायित्व र विराट् व्यक्तित्वबारे जान्न, बुझ्न, मनन गर्न, प्रेरणा लिनका लागि हाम्रो पुरुषार्थले समाजको लागि लगाएको गुन सदा स्तुत्य छ । हाम्रो पुरुषार्थका यी र यस्ता प्रकाशन आम नेपाली समाजका लागि सधै सबैका लागि साझा सम्पत्ति हुन् । नाम जस्तै काम उस्तै हुने विरलै उदाहरण हो पुरुषार्थ ! अनि यस्का कल्पनाकार सृजनाकार !!! यसप्रति गर्व गर्दा पनि गर्वित छु ।

**पूर्व सभापति, नेपाली काँग्रेस, गुल्मी ।**

ooo

// लेख //

# 'किरण पुस्तकालय र हाम्रो पुरुषार्थ' पाठकको नजरमा



**मोहन ज्ञवाली**

*'हाम्रो पुरुषार्थ'ले समय - समयमा प्रकाशित गरेका विशेषाङ्कहरूले हामीलाई विशेष ज्ञान र प्रमाण जुटाउन जसरी सहयोग पुऱ्याइराखेका छन्, त्यसप्रति हामी आभारी छौं । पछिको लागि यी अङ्कहरू दुर्लभ स्रोतसाधन बन्न जानेछन्, यसमा दुई मत छैन ।*

गुल्मी जिल्लाको सदरमुकाम तम्घासस्थित किरण पुस्तकालय आजभन्दा ५५ वर्षअघि स्थापना भएको चेतनामूलक संस्था हो । यस संस्थाले स्थापना कालको ५ वर्षपछि एउटा पत्रिका निकाल्न सुरू गऱ्यो, जुन पत्रिका 'हाम्रो पुरुषार्थ' नामबाट नेपालमै चर्चित रहेको छ । त्यतिखेरको अवस्थादेखि आजसम्म यस कार्यले निरन्तरता पाउनु सानो कुरा थिएन, हैन, तर पनि यस संस्थालाई हुर्काउन र पत्रिका प्रकाशनमा लागि पर्नु हुने सबै साहित्यप्रेमी साधकलाई हामी साधुवाद टक्राउँछौं । यस पुस्तकालयले भाषा र साहित्यको विकासमा जुन सेवा र सहयोग पुऱ्याउँदै आएको छ त्यसको लागि यस भेकका, यस क्षेत्रमा रुचि राख्ने मानिस मात्र नभएर हाम्रो साहित्य जगत् नै ऋणी रहेको छ । पुनः साधुवाद ।

'हाम्रो पुरुषार्थ'ले समय-समयमा प्रकाशित गरेका विशेषाङ्कहरूले हामीलाई विशेष ज्ञान र प्रमाण जुटाउन जसरी सहयोग पुऱ्याइराखेका छन्, त्यसप्रति हामी आभारी छौं । पछिको लागि यी अङ्कहरू दुर्लभ स्रोतसाधन बन्न जानेछन्, यसमा दुई मत छैन ।

हाम्रा बालसखा (बनारस पढ्दा) शशि पन्थीको आँट, जाँगर, मरिमेटाइ र कुशल नेतृत्वले गर्दा आज यो संस्था यति उचाइसम्म पुग्न सफल भएको हो । सहकर्मी दीन पन्थीलगायत अन्य मित्रहरू पनि धन्यवादका पात्र रहनुभएको छ ।

अब साहित्य औपचारिक समारोहमा वाचन गर्ने, दोसल्लामुखी, प्रमाणपत्रमुखी, कल्पनामा खुलाउने, भावनामा भुलाउने, एकादेशी र रिझाउने खाले नभएर रसिलो, मिठो, समयलाई बोलाउने, चिनाउने, घटनामूलक सरल र सलल बग्ने खाले हुनुपर्छ । जटिल, जीवनसँग नजोडिएका लेख–रचना पुस्तकालयमा धूलो खाएर बस्ने हुन् । तिनको बजार बन्न सक्दैन । समयको प्रवाह, झुकावलाई अनुकूल बनाउन नसके यो पर्गैलिँदै जान सक्छ र रचनाकार र पाठकको कर्मकाण्डी ब्राह्मणको जस्तै अनिकाल पर्न सक्छ । भारतका साहित्यकार विख्यात नोवेल पुरस्कार विजेता श्री रवीन्द्रनाथ टैगोरलाई, धेरैले आज पनि चिन्दैनन् तर मैथिलीशरण गुप्त, कुमार विश्वास, जावेद अख्तरलाई सबैले चिन्छन् । लाखौं खर्च गरेर कविता वाचन गर्न बोलाइन्छ किन ? यहाँ हाम्रो अवस्था कस्तो छ ? हामी सबैले भोगेकै छौं ।

*'अब साहित्य औपचारिक समारोहमा वाचन गर्ने, दोसल्लामुखी, प्रमाणपत्रमुखी, कल्पनामा खुलाउने, भावनामा भुलाउने, एकादेशी र रिझाउने खाले नभएर रसिलो, मिठो, समयलाई बोलाउने, चिनाउने, घटनामूलक सरल र सलल बग्ने खाले हुनुपर्छ । जटिल, जीवनसँग नजोडिएका लेख – रचना पुस्तकालयमा धूलो खाएर बस्ने हुन् । तिनको बजार बन्न सक्दैन । समयको प्रवाह, झुकावलाई अनुकूल बनाउन नसके यो पर्गैलिँदै जान सक्छ र रचनाकार र पाठकको कर्मकाण्डी ब्राह्मणको जस्तै अनिकाल पर्न सक्छ ।*

आज लेख पढ्न मन पराइँदैन, कवि गोष्ठीलाई काम नभएका बूढाले गर्ने कार्यको संज्ञा दिइन्छ, यो सोचलाई कसरी फेर्ने ? हाम्रो लागि यो एउटा चुनौती हुन आएको छ ।


हाम्रो पुरुषार्थका लेख–रचना धेरै खारिएका र घतिला हुन्छन् । यो यसको विशेषता रहेको पाइन्छ । विचार बुझाइ आफ्नो–आफ्नो हो । संस्थाको उन्नति र पत्रिकाको स्तरवृद्धिको लागि शुभकामना गर्दछु । धन्यवाद ।

✍ **पूर्व क्याम्पसप्रमुख, झण्डा, कपिलवस्तु ।**

ooo

**राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिका 'हाम्रो पुरुषार्थ'मा विज्ञापन दिई लाभ उठाउनुहोस् ।**

# यात्रा पुरुषार्थको



✍ ढुण्डिराज पोखेल

शिक्षा र साहित्य सुसंस्कृत समाजका आधारशिला हुन् । शिक्षा र साहित्यबिना संस्कृतिको उत्थान, मानव उन्नयन, र सभ्यताको विकास सम्भव छैन । यही विषयलाई हृदयङ्गम गरी २०२५ सालमा गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा किरण पुस्तकालयको स्थापना भयो । त्यसको ५ वर्षपछि २०३० सालदेखि किरण पुस्तकालयको मुखपत्रको रूपमा "हाम्रो पुरुषार्थ" को प्रकाशन शुरू भयो । तत्कालीन समयमा साहित्य र शिक्षाको महत्त्वलाई बुझेर यस क्षेत्रमा लागि पर्ने विद्वान्, समाजसुधारक एवं भविष्यद्रष्टा व्यक्तित्वहरूप्रति साधुवाद छ । पञ्चायतकालीन समय, जुन बेला स्वतन्त्ररूपमा बोल्न र विचारहरू अभिव्यक्त गर्नसमेत नपाइने अवस्थामा साहित्यिक पत्रिकाको शुरूवात गरी लेखरचना प्रकाशन गर्ने कठोर साधना गर्दै ५० वर्षसम्म निरन्तरता दिई आज 'हाम्रो पुरुषार्थको' १०० औं अङ्क प्रकाशित हुँदै गर्दा विगतमा यसले भाषिक र साहित्यिक क्षेत्रमा पुऱ्याएको योगदानको उच्च सम्मान गर्दै सुदूर भविष्यसम्म यसको स्वाद पाठकहरूले निरन्तर पाइराख्न, पत्रिकाको निरन्तरताको लागि हार्दिक शुभकामना अर्पण गर्दछु ।

२०३० सालको लक्ष्मीपूजा अर्थात् देवकोटा जयन्तीको अवसर पारेर किरण पुस्तकालयको मुखपत्रको रूपमा रू. १ मूल्य कायम गरी हाम्रो पुरुषार्थको प्रथम अङ्क प्रकाशनसँगै यसको यात्रा शुरू भयो । गुल्मी जस्तो राजधानीदेखि टाढा दुर्गम ठाउँमा पुस्तकालयको स्थापना गरी पत्रिकाको प्रकाशन गर्नु र त्यसलाई निरन्तरता दिँदै ५० औं वर्षसम्म एउटै व्यक्तिले सम्पादकत्व प्रदान गर्नु साहित्यक्षेत्रको एउटा ठूलो तपस्या हो, साधना हो । 'हाम्रो पुरुषार्थ'ले पाठकहरूलाई कुन विषयक खुराक पस्केन र ! साहित्यका हरेक विधा यसले समेटेको छ । कतिपय अनुसन्धाताहरूलाई अनुसन्धान सामग्री प्रदान गरेको छ । कैयन् शोधकर्ताले यसको बारेमा शोधग्रन्थ तैयार गरेका छन् ।

विश्वका केही महान् पुस्तकालयको परिचयसँगै पुस्तकालयको महत्त्वलाई औंल्याउँदै यसको दोस्रो अङ्क प्रकाशित छ । तेस्रो अङ्क तत्कालीन राजा श्री ५ वीरेन्द्रको 'शुभराज्याभिषेक अतिरिक्ताङ्क' को रूपमा प्रकाशित छ । यसैगरी सातौं

अङ्कसम्म वार्षिक रूपमा प्रकाशित यो पत्रिका २०३६ सालमा ८ औं अङ्कबाट अर्धवार्षिक रूपमा प्रकाशित हुन लागेको हो । ९ औं अङ्क 'बालवर्षातिरिक्ताङ्क' को रूपमा प्रकाशित छ । ११ औं अङ्क 'समालोचना विशेषाङ्क' को रूपमा विभिन्न विधाहरू सङ्ग सम्बन्धित समालोचनात्मक लेखहरूसहित प्रकाशित छ । १५ औं अङ्क 'लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क र १६ औं अङ्क साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाको स्मृति अङ्कको रूपमा प्रकाशित छ ।

यसैगरी समग्र गुल्मीको ऐतिहासिक परिचयसहित गुल्मीका विविध पक्षहरू धार्मिक, भाषिक, भौगोलिक र सांस्कृतिक पक्षहरूलाई समेट्दै "गुल्मी परिचयाङ्क" को रूपमा ३३ औं अङ्क प्रकाशित छ । नेपालका प्रमुख पुस्तकालयको विवरण र पुस्तकालयको इतिहास, पुस्तकालयको महत्त्व आदि समेटिएको 'पुस्तकालय विशेषाङ्क' को रूपमा ३७ औं अङ्क प्रकाशित छ । त्यसैगरी विभिन्न कथाहरू, केही कथाकारका कथाहरूको समीक्षासहितको 'कथा विशेषाङ्क' को रूपमा ३८ औं अङ्क प्रकाशित छ ।

२०५७ साल चैत्र महिनाको १८ र १९ गते नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान र किरण पुस्तकालयको संयुक्त आयोजनामा तम्घासमा सम्पन्न 'नेपाली भाषिक संगोष्ठी'मा प्रस्तुत कार्यपत्रहरू र तिनीहरूमाथिका टिप्पणीसहित संगोष्ठीका विविध आयामहरू समेटिएको 'नेपाली भाषिक संगोष्ठी' विशेषाङ्कको रूपमा ४२ औं अङ्क प्रकाशित छ । त्यसै गरी नेपाली पत्रकारिताका विभिन्न आयामहरूको विश्लेषणात्मक लेखहरूसहितको "पत्रकारिता विशेषाङ्क" को रूपमा ५० औं अङ्क प्रकाशित छ । संस्कृत व्याकरणका मूर्धन्य विद्वान्, नेपाली र संस्कृत भाषाका साधक डा. टीकाराम पन्थीको स्मृतिमा "डा. टीकाराम पन्थी स्मृति विशेषाङ्क" को रूपमा ५६ औं अङ्क प्रकाशित छ । त्यसै गरी आदिकवि भानुभक्त आचार्य र उहाँका कृतिहरूसंग सम्बन्धित लेख-रचनाहरूसहितको "भानु विशेषाङ्क" को रूपमा ६० औं अङ्क प्रकाशित छ । प्रकाशनको ४० वर्ष पूरा हुँदा ६० औं अङ्कदेखि 'हाम्रो पुरुषार्थ' त्रैमासिक रूपमा प्रकाशन हुन लागेको हो ।

साहित्यकार एवम् राजनीतिज्ञ विश्वेश्वरप्रसाद कोइरालाको शतवार्षिकीको अवसरमा ६३ औं अङ्क "विश्वेश्वर विशेषाङ्क" को रूपमा प्रकाशित छ भने किरण पुस्तकालयको स्थापनाको ५० औं वर्ष पूरा भएको अवसरमा ८० औं अङ्क "स्वर्ण-वर्ष विशेषाङ्क"को रूपमा प्रकाशित छ । जसमा विभिन्न विद्वान्हरूका किरण पुस्तकालय र यसका विभिन्न आयाम, यसको इतिहास, यसले पुऱ्याएको भाषिक एवम् साहित्यिक योगदान समेटिएका लेख-रचना समावेश छन् । गुल्मेली कवि भेषबहादुर कुँवरको स्मृतिमा ८६ औं अङ्क "कवि प्रयासी स्मृति अङ्क" प्रकाशित छ भने गुल्मेली विद्वान् कवि पं.भीमकान्त पन्थीको शतवार्षिकीका अवसरमा ८९ औं अङ्क "कवि पं. भीमकान्त पन्थी शतवार्षिक स्मृति विशेषाङ्क" को रूपमा प्रकाशित छ ।

यस प्रकार 'हाम्रो पुरुषार्थ' का यी सबै विशेषाङ्कहरू त पठनीय र सङ्ग्रहणीय छँदै छन् । त्यसका अतिरिक्त हरेक अङ्क उत्तिकै महत्त्वपूर्ण छन् । यसका प्रत्येक अङ्कमा कुनै न कुनै अति विशिष्ट विद्वान् व्यक्तिका अन्तर्वार्ता प्रकाशित छन्, जसबाट उहाँहरूका विचार अनुभव, ज्ञान र मार्गदर्शनका कुराहरूले पाठकहरूलाई विशेषानन्द प्रदान गर्दछन् । 'हाम्रो पुरुषार्थ' का हरेक लेख-रचनाहरू स्तरीय छन् । राष्ट्रका उच्चकोटिका विद्वान् लेखकहरूका लेख-रचनाहरू यसले सर्वसाधारण पाठकहरू समक्ष पुऱ्याएको छ । यसका समसामयिक रचनाहरूमा तत्कालीन समाजको प्रतिबिम्ब झल्केको महसुस हुन्छ । यसको सम्पादकीयलगायतका लेख-रचनाहरूले समाजलाई सन्मार्गमा अगाडि बढ्न प्रेरित गरेको महसुस हुन्छ । तसर्थ यसले सधैं हाम्रा शाश्वत मूल्य र मान्यतालाई बोकेको छ ।

*हाम्रो पुरुषार्थले नेपाली भाषा साहित्यका हरेक विधा र ऐतिहासिक घटनाक्रमहरूलाई समेटेको छ । विशिष्ट व्यक्तिहरूको परिचय समेटेको छ ।*

देशमा संघीय शासन प्रणाली लागु भएसँगै 'हाम्रो पुरुषार्थले' गुल्मी जिल्लाका पालिकाहरूको बारेमा जानकारी गराउने उद्देश्यले क्रमिक रूपमा पालिकाको ऐतिहासिक पृष्ठभूमि, त्यहाँका धार्मिक महत्त्वका क्षेत्र, प्रख्यात मठ-मन्दिर, वडाअनुसारको जनसंख्याको स्थिति, कृषि, वन-पैदावार, विद्यालय विवरण आदि विषयहरू समेटी पालिकापरिचय प्रकाशन गर्ने गरेको छ । जुन विषय भविष्यमा एउटा इतिहासको रूपमा हाम्रा सन्ततिहरूका लागि महत्त्वपूर्ण हुनेछ । यसै क्रममा 'हाम्रो पुरुषार्थको' अङ्क ८७ मा इस्मा गाउँपालिकाको परिचय, अङ्क ८८ मा कालीगण्डकी गाउँपालिकाको परिचय, अङ्क ८९ मा गुल्मीदरबार गाउँपालिकाको परिचय, अङ्क ९० मा चन्द्रकोट गाउँपालिकाको परिचय, अङ्क ९१ मा छत्रकोट गाउँपालिकाको परिचय अङ्क ९२ मा धुर्कोट गाउँपालिकाको परिचय अङ्क ९३ मा मदाने गाउँपालिकाको परिचय प्रकाशन गरेको छ भने रुरु गाउँपालिका परिचयसहित गुल्मीको महत्त्वपूर्ण तीर्थस्थल रुरुक्षेत्रको पौराणिक, धार्मिक, महत्त्व समेट्दै ९८ औं अङ्क 'रुरुक्षेत्र विशेषाङ्क' को रूपमा प्रकाशित छ । बाँकी पालिकाहरूको परिचय क्रमशः प्रकाशन हुने अपेक्षा गर्दछु ।

यसरी हाम्रो पुरुषार्थले नेपाली भाषा साहित्यका हरेक विधा र ऐतिहासिक घटनाक्रमहरूलाई समेटेको छ । विशिष्ट व्यक्तिहरूको परिचय समेटेको छ । सबैका विचारहरू अभिव्यक्त गर्ने फोरम स्थापित गरेको छ । साहित्यानुरागी पाठकहरूको मनमनमा बसेको छ । यसको यात्रा अझै परिस्कृत हुँदै अनन्तसम्म चलिरहोस्, शुभकामना ।

**पूर्व क्याम्पसप्रमुख – रेसुङ्गा बहुमुखी क्याम्पस, तम्घास, गुल्मी ।**

ooo

# सृजना र साहित्यको दीप



शारदा खनाल

१. दुई हजार तीस सालमा सुरूवात राम्रो
प्रकाशित भएको हो पुरुषार्थ हाम्रो
स्रष्टा द्रष्टा चिनाउने सुन्दर भावना छ
पचास वर्ष मनाउँदै छौं शुभकामना छ ।

२. नेपालको गुल्मी जिल्ला सानो एउटा ठाउँ
पूर्वजको तपस्थली तम्घासको गाउँ
विस्तार विस्तार चम्किँदैछ अन्धकारमा सारा
रेसुङ्गाको काखबाट उदाएको तारा ।

३. सद्भावलाई बिसाउने ठाउँ बनेको छ
भिन्न भिन्न सञ्चारको बाटो खनेको छ
धेरै अन्तर आत्माका यी विचारहरू पढौं
उच्च शिर गराएर अझै अघि बढौं ।

४. ज्ञान-ज्योतिले भविष्यमा केही देखाउँदै छ
कुनै दिन इतिहासमा नाम लेखाउँदै छ
समृद्धिको यात्रा गर्दै पाइला चालेको छ
सृजना र साहित्यको दीप बालेको छ ।

५. मन मुटु मिलाउने हाम्रो साझा घर
गुल्मी जिल्ला चिनाउने राम्रो धरोहर
विद्वानका विचारले खरिएका ज्ञान
कति चोखो कति मिठो हो यो अमृत-पान ।

६. निःस्वार्थको हात पाओस् सज्जनको साथ
उचाइमा लम्कदै छ हाम्रो गौरव गाथा

नामै राम्रो कामै राम्रो हाम्रो पुरुषार्थ
महान्-महान् विचार छन् छैन केही स्वार्थ ।

७. श्रद्धा राखे पाठकलाई प्रीति लाइदिन्छ
लेखकको साधनालाई कृति राखिदिन्छ
प्रत्येक तीन तीन महिनामा प्रकाशित हुन्छ
नयाँ-नयाँ बहारले सबको मन छुन्छ ।

८. असल विशाल भावनाको कदर गरेको छ
देश विदेश चेतनाको सन्देश छरेको छ
शीतलताको सागर हो पौडी खेल्न पाइन्छ
गहिराइमा पुग्नलाई त संघर्ष नै चाहिन्छ ।

९. युगौंसम्म रहिरहोस् पुस्ताहरू पढून् ।
ज्ञानै ज्ञानले भरिपूर्ण हुँदै अघि बढून्
हिमालजस्तै सफा छ यो स्वच्छ भावना छ
सयौं अङ्क निस्कदै छ शुभ कामना छ ।

रेसुङ्गा नगरपालिका-१, तम्घास, गुल्मी ।

०००


**ऐतिहासिक तपोभूमि रेसुङ्गाको संरक्षण र संवर्धन गर्नु हामी सबैको कर्तव्य हो !**

- **रेसुङ्गाको मनोरम प्राकृतिक वातावरणलाई जोगाऔं ।**
- **रेसुङ्गाको वनक्षेत्र, पानीका मूल, यहाँका चराचुरुङ्गी, जीव-जन्तु, वृक्ष-वनस्पति, जडिबुटी सबैको रक्षा गरौं ।**
- **यहाँका मठ-मन्दिर, यज्ञशाला, धर्मशाला, गोशाला आदि हाम्रा ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्त्विक महत्त्वका अमूल्य सम्पत्ति हुन् । पर्यटकीय दृष्टिले पनि महत्त्वपूर्ण दर्शनीय स्थलको रूपमा रहेको रेसुङ्गालाई सबैले सुरक्षा गरौं ।**

**रेसुङ्गा संरक्षण समिति**

**तम्घास, गुल्मी**

*// लेख //*

# हाम्रो पुरुषार्थ र विकटमा छपाइ प्रविधि



✍ **ईश्वर वि.क.**

वि.सं. २०३० सालतिर पत्रिका छपाइको विषय कति जटिल थियो होला ? जतिबेला किरण पुस्तकालय, गुल्मीले 'हाम्रो पुरुषार्थ'को आधा शताब्दीयौं यात्राको पहिलो पाइला चाल्दै थियो । पुस्तकालय स्थापित गुल्मी जिल्लामा मोटरबाटो आएकै थिएन, मोटरबाटो नहुँदा मोटर आउने कुरै थिएन, मोटर नआएको ठाउँमा छपाइ गर्ने मेसिन कसले बोकेर ल्याउने ? छपाइ मेसिन नहुँदा प्रि-प्रेसका प्राविधिक कसरी जन्मून् ? सामग्री सङ्कलन कसरी हुँदो हो ? सामग्री प्राप्त गर्ने सूचना कसरी प्रवाह हुँदो हो ? न त फोन थियो न त इन्टरनेट नै थियो ।

हाम्रो पुरुषार्थले प्रकाशनको आधा शताब्दी पार गरिसकेको छ । यो अवधिमा १०० वटा अङ्क प्रकाशन भइसकेका छन् । एक सयवटा अङ्कमा हजारौं लेखकका हजारौं लेख छापिएका छन् । हजारौं लेखमा करोडौं अक्षर छापिएका छन् । गुल्मी जिल्ला जस्तो पहाडी दुर्गम जिल्लामा प्राविधिक उत्पादन भएका छन् । प्रविधिलाई स्थापित गरिसकेको छ ।

पत्रिका/पुस्तक प्रकाशनका अनेकौं जटिलता छन् । मुख्य कुरा आर्थिक नै होला तर त्योभन्दा ज्यादा प्रकाशनका लागि तारतम्य मिलाउने कुरा कैयौं गुणा जटिल छ । यी जटिलताहरूलाई छिचोलेर हाम्रो पुरुषार्थले १०० औं अङ्क कसरी प्रकाशन गर्न सकेको होला ? यसका संरक्षक सम्पादकहरूले कसरी नियमितता दिन सके होलान् ? यो हाम्रो सोंचाइभन्दा पनि माथिको दुःख हो, पौरख हो र पुरुषार्थी काम हो ।

हाम्रो पुरुषार्थ पत्रिका प्रकाशन भइराखेको साइज स्ट्याण्डर्ड (डिमाइ) साइज हो । यो निरन्तर यहीं साइजमै प्रकाशन भइराखेको छ । आधुनिक छापाखानामा प्रयोग हुने पेपरको साइजका आधारमा भन्दा १८×२२×१/८ साइजको रूपमा चिन्ने गरिन्छ । अर्थात् प्रेसमा उपलब्ध हुने १८×२२ साइजको पेपरमा ८ वटा लम्बा वा १६ पृष्ठ हुन सक्ने साइजमा पत्रिका प्रकाशन भइराखेको छ ।

> *हाम्रो पुरुषार्थले प्रकाशनको आधा शताब्दी पार गरिसकेको छ । यो अवधिमा १०० वटा अङ्क प्रकाशन भइसकेका छन् । एक सयवटा अङ्कमा हजारौं लेखकका हजारौं लेख छापिएका छन् । हजारौं लेखमा करोडौं अक्षर छापिएका छन् । गुल्मी जिल्ला जस्तो पहाडी दुर्गम जिल्लामा प्राविधिक उत्पादन भएका छन् । प्रविधिलाई स्थापित गरिसकेको छ ।*

पुस्तक तथा पत्रपत्रिका प्रकाशनमा प्रि-प्रेसको काम सबैभन्दा लामो र झण्झटिलो प्रक्रिया हो । प्रि-प्रेसको काम भन्नाले सङ्कलित लेखरचनाहरूलाई पहिले टाइप गर्ने, सेटिङ्ग मिलाउने र ट्रेसिङ्ग पेपर वा फाइनल PDF फाइल बनाउने कामलाई बुझ्नुपर्छ । हाम्रो पुरुषार्थका ५० भन्दा धेरै अङ्क म स्वयम् आफैले साजसज्जा गर्ने सौभाग्य पाएको छु ।

८-१० वर्ष पहिलेकै अवस्थामा पनि इन्टरनेटको सहज पहुँच थिएन । पत्रिकाका सम्पादक शशि पन्थी, दीन पन्थीलगायतले प्रेसमा हस्तलिखित लेखहरू सङ्कलन गरेर ल्याउनुहुन्थ्यो । पहिलो चरणमा सम्पूर्ण लेखहरूलाई टाइप गरिसकेर पहिलो प्रूफ हेर्नका लागि प्रिण्ट गरेर दिइन्छ । प्रिण्टिङ्ग क्षेत्रमा शुद्धाशुद्धि मिलाउने वा सम्पादन गर्ने कामलाई प्रूफ हेर्ने भन्ने भाषाको प्रयोग गरिन्छ । प्रूफ हेर्दाका पनि केही नियमहरू यहीं पत्रिका प्रकाशनको क्रममा सम्पादकहरू शशि पन्थी र दीन पन्थी सरमार्फत मैले सिकेको छु । मैले थप अरू केहीलाई सिकाउने मौका पनि पाएको छु ।

दोस्रो चरणमा सम्पादकहरूले प्रिण्ट भएका लेख र पाण्डुलिपि भिडाएर शुद्धाशुद्धि हेरेर प्रेसमा दिनुपर्छ । शुद्धाशुद्धि गर्दा रातो मसीले नियमानुसार सच्चाएर प्रेसमा दिन सक्ने हो भने काम गर्न सजिलो र छिटो हुन्छ तर जथाभावी सच्चाएको खण्डमा वा कालो मसीले नै सच्च्याएको अवस्थामा भने सच्च्याउन निकै मुस्किल हुन्छ । आजभोलि धेरै लेखकहरूले आफै टाइप गरेर पठाउने तर कसैकसैको लेख निकै अशुद्ध हुने हुँदा सच्चाउनभन्दा रि-टाइप गर्नु नै सजिलो हुने खालका हुन्छन् । अझ कतिपय लेखहरू आधा युनिकोडमा र आधा रेगुलर फन्टमा टाइप गरेका हुने हुँदा यी झनै टाउको दुखाइ हुने गर्दछन् । कम्प्युटरमा टाइप तथा सेटिङ्ग गरिरहँदा फाइल आफै लक भएर कहिले कसो हप्तौंका कामहरू खेर जाँदा फेरि शुरूबाट काम गर्नुपरेका अवस्थाहरू भोग्नुपरेको छ ।

तेस्रो चरणमा शुद्धाशुद्धि भएर आइसकेका लेखहरूलाई सच्चाएर किताबको साइजमा सेटिङ्ग गर्नुपर्ने हुन्छ, जुन प्राविधिक रूपमा केही जटिल मानिन्छ । कम्प्युटरमा काम गर्नेले आफ्नो कलाकारिता देखाउने पनि यहीं चरणमा हो । सबै लेखहरूमा एउटै किसिमको फन्ट प्रयोग गर्न सक्ने, शीर्षक तथा लेखकको विवरणमा एकरूपता देखाउन सक्नुपर्ने हुन्छ । सबै लेखहरू पूरा पूरा पृष्ठका

हुन सक्दैनन् । बाँकी रहेको भागमा विज्ञापन, शुभकामना वा उचित सन्देशमूलक सामग्री राख्नुपर्ने हुन्छ । यी सामग्री उपलब्ध हुन नसकेको खण्डमा लाइन स्पेशहरू घटाएर वा बढाएर पृष्ठ पूरा गर्न सक्नुपर्छ । लाइन स्पेशहरू पनि सकेसम्म एकनासको राख्नुपर्ने अवस्था हुन्छ । नचिनिने गरी लाइन स्पेश मिलाउँदा पनि पृष्ठहरू पूरा गर्न नसकिएमा भने सम्पादकले लेखमा आवश्यकताअनुसार कुराहरू थप्ने वा घटाउने गर्नुपर्दछ । तर त्यसका लागि पनि सम्पादकहरूमा उच्च दक्षता चाहिन्छ । जुन दक्षता हाम्रो पुरुषार्थका सम्पादकहरूमा पाएको छु । उहाँहरूबाट सिकेको छु ।

लेखकहरूका लेख र राख्नुपर्ने सम्पूर्ण विवरणहरू पुस्ताकाकारमा ल्याइसकेपछि फेरि फर्मा मिलाउने चुनौती छ । फर्मा भन्नाले एकपटकमा छापिने पृष्ठको पूरा सङ्ख्या हो । जुन हाम्रो पुरुषार्थको डिमाइ साइजमा एउटा फर्माका लागि १६ पृष्ठ आवश्यक हुन्छ । कहिलेकाहीं १६ पृष्ठ पूरा नभएको खण्डमा ८ पृष्ठलाई आधा फर्माको रूपमा पनि प्रेसमा छपाइ गर्न सकिन्छ । फर्मा पूरा नभएका पृष्ठहरूलाई बाइण्डिङ्ग गर्न झण्झटिलो र कमजोर भई छिटै च्यातिने हुन्छ । कम्प्युटरमा सेटिङ्गका क्रममा पृष्ठसङ्ख्यालाई फर्मा मिल्ने गरी पूरा गर्नैपर्छ । अझ भनौं पृष्ठ सङ्ख्या कायम भएका वा नभएका पृष्ठ मिलाएर जहिले पनि सकेसम्म १६ ले नभए ८ ले निःशेष भाग जाने गरी पृष्ठसङ्ख्यामा पुस्तकलाई सीमित गर्नुपर्छ । जुन अत्यन्त्यै सीपमूलक कार्य हो । यसका लागि पुरुषार्थले निरन्तर ५० औं वर्षसम्म आफ्नो कौशलता प्रस्तुत गरिरहेको छ साथै यसमा काम गर्ने डिजाइनरलाई सीप सिकाएको छ ।

चौंथो चरणमा पुस्तकको पृष्ठसङ्ख्या र पेपरको क्वालिटीअनुसारको पुस्तकको मोटाइअनुसारको कभर डिजाइन गर्नुपर्दछ । हाम्रो पुरुषार्थले अधिकांश पुस्तकका कभरहरूलाई चार कलर (रङ्गीन)मा छपाइराखेको छ । प्रेस प्रविधिमा चार कलर भन्नाले CMYK (Cyan Magenta, Yello, Black) कलरलाई जानाउँछ । यी चार कलरको मिश्रणबाटै आधुनिक अफसेट प्रेसले भनेजस्तै हरेक किमिमका कलरहरूमा दुरूस्त छपाइ गर्न सक्छन् । रङ्गीन डिजाइन गर्नुपर्दा जहिले पनि भेक्टर प्रोग्रामहरूमा CMYK फर्मेटमै डिजाइन गरियो भने मात्रै कम्प्युटरको स्क्रीनमा जस्तो हेरियो त्यस्तै छपाइ गर्न सकिन्छ । अन्यथा RGB जस्ता फर्मेटमा डिजाइन गरिएको कुरा छपाइमा लगियो भने हेर्दा अर्कै छाप्दा अर्कै हुन्छ भन्ने कुरा पनि हाम्रो पुरुषार्थका विभिन्न डिजाइनहरू गर्दा मिलेको अनुभव हो ।

पाँचौं चरणमा केही समय पहिले पुस्तकलाई ट्रेसिङ्ग (पारदर्शी खालको) पेपरमा निकाल्ने र एक्स्पोजर मेसिनबाट प्लेट तयार गरी छपाइमा लगिन्थ्यो भने आजकल यो CTP प्रविधिमा गएको छ । सेटिङ्ग गरिएका डिजाइनहरूलाई PDF फर्मेटमा सेभ गरेर सिधै प्लेट निकालिन्छ । मेसिनमा छापिन्छ ।

छैंठौं चरणमा छापिएका हरेक फर्मालाई पृष्ठ नं. मिलाएर फोल्डिङ्ग गर्ने र हरेक फर्मालाई मिलाएर काँटी मारी कभर लगाएर कटिङ्ग मेसिनबाट काटेर पुस्तक तयार गरिन्छ ।

*पंक्तिकारले प्रत्यक्ष नभोगेको लेटरप्रेस युगबाट आधुनिक अफसेट प्रेस युगमा आइपुग्न पश्चिम नेपालको दुर्गम जिल्ला गुल्मीमा आधुनिक प्रविधि र सोही प्रविधि सञ्चालन गर्ने प्राविधिक जन्माउन हाम्रो पुरुषार्थको ५० वर्षे इतिहासले उल्लेख्य भूमिका खेलेको छ ।*

पंक्तिकारले प्रत्यक्ष नभोगेको लेटरप्रेस युगबाट आधुनिक अफसेट प्रेस युगमा आइपुग्न पश्चिम नेपालको दुर्गम जिल्ला गुल्मीमा आधुनिक प्रविधि र सोही प्रविधि सञ्चालन गर्ने प्राविधिक जन्माउन हाम्रो पुरुषार्थको ५० वर्षे इतिहासले उल्लेख्य भूमिका खेलेको छ । अतीतमा हस्तलिखित लेख सङ्कलन गर्ने युगबाट आधुनिक इन्टरनेटमा आफ्नै hamropurushartha@gmail.com मा लेखहरू सङ्कलन गर्ने अवस्थामा आइसकेको छ । फोटाहरू जम्मा पारेर स्क्यान गरेर राख्नुपर्ने अवस्थाबाट विभिन्न सामाजिक सञ्जालबाट वा इमेलबाटै सहजै प्राप्त गर्न सकिने युगसम्म हाम्रो पुरुषार्थ आइसकेको छ । यसले अझै परिस्कृत युगसँगै आफूलाई उभ्याउने कुरामा पनि विश्वस्त हुन सकिन्छ ।

अन्त्यमा छपाइ प्रविधिका विभिन्न युगहरूलाई छिचाल्दै, गुल्मी जस्तो विकट ठाउँमा पनि आधुनिक छपाइको प्रविधि र सीपमूलक जनशक्ति उत्पादन गर्ने जस्तो पुरुषार्थी काम हाम्रो पुरुषार्थले गरेको छ । शतकौं अङ्कसँगै अझ आधुनिक प्रविधि र सीपयुक्त जनशक्ति उत्पादनमा हाम्रो पुरुषार्थ लागिरहोस् । शुभकामना !

**रेसुङ्गा न.पा.-८, तम्घास, गुल्मी (डिजाइनर : सुशीला प्रिण्टर्स, तम्घास, गुल्मी ।**
**प्रशिक्षक/व्यवस्थापक : लुम्बिनी कम्प्युटर इन्स्टिच्युट, तम्घास, गुल्मी ।**

ooo

बुटवल, भैरहवा, परासी र कपिलवस्तुका 'हाम्रो पुरुषार्थ'का आजीवन ग्राहक, लेखक र कविहरूले

# हिमालय बुक्स हाउस

मणिपथ, मिलनचोक, बुटवल (फोन नं. ०७१-५४१००९) मा
सम्पर्क गरी आफ्नो प्रति पत्रिका लैजानुहुन अनुरोध छ ।

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

*// कविता //*

# हाम्रो पुरुषार्थ



**स्थानेश्वर खनाल**

यो हाम्रो पुरुषार्थले जगतमा नामै कमायो यहाँ ।
तम्घासको बिचमा रहेर यसले सम्मान पायो जहाँ ॥
राम्रो उच्च र भव्य भै भवन यो आकाश चुम्ने भयो ।
पुस्तकको घर भो अहो ! किरण यो प्रख्यात भो देशको ॥१॥

त्रैमासिक रूपमा प्रकाशन गरी पुस्तक छपाईकन ।
आफ्नो देश तथा विदेशहरूमा प्रख्यात भो झन्झन ॥
गुल्मीकै गरिमा बढाउन भनी, जन्म्यो यही गुल्मीमा ।
ज्योति बाल्न भनेर जन्मन गयो, पच्चीसको सालमा ॥२॥

धेरै पत्र र पत्रिका पुगी यहाँ पढ्ने सबैले गरौं ।
लाभै हुन्छ त्यहाँ पढेर जनले, सद्ज्ञान ज्योती छरौं ॥
धेरै मानिसमा विवेक मति नै, पढ्ने र हेर्ने गरी ।
भावीका दिनमा छ कीर्ति रहने, लेखेर पुस्तक् भरी ॥३॥

धेरै पुस्तक छन् विभिन्न थरिका पढ्छन् रमाई सधै ।
छन् राम्रा सुविधा व्यवस्थित यहाँ पढ्ने र लेख्ने सबै ॥
पढ्ने मानिस निम्ति मन्दिर बन्यो तम्घासको माझमा
पढ्छन् छल्फल गर्दछन् जन यहाँ जम्मा भई साँझमा ॥४॥

यो हाम्रो पुरुषार्थको मुलुकमा मागै बढ्यो दिन्दिन ।
धेरै मानिस निम्ति अर्ति उपदेश् यस्ले दियो ज्ञान् गुन ॥
उज्यालो छरदै रविकिरण झैं आकाशमा चम्कने ।
यस्को नाम जहाँ सुगन्ध फुलझैं सर्वत्र भो फैलिने ॥५॥

यो 'हाम्रो पुरुषार्थ' सार्थक बन्यो उद्देश्यमा हर्घडी ।
ज्ञानी बुद्धिजिवी र लेखकहरू संलग्न धेरै भई
यस्को उन्नति निम्ति जुट्छ परिवार् आलस्य त्यागीकन ।
चौतर्फी जगमा सधै बढिरहोस्, मेरो छ यै गन्थन ॥६॥

रेसुङ्गा न.पा.-५, लामडाँडा, गुल्मी ।

०००

# शताङ्क प्रकाशनमा सहस्राङ्कको शुभकामना



लक्ष्मण रिजाल

रेसुङ्गा गिरि-शृङ्गको तटमहाँ तम्घासको माझमा
भल्वाकुण्ड पवित्र प्राचीन थियो नामै जुरेको जहाँ ।
त्यो प्यारो तपतीर्थ पुण्य धरती आदर्शको पुञ्ज भो
शिक्षा-ज्योति जलाउने प्रण लिंदा सद्भाव आरम्भ भो ।

विक्रम सम्वत दुई हजार अनि त्यो पच्चीसको याममा
यौटा दृढ अठोट सत्य सपना संकल्पका साथमा
सानै गोष्ठ प्रकोष्ठको छिडिमहाँ आलोक छर्नाकन
झुल्क्यो ज्योति प्रभातमा शशि 'किरण' आभा फिँजाईकन ।

त्यो पौगण्ड हुँदा-हुँदै त्यस बखत जन्म्यो शिशु तीसमा
यो 'हाम्रो पुरुषार्थ' नाम रचियो विद्वत्हरू बीचमा
साच्चै नै पुरुषार्थको पुरुषता चौतर्फी बढ्दै गयो
भाषा वाङ्मय श्रव्य-दृश्य महिमा विस्तार गर्दो भयो ।

गुल्मीको इतिहासमा किरणले 'हाम्रो पुरुषार्थले'
भाषा वाङ्मयको उठान गरने प्रयत्न धेरै गरे ।
स्रष्टालाई दियो प्रभा किरणले उर्जा नयाँ उर्वर
नेपाली कवि कल्पना सलिल झैं पुग्दै गरे सागर ॥

आए काव्य असङ्ख्य कृति रचना जो श्रव्य दृश्यादिक
धेरै गद्य र पद्य चम्पू रचना स्रष्टा भए बौद्धिक
स्रष्टा सृजनमा उभार बढदो द्रष्टा समीक्षादिको
भाषा वाङ्मयको उठान गरने हाम्रो पुरुषार्थ हो ।

यो हाम्रो पुरुषार्थले जगतमा ज्योति जलाईरह्यो
पूर्वी वैदिक रत्न वाङ्मयनिधि आशा फिँजाईरह्यो

खोजी पश्चिम ज्ञान संस्कृति, कला विज्ञानको चातुरी
सारा सार खिचेर ढुक्ढुकी बन्यो सम्पूर्णमा माधुरी ।

रेसुङ्गा रिडि रुद्रवेणि-हृषिकेश दर्बार मुसिकोट झैं
गुल्मी गौरव नै भए 'किरण' औ हाम्रो पुरुषार्थ यैं ।
धेरै कृतिहरू प्रकाशित भए सदग्रन्थ वाणी सुधा
स्वामी श्री शशिधर महाप्रभु, यदु कीर्ति रह्यो सर्वदा

स्वामी सन्तजिका अमूल्य रचना बाणोपनिषद्हरू
आए सन्त महान भक्त प्रभुका अध्यात्म चिन्तन अरू
विद्वान् श्री टीकारामका कृतिहरू निस्के नयाँ शैलीमा
धेरै ग्रन्थहरू विवेचित भए वस्तु विशेषाङ्कमा ।

राजाको शुभराज्यपूर्ण अभिषेक पैलो विशेषाङ्कमा
धेरै व्यक्ति विशेषमा र कृतिमा गर्दै समालोचना ।
बी.पी., लुम्बिनी, भानु पुस्तकसँगै संगोष्ठी सम्भाषीको
पण्डित भीम र तीर्थ क्षेत्र रुरुको डाक्टर टीकारामको ॥

यी केही जनश्रुति तथ्य जनका सर्दै गरेका कुरा
रेसुङ्गा तपतीर्थ पुण्य गिरिको अर्वाचीनै उत्रिदा ।
ने नेपालमहाँ स्वदेश जनता, भक्ति छचल्कीरह्यो
गुल्मी संस्कृतिको धरोहर सदा ऊर्जा बढाईरह्यो ।

गुल्मीबाट उदाउने किरणमा विद्वान् विशेषज्ञका
राजाराम-प्रश्रित-लक्ष्मी परशु-बाबु-टीकारामका ।
आए ग्रन्थ अनेक शीर्षक यहाँ गम्भीर अन्वेषण
गुल्मीको इतिहास तथ्य घटना सर्वाङ्ग विश्लेषण ॥


यस्तै शोध भए अनेक विषयः आकार सद्ग्रन्थमा
विद्वत्वृन्द विभूतिको र कृतिको व्यक्तित्व सर्वेक्षण ।
नेपाली कवि काव्य कृति रचना गाद्यिक समीक्षादिमा
गर्दै खोज सहस्र अङ्क पुगिद्यौ मंगलमयी कामना ॥

जुझ्दै जाउ समाजका कुरीतिका अन्यायका घातका
मेट्दै जाऊ अभाव रोग गरिबी आघात संत्रासका ।
होला सभ्य समाज देश जनता समृद्धिका साथमा
बन्ला स्वर्ग समान पुण्य धरती मंगलमयी कामना ॥

लेख्दा लेख्न लगाउँदा मन भए उल्लासले उर्वर ।
छाप्दा छाप्न लगाउँदा कवि भए उत्साहले उर्वर ॥
छाप्दै यी शत अङ्कसम्म पुगदा श्री दीन-शशि साथमा ।
दिन्छौं यै "सहस्राङ्क" को मुरिमुरी मंगलमयी कामना ॥

✍ रेसुङ्गा नगरपालिका तम्घास, गुल्मी, पूर्व उप-प्राध्यापक : रेसुङ्गा बहुमुखी क्याम्पस ।

०००



*// कविता //*

# झाँगिइरहू सधैंभरि



**गोमा सेन**

बयान गरूँ कसरी म तिमी "हाम्रो पुरुषार्थ" को ?
रेसुङ्गा-अर्जुनसरी अटल तिम्रो अनुहारको ।
गर्व शब्द जोडिन्छ सजिलै तिम्रो नाममा,
हे जननी ! रमाउँछौं सधै हामी त तिम्रो शानमा ।

जन्मायौ अनगिन्ती कवि, लेखक, साहित्यकारहरू,
पुस्तक हौ खुल्ला छौ बयान धेरै के नै गरूँ र अरू
तिमी छौ र पो झल्कन्छ मेरो चिनारी पनि बेला र मौकामा,
कठिन यात्रा पार गर्दा पुग्छौ झोपडीको चुल्हो र चौकामा ।

थुप्रै झिलिमिली ताराहरूमध्ये तिमी त ध्रुव तारा हौ,
यसै गरी चम्कीरहू पारि क्षितिजसम्म समाजको मूर्तरूप झैं,
ज्ञानको प्रकाश फैलाइरहू सदा जनजनमा ।
ढुकढुकी हौ तिमी नाम नै काफी गुल्मीको इतिहासमा ।

काँढामा फुल्यौ, अभाव र यातनामा जन्मेको हामीलाई थाहा छ,
पञ्चायती वर्वरतामा डेग हल्लिएनौ तिम्रो छाप लाहा छ ।
निरंकुश कालमा बाँचेको तिम्रो अस्तित्व स्तुत्य छ ।
स्रष्टा-द्रष्टा भएर नै साँच्चै पुरुषार्थ राख्यौ वैभव ।

पालक-पोषक धन्य सार्थक मनहरू,
जित्यौ हर मोर्चा लडाइँका तब उठे साहित्यका फणाहरू ।
ज्ञान-ज्योति छरिरहनू सर्वदा यसै गरी,
थपी मेरो उमेर पनि झाँगिइरहू सधैंभरि ।।

**रेसुङ्गा नगरपालिका-१, चिदीचौर, तम्घास, गुल्मी (हाल : अमेरिका)।**

ooo

// लेख //

# हाम्रो पुरुषार्थ भारतको देहरादूनदेखि आसामसम्म



✒ रुरु शर्मा

*किरण पुस्तकालयबाट प्रकाशित "हाम्रो पुरुषार्थ" मा छापिएका नयाँ - नयाँ कथा र कविताहरू पढ्दा निकै रमाइलो लाग्थ्यो भने यसमा प्रकाशित अन्य लेखहरूबाट धेरै ज्ञानवर्धक जानकारीहरू पनि प्राप्त हुन्थ्यो । वरपर भाइबहिनीहरू जम्मा भएर अन्त्याक्षरी खेल्ने प्रतियोगिता हुन्थ्यो । "हाम्रो पुरुषार्थ" बाट कण्ठस्थ गरिएका नयाँ - नयाँ कविताहरू सुनाउन पाउँदा निकै आनन्द आउँथ्यो । केही कविताहरू अन्त्याक्षरी जित्ने उद्देश्यले कण्ठस्थ गर्थ्यौं भने केही कविताहरू राम्रो, रमाइलो लागेर पढ्दा पढ्दै आफै कण्ठस्थ हुन्थे । कथा, कविता, गजल, मुक्तक, नियात्रा, समालोचना, लघु अनुसन्धानका साथसाथै यस पत्रिकाका नियमित स्तम्भहरू भेटघाट, सम्पादकीय, किरण पुस्तकालयको पातो, नौलो सृष्टि : सानो दृष्टि, यताउताबाट, पाठक - प्रतिक्रिया हाम्रा लागि सरल र रमाइला खुराक हुने गर्दथे ।*

हाम्रो देशमा २०४० को दशकमा अहिले जस्तो इन्टरनेटको सुविधा थिएन । मोबाइल, टि.भी. कम्प्यूटर केही थिएनन् । हाम्रो लागि मनोरञ्जनको साधन भने पनि ज्ञानको स्रोत भने पनि किताब नै हुने गर्दथ्यो । किरण पुस्तकालयबाट प्रकाशित "हाम्रो पुरुषार्थ" मा छापिएका नयाँ-नयाँ कथा र कविताहरू पढ्दा निकै रमाइलो लाग्थ्यो भने यसमा प्रकाशित अन्य लेखहरूबाट धेरै ज्ञानवर्धक जानकारीहरू पनि प्राप्त हुन्थ्यो । वरपर भाइबहिनीहरू जम्मा भएर अन्त्याक्षरी खेल्ने प्रतियोगिता हुन्थ्यो । "हाम्रो पुरुषार्थ" बाट कण्ठस्थ गरिएका नयाँ-नयाँ कविताहरू सुनाउन पाउँदा निकै आनन्द आउँथ्यो । केही कविताहरू अन्त्याक्षरी जित्ने उद्देश्यले कण्ठस्थ गर्थ्यौं भने केही कविताहरू राम्रो, रमाइलो लागेर पढ्दा पढ्दै आफै कण्ठस्थ हुन्थे । कथा, कविता, गजल, मुक्तक, नियात्रा, समालोचना, लघु अनुसन्धानका साथसाथै यस

पत्रिकाका नियमित स्तम्भहरू भेटघाट, सम्पादकीय, किरण पुस्तकालयको पातो, नौलो सृष्टि : सानो दृष्टि, यताउताबाट, पाठक–प्रतिक्रिया हाम्रा लागि सरल र रमाइला खुराक हुने गर्दथे ।

*हाम्रो पुरुषार्थले भारतको पश्चिममा देहरादूनदेखि पूर्वमा आसामसम्म आफूलाई विस्तारित गरेको छ । भारतको पूर्वको एक कुनामा बसेर मैले पनि सेवा गर्न पाउँदा धेरै खुशी लाग्दथ्यो ।*

पछि म भारतको आसाममा बस्न थालें । आसामको सदरमुकाम गुवाहाटीदेखि केही अगाडि डिफू (Karbi Anglong) भन्ने ठाउँमा बस्ने गर्दथें । त्यो समयमा पनि हाम्रो पुरुषार्थको आसाम प्रतिनिधि भएर काम गरेकी थिएँ । विशेष गरी भानु जयन्तीको दिनमा नेपाली भाषा साहित्यमा रुचि राख्ने व्यक्तित्वहरूसँग भेट हुने गर्दथ्यो । यसै क्रममा मैले नेपाली भाषा तथा साहित्यप्रति रुचि राख्ने धेरै व्यक्तित्वहरूसँग चिनजान गर्ने अवसर पनि पाएकी थिएँ । अनि आफूसँग उपलब्ध हाम्रो पुरुषार्थका विभिन्न अङ्कहरू उहाँहरूलाई दिने र उहाँहरूबाट केही नेपाली भाषामा लेखिएका पुस्तकहरू प्राप्त गरेर किरण पुस्तकालयलाई प्रदान गर्ने अवसर पनि पाएकी थिएँ । हाम्रो पुरुषार्थले भारतको पश्चिममा देहरादूनदेखि पूर्वमा आसामसम्म आफूलाई विस्तारित गरेको छ । भारतको पूर्वको एक कुनामा बसेर मैले पनि सेवा गर्न पाउँदा धेरै खुशी लाग्दथ्यो ।

२०६० सालदेखि म "हाम्रो पुरुषार्थ" को बुटवल प्रतिनिधि भएर काम गरिरहेकी छु । २०६४ सालको माघमा बुटवलमा नेपाल पुस्तक व्यवसायी तथा स्टेशनरी महासंघद्वारा प्रथम बृहत् पुस्तक प्रदर्शनीको आयोजना गरिएको थियो । त्यस्तै २०६६ सालको पुसमा पनि दोस्रो बृहत् पुस्तक प्रदर्शनीको आयोजना गरिएको थियो । दुबै वर्षका प्रदर्शनीमा गुल्मीबाट किरण पुस्तकालयद्वारा प्रकाशित पुस्तक तथा हाम्रो पुरुषार्थ पत्रिकाको एउटा स्टल राखिएको थियो । नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघद्वारा आयोजित यस कार्यक्रममा मह जोडी (हरिवंश, मदनकृष्ण), मुटु रोग विशेषज्ञ, डा. भगवान् कोइराला, बाग्लुङका एक बाल वैज्ञानिक अनि किरण पुस्तकालयका संस्थापक श्री शशि पन्थीज्यूसहित ५ जना विशिष्ट व्यक्तिहरूलाई लुम्बिनीरत्नको सम्मानसहित रथारोहण गराई बुटवल नगरपालिका परिक्रमा गराउने कार्यक्रम राखिएको थियो । ५ विशिष्ट व्यक्तित्वहरूलाई रथमा राखेर बाजागाजासहित बुटवल नगर परिक्रमा गराएको दृश्य निकै सुन्दर र रमणीय थियो । पुस्तक प्रदर्शनीमा राखिएका विभिन्न कार्यक्रममध्ये यो रथयात्रा चाहिं मेलाको मुख्य आकर्षण थियो । कार्यक्रम निकै सभ्य र भव्य तरिकाले सम्पन्न भएको थियो ।

पुस्तक प्रदर्शनीमा किरण पुस्तकालयबाट प्रकाशित पुस्तकहरूको लागि पनि एउटा स्टल सौजन्यस्वरूप उपलब्ध गराइएको थियो । जसमा किरण पुस्तकालयको तर्फबाट कविता पन्थी र म स्टल सञ्चालनार्थ बसेका थियौं ।

*यसै क्रममा किरण पुस्तकालयबाट प्रकाशित "गुल्मीको ऐतिहासिक झलक", 'केही जनश्रुतिहरू" जस्ता किताबहरूको माग बढी भएकोले हामीले सबैलाई पुस्याउन सकेनौं । धेरै जसोले यस्ता किताबहरू पुनः प्रकाशन गर्नुपर्‍यो भनेर पनि सल्लाह दिनुभयो ।*

अनन्त पन्थी र गोपाल पन्थी दुबै दाजुहरूले पनि यसमा निकै सहयोग गर्नुभएको थियो । पुस्तक प्रदर्शनी (मेला) लगभग एक महिनासम्म चलेको थियो । यस समयमा धेरै नेपाली भाषा तथा साहित्यप्रति रुचि राख्ने व्यक्तित्वहरूसँग भेटघाट तथा चिनजान गर्ने अवसर पनि मिल्यो । हाम्रो पुरुषार्थका कतिपय नियमित ग्राहकहरूले प्राप्त गर्न नसकेका पत्रिका र किताबहरू उहाँहरूलाई उपलब्ध गरायौं भने कतिपय किताबहरूको विक्री वितरण गरेर पुस्तकालयलाई सानो सहयोग गर्ने अवसर पनि हामीले पायौं ।

यसै क्रममा किरण पुस्तकालयबाट प्रकाशित "गुल्मीको ऐतिहासिक झलक", 'केही जनश्रुतिहरू" जस्ता किताबहरूको माग बढी भएकोले हामीले सबैलाई पुस्याउन सकेनौं । धेरै जसोले यस्ता किताबहरू पुनः प्रकाशन गर्नुपर्‍यो भनेर पनि सल्लाह दिनुभयो ।

अहिले मसँग 'हाम्रो पुरुषार्थ' का सबैजसो अङ्कहरू सुरक्षित छन् । नियमित ग्राहकहरूलाई नियमित रूपमा पत्रिका उपलब्ध गराउने गरेकी छु ।

पहिले वार्षिक अनि अर्धवार्षिक र अहिले त्रैमासिक रूपमा निरन्तर प्रकाशित हुँदै आएको यस पत्रिकाको व्यापकताको कुरा गर्ने हो भने वेभसाइटको माध्यमले विश्वको कुना कुनामा पुग्न सफल भएको छ । आधा शताब्दीको गौरवशाली इतिहास बनाएको यस पत्रिकालाई वेभसाइटमा www.kiranpustakalaya.com मा पनि हेर्न सकिन्छ । भविष्यमा यस पत्रिकाले अझ बढी प्रगति गर्दै जाओस् भन्ने शुभकामना छ ।

**बुटवल प्रतिनिधि- हाम्रो पुरुषार्थ, तिलोत्तमा नगरपालिका, शंकरनगर, रूपन्देही**

ooo

# हाम्रो पुरुषार्थभित्र अटाएका भारतीय नेपाली साहित्यकार



✍ चन्द्रकान्त पन्थी

नेपाली साहित्यको विकास र उत्थानमा योगदान पुऱ्याउने विभिन्न पुस्तकालय एवं संघसंस्थामध्ये 'किरण पुस्तकालय' पनि एक महत्त्वपूर्ण संस्थाको रूपमा लिन सकिन्छ ।

यस पुस्तकालयले २०३० सालको महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्म-जयन्ती एवं पुस्तकालयको पाँचौ वार्षिकोत्सवको अवसरमा आफ्नो मुखपत्रको रूपमा 'हाम्रो पुरुषार्थ' नामक वार्षिक पत्रिका प्रकाशन गर्न प्रारम्भ गऱ्यो । यसले राष्ट्रियता, धर्म, संस्कृति, भाषा, साहित्य, कलाको क्षेत्रमा महत्त्वपूर्ण लेख-रचना, कविता, निबन्ध र विभिन्न विद्वान्हरूको अन्तर्वार्ताको माध्यमबाट विविध विचार प्रस्तुत गर्दै देश-विदेशका पाठकसामु पुग्न सफल भएको छ । शुरूमा वार्षिक र ६ वर्षपछि अर्धवार्षिक हुँदै यो पत्रिका २०७० सालदेखि त्रैमासिक भई प्रेस काउन्सिलबाट राष्ट्रियस्तरको 'क' वर्गको साहित्यिक पत्रिकामा सूचीकृतसमेत भएको छ । पुस्तकालयले अहिलेसम्म विभिन्न विषयका २० थरी पुस्तकहरू प्रकाशन गरेको छ । पुस्तकालयमा पुस्तकहरूको संख्या ११०००/-भन्दा बढी पुगेको छ । 'हाम्रो पुरुषार्थ'का प्रस्तुत अङ्कसहित २० विशेषाङ्कहरू छन् । यसले आफ्नो शताङ्कसम्म आइपुग्दा विभिन्न विधाका १०० भन्दा बढी विद्वान्हरूका विचारहरू अन्तर्वार्ताको माध्यमबाट प्रकाशन गरेको छ ।

यो लेखको सन्दर्भ 'हाम्रो पुरुषार्थ'को शताङ्कसम्म के-कसरी, कति भारतीय एवं भारतीय नेपाली साहित्यकार 'हाम्रो पुरुषार्थ' भित्र प्रवेश गर्नुभयो भन्ने हुनेछ ।

**१. लीलबहादुर क्षत्री**

पुर्ख्यौली बासस्थान तेह्रथुम छ थर सुधा भएका श्री लीलबहादुर क्षत्री भारतमा बसी नेपाली साहित्यको विकास र उत्थानको लागि अनवरत रूपमा लाग्ने थोरै सिद्धहस्त लेखकमध्ये एक हुनुहुन्छ । उहाँका लोकप्रिय रचनाहरू बसाइँ, अतृप्त,

बह्मपुत्रका छेउछाउ, तीन दशक बीस अभिव्यक्ति, लीलबहादुर क्षत्रीका कथाहरूलगायत धेरै छन् । बसाईंलगायत कतिपय असामिया, हिन्दी, गुजराती, गुरुमुखी मलायलम भाषामा अनूदित समेत छन् । उहाँ आर्य विद्यापीठ महा विद्यालय, आसामको अवकाश प्राप्त अर्थशास्त्रको प्राध्यापक हुनुहुन्छ ।

'जसले जसरी जहाँबाट सेवा गरे पनि त्यसको मूल्याङ्कन र सम्मान हुनुपर्छ, स्वदेश, विदेश वा भौगोलिक आधारमा हेरिनु हुन्न " भन्ने उहाँको धारणा छ । नेपाली साहित्य, इतिहास, संस्कृतिलगायत समाजका विविध क्षेत्रमा योगदान पुऱ्याउने महत्त्वपूर्ण व्यक्तिहरूको अन्तर्वार्ता पाठक समक्ष पुऱ्याउने क्रममा २०५५ सालमा सम्पूर्णाङ्क ३६ को २४ औं भेटघाटको लागि उहाँको निवास भारतको आसाम राज्यको गुवाहाटी डा.वी.वरूवा रोड मरारवली गई २०५४ माघ ९ गते 'हाम्रो पुरुषार्थको तर्फबाट चन्द्रकान्त पन्थीले उहाँसँग भेटघाट गरी लिएको अन्तर्वार्ता प्रकाशित गरिएको थियो

**२. कृष्णप्रसाद ज्ञवाली**

**हामी बसौं पर्वत भीर या वन ।**
**गुराँस झैं पाउनुपर्छ फक्रन ॥**

**हामी झरौं निर्झर झैं निरन्तर ।**
**नदी सरी सङ्लनु पर्छ है तर ॥**

माथि उल्लेख गरिएको श्लोक कवि कृष्णप्रसाद ज्ञवालीले लेख्नुभएको हो । नेपाली साहित्यको विकास र उत्थानको लागि योगदान पुऱ्याउने उहाँ सिद्धहस्त छन्द कवि हुनुहुन्थ्यो । वि.सं. १९९३ मा गुल्मीको थोर्गामा जन्मनुभएका ज्ञवाली भारतमा बसेर नेपाली साहित्यको लेखनमा लागेका सक्रिय साहित्यकारमध्ये एक हुनुहुन्थ्यो । उहाँका रचनाहरू अब पढ्न जाँदा, आसामको इतिहास, पीपलको छहारी एवं आत्मपरक निबन्ध-सङ्ग्रह अक्षता र जमरा हुन् । साथै दुई गद्य-सङ्ग्रह र दुई पद्य-सङ्ग्रह निकाल्ने तयारी रहेको कुरा उहाँले त्यसबेला बताउनुहुन्थ्यो ।

२०१८ सालमा भारतका तत्कालीन प्र.म.पण्डित जवहरलाल नेहरूको विशेष पहलमा दिल्लीमा भएको ठूलो साहित्य सम्मेलनमा नेपालबाट बालकृष्ण सम, माधव घिमिरे, गोविन्द गोठाले, विजय मल्ल, चूडानाथ भट्टराय, भवानी भिक्षु, केदारमान व्यथितले भाग लिएको र आसामबाट मैले भाग लिएको थिएँ भन्नु हुने ज्ञवालीले सो सम्मेलनमा भारतीय प्रसिद्ध साहित्यकार हरिवंश राय बच्चन, देवराज शर्मा, नरेन्द्र शर्मा, राजेन्द्र अवस्थी, डा.रामकुमार वर्मासँग भेट भएको बताउनुहुन्थ्यो । त्यस्तै २०२१ सालमा नेपाली साहित्य संस्था र रोयल नेपाल

एकेडेमीले काठमाडौंमा साहित्य सम्मेलन गर्दा सोमनाथ सिग्देल, लेखनाथ पौडेलपछि मैले कविता पाठ गरें । राजा महेन्द्रले र बालकृष्ण समले आफ्नो कालीगण्डकी कविताको राम्रो प्रशंसा गरेको कुरा उहाँले अन्तर्वार्ता लिंदाका बखत स्मरण गर्नुभएको थियो ।

स्मरणरहोस् २०१८ सालमा कालीगण्डकी नदी बढेर रिडीमा तपस्यारत भक्तिनीहरूका झुपडीसमेत बगाई रुरुक्षेत्र उजाड हुन पुगेको थियो ।

रिडीको त्यस्तो अवस्था देखेपछि बाल्यकालदेखिको स्मरण गर्दै ज्ञवालीले 'कालीगण्डकी' नामक कविता लेख्नुभएको थियो । त्यो कविताका केही हरफ यस्ता छन् :-

**आएँ लौ परदेशबाट घरमा बर्सौं बिताई जब**
**आजै ज्ञान भयो मलाई रिडीको हुत्याइछौ वैभव**
**जोगी नित्य धुनी जगाइ तिरमा सानन्द बस्थे यतै**
**तिन्को सञ्चित त्यो खरानी र मुढा चिम्टा लगिछौ कतै**

**छैनन् देख्दिनँ आज फेरि किन हो तिम्रो किनारामहाँ**
**चिल्ला पत्थर ती जहाँ म उहिल्यै बस्थें गए हुन् कहाँ ?**

हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ३६, २५ औं भेटघाटको लागि २०५४ माघ ७ गते उहाँसँग भारतको शिलाङ्गमा गई मैले उहाँसँग अन्तर्वार्ता लिइएको थिएँ ।

## ३. दीपक मलिक

भारतको प्रतापगढमा जन्मिएका दीपक मलिक काशी हिन्दू विश्वविद्यालयका अवकाश प्राप्त प्राध्यापक एवं वामपन्थी चिन्तक हुनुहुन्छ । उहाँले श्रमसंघको विकास यात्रा, विकासमान मुलुक में श्रम संघ आदि पुस्तक लेख्नुभएको छ । बनारसमा नेपाली काँग्रेसका नेता बी.पी. कोइराला एवं नेपाल कम्युनिष्ट पार्टिका नेता पुष्पलालको सामीप्यतामा रहेको बताउने मलिकको विचारमा नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टीका नेताहरूले भारतको स्वतन्त्रता आन्दोलनमा हिस्सा लिएका थिए । दुर्भाग्यवश यस पक्षमा विवेचना हुन पाएन । यस सम्बन्धमा भारतीय इतिहास लेखन एक हदसम्म अपूर्ण रहेको देखिन्छ । यसको उल्लेख इतिहासमा हुनुपर्दथ्यो भन्ने धारणा राख्नुहुन्छ । साथै लुम्बिनीको सम्बन्धमा पूर्वाग्रह किन भन्ने प्रश्नमा उहाँको भनाइ छ " भारतीय जनमानसमा नेपालप्रति प्रगाढ प्रेम छ तर अचेतनावश नेपाल एउटा स्वतन्त्र राष्ट्र हो भन्ने उनीहरू भुल्दछन्" ।

४१ औं भेटघाटको लागि बनारस हिन्दू विश्वविद्यालय नेपाल चेयरका प्राध्यापक डा. दुर्गाप्रसाद अर्यालले 'हाम्रो पुरुषार्थको' लागि लिएको अन्तर्वार्ता हिन्दीबाट नेपालीमा सह सम्पादक दीन पन्थीले अनुवाद गर्नुभएको र सम्पूर्णाङ्क ४५ मा प्रकाशित गरिएको थियो ।

*के मानव जीवन अपूर्ण नै छ त ? भन्ने प्रश्नमा उहाँ भन्नुहुन्छ "मानव जीवनको पूर्णता एउटा अमूर्त आदर्श हो । जीवनको पूर्णता कसैलाई लाग्ला उच्च आध्यत्मिकता प्राप्त हुनु हो । अर्को थरीलाई लाग्ला महान् राजनेता हुनु हो वा अपार सम्पत्तिवान् हुनु हो, वा विपुल ज्ञानवान् हुनु हो, वा वरेण्य साहित्यकार हुनु हो वा अनुपम अभिनेता हुनु, वा बेजोड फुटवल खेलाडी हुनु जीवनको पूर्णता हो । कतिपयलाई यी सबै चीजसँगै र अरू धेरै । यसमा आ - आफ्नो मापन हुन्छ । यी उच्च आदर्शहरू हुन् । हामी मानिस सीमित शक्तिको असीमित आकांक्षका प्राणी हौं" ।*

## ४. अरूणकुमार भारती

श्री अरूणकुमार भारती दक्षिण भारतीय भाषा साहित्यका विद्वान् विश्लेषक हुनुहुन्छ । उहाँ काशी हिन्दू विश्वविद्यालयमा अध्यापन गर्ने भारतीय भाषा विभागको समेत अध्यक्ष हुनुहुन्थ्यो । उहाँले नेपाली, कन्नड र तमिल विभागमा समेत योगदान दिनुभएको थियो । धर्म र संस्कृतिको सम्बन्धमा श्री भारती भन्नुहुन्छ "धर्म विश्वास मात्र हो, तर संस्कृति यथार्थ हो । धर्मलाई सामाजिकीकरण गर्नु गलत हो । धर्म व्यक्तिगत विश्वास हो । संस्कृति व्यक्तिको जीवन हो । संस्कृतिविना व्यक्ति बाँच्न सक्दैन, धर्मविना सक्छ । हाम्रो पुरुषार्थको तर्फबाट ४८ औं भेटघाटको लागि डा.दुर्गाप्रसाद अर्यालले अन्तर्वार्ता लिनु भएको थियो र सम्पूर्णाङ्क ४८ मा प्रकाशन गरिएको थियो ।

## ५. इन्द्रबहादुर राई

नेपाली साहित्यका ख्याति प्राप्त स्रष्टा एवं आयामेली आख्यानकार श्री इन्द्रबहादुर राईको जन्म वि.सं. १९८४ मा दार्जिलिङ्गको वालासनमा भएको थियो । अंग्रेजी साहित्यमा एम.ए.गरेका राईले लामो समय अध्यापन गर्नुभएको थियो । भारतीय नेपाली साहित्यकारमा उहाँको नाम अग्र पंक्तिमा आउँछ । उहाँ विशेष गरी आख्यानकार एवं समीक्षक हुनुहुन्छ । उहाँले भारत एवं नेपालबाट धेरै महत्त्वपूर्ण पुरस्कारहरू पाउनुभएको छ । उहाँबाट रचना गरिएका 'आज रमिता छ' उपन्यास, विपना कतिपय, कथास्था, कठ पुतलीको मन, पहाड र खोला जस्ता कथा-सङ्ग्रह, नेपाली उपन्यासका आधारहरू, आयामिक कथा र कथ्यलगायत धेरै रचनाहरू छन् । उहाँ आयामिक लेखन एवं 'लीला लेखन' तर्फ समेत अग्रसर

हुनुहुन्थ्यो । इन्द्र सम्पूर्णमा उहाँका १६ वटा साहित्यिक ग्रन्थहरू सङ्गृहीत र प्रकाशित छन् ।

के मानव जीवन अपूर्ण नै छ त ? भन्ने प्रश्नमा उहाँ भन्नुहुन्छ "मानव जीवनको पूर्णता एउटा अमूर्त आदर्श हो । जीवनको पूर्णता कसैलाई लाग्ला उच्च आध्यत्मिकता प्राप्त हुनु हो । अर्का थरीलाई लाग्ला महान् राजनेता हुनु हो वा अपार सम्पत्तिवान् हुनु हो, वा विपुल ज्ञानवान् हुनु हो, वा वरेण्य साहित्यकार हुनु हो वा अनुपम अभिनेता हुनु, वा बेजोड फुटवल खेलाडी हुनु जीवनको पूर्णता हो । कतिपयलाई यी सबै चीजसँगै र अरू धेरै । यसमा आ–आफ्नो मापन हुन्छ । यी उच्च आदर्शहरू हुन् । हामी मानिस सीमित शक्तिको असीमित आकांक्षका प्राणी हौं" ।

हाम्रो पुरुषार्थको भेटघाट ५८ को लागि सह–सम्पादक दीन पन्थीले लिनुभएको लिखित अन्तर्वार्ता सम्पूर्णाङ्क ५४ मा प्रकाशित गरिएको थियो ।

हाम्रो पुरुषार्थको शतकाङ्कसम्म आइपुग्दा भेटघाट जस्तै आफ्ना लेख, रचना, कविता र पाठक–प्रतिक्रियामार्फत जोडिनुभएका अन्य भारतीय नेपाली साहित्यकारहरू हुनुहुन्छ ।

## ६. सुदीप बागची

भारतको पश्चिम बङ्गाल कलकत्ता निवासी सुदीप बागचीले त्रिभुवन बहुमुखी क्याम्पस, तानसेन पाल्पामा लामो समयसम्म अध्यापन गर्नुभएको थियो । उहाँ हाल अवकाश प्राप्त प्राध्यापक हुनुहुन्छ ।

हाम्रो पुरुषार्थ प्रकाशनको पूर्वार्धदेखि नै बागचीले अङ्क २ सम्पूर्णाङ्क १३ मा सम्झना शीर्षकमा गद्य कविता लेख्नुभएको छ । अङ्क २ सम्पूर्णाङ्क १५ मा 'पाल्पामा अंग्रेजी भाषा र साहित्य एक चिनारी" शीर्षकमा उहाँले एक लेख प्रकाशित गर्नुभएको छ । त्यसै गरी अङ्क २ सम्पूर्णाङ्क २२ मा "शेक्सपीयरकी काली महिला" शीर्षकको लेख छापिएको छ । त्यस्तै अर्को एक कविता 'नव प्रभात तिम्रो आज नव स्वागत छ ' शीर्षकमा कविता लेख्दै कवि भन्नुहुन्छः 'आज यस पर्ण कुटिरमा तिम्रो स्वागत छ । आज यस निर्मम धरणीमा तिम्रो स्वागत छ ।'

## ७. भृगु आत्रेय

भारतीय नेपाली लेखक भृगु आत्रेय, बटियामारी बिहाली शोणितपुर, आसाम निवासी हुनुहुन्छ । उहाँले 'हाम्रो पुरुषार्थको २०५५ को अङ्क २ सम्पूर्णाङ्क ३६ मा 'भारतको स्वतन्त्रता संग्राममा भारतीय नेपाली महिलाको भूमिका शीर्षकको

*पूर्वमा दार्जिलिङ्, सिक्किम, भुटान, आसाम, मेघालय, अरूणाचल, मिजोरम, मणिपुर र बर्मासम्म, पश्चिममा भारतका राज्यहरू पञ्जाव, गुजरात, जम्मूकश्मीर, हिमालय, कुमाऊ, गढवाल, देहरादून आदि स्थानतिर नेपाली भाषा साहित्यको व्यापक प्रभाव छ । नेपाली भाषा साहित्यले यस क्षेत्रमा राष्ट्रिय व्यवस्था, आर्थिक, सामाजिक उन्नति तथा सुरक्षा र सुधारमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको र नेपाली भाषा साहित्यको गतिविधि र प्रचारप्रसारको पहिलो महत्त्वपूर्ण क्षेत्र बनारस हो ।*

महत्त्वपूर्ण लेख प्रकाशित गर्नुभएको छ । भारतको स्वतन्त्रता संग्राममको क्रममा १९४२ मा आन्दोलनको नेतृत्व गर्ने क्रममा बी.पी. कोइराला, मातृकाप्रसाद कोइराला, सूर्यप्रसाद उपाध्याय, मनमोहन अधिकारी जस्ता नेता भारतको जेल परेको धेरै नेपालीहरूलाई जानकारी छ तर कति भारतीय नेपाली, कति गोर्खा सैनिक, कति भारतीय नेपाली महिलाले नेतृत्व र योगदान दिए भन्ने आँकडा छैन । उहाँले गोर्खा सैनिकले अंग्रेज फौजको नाइकेको गर्धन गेंडेको कुराको साथै स्वतन्त्रता संग्राममा भारतीय नेपाली महिलाहरू सावित्रीदेवी, तुलसा शर्मा, पुतली माया, भोगमाया, तीलरूपादेवी अन्नपूर्णदेवी, मनमायादेवी, हर्क मायादेवी, भोगेश्वरीदेवी, कृष्ण माया दाहाल, यशोदादेवीले समेत नेतृत्व लिई योगदान गरेको कुरा उल्लेख गर्नु भएको छ ।

## ८. सलील ज्ञवाली

अङ्ग्रेजी साहित्यका साथै नेपाली साहित्य लेखनमा कलम चलाउने अर्को एक भारतीय नेपाली साहित्यकार सलील ज्ञवाली हुनुहुन्छ । प्रायः ज्ञवालीले सामाजिक मूल्यमान्यतामा प्रहार हुने गरी देखिएका विसङ्गति एवं विकृतिले समाजमा पर्ने नकारात्मक प्रभाव जस्ता विषयको अन्तरकुन्तरमा पुगी विषय उठान गरेको पाइन्छ । शिलाङ्ग मेघालय निवासी ज्ञवालीले २०७३ को सम्पूर्णाङ्क ७२ मा 'मन मस्तिष्कलाई बलात्कार गर्ने बलिउड अनि हाम्रो मौनता, भन्ने शीर्षकमा र २०७७ सालको सम्पूर्णाङ्क ८७ मा "वैवाहिक सम्बन्ध खुला, उच्छृङ्खलता र कामवासनाको चपेटमा" शीर्षकमा लेखेका दुई लेखहरू हाम्रो पुरुषार्थमा प्रकाशित भएका छन् ।

## ९. सञ्जय वान्तवा

भारतीय नेपाली साहित्यकार सञ्जय वान्तवा बनारस हिन्दू विश्वविद्यालयका भारतीय भाषा विभागमा नेपाली विषयका प्राध्यापक हुनुहुन्छ । उहाँ लेखक एवं समालोचक हुनुहुन्छ । २०६२ को अङ्क २, सम्पूर्णाङ्क ५० मा उहाँको "नेपाली

साहित्य एवं पत्रपत्रिकाको विकासमा बनारसको भूमिका" शीर्षकको लेख प्रकाशित भएको छ । पूर्वमा दार्जिलिङ्ग, सिक्किम, भुटान, आसाम, मेघालय, अरूणाचल, मिजोरम, मणिपुर र बर्मासम्म, पश्चिममा भारतका राज्यहरू पञ्जाव, गुजरात, जम्मूकश्मीर, हिमालय, कुमाऊ, गढवाल, देहरादून आदि स्थानतिर नेपाली भाषा साहित्यको व्यापक प्रभाव छ । नेपाली भाषा साहित्यले यस क्षेत्रमा राष्ट्रिय व्यवस्था, आर्थिक, सामाजिक उन्नति तथा सुरक्षा र सुधारमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको र नेपाली भाषा साहित्यको गतिविधि र प्रचारप्रसारको पहिलो महत्त्वपूर्ण क्षेत्र बनारस हो । यहींबाट नेपाली साहित्यको माध्यमिक काल झाङ्गिन सकेको उहाँले उल्लेख गर्नुभएको छ ।

## १०. दिवाकर प्रधान

लेखक एवं समालोचक दिवाकर प्रधान काशी हिन्दू विश्वविद्यालय, भारतीय भाषा विभाग कला संकायमा हुनुहुन्छ । उहाँले "नेपाली भाषाको शुद्धीकरण" शीर्षकमा लेखेको लेख हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ९० मा छापिएको छ । प्रधानले फारसी, अरवी, उर्दू, हिन्दी भाषाका शब्दविना बोल्न नहुने समयमा १९५६ तिर झर्रोवादी आन्दोलन बालकृष्ण पोखेल, तारानाथ शर्मा, बल्लामणि दाहालले नेपाली भाषाको मौलिकता जोगाउने, नेपाली भाषा स्तरीय, सम्पन्न बनाउने विषयमा महत्त्वपूर्ण योगदान पुस्याएको उल्लेख गर्नुभएको छ । समाजमा राजनीतिक, सामाजिक, आर्थिक विषयको व्यापक चर्चा हुने गरेको तर नेपाली भाषा कहिले पनि चर्चाको केन्द्रविन्दु हुन नसकेको कुरामा चिन्ता व्यक्त गर्दै सकेसम्म हामीले नेपाली भाषाका झर्रा शब्द प्रयोग गर्नमा गर्व गर्नुपर्ने बताउनुभएको छ ।

## ११. डा. विष्णुकुमारी शर्मा

डा. विष्णुकुमारी शर्मा काशी हिन्दू विश्वविद्यालयको भारतीय भाषा विभाग कला संकायकी प्राध्यापक हुनुहुन्छ । उहाँले साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाको सम्बन्धमा विद्यावारिधि गर्नुभएको छ । २०५९ मा हाम्रो पुरुषार्थको अङ्क २ सम्पूर्णाङ्क ४४ मा उहाँको सुविख्यात नेपाली कथाकार गुरूप्रसाद मैनालीद्वारा लेखिएको परालको आगो कथाका दुई मुख्य पात्रहरू "गौँथली र चामे" शीर्षकको समालोचनात्मक लेख प्रकाशित भएको छ ।

## १२. अरूणकुमार प्रधान

कवि अरूणकुमार प्रधान पश्चिम बङ्गाल दार्जिलिङ्ग भारतका हुनुहुन्छ । उहाँको 'आफ्नो बिरानो' शीर्षकको कविता २०६२ को सम्पूर्णाङ्क ५२ मा प्रकाशित गरिएको छ ।

## १३. श्रीराम शर्मा आचार्य

श्रीराम शर्मा आचार्य आध्यात्मिक चिन्तक, प्रकाण्ड विद्वान्, हिन्दू धर्म, संस्कृतिका प्रखर प्रवक्ता एवं गायत्री परिवारका प्रवर्तकसमेत हुनुहुन्छ । उहाँले अनगिन्ती पुस्तकहरू लेख्नुभएको छ । उहाँद्वारा लेखिएको हिन्दी भाषाको महत्त्वपूर्ण लेख हाम्रो पुरुषार्थका सह-सम्पादक दीन पन्थीले नेपाली भाषामा अनुवाद गरी हाम्रो पुरुषार्थको २०७२ सम्पूर्णाङ्क ६७ मा प्रकाशित गरिएको छ । "ब्रह्मवर्चस साधनाको उपक्रम " नामक महत्त्वपूर्ण लेखमा गायत्री उपासनाका तीन चरण, नित्यकर्मको रूपमा गरिने सन्ध्यावन्दन, संकल्पपूर्वक गरिने अनुष्ठान, पुश्चरण र उच्चस्तरीय योगसाधना जस्तो विषयमा उल्लेख गरिएको छ ।

यस सङ्कल्पपूर्वक गरिएका पुरश्चरणहरूबाट प्रमुख चेतना जागृत हुन्छ, फलतः साधक तेजस्वी, ओजस्वी, मनस्वी बन्छ । यसैबाट साहस र पराक्रमको वृद्धि भई आत्मिक एवं भौतिक दुबै क्षेत्रमा सफलताका द्वार खुल्छन् भनिएको छ ।

## १४. डा.क्षितीशचन्द्र चक्रवर्ती

बह्मज्ञानी श्री गुरुदेव डा.क्षितीशचन्द्र चक्रवर्ती नेपालमा अद्वैत संस्थाका संस्थापक हुनुहुन्छ । उहाँले यो संस्थामार्फत नेपालका विभिन्न ठाउँमा अनेकौं जिज्ञासुहरूलाई अद्वैत वेदान्त दर्शनको व्याख्यान र अनुशीलनको माध्यमबाट मार्गदर्शन गर्दै आउनुभएको छ । सो क्रम अहिले पनि निरन्तर चलिरहेको छ । हाम्रो पुरुषार्थ २०५९ सम्पूर्णाङ्क ४५ मा "मोक्षशास्त्रको अनुपम देन-शीर्षकमा श्री गुरुदेव भन्नु हुन्छ "सम्पूर्ण जगत् अलंघनीय ईश्वर शक्तिबाट सर्वथा नियन्त्रित भएको हुनाले शास्त्र बहिर्भूत कुनै प्रकारको कला वा कौशलबाट व्यक्तिगत वा सामाजिक कुनै प्रकारको हित साधन हुन सक्दैन । उत्तरोत्तर उत्तम संस्कारहरूको उत्पादन र अभिवृद्धि नै भारतीय शिक्षा एवं संस्कृतिको मूल मन्त्र हो । यसको पर्यावसान जीवन्मुक्ति सुख हो । सनातन मोक्षशास्त्रको यही नै सर्वश्रेष्ठ र अनुपम देन हो ।

## १५. गीता श्री शर्मा

कवयित्री गीता श्री शर्मा गान्तोक सिक्किमकी भारतीय नेपाली साहित्यकार हुनुहुन्छ । उहाँको हाम्रो पुरुषार्थको अङ्क २ सम्पूर्णाङ्क ९३ मा 'वर्षा र म' शीर्षकमा सुन्दर कविता प्रकाशित भएको छ । केही अंश यस्तो छ वर्षा ऋतुको आगमनसितै :-

**यस पावन धर्तीमा**
**झाले र मालेलाई अघि लगाई**
**खुशीले गद्गद भएर**

**किसानहरू रमाउँछन् ।**
**हलो कोदालो समाउँछन्**
**हल गोरू लिएर**
**किसान खेततिर लम्कन्छन्**

## १६. मिलन बोहोरा

मिलन बोहोरा भारत आसामका भारतीय नेपाली कवि हुनुहुन्छ । २०७८ सालमा अङ्क २ सम्पूर्णाङ्क ९३ मा उहाँद्वारा लेखिएको "अन्तिम युद्ध" शीर्षकको कविता प्रकाशित भएको छ । यो गद्य कविताको माध्यमद्वारा उहाँले नैतिक मानवतावादको लागि शान्तिमय अन्तिम युद्धको आह्वान गर्नुभएको छ ।

## १७. उदय ठाकुर

भारतीय नेपाली लेखक उदय ठाकुर गढीकैण्ट गोर्खाली सुधार सभा देहरादून, उत्तराखण्ड भारतका हुन् । देहरादून पनि आसाम, सिक्किम, दार्जिलिङ् जस्तै धेरै भारतीय नेपाली रहेको सुन्दर ठाउँ हो ।

ठाकुरको २०७९ सालको सम्पूर्णाङ्क ९७ मा "देहरादून : त्यो देहरादून यो देहरादून" शीर्षकमा प्रकाशित लेखमा पहिलेको देहरादून र समयक्रमले विकसित हुँदै गएको अहिलेको देहरादूनको मीठो भाषामा वर्णन गरिएको छ । केही अंश यस्तो छ "यहाँको माटोमा मत्याउने गोर्खाली :-नेपाली भाषा खुबै प्रचलित छ । यो देहरादून उठेको छ । गोर्खाली उठेको छ । बलियो छ । यो क्रम चलिरहेको छ । कसले भन्न सक्छ गोर्खालीलाई अवकाश छैन ? पृथ्वी सदा घुमिरहन्छ, त्यस्तै गरी गोर्खाली पनि यहाँ घुमिरहेको छ । यो गति जारी नै रहनेछ । "हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ९९ मा उदय ठाकुरको अर्को पनि एउटा लेख छापिएको छ । त्यसको शीर्षक छ-'नेपाली जनजीवनमा देहरादूनको महत्त्व' ।

## १८. छत्रमान सुब्बा

२०८० सालको सम्पूर्णाङ्क ९९ मा भारतको आसाम निवासी छत्रमान सुब्बाको "असंख्य विद्वान्हरूलाई मोहित पारेको पुस्तक-पूर्वीय सभ्यता" शीर्षकको एउटा आलेख प्रकाशित गरिएको छ । सलील ज्ञवालीद्वारा अंग्रेजी भाषामा लेखेको 'ग्रेट माइन्ड अन इन्डिया' को नेपालका विशिष्ट लेखक गोविन्दराज भट्टराईद्वारा अनूदित 'पूर्वीय सभ्यता' को यस आलेखमा वैज्ञानिकहरूले समेत प्रशंसा गरेका छन् ।

**🖋 पूर्व क्याम्पसप्रमुख - रेसुङ्गा बहुमुखी क्याम्पस, गुल्मी, तम्घास, गुल्मी ।**

ooo

# राष्ट्रको गौरव-हाम्रो पुरुषार्थ



संगीता उपाध्याय पौडेल

गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा वि.सं. २०२५ सालमा स्थापित किरण पुस्तकालयले यतिबेला हाम्रो पुरुषार्थको १०० औं अङ्क प्रकाशित गर्दै छ । गाईगोठबाट प्रारम्भ गरेको यस पुस्तकालयले हालसम्म आउँदा निकै कठिनाइहरू पार गर्दै ५५ वर्ष लामो इतिहास पार गरिसकेको छ । गुल्मी जिल्लाको ज्ञानकुञ्जको रूपमा रहेको यस पुस्तकालयले विभिन्न क्षेत्रमा कलम चलाउने साहित्यकारहरू र प्रत्येक पाठकहरूको निम्ति अति नै उपयोगी काम गरिरहेको छ । म सानैदेखि नियमित रूपमा पढ्दै आइरहेको एकमात्र पत्रिका हाम्रो पुरुषार्थ हो । हुन त महेन्द्र मा.वि. बाट शैल सन्देश र रेसुङ्गा क्याम्पसबाट विद्या प्रकाशित हुन्थे तर यी पत्रिकाहरू वार्षिक रूपमा प्रकाशित हुने गर्थे । हाम्रो पुरुषार्थ भने अर्ध-वार्षिक रूपमा प्रकाशित हुन्थ्यो जुन आजकल त्रैमासिक रूपमा प्रकाशित हुने गरेको छ । त्यसैले नयाँ सिर्जनाहरू छिट्टै पढ्ने मौका मिल्थ्यो । हाम्रो पुरुषार्थका लेखहरू पढ्दा धेरै आनन्द आउँछ । यसले देशभरिका कवि, शिक्षक, पत्रकार, कलाकार, राजनीतिज्ञ सबैलाई ठाउँ दिएको छ । सबैले यसमा लेख्न सक्छन्, पढ्न सक्छन् । किरण पुस्तकालयले हाम्रो पुरुषार्थको माध्यमबाट धेरै लुकेका साहित्यकारहरूलाई उजागर गरेको छ । हाम्रो पुरुषार्थ आफैमा विशेष छ । किरण पुस्तकालयले गुल्मी परिचयाङ्क, बी.पी. विशेषाङ्क, डा. टीकाराम पन्थी विशेषाङ्क निकालेको छ । यसरी ठाउँ एवं व्यक्ति विशेषलाई चिनाउने विशेषाङ्कहरूले आगामी पुस्ताहरूलाई पनि यी बारे जानकारी लिन खोज्दा सहयोग गर्ने छन् ।

*हाम्रो पुरुषार्थका लेखहरू पढ्दा धेरै आनन्द आउँछ । यसले देशभरिका कवि, शिक्षक, पत्रकार, कलाकार, राजनीतिज्ञ सबैलाई ठाउँ दिएको छ । सबैले यसमा लेख्न सक्छन्, पढ्न सक्छन् । किरण पुस्तकालयले हाम्रो पुरुषार्थको माध्यमबाट धेरै लुकेका साहित्यकारहरूलाई उजागर गरेको छ । हाम्रो पुरुषार्थ आफैमा विशेष छ ।*

यहाँ विभिन्न कवि तथा साहित्यकारहरूका जन्मजयन्तीहरू मनाइन्छ । मोती जयन्ती, भानु

जयन्ती, महाकवि लक्ष्मीप्रसाद देवकोटा जयन्ती जस्ता कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गरिन्छ । यस्ता कार्यक्रममा साहित्यप्रेमी र शिक्षाप्रेमी व्यक्तिहरूले आफ्ना कविता, लेख, रचनाहरू वाचन गर्दछन् । त्यसैगरी केही कार्यक्रममा साहित्यकारहरूलाई सम्मान पनि गरिन्छ । हाम्रो पुरुषार्थमा विशेष व्यक्तिको अन्तर्वार्ताबाट सुरू गरी विभिन्न लेख, कथा, कविता, समीक्षा, विश्लेषण, दीर्घजीवी व्यक्तिका अनुभवहरू सबै समेट्ने भएकोले पनि म जस्ता पाठकहरूको लागि पढ्दा निकै आनन्द लाग्दछ । पत्रिकाको अन्तिम भागतिर रहने पाठक-प्रतिक्रिया, विशिष्ट सदस्य, आजीवन सदस्यहरूको परिचय, पुस्तकालय परिचय, यताउताबाट जस्ता स्थायी स्तम्भहरूका सामग्री पढ्दा रमाइलो लाग्छ । जुन समयमा तम्घासमा प्रेसहरू थिएनन्, गाडी, टेलिफोन, इन्टरनेटको सुविधा थिएन, त्यस्तो समयमा बनारस, काठमाडौं, बुटवल, पाल्पा गएर छपाउन पर्थ्यो, कैयौं महिना लाग्दथ्यो, त्यस्तो संघर्षरत अवस्था पार गर्दै हाम्रो पुरुषार्थ आजको सुविधासम्पन्न वातावरणमा प्रवेश गरेको छ । अब यसको निरन्तरताको लागि गुल्मीबासी जनताको अपार सहयोगको आवश्यकता छ । किरण पुस्तकालय र हाम्रो पुरुषार्थ सिंगो राष्ट्रका गौरव हुन् । यसको प्रकाशनमा सहयोग गर्ने हो भने आगामी दिनमा हाम्रा बालबच्चाहरूले पनि नेपाली साहित्यबारे केही पढ्नेछन् र सिक्नेछन् ।

*जुन समयमा तम्घासमा प्रेसहरू थिएनन्, गाडी, टेलिफोन, इन्टरनेटको सुविधा थिएन, त्यस्तो समयमा बनारस, काठमाडौं, बुटवल, पाल्पा गएर छपाउन पर्थ्यो, कैयौं महिना लाग्दथ्यो, त्यस्तो संघर्षरत अवस्था पार गर्दै हाम्रो पुरुषार्थ आजको सुविधासम्पन्न वातावरणमा प्रवेश गरेको छ । अब यसको निरन्तरताको लागि गुल्मीबासी जनताको अपार सहयोगको आवश्यकता छ । किरण पुस्तकालय र हाम्रो पुरुषार्थ सिंगो राष्ट्रका गौरव हुन् ।*

म पनि हाम्रो पुरुषार्थको नियमित पाठक हुँ, विशेष गरी कवि भेषबहादुर कुँवर "प्रयासी" का कविता र गीत साथै सानो बुबा दीन पन्थीका लेखहरू साह्रै मनपर्छ । पचासौं वर्ष पूरा गरी १०० अङ्कलाई विशेष अङ्कको रूपमा प्रकाशन गर्न लागेकोमा हाम्रो पुरुषार्थलाई धेरै धेरै शुभकामना दिंदै हाम्रो पुरुषार्थले सधैंभरि नेपाली भाषा साहित्यको उत्थान र विकासमा टेवा पुर्‍याइरहोस् भन्ने कामना गर्दछु ।

**लेखापरीक्षक-सृजनशील भारतीय नेपाली ब्राह्मण महिला समिति, देहरादून, भारत ।**

ooo

# ज्योति छर्दै अगाडि झन्



**नमोनारायण पन्थी**

गर्छ किरणले हाम्रो पुरुषार्थ प्रकाशन
अज्ञान जनको हट्छ ज्ञान ज्योति उठीकन ।

देश-प्रदेशमा कीर्ति बढ्दै छ पुरुषार्थको
दिव्य शताङ्कमा पुग्दा नाम यो अर्थपूर्ण भो ॥

विचार स्वच्छ छन् राम्रा पवित्र मानवीय र
अग्रगामी पुगे वर्ष अर्धशतक सुन्दर ।

मन मस्तिष्कमा भाव बोक्ने सृजनशीलका
मनमा छौ तिमी बस्ने धुकधुकी-धाक शानका ॥

पुरुषार्थ बढेको छ इतिहास बनाउँदै
हजारौं मनमा श्रद्धा मुटुमा छौ सजाउँदै ।

धड्किन्छन् छातीमा हाम्रो हजारौं मृदु धड्कन
पुरुषार्थ पढौं भन्दै मनमा पनि दिन्दिन ॥

अन्धकार हटाएर ज्ञानको ज्योति बालन
तीसमा यो उदाएथ्यो असीमा यो पुग्यो अब ॥

पचास वर्षको आयु सय सुकर्म दिव्य छन्
पुरुषार्थ बढोस् बाटो ज्योति छर्दै अगाडि झन् ॥

**रेसुङ्गा न.पा.-१, तम्घास, गुल्मी, आजीवन सदस्य-किरण पुस्तकालय, गुल्मी ।**

**ooo**

# 'हाम्रो पुरुषार्थ'का पृष्ठ संख्याहरू



कविता पोखरेल

किरण पुस्तकालयबाट प्रकाशित हाम्रो पुरुषार्थका विभिन्न अङ्कहरू शुरूदेखि वर्तमानसम्म एउटै आकार-प्रकार अर्थात् डिमाइ साइजमा छापिएका छन् । पत्रिकाको आकार एउटै साइजको भए पनि यसका विभिन्न अङ्कहरूको पृष्ठ संख्यामा निकै भिन्नता छ । हाम्रो पुरुषार्थको पहिलो अङ्क वार्षिक मुखपत्रको रूपमा आवरणसहित जम्मा ५८ पृष्ठको छापिएको थियो । त्यसपछि २०३५/११/१४/२ मा जिल्ला कार्यालय गुल्मीमा दर्ता भई डबल डिमाइको (१/१६) सोह्र पेजे फर्माको ६४ पेजे पृष्ठासंख्या हुने गरी यसले छाप्ने स्वीकृति पाएको छ । जिल्ला प्रशासन कार्यालय, गुल्मीबाट त्रैमासिक पत्रिकाको ३ देखि ५ फर्मा सम्मको छाप्ने स्वीकृति देखिन्छ । २०७०/६/२१ मा यसले साहित्यिक पत्रिका छाप्ने अनुमति प्राप्त गर्दा पनि ३ देखि ५ फर्मासम्मका छाप्ने स्वीकृति लिइएको छ । विशेषाङ्कहरूको र अन्य केही अङ्कहरूका पृष्ठहरू निकै धेरै रहेका छन् । कुन अङ्क कति पृष्ठको छापियो भन्ने एउटा तालिका यहाँ दिइएको छ ।

| प्रकाशन वर्ष | वर्ष | अङ्क | सम्पूर्णाङ्क | आवरण पृष्ठ | सम्पादकीय पृष्ठ | भित्री पृष्ठ | जम्मा पृष्ठ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २०३० | १ | १ | १ | ४ | – | ५४ | ५८ | वार्षिक |
| २०३१ | २ | २ | २ | ४ | – | ५० | ५४ | वार्षिक |
| २०३१ | २ | ३ | ३ | ४ | – | ६० | ६४ | शुभराज्याभिषेक अतिरिक्ताङ्क |
| २०३२ | ३ | ४ | ४ | ४ | – | ७६ | ८० | |
| २०३३ | ४ | ५ | ५ | ४ | ८ | ९० | १०२ | |
| २०३४ | ५ | ६ | ६ | ४ | – | १०४ | १०८ | |
| २०३५ | ६ | ७ | ७ | ४ | – | ८२ | ८६ | अङ्क ७ हुनुपर्नेमा छ भएकोले |

| प्रकाशन वर्ष | वर्ष | अङ्क | सम्पूर्णाङ्क | आवरण पृष्ठ | सम्पादकीय पृष्ठ | भित्री पृष्ठ | जम्मा पृष्ठ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | सच्चाइएको छ । |
| २०३६ | ६ | ८ | ८ | ४ | – | ८० | ८४ | अर्धवार्षिक |
| २०३६ | ६ | ९ | ९ | ४ | २ | ६४ | ७० | अन्तर्राष्ट्रिय बालवर्षातिरिक्ताङ्क |
| २०३६ | ७ | १० | १० | ४ | – | ६० | ६४ | सम्पूर्णाङ्क-(१०) लेख्न शुरू |
| २०३७ | ७ | २ | ११ | ४ | – | १६८ | १७२ | समालोचना विशेषाङ्क |
| २०३७ | ८ | १ | १२ | ४ | २ | ६० | ६६ | |
| २०३८ | ८ | २ | १३ | ४ | ४ | ९४ | १०२ | |
| २०३८ | ९ | १ | १४ | ४ | – | ७२ | ७६ | |
| २०३९ | ९ | २ | १५ | ४ | – | २५६ | २६० | लु.अ.सा.सा. विशेषाङ्क |
| २०३९ | ९ | ३ | १६ | ४ | २ | ६६ | ७२ | सा.वि.प्र.को. स्मृति अङ्क |
| २०३९ | १० | १ | १७ | ४ | – | ६८ | ७२ | |
| २०४० | १० | २ | १८ | ४ | ४ | ५४ | ६२ | |
| २०४० | ११ | १ | १९ | ४ | – | ६६ | ७० | |
| २०४१ | ११ | २ | २० | ४ | – | ८० | ८४ | |
| २०४१ | १२ | १ | २१ | ४ | – | ५२ | ५८ | लेखनाथ अङ्क |
| २०४२ | १२ | २ | २२ | ४ | – | ६८ | ७२ | |
| २०४२ | १३ | १ | २३ | ४ | – | ७० | ७४ | |
| २०४२ | १३ | २ | २४ | ४ | – | ६८ | ७२ | अ. युवा वर्षाङ्क |
| २०४३ | १३ | ३ | २५ | ४ | – | ६८ | ७२ | |
| २०४३ | १४ | १ | २६ | ४ | – | ६२ | ६६ | |
| २०४४ | १४ | २ | २७ | ४ | – | ५६ | ६० | |

| प्रकाशन वर्ष | वर्ष | अङ्क | सम्पूर्णाङ्क | आवरण पृष्ठ | सम्पादकीय पृष्ठ | भित्री पृष्ठ | जम्मा पृष्ठ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २०४४ | १५ | १ | २८ | ४ | – | ६२ | ६८ | |
| २०४५ | १६ | २ | २९ | ४ | ४ | ६२ | ७२ | |
| २०४५ | १६ | १ | ३० | ४ | – | ७२ | ७६ | |
| २०४६ | १६ | २ | ३१ | ४ | – | ६८ | ७२ | |
| २०४६ | १७ | १ | ३२ | ४ | – | ७४ | ७८ | |
| २०५३ | २४ | १ | ३३ | ४ | – | १७६ | १८० | गुल्मी परिचयाङ्क |
| २०५४ | २४ | २ | ३४ | ४ | – | ५६ | ६० | |
| २०५४ | २५ | १ | ३५ | ४ | – | १०० | १०४ | |
| २०५५ | २५ | २ | ३६ | ४ | – | १३२ | १३८ | |
| २०५५ | २६ | १ | ३७ | ४ | – | १९६ | २०० | पुस्तकालय विशेषाङ्क |
| २०५६ | २६ | २ | ३८ | ४ | – | १७४ | १७८ | कथा विशेषाङ्क |
| २०५६ | २७ | १ | ३९ | ४ | – | ११६ | १२० | |
| २०५७ | २७ | २ | ४० | ४ | ६ | १७० | १८० | |
| २०५७ | २८ | १ | ४१ | ४ | ८ | १४० | १५२ | |
| २०५८ | २८ | २ | ४२ | ४ | ६ | २१० | २२० | भाषिक संगोष्ठी विशेषाङ्क |
| २०५८ | २९ | १ | ४३ | ४ | ६ | १३० | १४० | |
| २०५९ | २९ | २ | ४४ | ४ | ६ | १९४ | २०४ | |
| २०५९ | ३० | १ | ४५ | ४ | ६ | १३० | १४० | |
| २०६० | ३१ | २ | ४६ | ४ | ६ | १३० | १४० | |
| २०६० | ३१ | १ | ४७ | ४ | ६ | १५४ | १६४ | |
| २०६१ | ३१ | २ | ४८ | ४ | ६ | १५४ | १६४ | |
| २०६१ | ३२ | १ | ४९ | ४ | ६ | १५४ | १६४ | |
| २०६२ | ३२ | २ | ५० | ४ | ८ | ४६४ | ४७६ | पत्रकारिता |

| प्रकाशन वर्ष | वर्ष | अङ्क | सम्पूर्णाङ्क | आवरण पृष्ठ | सम्पादकीय पृष्ठ | भित्री पृष्ठ | जम्मा पृष्ठ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | विशेषाङ्क |
| २०६२ | ३३ | १ | ५१ | ४ | – | ८४ | ८८ | |
| २०६३ | ३३ | २ | ५२ | ४ | ४ | १०८ | ११६ | |
| २०६३ | ३४ | १ | ५३ | ४ | ४ | ८४ | ९२ | |
| २०६४ | ३५ | १ | ५४ | ४ | ४ | ११६ | १२४ | |
| २०६५ | ३६ | | | | | | | |
| २०६६ | ३७ | १ | ५५ | ४ | ६ | १६२ | १७२ | |
| २०६७ | ३८ | १ | ५६ | ४ | १८ | ४८६ | ५०८ | डा. टीकाराम पन्थी. विशेषाङ्क |
| २०६८ | ३९ | १ | ५७ | ४ | ६ | १७० | १८० | |
| २०६९ | ४० | १ | ५८ | ४ | ६ | १३० | १४० | |
| २०७० | ४० | २ | ५९ | ४ | ६ | ९८ | १०८ | |
| २०७० | ४१ | १ | ६० | ४ | ६ | ३१४ | ३२४ | त्रैमासिक (भानु विशेषाङ्क) |
| २०७० | ४१ | २ | ६१ | ४ | ४ | ९२ | १०० | |
| २०७१ | ४१ | ३ | ६२ | ४ | ४ | ९२ | १०० | |
| २०७१ | ४१ | ४ | ६३ | ४ | ८ | ४९६ | ५०८ | बी.पी. विशेषाङ्क |
| २०७१ | ४२ | १ | ६४ | ४ | ४ | ६० | ६८ | |
| २०७१ | ४२ | २ | ६५ | ४ | ४ | ६० | ६८ | |
| २०७२ | ४२ | ३ | ६६ | ४ | ४ | ६८ | ७४ | |
| २०७२ | ४२ | ४ | ६७ | ४ | ४ | ८४ | ९२ | |
| २०७२ | ४३ | १ | ६८ | ४ | ५ | ७७ | ८६ | |
| २०७२ | ४३ | २ | ६९ | ४ | ४ | ७६ | ८४ | |
| २०७३ | ४३ | ३ | ७० | ४ | ४ | ७६ | ८४ | |
| २०७३ | ४३ | ४ | ७१ | ४ | ४ | ८४ | ९२ | |

| प्रकाशन वर्ष | वर्ष | अङ्क | सम्पूर्णाङ्क | आवरण पृष्ठ | सम्पादकीय पृष्ठ | भित्री पृष्ठ | जम्मा पृष्ठ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २०७३ | ४४ | १ | ७२ | ४ | ४ | ७६ | ८४ | |
| २०७३ | ४४ | २ | ७३ | ४ | ४ | ७६ | ८४ | |
| २०७४ | ४४ | ३ | ७४ | ४ | ४ | ७६ | ८४ | |
| २०७४ | ४४ | ४ | ७५ | ४ | ४ | ७६ | ८४ | |
| २०७४ | ४५ | १ | ७६ | ४ | ४ | ७६ | ८४ | |
| २०७४ | ४५ | २ | ७७ | ४ | ४ | ७६ | ८४ | |
| २०७५ | ४५ | ३ | ७८ | ४ | ४ | ७६ | ८४ | |
| २०७५ | ४५ | ४ | ७९ | ४ | ४ | ९२ | १०२ | |
| २०७५ | ४६ | १ | ८० | ४ | १६ | ४०८ | ४२८ | किरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्क |
| २०७५ | ४६ | २ | ८१ | ४ | ४ | ९२ | १०२ | |
| २०७६ | ४६ | ३ | ८२ | ४ | ४ | १०० | १०८ | |
| २०७६ | ४६ | ४ | ८३ | ४ | ४ | १२४ | १३२ | |
| २०७६ | ४७ | १ | ८४ | ४ | ४ | ७६ | ८४ | |
| २०७६ | ४७ | २ | ८५ | ४ | ४ | १०८ | ११६ | |
| २०७७ | ४७ | ३ | ८६ | ४ | ६ | २०६ | २१६ | कवि प्रयासी स्मृति-अङ्क |
| २०७७ | ४७ | ४ | ८७ | ४ | ६ | १०६ | ११६ | |
| २०७७ | ४८ | १ | ८८ | ४ | ४ | १०८ | ११६ | |
| २०७७ | ४८ | २ | ८९ | ४ | १२ | ६७६ | ६९२ | प.भीमकान्त पन्थी स्मृति विशेषाङ्क |
| २०७८ | ४८ | ३ | ९० | ४ | ४ | १२४ | १३२ | |
| २०७८ | ४८ | ४ | ९१ | ४ | ४ | १२४ | १३२ | |
| २०७८ | ४९ | १ | ९२ | ४ | ४ | १२४ | १३२ | |
| २०७८ | ४९ | २ | ९३ | ४ | ४ | १२४ | १३२ | |

| प्रकाशन वर्ष | वर्ष | अङ्क | सम्पूर्णाङ्क | आवरण पृष्ठ | सम्पादकीय पृष्ठ | भित्री पृष्ठ | जम्मा पृष्ठ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २०७९ | ४९ | ३ | ९४ | ४ | ४ | ११६ | १२४ | |
| २०७९ | ४९ | ४ | ९५ | ४ | ६ | १२२ | १३२ | |
| २०७९ | ५० | १ | ९६ | ४ | ४ | १२८ | १३६ | |
| २०७९ | ५० | २ | ९७ | ४ | ६ | १३० | १४० | |
| २०८० | ५० | ३ | ९८ | ४ | ६ | ३६२ | ३७२ | रुरुक्षेत्र विशेषाङ्क |
| २०८० | ५० | ४ | ९९ | ४ | ६ | १७० | १८० | |
| जम्मा पृष्ठ (अतिरिक्ताङ्क/विशेषाङ्कसमेत गरी) | | | | | | | १३,३९० | |

✒ **कार्यालय/पुस्तकालय सहयोगी – किरण पुस्तकालय, गुल्मी ।**

०००


# 'पानी जीवन हो, खेर नफालौं ।'

**जनहितमा जारी सन्देश :**

- **खानेपानी मुहानको संरक्षण गरौं ।**
- **आयोजनामा निर्माण भएका संरचनाहरूको सुरक्षा गरौं ।**
- **पानीको उचित सदुपयोग गरौं ।**
- **खेर गएको पानीलाई करेसाबारीमा प्रयोग गरौं ।**
- **समयभित्र खानेपानी महसुल तिरौं, जरिवानाबाट बचौं ।**
- **इन्टेक, खानेपानी टैंक, धारा सधैं सफा राखौं ।**
- **वर्षातको समयमा पानी छानेर, उमालेर पिउने बानी बसालौं ।**
- **पानीको चुहावट बन्द गरौं ।**

# खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

**तम्घास, गुल्मी**

# हाम्रो पुरुषार्थका आवरण पृष्ठहरू

**गोपाल पन्थी**



बिहानीले दिनको सङ्केत गरेझैं पुस्तकको आवरण पृष्ठले सिङ्गो पुस्तकभित्रका सारतत्त्वहरूको सङ्केत गरेको हुन्छ । आवरण पृष्ठमा साङ्केतिक, प्रतीकात्मक र चित्रात्मक अभिव्यक्तिले समग्र पुस्तकलाई समेट्ने प्रयास गरेको हुन्छ । गागरमा सागर अटेको अनुभूति हुनुपर्छ । आवरण पृष्ठमा आवरण पृष्ठको कलात्मक साजसज्जाले पुस्तकलाई मनमोहक बनाउनुपर्छ । पुस्तकको नाम, लेखक र प्रकाशकको चिनारी पनि आवरण पृष्ठमै झल्किनु उपयुक्त मानिन्छ ।

समयको परिवर्तन चक्रअनुसार नै क्रमशः 'हाम्रो पुरुषार्थ' ले आफ्नो आवरण पृष्ठमा बदलाव र स्तरोन्नति गर्दै कलात्मकता, वस्तुनिष्ठता र समयसापेक्षतालाई विशेष ध्यान दिँदै अघि बढेको देखिन्छ । यसका हालसम्म प्रकाशित ९९ वटा अङ्कहरूको अभिधा दृष्टिले नियाली आवरण पृष्ठमा समाबिष्ट विषयवस्तुहरूको यसप्रकार टिपोट गर्ने प्रयास गरिएको छ :-

अङ्कहरू १, २, १६, २४, २५, २९, ६१, ७१ र ७४ गरी जम्मा नौ वटा अङ्कहरूमा कुनै खास आकृति नभई सादा पानामा 'हाम्रो पुरुषार्थ' र प्रकाशक किरण पुस्तकालय, तम्घास गुल्मी फरक-फरक अङ्कमा रातो, निलो, हरियो, सेतो रङ्गमा ठाडो, तेर्सोजस्ता विभिन्न आकर्षक अक्षरहरूमा धर्का, किनारा आदि सजावटले सुन्दर र फरकपन ल्याउने प्रयास गरिएको छ ।

४, ५, ६ अङ्कहरूमा फरक-फरक रङको प्रयोग गरी नेपाली पोशाकमा दाहिने हातमा नाङ्गो खुकुरी बडो जोशले माथि उठाएको कलात्मक बान्कीयुक्त चित्र प्रस्तुत गरिएको छ ।

तलका आठवटा अङ्कहरू क्रमशः अतिरिक्ताङ्क, विशेषाङ्क, परिचयाङ्कको रूपमा निस्किएका छन् । अङ्क ३ मा राजा वीरेन्द्रको श्रीपेचसहितको तस्वीर छ । अङ्क ९ मा नेपालको झण्डा र पहाडमा अर्धसूर्य उदाउन लागेको दृश्य तथा १९७९ बालवर्षको लोगो देखाइएको छ । अङ्क १५ मा साङ्केतिक बुद्धमूर्ति र माथि पहाडको चुचुरोमा सूर्य उदाएको मनोरम दृश्य देखाइएको छ । अङ्क ३३ मा

गुल्मीको नक्साभित्र गुल्मी परिचयाङ्क लेखिएको छ । अङ्क ४२ मा माथि प्राज्ञ डा. तुलसीप्रसाद भट्टराईले भाषण गर्दै गरेको र तल प्राज्ञिक व्यक्तिहरू नौवटा बक्समा तस्वीर र त्यसको तल सहभागीहरू रहेको कलात्मक तस्वीर कैद गरिएको छ । अङ्क ८० मा पुस्तकालयको तस्वीर र साङ्केतिक स्वर्णजयन्ती ५० वर्ष झल्किने कलात्मक साङ्केतिक आकृतिले सजाइएको छ । अङ्क ९८ मा रुरुक्षेत्र रिडी र कालीगण्डकीको संगम स्थलसहित दुई नदी किनारको रिडी बजार, आकर्षक तीनमुखे झोलुङ्गेपुल र प्राकृतिक मनोरम दृश्यले आवरण पृष्ठ सजाइएको छ ।

२१, ५६, ६०, ७६, ७७, ७८, ८२, ८४ र ८७ गरी जम्मा १० वटा अङ्कहरूमा विशिष्ट साहित्यकारहरू क्रमशः लेखनाथ पौड्याल, डा. टीकाराम पन्थी, भानुभक्त आचार्य, लेखनाथ पौड्याल, इन्द्रबहादुर राई, कार्लमार्क्स, भानुभक्त आचार्य, मोतीराम भट्ट, लक्ष्मीप्रसाद देवकोटा र माधव घिमिरेका अर्धकदका तस्वीरहरू प्राथमिकताका साथ राखिएका छन् । ११ औं समालोचना विशेषाङ्कमा अक्षरबाहेक अरू विशेष आकृति छैन । १६ औं अङ्कमा साहित्यकार विश्वेश्वरप्रसाद कोइराला स्मृति अङ्कमा कोइरालाको अर्धकदको सुन्दर तस्वीर राखिएको छ । ३७ औं पुस्तकालय विशेषाङ्कमा किरण पुस्तकालय, गुल्मीको ढुङ्गाको छानोयुक्त बरण्डासहितको तस्वीर सजाइएको छ । ३८ औं कथा विशेषाङ्कमा रूख, चरा, आकाश, घर, जंगल र दु:खित सांकेतिक मानव आकृति प्रस्तुत गरिएको छ । ५० औं पत्रकारिता विशेषाङ्कमा विभिन्न पत्रपत्रिकाहरूको नाम देखिने अङ्कहरू देखाइएको छ भने तल पृष्ठभूमिका कम्प्यूटर, ल्यापटप, टेलिफोन, फ्याक्सलगायतका सञ्चार सामग्रीका तस्वीरहरू देखाइएको छ । ६३ औं अङ्क विश्वेश्वर विशेषाङ्कमा बी.पी.कोइरालाको पूर्णकदको आकर्षक तस्वीर देखाइएको छ । ८६ औं अङ्कमा सिङ्गो पानामा कवि भेषबहादुर कुँवरको अर्धकदको तस्वीर राखिएको छ । ८९ औं अङ्क पं.भीमकान्त पन्थी शतवार्षिकी स्मृति विशेषाङ्कमा चारपाला गुल्मीदरबार र त्यसको माथि पं. भीमकान्त पन्थीको अर्धकदको तस्वीर राखिएको छ ।

३७, ३९, ४० र ८० गरी ४ वटा अङ्कहरूमा किरण पुस्तकालय गुल्मीको भवनका फरकफरक दृश्य तस्वीरहरू कलात्मक रूपले प्रस्तुत गरिएका छन् भने ५८ औं अङ्कमा किरण पुस्तकालय गुल्मी र क्यालिफोर्निया स्टेट लाइब्रेरीका समानान्तर तस्वीरहरू राखिएका छन् ।

३६, ४०, ४३, ४४, ४५, ४६, ४७, ५८, ५९ गरी जम्मा ९ वटा अङ्कहरूमा गुल्मी जिल्लाको सदरमुकाम तम्घासका विभिन्न क्षेत्रको फरकफरक तरिकाले तस्वीरहरू प्रस्तुत गरिएका छन् । आसपासको धागिथुम, गर्जुरा, खानीगाउँ, रेसुङ्गाको

अगाडिको जंगल, तम्घास, चिदीचौरमा लगाइएको महायज्ञमा निर्मित यज्ञमण्डप आदिलाई कलात्मक पाराले फरकफरक अङ्कको आवरण पृष्ठमा समेटिएको छ ।

४, १०, १४, १५, १९, २२, २३, ४३, ४४, ४५, ४६, ४७, ४९, ५३, ५७, ५८, ५९, ६९, ८१ गरी १९ वटा अङ्कहरूमा पहाडलाई प्रधानता दिई धेरै जसोमा रेसुङ्गाको चुचुरो वन, जङ्गल समेट्ने प्रयास गरिएको छ भने अरू पहाड, हिमाल, गाई गोठसहितको रेसुङ्गा, अर्जुन डाँडा, वनक्षेत्र आदिलाई बाहिरी पृष्ठमा राखिएको छ ।

३४, ३५, ४१, ४५, ४६, ४८, ५७, ६८, ८७, ८८, ९०, ९१ गरी १३ वटा अङ्कहरूमा मठमन्दिरहरूलाई महत्त्व दिइएको छ । विशेष गरी रेसुङ्गा यज्ञशाला मन्दिर र तम्घासस्थान मन्दिरलाई विशेष स्थान दिइएको छ भने मन्दिरको छानोको आकृति झल्किने गरी साङ्केतिक रूपमा पृष्ठभूमिमा मन्दिरहरूलाई ल्याइएको छ । इस्माकोट, शिवालय मन्दिर परिसर, कालीगण्डकीलाई पनि आवरण पृष्ठमा समेटिएको छ ।

७, ८, १८, ५१ गरी ४ वटा अङ्कहरूमा ग्लोबको आकृतिलाई महत्त्व दिएर आवरण पृष्ठ तैयार गरिएको छ ।

अङ्क ३१ मा गुल्मी र अङ्क ५१ मा नेपालको नक्सा राखिएको छ । १३, २६, २८, ३२ गरी ४ वटा अङ्कहरूमा बलिरहेको दियो, सुकुण्डोलाई आवरण पृष्ठको विषय बनाइएको छ ।

१२ अङ्कमा मानव टाउको देखिने आकृति ६४ मा आमनेसामने देखिने २ मानव आकृति, ८५ मा २/२ वटा युवायुवतीको तस्वीर, ५५ मा धनुषधारी मानव आकृति, २० मा ज्यामितीय आकृति, २७ मा चराको चिह्न भएको बिर्कोसहितको कलश, ३० मा सूर्यको प्रकाश, ५४ मा पुस्तकालयको छाप, ६२ मा ४ पालुवा पातमाथि परागमा थोपा, ६५ मा चन्द्रसूर्य अङ्कित साङ्केतिक झण्डा, ६६ मा शहरमा भूकम्पबाट ढल्न लागेको, बाङ्किएको धरहरा, ६७ मा खोला बगेजस्तो बाङ्गोटिङ्गो झरेको आकृति, ७० मा खोलेको पुस्तक, ७२ मा मातालक्ष्मीको तस्वीर, ७३ मा लालीगुराँसको फूल, ७५ मा ३ वटा फूलमाथि पुतली, ७९ मा पुस्तकालय सम्मेलनमा अतिथिहरूको सामूहिक तस्वीर, ९२ मा धुर्कोटको कोट र दरबार परिसर, ९३ मा मदाने गाउँपालिकामा प्याराग्लाइडिङ तथा रेलिङसहितको सिंढी र खरको छानो मुक्त बस्तीले पर्यटनविकासको संकेत, ९४ मा किरण पुस्तकालयको नवनिर्मित आधुनिक भवन र सो भवनको उद्‌घाटन कार्यक्रम, ९५ मा तम्घासको वर्तमान जिल्ला हुलाक भवन र त्यसको माथि २००९ सालको तम्घास, गुल्मी नामाङ्कित रू.३/-को ऐतिहासिक हुलाक टिकट, ९६ मा रेसुङ्गा गर्जुरा पार्कको आकर्षक तस्वीर, ९७ मा ११ औं लोकवार्ता सम्मेलन २०७९

गुल्मीको उद्घाटन समारोहमा अतिथिहरू उभिएर राष्ट्रिय गानमा सरिक भएको सामूहिक तस्वीर यी सबै अङ्कहरूमा पत्रिकाको नाम 'हाम्रो पुरुषार्थ' र प्रकाशन–किरण पुस्तकालय तम्घास, गुल्मी र ६१ औं अङ्कदेखि पत्रिकाको प्रकाशन कोड I SSN 2019, 2013 लाई कलात्मक रूपमा विभिन्न फरकफरक रङ र डिजाइनमा लेखिएको छ । आयताकार स्वरूप र 'डिमाई साइज' मा पत्रिकालाई पूर्णता दिइएको छ ।

भस्याााङ, आँखो, दियो, कलम, चश्मा, सूर्यको प्रकाश, फूल, हाँस, बगैंचा, लालीगुराँस, मट्ठी कसको कविताका श्लोक, कलश, बत्ती, फूलबारी, गाई, हिमाल, झण्डा, धरहरा, खोला, हुलाक टिकट, नेपाली पोशाक, खुकुरी, गौतम बुद्ध, लक्ष्मी माता, बजार, मन्दिर, प्यारा्ग्लाइडिङ, सभा–समारोह, पुस्तकालय, पहाड आदि प्रतीकात्मक साङ्केतिक चित्र तथा विषयवस्तुले हाम्रो पुरुषार्थका हरेक अङ्कहरू सजिएका छन् ।

नेपाली साहित्य जगतका मूर्धन्य हस्तीहरू लेखनाथ पौड्याल, भानुभक्त आचार्य, मोतीराम भट्ट, लक्ष्मीप्रसाद देवकोटा, माधवप्रसाद घिमिरे, इन्द्रबहादुर राई, विश्वेश्वरप्रसाद कोइराला, डा. टीकाराम पन्थी, भेषबहादुर कुँवर 'प्रयासी' र पण्डित भीमकान्त पन्थीलाई हाम्रो पुरुषार्थका अङ्कहरूमा विशेष महत्त्व दिएर आवरण पृष्ठको मुख्य विषयवस्तुको रूपमा प्रकाशन गर्नेले यो विशेष साहित्यिक पत्रिका हो भन्ने औचित्य पुष्टि गरेको छ ।

अङ्क ८८ मा कालीगण्डकी गाउँपालिकाको प्रसिद्ध शिवालय मन्दिर परिसर, ९० मा चन्द्रकोट गाउँपालिकाको प्रसिद्ध देवी मन्दिर, ९१ मा छत्रकोट गाउँपालिकाको प्रसिद्ध छत्रकोट देवालय, ९२ मा धुर्कोट गाउँपालिकाको धुर्कोट दरबार र कोट ९३ मा मदाने गाउँपालिकाको पर्यटन, ९८ मा रुरुक्षेत्र गाउँपालिकाको रिडी बजार धार्मिक क्षेत्रलाई महत्त्व दिएर पालिकाभित्रका महत्त्वपूर्ण धार्मिक देवालय तथा ऐतिहासिक दरबार र महत्त्वका विषयहरूलाई आवरण पृष्ठका माध्यमले स्मरण गराइएको छ । ९९ औं अङ्कमा किरण पुस्तकालयको वाचनालयको चित्र राखिएको छ ।

आवरण पृष्ठमा आँखा, बलेको दियो, कलम, चस्मा, भस्याङ, सूर्यको प्रकाश, फूल, हाँस, पुस्तकालय, साहित्यिक सम्मेलन, पत्रपत्रिकाजस्ता विषयवस्तुको प्रस्तुतिले हाम्रो पुरुषार्थले समाजपरिवर्तन, चेतना र विकासको बिगुल फुकेको अनुभूति गराएको छ ।

नेपाली राष्ट्रिय पोशाक, खुकुरी, लालीगुराँस, राष्ट्रिय झण्डा, गौतम बुद्ध, राष्ट्रिय विभूति, हुलाक टिकट, राजा, नेपालको नक्साजस्ता विषयवस्तुको चित्रात्मक

प्रस्तुतिले वीरता, एकता र राष्ट्रप्रेमको आह्वान आवरणपृष्ठमार्फत गरेको देखिन्छ ।

पुस्तकालयको लोगो, छाप, साइनबोर्ड र पुस्तकालयले समयसमयमा गरेका साहित्यिक, भाषिक तथा अन्य कार्यक्रमहरूलाई आवरण पृष्ठमा देखाएर पुस्तकालयको महत्त्व बोध गराइएको छ ।

हाम्रो पुरुषार्थको आवरण पृष्ठमा कतै क्रान्तिचेत छ भने कतै शान्तिको सन्देश पनि छ । कतै राष्ट्रियता पोखिएको छ भने कतै ज्ञान छचल्किएको छ । कतै वीरता त कतै शालीनता प्रदर्शित भएको छ । कतै कर्ममा जाँगर फलेको छ भने कतै शान्तिका परेवा उडेका छन् । कतै बिन्ती जोडिएको छ भने कतै मुट्ठी कसिएको छ । कतै प्राचीनता त कतै नवीनता झल्किएका छन् । कतै सभ्यताको रखवारी गरिएको छ भने कतै चरम भौतिकवादप्रति खबरदारीको सङ्केत गरिएको छ । कतै प्याराग्लाइडिङसँगै मानिस आकाशमा उडिरहेको छ भने कतै धरहरासँगै मानिस पनि ढलिरहेको छ ।

*हाम्रो पुरुषार्थको आवरण पृष्ठमा कतै क्रान्तिचेत छ भने कतै शान्तिको सन्देश पनि छ । कतै राष्ट्रियता पोखिएको छ भने कतै ज्ञान छचल्किएको छ । कतै वीरता त कतै शालीनता प्रदर्शित भएको छ । कतै कर्ममा जाँगर फलेको छ भने कतै शान्तिका परेवा उडेका छन्। कतै बिन्ती जोडिएको छ भने कतै मुट्ठी कसिएको छ । कतै प्राचीनता त कतै नवीनता झल्किएका छन् । कतै सभ्यताको रखवारी गरिएको छ भने कतै चरम भौतिकवादप्रति खबरदारीको सङ्केत गरिएको छ ।*

समग्रमा भन्नुपर्दा 'हाम्रो पुरुषार्थ' का आवरण पृष्ठले तत्कालीन अवस्थाको अन्धकारयुक्त युगलाई शिक्षारूपी दियो बालेर समाजपरिवर्तनको सन्देश दिइएको छ । पुरुषार्थका माध्यमबाट ज्ञानगंगा बगेको आवरण पृष्ठले संकेत गरेको छ । भाषा, साहित्य, संस्कृति, कला, सभ्यता, विकास र समाज परिवर्तनका अनेक आयामहरूलाई चित्रात्मक र प्रतीकात्मक अभिव्यक्तिमार्फत कला र कारिगरी मिसाएर हाम्रो पुरुषार्थले आवरण पृष्ठलाई हरेक अङ्कहरूमा सजाउने प्रयत्न गरेको छ । यसले आफ्नो उद्देश्य अनुरूप आवरण पृष्ठमा समावेश हुनुपर्ने सबै धर्महरूको पालना गरेको छ । आगामी अङ्कहरूमा हाम्रो पुरुषार्थलाई थप सफलताको शुभकामना ।

**सदस्य - किरण पुस्तकालय व्यवस्थापन समिति ।**

०००

// लेख //

# हाम्रो पुरुषार्थमा समावेशी सहभागिता



राधा पन्थी

सबैले पढ्नुपर्छ भन्ने चेतना समाजमा राम्ररी भइनसकेको, ब्राह्मण, क्षत्री तथा अन्य सम्भ्रान्त वर्गले मात्रै शिक्षाको धेरथोर उपयोग गरिरहेको तत्कालीन अवस्थामा आजभन्दा ५० वर्ष पहिला २०३० सालमा हाम्रो पुरुषार्थको जन्म भएको हो । शैक्षिक तथा सामाजिक क्रान्तिको शंङ्खघोष गर्दै गुल्मेली समाजमा पदार्पण गरेको हाम्रो पुरुषार्थ आज ५० वर्षे प्रौढावस्थामा १०० अङ्क प्रकाशित गरेर खरो उत्रिएको छ । पुरुषार्थका प्रकाशित यी सबै अङ्कहरूले ५० वर्षे यात्राको क्रममा परिवर्तनका सूचकहरू प्रस्तुत गर्दै समावेशी समाजको अवस्था र प्रतिबिम्बहरूलाई आफूभित्र कैद गर्दै आएको छ ।

पुरुषार्थका प्रारम्भिक अङ्कहरूलाई नियाल्दा नारी, दलित तथा जनजातिमा परिभाषित वर्गहरूको न्यून प्रायः उपस्थितिले ती वर्गमा शिक्षाको अवसर र स्तर कमजोर भएको प्रतीत हुन्छ । समय क्रमसँगै विस्तारै-विस्तारै सबै वर्गमा शिक्षाको पहुँच पुग्दै क्रमशः समाज समावेशी सहभागितातर्फ उन्मुख भएको देखिन्छ । यहाँ पुरुषार्थकै माध्यमबाट समावेशी सहभागिता र अग्रसरताको यथार्थ अवस्था प्रतिबिम्बित गर्ने प्रयास गरिएको छ ।

*पुरुषार्थका प्रारम्भिक अङ्कहरूलाई नियाल्दा नारी, दलित तथा जनजातिमा परिभाषित वर्गहरूको न्यून प्रायः उपस्थितिले ती वर्गमा शिक्षाको अवसर र स्तर कमजोर भएको प्रतीत हुन्छ । समय क्रमसँगै विस्तारै-विस्तारै सबै वर्गमा शिक्षाको पहुँच पुग्दै क्रमशः समाज समावेशी सहभागितातर्फ उन्मुख भएको देखिन्छ । यहाँ पुरुषार्थकै माध्यमबाट समावेशी सहभागिता र अग्रसरताको यथार्थ अवस्था प्रतिबिम्बित गर्ने प्रयास गरिएको छ ।*

हाम्रो पुरुषार्थका ५० वर्षका ९९ अङ्कहरूको अध्ययन गर्दा समावेशी सहभागिता यस्तो भेटिएको छ ।

## दलित साहित्यकारको सहभागिता

हाम्रो पुरुषार्थको दोस्रो अङ्क २०३१ मा कृष्णबहादुर विश्वकर्माको 'कवि

देवकोटा' प्रति शीर्षकमा कविको प्रशंसा गर्दै झ्याउरे लयमा लेखिएको कविता प्रकाशित भएको छ । पुनः चौथो अङ्कमा उनकै 'दशै' शीर्षकको छोटो २ श्लोक पद्य कविता छापिएको छ । ५३ औं अङ्कमा गणेश श्रीपालीको गद्य कविता र ८६ औं अङ्कमा स्मरण लेख समावेश भएको छ । ६१ औं अङ्कमा ईश्वर वि.क.को गजल र ८० औं अङ्कमा लेख प्रकाशित भएको छ । ७७ औं अङ्कमा पदम विश्वकर्माको लेख छापिएको छ । ८० र ८६ अङ्कमा दीपक विश्वकर्माका २ वटा लेखहरू छापिएका छन् ।

## जनजाति साहित्यकारहरूको सहभागिता

हाम्रो पुरुषार्थका हालसम्मका प्रकाशित सबै अङ्कहरू नियाल्दा ५६ जना जनजाति समुदायका कवि लेखहरूका ९४ वटा लेख-रचना समावेश भएका छन् । तीमध्ये अङ्क २१ मा सिद्धिचरण श्रेष्ठ २८ मा लक्ष्मण राजवंशी, ३० मा भूपि शेरचन, ४१ मा लैनसिंह वाङ्देल, ४८ मा माधवलाल कर्माचार्य, ९८ मा आदित्यमान श्रेष्ठ, ६८ मा देवरत्न धाख्वा, ८४ मा दुर्गाप्रसाद श्रेष्ठ, ६२ मा बूँद, राना गरी ९ जना विशिष्ट साहित्यकारहरूका अन्तर्वार्ताहरू छापिएका छन् । कविता, गीत मुक्तक र गजल गरी ४१ वटा रचनाहरू प्रकाशित छन् भने लेख-रचना, कथा, समीक्षा र जानकारी गरी ४३ वटा रचनाहरू प्रकाशित छन् । यसमा विनयकुमार कसजूका २, कमलराज श्रेष्ठका ४, डा. विश्वकेशर मास्केका २, बूँद रानाका ९, वर्षात दर्लामीका २, आदित्यमान श्रेष्ठका २, विष्णु घर्ती भनभनेलीका ८, हीराबहादुर भलामीका २, भुवनप्रसाद श्रेष्ठका ३, विजय सागरका ६, गणेशपुण्य श्रेष्ठका ४, डा. उत्तम पच्याका ३, जीवित खड्का मगरका २, सागर श्रेष्ठ, ज्योतिलाल श्रेष्ठ, कृष्णभक्त नकर्मी, विजय बजिमय, प्रयागलाल श्रेष्ठ, देवेन्द्र शाक्य, प्रचण्डबहादुर बुढाथोकी, वेदकुमार श्रेष्ठ, पूर्ण श्रेष्ठ, कान्छाकाजी, कृष्ण मानन्धर, भोला श्रेष्ठ, अरुणकुमार प्रधान, फत्तेमान श्रेष्ठ, तीर्थ श्रेष्ठ, सन्तोष सगुन, कैलाश प्रधानाङ्ग, सुन्दर श्रेष्ठ, वियोगी बुढाथोकी, धीरकुमार श्रेष्ठ, श्रीराम श्रेष्ठ, छन्दबहादुर पहराई, शान्तिनारायण श्रेष्ठ, नरप्रसाद श्रेष्ठ वीरेन्द्र श्रेष्ठ, वसन्त भुजेल, राजेन्द्रप्रसाद श्रेष्ठ, भीष्मप्रसाद श्रेष्ठ, दिवाकर प्रधान, छत्रमान सुब्बा, गुरुप्रसाद कुमाल, तेजप्रसाद श्रेष्ठका १/१ वटा लेख-रचनाहरू प्रकाशित भएका छन् ।

## महिला साहित्यकारहरूको सहभागिता

हाम्रो पुरुषार्थका प्रकाशित सबै अङ्कहरूको अध्ययन गर्दा ८७ जना महिला साहित्यकारहरूका १३६ लेख-रचनाहरू प्रकाशित छन् । जसमध्ये इन्दिरा दली र नन्दकुमारी गौतमका २ वटा अन्तर्वार्ता ५६ वटा कविता, गीत गजल र ७९ वटा कथा, लेख, समीक्षा, यात्रा कृति र व्यक्ति स्मरणहरू छापिएका छन् । अङ्क ६१

मा दलित एक मात्र महिला कुसुम नेपालीको गजल छापिएको छ । जनजाति वर्गका महिला साहित्यकारहरू इन्दिरा दली, कृष्णादेवी शर्मा श्रेष्ठ, नातीमैयाँ मानन्धर, पार्वती श्रेष्ठ, भागीरथी श्रेष्ठ, निर्मला श्रेष्ठ र गंगा कर्माचार्य पौडेल गरी नेवार समुदायबाट ७ जना, गुरुङ समुदायबाट तोया गुरुङ एक जना, मगर समुदायबाट विष्णु काला, हिमकला राना, खगीसरा काला गरी ३ जना र अन्यबाट ७७ जना महिला साहित्यकारका लेख-रचनाहरूले स्थान पाएका छन् ।

सबैभन्दा धेरै रचनाहरू प्रकाशित गराउने महिला साहित्यकारहरूमा शारदा पन्थी खनालका अङ्क ६३, ६७, ७२, ७६, ८०, ८२, ८३, ८७, ९३, ९६ गरी १० वटा छन् । जसमा ९ वटा कविता र एउटा लेख रहेको छ । त्यस्तै राधा पन्थीका अङ्क ४२, ४४, ४६, ५७ र ६१ गरी ५ वटा कविता र अङ्क ५६ र ८० मा २ वटा लेख गरी ७ वटा रचनाहरू प्रकाशित छन् । कविता पन्थीका अङ्क ५५, ६०, ८०, ८६, ८७ र ९५ मा गरी ६ वटा लेखहरू प्रकाशित भएका छन् । डा. सीता सुवेदी पन्थीका अङ्क ७०, ७३, ९३, ९५, ९६ गरी ५ वटा अङ्कमा छन्दोबद्ध कविताहरू छापिएका छन् । गंगा अभिलाषीका अङ्क ५५, ५६, ६८, ७६ र ८३ गरी जम्मा ५ वटा लेख-रचनाहरू राखिएका छन् । गीता पन्थीका अङ्क ५६, ६३, ६५, ७४ गरी जम्मा ४ वटा अङ्कहरूमा लेखहरू छापिएका छन् । शकुन्तला ज्ञवाली पौडेलका अङ्क ९४, ९५, ९६ र ९९ गरी ४ वटा रचनाहरू छापिएका छन् । मञ्जु थापाका अङ्क ५०, ५७, ६६ गरी ३ वटा अङ्कहरूमा महिला, सञ्चार र पत्रकारितासम्बन्धी लेखहरू प्रकाशित भएका छन् । गोमा सेनका सम्पूर्णाङ्क ३२ र ८६ मा, जानकी ज्ञवालीका ४५ र ५७ मा हरिदेवी कोइरालाका ५१ र ५९ मा मुना पौडेलका ५५ र ५६ मा सरस्वती शर्मा जिज्ञासुका ६१ र ६२ मा सरू सुधाका ६९ र ९९ मा शीला पन्तका ७८ र ८५ मा लक्ष्मी पन्थी अर्यालका ८० र ८६ मा कमला गौतमका ९३ र ९५ अङ्कमा गरी २, २ वटा लेख-रचनाहरू छापिएका छन् । अङ्क ६ देवकला भण्डारी, २० माया ठकुरी, २५ गोमा जि.सी. ४१ चेतना पन्थी, ४२ कृष्ण अधिकारी, ४३ शारदा थापा, ४४ डा. विष्णु कुमारी शर्मा, ४४ भावना पन्थी ४६ जानकी अधिकारी, ४६ मनिषा पन्थी, ४९ लता लम्साल, ४९ आकृति पाण्डे, ४९ रूपा पन्थी, ५० कमला कुँवर, ५० दुर्गा पौडेल, ५५ रुरु शर्मा ५६ कविता देवकोटा रिजाल ५६, लक्ष्मी गौतम ५६ शान्ति ज्ञवाली ५६ लता पन्थी ५८ तीला पन्थी ६० बुनु लामिछाने, ६० प्रभा भट्टराई आचार्य, ६१ सुशीला थापा, ६३ उर्मिला शर्मा, ६३ लक्षिमा ज्ञवाली, ६९ रेनुका पन्थी, ७० रमा के.सी., ७७ गीता मरासिनी, ७९ सुनिता सेन ठकुरी, गीता मरासिनी, ७९ सुनिता सेन ठकुरी, ८२ मीना पौडेल, ८६ विष्णु सापकोटा ८८ चन्द्रकला अधिकारी, ९१ सीता खनाल पोखेल, ९१ भावना न्यौपाने, ९३ सुशीला भुसाल, ९५ नन्द कुमारी गौतम, ९८

शारदा भट्टराई, ९९ कल्पना पौडेल जिज्ञासु ९९ आस्था कोपिला, ८६ मा शान्ता के.सी. कुँवर, निराशा के.सी. बीमा के.सी. माया कुँवर, सन्तोषी पोखरेल, कमला मरासिनी, गायत्री कुँवर कार्की, मायालक्ष्मी कुँवर, दयालक्ष्मी कुँवर, ८९ मा सीता रिजाल, नीलमाया पन्थी, तुलसी पन्थी, मायादेवी पन्थी, गीतादेवी पन्थी, शारदा पन्थी, महालक्ष्मी घिमिरे, विजया घिमिरे, कमला पन्थी अधिकारी, भावना पन्थी, सीता रिजालका एकएकवटा रचनाहरू प्रकाशित छन् ।

## मुस्लिम साहित्यकारहरूको सहभागिता

अङ्क ४६ मा अलिमियाँको साहित्य सम्बन्धमा अन्तर्वार्ता छापिएको छ भने अङ्क ५७ मा हनिफ मियाको 'हामी नेपाली' शीर्षकको झ्याउरे कविता प्रकाशित भएको छ ।

*हाम्रो पुरुषार्थका ९९ अङ्कहरूमा जम्मा २३६१ वटा लेख रचनाहरूलाई स्थान दिइएको छ । तीमध्ये जनजाति ९४, महिला १३६, मुस्लिम २, दलित ९ गरी जम्मा २४१ वटा रचना समावेशी प्रकृतिका छन् ।*

## समग्रमा 'हाम्रो पुरुषार्थ भित्रको समावेशी सहभागिता' स्थिति चित्रण

'हाम्रो पुरुषार्थ' पत्रिकाको प्रकाशनको प्रारम्भिक बिन्दुलाई नियाल्दा आर्थिक स्थिति ज्यादै कमजोर भएको, सबैको ध्यान र महत्त्वबोध भइनसकेको तत्कालीन अवस्थामा पहिलो अङ्कमै पत्रिकाको प्रकाशनमा आर्थिक सहयोग गर्ने विशिष्ट व्यक्तिहरूमध्ये उमादेवी शर्मा रू.५ सुकदेवी लालचन रू.५, अमृतादेवी कुँवर रू.५+७, देवकला शर्मा रू.५१ । ५० जीवनकुमारी पुन रू.५१ । ५०, पार्वती श्रेष्ठ रू.५, तारादेवी श्रेष्ठ रू.३ जानकी जि.सी. रू.२, कृष्ण ब. विश्वकर्मा रू. २, साङ्ले कामी रू.१, कृष्ण ब. विश्वकर्मा रू.१, ईश्वरादेवी थापा पचास पैसा एक मोहर, लगायतका उदारमना, शिक्षाप्रेमी महानुभावहरू धन्यवादका पात्र हुनुहुन्छ । त्यस्तै पत्रिकाको तेस्रो शुभराज्यभिषेक अङ्क २०३२ मा श्रवण दर्जीले रू.२५/-र ईश्वरादेवी' थापाले रू.४०, पुस्तकालयलाई आर्थिक सहयोग गर्नुभएको छ । उहाँहरूलगायत तत्कालीन अवस्थामा धेरै महानुभावहरूले पुस्तकालयलाई अनेकन माध्यमबाट सहयोग गर्नु भएकोले समावेशिताको प्रारम्भ भएको भेटिन्छ ।

हाम्रो पुरुषार्थका ९९ अङ्कहरूमा जम्मा २३६१ वटा लेख-रचनाहरूलाई स्थान दिइएको छ । तीमध्ये जनजाति ९४, महिला १३६, मुस्लिम २, दलित ९ गरी जम्मा २४१ वटा रचना समावेशी प्रकृतिका छन् ।

✍ **आजीवन सदस्य किरण पुस्तकालय, रेसुङ्गा नगरपालिका-२, धागिथुम, गुल्मी ।**

ooo

# हाम्रो पुरुषार्थका १०० अङ्क



**शिवराज मरासिनी**

वि.सं. २०२५ सालमा स्थापित किरण पुस्तकालय र २०३० साल कार्तिकमा देवकोटा जयन्तीको अवसरमा प्रकाशित भएको पहिलो अङ्क हाम्रो पुरुषार्थ भन्ने पुस्तक मैले सानैमा देखेको थिएँ । संयोग कस्तो भने, मेरो सहपाठी साथी कृष्णबहादुर विश्वकर्मा (तत्कालीन नाम) हाल प्रकाश नेपाल हामी ५ कक्षादेखि ९ कक्षासम्मका मिल्ने साथी थियौं । उहाँले किरण पुस्तकालयमा पत्रिका पढ्न पाइन्छ हेर्न पाइन्छ जाऊँ भन्दै लिएर त्यहाँ पुग्दा हाम्रो पुरुषार्थ नामक पुस्तक देखाएर यो साहित्यिक पुस्तक हो भनेर देखाएको झल्को पनि ५० वर्ष पुगेछ । किरण पुस्तकालयको मुखपत्र जो पहिले वार्षिक थियो पछि अर्धवार्षिक बन्दै हालमा त्रैमासिक रूपमा नियमित प्रकाशित छ । पुराना विषय कोट्याउँदा कतै छुट्न सक्दछन् तथापि जानेसम्म उल्लेख गर्ने हो । माथि भनेका साथी प्रकाश नेपालभन्दा अघि रामलाल पाण्डेय, काशीनाथ मरासिनीले किरण पुस्तकालय दैनिक खोल्ने र बन्द गर्ने गर्नुहुन्थ्यो । जहाँ पुस्तकालयमा छिर्दा अनिवार्य नाम लेखेर सही गर्ने परिपाटी अद्यापि कायम छ । उनै साथी प्रकाश नेपालको साथमा किरण पुस्तकालयमा हामी साथीहरू प्रायः जान्थ्यौ । यो पुस्तकालय कसले खोलेको, प्रधान सम्पादक हाम्रो पुरुषार्थको हो भनेर हेर्दा शशि पन्थी सर उहाँलाई मैले राम्रोसँग नचिनेको तर सम्पादक चिरञ्जीवी शर्मा मरासिनी र सहायक सम्पादक भेषबहादुर कुँवर देख्दा दुबै जना हामीलाई पढाउने गुरुहरू जसले दिनभर स्कूलमा पढाउने यता पुस्तकालयबाट प्रकाशित प्रकाशनमा पनि काम गर्ने कति सकेको होला जस्तो लाग्थ्यो । समय निरन्तर अघि बढ्यो हाम्रो पुरुषार्थले आफ्नो गतिलाई अनेकौ कठिनाइका साथमा प्रकाशन गर्ने कार्य निरन्तरता पाइरहयो ।

अनेकौं विशेषाङ्कसमेत पारी विभिन्न प्रतिष्ठित व्यक्तित्वका सम्बन्धमा होस् वा विशेष स्थितिमा विभिन्न अङ्कहरू जो विशेषाङ्कको रूपमा झण्डै २ दर्जनको सेरोफेरोमा हाम्रो पुरुषार्थ अविरल रूपमा समस्त पाठकहरू लेखक साहित्यकारका हात हातमा पुगेकै छ । पुस्तक प्रकाशनकार्य आफैमा सजिलो छैन तथापि यसका

स्थायी विज्ञापनदाता र सरकारी सहयोग छैन । तथापि यसको आफ्नै लक्ष्य र उद्देश्यअनुसार विशिष्ट र आजीवन सदस्यताकै भरमा चलेको पाइन्छ ।

कतिपय साहित्यिक पत्रिकाहरू सुरूमा निकै तामझामका साथ जन्मने र पछि क्रमशः हराउने गरेको यत्रतत्र देखेको नसुनेको होइन तापनि मोफसलमा रहेर आफ्नो गतिलाई कहिल्यै विराम नदिएको जीवन्त पत्रिका हाम्रो पुरुषार्थ नै हो ।

*कतिपय साहित्यिक पत्रिकाहरू सुरूमा निकै तामझामका साथ जन्मने र पछि क्रमशः हराउने गरेको यत्रतत्र देखेको नसुनेको होइन तापनि मोफसलमा रहेर आफ्नो गतिलाई कहिल्यै विराम नदिएको जीवन्त पत्रिका हाम्रो पुरुषार्थ नै हो ।*

हाम्रो पुरुषार्थको थालनीकर्ता आदरणीय शशि पन्थी सर जो २०३२/३३ सम्म विभिन्न पत्रपत्रिकामा काम गर्ने भनेर सुनेको नाम थियो तर यसपछि हालको महेन्द्र नमुना मा.वि.को शिक्षक बनेर हामीलाई पढाउनुभयो भने उहाँले नेपाल जुनियर रेडक्रस सर्कलको सुरूवात विद्यालयमा मात्र नगराई आफूसमेत नेपाल रेडक्रसको नेतृत्वमा समेत पुगेर सामाजिक क्षेत्रमा र रेसुङ्गा बहुमुखी क्याम्पसको क्याम्पस प्रमुखको रूपमा २४ औं वर्षभन्दा बढी योगदान पुर्‍याएर हालमा विश्राम लिनु भएकोले उहाँले किरण पुस्तकालय जो आफ्नै मिहिनेतका कारण संस्थापक स्थापना कर्ताको हैसियतमा यो अवस्थासम्म पुर्‍याउनुभयो भने उहाँलाई (विशेष शशि पन्थी सर र किरण पुस्तकालयलाई) दरिलो टेवाको रूपमा दीन पन्थीज्यू लागि पर्नु भएको छ ।

सामाजिक क्षेत्रमा पुर्‍याउने योगदान सजिलो पक्कै छैन किनभने पुस्तकालय खोल्न र सञ्चालन गर्ने कार्य कठिन हो तापनि किरण पुस्तकालयका दुबैजना विद्वान्हरू निरन्तर लागि पर्नुभएको छ । हाम्रो पुरुषार्थ देश–विदेशमा पुगेको छ । समय परिस्थितिअनुरूप आफूलाई नेट इन्टरनेटबाट देख्न पढ्न पाइनु ठूलो उपलब्धि बनेको छ ।

गत वर्ष २०७५ सालको तीज पर्व मनाउने क्रममा किरण पुस्तकालय र हाम्रो पुरुषार्थको बारेमा माथि उल्लेख गरेका मित्र प्रकाश नेपाल जो संयुक्त राज्य अमेरिकाको भर्जिनियामा बसोवास गर्दै हुनुहुँदो रहेछ । हामी सहपाठी साथीहरू गोकर्ण मरासिनी, म र प्रकाश ३ जना संयुक्त रूपमै थियौं । विदेशमा पनि नेपालीहरूले आफ्नो रीतिरिवाज मौलिक संस्कृतिलाई जीवन्त तुल्याउन ठूलो संख्यामा उपस्थित भएर प्रशस्त मनोरञ्जन प्रदान गर्नुभयो । त्यस बखतमा

किरण पुस्तकालयको बारेमा प्रकाश, गोकर्ण दुबैले खुलेर प्रशंसा गर्नुभयो । जबकि विदेशमा रहनु, जानु हाम्रो बाध्यता हो तथापि मनमस्तिष्क त नेपालमै छ भन्ने मीठो सन्देश प्राप्त भयो ।

भौगोलिक रूपमा विकट जस्तो मानिए तापनि गुल्मी जिल्ला शैक्षिक क्षेत्रमा अत्यन्तै उर्वर मानिन्छ । विकासको दृष्टिले अन्य जिल्लाको तुलनामा पछि परे पनि पौराणिक, धार्मिक र पर्यटकीय दृष्टिले उन्नत छ । जिल्ला स्थानीय मा.वि., उच्च मा.वि., क्याम्पसहरूमा नियमित रूपमा हरेकले आ-आफ्ना गतिविधिहरूको संगालोको रूपमा प्रकाशन गर्छन् र गरेका छन् । २०१९ सालमा सुरुवात भएको महेन्द्र हाई स्कुलको मुखपत्र शैल-सन्देश २०३२/०३३ बाटै नियमित बनेको छ । त्यस्तै रेसुङ्गा बहुमुखी क्याम्पसको विद्या, सिद्धबाबा मा.वि.को आवाज, रेसुङ्गा मा.वि.को रेसुङ्गा ज्योति, उपल्लो तम्घास मा.वि. को आरोहण जस्ता प्रकाशनहरू नभएका होइनन् तथापि सबैले आफ्ना प्रकाशनहरूलाई निरन्तरता दिन सक्नु नै ठूलो चुनौती पूरा गर्नु हो । सरकारी कर्मचारीको गुल्मी जिल्लामा दीपज्योति नामक मुखपत्र कर्मचारी मिलन केन्द्रले प्रकाशन गर्थ्यो जुन २०६० सम्म नियमित जस्तै थियो, हालमा के छ ? जानकारी छैन ।

उल्लिखित सबै विवरण उल्लेख गर्नुको तात्पर्य नियमितता होस् निरन्तर रूपमा चलोस् भन्ने आशा हो तर पनि किरण पुस्तकालयले प्रकाशन गर्ने हाम्रो पुरुषार्थले उच्च शिक्षा हासिल गर्ने क्रममा यस कृतिबाट धेरैले लाभ हासिल गरेको तथ्य सबैको सामु छ ।

हाम्रो पुरुषार्थले प्रकाशन गरेका उत्कृष्ट कृतिहरूमा सन्त शशिधरको बाणोपनिषद्, डा. टीकाराम पन्थीका केही जनश्रुतिहरू, रेसुङ्गाका आध्यात्मिक कृतिहरू, नेनेपालः, बुद्धस्मरणम् र अन्य लेखकहरूका मेरो देश नेपाल, गुल्मीको ऐतिहासिक झलक, मानवताको कलङ्क, जातपात र छुवाछूत प्रथा, सांस्कृतिक चिन्तन, अर्वाचीन रेसुङ्गा, तपोभूमि रेसुङ्गा, ग्रहविमर्श, काव्यमालिका, आधा-जिस्ता हुटिट्याउँको मन, अमृतपान, गजलचालिसा, बृहस्पति सूत्र, हाम्रो भौगोलिक इतिहास, रुरुक्षेत्र लगायत लुम्बिनी अञ्चलका साहित्यिक प्रतिभा परिचय बी.पी. विशेषाङ्कसहित पण्डित भीमकान्त पन्थीको शतवार्षिकीको अवसरमा प्रकाशित विशेषाङ्कसमेत किरण पुस्तकालयबाट अन्य २० कृतिहरू हालसम्म प्रकाशित भैसकेका छन् जसले गर्दा प्रतिभा र क्षमतावान् व्यक्तित्वको कदर भएको छ ।

हाम्रो पुरुषार्थले ५० वर्ष पूरा गरेको, १०० अङ्क प्रकाशित गर्दाको अवस्थासम्म आइपुग्दा पुस्तकालयको आफ्नै गौरवशाली भवन बनेको छ । जसको कारण पौराणिक, ऐतिहासिक, साहित्यिक ग्रन्थहरू सुरक्षित बनेका छन् ।

नियमित सञ्चालन गर्ने क्रममा कर्मचारीहरूको व्यवस्था भैरहेको छ तापनि तिनलाई प्रदान गर्ने पारिश्रमिकको भरपर्दो स्रोत जुट्न अझै पनि नसकेको स्थिति छँदैछ । तथापि हालमा नविल बैंकले उपयोग गरेको कक्षबाट मिल्ने मासिक भाडा नगन्य नै छ ।

यो आधा शताब्दी पार गर्दा सम्पूर्ण जिम्मेवारी लिनुहुने शशि पन्थी, दीन पन्थी लगायतको टिमले यसरी नै निरन्तरता पाइरहने गरी भविष्यका लागि सशक्त टिम तयार हुन सक्छ सक्दैन त्यो हामी सबैको लागि चिन्ताको विषय बनेको छ । हाम्रो पुरुषार्थले अनेकौं उकाली ओराली पार गर्दै यस अवस्थासम्म आइपुगेर शताङ्क प्रकाशित गर्न लागेकोमा शुभकामना ।

**रेसुङ्गा नगरपालिका, उपल्लो तम्घास, गुल्मी ।**

०००


# सूचना !

- **फोहर सकेसम्म कम उत्पादन गरौं, जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं ।**
- **जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, सम्बन्धविच्छेद एवम् बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।**
- **सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने सूचीमा छ/छैन प्रत्येक वर्षको साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।**
- **गाउँपालिकामा तोकिएका कर शुल्कहरू समयमै बुझाई विकास निर्माणमा सक्रिय सहभागी बनौं ।**
- **खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ॥**

अनुरोधक

# मालिका गाउँपालिका

**अर्खावाङ्ग, गुल्मी**

# हाम्रो पुरुषार्थभित्र 'गुल्मी डायरी '- छोटो अध्ययन

✍ डिल्लीराज खनाल



रेसुङ्गा नगरपालिका वार्ड नं. ८ स्थित पुरानो लाँकुरीमञ्च तथा हाल श्री डी पार्क नजिक आफ्नै भवनमा सज्जित अत्याधुनिक भवन जसको अक्षांश २८° ४'०.८६" देशान्तर ८३° १४' ४६.५१" र १५०६ मीटर (४९४१ फिट ) उचाइमा रहेको किरण पुस्तकालय हो । यस पुस्तकालयबाट प्रकाशन हुँदै आएको हाम्रो पुरुषार्थभित्रको सम्पूर्णाङ्क ४४ देखि ५३ सम्मको 'गुल्मी डायरी' छोटो अध्ययन गरेको छु ।

हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ४४ वैशाख २०५९ देखि 'गुल्मी डायरी' भन्ने नयाँ स्तम्भको शुभारम्भ भएको देखिन्छ । यस स्तम्भमा गुल्मी जिल्लाका केही पुराना कुराहरू र ६-६ महिनाको अवधिमा यस जिल्लामा भएगरेका मुख्य काम र घटनाहरूको जानकारी गराउने गरी श्री गोविन्द गौतम, श्री चन्द्रप्रकाश उपाध्याय र श्री नारायणप्रसाद पन्थीज्यूको सहयोगमा सङ्कलित विवरण प्रस्तुत गर्ने गरी उक्त स्तम्भ शुरू गरिएको देखिन्छ ।

**सबै अङ्क सर्सर्ती हेर्दा**

- ❑ सम्पूर्णाङ्क ४४ (अघिल्लो समयदेखि २०५९ वैशाखसम्म ४८ बुँदामा सङ्कलित जानकारीहरू)
- ❑ वि.सं. २०१८ सालसम्म गुल्मी, अर्घा, खाँची, इस्मा, मुसिकोट र धुर्कोट राज्य मिलाएर बनाइएको जसले गर्दा ठेगाना लेख्दा गुल्मी ६ वा गुल्मी ६००० लेख्ने प्रचलन भएको ।
- ❑ द्वन्द्वरत पक्ष र राज्यपक्षबीच युद्धमा भएका घटनाका विवरणहरू छन् ।
- ❑ २०५७ मा आश्विनमा गुल्मीबाट पहिलो साप्ताहिक पत्रिका 'रेसुङ्गा शिखर सन्देश' प्रकाशित ।

- ❑ २०५८ भाद्र २ मा अविरल वर्षाको कारण पहिरो जाँदा मानवीय तथा पशुचौपायको क्षति ।
- ❑ गुल्मीको सबैभन्दा पुरानो विद्यालय रिडीको संस्कृत पाठशाला वि.सं. १९५९ मा स्थापना भएको ।
- ❑ सम्पूर्णाङ्क ४५ मा २०५९ वैशाखदेखि २०५९ असोज मसान्तसम्म ५४ बुँदामा सङ्कलित जानकारीहरू ।
- ❑ द्वन्द्वरत पक्ष र राज्यपक्षबीच विभिन्न ठाउँमा भएका भिडन्तमा मानवीय क्षतिका सूचनाहरू ।
- ❑ सवारी दुर्घटनामा मानवीय क्षतिसम्बन्धी सूचनाहरू ।
- ❑ राजनैतिक दलका कार्यक्रमबाट विभिन्न निर्णयहरूका सूचनाहरू ।
- ❑ नेपालको सबैभन्दा ठूलो जलविद्युत् आयोजना काली गण्डकी ए को बाँध निर्माण कार्य सम्पन्न । साथै मिर्मीदेखि सेतीबेनीसम्म ७ कि.मी. जलाशय डुङ्गासेवा सञ्चालन ।
- ❑ सम्पूर्णाङ्क ४६, २०५९ कार्तिकदेखि २०६० चैत्र ३०सम्म ८२ बुँदामा संकलित जानकारीहरू ।
- ❑ द्वन्द्वरत पक्षद्वारा आफ्ना गतिविधिहरूको निरन्तरता ।
- ❑ स्वास्थ्यसम्बन्धी कार्यक्रमका सूचनाहरू ।
- ❑ रेसुङ्गा गोशालामा १०८ गाईलाई नुन खुवाउने कार्य तथा सो ठाउँमा महायज्ञ गर्नेसम्बन्धी मूल व्यवस्थापन समितिमा ११११ जना महानुभावको चयन ।
- ❑ सम्पूर्णाङ्क ४७, २०६० वैशाखदेखि २०६० आश्विन मसान्तसम्म ७१ बुँदामा संकलित जानकारीहरू ।
- ❑ राजनैतिक दलका सूचनाहरू ।
- ❑ खानेपानी योजनाको हस्तान्तरणसम्बन्धी सूचना ।
- ❑ पहिरोका कारण मानवीय क्षतिसम्बन्धी जानकारी ।
- ❑ असार ५ गते श्रीमद्भागवत विश्वशान्ति ज्ञानमहायज्ञबाट चल-अचल, नगद एवं जिन्सी गरी ५५ लाख ९० हजार ५८१ रूपैयाँ संकलन ।
- ❑ भाद्र २, गुल्मीबाट दोस्रो साप्ताहिक पत्रिका 'गुल्मी टाइम्स' पत्रिकाको प्रकाशन प्रारम्भ ।

- सम्पूर्णाङ्क ४८, २०६० कार्तिकदेखि २०६० चैत्र ३० सम्म १०० बुँदामा संकलित जानकारीहरू ।
- राजनैतिक दलका सूचनाहरू ।
- सहकारीसम्बन्धी सूचनाहरू ।
- तम्घास-रिडी-तानसेन सडक कालोपत्रे गर्ने कार्य प्रारम्भ ।
- सवारी दुर्घटनासम्बन्धी सूचनाहरू ।
- सम्पूर्णाङ्क ४९, २०६१ वैशाखदेखि २०६१ आश्विन मसान्तसम्म ५४ बुँदामा संकलित जानकारीहरू ।
- जिल्ला विकास समितिका विभिन्न कार्यक्रमहरू ।
- राजनैतिक दलका सूचनाहरू ।
- जेठ २४ गते गुल्मीबाट 'साफा विचार' नामको तेस्रो साप्ताहिक खबरपत्रिकाको प्रकाशन प्रारम्भ ।
- साउन ७ गते गुल्मी जिल्लाबाट चौथो खबरपत्रिकाको रूपमा साप्ताहिक 'नयाँ जनमत' नामको स्थानीय पत्रिकाको विमोचन ।
- खानेपानीसम्बन्धी जानकारीहरू ।
- सम्पूर्णाङ्क ५०, २०६१ कार्तिकदेखि २०६१ चैत्र मसान्तसम्म ५३ बुँदामा संकलित जानकारीहरू ।
- खेलकुदसम्बन्धी जानकारीहरू ।
- राजनैतिक दलका गतिविधिहरूका सूचनाहरू ।
- २०६१ कार्तिक २७ गते ९६ औं लक्ष्मीप्रसाद देवकोटा जन्मजयन्तीको अवसरमा किरण पुस्तकालयमा कविगोष्ठी सम्पन्न । सोही अवसरमा असल शासन जिल्ला समन्वय समिति गुल्मीद्वारा प्रकाशित 'असल-शासनका लागि गुल्मेली आवाज' नामक त्रैमासिक पत्रिका विमोचन ।
- विकास निर्माणसम्बन्धी सूचनाहरू ।
- चैत्र २ गते जिल्ला हुलाक कार्यालय, गुल्मीद्वारा हुलाक बचत बैंक सन्चालन ।
- सम्पूर्णाङ्क ५१, २०६२ वैशाखदेखि २०६२ आश्विनसम्म २६ बुँदामा संकलित जानकारीहरू ।

- ❑ चेतनामूलक कार्यक्रमहरू ।
- ❑ राजनैतिक दलका गतिविधिहरूका सूचनाहरू ।
- ❑ धार्मिक गतिविधिका सूचनाहरू ।
- ❑ २०६२ वैशाख २२ मा श्री लक्ष्मण रिजालद्वारा विरचित तथा रेसुङ्गा संरक्षण समितिद्वारा प्रकाशित 'रेसुङ्गा' महाकाव्यको विमोचन ।
- ❑ सम्पूर्णाङ्क ५२, २०६२ कार्तिकदेखि २०६२ चैत्रसम्म ४० बुँदामा संकलित जानकारीहरू ।
- ❑ सहकारीसम्बन्धी गतिविधिहरू ।
- ❑ जिल्लास्थित सबै राजनैतिक दलबाट प्रेस विज्ञप्तिहरूमार्फत आमहडतालसम्बन्धी कार्यक्रमहरूका सूचनाहरू ।
- ❑ २०६२ पुस २१ देखि २८ गतेसम्म गुल्मीको वामीमा स्नातक क्याम्पस सञ्चानलको लागि महायज्ञबाट १ करोड ७८ लाख नगद र ४२ लाख बराबरको जग्गा प्राप्त ।

*हाम्रो पुरुषार्थ तत्कालीन अवस्थामा अर्धवार्षिक रूपमा प्रकाशित सम्पूर्णाङ्क ४४ (२०५९ वैशाख)देखि सम्पूर्णाङ्क ५३ (२०६३ असोज)सम्मको अवधिमा जिल्लामा भएका मुख्य काम, घटना, आदिको संकलित जानकारी यस पत्रिकामार्फत सूचना दिन खोजिएको पाइयो । यस्तो अभिलेखले विगतको इतिहासलाई सुरक्षित राख्न सहयोग पुर्‍याएको पाइन्छ । साथै अबका अङ्कमा समेत 'गुल्मी डायरी'लाई पुनः निरन्तरता दिन सकेमा यसको महत्त्व बढ्ने देखिन्छ ।*

- ❑ २०६२ फागुन ५ देखि १५ सम्म हवाइ विभागका इन्जिनियरबाट गुल्मीको सिमीचौर थालेमालेमा रेसुङ्गा विमानस्थलको निर्माणको लागि सर्भे गर्ने कार्य सम्पन्न ।
- ❑ सम्पूर्णाङ्क ५३, २०६३ वैशाखदेखि २०६३ असोजसम्म ६२ बुँदामा संकलित जानकारीहरू ।
- ❑ संयुक्त जनआन्दोलनका कार्यक्रमहरू ।
- ❑ २०६३ वैशाख १२ मा जनआन्दोलन सफल, आमहडताल स्थगित ।
- ❑ २०६३ वैशाख १२, गते ३ महिनाको लागि युद्धविराम गरेको माओवादीको विज्ञप्ति प्रकाशित ।
- ❑ १८ गते तम्घासमा लामो समयदेखि लागिरहेको कर्फ्युको अन्त्य ।

**निष्कर्ष**

हाम्रो पुरुषार्थ तत्कालीन अवस्थामा अर्धवार्षिक रूपमा प्रकाशित सम्पूर्णाङ्क ४४ (२०५९ वैशाख)देखि सम्पूर्णाङ्क ५३ (२०६३ असोज)सम्मको अवधिमा जिल्लामा भएका मुख्य काम, घटना, आदिको संकलित जानकारी यस पत्रिकामार्फत सूचना दिन खोजिएको पाइयो । यस्तो अभिलेखले विगतको इतिहासलाई सुरक्षित राख्न सहयोग पुऱ्याएको पाइन्छ । साथै अबका अङ्कमा समेत 'गुल्मी डायरी'लाई पुनः निरन्तरता दिन सकेमा यसको महत्त्व बढ्ने देखिन्छ ।

✍ **सब–इन्जिनियर, सिर्जनशील सामुदायिक विकास केन्द्र, तम्घास, गुल्मी ।**

ooo


# सूचना !

- फोहर सकेसम्म कम उत्पादन गरौं, जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, सम्बन्धविच्छेद एवम् बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने सूचीमा छ/छैन प्रत्येक वर्षको साउन महिनामा आ–आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।
- गाउँपालिकामा तोकिएका कर शुल्कहरू समयमै बुझाई विकास निर्माणमा सक्रिय सहभागी बनौं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।

अनुरोधक

**चन्द्रकोट गाउँपालिका**

शान्तिपुर, गुल्मी

// लेख //

# 'नौलो सृष्टि : सानो दृष्टि'का बारे एक दृष्टि



दानबहादुर के.सी.

'हाम्रो पुरुषार्थ' राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिकाको प्रकाशन सर्वप्रथम गुल्मी तम्घासबाट पहिलो अंकको रूपमा २०३० सालको लक्ष्मी पूजाको दिन मूल्य रू.१ राखी साहित्यिक व्यक्तित्व श्री शशि पन्थीको सम्पादकत्वमा किरण पुस्तकालयद्वारा प्रकाशित भएको पाइन्छ । किरण पुस्तकालयद्वारा सुरूमा वार्षिक मुखपत्र, २०३६ देखि अर्ध-वार्षिक र २०७० सालदेखि त्रैमासिक रूपमा प्रकाशनमा आइरहेको छ । हाम्रो पुरुषार्थका ५० वर्षमा ९९ अंक प्रकाशित भैसकेका छन् । यस साहित्यिक पत्रिकामा प्रकाशित भएका अन्तर्वार्ता, लेख, निबन्ध, कथा, लघुकथा, गीत, कविता, गजल, मुक्तक, हास्यव्यङ्ग आदि नियमित रूपमा प्रकाशित भएका छन् । त्यस्तै स्थायी स्तम्भको रूपमा 'नौलो सृष्टि : सानो दृष्टिले पनि स्थान पाएको छ । त्यो नौलो सृष्टि : सानो दृष्टि पनि समीक्षा टिप्पणीको अथवा कृति समीक्षाको अर्को नाम हो । यो नयाँ सृजनाहरूलाई हेर्ने दृष्टिकोण हो । गुल्मी जिल्ला वा बाहिर जहाँबाट पनि प्रकाशित उपलब्ध कृतिहरूको समीक्षा गर्ने वा टिप्पणी गर्ने काम यस स्तम्भमा गरिएको छ । नौला सृष्टिहरूमा दृष्टि दिने काम धेरै जसो भारद्वाज वा अकिञ्चनको नामबाट गरिएको छ । कहींकहीं दीन पन्थी र भुवन अकिञ्चनको नामबाट पनि टिप्पणी गरेको पाइन्छ ।

हाम्रो पुरुषार्थ वार्षिकबाट अर्धवार्षिक भएपछि २०३६ साल वैशाखको वर्ष ६, अङ्क ८ देखि यो स्तम्भ शुरू भएको देखिन्छ । यस लेखमा मैले आफ्नो तर्फबाट कुनै विषय नराखी प्रत्येक पटक प्रकाशित हाम्रो पुरुषार्थको नौलो सृष्टि : सानो दृष्टिमा परेका पुस्तक, पत्रिका, काव्य, खण्डकाव्य, मुखपत्र, स्मारिका आदि कसले लेख्यो, कसले प्रकाशन गर्‍यो भन्ने विषयको विवरणात्मक अभिलेख मात्र पेश गरेको छु । जुन निम्नअनुसार छन् ।

किरण पुस्तकालयद्वारा प्रकाशित 'हाम्रो पुरुषार्थ' को नौलो सृष्टि : सानो दृष्टिमा परेका सम्पूर्णाङ्क ९९ सम्म प्रकाशित ३४६ वटा पुस्तक, पत्रिका स्मारिका, मुखपत्र, विशेषाङ्कहरू आदिमा प्रकाशित कृतिहरूको समीक्षा भएको छ । ५० वर्षमा ९९ थान हाम्रो पुरुषार्थको प्रकाशनमा ३४६ थान पुस्तकहरूको समीक्षा गर्ने सजिलो काम होइन तापनि साहित्यका विद्वान्‌हरूले सहज रूपमा यसलाई निरन्तरता दिइएको पाइयो । यो विद्वान्‌हरूको लगनशीलता र परिश्रमको परिणाम हो । हाम्रो पुरुषार्थको अध्ययन गर्दा अन्य थुप्रै प्रकाशनहरूको पनि समीक्षात्मक टिप्पणी अध्ययन गर्न पाउनु ठूलो अवसर हो । यसले अर्को एउटा महत्त्वपूर्ण काम पनि गरेको छ । त्यो हो पुस्तक तथा कृतिहरूको अभिलेखीकरण । ज्ञानको क्षेत्रमा यो अत्यन्त महान् काम भएको छ । आउने पुस्ताले यी कृतिहरूको अध्ययनबाट आफूलाई सुशिक्षित र सुसंस्कृत गर्ने छन् । यसको श्रेय किरण पुस्तकालय र हाम्रो पुरुषार्थलाई जानेछ ।

*किरण पुस्तकालयद्वारा प्रकाशित 'हाम्रो पुरुषार्थ' को नौलो सृष्टि : सानो दृष्टिमा परेका सम्पूर्णाङ्क ९९ सम्म प्रकाशित ३४६ वटा पुस्तक, पत्रिका स्मारिका, मुखपत्र, विशेषाङ्कहरू आदिमा प्रकाशित कृतिहरूको समीक्षा भएको छ । ५० वर्षमा ९९ थान हाम्रो पुरुषार्थको प्रकाशनमा ३४६ थान पुस्तकहरूको समीक्षा गर्ने सजिलो काम होइन तापनि साहित्यका विद्वान्‌हरूले सहज रूपमा यसलाई निरन्तरता दिइएको पाइयो । यो विद्वान्‌हरूको लगनशीलता र परिश्रमको परिणाम हो । हाम्रो पुरुषार्थको अध्ययन गर्दा अन्य थुप्रै प्रकाशनहरूको पनि समीक्षात्मक टिप्पणी अध्ययन गर्न पाउनु ठूलो अवसर हो । यसले अर्को एउटा महत्त्वपूर्ण काम पनि गरेको छ । त्यो हो पुस्तक तथा कृतिहरूको अभिलेखीकरण । ज्ञानको क्षेत्रमा यो अत्यन्त महान् काम भएको छ । आउने पुस्ताले यी कृतिहरूको अध्ययनबाट आफूलाई सुशिक्षित र सुसंस्कृत गर्ने छन् । यसको श्रेय किरण पुस्तकालय र हाम्रो पुरुषार्थलाई जानेछ ।*

हाम्रो पुरुषार्थ २०३६ सालदेखि अर्धवार्षिक रूपमा प्रकाशनमा आउन थालेको हो । अर्धवार्षिक भएपछि यसले केही नयाँ स्तम्भहरूको प्रकाशन प्रारम्भ गर्‍यो । त्यस्ता नयाँ स्तम्भहरूमध्ये एउटा नौलो सृष्टि : सानो दृष्टि' हो । यस स्तम्भको प्रकाशन प्रारम्भ भएपछि आजसम्म यसले के कति कृतिहरूको परिचय दिएको छ भन्ने पाठकहरूको सामान्य जिज्ञासा परिपूर्तिका लागि 'हाम्रो पुरुषार्थ' का सबै अङ्कहरू पल्टाएर सर्सर्ती हेरी त्यसको टिपोट यसमा उतारिएको छ ।

| क्र.सं. | पुस्तकको नाम | प्रकाशक | प्रकाशन वर्ष | सम्पूर्णाङ्क |
|---|---|---|---|---|
| १ | मर्मपुराण (खण्डकाव्य) | नित्यानन्द पाण्डे | २०३६ | ८ |
| २ | शैल सन्देश | महेन्द्र मा.वि., तम्घास | २०३६ | |
| ३ | रेसुङ्गाका अध्यात्मिक कृति | डा. टीकाराम पन्थी | २०३६ | |
| ४ | नेपाल जुनियर रेडक्रस सर्कल | महेन्द्र मा.वि. | २०३७ | |
| ५ | चटनी | गोकर्णराज श्रमिक | २०३७ | |
| ६ | उपकार | महेन्द्र मा.वि., तम्घास | २०३७ | |
| ७ | किरण | महेन्द्र आदर्श मा.वि., वामी टक्सार | २०३८ | |
| ८ | उपकार | महेन्द्र मा.वि., तम्घास | २०३८ | |
| ९ | प्राङ्गण | कास्की पोखराबाट | २०३८ | |
| १० | अंकुर | पूर्णलाल चुके | २०३८ | |
| ११ | हाम्रो ज्योति | पाल्पाबाट | २०३८ | |
| १२ | गाईजात्रा | रुरु फ्रेण्ड्स क्लव , रिडी | २०३८ | १४ |
| १३ | सूर्य | सरस्वती मा.वि. अर्घाखाँची | २०३८ | १४ |
| १४ | लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क | किरण पुस्तकालय | २०३९ | १५ |
| १५ | किरण | महेन्द्र आदर्श मा.वि., वामीटक्सार | २०३९ | १५ |
| १६ | कुसुम | भवानी मा.वि. कुसुम खोला पाल्पा | २०३९ | १५ |
| १७ | शैल-सन्देश | महेन्द्र मा.वि., तम्घास | २०३९ | १५ |
| १८ | श्रीनगर | तानसेन, पाल्पा | २०३९ | १५ |
| १९ | श्रीमद्भागवत माहात्म्य कथा | हरिप्रसाद अर्याल | २०३९ | १५ |
| २० | स्वास्थ्य प्रकाश | हरिप्रसाद अर्याल र नरबहादुर अर्याल | २०३९ | १५ |
| २१ | जीवनदानम् | माधवप्रसाद देवकोटा | २०३९ | १५ |

| क्र.सं. | पुस्तकको नाम | प्रकाशक | प्रकाशन वर्ष | सम्पूर्णाङ्क |
|---|---|---|---|---|
| २२ | हाम्रा कविताहरू | युवराज पाण्डे निमानन्द रिजाल | २०३९ | १५ |
| २३ | हाम्रो पुरुषार्थ विश्वेश्वरप्रसाद कोइराला स्मृति अङ्क | किरण पुस्तकालय | २०३८ | १६ |
| २४ | श्रद्धाञ्जली (शोक काव्य) | भूपति ढकाल | २०३९ | १६ |
| २५ | रुरु किरण पत्रिका | आरोग्य बजिमय | २०३९ | १७ |
| २६ | मुखिया दाइको दुखिया गीत | मदन भण्डारी | २०४० | १८ |
| २७ | कन्दरा | उदय मा.वि. शान्तिपुर | २०३९ | १९ |
| २८ | पुस्तकालय आवाज | नेपाल पुस्तकालय संघ | २०४० | २० |
| २९ | किरण | महेन्द्र आदर्श मा.वि., वामीटक्सार | २०४१ | २१ |
| ३० | बाणोपनिषद् | किरण पुस्तकालय | २०४१ | २१ |
| ३१ | नेपाली साहित्यको इतिहासमा गोरखापत्रको योगदान | लक्ष्मीकान्त पन्थी | २०४१ | २१ |
| ३२ | समालोचनाको बाटोमा | हीरामणि शर्मा पौडेल | २०४१ | २१ |
| ३३ | कफी खेतीको परिचय | वेदकुमार श्रेष्ठ | २०४१/२०४२ | २२ |
| ३४ | बोटे भाषाको अध्ययन | हीरामणि शर्मा पौडेल | | २७ |
| ३५ | पितृतर्पण कविता | लक्ष्मीप्रसाद ज्ञवाली | २०४२ | २७ |
| ३६ | हाडहाडे गाउँपञ्चायत परिचय | देवेन्द्रप्रसाद कुँवर | २०४२ | २८ |
| ३७ | श्री ५ पृथ्वीनारायण शाहका दिव्योपदेश र आजको समसामयिकता | गणेश ज्ञवाली | २०४२ | २९ |
| ३८ | दीपशिखा, | कर्मचारी मिलनकेन्द्र पाल्पा | २०४२ | २९ |
| ३९ | केही जनश्रुतिहरू, डा. टीकाराम पन्थी | किरण पुस्तकालय | २०४२ | २९ |
| ४० | दीपज्योति | कर्मचारी मिलनकेन्द्र गुल्मी | २०४२ | २९ |

| क्र.सं. | पुस्तकको नाम | प्रकाशक | प्रकाशन वर्ष | सम्पूर्णाङ्क |
|---|---|---|---|---|
| ४१ | म त अप्रिलफुल भएछु । | चोलेश्वर शर्मा | २०४२ | ३० |
| ४२ | रुरुक्षेत्र, केशवप्रसाद पौडेल | किरण पुस्तकालय | २०४४ | ३० |
| ४३ | साहस | म्याग्दी पुस्तकालय | २०४३ | ३० |
| ४४ | दैवीप्रकोप उद्धार निर्देशिका | नेपाल रेडक्रस सोसाइटी, गुल्मी | २०४३ | |
| ४५ | परिणति (अश्रुकाव्य) | कृष्णप्रसाद बस्याल | २०४५ | |
| ४६ | हाम्रै गीत हाम्रै कविता | गोपाल के.सी. | २०४४ | |
| ४७ | विद्या | रेसुङ्गा क्याम्पस, तम्घास | २०४४ | |
| ४८ | शैल सन्देश | महेन्द्र मा.वि., तम्घासको तेह्रौं पुष्प | २०४५ | |
| ४९ | नीलो आकाश | ने.वि.सं., त्रिभुवन क्याम्पस, पाल्पा | २०४५ | |
| ५० | त्याग | हरिनारायण सापकोटा-सम्पादक (त्रिभुवन क्याम्पस पाल्पा) | २०४५ | |
| ५१ | लुम्बिनी न्याय दर्पण | नेपाल बार एशोसिएसन, गुल्मी | २०४६ | ३१ |
| ५२ | ड्यूना र उनको परिवेश | ने.रे.सो. र जतजयन्ती | २०४६ | ३२ |
| ५३ | नारी सँगालो | नेपाल महिला संगठन, गुल्मी | २०४६ | ३२ |
| ५४ | स्वप्न दर्शन, कविता | पं.उमानाथ भण्डारी | २०४६ | ३२ |
| ५५ | रुरूप्रभा | रुरु संस्कृत विद्यापीठ | २०५३ | ३३ |
| ५६ | रेसुङ्गा | सिद्धिनाथ ज्ञवाली, कमल श्रेष्ठ, टंक पोखेल | | ३३ |
| ५७ | गौचरनदेखि गौपूजासम्म | सूब सेन | | ३३ |
| ५८ | तस्वीर | विष्णु बस्नेत | | ३३ |
| ५९ | पितृ हत्या 'नाटक' | दलबहादुर काउछा, तम्घास | | ३३ |
| ६० | मर्यादा | रुरु संस्कृत विद्यापीठ, रिडी | | ३३ |
| ६१ | शैल सन्देश | महेन्द्र मा.वि. तम्घास | २०५३ | ३३ |
| ६२ | शिक्षक दीप | नेपाल शिक्षक संघ , गुल्मी | २०५३ | ३३ |
| ६३ | विद्या | रेसुङ्गा बहुमुखी क्याम्पस, तम्घास | २०५३ | ३४ |

| क्र.सं. | पुस्तकको नाम | प्रकाशक | प्रकाशन वर्ष | सम्पूर्णाङ्क |
|---|---|---|---|---|
| ६४ | गुल्मी नेत्रज्योति | नेपाल नेत्रज्योति संघ, गुल्मी | २०५३ | ३४ |
| ६५ | स्मारिका | देवलपुर प्राथमिक विद्यालय, रजत-जयन्ती | २०५३ | ३५ |
| ६६ | परमानन्द स्मृतिशोक काव्य | खेमराज केशव | | ३५ |
| ६७ | 'बुद्ध स्मरणम्' संस्कृत खण्ड काव्य - डा. टीकाराम पन्थी | किरण पुस्तकालय | २०५४ | ३५ |
| ६८ | 'औंसीका फूलहरू' - रामप्रसाद ज्ञवाली | नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान | २०५३ | ३५ |
| ६९ | 'समय सारथि' | पत्रकार अर्जुन ज्ञवाली | २०५३ | ३५ |
| ७० | सुधर्मा संस्कृत खण्डकाव्य | डा. टीकाराम पन्थी | २०५४ | ३६ |
| ७१ | विद्या | रेसुङ्गा बहुमुखी क्याम्पस | २०५४ | ३६ |
| ७२ | मेरो देश नेपाल | मुकुन्दहरि ज्ञवाली | २०५४ | ३६ |
| ७३ | गुल्मीको ऐतिहासिक झलक | डा. राजाराम सुवेदी | २०५४ | ३७ |
| ७४ | 'दीपज्योति' | कर्मचारी मिलन केन्द्र, गुल्मी | २०५४ | ३७ |
| ७५ | 'उत्साह' | द रेयुकाई नेपाल तम्घास शाखा | २०५५ | ३७ |
| ७६ | 'फर्की हेरौं नेपालको राजनीति र विकास समस्या र समाधान | दलबहादुर काउछा | २०५५ | ३७ |
| ७७ | 'इन्दु प्रभा' | नेपाल विद्यार्थी संघ वृन्दावन शाखा | १९९८ | ३७ |
| ७८ | 'जगदम्बिका वैभवम्' | पं. भीमकान्त पन्थी | २०५५ | ३७ |
| ७९ | 'ग्रामीण प्रतिवेदन' | हस्तीचौर गा.वि.स. | २०५५ | ३७ |
| ८० | 'जगदीश्वर वैभवम्' | पं.भीमकान्त पन्थी | २०५५ | ३८ |
| ८१ | सिर्जनशील सन्देश | सिर्जनशील सा.वि.केन्द्र, तम्घास | २०५५ | ३८ |
| ८२ | विद्यार्थी सन्देश | नेपाल विद्यार्थी संघ, गुल्मी | २०५५ | ३८ |
| ८३ | शिक्षा ज्योति | जिल्ला शिक्षा कार्यालय, गुल्मी | २०५६ | ३९ |

| क्र.सं. | पुस्तकको नाम | प्रकाशक | प्रकाशन वर्ष | सम्पूर्णाङ्क |
|---|---|---|---|---|
| ८४ | 'शैल सन्देश' | महेन्द्र मा.वि. तम्घास | २०५६ | ३९ |
| ८५ | 'कालिका' स्मारिका | कालिका भगवती मन्दिर तुम्कोट, अर्घाखाँची | २०५६ | ३९ |
| ८६ | 'मालिका' | कैलाली जनपुस्तकालय धनगढी | २०५६ | ३९ |
| ८७ | 'विद्या' | रेसुङ्गा क्याम्पस, तम्घास | २०५६ | ४० |
| ८८ | 'बुलेटिन' | गार्डेप गुल्मी | २०५६ | ४० |
| ८९ | 'गुल्मी जिल्ला पार्श्वचित्र' | जि.वि.स., गुल्मी | २०५६ | ४० |
| ९० | 'मंगलग्रह' | डा. टीकाराम पन्थी | २०५६ | ४१ |
| ९१ | 'विविध पद्यावली' | पं. भीमकान्त पन्थी | २०५६ | ४१ |
| ९२ | 'शैल सन्देश' | महेन्द्र मा.वि., तम्घास | २०५७ | ४१ |
| ९३ | 'किसान पुञ्ज' | किसान आवासीय मा.वि., मर्भुङ | २०५७ | ४१ |
| ९४ | 'गुल्मी दर्पण' | जि.वि.स., गुल्मी | २०५७ | ४१ |
| ९५ | 'रेसुङ्गा शिखर सन्देश' | साप्ताहिक पत्रिका, तम्घास | २०५७ | ४१ |
| ९६ | 'रेसुङ्गा ज्योति' | 'स्वतन्त्र विद्यार्थी यूनियन' रेसुङ्गा क्याम्पस | २०५७ | ४२ |
| ९७ | 'रिडर्स' | रिडर्स पब्लिक स्कूल, तम्घास | २०५७/५८ | ४२ |
| ९८ | 'विकास सन्देश' | राष्ट्रिय ग्रामीण तथा सामुदायिक विकास केन्द्र, गुल्मी | २०५७ | ४२ |
| ९९ | 'विद्या' | रेसुङ्गा क्याम्पस, तम्घास | २०५७ | ४२ |
| १०० | 'गुल्मी दर्पण' | जि.वि.स. गुल्मी | २०५८ | ४२ |
| १०१ | 'जीवनको आशा' | नीलाम्बर पन्थी | २०५८ | ४३ |
| १०२ | 'घिड्किसो' | डा. टीकाराम पन्थी | | ४३ |
| १०३ | 'स्रोत केन्द्र दर्पण' | उपल्लो तम्घास स्रोत केन्द्र | २०५८ | ४३ |
| १०४ | 'तम्घास सन्देश' | नेपाली विषयका विद्यार्थीहरू, रेसुङ्गा, क्याम्पस, तम्घास | | ४३ |
| १०५ | 'शैल सन्देश' | महेन्द्र मा.वि., तम्घास | २०५८ | ४३ |
| १०६ | 'हिमचुली' | पश्चिमाञ्चल संगम कालीकोट | २०५८ | ४३ |

| क्र.सं. | पुस्तकको नाम | प्रकाशक | प्रकाशन वर्ष | सम्पूर्णाङ्क |
|---|---|---|---|---|
| १०७ | मानवताको कलंक : जातपात र छुवाछूत प्रथा - मोदनाथ प्रश्रित | किरण पुस्तकालय | २०५८ | ४४ |
| १०८ | 'विद्या' | रेसुङ्गा क्याम्पस, तम्घास | | |
| १०९ | 'रेसुङ्गा ज्योति' | स्वतन्त्र विद्यार्थी यूनियन (रेसुङ्गा क्याम्पस, तम्घास) | २०५८ | ४४ |
| ११० | 'ललिता' (खण्डकाव्य) | विष्णुप्रसाद बस्याल | २०५८ | ४४ |
| १११ | 'हाम्रो गुल्मी मेरो अनुभव' | टेकबहादुर कुँवर | २०५८ | ४४ |
| ११२ | 'कालिका' | कालिका भगवती मन्दिर तुम्कोट अर्घाखाँची | २०५८ | ४४ |
| ११३ | सुसेली | वीरेन्द्र उच्च मा.वि., मरेङ, अर्घाखाँची | २०५८ | ४४ |
| ११४ | 'पाल्पा, गुल्मेली उपभाषिका'-दीन पन्थी | नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान | २०५९ | ४५ |
| ११५ | 'पुतली र भुसिलकिरा' | रामप्रसाद ज्ञवाली | २०५६ | ४५ |
| ११६ | 'विवेक'उपन्यास | नीलाम्बर पन्थी | २०५८ | ४५ |
| ११७ | 'दीपज्योति' | कर्मचारी मिलन केन्द्र, गुल्मी | २०५९ | ४५ |
| ११८ | 'युग सन्देश' | अ.ने.रा.स्व.वि.यू., गुल्मी | २०५९ | ४५ |
| ११९ | 'गुल्मीका गौरव' | रोमलाल गिरी | २०५९ | ४५ |
| १२० | 'फोक्सुण्डो आवाज' | कर्मचारी मिलन केन्द्र, डोल्पा | २०५९ | ४५ |
| १२१ | 'केही अभिव्यक्ति केही परिभाषा' | विश्वराज पौडेल | २०५९ | ४५ |
| १२२ | 'हँसरा गा.वि.स. एक परिचय' | कृष्णप्रसाद भण्डारी | | ४६ |
| १२३ | 'आवाज' | सिद्धबाबा मा.वि., खानीगाउँ | | ४६ |
| १२४ | 'हाम्रो परम्परागत चिकित्सा पद्धति' | उत्तरकुमार पराजुली | | ४७ |
| १२५ | 'अन्धविश्वास' | उत्तरकुमार पराजुली | | ४७ |
| १२६ | 'गुल्मी दर्पण' | जिल्ला विकास समिति, गुल्मी | | ४७ |
| १२७ | 'दीपज्योति' | कर्मचारी मिलन केन्द्र, गुल्मी | | ४७ |

| क्र.सं. | पुस्तकको नाम | प्रकाशक | प्रकाशन वर्ष | सम्पूर्णाङ्क |
|---|---|---|---|---|
| १२८ | 'प्रतिभा' | रानीपोखरी नि.मा.वि. | | ४७ |
| १२९ | 'बडागाउँ नि.मा.वि. दर्पण' | बडागाउँ नि.मा.वि. | २०६० | ४७ |
| १३० | 'भूसंरक्षण : एक चिनारी' | जिल्ला भूसंरक्षण कार्यालय, गुल्मी | २०६० | ४७ |
| १३१ | 'तिम्रै यादमा' | वर्षा वि.एम्.द्वारा लिखित गजल-सङ्ग्रह | | ४७ |
| १३२ | 'कुहिरो फेर्ने प्रयास'कुहिरो कथा-सङ्ग्रह | प्रदीप ज्ञवाली | | ४७ |
| १३३ | 'कस्तो लाग्यो यसपालिको हाम्रो पुरुषार्थ' ? | ईश्वर ज्ञवाली | | |
| १३४ | 'किरण पुस्तकालयद्वारा नयाँ अंक प्रकाशित' | साप्ताहिक जनसंघर्ष राष्ट्रिय दैनिक गुल्मी टाइम्स | | |
| १३५ | 'सागरका कविताहरू' | विजय गोविन्द श्रेष्ठ | २०६१ | ४९ |
| १३६ | 'जीवनको गोरेटो' | सन्तोष सगुन 'कविता-सङ्ग्रह' | २०६१ | ४९ |
| १३७ | 'जागरण असल शासन बुलेटीन' | नवजागरण सूर्योदय असारे, श्रोता क्लब | | ४९ |
| १३८ | 'चुनौती' -कथा-सङ्ग्रह) | जनार्दन घिमिरे | २०६१ | ४९ |
| १३९ | 'पत्रकारिताका तीन आयाम' | प्रेस काउन्सील, नेपाल | २०६१ | ५० |
| १४० | हाम्रो पुरुषार्थ 'पत्रकारिता विशेषाङ्क' | किरण पुस्तकालय | | ५० |
| १४१ | 'स्रष्टा र सिर्जनाका विविध आयाम' | डा.विष्णुराज आत्रेय | २०६१ | ५१ |
| १४२ | 'रमाइला गाउँखाने कथा' | कपिल लामिछाने | २०६१ | ५१ |
| १४३ | '६१ गजलको मुठो' | वर्षात दर्लामी गजलकार | | ५१ |
| १४४ | 'भनभनेको झलक' | विष्णुबहादुर घर्ती भनभनेली | | ५१ |
| १४५ | 'श्री सत्यनारायण कथामृतम्' | पं. रश्मिराज अर्याल | २०६२ | ५२ |

| क्र.सं. | पुस्तकको नाम | प्रकाशक | प्रकाशन वर्ष | सम्पूर्णाङ्क |
|---|---|---|---|---|
| १४६ | 'सांस्कृतिक चिन्तन' - डा. टीकाराम पन्थी | किरण पुस्तकालय | २०६२ | ५२ |
| १४७ | 'मेरो कथाहरूको कथा' | सूब सेन | २०६१ | ५२ |
| १४८ | 'गुल्मी परिचय' | गुल्मेली समाज काठमाडौं | २०६२ | ५२ |
| १४९ | 'काव्य चतुष्टयविमर्श' | डा. टीकाराम पन्थी, दधिराम मरासिनी स्मृति प्रतिष्ठान | | |
| १५० | 'दीपशिखा' खण्डकाव्य | दधिराम सापकोटा | | |
| १५१ | 'माटोका गीतहरू' | लेखनाथ ज्ञवाली | | |
| १५२ | 'असुर ग्यास' | रामप्रसाद ज्ञवाली | | |
| १५३ | 'फेरी अर्को तारा खस्यो' | विष्णु भण्डारी, धुर्कोट | | |
| १५४ | 'फुटकर कविताका केही बान्कीहरू' (समालोचना-सङ्ग्रह) | | २०६४ | ५४ |
| १५५ | 'बाल्यकालसँग लोभिदै बाल्यकालमा' | अलका आत्रेय | २०६४ | ५४ |
| १५६ | 'धनञ्जय मरासिनी स्मृति ग्रन्थ' | रामप्रसाद पन्थी | २०६४ | ५४ |
| १५७ | 'महामना हरिहर गौतम', स्मृति ग्रन्थ | | २०६६ | ५५ |
| १५८ | 'त्यस बेलादेखि यस बेलासम्म' | महेन्द्र पाण्डे | २०६६ | ५५ |
| १५९ | 'अस्तव्यस्त नेपाल' | अजय पन्थी | २०६५ | ५५ |
| १६० | 'अर्वाचीन रेसुङ्गा'- डा.टीकाराम पन्थी | किरण पुस्तकालय | २०६६ | ५५ |
| १६१ | 'विद्या' | रेसुङ्गा बहुमुखी क्याम्पस' | २०६५ | ५५ |
| १६२ | 'गुल्मेली आवाज' | गुल्मी त्रि.वि. विद्यार्थी मञ्च | २०६५ | ५५ |
| १६३ | 'रुद्रावती स्मारिका' | रुद्रावती बहुमुखी क्याम्पस वामीटक्सार | २०६६ | ५५ |
| १६४ | 'अर्जुन, रजतजयन्ती विशेषाङ्क' | अर्जुन बोर्डिङ स्कूल | २०६६ | ५५ |

| क्र.सं. | पुस्तकको नाम | प्रकाशक | प्रकाशन वर्ष | सम्पूर्णाङ्क |
|---|---|---|---|---|
| १६५ | 'फिनिक्स पंक्षी र एमालेको पुनर्जीवन' | प्रदीप ज्ञवाली | | |
| १६६ | 'प्राकृत पोखरा' (मदन पुरस्कार प्राप्त खण्डकाव्य) | मुकुन्द शरण उपाध्याय, | | |
| १६७ | 'गुल्मी शैक्षिक ज्योति' | आत्रेय | २०६७ | |
| १६८ | तपोभूमि रेसुङ्गाधाम | पं.परशुराम उपाध्याय | २०६८ | ५७ |
| १६९ | नलदमयन्ती (नाटक) | ललितकुमार आचार्य, मरेङ | २०६८ | |
| १७० | 'आवाज' | सिद्धबाबा उ.मा.वि. को मुखपत्र | २०६८ | ५८ |
| १७१ | 'शैल-सन्देश' | महेन्द्र मा.वि.को वर्षिक मुखपत्र | २०६९ | |
| १७२ | 'रजस्थल' साहित्यिक त्रैमासिक | 'स्याङ्जा साहित्य प्रतिष्ठान' | २०६८ | |
| १७३ | 'मेरो जीवन गाथा' आफ्नै जीवनको आरोह-अवरोह पद्यात्मक कृति | महेश्वर प्रशान्त श्रेष्ठ (रिडी बजार) | २०६९ | |
| १७४ | राष्ट्रिय रामायण सम्मेलन, स्मारिका | भारद्वाज संस्कृति संवर्धन केन्द्र | २०६८ | |
| १७५ | चैत्रमा रामनवमीका अवसरमा आयोजित त्रिदिवसीय राष्ट्रिय रामायण सम्मेलन गरेर त्यसमा प्रस्तुत कार्यक्रमहरूको सँगालो | भारद्वाज संस्कृति संवर्धन केन्द्र | २०६९ | |
| १७६ | 'सम्झना टीकानिधि गुरु' | बद्री खनाल | | |
| १७७ | परमानन्द-चरितामृतम् | नवराज पाण्डे | | |
| १७८ | 'ग्रहविमर्श' | अर्जुनप्रसाद भट्टराई | | |
| १७९ | 'रजस्थल' | स्याङ्जा साहित्य प्रतिष्ठान | २०६९ | |
| १८० | 'बसन्ते' (खण्डकाव्य) | रामकृष्ण शर्मा (तानसेन-१०, ध्रुवघाट) | २०६९ | |

| क्र.सं. | पुस्तकको नाम | प्रकाशक | प्रकाशन वर्ष | सम्पूर्णाङ्क |
|---|---|---|---|---|
| १८१ | 'संस्कार' (हिन्दु धर्म संस्कार सन्दर्भसँग सम्बन्धित) | हरिराम शर्मा (हरास) | २०६९ | |
| १८२ | 'मट्याङ्ग्रा' | स्याङ्जा साहित्य प्रतिष्ठान | २०६८ | |
| १८३ | 'नेवा' स्मारिका-२ | नेवा खल सिद्धार्थ नगर | २०७० | ६० |
| १८४ | पूर्वीय अर्थशास्त्र : प्राचीनतम तथ्य नवीनतम जानकारी | डा.बाबुराम ज्ञवाली | २०६९ | |
| १८५ | 'विवेकानन्द' महाकाव्य | लक्ष्मणप्रसाद रिजाल | २०७० | |
| १८६ | अठार लघुकथा-सङ्ग्रह | पुस्कर अथक रेग्मी | २०७० | ६१ |
| १८७ | भजनमाला-सङ्ग्रह | हिमबहादुर थापा (अर्खले) | २०७० | |
| १८८ | 'अग्रदूत' | पुस्कर अथक रेग्मीद्वारा, पाल्पा साहित्य समाज, २०७० , छविलाल नेपालको परिचय दिने गरी अग्रदूत आएको छ । | | |
| १८९ | अतीतका पानाभित्र लुकेको वर्तमान, गुल्मी रिडीमा गणेश पुण्य श्रेष्ठले आफ्नो जीवनको स्मरणात्मक पक्षलाई समेटेर लेखिएको, | बैसालु पुस्तक पसल | | |
| १९० | 'विद्या' | रेसुङ्गा बहुमुखी क्याम्पस | २०७० | ६२ |
| १९१ | माण्डव्य ज्ञवाली र पुर्खा | हरिप्रसाद ज्ञवाली | २०७० | |
| १९२ | 'मान्छे हराएका बस्ती र बस्ती हराएका मान्छेहरू (कविता-सङ्ग्रह) | नारायण ज्ञवाली | २०७१ | |
| १९३ | 'मनका सुस्केरा'कविता-सङ्ग्रह | खिमानन्द पोखेल | २०६९ | |
| १९४ | 'रजस्थल' भानु विशेषाङ्क | स्याङ्जा साहित्य प्रतिष्ठान | २०७० | |
| १९५ | 'पारामाटा किनाराबाट' | निबन्ध/नियात्राकार रामप्रसाद पन्त | | |

| क्र.सं. | पुस्तकको नाम | प्रकाशक | प्रकाशन वर्ष | सम्पूर्णाङ्क |
|---|---|---|---|---|
| १९६ | 'छचल्किएका तरङ्गहरू' कविता | लक्षिमा ज्ञवाली घिमिरे | २०७० | ६३ |
| १९७ | 'क्रान्तिकारी विश्वेश्वर' महाकाव्य | कृष्णादेवी शर्मा श्रेष्ठ | | |
| १९८ | क्रान्ति पुरुष (विश्वेश्वरप्रसाद : शताब्दी यात्रा) | देवीप्रसाद वनबासी | | |
| १९९ | 'दायित्व' | सं. रामप्रसाद पन्त । | | |
| २०० | 'हिमाली गुराँस' | हिमाली गुराँस द्वैमासिक । | | |
| २०१ | शिवपुरी सन्देश | शिवपुरी साहित्य समाज । | | |
| २०२ | 'प्रज्ञान' | नेपाली विभाग त्रिभुवन क्याम्पस तानसेन, पाल्पा । | | |
| २०३ | 'मनोभाव' | नेपाल वित्तीय संस्था कर्मचारी संघ । | | |
| २०४ | 'पुस्तकालय दर्पण' | पुस्तकालय विकास मञ्च | २०७१ | ६५ |
| २०५ | मान्छे हराएको देश | कृष्ण पहारी–पोखराथोक साहित्य समाजद्वारा प्रकाशित | २०७२ | ६६ |
| २०६ | जीवनका आठ दशक | केशरबहादुर थापा | २०७२ | ६७ |
| २०७ | 'काँडा भित्रको फूल' कविता सङ्ग्रह | मैना भण्डारी | | |
| २०८ | प्रा.तीर्थराम सुवेदी : स्मृतिग्रन्थ । | सम्पादन तथा संयोजन - प्रा.डा. वेणीमाधव ढकाल | | |
| २०९ | शान्ति नारायण श्रेष्ठ | सम्पादन तथा संयोजन षडानन्द पौडेल | २०७२ | ६८ |
| २१० | 'समय स्पर्श' - टंकप्रसाद पन्थ, दिगाम-५, गुल्मी | धवल पुस्तकालय तानसेन | २०७२ | ६९ |
| २११ | 'मनकम्पन' खण्डकाव्य' | दायित्व वाङ्मय, प्रतिष्ठान नेपालद्वारा प्रकाशित | २०७३ | ७० |
| २१२ | साहित्यकार गोविन्दराज भट्टराई | डा.कुमारप्रसाद कोइराला | | |

| क्र.सं. | पुस्तकको नाम | प्रकाशक | प्रकाशन वर्ष | सम्पूर्णाङ्क |
|---|---|---|---|---|
| २१३ | तीर्थभूमि, स्मृतिग्रन्थ | माया र निर्मला घिमिरेको संकलन र सम्पादनमा | २०७३ | |
| २१४ | 'गुल्मी दर्पण' | गुल्मेली सम्पर्क समाज सिद्धार्थनगर शाखा, भैरहवा | २०७३ | |
| २१५ | 'अपर्णा' | भारद्वाज संस्कृति संरक्षण संवर्धन केन्द्र | २०७३ | ७१ |
| २१६ | 'समाज सेवामा नारी' | सरला कायस्थ | २०७३ | ७२ |
| २१७ | 'यो कथा मेरो होइन' | तीर्थराज वन्त | २०७३ | ७२ |
| २१८ | 'जीवनको दोस्रो पाना' | बाबुराम ज्ञवाली | २०७३ | ७१ |
| २१९ | 'नेपाली साहित्य : आयामिक निरूपण' | पूर्णप्रसाद अधिकारी | २०७३ | ७३ |
| २२० | 'हिन्दु संस्कारः परिचय र विमर्श' | डा.लक्ष्मीकान्त पन्थी | २०७३ | ७३ |
| २२१ | 'अन्तराल' | पुस्कर अथक रेग्मी | २०७३ | ७३ |
| २२२ | वार्ता अर्थात् कौटील्य र शुक्रको अर्थशास्त्र | डा. बाबुराम ज्ञवाली | २०७३ | ७३ |
| २२३ | 'सम्झनाका बिम्बहरू' | विश्वप्रेम अधिकारी | २०७३ | ७३ |
| २२४ | 'सिर्जन वमितामा चितवनका स्रष्टा' | पूर्णप्रसाद अधिकारी | २०७३ | ७३ |
| २२५ | 'आशाका अंकुरहरू' | रोहितप्रसाद ज्ञवाली | २०७३ | ७३ |
| २२६ | 'पूर्वीय अर्थशास्त्र : नवीनतम जानकारी' | डा.बाबुराम ज्ञवाली | २०७३ | ७३ |
| २२७ | श्रीमद्भागवत चन्द्रिका | पं.शेखरनाथ पन्थीले भावानुवाद गर्नुभएको । | | |
| २२८ | 'कर्मयोगी तिलकराम स्मृतिग्रन्थ' | बल्कोट, अर्घाखाँची | २०७३ | |
| २२९ | 'सम्झनाहरूमा ईश्वरादेवी' स्मृतिग्रन्थ २०७३ | वरिष्ठ साहित्यकार एवं पत्रकार जयदेव गौतम | २०७४ | ७४ |

| क्र.सं. | पुस्तकको नाम | प्रकाशक | प्रकाशन वर्ष | सम्पूर्णाङ्क |
|---|---|---|---|---|
| २३० | अजिशीयाका ? गीतमा सामाजिक चेतना अतिक्रिया ? | लारे वाङ्मय प्रतिष्ठान पोखरा | | |
| २३१ | 'शहीदको रगत:ऐतिहासिक नाटक | सूबसेन | २०७३ | |
| २३२ | सपनाको देशमा : नियात्रा यात्रासंस्मरण | चन्द्रकान्त आचार्य | २०७३ | |
| २३३ | विश्वप्रेम अधिकारीका सङ्कलित पद्य कविता-१ | | २०७४ | ७५ |
| २३४ | प्रज्ञाद्योतित संस्कृत मनीषी प्रा.डा. बेणीमाधव ढकाल | प्रा.डा. नारायण प्र.खनाल | | |
| २३५ | २ पुरातात्त्विक एवं ऐतिहासिक महत्त्वका सम्पदा | बोमबहादुर श्रीस, भार्से, गुल्मी | २०७४ | ७६ |
| २३६ | हिमाली गुराँस (द्वैमासिक) | सं. खिमानन्द पोखरेल | | |
| २३७ | सूर्य, सूर्य र सूर्यहरू कविता-सङ्ग्रह | तीर्थराज वन्त | २०७३ | |
| २३८ | टिमुरको झोल (कथा सङ्ग्रह) | विश्वप्रेम अधिकारी | २०७४ | ७७ |
| २३९ | लखन थापा-जयसिंह चुमी | सूब सेन | | |
| २४० | अजम्बरध्वज खातीको काव्यिक व्यक्तित्व | डा. हिरण्यलाल ज्ञवाली | | |
| २४१ | 'डहर' खण्डकाव्य | डिल्लीराज अर्याल | २०७४ | ७८ |
| २४२ | शैक्षिक अभियन्ता पं.नारायण स्मृति ग्रन्थ | सम्पादन-मोदनाथ प्रश्रित तथा साथीहरू | २०७४ | |
| २४३ | 'रेडक्रसकर्मी ऊ' संस्मरणात्मक सँगालो' | पुष्पराज पौडेल | २०७५ | ७९ |

| क्र.सं. | पुस्तकको नाम | प्रकाशक | प्रकाशन वर्ष | सम्पूर्णाङ्क |
|---|---|---|---|---|
| २४४ | वैजयन्तीः समालोचना | डा.कृष्ण भण्डारी मुमुक्षु | | |
| २४५ | 'नरपुराण' कविता | गुणनिधि पन्थी | २०७४ | |
| २४६ | हाम्रो पुरुषार्थ, स्वर्ण वर्ष विशेषाङ्क | किरण पुस्तकालय | २०७५ | ८० |
| २४७ | 'छयासमिस' | श्री प्रशान्त घिमिरे | २०७५ | |
| २४८ | 'तुहेरो साँझ' कथा-सङ्ग्रह | गीताकृष्ण खरेल र तीर्थराज वन्त | २०२४ | |
| २४९ | अन्ततःगजल | पुस्करअथक रेग्मी | | |
| २५० | जीवन सोंच र समय (निबन्ध) | राम ज्ञवाली | २०७५ | ८१ |
| २५१ | 'काव्यमालिका' - डा.लक्ष्मीकान्त पन्थी | किरण पुस्तकालय | | |
| २५२ | मच्छिन्द्रनाथको सवारी | राजेन्द्रकुमार आचार्य | | |
| २५३ | पृथ्वी आफ्नै अक्षमा घुमिरहेछ कथा सङ्ग्रह | देविका तिमिल्सिना | २०७५ | |
| २५६ | स्रष्टा सिर्जनाःपाल्पा गजल | परेवा पत्रिका पाल्पा | २०७५ | ८२ |
| २५७ | आधा जिस्ता (डा. बाबुराम ज्ञवालीका १२ वटा छानिएका लेखहरू) | किरण पुस्तकालय, तम्घास, गुल्मी | | |
| २५८ | बोकाको मनसँग (निबन्ध-सङ्ग्रह) | काशीनाथ मिश्रितद्वारा लिखित भुँडी पुराणद्वारा प्रकाशित | २०७५ | |
| २५९ | हाम्रो संस्कृति र संस्कार | राजेन्द्र बरालीको नवौं कृति | २०७२ | ८३ |
| २६० | 'हुटिट्याउँको मन' निबन्ध-सङ्ग्रह - दीन पन्थी | किरण पुस्तकालय, तम्घास, गुल्मी | | |
| २६१ | 'समीक्षा सङ्ग्रह' | ऋषि आजाद | | |
| २६२ | आजको मानव र आत्मबोध, | मतिराम शर्मा भुसाल | | |
| २६३ | 'यात्रा एक तरङ्ग अनेक' | रोहितप्रसाद ज्ञवाली | २०७६ | ८४ |

| क्र.सं. | पुस्तकको नाम | प्रकाशक | प्रकाशन वर्ष | सम्पूर्णाङ्क |
|---|---|---|---|---|
| २६४ | साधना र प्रतिभाको प्रतिफल 'श्रमसाधन' महाकाव्य | नीलकण्ठ न्यौपाने | | |
| २६५ | समीक्षा र समालोचना | डिल्लीराज भट्टराई | | |
| २६६ | 'जागरण' | पाल्पा साहित्य समाज, पाल्पा | | |
| २६७ | आमा, माटो र तीर्थ | होमनाथ न्यौपाने | २०७६ | |
| २६८ | 'अनुरोध' | पुष्कर अथक रेग्मी | २०७६ | ४७ |
| २६९ | 'पेनाल' महाकाव्य | देवेन्द्र लम्साल | | |
| २७० | मुक्तिनाथ धामदेखि युरोपसम्म (यात्रा संस्मरण) | सुन्दरप्रसाद जोशी बादल | २०७५ | |
| २७१ | 'आगो' केही राप केही ताप' कविता-सङ्ग्रह | तीर्थराज वन्त | २०७५ | |
| २७२ | पदचिन्ह | सिद्धार्थ साहित्य परिषद् | २०७७ | ८६ |
| २७३ | श्री भागवतसार तथा भजनसङ्ग्रह | रामजीप्रसाद ज्ञवाली | २०७६ | |
| २७४ | रमणीय पवित्र रेसुङ्गा - कृष्णबहादुर कुँवर | मानवकल्याण वृद्धाश्रम, गुल्मी | २०७६ | |
| २७५ | आँखामा अमेरिका मनमा नेपाल (नियात्रा) | कृष्णप्रसाद बस्याल | | |
| २७६ | निर्दोषको आत्मकथा (आत्मकथा) | रोशन थापा | २०७७ | ८७ |
| २७७ | अमृतपान, प्रबन्ध-सङ्ग्रह, विष्णुप्रसाद खनाल | किरण पुस्तकालय, तम्घास, गुल्मी | | |
| २७८ | 'गजल चालिसा', मनबहादुर खत्री 'मनु' | किरण पुस्तकालय, तम्घास, गुल्मी | २०७७ | ८८ |
| २७९ | शतवार्षिक महोत्सव-स्मारिका | संस्कृत मा.वि., रिडी | २०७६ | |
| २८० | देवकोटा र निरालाका कवितामा विद्रोही स्वर (समीक्षा) | डा.रामप्रसाद शर्मा ज्ञवाली | | |
| २८१ | बाबाको महाप्रस्थान | हेमराज पाण्डे | २०७७ | ८९ |

| क्र.सं. | पुस्तकको नाम | प्रकाशक | प्रकाशन वर्ष | सम्पूर्णाङ्क |
|---|---|---|---|---|
| २८२ | स्मृतिमा रूद्रमणि शर्मा | स्मृतिग्रन्थ धनञ्जय गोत्रीय भण्डारी समाज | २०७७ | |
| २८३ | विशेश्वरप्रसाद कोइराला कृति र प्रवृत्ति, टंकप्रसाद पन्थ | धवल पुस्तकालय तानसेन, पाल्पा | २०७८ | १० |
| २८४ | पाँच दशकको सहयात्रा, संस्मरणात्मक कृति | रामप्रसाद शर्मा ज्ञवालीका छोरीहरू | | |
| २८५ | आरोहण | उपल्लो तम्घास मा.वि. | २०७७ | |
| २८६ | लकडाउनको उपहार कविता | उराठी गौतम, गुल्मी, अमरपुर | | |
| २८७ | वेदनाका फूलहरू (कविता–सङ्ग्रह), कृष्ण प्र. पाण्डे | इन्द्रमणि पाण्डे | | |
| २८८ | बुद्धिको पाइला, ज्ञाननिष्ठ ज्ञवाली | सविता भट्टराई | २०७८ | ११ |
| २८९ | मैले बुझेको भागवत ग्रन्थ - साधक - दुर्गादत्त पौडेल | श्रीमती देवकुमारी पौडेल | २०७७ | |
| २९० | कर्मचारी संगम | गुल्मेली अधिकृत समाज काठमाडौं २०७७ | | |
| २९१ | मालिका दर्पण | मालिका मा.वि. मर्भुङ, पूर्व विद्यार्थी समाज | २०७८ | १२ |
| २९२ | बृहस्पति सूत्र अर्थात् बार्हस्पत्य राजार्थ शास्त्र - डा. बाबुराम ज्ञवाली | किरण पुस्तकालय, गुल्मी | | ११ |
| २९३ | 'दर्पण' | चन्द्रकान्त आचार्य | २०७८ | |
| २९४ | नैसर्गिक नेपाल महाकाव्य | युवराज शर्मा गौतम | | |
| २९५ | आयामिक अनुभूति | रामप्रसाद पन्त | | |
| २९६ | तरंगका तरेलीहरू, संस्मरण ग्रन्थ | मुरारिविनोद पोखेल | २०७७ | |

| क्र.सं. | पुस्तकको नाम | प्रकाशक | प्रकाशन वर्ष | सम्पूर्णाङ्क |
|---|---|---|---|---|
| २९७ | समीक्षा कतिपय (समीक्षा सङ्ग्रह) | डा.श्यामप्रसाद न्यौपाने | २०७८ | ९३ |
| २९८ | बादलका तरङ्गहरू (हाइकु सङ्ग्रह) | सुन्दरप्रसाद जोशी | | |
| २९९ | लघुकथाको सुगन्ध | आधुनिक लघुकथा मञ्च | | |
| ३०० | ज्योति श्री (कविता-सङ्ग्रह), युवराज पौडेल | धवल पुस्तकालय, पाल्पा | | |
| ३०१ | अर्पण (साहित्यकार, शुभश्रेष्ठ) संक्षिप्त परिचय, पुष्कर अथक रेग्मी | पाल्पा साहित्य समाज | | |
| ३०२ | गुल्मी ६ राज्यमा हाम्रा बाआँबै | कृष्णबहादुर कुँवर | | |
| ३०३ | अर्घाखाँचीका नक्षत्रहरू | सं. हेमराज पाण्डे तुल्सीचन्द्र स्मृति प्रतिष्ठान | | |
| ३०४ | कुण्ठा देशको (कविता) | रोहितप्रसाद ज्ञवाली 'कल्लु' | २०७९ | ९४ |
| ३०५ | काली गण्डकी : संस्कृति र सम्पदा | डा. जगन्नाथ रेग्मीको सम्पादन तथा श्रीधर यामीको प्रकाशनमा | | |
| ३०६ | सुनेको चिन : देखेपछि-नियात्रा | डा.तुल्सी भट्टराई | | |
| ३०७ | 'आख्यानकार विश्वेश्वरप्रसाद कोइराला व्यक्ति कृति प्रवृत्ति' | शारदा शर्मा खनाल | २०७९ | ९५ |
| ३०८ | हाम्रो भौगोलिक इतिहास - युवराज भुसाल | किरण पुस्तकालय | | |
| ३०९ | निसमालोचना : सिद्धान्त र प्रयोग | डा. एकनारायण पौडेल | | |
| ३१० | जीवनलाई फर्केर हेर्दा, देवीदत्त ज्ञवाली | दशराज ज्ञवाली | | |
| ३११ | केदारनाथको आत्म संस्मरण | ओमप्रकाश अधिकारी | | |

| क्र.सं. | पुस्तकको नाम | प्रकाशक | प्रकाशन वर्ष | सम्पूर्णाङ्क |
|---|---|---|---|---|
| ३१२ | म बैकुण्ठ, सं.-राजाराम फुयाल | राजेन्द्र चन्द्र | २०७६ | |
| ३१३ | लेखक | नेपाली लेखक संघ | २०७८ | |
| ३१४ | संस्मरण यात्रा | सुधा भट्टराई | २०७९ | ९६ |
| ३१५ | सुमधुर गजलको एउटा सङ्ग्रह निभेका शिखा ' | घनश्याम न्यौपाने परिश्रमी | | |
| ३१६ | 'मास्टर बाबु' (उपन्यास) | कोरोनाका समयमा डा. तुल्सी भट्टराई | | |
| ३१७ | दयानिधि शर्मा स्मृतिग्रन्थ | करूणानिधि | २०७९ | |
| ३१८ | पुस्तकालयसङ्ग्रहको जीवन यात्रा | भोलाकुमार श्रेष्ठ | | |
| ३१९ | 'कालो आकाश' | दुर्गादत्त पौडेल | | |
| ३२० | शान्ति र स्वतन्त्रता | चन्द्रकान्त आचार्य | | |
| ३२१ | प्यारो नेपाल खण्डकाव्य | विदुषी रेणुका पन्थी | २०७९ | ९७ |
| ३२२ | 'तेल भिसा' कविता | सुरेन्द्र अस्तफल | | |
| ३२३ | छोरीले जन्माएका आमाहरू - मञ्जु थापा | संयोजन/परिकल्पना जयदेव गौतम | | |
| ३२४ | सेतो सुनखानी कविता | शम्भु अर्याल | | |
| ३२५ | 'प्रिय दुष्मन (कविता) | मिलन समीर | | |
| ३२६ | 'टाइम पास'निबन्ध-सङ्ग्रह (आत्मपरक निबन्ध) | हरिराज शर्मा (हराश) | | |
| ३२७ | पिण्ड - दुर्गादत्त पौडेल (तपोनिष्ठ) | सार्थक पौडेल | | |
| ३२८ | समवेदनाको आकार (कविता) | महेश्वर शर्मा | | |
| ३२९ | मेघबहादुर के.सी. (स्मृतिग्रन्थ) | सम्पादक-डोरबहादुर रेग्मी भानुभक्त मरासिनी | | |
| ३३० | संकलन | सं.-ज्ञानबहादुर पाण्डे | | |
| ३३१ | अनुभूतिको इन्द्रेणी कविता-सङ्ग्रह | प्रीति आत्रेय ज्ञवाली | २०८० | ९८ |

| क्र.सं. | पुस्तकको नाम | प्रकाशक | प्रकाशन वर्ष | सम्पूर्णाङ्क |
|---|---|---|---|---|
| ३३२ | मातृमहिमा (कविता) | डा.लक्ष्मीकान्त पन्थी | | |
| ३३३ | डा. माधवराज पन्थी स्मृतिग्रन्थ | युवराज पन्थी | | |
| ३३४ | गणेश घिमिरे स्मृतिग्रन्थ | छोरा यादव घिमिरे | | |
| ३३५ | गायत्री गंगा | अमृतलाल श्रेष्ठ | | |
| ३३६ | काला बादलमा उज्याला पाइला (कविता किस्ती) | पुरुषोत्तम दाहाल | | |
| ३३७ | निबन्धावली (निबन्ध) | रामप्रसाद पन्त | | |
| ३३८ | पर्दाभित्र लुकेका अर्घाखाँचीका आमाहरू संस्मरण ग्रन्थ | नारायण भट्टराईको संयोजकत्वमा | ९९ | ५० |
| ३३९ | 'सगरमाथा एक पहाडको नाम होइन' | ले. चोलेश्वर शर्मा | | |
| ३४० | 'कान्छी' विज्ञान उपन्यास | लेखक मुक्तिप्रसाद उपाध्याय | | |
| ३४१ | 'आरब्ध' मुक्तक-सङ्ग्रह | रचनाकार अनुराधा ढकाल | | |
| ३४२ | 'समय संवेग' | निबन्ध-सङ्ग्रह डा. अञ्जना बस्ती भट्टराई | | |
| ३४३ | 'साइनो सौरभ' | साइनो कविता-सङ्ग्रह छायादत्त न्यौपाने समेत | | |
| ३४४ | 'अस्तित्व' | पुस्कर अथक रेग्मी सेनकालीन ऐतिहासिक अध्ययन | | |
| ३४५ | 'देउराली फन्को', लेख - सङ्ग्रह | रामप्रसाद अर्याल | | |

यसरी सर्र हेर्दा 'हाम्रो पुरुषार्थ'ले ३४५ कृतिहरूको परिचय दिएको छ । यस तालिकामा कतै प्रकाशक, कतै सम्पूर्णाङ्कमा कतै प्रकाशन वर्षमा छूटछाट र यताउति परेकोमा विज्ञ पाठकहरूले सच्चाएर, शुद्ध्याएर, पढ्नुहुनेछ भन्ने आशा गरिएको छ ।

✍ **प्रिन्सिपल - अर्जुन आवासीय माध्यमिक विद्यालय, तम्घास, गुल्मी ।**

ooo

// लेख //

# गुल्मीको गहना "हाम्रो पुरुषार्थ"



✍ **शंकरप्रसाद गौतम**

प्रत्येक स्वर एवं व्यञ्जनको आफ्नो गुण, स्वभाव र धर्मअनुसार सर्वथा भिन्न हुन्छ । स्वर एवं व्यञ्जनका मिश्रणको भिन्न भिन्न प्रयोगबाट भिन्न भिन्न अर्थ प्रदान गर्छ । प्रत्येक स्वर एवं व्यञ्जन परस्पर मिलेर नवीन भाव तथा अर्थ उत्पत्ति हुन्छ । यसरी भाव तथा अर्थ दिने यहाँ उल्लेख गर्न खोजिएको शब्द हो "पुरुषार्थ" । बृहत् नेपाली शब्द कोषमा "पुरुषार्थ" को अर्थ चार किसिमका छन् :

पहिलो : अद्‌भुत वा कठिन कार्य गर्ने मानिसको क्षमता, सामर्थ्य, शक्ति ।

दोस्रो : मनुष्यमात्रका लागि अभीष्ट धर्म, अर्थ, काम र मोक्ष यी चार तत्त्वमध्ये कुनै एक ।

तेस्रो : मनुष्यमात्रको जीवनको परम लक्ष्य ।

चैाथो : मानिसको बहादुरीपूर्ण काम, पराक्रम, पैारख ।

यसप्रकार व्यापक र विस्तृत अर्थ दिने शब्द चयन गरी "हाम्रो" विशेषण लगाएर पत्रिकाको नामकरण गरियो - "हाम्रो पुरुषार्थ" । नामकरण गरेर मात्र भएन । छपाइ गर्न बनारस जानु पर्ने । त्यो पनि आफ्नै खर्च बोकेर । लेख-रचना संकलन, पुरानो प्रविधिबाट मुद्रण । कसरी सम्भव भयो होला ? गुल्मी जस्तो पहाडी जिल्लामा बसेर । त्यो हिम्मतलाई सलाम । सञ्चारको सुविधा नभएको बेला पत्रिका प्रकाशन गर्ने कुरा थालनी गर्नु समाजलाई केही दिनुपर्छ भन्ने हुटहुटीविना सम्भव थिएन ।

*छपाइ गर्न बनारस जानु पर्ने । त्यो पनि आफ्नै खर्च बोकेर । लेख-रचना संकलन, पुरानो प्रविधिबाट मुद्रण । कसरी सम्भव भयो होला ?*

"हाम्रो पुरुषार्थ" नामकरण गरी आजभन्दा पचास वर्षअघि सञ्चालनमा ल्याइएको पत्रिका हालसम्म विभिन्न आरोह-अवरोह पार गर्दै अविच्छिन्न रूपमा सय अङ्क प्रकाशित भएको छ । सम्पादकको अठोट र तपस्याविना सम्भव छैन । पचास वर्ष भनेको लामो अवधि हो । प्रथम अङ्कदेखि सय अङ्कसम्म सम्पादक रहेर

लगातार काम गर्ने विषय चानेचुने कुरा होइन, त्यो पनि स्वयंसेवकको रूपमा । ऋषिमन भएका अद्वितीय निष्णात एवं सरल व्यक्तित्व हुनुहुन्छ आदरणीय शशि पन्थी । उहाँलाई गुल्मी जिल्लाको पत्रकारिता क्षेत्रको शिरोमणिभन्दा अत्युक्ति नहोला । उहाँले हाम्रो पुरुषार्थ प्रकाशन बाहेक, किरण पुस्तकालय स्थापना र सञ्चालन, रेसुङ्गा बहुमुखी क्याम्पसको क्याम्पस प्रमुख, नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय उप-महामन्त्री, उपाध्यक्ष लगायत दर्जनौं सामाजिक संघ-संस्थामा आबद्ध भएर शिक्षाको ज्योति फैल्याउने, समाजसेवा गर्ने गर्दै आउनुभएको छ ।

त्यसैगरी अङ्क ९ देखि "हाम्रो पुरुषार्थ" को सम्पादकमा जोडिई निरन्तर सय अङ्कसम्म कार्य गर्ने अर्का वरिष्ठ साहित्यकार एवं लेखक हुनुहुन्छ आदरणीय दीन पन्थी । उहाँले साहित्यलाई सत्यम् शिवम् सुन्दरम्को संगम ठान्नुहुन्छ । उहाँका लेख तथा सम्पादकीयले कल्पनासँग मितेरी लगाउँछन् । मनोरञ्जन दिन्छन् । उपदेश दिएर सन्मार्ग देखाउन मद्दत गर्छन् । विकृति विसङ्गतिहरूप्रति प्रहार गरेका हुन्छन् । उहाँका व्याकरण, निवन्ध साहित्य र अनुसन्धानात्मक पुस्तक प्रकाशित छन् । रेसुङ्गा बहुमुखी क्याम्पसको क्याम्पस प्रमुख र दर्जनौ संघ संस्थामा आबद्ध भई कार्य गर्दै आउनुभएको छ ।

"हाम्रो पुरुषार्थ" को सम्पादक मण्डलमा रहेर पत्रिका प्रकाशनका लागि अतुलनीय योगदान गर्ने चिरञ्जीवी शर्मा, भेषबहादुर कुँवर र नारायण पन्थी हामीहरूबीच हुनुहुन्न अर्थात् दिवांगत हुनुभएको छ । उहाँहरूप्रति हार्दिक श्रद्धाञ्जलि ।

पछिल्लो समयमा "हाम्रो पुरुषार्थ" को सम्पादक मण्डलमा रहेर सहयोग गर्ने भुवन अर्याल, गोपाल पन्थी, राधा पन्थी, हिमकला राना र ईश्वर वि. क. धन्यवादका पात्र हुनुहुन्छ । सम्पादक मण्डलको अथक प्रयासले "हाम्रो पुरुषार्थ" निरन्तर प्रकाशन भइरहेको छ । पत्रिका देशभित्र मात्र नभएर विदेशसम्म फैलिएको छ । वेवसाइटमार्फत विश्वभर पढ्न सक्ने बनाइएको छ । गुल्मी जिल्लालाई चिनाउने अर्को विशेषता थपिएको छ : **"हाम्रो पुरुषार्थ"** प्रकाशन हुने जिल्ला अर्थात् गुल्मीको गहना ।

"हाम्रो पुरुषार्थ" मा कथा, कविता, गीत, गजल, निबन्ध, नियात्रा, नेपाली मूर्धन्य साहित्यकारहरूको अन्तर्वार्ता आदि समावेश गरिने हुँदा यो पत्रिका पठनीय छ । संग्रहणीय छ । यो पत्रिका नेपाली भाषाको साहित्यिक दस्तावेजको रूपमा रहेको छ । लेखक, अनुसन्धानकर्ता आदिलाई हरेक अङ्क सन्दर्भ-सामग्रीको रूपमा प्रयोग गर्न सकिन्छ ।

**अध्यक्ष - मैत्री बहुउद्देशीय सहकारी संस्था लि., गुल्मी ।**

ooo

# पुस्तकालयविकासको अभियानमा हाम्रो पुरुषार्थको योगदान



✍ सन्ध्या पन्थी

किरण पुस्तकालयले "हाम्रो पुरुषार्थ" नामक साहित्यिक पत्रिका प्रकाशन गरेर यस पत्रिकामार्फत नेपाली भाषा र साहित्यसम्बन्धी लेख-रचनाका साथसाथै नेपालमा सार्वजनिक पुस्तकालयको विकास र विस्तारका लागि एउटा अभियान नै चलाउँदै आइरहेको छ । हाम्रो पुरुषार्थले पुस्तकालयको के कस्तो महत्त्व रहेको छ, पुस्तकालयका विशेषताहरू के कस्ता रहेका छन्, नेपालमा पुस्तकालयहरू किन बनाउनुपर्छ र यहाँ भएका र चलिरहेका पुस्तकालयहरूको विकासको लागि के कस्ता कदमहरू चाल्न सकिन्छ भन्नेसम्बन्धी लेख लेखेर, पत्रिकाहरू निकालेर र त्यसको प्रचार-प्रसार गरेर पुस्तकालयको विकास र वृद्धिमा महत्त्वपूर्ण भूमिका खेल्दै आइरहेको छ ।

अंक एकदेखि नै यस पत्रिकामा पुस्तकालयसम्बन्धी लेख, रचनाहरू छापिएका छन्, पुस्तकालयलाई योगदान गर्न, पठन संस्कृतिको विकास गर्न र समाजलाई सचेत बनाउनको निम्ति प्रयास गरिएको छ । "हाम्रो पुरुषार्थ" को पहिलो अंकमा, गणेशप्रसाद शर्माको "पुस्तकालय र पाठक" नामक लेखमा उनले पुस्तकालय कुनै व्यक्तिविशेष र एक पिंढीको मात्रै नभएर सामाजिक र असंख्य पिंढीको हो भन्ने बुझी, पाठकले पुस्तकको संरक्षण गर्ने, पुस्तकालयको नियम पालना गर्ने र पुस्तकालय हाम्रो भएकोले हामी पुस्तकालयका हौं भन्ने बुझ्नुपर्दछ भनेका छन् । पूर्णलाल चुकेले "आधुनिक युगमा पुस्तकालयको महत्त्व"बारे लेख्दै, पुस्तकालयलाई इमानदार सन्देशबाहक भन्दै संकीर्ण प्रवृत्तिका मानिसहरू पुस्तकालयमा सन्निहित ज्ञानबाट विशाल हृदय र समदर्शी विचारका बन्न सक्दछन्, त्यस्तै पुस्तकालयबाट नयाँ विचार र नयाँ सिद्धान्तको जागरण पैदा हुने भएकाले पुस्तकालयलाई विश्व ज्ञानको एक प्रयोगशाला पनि भनेका छन् । उनले ठाउँ ठाउँमा सार्वजनिक पुस्तकालयहरू खोली तिनको सञ्चालनमा सरकारी सहायता र सेवा उपलब्ध गराइनुपर्दछ भनेका छन् । सम्पादकीयमा नेपाली भाषा र

*पुस्तकालय मानव सभ्यता र संस्कृतिको प्रथम सोपान र सर्वोत्तम केन्द्र हो, भूत, वर्तमान र भाविष्यको संगम हो, अन्धाहरूको आँखो हो, लंगडाको खुट्टो हो, बहिराको कान हो, जिज्ञासुको जीवन हो र जीवनको सर्वस्व हो भनिएको छ ।*

साहित्यको सेवामा जिल्ला र गाउँका कुनाकुनामा पनि केही योगदान दिन सकियोस् र छिपेका साहित्यकारहरूले आफ्नो प्रतिभाको विकास गर्न पाऊन् भन्ने उद्धेश्य लिई पुस्तकालयको अवस्था अत्यन्त दयनीय छँदाछँदै पनि "हाम्रो पुरुषार्थ" लाई वार्षिक प्रकाशनको रूपमा निकाल्ने साहस गरियो भनेर लेखिएको छ । अंक दुईमा विश्वका केही महान् पुस्तकालयहरूको बारेमा लेखिएको छ । शशि पन्थीको "पुस्तकालयको उपादेयता र हाम्रो आवश्यकता" शीर्षकमा मानवजीवनलाई फलिलो र भरिलो बनाउन सार्वजनिक पुस्तकालयको स्थापना र सुव्यवस्थित सञ्चालन आजको सबैभन्दा बढी आवश्यकताको विषय हो भन्दै प्रत्येक जिल्लामा अनिवार्य रूपले एक-एक पुस्तकालय पूर्ण सरकारी सहयोगमा चलाइनुपर्छ, सरकारका प्रकाशन र गोरखापत्र संस्थानबाट प्रकाशित पत्रिकाहरू सबै पुस्तकालयलाई निःशुल्क उपलब्ध गराउन सरकार सचेष्ट हुनुपर्छ र प्रत्येक जन साधारणले पुस्तकालयको सदुपयोग गरेको हुनुपर्छ भनिएको छ । त्यस्तै अंक तीन, शुभ राज्याभिषेक अतिरिक्ताङ्कमा, अमेरिकाका ठूला पुस्तकालयको बारे र श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शुभ राज्याभिषेकको अवसरमा किरण पुस्तकालयको तत्त्वावधानमा गरिएको जिल्लास्तरीय बृहत् साहित्यगोष्ठी आयोजनाबारे लेखिएको छ । अंक चारमा शशि पन्थीको "पुस्तकालय के हो", भनी व्याख्या गरिएको लेख छ, पुस्तकालय मानव सभ्यता र संस्कृतिको प्रथम सोपान र सर्वोत्तम केन्द्र हो, भूत, वर्तमान र भाविष्यको संगम हो, अन्धाहरूको आँखो हो, लंगडाको खुट्टो हो, बहिराको कान हो, जिज्ञासुको जीवन हो र जीवनको सर्वस्व हो भनिएको छ । अंक पाँचमा शशि पन्थीको "पुस्तक संरक्षणमा दुई चार कुरा" छापिएको छ, त्यसमा असल पाठकको पुस्तकालयलाई जति बेला पनि खाँचो छ तर दुष्ट पाठकको एक क्षण पनि काम छैन भनिएको छ । सम्पूर्णाङ्क १९मा "पुस्तकालय, नेपालमा यसको प्रभाव र नेपाल पुस्तकालय संघ" बारेमा मुरारि विनोद पोखरेलको लेख छापिएको छ । उनले पुस्तकालयले के दिन्छ र पुस्तकालयसँग के-केको अपेक्षा गर्न सकिन्छ भन्ने कुरा पश्चिमी विकसित देशले मात्रै अठोट र प्रयोग गर्न सकेको तर पूर्वीय देशहरू यसमा धेरै पछि भएकोले देशले के-कसरी आफ्नो प्रविधिविस्तार र प्रयोग गराउने भन्ने कुराको अठोट लिएर त्यसैअनुरूप पुस्तकालय प्रणालीको स्थापना र सञ्चालन गराउने गर्नु ज्यादै समसामयिक देखिन्छ भनेका छन् । सम्पूर्णाङ्क २०मा भरतमणि रिसालले, "राष्ट्रिय पुस्तकालय रिपब्लिक सिंगापुरले विद्यालयतहमा दिएको पुस्तकालय सेवा" बारे लेख्दै त्यहाँको राष्ट्रिय पुस्तकालय वा ब्रान्च पुस्तकालय

भएको एरियाका हरेक प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक स्कूलसँग पुस्तकालयको पूरा सम्बन्ध भएको, बच्चाको स्तरअनुसार खेलाएर, देखाएर, पढाएर सिकाउने काम राष्ट्रिय पुस्तकालयले आफ्नो नियमित प्रोग्राममा राखेको हुँदा सानै बालबच्चाहरूले पनि पुस्तकालयको बारेमा राम्रो जानकारी राख्दा रहेछन् भन्दै सिंगापुरमा रहेको पुस्तकालयसेवाको प्रशंसा गरेका छन् । हाम्रो पुरुषार्थको ५८ औं सम्पूर्णाङ्कमा, शशि पन्थीको "गुल्मीदेखि क्यालिफोर्नियासम्मको पुस्तकालय यात्रा" बारे छापिएको छ, जहाँ अमेरिकाका विभिन्न पुस्तकालयको अवलोकन, अध्ययन र भ्रमण गरी त्यहाँका पुस्तकालयहरू कस्ता रहेछन्, पुस्तकालयहरूले के कस्ता सेवाहरू दिने रहेछन र पुस्तकालयहरू कसरी सञ्चालन हुने रहेछन् भनी लेखकले भ्रमणको क्रममा जुटाएको जानकारीलाई प्रस्तुत गरिएको छ । त्यस्तै ७९ औं सम्पूर्णाङ्कमा, मोदनाथ प्रश्रितले "मानवीय चेतना र सिर्जनामा पुस्तकालयको भूमिका" बारे लेखेका छन्, यादवचन्द्र निरौलाले "नेपालमा सार्वजनिक पुस्तकालयको वर्तमान अवस्था र भावी सोंच" बारे लेखेका छन् र वनमाली निराकारले "सार्वजनिक पुस्तकालयका समस्या र समाधानका उपाय" बारे लेखेका छन् । सम्पूर्णाङ्क ८० मा, इन्दिरा दलीसंगको भेटघाट छापिएको छ, जसमा उनले "पुस्तकालय सेवा जति राम्रो, निःस्वार्थ र पवित्र सेवा अरू केही छ जस्तो मलाई लाग्दैन, यस सेवामा बस्दा कसैलाई बिगार्ने, ठग्ने, भेदभाव गर्ने जस्ता कुराहरू हुँदैनन्, सधै विभिन्न विषयका ज्ञान सामग्रीहरूको संकलन, व्यवस्थापन, सम्प्रेषण र स्याहार सम्भार तथा संरक्षण गरेर सबलाई आवश्यक ज्ञानको सेवा दिनु चानचुने कुरा होइन भन्दै पुस्तकालय विकास गर्नका लागि हरेक तहका स्थानीय सरकार र सोभित्रका सबै जनसमुदायहरूले समेत काँधमा काँध मिलाएर पुस्तकालयको विकासको कार्यलाई अभियानका रूपमा अझ भनौं क्रान्तिकै रूपमा अगाडि बढाउन आवश्यक छ", भनेकी छन् । डा. बाबुराम ज्ञवालीले, "कुरा प्राचीनतम पुस्तकालयका" शीर्षकमा विगतका अनेक गुरुकुलीय विद्याकेन्द्रमध्येका तक्षशिला र नालन्दा दुई विशेष प्रसिद्ध पुस्तकालयबारे लेखेका छन् । यादवचन्द्र निरौलाले पुस्तकालयको पृष्ठभूमि, वर्तमान अवस्था, प्रमुख समस्या, मुद्दाहरू र सोबारे सुझावहरूसमेत दिएका छन् । कृष्ण ज्ञवालीले पुस्तक, पुस्तकालय र पठन संस्कृतिबारे लेखेका छन्, उनले ज्ञानको न्यायपूर्ण वितरणमा पुस्तकालयको ठूलो भूमिका रहेको बताएका छन् । सम्पूर्णाङ्क ८१ मा पुस्कर अथक रेग्मीको "पुस्तकालय विज्ञानको सिद्धान्त" नामक लेख छापिएको छ जहाँ उनले डा. एस. आर. रंगनाथन्ले दिएका पुस्तकालय विज्ञानका ५ मूलभूत सिद्धान्त (पुस्तक उपयोगका लागि, प्रत्येक पाठकका लागि पुस्तक, प्रत्येक पुस्तकको लागि पाठक, पाठकको समय बचाउन, पुस्तकालय संवर्धनशील संस्था)को व्याख्या गरेका छन् । सम्पूर्णाङ्क ९२ मा मुरारिविनोद पोखरेलले, "विपद् जिम्मेवारी : पुस्तकालयको क्षेत्राधिकार ?" भन्ने शीर्षकमा विपद् सबैको सरोकारको विषय रहेको बताएका छन्, विपद ऐन,

नीति, नियमावलीबारे छोटो जानकारी पनि दिएका छन्, कुन संस्था विपद्सँग सम्बन्धित नहोला भन्दै विपद् जोखिमन्यूनीकरण तथा व्यवस्थापन कार्य पनि पुस्तकालयको क्षेत्राधिकार बाहिर जान सक्दैन भनेका छन् ।

हाम्रो पुरुषार्थको आठौ अंकदेखि स्थायी स्तम्भअन्तर्गत "किरण पुस्तकालयको पातो" छापिन लाग्यो जसमा पुस्तकालयको लागि आवश्यक सहयोग र नीति, नियमको मागसँगै किरण पुस्तकालयका गतिविधिहरू पनि उल्लेख गरेको पाइन्छ । सम्पूर्णाङ्क २१ को किरण पुस्तकालयको पातोमा, पुस्तकालय र पत्रिका भन्ने बित्तिकै के गर्छन् र के छाप्छन् भनेर खूब निदीखूँदी गरे पनि कसरी चलाउँछन् र कसरी छाप्छन् भनेर सहयोग गर्नेतिर समाजको चासो नजाँदा उत्साह सेलाउँदो रहेछ भनी पुस्तकालयको लागि सबैबाट सहयोगको आशा राखिएको छ । सम्पूर्णाङ्क २२ मा, २०४१ सालमा पुस्तकालयको निम्ति पूर्वका वर्षहरूमा अपेक्षा गरेको कुनै पनि प्रकारको ऐन, कानून र नियम बनेको थाहा हुन सकेन, नेपालका सबै सार्वजनिक पुस्तकालयहरू अझै पनि अलपत्र छन् भनी आउँदो वर्ष वातावरणमा सुधार आओस् भनी कामना गरिएको छ । सम्पूर्णाङ्क २३ को पातोमा पनि, राष्ट्रिय पंचायतको छत्तीसौं अधिवेशनमा पनि नेपालका पुस्तकालयहरूबारे माननीय सदस्यहरूले कतै केही बोलेको कुरा चर्चामा नआएको र पुस्तकालयको संरक्षण र विकासको लागि सरकारको दृष्टि कहिले पुग्ने हो भनी पुस्तकालयहरूले नयाँ गति पाउन अझै पालो नआएको बुझिन्छ भनिएको छ । सम्पूर्णाङ्क २५ को पातोमा, बौद्धक विकासका लागि पुस्तकालय जस्ता संघसंस्थाको आवश्यकता र उपादेयता बोध गराउन सकियोस् र प्रत्येक जिल्लामा एक एकवटा सार्वजनिक पुस्तकालयहरू खोली सुव्यवस्थित रूपमा सञ्चालन गर्ने दायित्वबोध सबैमा आउन सकोस् भनिएको छ । सम्पूर्णाङ्क २६को पातोमा समय र परिस्थितिले ल्याएको गुरुतर दायित्व पुस्तकालयले बोक्नुपर्ने हुँदा र भइरहेको कार्यप्रणालीको परिवर्तनअनुसार चल्नुपर्ने हुँदा सबैको सहयोग र सद्भाव पुस्तकालयको खाँचो भएको बताइएको छ । सम्पूर्णाङ्क २८ मा नेपालमा लाइब्रेरी साइन्सको अध्ययन अध्यापनको व्यवस्था नभएको, देशमा दुईवटा विश्वविद्यालय हुँदा पनि लाइब्रेरी साइन्समा डिप्लोमा पढाउन नसकेको र पुस्तकालयको बारेमा सोच्ने र संरक्षण गर्ने राष्ट्रिय नीतिको अभावमा पुस्तकालयहरू टुहुरा भएकाले दायित्वबोध हुनु जरूरी भएको बताइएको छ । सम्पूर्णाङ्क २९ मा ठूल्ठूला सहर बजारमै पुस्तकालय खुल्न सकेका छैनन्, रक्सी भट्टी निर्विघ्न खुलिरहेका छन्, तिनलाई कसैले रोक्दैन तर कसैले आफू खाईनखाई, चन्दा हाली, श्रम गरी, पुस्तकालय, वाचनालय खोल्न चाहेमा संघ संस्था नियन्त्रण ऐन तुरून्तै लाग्दछ, यस्तो वातावरण, परिवेश र परिस्थितिको सुधार कसले, कहिले, कहाँबाट, कसरी गर्ने ?, भनेर प्रश्न गरिएको छ । त्यस्तै समाजका सम्पूर्ण विकृतिहरू वातावरणका उपज हुन्, शरीरका लागि खाद्यान्न र

मस्तिष्कका निम्ति शिक्षालय, पुस्तकालय र वाचनालय चाहिन्छन् भने पुस्तकालय जस्ता संस्थाहरूको विकास गर्दा कसैलाई हानि होला र ?, भनेर पनि प्रश्न गरिएको छ । सम्पूर्णाङ्क ३१ मा पुस्तकालयसम्बन्धी ऐन नियमका विषयमा विभिन्न पुस्तकालयहरूले मन्त्रालयमा धेरै पटक लेखापढी गरेपछि बल्ल शिक्षा मन्त्रालयबाट छिट्टै ऐन नियमको व्यवस्था हुँदै छ भनी जबाफ आएकोमा हाम्रा नीतिनिर्माताहरूको विवेक, विचार र बोलीको पालना भए नभएको हेर्ने कसले हो, भनी यसलाई एउटा आश्चर्यको कुरा छ भनिएको छ । त्यस्तै तनहूँ जिल्लाको सदरमुकाम दमौलीस्थित एक मात्र "व्यास पुस्तकालय" भवन भत्काई त्यसको ठाउँमा संगम क्लब खोलिएको प्रसङ्गमा सबै प्रकारका संस्थाहरू देशमा हुर्कनुपर्छ तर भएका संस्थालाई मास्नु हुँदैन, पुरानो संरक्षणका साथै नयाँ स्थापना गर्न प्रोत्साहन गर्नुपर्छ भनिएको छ । सम्पूर्णाङ्क ३६ मा सरकारले बल्लतल्ल छुट्टाएको मामूली रकम कसरी वितरण गर्ने भन्ने कुरामा आर्थिक वर्षको ९ महिना बितिसक्दा पनि कुनै टुंगो नभएको र पुस्तकालयसम्बन्धमा लेख्न थालेको २५ वर्ष भैसक्दा पनि देशमा २५ वर्षअगाडि र आजको स्थिति उस्तै रहेकोले, अझै नेपालमा सार्वजनिक पुस्तकालयहरूका दिन फिर्दैनन् कि भनेर चिन्ता देखाइएको छ । सम्पूर्णाङ्क ४३ मा, नेपालका सार्वजनिक र सामुदायिक पुस्तकालयहरूको बारेमा किरण पुस्तकालयले कुरा उठाउन थालेको ३ दशकभन्दा बढी समय भयो, ज्ञानको एउटा महत्त्वपूर्ण भण्डारको रूपमा रहेका पुस्तकालयहरूको स्थापना, संरक्षण र विकासको बारेमा सरकारले एउटा ठोस र प्रभावकारी नीति बनाई सहयोग पुऱ्याउनेतर्फ खासै ध्यान दिन नसकेको हुनाले देशभरका पुस्तकालयहरूको संरक्षण र विकास गर्ने दायित्व सरकारको नभए कसको हो ?, खै सरकारले विचार गरेको ?, भनेर प्रश्न गरिएको छ । सम्पूर्णाङ्क ४६ मा शिक्षा ऐन २०२७ को परिच्छेद १७ अन्तर्गत

*पुस्तकालयसम्बन्धमा लेख्न थालेको २५ वर्ष भैसक्दा पनि देशमा २५ वर्षअगाडि र आजको स्थिति उस्तै रहेकोले, अझै नेपालमा सार्वजनिक पुस्तकालयहरूका दिन फिर्दैनन् कि भनेर चिन्ता देखाइएको छ । सम्पूर्णाङ्क ४३ मा, नेपालका सार्वजनिक र सामुदायिक पुस्तकालयहरूको बारेमा किरण पुस्तकालयले कुरा उठाउन थालेको ३ दशकभन्दा बढी समय भयो, ज्ञानको एउटा महत्त्वपूर्ण भण्डारको रूपमा रहेका पुस्तकालयहरूको स्थापना, संरक्षण र विकासको बारेमा सरकारले एउटा ठोस र प्रभावकारी नीति बनाई सहयोग पुऱ्याउनेतर्फ खासै ध्यान दिन नसकेको हुनाले देशभरका पुस्तकालयहरूको संरक्षण र विकास गर्ने दायित्व सरकारको नभए कसको हो ?, खै सरकारले विचार गरेको ?*

> *सम्पूर्णाङ्क ५७ मा पुस्तकालय नियमको आवश्यकताबारे लेखिएको छ । शिक्षा नियमावलीमा भएको परिच्छेदलाई नै हटाएर पुस्तकालयहरूलाई अलपत्र पार्ने गैरजिम्मेदारीपूर्ण कार्य जुन सरकारले गरेको छ, यसमा सरकारले, सम्बद्ध नीतिनिर्माताहरूले, शिक्षा मन्त्रालयले समयमै विचार पुऱ्याई सार्वजनिक पुस्तकालयहरूको व्यवस्थापन, स्वीकृति, र अनुगमनका लागि निश्चित नीति बनाओस् भन्ने माग राखिएको छ ।*

श्री ५ को सरकारले आफै स्वीकृति दिएका पुस्तकालयहरूलाई कसरी व्यावसायिक रूपमा सञ्चालन गर्ने भन्ने कुरामा कत्ति विचार नगरी २०२८ सालमा शिक्षा ऐन बनाउँदा पुस्तकालयहरूलाई पूर्णतः उपेक्षा गरेर त्यस सम्बन्धमा कुनै जबाफ दिन नसक्ने आवस्थामा श्री ५ को सरकार पुगेको, नयाँ नियमावलीमा पुस्तकालयको सञ्चालन र व्यवस्थाबारे केही उल्लेख नभएपछि अब पुस्तकालयहरू कसरी सञ्चालन गरिन्छन् ? यसको स्पष्ट जबाफ कसले दिने, श्री ५ को सरकारले यसबारे के सोचेको छ, आजको एक्काईसौं शताब्दीमा पनि हाम्रो यस्तो हविगत भएपछि शैक्षिक विकासको आशा कसरी गर्ने ?, भनेर पनि प्रश्न गरिएको छ । सम्पूर्णाङ्क ४७ मा पुस्तकालयको गुनासो सुन्ने फुर्सद कसलाई छ र ?, यहाँ गुनासो गरेर के पो हुन्छ र ?, यो देशको शासन सञ्चालन गर्ने निकायमा जनताको गुनासो कसरी पुऱ्याउने भन्ने अहिलेको सबैभन्दा ठूलो समस्या हो भनिएको छ । सम्पूर्णाङ्क ५२ मा कसैको क्षणिक स्वार्थपूर्तिका लागि मात्र नीतिनियमहरू बद्लिरहँदा राष्ट्रमा अस्थिरता मात्र हुने हुनाले, दीर्घकालीन शान्ति र स्थिरता बनाइराख्ने गरी नयाँ लोकतान्त्रिक सरकारले पुस्तकालयसम्बन्धी निश्चित नीतिनियम र ऐन कानूनको समुचित व्यवस्था गरोस् भनेर सुझाब दिइएको छ । सम्पूर्णाङ्क ५५ मा राष्ट्रमा कुरा अनुकूल नभएपछि संस्था र व्यक्तिका कुराहरू पनि प्रतिकूल हुँदै जाने रहेछन्, पुस्तकालयले आशा गरेका धेरै कुराहरू बिग्रे, भत्के, पुस्तकालयले पाएको सहयोग बन्द भयो, पुस्तकालयका ऐन, नियमहरू बन्दै बनेनन् भनेर दुःख प्रकट गर्दै, भविष्यमा कुनै प्रकारको धोखा भयो भने त्यसको अपजस ६०१ जनामाथि नै जानेछ, त्यसैले सबैले आआफ्नो जिद्दी छाडेर निर्धारित समयभित्रै संविधान निर्माण गरी जन आन्दोलनको कदर गर्न आग्रह गरिएको छ । अन्यथा जनताको अभिशापमा सबै परिनेछ भनेर सचेत बनाउने काम पनि गरिएको छ । ५६ मा देशको संविधान नबनेको अवस्थामा अन्य नीतिनियम त कहिले कसरी बन्ने हुन् भन्ने प्रश्न रहेको र सरकार गैर जिम्मेदार बन्दै गैरहेको हुँदा, आफूले स्वीकृति दिएर सञ्चालन गरेका पुस्तकालयहरूलाई सरकारले अलपत्र नपारोस्, एउटा निश्चित नीति र नियमको निरन्तरता दिएर संरक्षण र संवर्धनको व्यवस्था गरिरहोस् भन्ने हाम्रो कामना हो भनिएको छ । सम्पूर्णाङ्क ५७ मा पुस्तकालय

नियमको आवश्यकताबारे लेखिएको छ । शिक्षा नियमावलीमा भएको परिच्छेदलाई नै हटाएर पुस्तकालयहरूलाई अलपत्र पार्ने गैरजिम्मेदारीपूर्ण कार्य जुनसरकारले गरेको छ, यसमा सरकारले, सम्बद्ध नीतिनिर्माताहरूले, शिक्षा मन्त्रालयले समयमै विचार पुऱ्याई सार्वजनिक पुस्तकालयहरूको व्यवस्थापन, स्वीकृति, र अनुगमनका लागि निश्चित नीति बनाओस् भन्ने माग राखिएको छ । सम्पूर्णाङ्क ५८ मा नेपाल पुस्तकालय संघको आह्वानमा गुल्मी जिल्लामा पहिलोपटक पुस्तकालय दिवस मनाएको बारे उल्लेख गरिएको छ । सम्पूर्णाङ्क ५९ मा पुस्तकालयसम्बन्धी नीति नियम र ऐन कानुन बनाउन पटक-पटक सम्बद्ध निकायहरूलाई अनुरोध गर्नु अरण्यरोदन मात्र सावित भइरहेको हुनाले, कहाँ छन् हामीले चुनेका प्रतिनिधिहरू ? गणतन्त्र घोषणा गरेर देशले के पायो ? कहाँ छन हाम्रा देशका युवाहरू ? देशको आर्थिक अवस्था कस्तो छ ? महिला दिदीबहिनीहरूको अवस्था कस्तो छ ? सिंगो देश किन वृद्धाश्रममा परिणत हुँदै छ ?, कहीं छ यसको उत्तर ? भनेर समेत प्रश्न गरिएको छ । सम्पूर्णाङ्क ६० मा ढिलै भएपनि अपूरो भए पनि नेपाल सरकारले पुस्तकालय तथा सूचना व्यवस्स्थापन निर्देशिका २०६९ स्वीकृत गरेकोमा सरकारको यो कामको प्रशंसा गर्दै निर्देशिकामा रहेका परिच्छेद र अनुसूचीको बारेमा पनि जानकारी दिइएको छ । सम्पूर्णाङ्क ६२ मा विद्यमान नीति र निर्देशिकालाई पूर्ण रूपमा कार्यान्वयन गराउनु सरकारको दायित्व रहेको बताइएको छ । त्यस्तै, देशबाट निरक्षरता उन्मूलन गर्ने अभियान पुस्तकालयको भएको र त्यसका लागि अध्ययन संस्कृतिको विकास हुनु धेरै जरूरी रहेको हुनाले, एउटा जिल्लामा र एउटा नगरमा कम्तीमा एउटा राम्रो पुस्तकालयको विकास गर्न सबै एकजुट भएर लनग्न सबैलाई आह्वान पनि गरिएको छ । सम्पूर्णाङ्क ६६ मा महाभूकम्पले नेपालका पुराना ऐतिहासिक पुस्तकालयहरू जस्तै मदन पुरस्कार पुस्तकालय, नेपाल राष्ट्रिय पुस्तकालय, त्रि.वि. केन्द्रीय पुस्तकालय जस्ता ख्यातिप्राप्त पुस्तकालयहरू गल्र्यामगुर्लुम्म पारेको र पुनर्निर्माण विना सञ्चालन गर्न नसकिने खतरापूर्ण आवस्थामा पुगेको हुनाले पुनर्निर्माणमा प्राप्त हुने रकमले पुस्तकालयहरूको पनि पुनर्निर्माण गर्नुछ भन्ने कुरालाई सरकारले ध्यान देओस् भन्ने माग राखिएको छ ।

*सम्पूर्णाङ्क ५९ मा पुस्तकालयसम्बन्धी नीति नियम र ऐन कानुन बनाउन पटक - पटक सम्बद्ध निकायहरूलाई अनुरोध गर्नु अरण्यरोदन मात्र सावित भइरहेको हुनाले, कहाँ छन् हामीले चुनेका प्रतिनिधिहरू ? गणतन्त्र घोषणा गरेर देशले के पायो ? कहाँ छन हाम्रा देशका युवाहरू ? देशको आर्थिक अवस्था कस्तो छ ? महिला दिदीबहिनीहरूको अवस्था कस्तो छ ? सिंगो देश किन वृद्धाश्रममा परिणत हुँदै छ ?, कहीं छ यसको उत्तर ?*

सम्पूर्णाङ्क ६८ मा किरण पुस्तकालयको विधान २०७२ को प्रस्तावना र त्यसका १० परिच्छेदहरू बारे विस्तृत रूपमा छापिएको छ । सम्पूर्णाङ्क ७५ मा २०६५ साल, भाद्र १५ गतेदेखि मनाउन थालिएको पुस्तकालय दिवसको बारेमा र २०६५ सालदेखि के कस्ता नाराका साथ पुस्तकालय दिवस मनाइयो भनेर उल्लेख गरिएको छ । सम्पूर्णाङ्क ७७ मा एक स्थानीय तह, एक नमूना पुस्तकालय नारामा मात्र होइन, कार्यान्वयनमा लागौं, प्रत्येक स्थानीय तहमा एक पुस्तकालय हुनुपर्छ, भएका पुस्तकालयहरूको व्यवस्थापन र सञ्चालनमा पनि तीनै तहका सरकारको ध्यान पुगोस, संविधानमा लेखिएका कुराहरूलाई आब नारा लगाउने मात्र होइन, कार्यान्वयन पनि गरौं भनेर लेखिएको छ । सम्पूर्णाङ्क ८५ मा गुल्मीका नगर/गाउँपालिकाहरूबाट स्थानीय निकायहरूको परिचय र आर्थिक सहयोगका लागि अनुरोध गरिएको छ र पाएको सहयोगको आधारमा पुस्तकालयले के-कस्ता कामहरू गर्नेछ भनेर पनि उल्लेख गरिएको छ । सम्पूर्णाङ्क ९३ मा नेपालमा पुस्तकालयको विकास र विस्तारका लागि सरकारीभन्दा निजी क्षेत्रबाट अधिकतम प्रयास भइरहेको छ, दिगो सञ्चालन लागि भरपर्दो स्रोत नहुँदा लामो इतिहास बोकेका, सार्वजनिक पुस्तकालयहरू पनि धरमराउँदो आवस्थामा छन्, प्रदेश सरकारले प्रदेशस्तरीय प्रथम पुस्तकालय सम्मेलनमा जारी गरिएको घोषणापत्रपछि पुस्तकालय लागि केही बजेट छुट्टाएको भए तापनि वितरणका लागि निश्चित नियम र मापदण्ड बनाउन नसकेकोमा यथाशीघ्र निश्चित मापदण्ड बनाई पारदर्शी रूपमा वितरण गर्न सक्नुपर्छ भनिएको छ । सम्पूर्णाङ्क ९९ मा पहिले पहिले लेख्ने पढ्ने साधन नहुँदा ज्ञान मौखिक रूपमा एक पुस्तादेखि अर्को पुस्तासम्म हस्तान्तरण गरिन्थ्यो, यसरी श्रुतिका रूपमा रहेका ज्ञानका कुराहरूलाई स्मृतिको रूपमा विकसित गरी कालान्तरमा लिपिबद्ध गरी पुस्तक या ग्रंथको रूपमा विकसित गरेर सङ्ग्रह गरी राख्ने पुस्तकालयहरू ज्ञानका भण्डार रहेको भन्दै पुस्तौं पुस्ताका लागि ज्ञान सुरक्षित राख्ने मन्दिरको संज्ञा दिइएको छ ।

हाम्रो पुरुषार्थको ७९ औं सम्पूर्णाङ्कमा, किरण पुस्तकालयले आयोजना गरेको ५ नं प्रदेशस्तरीय प्रथम पुस्तकालय सम्मेलनको बारेमा उल्लेख गरिएको छ । १५३ औं मोतीजयन्ती, १०५ औं बी.पी. जयन्ती र किरण पुस्तकालयको स्वर्ण-जयन्ती वर्षको उपलक्ष्यमा २०७५ साल भाद्र २४ गते ५ नं प्रदेशस्तरीय प्रथम पुस्तकालय सम्मेलनको आयोजना गरिएको थियो । पुस्तकालयलाई राज्यले महत्त्व दिई प्राथमिकतामा नराखेको र देशका कुनाकन्दरामा, समुदायको पहलमा चलेका सार्वजनिक पुस्तकालयको अवस्था कमजोर देखिएकोले, संगठित आवाजको बोध भई पुस्तकालयको आयोजनामा यो ऐतिहासिक प्रदेशस्तरीय पुस्तकालय सम्मेलन पहिलो पल्ट आयोजना गरिएको थियो । यो सम्मेलनको उद्घाटन सत्रमा २०० भन्दा बढी व्यक्तिहरूको उपस्थिति रहेको थियो । यस अंकमा गोपाल पन्थीको ५

नं प्रदेशस्तरीय प्रथम पुस्तकालय सम्मेलनको प्रतिवेदन छापिएको छ । सुनीता सेन ठकुरीको "पुस्तकालय सम्मेलनमा सहभागिता" भनी, सम्मेलनबारे प्रमुख वक्ताका भनाइहरू समेत उल्लेख गरिएको लेख छापिएको छ । सोही अंकमा मोदनाथ प्रश्रितको मानवीय चेतना र सिर्जनामा पुस्तकालयको भूमिका, यादवचन्द्र निरौलाको नेपालमा सार्वजनिक पुस्तकालयको वर्तमान अवस्था र भावी सोच र वनमाली निराकारको सार्वजनिक पुस्तकालयका समस्या र समाधानका उपाय नामक लेख र कार्यपत्रहरू पनि छापिएका छन् । त्यस्तै किरण पुस्तकालयको पातोमा ५ नम्बर प्रदेशस्तरीय प्रथम पुस्तकालय सम्मेलनले पारित गरेको ७ बुँदे तम्घास घोषणापत्र र मागलाई संघीय, प्रदेश र स्थानीय सरकारबाट यथाशीघ्र कार्यान्वयन गर्न गराउनका लागि हार्दिक अनुरोध पनि गरिएको छ । घोषणापत्रमा प्रदेश ५ मा सञ्चालित सामुदायिक तथा सार्वजनिक पुस्तकालयको तथ्याङ्क सङ्कलन गर्न र पुस्तकालयहरूमा कार्यरत जनशक्तिको क्षमता विकासका लागि कम्तीमा तीन महिने तालिम सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गर्न प्रदेश सरकारलाई अनुरोध गर्ने, स्थानीय तहमा भएका पुस्तकालयहरूमा सबै पठन सामग्री संकलन गरी विकास गर्ने, स्थानीयतहले पुस्तकालय सञ्चालन गर्न र विवाद भएमा समन्वयकारी भूमिका निर्वाह गर्ने, प्रदेशमा रहेको सामाजिक विकास मन्त्रालयमा सार्वजनिक सामुदायिक पुस्तकालय हेर्ने डेस्क स्थापना गर्न अनुरोध गर्ने, पुस्तकालय सञ्चालनका लागि न्यूनतम आधारभूत विद्यालयलाई दिएको अनुदान रकमसरहको रकम विनियोजन गर्न संघीय र प्रदेश सरकारलाई अनुरोध गर्ने, प्रदेश स्तरमा पुस्तकालयको स्थापना, सञ्चालन र व्यवस्थापनका निम्ति समन्वयात्मक कार्य गर्ने गरी प्रदेश सञ्जालको निर्माण गर्ने कुराहरू लेखिएको छ । सम्पूर्णाङ्क ९० को पुस्तकालय परिचयमा गृह पुस्तकालय, (घरघरमा पुस्तकालय) अभियानको बारे संक्षिप्त परिचय दिइएको छ, यस अभियानको आगामी योजना, नीति तथा कार्यक्रमहरू, उद्देश्यहरू र अपेक्षित उपलब्धिहरू बारे पनि उल्लेख गरिएको छ ।

किरण पुस्तकालयबाट समय-समयमा हाम्रो पुरुषार्थका विशेषाङ्कहरू प्रकाशित भएका छन् । यसरी प्रकाशित भएका विशेषाङ्कमध्ये, २०५५ सालमा "पुस्तकालय विशेषाङ्क" पनि निस्किएको छ । हाम्रो पुरुषार्थको ३७ औं अंकको रूपमा प्रकाशित भएको यस विशेषाङ्कमा तराईदेखि हिमाली भेगका दुर्गम जिल्लामा स्थापित गरिएका पुस्तकालयहरूको बारेमा लेखिएको छ, नेपालको परिप्रेक्ष्यमा पुस्तकालय र साहित्य श्रीवृद्धिका लागि पुस्तकालयको योगदानको बारेमा, त्यस्तै पुस्तकालय ढल्दै छन् : सिनेमा भवन बन्दै छन्, जस्ता लेखसहित पुस्तकालयहरूले सरकारको सुदृष्टि पाऊन् भनेर सम्पादकीय लेख पनि छापिएको छ । पुस्तकालय विशेषाङ्कमा छापिएको डा. डिल्लीरमण रेग्मीसंगको भेटघाट र अन्तर्वार्तामा, डा. रेग्मीले, आफूले ४/५ कक्षादेखि नै पुस्तकहरू जतनसाथ राख्ने

गरेको र पछि बनारस हिन्दू यूनिवर्सिटीको पुस्तकालय, कलकत्ताको विशाल पुस्तकालय र पटनाको सिन्हा लाइब्रेरी देखेपछि आफूलाई पुस्तकालय खोल्ने प्रेरणा मिलेको बताएका छन् । आफूले २० वटा पुस्तकहरू लेखेको र त्यसमा १२ वटा पुस्तकहरू इतिहास सम्बन्धित रहेको कुरा गरेका छन् । डा. डिल्लीरमण रेग्मी कल्याणी रेग्मी पुस्तकालय निर्माण गरेर, करिब ४ रोपनीको जग्गामा निर्मित हल सहितको घर, फर्निचर र सबै पुस्तकहरू श्री ५ को सरकार शिक्षा मन्त्रालयलाई हस्तान्तरण गरेको कुरा बताएका छन् । करोडौंको सम्पत्ति सरकारलाई दान गरेका रेग्मीले पुस्तकहरू दराजमा मात्रै थन्किएर रहे भने त्यसको कुनै अर्थ हुँदैन भनेका छन् । कमल दीक्षितसँगको अन्तर्वार्तामा, कमल दीक्षितले सार्वजनिक पुस्तकालय अहिले नेपालमा नरहेको र आफ्नो अस्तित्व या नामसम्म टिकाएर राख्ने त्यस्ता पुस्तकालयले पनि साँचैको सेवा दिन नसकेको भन्ने आफूले सुनेको बताएका छन् । २०१३ सालमा मदन पुरस्कार पुस्तकालयको स्थापना गरेर २०४८ सालसम्म आफै पुस्तकाध्यक्ष र सदस्य सचिव रहेको र २०४८ सालपछि आफू सञ्चालक समितिको अधयक्ष र लाइब्रेरीयन दुबै पदमा रहेर काम गर्ने गरेको बताएका छन् । उनले ३० वर्षदेखि मदन पुस्तकालयमा रहेका अमूल्य वस्तुहरूको सुरक्षण र संरक्षणको लागि श्री ५ को सरकारसँग अरण्यरोदन गरिरहेको बताएका छन् । आफ्नो लेख "धन्यवादको आदानप्रदान"मा उनले भोलिका नेपाली पाठकले "के हो यो मदन पुरस्कार पुस्तकालयको पाना ?" भन्दा, 'हाम्रो पुरुषार्थको फलानो अंकमा हेर !' त भन्नपाइयो कि ? भन्दै शशि पन्थीको गुन मानेका छन् । त्यस्तै डा. टीकाराम पन्थी "अलिखित हस्तलिखित ग्रंथागार"बारे लेख्दै, मुद्रित पुस्तकमा मूल्य हुन्छ, धेरै प्रति हुनाले कहीं न कहीं फेला पर्छ, हस्तलिखित त्यसमा पनि मौलिक किताबको मूल्य हुँदैन, त्यो एक प्रति हुन्छ, कतै हरायो भने ऐतिह्य नष्ट भयो, कोटि रूपैयाँ तिरेर पनि पाइँदैन, जिल्लास्तरमा वा जिल्लाभित्रकै क्षेत्रीय, जनपदीय स्तरमा त्यस्ता अनाथ, असुरक्षित र अपहेलित ग्रन्थहरू सामाजिक संस्थाले बटुलेर पुस्तकालयमा राख्नुपर्छ भनेका छन् । कृष्णप्रसाद पराजुलीले "प्रसङ्ग पुस्तकालयको सम्झना आफ्नै" मा, २०१३ सालमा आफूले "जागृति पुस्तकालय" खोलेको र पुस्तकालय नै सर्वस्व हो भनेर आफ्नै खल्ती रित्याउँदै, लागी परेर खटी जिल्लाभरको सर्वश्रेष्ठ बनाएको पुस्तकालय पछि राष्ट्रियस्तरका कामहरूमा बढी खटिनुपर्दा समय दिननसकेको, समय र आर्थिक सहायता नपाउँदा, आफू हुरूक्क भएर लागेको पुस्तकालयको अहिले अवशेष मात्रै रहेको र अहिलेको पुस्तकालयको अवस्था सम्झँदा आँखामा आँसु आउँछ, भन्दै दुःख प्रकट गरेका छन् । रजत जयन्तीपछि युवा पुस्ताले सम्भाल्ला भनेर सुम्पेको तर युवापुस्तामा त्यागको भवना आउन नसकेको बताएका छन् । उनले आफ्नो लेखमार्फत सबैलाई पुस्तकालयप्रति श्रद्धा र सद्भावना राखिदिनुहोस्, देश र समाजका लागि केही गर्नुहोस् भनेर आह्वान गरेका छन् । डा. भूपहरि पौडेलले नेपालको

सन्दर्भमा पुस्तकालयलाई २००७ सालपूर्वको पुस्तकालय, २००७-२०१७ को पुस्तकालय र २०१७-२०५५ को पुस्तकालय भनेर तीन युगमा विभाजन गरेका छन् । उन्ले पुस्तकालय स्थापनाको प्रयास र १९८७ सालको पुस्तकालय पर्व र त्यस पर्वमा परेका मानिसहरूको नाम दिएका छन्, साथै उनले २००७ सालपूर्व खुलेका नेपालका प्रमुख पुस्तकालयहरू, नेपालका अन्य केही प्रमुख पुस्तकालयहरू र राजधानीका अन्य केही प्रमुख पुस्तकालयहरूको नाम पनि दिएका छन् । कृष्णप्रसाद बस्यालले "जुम्लामा पुस्तकालय हिजो र आज"को शीर्षकमा कर्णाली जिल्लामा रहेका पुस्तकालयको बारेमा लेखेका छन् । २०१३ सालमा भीमप्रसाद श्रेष्ठको नेतृत्वमा भएको ज्ञानप्रकाश पुस्तकालयको स्थापना, जावेश्वर पुस्तकालयसँगको एकीकरण, बिग्रंदो अवस्थाको सुरूवात र २०५४ सालमा पुस्तकालय प्रेमी भीमप्रसाद श्रेष्ठको पुनःप्रयास र उनको असामयिक निधनको बारे बताएका छन् । नयाँ पिंढी र युवावस्थामा पुरानो पिंढीमा झैं जोश जाँगर जागृत हुन सकेन, रचनात्मक र सृजनात्मक काममा कसैको ध्यान जानै छोड्यो, हेरौं भविष्यमा के हुन्छ, भनेका छन् । शिव रेग्मीले "साहित्य श्रीवृद्धिका लागि पुस्तकालयको योगदान" बताउँदै, धेरै जसो पुस्तकालयहरूद्वारा शुरूमा हस्तलिखित पछि मुद्रित रूपमा विभिन्न पत्रिकाहरू भेटिएसम्मका त्यस्ता पत्रिकाहरूको सर्वेक्षण गर्नु आफ्नो लेखको उद्देश्य रहेको बताएका छन् । दुर्गाप्रसाद अर्यालले "पुस्तक र पुस्तकालयबारे केही अभिव्यक्ति" लेखेका छन् । शिव रेग्मीले "नेपालमा सार्वजनिक पुस्तकालय" नामक लेखमा पुस्तकालयको इतिहास, केही पुस्तकालयहरूको परिचय र राष्ट्रियस्तरको एउटा पुस्तकालय आजको खाँचो रहेको बताएका छन् । मधुसूदन शर्मा सुवेदीले "राष्ट्रिय अभिलेखालय"को बारे लेख्दै, यस भवनको संग्रहालयमा रहेका ग्रंथ, शिलापत्रका प्रतिलिपिहरू तथा ऐतिहासिक चिठीपत्र, लालमोहर आदिमा स्वराष्ट्रको चहकिलो इतिहास प्रतिबिम्बित हुने कुरा गरेका छन् । शुकदेव ज्ञवालीले पनि राष्ट्रिय अभिलेखालयको बारे एक जानकारी लेखेका छन् । कृष्णमान मानन्धरले "नेपालमा पुस्तकालयको ऐतिहासिक पृष्ठभूमि" बारे लेखेका छन् । शशिनाथ ठाकुरले त्रिभुवनविश्वविद्यालय केन्द्रीय पुस्तकालयको एक छोटो चिनारी दिएका छन् । रामप्रसाद वशिष्ठले ज्ञान, सीप र दक्षता विकासका निम्ति पुस्तकालय एउटा कल्पलता हो, कल्पवृक्ष हो, कामधेनु हो भन्दै पुस्तकालयबारे लेख लेखेका छन् । पुरुषोत्तम ज्ञवालीले केसर पुस्तकालयको बारे लेखेका छन् । लक्ष्मण उपाध्यायले "सर्लाहीको पहिलो पुस्तकालय : आरम्भ र अन्त" बारे लेखेका छन्, उनले सर्लाहीको शैक्षिक इतिहासमा आफ्नो आँखा सामुन्ने सार्वजनिक पुस्तकालय बन्द गरिंदा र त्यसको जग्गा चाहिं व्यक्तिगत सम्पत्तिमा परिणत हुँदा पनि स्थानीय शिक्षित युवकहरूबाट कुनै प्रतिक्रिया नहुनु साह्रै खेदजनक घटना भएको बताएका छन् । दुर्गाप्रसाद अर्याल र मोहनप्रसाद तिमिल्सिनाले, "त्रि.वि. केन्द्रीय पुस्तकालय र विष्णुराज ओझाका सम्बन्धमा" लेख लेखेका छन् । श्री विष्णुजीले आफ्ना

सेवाका क्रममा प्राप्त गरेका चर्चा प्रोत्साहन र प्रेरणास्पद विवरण पनि यस लेखमा समावेश गरिएको छ । पूर्णप्रसाद अधिकारीले "पुस्तकालयको महत्त्व र चितवनका पुस्तकालयको सन्दर्भ" भनी चितवनका संस्थागत वा सार्वजनिक पुस्तकालयको संक्षिप्त रेखांकन गरेका छन् । नयराज पन्तले "गुरुराजको घर र पुस्तकालयको संभार" भन्ने लेख लेखेका छन् । गोपाल थापाले "नेपालको परिप्रेक्ष्यमा पुस्तकालय" लेखेका छन् । सनत रेग्मीले "महेन्द्र पुस्तकालय नेपालगंजको ५० वर्ष"बारे लेखेका छन् । भेषबहादुर कुँवरले "तिनताकका केही सम्झनाहरू" भन्दै पुस्तक र पत्रपत्रिका मात्र थुपारेर पुस्तकालय जीवित हुन सक्दैन, यसको जीवन्तताका लागि निरन्तरता दिन शिक्षा, साहित्य र संस्कृतिको संरक्षण पनि निरन्तर गर्नुपर्छ भनेका छन् । वनमाली निराकारले "धवल पुस्तकालय अतीतदेखी वर्तमानसम्म" लेख लेखेका छन् । घनश्याम सुस्मितले "पुस्तकालय आवश्यकता र यथार्थता" लेखेका छन् । हेमराज ज्ञवालीले "रीडको नेपाल लाइब्रेरी प्रोजेक्ट" बारे लेखेका छन् । विनोद कडरियाले "पुस्तकालय ढल्दैछन् सिनेमा भवन बन्दैछन्"भन्दै मानिसहरूमा भौतिक सम्पन्नता र देखासिकीप्रति आकर्षण बढ्दै गएको तर सोच्ने, मनन गर्ने र चिन्तन गर्ने बानीमा ह्रास आउन लागेको बताएका छन् । श्रीराम सापकोटाले "सार्वजनिक पुस्तकालय एक विवेचना" लेखेका छन् उनले गुल्मीमा रहेका पुस्तकालयहरूको बारेमा पनि लेखेका छन् । गोपालप्रसाद पाण्डेले "मातृभूमि", 'हाम्रो समाज हाम्रो पुस्तकालय' लेखेका छन् । विनोदकुमार शर्माले जनकपुर र सगरमाथा अञ्चलका फाटफुट पुस्तकालयको बारे लेखेका छन् । त्यस्तै गोपालबहादुर सिंहले कपिलवस्तुको पुरानो पशुपतिप्रताप पुस्तकालय र कृष्णनगरको श्री ५ महेंद्र पुस्तकालयबारे, भोलानाथ शर्माले पर्वतको मोती पुस्तकालयबारे, हेमराज भुसालले अर्घाखाँचीमा पुस्तकालयको अवस्था भन्दै मोती पुस्तकालय, सुमन पुस्तकालय, प्रजातान्त्रिक पुस्तकालय, शान्ति पुस्तकालयबारे, विश्वराज अधिकारीले जनता पुस्तकालय, धादिङबारे, राजेन्द्रभगत श्रेष्ठले जनता पुस्तकालय, धरानबारे, महेन्द्रलाल श्रेष्ठले श्री उग्र पुस्तकालय, साँखुबारे, प्रभात पुस्तकालय परिवारले प्रभात पुस्तकालयबारे, सुशील कर्णले भद्रपुर पुस्तकालयबारे, हेमराज भण्डारीले रामनवमी पुस्तकालय, धनकुटाबारे, चित्रबहादुर मल्लले छायाक्षेत्र जनहित पुस्तकालय, मुगुबारे, धरणीधर दाहालले सुनसरीको पब्लिक लाइब्रेरीबारे लेखेका छन् । गोरखाका पुस्तकालय र पुस्तकालयका गतिविधिबारे पनि यसमा उल्लेख गरिएको छ । सम्पादक शशि पन्थीको सार्वजनिक पुस्तकालयको विकास आजको आवश्यकता नामक शीर्षकमा नेपालमा सार्वजनिक पुस्तकालयहरूको विकासका लागि सरकारले स्पष्ट नीतिनियम र ऐन कानूनको व्यवस्था गर्नुपर्छ भनी लेखिएको छ । पुस्तकालयको व्यवस्था र सञ्चालन भनी पुस्तकालयसम्बन्धी नियम पनि छापिएको छ । हाम्रो पुरुषार्थले नेपाल भरका पुस्तकालयहरूको वास्तविक स्थिति पत्ता लगाउने उद्देश्यले विभिन्न व्यक्ति, संघ संस्था, जिल्ला

विकास समिति, जिल्ला प्रशासन कार्यालय, जिल्ला शिक्षा कार्यालयहरूसँग पुस्तकालयसम्बन्धी विवरण उपलब्ध गराइदिई सहयोग गर्न अनुरोध गरेर प्राप्त भएको जानकारी बमोजिम नेपालका लगभग १७८ वटा पुस्तकालयहरूको नाम उल्लेख भएका छन् र भएसम्म संक्षिप्त परिचय पनि दिइएको छ । यस अंकपछिका हरेक अंकमा एउटा न एउटा पुस्तकालयको परिचय दिएर विभिन्न ठाउँमा रहेका पुस्तकालयहरूको बारे जानकारी दिने कामको थालनी गरिएको हो । प्रायःजसो पुस्तकालय परिचयमा पुस्तकालयको परिचय, विकासक्रम, भौतिक सम्पत्तिको विवरण, पुस्तक वितरणप्रणाली, पुस्तक राख्ने प्रक्रिया, सुरक्षा, कर्मचारी, क्षेत्र, पुस्तकालय खुल्ने र बन्द हुने समय, पुस्तक र पाठक, अन्य गतिविधि र सञ्चालक समितिको नामावलीसहितको लेख छापिएको हुन्छ भने कुनैमा पुस्तकालयको सामान्य जानकारी छापिएको हुन्छ । हाम्रो पुरुषार्थमा उल्लेख गरिएका नेपालका विभिन्न ठाउँका पुस्तकालयहरूको नाम अनुसूची १ मा दिइएको छ ।

*हाम्रो पुरुषार्थले नेपाल भरका पुस्तकालयहरूको वास्तविक स्थिति पत्ता लगाउने उद्देश्यले विभिन्न व्यक्ति, संघ संस्था, जिल्ला विकास समिति, जिल्ला प्रशासन कार्यालय, जिल्ला शिक्षा कार्यालयहरूसँग पुस्तकालयसम्बन्धी विवरण उपलब्ध गराइदिई सहयोग गर्न अनुरोध गरेर प्राप्त भएको जानकारी बमोजिम नेपालका लगभग १७८ वटा पुस्तकालयहरूको नाम उल्लेख भएका छन् र भएसम्म संक्षिप्त परिचय पनि दिइएको छ । यस अंकपछिका हरेक अंकमा एउटा न एउटा पुस्तकालयको परिचय दिएर विभिन्न ठाउँमा रहेका पुस्तकालयहरूको बारे जानकारी दिने कामको थालनी गरिएको हो ।*

यसरी हाम्रो पुरुषार्थले पुस्तकालयहरूको महत्त्व बताएर, सरकारलाई पुस्तकालयसम्बन्धी स्पष्ट नीति नियमर ऐन कानुन बनाउनको लागि दबाब दिएर, देशमा रहेका विभिन्न पुस्तकालयहरूलाई समयमा सहयोग नमिल्दा इतिहासका थुप्रै ज्ञानमूलक कुराहरू गुमिसकेको र बाँकी बचाउनको लागि सरोकारवालाहरूको ध्यान जाओस् भनेर सबैलाई सहयोगको लागि आह्वान गरेको छ । कैयन वर्षदेखि पसिनाले सिञ्चेका पुस्तकालयलाई जिउँदै राख्न सबै मिलेर प्रयत्न गर्नुपर्छ तब बल्ल हाम्रा अमूल्य हस्तलिखित र मौलिक किताबहरू सुरक्षित हुनेछन्, सङ्ग्रहालय सुरक्षित भए हाम्रो इतिहास सुरक्षित हुनेछ भनेर सबैलाई आफ्नो मौलिकता बचाउन पनि अनुरोध गरेको छ । हाम्रो पुरुषार्थले

नेपाली साहित्य, सभ्यता, संस्कृति र ज्ञानविज्ञानको भण्डार पुस्तकालयको सुरक्षण, संरक्षण र सहयोगको लागि स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारलाई निरन्तर बोध गराउने प्रयास गरिरहेको छ । त्यसैले चेतना र चिन्तनको संवाहक पुस्तकालयको संवर्धन र विकासमा सरकारको अवश्य पनि ध्यानाकर्षण हुनेछ भन्ने कामना गरिएको छ ।

## अनुसूची १

| क्र.सं. | सम्पूर्णाङ्क | पुस्तकालयको नाम | स्थापना मिति | ठेगाना |
|---|---|---|---|---|
| १ | ३७ | डा. डिल्लीरमण रेग्मी कल्याणी रेग्मी पुस्तकालय | | लाजिम्पाट |
| २ | ३७ | अमृत पुस्तकालय | | बकुम्वहाल, ललितपुर |
| ३ | ३७ | अरण्यज्योति पुस्तकालय | | महेन्द्रपुल, पोखरा |
| ४ | ३७ | आदर्श पुस्तकालय | २००३ | विराटनगर |
| ५ | ३७ | उग्र पुस्तकालय | २०११ | साँखु, काठमाडौ |
| ६ | ३७ | कृषक पुस्तकालय | | पाटन, ललितपुर |
| ७ | ३७ | केसर पुस्तकालय | १९०९ | केसरमहल |
| ८ | ३७ | कैलाली जनपुस्तकालय | | धनगढी |
| ९ | ३७ | कौशल किशोर पुस्तकालय | | महोत्तरी |
| १० | ३७ | गण्डकी छात्र पुस्तकालय | | गोरखा |
| ११ | ३७ | गुराँस पुस्तकालय | | बरगाछी, विराटनगर |
| १२ | ३७ | छायाँ क्षेत्र जनहित पुस्तकालय | २०५५ | मुगु |
| १३ | ३७ | जनआदर्श पुस्तकालय | | मनता १, महोत्तरी |
| १४ | ३७ | जनज्योति पुस्तकालय | | दरबार स्क्वायर, भक्तपुर |
| १५ | ३७ | जनप्रिय पुस्तकालय | | बनौटा ०२, महोत्तरी |
| १६ | ३७ | जनता पुस्तकालय | | ब्रह्मपुर, महोत्तरी |
| १७ | ३७ | जनसेवा पुस्तकालय | | प्रगतिनगर, नवलपरासी |
| १८ | ३७ | जम्काभेट पुस्तकालय | २०२६ | लालगढ, धनुषा |
| १९ | ३७ | जागृति पुस्तकालय | २०१३ | अमरकोट काभ्रेपलाञ्चोक |
| २० | ३७ | जान्हवी पुस्तकालय | | चेपकट, फूलबरिया, जनकपुर |

| क्र.सं. | सम्पूर्णाङ्क | पुस्तकालयको नाम | स्थापना मिति | ठेगाना |
|---|---|---|---|---|
| २१ | ३७ | जानकी मन्दिर धार्मिक पुस्तकालय | २०३८ | धनुषा |
| २२ | ३७ | तरूण पुस्तकालय | | दुम्सिपाढा |
| २३ | ३७ | द राइजिंग क्लब एण्ड लाइब्रेरी | | परिकिली, महोत्तरी |
| २४ | ३७ | दशरथ चन्द पुस्तकालय | | परिकिली, श्रीपुर, बेलौरी, कञ्चनपुर |
| २५ | ३७ | देवकोटा पुस्तकालय | | विराटनगर |
| २६ | ३७ | धवल पुस्तकालय | २००४ | तानसेन, पाल्पा |
| २७ | ३७ | नमूना सहकारी पुस्तकालय | | फिदिम, पाँचथर |
| २८ | ३७ | नवजारण युथ क्लब पुस्तकालय | | ब्रह्मपुर, महोत्तरी |
| २९ | ३७ | नवस्मरण पुस्तकालय | | दुवाकोट ०२, भक्तपुर |
| ३० | ३७ | नर्सिंह युथ क्लब तथा पुस्तकालय | | महोत्तरी |
| ३१ | ३७ | नारायणी पुस्तकालय | | नारायणगढ, चितवन |
| ३२ | ३७ | नेपालभारत सांस्कृतिक केन्द्र पुस्तकालय | | काठमाडौं |
| ३३ | ३७ | नेपाल राष्ट्रिय पुस्तकालय | | पुलचोक, काठमाडौं |
| ३४ | ३७ | न्यू नवजागरण युवा क्लब पुस्तकालय | | गोनरपुरा, महोत्तरी |
| ३५ | ३७ | पञ्चायत पुस्तकालय | | सन्धिखर्क, अर्घाखाँची |
| ३६ | ३७ | प्रजातान्त्रिक पुस्तकालय | | अर्घा, धरम्पानी, अर्घाखाँची |
| ३७ | ३७ | पशुपतिप्रताप पुस्तकालय | १९९३ | तौलिहवा, कपिलवस्तु |
| ३८ | ३७ | पोखरा पुस्तकालय | | सिद्धार्थचोक, पोखरा |
| ३९ | ३७ | पोखरा सार्वजनिक पुस्तकालय | | महेन्द्रपुर, पोखरा |
| ४० | ३७ | बाल पुस्तकालय | | इत्रम ०८, सुर्खेत |
| ४१ | ३७ | बृहस्पति पुस्तकालय | | बालकोट ०२, भक्तपुर |
| ४२ | ३७ | बौद्धिक विकास मण्डल लाइब्रेरी | | चेनेटोल, भक्तपुर |

| क्र.सं. | सम्पूर्णाङ्क | पुस्तकालयको नाम | स्थापना मिति | ठेगाना |
|---|---|---|---|---|
| ४३ | ३७ | भद्रपुर पुस्तकालय | | भद्रपुर ०९, झापा |
| ४४ | ३७ | भानु पुस्तकालय | | सत्ती ०८, नारायणपुर, कैलाली |
| ४५ | ३७ | भीम पुस्तकालय | २०३१ | दोलखा |
| ४६ | ३७ | भैरव स्मृति पुस्तकालय | | बौद्ध, काठमाडौं |
| ४७ | ३७ | भोगेन्द्र स्मारक पुस्तकालय | | रक्तकाली, काठमाडौं |
| ४८ | ३७ | मदन पुरस्कार पुस्तकालय | | दरबारटोल, पाटन ढोका, ललितपुर |
| ४९ | ३७ | मरेंङ पुस्तकालय | | अर्घाखाँची |
| ५० | ३७ | महावीर पुस्तकालय | २००४ | बुटवल |
| ५१ | ३७ | महाबौद्ध पुस्तकालय | | ओकुबहाल, ललितपुर |
| ५२ | ३७ | महेन्द्र ज्योति पुस्तकालय | २०१९ | जुम्ला, खलङ्गा |
| ५३ | ३७ | महेन्द्र पुस्तकालय | | नेपालगञ्ज |
| ५४ | ३७ | महोत्तरी क्लब लाइब्रेरी | | शंकररोड, जलेश्वर |
| ५५ | ३७ | मातृभूमि पुस्तकालय | | कट्टी, बिर्घा, अर्चले, स्याङ्जा |
| ५६ | ३७ | मित्र पुस्तकालय | | महापाल, ललितपुर |
| ५७ | ३७ | मोती पुस्तकालय | २०२२ | वाङ्ला, अर्घाखाँची |
| ५८ | ३७ | मोती पुस्तकालय | २०१६ | फलेवास, पर्वत |
| ५९ | ३७ | युवा पुस्तकालय | | गोनरपुरा ६, महोत्तरी |
| ६० | ३७ | युवक पुस्तकालय | | पकनाजोल, काठमाडौं |
| ६१ | ३७ | रत्नश्रेष्ठ पुस्तकालय | | किनाराटोल ०४, बाग्लुङ |
| ६२ | ३७ | राष्ट्रिय पुस्तकालय | | केराबारी, मोरङ |
| ६३ | ३७ | राष्ट्रिय अभिलेखालय पुस्तकालय | | पुतलीसडक, काठमाडौं |
| ६४ | ३७ | रामजानकी सेवा समिति पुस्तकालय | | राधापुर,राजापुर,बर्दिया |
| ६५ | ३७ | लु निभा पुस्तकालय | | इनबहाल, ज्याठा, काठमाडौं |
| ६६ | ३७ | विकास पुस्तकालय | | झापा |

| क्र.सं. | सम्पूर्णाङ्क | पुस्तकालयको नाम | स्थापना मिति | ठेगाना |
|---|---|---|---|---|
| ६७ | ३७ | विद्याधरी सार्वजनिक पुस्तकालय | | टक्सार ०२, भोजपुर |
| ६८ | ३७ | विद्यापति जनहित पुस्तकालय | | दक्षिणबारी टोल, बनौली, महोत्तरी |
| ६९ | ३७ | विष्णुमाया पुस्तकालय | | विराटनगर |
| ७० | ३७ | शहीद टङ्क पुस्तकालय | | अर्घाखाँची |
| ७१ | ३७ | शान्ति पुस्तकालय | | मणिग्राम, रूपन्देही |
| ७२ | ३७ | श्री ५ महेन्द्र पुस्तकालय | | कृष्णनगर, कपिलवस्तु |
| ७३ | ३७ | श्री ५ महेन्द्र पुस्तकालय | | प्यूठान |
| ७४ | ३७ | श्रीराम पुस्तकालय | २००५ | भोजपुर |
| ७५ | ३७ | श्वेतकाली पुस्तकालय | २००७ | नरदेवी काठमाडौं |
| ७६ | ३७ | स्नेह पुस्तकालय | | बालीफल, ललितपुर |
| ७७ | ३७ | सरोज-भीष्म पुस्तकालय | | ब्रह्मपुरी, जनकपुर |
| ७८ | ३७ | सानोकाजी महर्जन किसान पुस्तकालय | | गुइटोल, ललितपुर |
| ७९ | ३७ | शान्ति पुस्तकालय | | ठूलो पोखरा, अर्घाखाँची |
| ८० | ३७ | सार्वजनिक पुस्तकालय | | धरान, सुनसरी |
| ८१ | ३७ | सार्वजनिक पुस्तकालय | | जनकपुरधाम |
| ८२ | ३७ | सार्वजनिक शिक्षानिकेतन | २००४ | धनकुटा |
| ८३ | ३७ | सार्वजनिक पुस्तकालय | | रिडी, गुल्मी |
| ८४ | ३७ | सिराहा पुस्तकालय | | सिराहा |
| ८५ | ३७ | सिद्धार्थ ज्ञानमन्दिर | | रूपन्देही, भैरहवा |
| ८६ | ३७ | सुगन्ध पुस्तकालय | | पर्वत |
| ८७ | ३७ | सुजित स्मृति पुस्तकालय | | महेन्द्रनगर |
| ८८ | ३७ | सुहृद् पुस्तकालय | २०११ | जनकपुर |
| ८९ | ३७ | सम्झना पुस्तकालय | | सुनद्वारी ०४, सुर्खेत |
| ९० | ३७ | समाजसेवा पुस्तकालय | | पोखरा ०७ |
| ९१ | ३७ | सामुदायिक पुस्तकालय | | लङ्ला, ललितपुर |
| ९२ | ३७ | सरस्वती युवा पुस्तकालय | | शिवचोक, समही, महोत्तरी |
| ९३ | ३७ | सारनाथ पुस्तकालय | | सारनाथ ०२, सर्लाही |
| ९४ | ३७ | शहीदस्मृति पुस्तकालय | | मालेपाटन, पोखरा |

| क्र.सं. | सम्पूर्णाङ्क | पुस्तकालयको नाम | स्थापना मिति | ठेगाना |
|---|---|---|---|---|
| ९५ | ३७ | शहीदस्मृति पुस्तकालय | | वीरेन्द्रनगर ०६, सुर्खेत |
| ९६ | ३७ | श्रमिक मिलन पुस्तकालय | | पिलान्चेन टोल, ललितपुर |
| ९७ | ३७ | श्रीकृष्ण पुस्तकालय | | शिवचोक, म्याङ्लुङ |
| ९८ | ३७ | सिद्धिगणेश पुस्तकालय | | इनाचो, भक्तपुर |
| ९९ | ३७ | विद्यार्थी पुस्तकालय | | दरबार स्क्वायर, भक्तपुर |
| १०० | ३७ | लेखनाथ पुस्तकालय | | वरगाछी, विराटनगर |
| १०१ | ३७ | हिमालय पुस्तकालय | | खाडोल ०२, ओखलढुङ्गा |
| १०२ | ३७ | हिमालय सार्वजनिक पुस्तकालय | २००४ | वीरगञ्ज |
| १०३ | ३७ | हाम्रो पुस्तकालय | | पोखरा |
| १०४ | ३७ | त्रिभुवन आदर्श पुस्तकालय | | खजुरगाछी, झापा |
| १०५ | ३७ | ज्ञानज्योति पुस्तकालय | | रामेछाप |
| १०६ | ३७ | ज्ञानकुमार पुस्तकालय | | बलबाबजार, महोत्तरी |
| १०७ | ३७ | ज्ञानोदय भगवती पुस्तकालय | | बाग्लुङ |
| १०८ | ३७ | त्रिभुवन मोहन पुस्तकालय | २००५ | घोराही, दाङ |
| १०९ | ३७ | ज्ञानविकास पुस्तक निकेतन | | बटु, महाबौद्ध |
| ११० | ३७ | अछाम पुस्तकालय | | मंगलसेन |
| १११ | ३७ | आदर्श पुस्तकालय | | चण्डिका, अछाम |
| ११२ | ३७ | रामनवमी पुस्तकालय | २०५१ | तेनुपा, धनकुटा |
| ११३ | ३७ | पब्लिक लाइब्रेरी | २०५० | इटहरी |
| ११४ | ३७ | जनता पुस्तकालय | २०१७ | फुस्रे, धरान |
| ११५ | ३७ | वसन्त पुस्तकालय | | वसन्तपुर, रूपन्देही |
| ११६ | ३७ | पाँचथर पुस्तकालय | | फिदिम, पाँचथर |
| ११७ | ३७ | वीरेन्द्र पुस्तकालय | | त्रिभुवननगर, पाँचथर |
| ११८ | ३७ | किराँत पुस्तकालय | | याङनाम ०४, पाँचथर |
| ११९ | ३७ | चाकलादबू पुस्तकालय | | छत्रपाटी, काठमाडौं |
| १२० | ३७ | ऋषि पुस्तकालय | | श्रृङ्गा, गुल्मी |

| क्र.सं. | सम्पूर्णाङ्क | पुस्तकालयको नाम | स्थापना मिति | ठेगाना |
|---|---|---|---|---|
| १२१ | ३७ | जुनबेसी पुस्तकालय | | जुनबेसी |
| १२२ | ३७ | नाङ्गी पुस्तकालय | | म्याग्दी |
| १२३ | ३७ | ककौरा पुस्तकालय | | बर्दिया |
| १२४ | ३७ | दत्तु पुस्तकालय | | दार्चुला |
| १२५ | ३७ | नुवाकोट पुस्तकालय | | कुमारी |
| १२६ | ३७ | गौरादह ग्रामीण पुस्तकालय | | झापा |
| १२७ | ३७ | बरवोटे पुस्तकालय | | इलाम |
| १२८ | ३७ | जयन्ती पुस्तकालय | २०१० | लिग-लिग, गोरखा |
| १२९ | ३७ | जनविकास पुस्तकालय | २०१५ | आँपपीपल, गोरखा |
| १३० | ३७ | त्रिभुवन पुस्तकालय | २००८ | धारापानी, गोरखा |
| १३१ | ३७ | जनधि पुस्तकालय | २०४८ | हर्मी, गोरखा |
| १३२ | ३७ | उत्साह पुस्तकालय | २०४९ | धारापानी, गोरखा |
| १३३ | ३७ | वी. पी. स्मारक अन्तर्राष्ट्रिय पुस्तकालय | २००९ | काठमाडौं |
| १३४ | ३७ | थिरबम पुस्तकालय | | गलकोट, बाग्लुङ |
| १३५ | ३७ | व्यासोदय पुस्तकालय | | दमौली, तनहूँ |
| १३६ | ३७ | श्रीकृष्ण पुस्तकालय | | बालकोट ०२, भक्तपुर |
| १३७ | ३७ | सार्वजनिक विद्याभवन पुस्तकालय | | धरान, सुनसरी |
| १३८ | ३७ | सार्वजनिक पुस्तकालय | | इटहरी, सुनसरी |
| १३९ | ३७ | त्रि-चन्द्र पुस्तकालय | १९७२ | सिराहा |
| १४० | ३७ | प्रदीप्त पुस्तकालय | २००३ | काठमाडौं |
| १४१ | ३७ | प्रेम पुस्तकालय | २००३ | नेपालगञ्ज |
| १४२ | ३७ | विद्यामन्दिर पुस्तकालय | २००३ | सन्देशगृह बाङ्गेमुढा, काठमाडौं |
| १४३ | ३७ | शारदा पुस्तकालय | २००३ | पाटन |
| १४४ | ३७ | छात्र पुस्तकालय | २००४ | तीनधारा पाकशाला, रानीपोखरी |
| १४५ | ३७ | पञ्च पुस्तकालय | | रत्नपार्क |
| १४६ | ३७ | गुँरास पुस्तकालय | | वरगाछी, विराटनगर |

| क्र.सं. | सम्पूर्णाङ्क | पुस्तकालयको नाम | स्थापना मिति | ठेगाना |
|---|---|---|---|---|
| १४७ | ३७ | हिमाली पुस्तकालय | | शिवचोक, महेन्द्रनगर |
| १४८ | ३७ | दीपक पुस्तकालय | | चोभार, काठमाडौं |
| १४९ | ३७ | नेहरू संघ तथा पुस्तकालय | | बागाकोट, जलपाइगुडी |
| १५० | ३७ | महेन्द्रज्योति पुस्तकालय | | खलङ्गा |
| १५१ | ३७ | राष्ट्रिय पुस्तकालय | | हरिहर भवन |
| १५२ | ३७ | नेपालभारत सांस्कृतिक केन्द्र पुस्तकालय | | टुडिखेल अगाडि, काठमाडौं |
| १५३ | ३७ | ज्ञान प्रकाश पुस्तकालय | २०१३ | जुम्ला |
| १५४ | ३७ | जावेश्वर पुस्तकालय | २०१६ | जुम्ला |
| १५५ | ३७ | देवकोटा पुस्तकालय | २०२९ | छिनासिम |
| १५६ | ३७ | कर्णाली प्राविधिक शिक्षालय पुस्तकालय | २०३९ | जुम्ला |
| १५७ | ३७ | शान्ति निकेतन पुस्तकालय | | गौरीधारा, टङ्गाल |
| १५८ | ३७ | मनोहर मोहन पुस्तकालय | २००४ | सर्लाही |
| १५९ | ३७ | प्रभात पुस्तकालय | २०२३ | भरतपुर, चितवन |
| १६० | ३७ | नारायणी कलामन्दिर पुस्तकालय | २०२० | नारायणगढ |
| १६१ | ३७ | केन्द्रीय कृषि क्याम्पस रामपुर पुस्तकालय | २०२२ | रामपुर, चितवन |
| १६२ | ३७ | वीरेन्द्र बहुमुखी क्याम्पस पुस्तकालय | २०२२ | नारायणगढ |
| १६३ | ३७ | बालकुमारी कलेज नारायणगढ पुस्तकालय | २०४३ | नारायणगढ |
| १६४ | ३७ | सप्त गण्डकी बहुमुखी क्याम्पस पुस्तकालय | २०४५ | भरतपुर |
| १६५ | ३७ | शहीद स्मृति बहुमुखी क्याम्पस रामनगर पुस्तकालय | २०३७ | रामनगर, चितवन |
| १६६ | ३७ | महेन्द्र पुस्तकालय | २००३ | नेपालगञ्ज |

| क्र.सं. | सम्पूर्णाङ्क | पुस्तकालयको नाम | स्थापना मिति | ठेगाना |
|---|---|---|---|---|
| १६७ | ३७ | सिराहा पुस्तकालय | २०१२ | सिराहा |
| १६८ | ३७ | भद्रपुर पुस्तकालय | २००७ | झापा |
| १६९ | ३७ | शहीद पुस्तकालय | २०२७ | राजविराज |
| १७० | ३७ | प्रभात पुस्तकालय | २०४८ | इटहरी |
| १७१ | ३७ | धर्मशास्त्र सङ्ग्रहालय तथा पुस्तकालय | २०५५ | विराटनगर |
| १७२ | ३७ | सरोज भीष्म पुस्तकालय | २०५५ | जनकपुर |
| १७३ | ३७ | प्रकाश पुस्तकालय | २०१८ | गुल्मी |
| १७४ | ३७ | सरस्वती पुस्तकालय | २०२४ | गुल्मी |
| १७५ | ३७ | प्रभात पुस्तकालय | २०३९ | मजुवा, तुराङ, गुल्मी |
| १७६ | ३७ | युवा पुस्तकालय | २०२६ | दुवीचौर, गुल्मी |
| १७७ | ३७ | रविनारायण पुस्तकालय | २०२५ | धुर्कोट, गुल्मी |
| १७८ | ३७ | उदय पुस्तकालय | २०२० | शान्तिपुर, गुल्मी |
| १७९ | ३८ | सार्वजनिक विद्याभवन पुस्तकालय | २००४ | धरान |
| १८० | ३९ | विद्यामन्दिर पुस्तकालय | २००३ | बाग्लुङ |
| १८१ | ४० | कैलाली जनपुस्तकालय | २०१४ | धनगढी |
| १८२ | ४१ | जनहित पुस्तकालय | २००९ | बारा |
| १८३ | ४२ | गुराँस पुस्तकालय | २०२६ | मोरङ |
| १८४ | ४३ | रत्नश्रेष्ठ पुरस्कार पुस्तकालय | २०३७ | बाग्लुङ |
| १८५ | ४४ | शहीद स्मृति पुस्तकालय | २०४९ | सुर्खेत |
| १८६ | ४५ | नवजागृति पुस्तकालय | २०२३ | बुटवल |
| १८७ | ४६ | शहीदश्री गंगालाल पुस्तकालय | २०२५ | ड्राइभर टोल |
| १८८ | ४७ | किरण पुस्तकालय | २०२५ | तम्घास गुल्मी |
| १८९ | ४८ | थाक पुस्तकालय | २००८ | टुकुचे, मुस्ताङ |
| १९० | ४९ | लक्ष्मीस्मृति पुस्तकालय | २०४० | स्याङ्जा |
| १९१ | ५० | ज्ञानज्योति पुस्तकालय | २०४३ | बुटवल |
| १९२ | ५१ | सिद्धार्थ ज्ञान मन्दिर पुस्तकालय | २०३२ | भैरहवा |

| क्र.सं. | सम्पूर्णाङ्क | पुस्तकालयको नाम | स्थापना मिति | ठेगाना |
|---|---|---|---|---|
| १९३ | ५२ | काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय | २०६० | काठमाडौं |
| १९४ | ५३ | श्याम-शोभा पुस्तकालय | २०१५ | अर्घाखाँची |
| १९५ | ५५ | रामेश्वर पुस्तकालय तथा वाचनालय | २०५५ | भरतपुर, चितवन |
| १९६ | ५६ | झुवानी सामुदायिक पुस्तकालय | २०५७ | झुवानी |
| १९७ | ५७ | जनता पुस्तकालय | २०४८ | धादिङबेसी |
| १९८ | ५८ | केन्द्रीय कानुन पुस्तकालय | २०५० | काठमाडौं |
| १९९ | ५९ | बन्दीपुर पद्म पुस्तकालय | २००४ | बन्दीपुर |
| २०० | ६० | भूपी स्मृति थाक पुस्तकालय | २०५७ | मुस्ताङ |
| २०१ | ६१ | डडेलधुरा सार्वजनिक पुस्तकालय | २०६१ | डडेलधुरा |
| २०२ | ६२ | भानु पुस्तकालय | २००८ | तनहूँ |
| २०३ | ६३ | लेखनाथ पुस्तकालय | २०३७ | भद्रपुर |
| २०४ | ६४ | त्रिफला राष्ट्रिय पुस्तकालय | २०५३ | झापा |
| २०५ | ६५ | लुम्बिनी तिनाउ सामुदायिक पुस्तकालय | २०६९ | रूपन्देही |
| २०६ | ६६ | टीकापुर सामुदायिक पुस्तकालय | | कैलाली |
| २०७ | ६७ | पुष्पलाल स्मृति पुस्तकालय | २०४९ | हेटौंडा |
| २०८ | ६८ | रोशनी पुस्तकालय | २०४९ | हेटौंडा |
| २०९ | ६९ | त्रिवेणी सामुदायिक पुस्तकालय | २०६९ | काठमाडौं |
| २१० | ७० | पुस्तक चिताई तहबिल | १८६९ | काठमाडौं |
| २११ | ७२ | सर्वोदय पुस्तकालय तथा वाचनालय | २०१० | दाङ |

| क्र.सं. | सम्पूर्णाङ्क | पुस्तकालयको नाम | स्थापना मिति | ठेगाना |
|---|---|---|---|---|
| २१२ | ७३ | जनचेतना पुस्तकालय | २०२६ | अर्गेली, पाल्पा |
| २१३ | ७४ | प्रतिभा पुस्तकालय तथा अध्ययन केन्द्र | २०६३ | नवलपरासी |
| २१४ | ७५ | रत्न पुस्तकालय | २००९ | काठमाडौं |
| २१५ | ७६ | अग्यउली सामुदायिक स्रोत पुस्तकालय | २०५८ | नवलपरासी |
| २१६ | ७७ | जलजला साझा पुस्तकालय | २०४२ | रोल्पा |
| २१७ | ७९ | लक्ष्मी स्मृति पुस्तकालय | २०२० | राङखोला, स्याङ्जा |
| २१८ | ८० | देवघाट स्मृति पुस्तकालय | २०६२ | तनहूँ |
| २१९ | ८१ | नवज्योति सामुदायिक पुस्तकालय | २०७२ | प्यूठान |
| २२० | ८२ | जनविकास पुस्तकालय | २०१५ | बझाङ |
| २२१ | ८३ | कवि विमल स्मृति पुस्तकालय | २०४८ | धरान |
| २२२ | ८४ | सार्वजनिक पुस्तकालय | २००४ | सुनसरी |
| २२३ | ८५ | गोरक्षरत्न पुस्तकालय | २०२३ | घोराही, दाङ |
| २२४ | ८६ | गोदावरी सामुदायिक पुस्तकालय | | बडिखेल, ललितपुर |
| २२५ | ८७ | देउखुरी सामुदायिक पुस्तकालयतथा स्रोत केन्द्र | २०७१ | दाङ |
| २२६ | ८८ | दायित्व पुस्तकालय | २०७६ | बूढानीलकण्ठ |
| २२७ | ८९ | कपिल प्रज्ञा पुस्तकालय | २०७५ | कपिलवस्तु |
| २२८ | ९० | गृह पुस्तकालय | | |
| २२९ | ९१ | कञ्चनजङ्गा सार्वजनिक पुस्तकालय | २०६९ | ताप्लेजुङ्ग |
| २३० | ९२ | म्याग्दी सामुदायिक पुस्तकालय | २०२७ | बेनी |
| २३१ | ९३ | संगम सामुदायिक पुस्तकालय | २०६० | त्रियुगा, उदयपुर |

| क्र.सं. | सम्पूर्णाङ्क | पुस्तकालयको नाम | स्थापना मिति | ठेगाना |
|---|---|---|---|---|
| २३२ | ९४ | भानुभक्त पुस्तकालय | २०४४ | देहरादून |
| २३३ | ९५ | दीपशिखा सामुदायिक पुस्तकालय | २०५९ | कास्की |
| २३४ | ९६ | नेपाल जर्नी पब्लिक लाइब्रेरी | | हेटौंडा |
| २३५ | ९७ | आदर्श पुस्तकालय | २०४५ | धरमपानी |
| २३६ | ९७ | आलोक पुस्तकालय | २०४९ | सन्धिखर्क, अर्घाखाँची |
| २३७ | ९७ | बुद्धि रायमाझी अध्ययन प्रतिष्ठान तथा वाचनालय | २०७७ | सन्धिखर्क, अर्घाखाँची |
| २३८ | ९७ | सुन्नानी पुस्तकालय | | प्यूठान |
| २३९ | ९७ | भानु पुस्तकालय | २०३४ | प्यूठान |
| २४० | ९७ | तिनाऊ पुस्तकालय | | सैनामैना |
| २४१ | ९७ | गणेशमान सिंह स्मृति पुस्तकालय | २०७० | रूपन्देही |
| २४२ | ९७ | युगज्योति पुस्तकालय | | बुटवल |
| २४३ | ९७ | जयपृथ्वी दशरथ पुस्तकालय | २०५७ | नेपालगञ्ज |
| २४४ | ९७ | ज्ञानोदय सामुदायिक पुस्तकालय | २०५८ | बाँके |
| २४५ | ९७ | कालिका सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र | २०३१ | बर्दिया |
| २४६ | ९७ | बाँसगढी सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द | २०७१ | बाँसगढी, बर्दिया |
| २४७ | ९७ | श्रीराम पुस्तकालय | १९७२ | कपिलवस्तु |
| २४८ | ९७ | बाणगंगा सामुदायिक पुस्तकालय | २०७३ | बाणगंगा, कपिलवस्तु |
| २४९ | ९७ | मोतीलक्ष्मी पुस्तकालय | २०१६ | रोल्पा |
| २५० | ९७ | ग्रामीण महिला पुस्तकालय | २०६३ | रोल्पा |

| क्र.सं. | सम्पूर्णाङ्क | पुस्तकालयको नाम | स्थापना मिति | ठेगाना |
|---|---|---|---|---|
| २५१ | ९७ | जेसिज पुस्तकालय | २०४२ | दाङ |
| २५२ | ९८ | जनजागरण पुस्तकालय | २०५४ | इटहरी |
| २५३ | ९९ | ज्ञानोदय सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र | २०५८ | कोहलपुर, बाँके |

*'हाम्रो पुरुषार्थ' पत्रिकाले नेपालमा पुस्तकालयहरूको स्थापना, संरक्षण र विकासमा एउटा छुट्टै स्तम्घ सिर्जना गरी देशका पूर्वदेखि पश्चिमसम्म र हिमालदेखि तराईसम्मका विभिन्न पुस्तकालयहरूकपो परिचय दिएको पाइन्छ । पुस्तकालयहरूको विकास अभियानमा विशेषाङ्क निकाल्ने र त्यस विशेषाङ्क यताका प्रत्येक अङ्कमा एउटा पुस्तकालयको परिचय दिने काम अत्यन्त पंशैसनीय छ । यस स्तम्भमा २५६ पुस्तकालयहरूको परिचय छ । २५६ भित्र धेरै ठूलो समयको अन्तरालपछि ३ वटा पुस्तकालयको थप प्रगतिसहित पुनः परिचय दिइएको छ ।*

यसरी किरण पुस्तकालयद्वारा प्रकाशित 'हाम्रो पुरुषार्थ' पत्रिकाले नेपालमा पुस्तकालयहरूको स्थापना, संरक्षण र विकासमा एउटा छुट्टै स्तम्भ सिर्जना गरी देशका पूर्वदेखि पश्चिमसम्म र हिमालदेखि तराईसम्मका विभिन्न पुस्तकालयहरूको परिचय दिएको पाइन्छ । पुस्तकालयहरूको विकास अभियानमा विशेषाङ्क निकाल्ने र त्यस विशेषाङ्क यताका प्रत्येक अङ्कमा एउटा पुस्तकालयको परिचय दिने काम अत्यन्त प्रशंसनीय छ । यस स्तम्भमा २५६ पुस्तकालयहरूको परिचय छ । २५६ भित्र धेरै ठूलो समयको अन्तरालपछि ३ वटा पुस्तकालयको थप प्रगतिसहित पुनः परिचय दिइएको छ । यहाँ ती तीन पुस्तकालयलाई नदोहोरिने गरी घटाएर जम्मा २५३ पुस्तकालयहरूको उल्लेख गरिएको छ । यीमध्ये पनि हाल कति बन्द भइसके होलान्, कति नयाँ थपिएका होलान्, कतिले राम्रो प्रगति गरेका होलान् । नेपाल सरकारले पुस्तकालयको विकास र विस्तारका लागि ऐन, नियम र नीति बनाई नियमित अनुदानको व्यवस्था नगरी नहुने देखिन्छ । अन्यथा भएका पुस्तकालयहरू पनि बन्द हुने अवस्थामा पुग्नेछन् । त्यस्तो दुर्भाग्यपूर्ण स्थिति नआओस् भन्नेतर्फ सरकारले सोच्नु पर्दछ ।

**सी.ए. सन्ध्या पन्थी, चन्द्रागिरी नगरपालिका-१४, नयाँ नैकाप, काठमाडौं ।**

०००

# पुस्तकालय र हाम्रो पुरुषार्थका संघर्षका कथाहरू

✍ भुवनप्रसाद अर्याल




## सार

*वि.सं. २०३० सालको देवकोटा जयन्ती (लक्ष्मी-पूजा) का दिन 'सचिवको प्रतिवेदन' शीर्षकबाट आरम्भ गरिएको 'किरण पुस्तकालयको पातो' ९९ अङ्कसम्म आइपुग्दा कहिले कुनै प्रसङ्गअनुसारका शीर्षक त कहिले शीर्षकविना नै किरण पुस्तकालय र हाम्रो पुरुषार्थका गतिविधिहरूको आलेख हो । पुरुषार्थका ९९ वटै अङ्कहरू एकसाथ र एकहातमा पढिसकिने अवस्था छैन । सुनौलो वर्तमान देख्दा अतीत बुझ्न चाहने जिज्ञासुहरूका लागि किरण पुस्तकालयका पाताले अवश्य नै जिज्ञासा मेटाउला । प्रस्तुत आलेखमा अङ्क १-९९ सम्मका सबै पाताहरूबाट सारसंक्षेप प्रस्तुत गर्ने प्रयास यस आलेखमा भएको छ ।*


## पृष्ठभूमि

वि.सं. २०३० साल देवकोटा जयन्तीका दिन वार्षिक रूपमा प्रकाशित हुन थालेको हाम्रो पुरुषार्थ आज २०८० को कार्तिक-पुस अङ्क शताङ्कको रूपमा प्रकाशित हुँदैछ । आरम्भमा वर्षको एक पटक निस्कने हाम्रो पुरुषार्थ छैठौं वर्षमा प्रवेश गरेसँगै वर्षको दुई पटक प्रकाशित हुन थालेको हो । पाठक, शुभेच्छुकहरूको माया र सद्भावसँगै सम्पूर्णाङ्क ६० (वि.सं. २०७० कार्तिकबाट यो त्रैमासिक रूपमा प्रकाशन हुन थालेको हो । यसले सम्पूर्णाङ्क ५८ (वि.सं. २०६९ कार्तिक)देखि ISSW 2091-2013 प्राप्त गरेको हो । हाम्रो पुरुषार्थ ४३ वर्षमा हिड्दै गर्दा सम्पूर्णाङ्क ६९, (माघ-चैत्र) मा प्रेस काउन्सिल नेपालले आफ्नो ४० औं वार्षिक प्रतिवेदनमा 'क' वर्गको राष्ट्रिय साहित्यिक पत्रिकाका रूपमा सूचीकृत गरेको हो ।

किरण पुस्तकालयको स्वर्णजयन्ती वि.सं. २०७५ मा भव्यरूपमा सन्पन्न भएको हो । यसै सुखद अवसरमा अमेरिकाको क्यालिफोर्निया निवासी इला पन्थी र

महेश आचार्यको सौजन्यमा किरण पुस्तकालयको वेभसाइट www. kiranpustakalay.com तयार गरी हाम्रो पुरुषार्थलाई पनि मेलबाट विश्वका जुनसुकै कुनाबाट पनि हेर्न सक्ने अवस्थामा परिणत गरिएको छ । यसको इमेल ठेगाना hamropurusharth@gmail . com रहेको छ ।

हाम्रो पुरुषार्थभित्र साहित्य सिर्जना, समालोचनाका साथै केही स्थायी स्तम्भ, भेटवार्ता, विभिन्न स्थानका पुस्तकालयहरूको पालैपालो परिचय, नयाँ–नयाँ उपलब्ध भएसम्मका सिर्जनाहरूको संक्षिप्त परिचय, पाठक-प्रतिक्रिया लगायत किरण पुस्तकालयको पातो पनि एउटा महत्त्वपूर्ण स्थायी स्तम्भ हो । प्रस्तुत आलेखमा हाम्रो पुरुषार्थको एउटा स्थायी स्तम्भ 'किरण पुस्तकालयको पातो' का आधारमा किरण पुस्तकालयले आफ्नो उत्थान र विकासका लागि गरेका हारगुहार र संघर्षका कथाहरूको संक्षेपमा चर्चा गर्ने प्रयास गरिएको छ ।

हाम्रो पुरुषार्थको प्रथम अङ्क वर्ष १, वि.सं. २०३० को देवकोटा जयन्ती (लक्ष्मीपूजा) को पावन अवसरमा प्रकाशित भएको हो । यस अङ्कको पृष्ठ ४५-४९ सम्म 'सचिवको प्रतिवेदन' शीर्षक दिएर पुस्तकालयको स्थापना, सञ्चालनमा उत्पन्न व्यवधान, पुस्तकालय सञ्चालक समितिको गठन, विनियम मस्यौदा समिति गठन, पहिलो सञ्चालक समितिका अध्यक्ष डिल्लीराज उपाध्याय, सचिव शशि पन्थी र कोषाध्यक्ष भेषबहादुर कुँवरसहितको समितिको गठनलगायतका विविध विवरणहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

अङ्क २, वर्ष २, २०३१, कार्तिक २८ गते लक्ष्मीपूजाको अवसरमा प्रकाशित भएको हो । यस अङ्कमा "पुस्तकालयको वार्षिक विवरण" शीर्षक दिएर पृष्ठ ४६-४८ सम्म पुस्तकालयका विविध विवरणहरू प्रस्तुत गरिएको छ । यस अङ्कमा भानु जयन्तीका अवसरमा कविता प्रतियोगिता आयोजना भएको तत्कालीन राजा वीरेन्द्रको शुभराज्याभिषेकका अवसरमा साहित्यिक गोष्ठी आयोजना गरिएको लगायतका विवरणहरू छन् । यस समयसम्म पुस्तकालयका नियमित पाठक सदस्यको संख्या १७० पुगेको विवरण पनि प्रस्तुत गरिएको छ ।

हाम्रो पुरुषार्थको तेस्रो अङ्क शुभराज्याभिषेक विशेषाङ्क प्रकाशित गरिएको छ । यो हाम्रो पुरुषार्थको पहिलो विशेषाङ्क पनि हो । यसमा किरण पुस्तकालयको पातो समावेश गरिएको छैन । यो अङ्क २०३१ फागुन १२ गते प्रकाशित भएको हो ।

हाम्रो पुरुषार्थले प्रकाशनको तेस्रो वर्षमा पुग्दा यसका चारवटा अङ्क प्रकाशित भएका छन् । यो अङ्क २०३२ कार्तिक १७ गते लक्ष्मीपूजाको पावन अवसरमा प्रकाशित भएको छ । यस अङ्कको पृष्ठ ६४-६८ सम्म सचिवद्वारा 'शुभराज्याभिषेक अतिरिक्ताङ्क' शीर्षक दिएर पुस्तकालयले गरेका समग्र गतिविधिहरूको चित्रण गरिएको छ । पुस्तकालयको जीर्ण भवन निर्माणका लागि हरिप्रसाद गौतमको

अध्यक्षतामा पाँच सदस्यीय उपसमिति गठन गरिएको थियो भने तम्घास स्थित विभिन्न कार्यालयका कर्मचारी, बुद्धिजीवी, शिक्षाप्रेमी सबैको संयुक्त बैठक बसी प्रधानपञ्च वेदप्रसाद उपाध्यायको अध्यक्षतामा यज्ञ सञ्चालक समिति गठन गरिएको थियो । चतुर्मास यज्ञ सञ्चालन भई पुस्तकालय भवन निर्माण हुने आशावादी दृष्टिकोण किरण पुस्तकालयले राखेको छ ।

वि.सं. २०३३ कार्तिक ६ गते लक्ष्मीपूजाको शुभ साइतसँगै हाम्रो पुरुषार्थले चौथो वर्षमा प्रवेश गरेको छ भने यसको पाँचौ अङ्क पनि प्रकाशित भएको छ । यस अङ्कको पृष्ठ ६४ मा 'पुस्तकालयको वार्षिक विवरण' शीर्षक दिएर सचिवद्वारा पुस्तकालय भवन सम्पन्न भएको यसका खर्चको फाँटवारी भवन निर्माणमा खट्नु हुने सम्पूर्ण सहयोगी महानुभावहरूलाई हार्दिक धन्यवाद अर्पण गरिएको छ । यही वर्ष पुस्तकालय सञ्चालक समिति पुनर्गठन भई चेतनारायण उपाध्यायको अध्यक्षतामा सचिव शशि पन्थीसहितको पुस्तकालय सञ्चालक समिति बनेको छ । यसभित्र आ.वा.२०३२/०३३ को आयव्यय विवरण र आ.व.२०३३/०३४ को अनुमानित बजेट पनि प्रस्तुत गरिएको छ ।

वि.सं. २०३४ कार्तिक २५ गते हाम्रो पुरुषार्थले पाँचौं वर्षमा प्रवेश गर्नुका साथै यसको छैठौं अङ्क प्रकाशित भएको छ । यस अङ्कको पृष्ठ ९३ मा किरण पुस्तकालयको वार्षिक विवरण शीर्षक दिएर तीनवटा साना अनुच्छेदमा नयाँ भवनको निर्माण कार्य पूरा हुँदा पुस्तकालयलाई रू.७०००/-(सातहजार) व्ययभार रहेको, तत्कालीन प्रमुख जिल्ला अधिकारी दामोदर रेग्मीले भवन निर्माणमा महत्त्वपूर्ण सहयोग पुर्‍याउनु भएको, महेन्द्र माध्यमिक विद्यालय र गुल्मी जिल्ला पञ्चायतले पुस्तकालयलाई ऋण दिएका लक्ष्मीपूजाकै अवसरमा पुस्तकालयलाई नयाँ भवनमा सारिएको लयायतका विवरणहरू छन् ।

वि.सं. २०३५ को लक्ष्मीपूजासँगै किरण पुस्तकालयले एक दशक पूरा गरेको हो भने हाम्रो पुरुषार्थले सातवटा अङ्क प्रकाशित गरेको हो । यो सातौं अङ्कको पृष्ठ ६७ मा 'सचिवको थनथन' शीर्षक दिएर एक दशकभित्र भए गरेका अभिव्यक्ति र अनुभवहरू प्रस्तुत छन् । यसभित्र श्रमदान र नगद गरी ४०, ३०७/-मा पुस्तकालय भवन सम्पन्न भएको फेहरिस्त प्रस्तुत गरिएको छ । यस अङ्कको छपाइका लागि महेन्द्र मा.वि., तम्घासमा अध्यापनरत तत्कालीन शिक्षकहरूबाट एक महिनाको बढ तलब सहयोग गरेको उदाहरणीय कार्य पनि उल्लेख गरिएको छ । यसभित्र अब हाम्रो पुरुषार्थलाई अर्धवार्षिक बनाउनेतर्फ सोंच रहेको सन्दर्भ पनि उल्लेख गरिएको छ ।

वि.सं. २०३६ वैशाख महिनाबाट हाम्रो पुरुषार्थको अर्धवार्षिक प्रकाशन शुरू भएको छ । यस अङ्कबाट सम्पादक चिरञ्जीवी शर्मा देखिनु भएको छैन भने सहायक सम्पादकमा दीन पन्थीको प्रवेश भएको छ, भेषबहादुर कुँवर यथावत् रहनुभएको

छ । यसको पृष्ठ ७८-८० मा सचिवको प्रतिवेदन प्रस्तुत गरिएको छ । तत्कालीन लुम्बिनी अञ्चलाधीश शैलेन्द्रप्रसाद सिंहले पुस्तकालयको अवलोकन गरी नगद रू.५००/-पुरस्कार दिनु भएको कुरा उल्लेख छ । त्यस्तै पुस्तकालयको नवनिर्मित भवनको उद्घाटन शिक्षा, पर्यटन, निर्माण तथा यातायात मन्त्री पशुपति शमशेर जबराद्वारा भएको कुरा उल्लेख गरिएको छ । यसै वर्ष किरण पुस्तकालयले 'वाणोपनिषद्' र 'रेसुङ्गाका आध्यात्मिक कृतिहरू' दुईवटा महत्त्वपूर्ण पुस्तक प्रकाशित गरेको छ ।

वि.सं. २०३६ भाद्र ४, गते हाम्रो पुरुषार्थको छैठौं वर्ष प्रवेशसँगैको नवौं अङ्कलाई बालवर्ष अतिरिक्ताङ्कका रूपमा प्रकाशित गरिएको छ । यस अङ्कको पृष्ठ ६३ मा छवटा अनुच्छेदमा किरण पुस्तकालयको पातो प्रस्तुत गरिएको छ । यी छवटा अनुच्छेद कुनै वाक्यात्मक तहका पनि छन् । यस अङ्कमा पुस्तकालयका गतिविधिका साथै यस अवसरमा १०० थान बालपुस्तक थप गर्ने योजना रहेको कुरा सूचित गरिएको छ ।

हाम्रो पुरुषार्थको १० औं अङ्कबाट अङ्क र सम्पूर्णाङ्क भन्न थालिएको छ । यसको प्रकाशन वि.सं. २०३६ कार्तिकमा भएको हो । यस अङ्कको किरण पुस्तकालयको पातो पृष्ठ ५३-५५ सम्ममा प्रस्तुत गरिएको छ । हिम्मत र साहसका साथ हाम्रो पुरुषार्थका १० अङ्क प्रकाशित हुन सकेको सन्दर्भ प्रस्तुत गरिएको छ भने तत्कालीन राजा वीरेन्द्रले गरेको शाही घोषणाको स्वागत गरिएको छ । पुस्तकालयमा पुस्तक थप गर्नेसम्बन्धी भएका सोंच र योजना पनि प्रस्तुत गरिएको छ ।

वि.सं. २०३७ सालमा हाम्रो पुरुषार्थ सातौ वर्ष अङ्क २, सम्पूर्णाङ्क ११ प्रकाशित भएको हो । यस ११ औं सम्पूर्णाङ्कलाई समालोचना विशेषाङ्कका रूपमा प्रकाशित गरिएको छ । यसको पृष्ठ १६३-१६४ मा किरण पुस्तकालयको पातो राखिएको छ । यो अहिलेसम्मकै सबैभन्दा ठूलो आकारको अङ्क भएकोले छपाइ खर्चका कारण पुस्तकालय सञ्चालक समितिको सातो जाने अवस्था भएको र ग्रन्थालय विज्ञानसम्बन्धी विशेषाङ्क निकाल्ने धोको पूरा हुँदैन कि भन्ने आशङ्का यस अङ्कमा व्यक्त गरिएको छ । यस अङ्कमा नरप्रसाद श्रेष्ठसहित आठ जना आजीवन सदस्य (पुस्तकालयका) थपिनु भएकोले उहाँहरूको परिचय पनि यसै साथ प्रस्तुत गरिएको छ ।

वि.सं. २०३७ कार्तिकमा हाम्रो पुरुषार्थको अङ्क १ सम्पूर्णाङ्क १२ प्रकाशित भएको छ । यस अङ्कको पृष्ठ ५५-५६ मा किरण पुस्तकालयको पातो राखिएको छ । पुस्तकालयको आर्थिक उन्नति हुन नसकेको, हाम्रो पुरुषार्थका आजीवन ग्राहक बनाउने अभियान आरम्भ भएअनुरूप महेन्द्र मा.वि.का शिक्षक पद्मप्रसाद पन्थी,

ज्ञानहरि आचार्य, हेमराज मरासिनी लगायतका व्यक्तिहरू सदस्य हुनु भएको थियो ।

वि.सं. २०३८ वैशाखमा हाम्रो पुरुषार्थको आठौं वर्ष, यस वर्ष हाम्रो पुरुषार्थको अङ्क २ र सम्पूर्णाङ्क १३ प्रकाशित भएको हो । यस अङ्कको पृष्ठ ९१-९२ मा किरण पुस्तकालयको पातो समावेश गरिएको छ । यस स्तम्भमा पृथ्वीमा मानव मात्रको अस्तित्व रहँदासम्म मानवअस्तित्वलाई बचाइराख्ने सोच भएको उल्लेख गरिएको छ । यस वर्ष महेन्द्र मा.वि.द्वारा पुस्तक प्रकाशनार्थ रू.३०००/-(नगद) प्राप्त भएको जानकारी गराइएको छ । महेन्द्र मा.वि.को उज्ज्वल भविष्यको कामना पनि गरिएको छ ।

वि.सं. २०३८ लक्ष्मीपूजाको अवसरमा हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क १४ प्रकाशित भएको छ । यसको पृष्ठ ६१/६२ मा 'आफ्ना गन्थन' शीर्षक दिएर पुस्तकालयको पातो प्रस्तुत गरिएको छ । यस वर्ष जिल्ला शिक्षा समितिले किरण पुस्तकालयका प्रकाशनका केही पुस्तक र हाम्रो पुरुषार्थ पत्रिका खरिद गरी वितरण गर्ने योजना बनाएकोले पुस्तकालय खुशी भएको सन्दर्भ उल्लेख गरिएको छ । अमेरिकी पिसकोर स्वयंसेवक माइकल ह्यारिसले किरण पुस्तकालयलाई केही पुस्तक र पत्रिकासमेत सहयोग गर्नु भएको थियो भने किरण पुस्तकालयले अन्तर्राष्ट्रिय अपाङ्ग वर्ष १९८१ को उपलक्ष्यमा महेन्द्र मा.वि. मा अध्ययनरत एक छात्रलाई एक शैक्षिक सत्रको शुल्क सहयोग गरेको उल्लेख छ । त्यस्तै यसै वर्ष वैशाख ४ मा भवानी भिक्षु र श्रावण ६ मा नाटककार बालकृष्ण समको निधनमा पुस्तकालयमा पनि सम्बद्ध दिनमा छुट्टाछुट्टै शोक सभा पारित भएका थिए ।

हाम्रो पुरुषार्थको वर्ष ९ सम्पूर्णाङ्क १५, २०३९ वैशाखमा 'लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार' विशेषाङ्क प्रकाशित भएको हो । यसको पेज २४७ मा किरण पुस्तकालयको पातो' शुरूमा भारद्वाज र अन्त्यमा सचिव उल्लेख गरी प्रस्तुत गरिएको छ । जिल्ला पञ्चायत गुल्मीले पुस्तकालयको मर्मत संभारका लागि रू. ५०००/-प्रदान गरेको पुस्तकालयका हालसम्मका आजीवन सदस्यहरूको संख्या १० पुगेको, हाम्रो पुरुषार्थको आजीवन सदस्य २०४ जना पुगेको विवरण पनि उल्लेख गरिएको छ ।

वि.सं. २०३९ असोजमा सम्पूर्णाङ्क १६ लाई 'आख्यानकार विश्वेश्वरप्रसाद कोइराला स्मृति अङ्क' का रूपमा प्रकाशित गरिएको छ । यस स्तम्भमा आख्यानकार कोइरालाको स्मृतिमा उक्त सम्पूर्णाङ्क प्रकाशित गरिएको कुरा उल्लेख छ ।

सम्पूर्णाङ्क १७ कार्तिक २०३९, वर्ष १० अङ्क १, मा किरण पुस्तकालयको पातो अन्तर्गत ७ वटा बुँदामा सूत्रात्मक रूपमा कार्य विवरण प्रस्तुत गरिएको छ । यसवर्ष दुईवटा नियमित अङ्क र विश्वेश्वरप्रसाद कोइराला स्मृतिअङ्कसहित

तीनवटा अङ्क प्रकाशित गरी ऐतिहासिक कार्य गरिएको कुरा उल्लेख छ । यसै वर्ष लेखापरीक्षक ध्रुब मरासिनीद्वारा आ.व.२०३८/०३९ को लेखापरीक्षण पनि सम्पन्न भएको विवरण छ । शिक्षा नियमावलीअनुसार सञ्चालित पुस्तकालयलाई पुरानो दर्ताले काम नगरेकोले पुनः दर्ताका लागि जिल्ला प्रशासन कार्यालय गुल्मीमा निवेदन दिइएको थियो ।

हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क १८ वि.सं. २०४० वैशाखमा प्रकाशित भएको हो । यस अङ्कको पृष्ठ ६१ मा सूत्रात्मक रूपमा चार बुँदामा किरण पुस्तकालयको पातो प्रस्तुत गरिएको छ । पुस्तकालय दर्ता ऐन २०३४ को दफा ४ बमोजिम वि.सं. २०३९ कार्तिक २४ गते जिल्ला प्रशासन कार्यालय गुल्मीमा दर्ता नं.३ मा पुस्तकालय दर्ता भएको हो । यस वर्ष पनि जिल्ला पञ्चायत गुल्मीले पुस्तकालयको मर्मत खर्चका लागि रू.५०००/-उपलब्ध गराएको थियो ।

सम्पूर्णाङ्क १९, वि.सं. २०४० कार्तिकमा किरण पुस्तकालयको पातोमा खासै विशेष कुरा उल्लेख छैन । यस अङ्कमा दीपावलीको शुभकामना र आफ्ना समस्त शुभेच्छुकहरूबाट आशीर्वादको अपेक्षा गरिएको छ ।

सम्पूर्णाङ्क २०, २०४१ को पृष्ठ ७१-७२ मा किरण पुस्तकालयको पातो रहेको छ । यस पातोमा सरकार पुस्तकालयहरूको उत्थान र विकासमा अत्यन्त उदासीन रहेको, मौजुदा नियमावली पनि खारेज गरेर जिम्मेवारीबाट पन्छिन खोजेकोले नववर्ष २०४१ ले सम्बद्ध सबैलाई सद्बुद्धि प्रदान गरोस् भन्ने कामना गरिएको छ ।

हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क २१, २०४१ को पृष्ठ ३६ मा किरण पुस्तकालयको पातो छ । यसमा 'परान धान्ने धोको' शीर्षक दिएर बाहिरबाट हेर्दा राम्रै देखिए पनि यसको सुसञ्चालन र पत्रिकाको नियमित प्रकाशनका लागि धेरै संघर्ष गर्नु परेकोले येनकेन परान धान्ने धोको रहेको भाव व्यक्त गरिएको छ । यसै वर्ष किरण पुस्तकालयले डा. टीकाराम पन्थीद्वारा लिखित ने-नेपाल संस्कृत खण्डकाव्य पनि प्रकाशित गरेको थियो ।

सम्पूर्णाङ्क २२, २०४२ वैशाखको पृष्ठ ६३ मा गुल्मी जिल्ला पञ्चायतद्वारा रू.५०००/-र जिल्ला शिक्षा समिति गुल्मीबाट रू.१५००/-को आर्थिक अनुदान दिने सूचना प्राप्त भएकोले हार्दिक आभार प्रकट गर्दै निरन्तर सहयोगको अपेक्षा गरिएको छ । यही अपेक्षामा उक्त पातो सीमित छ ।

हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क २३, वर्ष १३, अङ्क १, २०४२ कार्तिकबाट सहायक सम्पादक दीन पन्थी सहसम्पादक हुनु भएको छ । यसको पृष्ठ ७१ मा किरण पुस्तकालयका पातो छ । राष्ट्रिय पञ्चायतको ३६ औं अधिवेशनमा

पुस्तकालयसम्बन्धी कुनै शब्द नै ननिकालेकोले सरकारी दृष्टिकोण अन्योलपूर्ण रहेको गुनासो गरिएको छ । यस पातोमा अन्तर्राष्ट्रिय युवा वर्ष अङ्क प्रकाशित गरिने योजना प्रस्तुत गरिएको छ ।

अन्तर्राष्ट्रिय युवा वर्ष सन् १९८१ सँगै किरण पुस्तकालयले हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क २४ लाई अन्तर्राष्ट्रिय युवा वर्षाङ्कका रूपमा प्रस्तुत गरेको छ । राष्ट्रनायक श्री ५ वीरेन्द्रको शुभजन्मोत्सवको उपलक्ष्यमा प्रकाशित उक्त अङ्क आर्थिक अभावका कारण खुम्चिएर ६७ पृष्ठमा सीमित रहनु परेको बाध्यता पनि व्यक्त गरिएको छ ।

सम्पूर्णाङ्क २५, २०४३ वैशाखमा पनि सरकारको ध्यान पुस्तकालयको स्थापना, सञ्चालन र संवर्धनमा नरहेकोले त्यतातर्फ ध्यान जाओस् भन्ने कामना गरिएको छ । हरेक जिल्लामा एक-एकवटा सार्वजनिक पुस्तकालय खोली तिनीहरूको सञ्चालनसम्बन्धी जिम्मा सरकारले लिनुपर्ने धारणा पनि प्रस्तुत गरिएको छ ।

*सम्पूर्णाङ्क २५, २०४३ वैशाखमा पनि सरकारको ध्यान पुस्तकालयको स्थापना, सञ्चालन र संवर्धनमा नरहेकोले त्यतातर्फ ध्यान जाओस् भन्ने कामना गरिएको छ । हरेक जिल्लामा एक - एकवटा सार्वजनिक पुस्तकालय खोली तिनीहरूको सञ्चालनसम्बन्धी जिम्मा सरकारले लिनुपर्ने धारणा पनि प्रस्तुत गरिएको छ ।*

वि.सं. २०४३ को कार्तिक अङ्क सम्पूर्णाङ्क २६, वर्ष १४, अङ्क १ को पेज ५४-५५ मा 'पुस्तकालयका आफ्नै गन्थन' शीर्षकमा पुस्तकालयका आर्थिक समस्या र समाधानको उपायसमेत अपेक्षा गरिएको छ । हालसम्म स्वयंसेवाबाट दैनिक ६ घण्टा पुस्तकालय खोलिए पनि अब दैनिक दुई घण्टामात्र सञ्चालन गर्नुपर्ने बाध्यता उल्लेख गरिएको छ । जिल्ला शिक्षा समिति, तम्घास गाउँपञ्चायत, गुल्मी जिल्ला पञ्चायत कार्यालयले नियमित सहयोग उपलब्ध गराउन सके उपयुक्त हुने गन्थन पनि यसमा गरिएको छ ।

सम्पूर्णाङ्क २७, वर्ष १४, अङ्क २, २०४४ मा हालसम्मको क्रमभङ्ग गरेर सम्पादकीय पछि पृष्ठ ४ मा किरण पुस्तकालयको पातो राखिएको छ । यसमा नियमित कार्यक्रमको जानकारी दिइएको छ । गुल्मी जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी केशवप्रसाद पौडेलद्वारा लिखित 'रुरु क्षेत्र' को प्रकाशन भएको, सञ्चालक समितिको पुर्नगठन गर्नुपर्ने, पुस्तकालयमा पुस्तक थप र सञ्चालन र व्यवस्था मिलाउनुपर्ने जस्ता गतिविधिहरूको जानकारी गराइएको छ ।

सम्पूर्णाङ्क २८, वर्ष १५, अङ्क १ को पृष्ठ ५२ मा किरण पुस्तकालयको पातो राखिएको छ । पुस्तकालयसम्बन्धी नीति नबन्दा पुस्तकालयहरू अनाथ रहेको गुनासो गरिएको छ भने नेपाल सरकारले एसियाली मापदण्डको नीति त

बनाएको छ तर सरकारले एक जिल्ला एक पुस्तकालय खोल्न नसक्दा कसरी यो सफल होला ? भन्ने प्रश्न गर्दै पुस्तकालयहरूको उचित गन्तव्य पहिल्याउन दीपावली २०४४ सफल रहोस् भन्ने शुभकामना व्यक्त गरिएको छ ।

हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क २९, वर्ष १६, अङ्क २, २०४५ को पृष्ठ ५७ मा किरण पुस्तकालयको पातो राखिएको छ । यसमा केही नहुनु र गर्न नसकिनु नै यस वर्षको विशेषता रह्यो । सरकारद्वारा सार्वजनिक पुस्तकालयहरूप्रति कति पनि चासो नदिंदा नववर्ष २०४५ ले सम्बद्ध निकायलाई पुस्तकालयको मर्म बुझ्ने धारणा जागृत होस् भन्ने कामना गरिएको छ । पुस्तकालयको मुख्य काम युवा पुस्तालाई असल मार्गमा लैजाने हो तर पुस्तकालयले कसैको हानि नगर्ने भएर होला यसको सञ्चालन र व्यवस्थापनमा ध्यान दिन नसकेको भन्ने अभिप्रायको व्यङ्ग्योक्ति पनि यहाँ प्रस्तुत गरिएको छ ।

सम्पूर्णाङ्क ३०, अङ्क १, कार्तिक २०४५ पृष्ठ ६६-६८ रहेको किरण पुस्तकालयको पातोलाई शीर्षकसहित प्रस्तुत गरिएको छ । 'विगतका उपलब्धि र भावी आवश्यकता' शीर्षक दिएर नियमित कार्यक्रम सम्पन्न भएको जानकारी र भविष्यमा पुस्तकालय सुव्यवस्थित बनाउनका लागि दिगो आर्थिक स्रोतको खोजीसम्बन्धी जानकारी प्रस्तुत गरिएको छ ।

वि.सं. २०४६ मा हाम्रो पुरुषार्थ १६ औं वर्षमा पुगेको हो । यसको सम्पूर्णाङ्क ३१, अङ्क २ को पृष्ठ ६३-६४ मा पुस्तकालयसम्बन्धी ऐन नियमको प्रसङ्ग उल्लेख गर्दै पुस्तकालयसम्बन्धी ऐन नियम छिट्टै प्रकाशित हुने अपेक्षा पनि व्यक्त गरिएको छ । त्यतिबेला पञ्चायती शासनका निरंकुशताले पराकाष्ठा नाघेकोले मण्डले भएको आरोपमा दमौलीको व्यास पुस्तकालय भत्काइएको दुःखद प्रसङ्ग उल्लेख गर्दै २०४६ सालले यस्ता कुमति हटाउँदै जाओस् भन्ने कामना पनि प्रस्तुत गरिएको छ ।

हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ३२, वर्ष १७, अङ्क १, कार्तिक २०४६ को पृष्ठ ६५ मा किरण पुस्तकालयको पातो रहेको छ । यसमा पुस्तकालयको २१ वर्षको इतिहासमा यहाँसम्म आइपुग्न सहयोग गर्नेहरूप्रति श्रद्धाभाव र हार्दिक आभार प्रकट गरिएको छ । वि.सं. २०४६ पुस १४ गते श्री ५ वीरेन्द्रको शुभजन्मोत्सवको उपलक्ष्यमा 'गुल्मी परिचयाङ्क' निकाल्ने योजना रहेको उल्लेख छ ।

वि.सं. २०४६ सालको जनआन्दोलनपछि देशमा प्रजातन्त्र आएपछि हाम्रो पुरुषार्थ थिलथिलाएर सुत्न बाध्य भयो । ६ वर्षको विश्रामपछि पुनः २०५३ कार्तिकमा मात्र यसको सम्पूर्णाङ्क ३३, अङ्क १, वर्ष २४, कार्तिकमा प्रकाशित भएको हो । यसको पृष्ठ १६४ मा किरण पुस्तकालयको पातो रहेको छ । विगतका कमीकमजोरी हटाएर अघि बढ्ने अठोटसहित यस पुस्तकालयको पातोमा वैचारिक दृष्टिकोण

प्रस्तुत गरिएको छ । वि.सं. २०४६ सालमा गुल्मी परिचयाङ्क निकाल्ने योजना योजनामै बिथोलिएको प्रसङ्ग पनि यहाँ प्रस्तुत गरिएको छ ।

सम्पूर्णाङ्क ३४, अङ्क २, २०५४ वैशाखमा प्रकाशित भएको छ । यसको पृष्ठ ५३ मा सुधार कुराबाट होइन, कामबाट थालौं भन्ने शीर्षक दिएर पुस्तकालय र पत्रपत्रिकासम्बन्धी गन्थन उल्लेख गरिएको छ । बहुदलीय प्रजातन्त्रको स्थापनापछि पनि यस्ता सार्वजनिक पुस्तकालयले खेप्नु परेका आर्थिक कठिनाइको कथा-व्यथा प्रस्तुत गरिएको छ ।

सम्पूर्णाङ्क ३५, २०५४ कार्तिकको पृष्ठ ९५ मा किरण पुस्तकालयका विगतको समीक्षा गरिएको छ । किरण पुस्तकालयको इतिहासमा २०२५-२०३५ को दशक स्वर्णकाल अर्थात् उत्तरोत्तर प्रगतिको समय भनेर चर्चा गरिएको छ । त्यस समयमा भैलो खेल्ने, चतुर्मास महायज्ञ सञ्चालन गर्नेजस्ता कार्यबाट गोठको एउटा सामान्य कोठाबाट पुस्तकालयलाई भवनसहितको स्वायत्त संस्थामा परिणत गर्न सकेको यथार्थ पनि प्रस्तुत गरिएको छ । यसै वर्षको मोतीजयन्तीका अवसरमा डा. टीकाराम पन्थीद्वारा लिखित 'बुद्धस्मरणम्' प्रकाशित भएसँगै किरण पुस्तकालय प्रकाशन मालाको छैटौं पुष्प प्रकाशित भएको छ । यसै वर्ष नेपाल सरकारले सार्वजनिक पुस्तकालयलाई छुट्याएको रू.२५०,०००/-मध्ये किरण पुस्तकालयलाई रू.३३,०००/-परेको सुखद खबर पनि प्रकाशित गरिएको छ । त्यस्तै तम्घास गा.वि.स.बाट रू.५,०००/-दिइएको र जि.वि.स.ले दिँदै आएको रू.३,०००/-को रकम रू.५,०००/-पुऱ्याउने अपेक्षासमेत गरिएको छ ।

हाम्रो पुरुषार्थको ३६ औं अङ्क वर्ष २५, २०५५, को पेज १२९ मा किरण पुस्तकालयको पातो रहेको छ । पुस्तकालयका सन्दर्भमा लेख्न थालेको पनि २५ वर्ष बितिसक्दा पनि स्थिति यथावत् देखिएको नेपाल सरकारले छुट्याएको रकम समयमा भुक्तानी गर्ने लक्षण नदेखिएको, मुकुन्दहरि ज्ञवालीद्वारा रचित मेरो देश नेपाल शीर्षकको कविता-सङ्ग्रह किरण पुस्तकालयका प्रकाशनमालाको सातौं पुष्प प्रकाशित भएको, ३७ औं सम्पूर्णाङ्कलाई पुस्तकालय विशेषाङ्क निकाल्ने सोच रहेको जानकारी प्रस्तुत गरिएको छ ।

हाम्रो पुरुषार्थले २५ वर्ष पूरा गरी २६ वर्षमा पुगेको र किरण पुस्तकालयले पनि ३० वर्ष पूरा गरेको अवसरमा सम्पूर्णाङ्क ३७ लाई पुस्तकालय विशेषाङ्कका रूपमा प्रकाशित गरिएको छ भने २०५६ को वैशाखमा प्रकाशित हुने ३८ औं अङ्कलाई कथा विशेषाङ्क निकाल्ने योजना रहेको जानकारी गराइएको छ । त्यसैगरी यस अङ्कमा नेपाल सरकारले ३० वर्षको इतिहासमा किरण पुस्तकालयलाई रू.३३०००/-को पहिलो अनुदान दिएको जानकारी पनि यस अङ्कमा छ ।

हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ३८, वि.सं. २०५९ वैशाख कथा विशेषाङ्क हो । यस अङ्कको पृष्ठ १७२ मा किरण पुस्तकालयको पातो छ । यसमा 'हाम्रो प्रार्थना' शीर्षकमा ढुङ्गा हटाई जस्तापाता दिएर छानो छाउने व्यवस्था गरेको, गुल्मी जिल्लाका विशेषगरी तम्घास क्षेत्रका उद्योगपति, व्यवसायी साथै जिल्ला प्रशासन कार्यालय, जिल्ला शिक्षा कार्यालय, गुल्मी अर्घाखाँची ग्रामीण विकास परियोजना सबैबाट पुस्तकालयले सयहोग प्राप्त गरेकोले धन्यवाद ज्ञापन गरिएको छ ।

सम्पूर्णाङ्क ३९, कार्तिक २०५६ मा प्रकाशित भएको यस अङ्कमा सम्झना, धन्यवाद र आशा शीर्षक दिएर किरण पुस्तकालयको पातो तयार गरिएको छ । गुल्मी अर्घाखाँची ग्रामीण विकास परियोजनाको ५४३,६५५/-को लागतमा पुस्तकालय भवनको पुनर्निर्माण कार्य सम्पन्न भएकोले हार्दिक धन्यवाद प्रकट गरिएको छ । यस वर्ष १६ जना आजीवन सदस्य, संरक्षक सदस्य ६ जना थपिएका छन् भने पुस्तकालयको नियमित सञ्चालनका लागि वि.सं. २०५६ कार्तिक १६ देखि विष्णुप्रसाद खनाललाई ग्रन्थपालमा नियुक्त गरिएको छ । यस पृष्ठमा विनियम संशोधन, पुस्तकालयसभाको आयोजना, सञ्चालक समितिको पुनर्गठनसम्बन्धी जानकारी दिइएको छ ।

वि.सं. २०५७ को वैशाख र कार्तिकमा हाम्रो पुरुषार्थका सम्पूर्णाङ्क ४० र ४१ प्रकाशित भएका छन् । सम्पूर्णाङ्क ४० को १६३ मा किरण पुस्तकालयको पातो छ । यसमा पुस्तकालयको पुनर्निर्माण, मर्मतसंभार सम्पन्न भएको जानकारी गराइएको छ भने विभिन्न पत्रपत्रिकाको आजीवन ग्राहकका रूपमा किरण पुस्तकालयलाई बनाई पत्रपत्रिका उपलब्ध गराउनु हुने महानुभावहरूको नाम बोर्डमा लेखेर सम्मान गरिएको पनि जानकारी गराइएको छ । त्यस्तै पुस्तकालयमा रहेका पुस्तकहरू पुनः पञ्जीकरण गरिएको जानकारी छ । त्यस्तै यसै वर्ष प्रकाशित सम्पूर्णाङ्क ४१ को पृष्ठ १३८ मा किरण पुस्तकालयको पृष्ठभूमि उल्लेख गर्दै किरण पुस्तकालयको पातो तयार गरिएको छ । निर्मित दुईतले भवनको दोस्रो तला सिर्जनशील सामुदायिक विकास केन्द्रलाई भाडा दिई थोरै भए पनि सञ्चालन खर्चमा टेवा पुगेको जानकारी गराइएको छ । गुल्मी अर्घाखाँची ग्रामीण विकास परियोजनाले रू.१,००,०००/-बराबरका पुस्तक खरिद गरिदिएकोले हार्दिक धन्यवाद प्रदान गरिएको छ ।

वि.सं. २०५८ को वैशाख र कार्तिकमा हाम्रो पुरुषार्थका क्रमशः ४२ र ४३ अङ्क प्रकाशित भएका छन् । ४२ अङ्क भाषिक सङ्गोष्ठी विशेषाङ्क हो, यसमा नेपाल प्रज्ञा-प्रतिष्ठानको प्रेरणा र सहयोग एवं विभिन्न संघ संस्थासमेतको सहयोगमा भाषिक संगोष्ठी सम्पन्न भई सोहीसम्बन्धी विशेषाङ्क नै हाम्रो पुरुषार्थको प्रस्तुत विशेषाङ्क हो । यसको पृष्ठ २०२ मा किरण पुस्तकालयको पातो राखिएको छ । यसमा भाषिक संगोष्ठी सफल बनाउन सहयोग गर्ने सबैलाई हार्दिक धन्यवाद

दिँदै सबैको सयहोगमा केही न केही गर्दै जान पाइयोस् भन्ने कामना व्यक्त गरिएको छ । यसै वर्षको सम्पूर्णाङ्क ४३ को पृष्ठ ११८ मा किरण पुस्तकालयको पातो छ । यसभित्र नेपाल सरकार शैक्षिक क्षेत्रमा प्रशस्त लगानी गर्न थाले पनि पुस्तकालयप्रति आँखा चिम्लिरहेको गुनासो गरिएको छ । त्यस्तै सरकारले एउटा पुस्तकालयलाई लाग्ने खर्च मात्र ब्यहोरिदिन सके उपयुक्त हुने आशय व्यक्त गरिएको छ । यस क्षेत्रमा नीति निर्माता र सरकारले सुदृष्टि दिन सकून् भन्ने कामना पनि गरिएको छ । हाम्रो पुरुषार्थका सम्पूर्णाङ्क ४४ र ४५, २०५९ को क्रमशः वैशाख र कार्तिकमा प्रकाशित भएका हुन् । २०५८ पुसमा पृथ्वीनारायण शाहको जन्मजयन्तीका उपलक्ष्यमा विचार गोष्ठी र साहित्य गोष्ठी सम्पन्न भएको जानकारी छ । त्यस्तै प्रतिनिधि सभा सदस्य सांसद प्रदीप ज्ञवालीद्वारा रू.११, २००/-सांसद विकास कोषबाट प्रदान गर्नु भई दुईवटा स्टिल दराज खरिद गरिएको जानकारी छ । त्यस्तै यसै अङ्कबाट चन्द्रप्रकाश उपाध्याय, नारायण पन्थी र गोविन्द गौतमद्वारा गुल्मी डायरी स्तम्भ प्रकाशन गर्न सुरू भएको पनि जानकारी छ । सम्पूर्णाङ्क ४५ मा पुग्दा सम्पादक मण्डलमा सहायक सम्पादकमा भुवन अर्याल र नारायण पन्थीलाई नियुक्त गरिएको छ । भविष्यमा हाम्रो पुरुषार्थको थप विस्तार गर्दै स्वदेश तथा विदेशका अन्य सहरमा प्रतिनिधि थप गर्दै जाने लक्ष्य रहेको जानकारी गराइएको छ ।

हाम्रो पुरुषार्थका ४६ र ४७ सम्पूर्णाङ्क २०६० वैशाख र कार्तिकमा प्रकाशित भएका हुन् । ४६ औं सम्पूर्णाङ्कको १२२ पृष्ठमा सरकार आफैले स्वीकृति दिएका पुस्तकालयहरू आफैले सञ्चालन गर्नतर्फ ध्यान दिन नसकेको गुनासो गरिएको छ । शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०४९ को छैटौं संशोधन २०५४ सहितको परिच्छेद २४ मा पुस्तकालयको व्यवस्था र सञ्चालनसम्बन्धी सामान्य नियमावली निर्धारण गरेकोले पुनः २०५५/१/१७ गते जिल्ला शिक्षा कार्यालयमा दर्ता गरिएको थियो । शिक्षा ऐन तथा नियमावलीअन्तर्गत रही पुस्तकालय सञ्चालन गर्नु गराउन अनुरोध गरिएको ब्यहोरा उल्लेख छ । पुस्तकालयको स्थापना र सञ्चालनका सन्दर्भमा सरकार मौन रहेको छ । यस्तो अवस्थामा शैक्षिक विकासको अपेक्षा कसरी गर्न सकिएला भन्ने भाव किरण पुस्तकालयको प्रस्तुत पातोमा उल्लेख छ । ४७ औं सम्पूर्णाङ्कमा ४६ अङ्कका प्रश्न र गुनासा यथावतै भएकोले पृष्ठ १५२ मा 'शुभकामना मात्र' शीर्षक दिइएको छ । विभिन्न नौ बुँदामा अघिल्ला अङ्कमा उठाइएका आवाज बालुवामा पानी हालेझैं भएकोले पुरानै गतिविधिको पुनरावृत्ति गरिएको छ ।

वि.सं. २०६१ मा हाम्रो पुरुषार्थका ४८ र ४९ औं सम्पूर्णाङ्क प्रकाशित भएका छन् । सम्पूर्णाङ्क ४८ को पृष्ठ १५२ मा 'नवानुभूतिको कामना' शीर्षक दिएर किरण पुस्तकालयको पातो प्रस्तुत गरिएको छ । विभिन्न सात बुँदामा पुस्तकालयका गतिविधि प्रस्तुत गरिएको छ । विभिन्न सात बुँदामा पुस्तकालयका गतिविधि

प्रस्तुत गरिएको छ । ५० औं अङ्क पत्रकारिता अङ्क प्रकाशित गर्ने भएकोले स्रष्टा र समीक्षकहरूलाई तत्सम्बन्धी लेख-रचना उपलब्ध गराउन अनुरोध गरिएको छ । एम.के.पब्लिसर्स एण्ड डिस्ट्रिबुटर्स सुकुन्दा पुस्तक भवन, विद्यार्थी पुस्तक भण्डार र तलेजु प्रकाशनबाट पुस्तकालयलाई केही पुस्तकहरू उपहार स्वरूप प्राप्त भएकोले दाताहरूलाई हार्दिक धन्यवाद ज्ञापन गरिएको छ । पुस्तकालयको वाचनालयकक्षमा अन्य संघसंस्थाका कार्यक्रम हुन थालेको गौरवको अनुभव भएको प्रस्तुत गरिएको छ भने सम्पूर्णाङ्क ४९ को पृष्ठ १४८ मा 'सहयोगका लागि हार्दिक आह्वान' शीर्षक दिएर किरण पुस्तकालयलाई सबैतिरबाट सहयोग प्राप्त होस् भन्ने कामना गरिएको छ । जिल्ला शिक्षा समिति गुल्मीले दिएको रू.५०००/-बाट एक दुई सय पुस्तक किन्न सजिलो भएको छ । तम्घास गा.वि.सं. ले यस वर्ष रू.५०००/-दिएकोले अन्य संघसंस्थाले पनि यस्तै सहयोग उपलब्ध गराएमा उपयुक्त हुने कामना गरिएको छ । सरकारले नियमित अनुदान नदिएसम्म पुस्तकालयको स्तरोन्नति हुन नसक्ने भएकोले हार्दिक सहयोगको अपेक्षा गरिएको छ ।

वि.सं. २०६२ मा हाम्रो पुरुषार्थका ५० र ५१ सम्पूर्णाङ्क प्रकाशित भएका हुन् । सम्पूर्णाङ्क ५० को पृष्ठ ४५९ मा 'पत्रकारिताका कुरा गर्दा' शीर्षक दिएर नेपालमा पत्रकारितासम्बन्धी पुस्तकको अभाव भएकोले २०३० सालदेखि यसबारे सोच बन्दै आएको हो । ५० औं अङ्कमा आएपछि यो संयोग जुटेको कुरा प्रस्तुत गरिएको छ । त्यस्तै सम्पूर्णाङ्क ५१ मा 'स्थायी आयस्रोतको आवश्यकता' शीर्षकमा किरण पुस्तकालयको पातो छ । झण्डै ५०० पृष्ठको पत्रकारिता विशेषाङ्क निकाल्दा ठूलै खाडल परेको त्यसबाट निस्कन कठिन भएकोले स्थायी स्रोत भएमा पत्रिका प्रकाशन गर्न सहज हुने भाव व्यक्त गरिएको छ । ९७ औं देवकोटा जयन्तीका उपलक्ष्यमा डा. टीकाराम पन्थीद्वारा लिखित केही सांस्कृतिक चिन्तन प्रकाशित भएको छ । यो सहित किरण पुस्तकालयले १० वटा कृतिको प्रकाशक बन्ने सौभाग्य प्राप्त गरेको छ । तत्कालीन प्र.जि.अ. दुर्गाप्रसाद पोखेलको प्रस्ताव र राजनीतिक दलहरूको समर्थनमा नागरिकतामा छुट नामदर्ता फारमलाई रू.१०/- मा बिक्री गरी सो आम्दानी संकलन गर्ने जिम्मेवारी किरण पुस्तकालयले प्राप्त गरेकोले सम्बद्ध सबैलाई हार्दिक धन्यवाद दिइएको छ । त्यस्तै भानु, मोती, देवकोटा र लेखनाथ जयन्तीमा गरिने साहित्य गोष्ठीका लागि चिन्तामणि-निमकला भुसाल प्रतिष्ठानले पुरस्कारको सौजन्य गर्दै आएकोले आगामी दिनमा पनि सबैका सहयोगको अपेक्षा गरिएको छ ।

हाम्रो पुरुषार्थका सम्पूर्णाङ्क ५२ र ५३ वि.सं. २०६३ मा निस्केका हुन् । सम्पूर्णाङ्क ५२ को पृष्ठ १०७ मा लोकतान्त्रिक सरकारले पुस्तकालयसम्बन्धी नियम बनाउन सकोस् भन्ने कामना गरिएको छ । एक दशक लामो गृहयुद्ध स्थगित भएकोले अबका लोकतान्त्रिक सरकारमा पुस्तकालयसम्बन्धी नीति बनाउने सोच पैदा होस्

भन्ने कामनासमेत गरिएको छ । त्यस्तै सम्पूर्णाङ्क ५३ को पृष्ठ ८२ मा 'साझा कथा' शीर्षक दिएर किरण पुस्तकालय जस्तै देशभरका पुस्तकालयले सहृदयी दाताहरूबाट पाएको सद्भाव, सहयोग र प्रेरणाले बाँच्नु पर्ने साझा कथाव्यथा भोगिरहेको अवस्था प्रस्तुत गरिएको छ ।

*सम्पूर्णाङ्क ५२ को पृ. १०७ मा लोकतान्त्रिक सरकारले पुस्तकालयसम्बन्धी नियम बनाउन सकोस् भन्ने कामना गरिएको छ । एक दशक लामो गृहयुद्ध स्थगित भएकोले अबका लोकतान्त्रिक सरकारमा पुस्तकालयसम्बन्धी नीति बनाउने सोच पैदा होस् भन्ने कामनासमेत गरिएको छ । त्यस्तै सम्पूर्णाङ्क ५३ को पृ. ८२ मा 'साझा कथा' शीर्षक दिएर किरण पुस्तकालय जस्तै देशभरका पुस्तकालयले सहृदयी दाताहरूबाट पाएको सद्भाव, सहयोग र प्रेरणाले बाँच्नु पर्ने साझा कथाव्यथा भोगिरहेको अवस्था प्रस्तुत गरिएको छ ।*

वि.सं. २०६४ मा हाम्रो पुरुषार्थले ३५ वर्ष प्रवेश गरेसँगै यसको सम्पूर्णाङ्क ५४ प्रकाशित भएको हो । यसको पृष्ठ ११५ मा 'उज्याला दिन आउने सङ्केत' शीर्षक दिएर गुल्मी क्षेत्र नं. ३ का प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने माननीय गोकर्ण बिष्टको प्रयासमा शिक्षा तथा खेलकुद मन्त्रालयद्वारा रू.१०००००/-सहयोग गर्नु भएको र सो रकम प्राप्त भएपछि अब पुस्तकालयका पनि उज्याला दिन आउलान् कि भन्नेमा आशावादी भएको तथ्य प्रस्तुत छ, त्यस्तै गुल्मी जिल्लाका स्थानीय विकास अधिकारीले गर्नु भएको सहयोगस्वरूप, कुर्सी, टेबुल, फलामे भऱ्याङ् र मर्करीसमेत थपिएका थिए । २०६४ को माघमा बुटवलमा हुने प्रदर्शनीमा किरण पुस्तकालयका सम्पूर्ण प्रकाशनहरूका साथै हाम्रो पुरुषार्थका सम्भव भएसम्मका अङ्कहरू प्रदर्शन गर्ने योजना रहेको कुरा पनि यसैमा उल्लेख छ । आर्थाभावका कारण २०६४ को वैशाख अङ्क निस्कन सकेको थिएन ।

सम्पूर्णाङ्क ५५, २०६६ कार्तिकमा प्रकाशित भएको हो । यस सम्पूर्णाङ्कको पृष्ठ १४३ मा किरण पुस्तकालयको पातो छ । यसमा संविधान सभा निर्वाचन २०६४ सम्पन्न भएकोले समयमै संविधान लेखेर सम्पन्न गर्ने आग्रह गरिएको छ । किरण पुस्तकालयले गुल्मी जिल्लामा जातपात, छुवाछूतका विरूद्धमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गरेको, मोदनाथ प्राश्रितद्वारा लिखित मानवताको कलङ्क जातपात र छुवाछूत प्रकाशित गरेकोले दलित वर्ग उत्थान जिल्ला समन्वय समितिबाट किरण पुस्तकालयलाई रू.५०००/-पुरस्कार प्रदान गरिएको थियो । तम्घास गा.वि.सं. वडा नं. १ निवासी गोपाल पन्थीद्वारा रू.१,१,१११/-को अक्षयकोष स्थापना गरिदिनु भएको हो । यो वर्ष किरण पुस्तकालयले आफ्नो महत्त्वपूर्ण सहयोगीहरू गुमाएको छ । सहायक सम्पादक तथा हाम्रो पुरुषार्थका गुल्मी

डायरीका स्तम्भकार नारायण पन्थी, विशिष्ट सदस्य तथा अक्षयकोषदाता गोपाल पन्थी तथा आजीवन सदस्य परमानन्द भण्डारीको यसै वर्ष दुःखद निधन भएको छ । यसअघि नेपाल सरकारले दिएको अनुदान पुनः नदिनुका साथै पुस्तकालयसम्बन्धी ऐन नियमहरू नबन्दा अझै पनि पुस्तकालयहरूले व्यवधान भोग्नु परेको यथार्थ पनि यस अङ्कमा प्रस्तुत गरिएको छ ।

कार्तिक २०६७ मा हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क ५६ डा. टीकाराम पन्थी विशेषाङ्क रूपमा प्रकाशित भएको छ । यसको पृष्ठ ४६९ मा समसामयिक सन्दर्भप्रति गुनासो व्यक्त गरिएको छ । शान्ति प्रक्रियाले पूर्णता पाउन नसकेको, अन्तरिम संविधान ८ पटक संशोधन भैसकेको, चार महिनादेखि काम चलाउ सरकार रहेको, देशमा अन्याय, अत्याचार दमन र शोषणबाट जनताले मुक्ति पाउन नसकेको गुनासो गरिएको छ । यस्तो विषम परिस्थितिमा हितैषी, विज्ञापनदाता, लेखक समीक्षककै सहयोगबाट पुरुषार्थ अगाडि बढेकोले उहाँहरू सबैप्रति हार्दिक आभार प्रकट गरिएको छ ।

हाम्रो पुरुषार्थ ३९ वर्षमा प्रवेश गर्दा वि.सं. २०६८ मा यसको सम्पूर्णाङ्क ५७ प्रकाशित भएको छ । यसको किरण पुस्तकालयको पातोअन्तर्गत 'पुस्तकालय नियमको आवश्यकता' शीर्षक दिएर सरकार आफैले नीतिबमोजिम सञ्चालन गरेका पुस्तकालयहरूलाई सञ्चालन र व्यवस्थापन गर्ने जिम्मेवारी सरकारको हो तर सरकारले आफ्नो दायित्व पूरा नगरेको गुनासो व्यक्त गरिएको छ । सरकारबाट बेलाबेलामा विनाकारण नीतिनियम भङ्ग गर्दै पुस्तकालयलाई अझ अस्तव्यस्त बनाइएको छ । किरण पुस्तकालयद्वारा वि.सं. २०६८ वैशाख ९ गते गुल्मी महोत्सवको उपलक्ष्यमा पश्चिमाञ्चल क्षेत्रस्तरीय कविता गोष्ठी सञ्चालन गरिएको जानकारी पनि यसै पातोमा छ । आगामी वर्ष किरण पुस्तकालयले दुईवटा पुस्तक प्रकाशित गर्ने योजना रहेको सन्दर्भ पनि यही पातोमा उल्लेख छ ।

हाम्रो पुरुषार्थको वर्ष ४०, सम्पूर्णाङ्क ५८, २०६९ कार्तिकको पृष्ठ ११० मा 'सहयोगीप्रति आभार' शीर्षकमा किरण पुस्तकालयको पातो छ । ८३ औं कुलमणि देवकोटा स्मृति दिवसको उपलक्ष्यमा धवल पुस्तकालय पाल्पामा हाम्रो पुरुषार्थको प्रकाशन र वितरणसम्बन्धी एक दिने कार्याशाला गोष्ठी सम्पन्न भएको थियो । सो गोष्ठीमा पाल्पा जिल्लाका आजीवन ग्राहकहरूद्वारा-लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार पुनः प्रकाशित गर्नुपर्ने, पुस्तकालय र पुरुषार्थलाई आधुनिक प्रविधिसँग जोड्नुपर्ने, प्रकाशनलाई त्रैमासिक बनाउनुपर्ने, पत्रिका अनुसन्धानमूलक बनाउनुपर्नेजस्ता महत्त्वपूर्ण सुझाव दिएका थिए । यसै वर्ष रेसुङ्गा नगरपालिका-१, निवासी ध्रुव पन्थीले आफ्ना पिता तुलसीराम पन्थीको स्मृतिमा रू.१,००,०००/-

को सहयोग प्रदान गर्नु भएको हो । त्यस्तै नन्दराम भुसालद्वारा अक्षयकोषवृद्धिका लागि रू.२५,०००/-थपी रू.५०,०००/-पुऱ्याउनु भएको सूचना दिइएको छ ।

वि.सं. २०६८ चैत्र १८ गते चैते दशैंको उपलक्ष्यमा बडागाउँ निवासी अर्जुनप्रसाद भट्टराईद्वारा लिखित 'ग्रह विमर्श' किरण पुस्तकालयद्वारा प्रकाशित गरी विमोचन गरिएको थियो । यसै वर्ष हाम्रो पुरुषार्थले **ISSN 2091-2013** प्राप्त गरेको हो । यसै वर्ष किरण पुस्तकालयका सचिव श्री शशि पन्थीलाई संयुक्तराज्य अमेरिकाको क्यालिफोर्निया स्थित सन्फ्रान्सिस्को शहरका केही पुस्तकालयहरूको अवलोकन भ्रमण गर्ने सुअवसर प्राप्त भएको हो । त्यस्तै 'द एसिया फाउडेन्सन द्वारा २२३ थान पुस्तक प्राप्त भएका थिए । जिल्ला विकास समिति गुल्मीले सन्देश प्रकाशनार्थ रू.२५०००/-सहयोग प्रदान गरेको थियो भने जिल्ला शिक्षा समितिले दिँदै आएको सहयोग रू.५०००/-लाई निरन्तरता दिएको थियो । सहयोगी सबैलाई हार्दिक धन्यवाद पनि यस पातोमा दिइएको छ ।

हाम्रो पुरुषार्थ ४० वर्ष सम्पूर्णाङ्क ५९, २०७० को पृष्ठ ९१ मा "उस्तै छ हाम्रो हाल" शीर्षक दिएर देशको विडम्बनापूर्ण परिस्थितिको चित्रण गरिएको छ । ६०१ सभासदहरू दुई वर्षमा संविधान बनाउने जिम्मा लिएर पुनः दुई वर्ष म्याद थपेर पनि संविधान बन्न नसकेको विडम्बना पूर्ण परिस्थिति प्रस्तुत गरिएको छ । २०६९ माघ ११ गते चेतकी राज्य लक्ष्मी स्मृति प्रतिष्ठानले २०६९ सालको साहित्यिक पुरस्कार हाम्रो पुरुषार्थलाई प्रदान गरेको सूचना पनि यसैमा उल्लेख छ ।

वि.सं. २०७० देखि हाम्रो पुरुषार्थको त्रैमासिक प्रकाशन सुरू भएको हो । कार्तिक, मंसिर र पुस गरी तीन महिनाको अङ्क प्रकाशनसँगै त्रैमासिक प्रकाशनका लागि जिल्ला प्रशासन कार्यालय गुल्मीबाट अनुमति लिइएको हो । यो आदिकवि भानुभक्तको द्विशतवार्षिकी विशेषाङ्क हो । यस अङ्कको पृष्ठ ३०० मा नेपाल सरकारले 'पुस्तकालय तथा सूचना व्यवस्थापन निर्देशिका २०६९' लागू गरेकोमा सोको स्वागत गरिएको छ । उक्त निर्देशिकाको विभिन्न परिच्छेदमा भएका व्यवस्थाहरूको पनि संक्षिप्त चर्चा गरिएको छ । किरण पुस्तकालयले प्रचलित विनियमलाई विधानका रूपमा तयार गरी आ.व.२०७०/०७१ देखि सञ्चालक समितिले कार्यन्वयन गर्दै जाने पनि यस सम्पूर्णाङ्कमा उल्लेख छ । २०७० माघ-चैत सम्पूर्णाङ्क ६१ को पेज ८५ मा 'राष्ट्रिय विभूतिहरूप्रति श्रद्धा' शीर्षक दिएर किरण पुस्तकालयको पातो राखिएको छ । यस वर्ष भानुभक्त आचार्यको द्विशतवार्षिकी र विश्वेश्वरप्रसादको शतवार्षिकी एकै पटक परेकाले भानुभक्त र विश्वेश्वरले नेपाली साहित्यको विकासमा दिएको योगदानको चर्चा गरिएको छ । अबका दुईवटा अङ्क सामान्य रहने र तेस्रो अङ्क विश्वेश्वर स्मृति अङ्क प्रकाशित गर्ने योजना रहेको कुरा पनि यसैमा प्रस्तुत छ ।

वैशाख-आषाढ-२०७१, सम्पूर्णाङ्क ६२, वर्ष ४१ को पृष्ठ ८५ मा अध्ययन संस्कृतिको विकास गरौं भन्ने शीर्षक दिएर अध्ययन संस्कृतिको विकासका लागि सबैप्रति आह्वान गरिएको छ । यस पातोमा किरण पुस्तकालयले आफ्नो विकास र उत्थानमा विगत ४५ वर्षदेखि निरन्तर संघर्ष गर्दै आएको छ । सरकारले चाहेमा यस्ता पुस्तकालयहरूको सञ्चालनमा कसरी सहयोग गर्न सक्दछ त ? भन्ने प्रसङ्ग र तरिकासमेत यसमा प्रस्तुत गरिएको छ ।

सम्पूर्णाङ्क ६३, २०७१ हाम्रो पुरुषार्थको विश्वेश्वरप्रसाद कोइराला विशेषाङ्क हो । यसको पृष्ठ ४८३ किरण पुस्तकालयको पातो छ । यस पातोमा पुस्तकालयलाई इ-लाइब्रेरीको रूपमा विकास गर्ने लक्ष्य रहेको बताइएको छ । भानु र विश्वेश्वरलाई स्मरण गर्दै स्मृति अङ्क निकाल्न पाएकोमा गौरवको अनुभूति व्यक्त गरिएको छ । जिल्ला शिक्षा समिति र बी.पी. चिन्तन प्रतिष्ठानले रू. दश-दश हजार सहयोग गरेकोमा धन्यवाद ज्ञापन गरिएको छ । सम्पूर्णाङ्क ६४, कार्तिक पुस-२०७१ को पृष्ठ ४६ मा "वार्षिक प्रगति विवरण "शीर्षक दिएर विभिन्न ११ बुँदामा विवरण प्रस्तुत छ । राष्ट्रिय योजना आयोगले रातो किताबमा रू.१,००,०००/-बजेट विनियोजन गरेकोमा हार्दिक धन्यवाद ज्ञापन गरिएको छ ।

वर्ष ४२, सम्पूर्णाङ्क ६५, २०७१ माघ-चैतको पृष्ठ ५२ मा 'विज्ञापनविनाको पत्रिका' शीर्षकमा किरण पुस्तकालयको पातो छ । वि.सं. २०३० देवकोटा जयन्तीमा हाम्रो पुरुषार्थको पहिलो अङ्क छापिएबाटै विभिन्न विज्ञापनदाता, ग्राहक, शुभेच्छुक आदिको सहयोगमा छापिएको तर विज्ञापन शुल्क उठाउँदा कतिपय विज्ञापनदाताहरूबाट बटुलेको तितो अनुभवका कारण पुरुषार्थको ६४ र ६५ अङ्कलाई कुनै विज्ञापन विना प्रकाशित गरिएको छ भने ४२ वर्षसम्म निरन्तर विज्ञापन दिनु हुने सबैप्रति आभार प्रकट गर्दै सदैव सहयोगको अपेक्षा गरिएको छ ।

सम्पूर्णाङ्क ६६, २०७२ वैशाख-असारको पृष्ठ ५८ मा 'महाभूकम्प र पुस्तकालयको अवस्था' शीर्षकमा किरण पुस्तकालयको पातो राखिएको छ । उक्त भूकम्पबाट देशका विभिन्न स्थानका पुस्तकालयहरूमा क्षति पुगेकोले देश विदेशबाट प्राप्त पुनर्निर्माणको प्रक्रियाका लागि प्राप्त रकम किरण पुस्तकालयले पनि प्राप्त गरी पुनर्निर्माण हुने अवसर प्राप्त होस् भन्ने कामना छ ।

२०७२ को श्रावण-आश्विनमा हाम्रो पुरुषार्थको ६७ औं सम्पूर्णाङ्क प्रकाशित भएको हो । यसको पृष्ठ ७१-७२ मा 'वार्षिक प्रतिवेदन' शीर्षक दिएर विभिन्न १२ वटा बुँदामा आर्थिक तथा अन्य गतिविधिहरू प्रस्तुत गरिएको छ । किरण पुस्तकालयको नयाँ विधान मस्यौदा तयार भएकोले ४७ औं पुस्तकालय सभाबाट पारित भएपछि लागू हुने, जिल्लामा पर्यटन विकासमा पुऱ्याएका योगदानको कदर गर्दै रुरु-रेसुङ्गा क्षेत्र पर्यटन विकास समितिद्वारा रू. १५,०००/-को नगद

पुरस्कार प्रदान गरेको पुस्तकालय तथा सूचना व्यवस्थापन निर्देशिका बमोजिम जिल्ला शिक्षा कार्यालयमा अभिलेखीकरण गरिएको, अब पुस्तकालय सूचना तथा सेवा राष्ट्रिय नीति २०६९ अनुरूप जारी निर्देशिका अनुरूप जिल्लामा गठन हुने पुस्तकालय व्यवस्थापन समितिले पुस्तकालय सञ्चालन र व्यवस्थापनका लागि आर्थिक सहयोग जुटाउन सहयोग गर्ने अपेक्षा गरिएको छ ।

सम्पूर्णाङ्क ६८, कार्तिक, पुस २०७२ को पृष्ठ ५७ मा 'किरण पुस्तकालयको नयाँ विधान २०७२' छ । विधानको विस्तृत विवरण प्रस्तुत गर्नमा नै यो पातो खर्चिएको छ ।

२०७२ माघ-चैत्र सम्पूर्णाङ्क ६९ को पृष्ठ ६७ मा 'हाम्रो पुरुषार्थ 'क' वर्गको साहित्यिक पत्रिकामा वर्गीकृत' शीर्षक प्रस्तुत छ । प्रेस काउन्सिल नेपालको ४० औं वार्षिक प्रतिवेदनमा हाम्रो पुरुषार्थलाई 'क' वर्गको राष्ट्रिय स्तरको त्रैमासिक पत्रिकाका रूपमा सूचीकृत गरिएको छ । उक्त पातोमा सोही जानकारी उल्लेख छ ।

वि.सं. २०७३ वैशाख–असार सम्पूर्णाङ्क ७० को पृष्ठ ६९ मा 'पुस्तकालयको नया व्यवस्था समिति' शीर्षक दिएर पुस्तकालयको नयाँ विधान अनुसार गठित व्यवस्थापन समितिमा अध्यक्ष नरप्रसाद श्रेष्ठ, उपाध्यक्ष शशि पन्थी, सचिव दीन पन्थी, कोषाध्यक्ष चनक कुँवरसहितको ९ सदस्यीय सञ्चालक समिति गठन गरिएको उल्लेख छ ।

वर्ष ४३, सम्पूर्णाङ्क ७१, साउन–असोज २०७३ को पृष्ठ ७७ मा किरण पुस्तकालयको पातो छ । यसलाई विभिन्न तीन बुँदामा उल्लेख गर्दै पुस्तकालयमा भएका नियमित कार्यहरूको जानकारी गराइएको छ ।

सम्पूर्णाङ्क ७२, कार्तिक–पुस २०७३ को पृष्ठ ५९ मा किरण पुस्तकालयको पातो छ । नेपाल सरकारले सार्वजनिक पुस्तकालयप्रति सकारात्मक दृष्टि राख्दै आ.व. ०७२/०७३ मा रू. ७०००००/- को आर्थिक सहयोग प्रदान गरेकोले पुस्तकालयमा अत्यावश्यक फोटोकपी, प्रिन्टर, ल्यापटप, कम्प्यूटर र सी.सी. क्यामेरा जडान गरिएको, रेसुङ्गा न.पा. द्वारा ४१,२५०/- को आर्थिक सहयोग प्राप्त, गुल्मी जिल्ला क्षेत्र नं.१ का सांसद कृष्णबहादुर छन्तेलद्वारा रू.५०,०००/- सहयोग गर्नुभएको अध्यक्ष नरप्रसाद श्रेष्ठले आफूले स्थापित कोषमा रू.५१,१११/- थप गरी १०,१११/- पुऱ्याउनुभएको, पुस्तकालयमा अक्षयकोष रू.३००,०००/- पुगेको र क्रमश वृद्धि गर्दै जाने लक्ष्यसमेत प्रस्तुत छ ।

२०७३, माघ-चैत्र, सम्पूर्णाङ्क ७३ को पृष्ठ ६७ मा 'गुल्मीमा पहिलो साहित्यिक पुरस्कारको स्थापना' शीर्षकमा किरण पुस्तकालयको पातो छ । रुरु गा.पा.

निवासी शंकरप्रसाद गौतमले पत्नी जानकी ज्ञवाली गौतमको स्मृतिमा जानकी ज्ञवाली गौतम प्रतिष्ठानको स्थापना गरी गुल्मी जिल्लामा जन्मी साहित्यिक क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिलाई पुरस्कृत गर्ने उद्देश्यले उक्त पुरस्कार कोषको स्थापना गर्नुभएको हो । उक्त पुरस्कार कोषको रकम हरेक पाँच वर्षमा पुनरवलोकन गर्दै जाने पनि उल्लेख छ ।

वर्ष ४४, सम्पूर्णाङ्क ७४, वैशाख–असार २०७४ को पृष्ठ ६६ मा 'हाम्रो पुरुषार्थ' फेरि पनि 'क' वर्गको पत्रिकामा वर्गीकृत' शीर्षकमा किरण पुस्तकालयको पातो छ । यसमा हाम्रो पुरुषार्थ 'क' वर्गका पत्रिकामा सूचीकृत हुने अवसर पुनः प्राप्त गरेको छोटो जानकारी प्रस्तुत छ ।

२०७४, साउन–असोज, सम्पूर्णाङ्क ७५ को पृष्ठ ६७ मा किरण पुस्तकालयको पातो छ । यस पातोमा तीन शीर्षकमा कार्यक्रमको विवरण प्रस्तुत छ । १५२ औं मोती जयन्ती, १० औं पुस्तकालय दिवस र किरण पुस्तकालयको ५० औं सभा सम्पन्न भएको जानकारी छ । वि.सं. २०७५ मा किरण पुस्तकालयले ५० वर्ष पूरा गर्ने हुनाले सो अवसरमा विभिन्न कार्यक्रमसहित मनाउन उक्त सभाले सुझाव दिएको प्रसङ्ग छ ।

वर्ष ४५, सम्पूर्णाङ्क ७६, वि.सं. २०७४, कार्तिक–पुसको पृष्ठ ६९ मा किरण पुस्तकालयको पातो 'स्वर्णजयन्ती वर्षारम्भ' शीर्षक दिएर प्रस्तुत गरिएको छ । तिहारे औंशी लक्ष्मीपूजाका दिन देवकोटा जयन्ती मनाउँदा कार्तिक २७ का दिन देवकोटा जयन्ती र पुस्तकालय दिवस साथसाथै मनाउने निर्णय पुस्तकालय सभाबाट भएको, जानकी साहित्य पुरस्कार पहिलो पटक (घोषणा) प्रदान गरिने, गुल्मीका स्रष्टाद्वारा रचित ३ वटा कृति किरण पुस्तकालयले प्रकाशित गर्ने, ५ नं. प्रदेशस्तरीय पुस्तकालय गोष्ठी सम्पन्न गर्ने र पुस्तकालयलाई आधुनिक प्रविधियुक्त बनाउने लक्ष्य रहेको उल्लेख छ ।

सम्पूर्णाङ्क ७७, माघ–चैत्र २०७४ को पृष्ठ ६७ मा "एक स्थानीय तह, एक नमुना पुस्तकालय नारा होइन कार्यान्वयनमा लागौं" शीर्षक दिएर किरण पुस्तकालयको पातो उल्लेख छ । १० औं पुस्तकालय दिवसका उपलक्ष्यमा तयार पारिएको नारा" एक स्थानीय तह एक पुस्तकालय" व्यवहारमा लागू गर्नुपर्ने आग्रह यस पातोमा प्रस्तुत भएको छ ।

वर्ष ४५, सम्पूर्णाङ्क ७८, २०७५ को पृष्ठ ६६ मा किरण पुस्तकालयको पातो छ । यसमा किरण पुस्तकालयले आफ्नो स्थायी लेखा नं.६०७४६०७०० सहित आयकर छुट पाउने संस्थाका रूपमा प्रमाणपत्र प्राप्त गर्न सफल भएको उल्लेख छ । यस पुस्तकालयले आन्तरिक राजस्व कार्यालय बुटवलबाट द.नं.३८ अनुसार आयकर छुट पाउने संस्थामा राखिएको छ ।

वि.सं. २०७५ साउन–असोजमा सम्पूर्णाङ्क ७९ प्रकाशित भएको हो । यसको पृष्ठ ८३ मा पाँच नम्बर प्रदेश स्तरीय पुस्तकालय गोष्ठी तम्घासमा सम्पन्न भएको वि.सं. २०७४ को कार्तिक १२ र १३ मा सामुदायिक तथा सार्वजनिक पुस्तकालयसम्बन्धी दुई दिने राष्ट्रिय गोष्ठीले प्रत्येक वर्ष प्रदेशस्तरीय पुस्तकालय गोष्ठी गर्ने निर्णय पारित गरेपछि पनि कुनै चासो नदेखिएकोले किरण पुस्तकालयले उक्त सम्मेलनमा सात बुँदे तम्घास घोषणा–पत्र जारी गर्दै लागू गर्न अनुरोध गर्ने निर्णय पनि भएको थियो । त्यस्तै किरण पुस्तकालय प्रकाशनहरूको १० दिवसीय प्रदर्शनी वि.सं. २०७५ कार्तिक १८–२७ पनि सम्पन्न भएको जानकारी यसै पातोमा उल्लेख छ । स्वर्ण–जयन्तीकै अवसरमा नेपाल सरकारका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री, गोकर्ण बिष्टद्वारा अत्याधुनिक भवनको शिलान्यास पनि भएको थियो । यसै अवसरमा स्वर्ण–जयन्ती स्मृतिचिह्न वितरण गर्नुका साथै पुस्तकालयलाई विभिन्न पक्षमा सहयोग गर्नेहरूलाई पनि सम्मान गरिएको कुरा प्रस्तुत छ ।

सम्पूर्णाङ्क ८१, माघ–चैत्र २०७५ को पृष्ठ ८३ मा किरण पुस्तकालयको पातो छ । यसमा किरण 'पुस्तकालयको प्रकाशन विश्वव्यापी बनाउने प्रयास' शीर्षकमा स्वर्ण–जयन्तीका अवसरमा अमेरिकाको क्यालिफोर्निया राज्य निवासी इला पन्थी र महेश आचार्यको सौजन्यमा www.kiranpustakalay.com तयार गरी यसलाई विश्वव्यापी बनाइएको हो । हाम्रो पुरुषार्थको इमेल ठेगाना hamropurusharth @gmail.com भएको पनि जानकारी प्रस्तुत गरिएको छ ।

वि.सं. २०७६ वैशाख–असार अङ्क हाम्रो पुरुषार्थको ८२ औं सम्पूर्णाङ्क हो । यसको पृष्ठ ८५ मा किरण पुस्तकालयको पातो छ । उक्त पातोमा सम्पूर्णाङ्क ८१ कै शीर्षक "किरण पुस्तकालय' प्रकाशन विश्वव्यापी बनाउने प्रयास" नै दोहोरिएको छ । वि.सं. २०७५ कार्तिक १८ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्ण बिष्टको पहल कदमीमा अत्याधुनिक भवनको शिलान्यास भएकोले पुस्तकालयप्रेमीका लागि यो अत्यन्त खुशीको क्षण बन्न पुगेको छ । उक्त भवनको नक्सा जिडाइन वाइएइन्जिनियरिङ कन्सल्टेन्सीका अमन मास्केले निःशुल्क गर्नु भएको हो भने रे.न.पा. बाट २०७५/७/११ मा घर नक्सा शाखाबाट भवन निर्माणसम्बन्धी इजाजत पनि प्राप्त भएको जानकारी छ ।

साउन–असोज २०७६ सम्पूर्णाङ्क ८३ को पृष्ठ १०४ मा "तीन महिनाका कामहरू" शीर्षकमा किरण पुस्तकालयको पातो राखिएको छ । यसमा भवननिर्माण सम्झौताका लागि पुनर्निर्माण प्राधिकरण, निर्माण व्यवसायी–सुनील समिर कन्ट्रक्सन र पुस्तकालय व्यवस्थापन समितिबीच संयुक्त बैठक भएको, पुस्तकालयका पुस्तकहरू रेडक्रस भवन र जिल्ला समन्वय प्रमुख निवासमा सार्ने, भवन निर्माणका क्रममा अनुगमन तथा सहजीकरण समिति गठन, पूर्व सदस्य एवं

पुस्तकालयका शुभचिन्तक हरिप्रसाद गौतम तथा हाम्रो पुरुषार्थका प्रधान सम्पादक एवं किरण पुस्तकालयका उपाध्यक्ष शशि पन्थीकी ममतामयी माताको निधनमा शोक व्यक्त गरिएको छ । त्यस्तै माननीय मन्त्री गोर्कण बिष्टले पुस्तकालय भवन निर्माणमा अतुलनीय योगदान दिनु भएकोले उहाँप्रति हार्दिक आभार तथा धन्यवाद दिने कार्य पनि ५२ औं पुस्तकालय सभामा गरिएको थियो । त्यस्तै पाँच नं. प्रदेशबाट पनि पुस्तकालयलाई रू.३,५०,०००/- प्रदान गरिएकोमा धन्यवाद ज्ञापन गरिएको छ ।

वर्ष ४७, सम्पूर्णाङ्क ८४, २०७६ कार्तिक-पुस अङ्कको पृष्ठ ६६ मा 'चारोटा कुरा' शीर्षक दिएर किरण पुस्तकालयको पातो तयार गरिएको छ । २०७६ को मोती जयन्तीमा हाम्रो पुरुषार्थका सहसम्पादक, साहित्यकार दीन पन्थीद्वारा लिखित 'हुटिट्याउँको मन' शीर्षक निबन्ध-सङ्ग्रह त्रिभुवन बहुमुखी क्याम्पसका उप.प्रा. टङ्क पन्तद्वारा विमोचन गरिएको, छवि पन्थी र माधव अर्यालद्वारा १४० थान पुस्तक प्रदान, पुस्तकालयको ५१ औं वार्षिकोत्सव र १११ औं देवकोटा जयन्ती एकैसाथ सम्पन्न भएको जानकारी प्रस्तुत गरिएको छ ।

सम्पूर्णाङ्क ८५, माघ-चैत्र २०७६ वर्ष ४७ को पृष्ठ ९७-९८ मा गुल्मी जिल्लाका गाउँ तथा नगरपालिकाहरूलाई अनुरोध गरिएको छ । हाम्रो पुरुषार्थ विश्वव्यापी पहुँचमा भएकोले गुल्मी जिल्लाका सबै गाउँ तथा नगरपालिकालाई आफ्नो परिचय छाप्नका लागि रू.१,००,०००/- बराबरको सहयोग गर्न अनुरोध गरिएको छ । यसका लागि उक्त पालिकाले आफ्नो प्रोफाइल हाम्रो पुरुषार्थलाई उपलब्ध गराउने र त्यसका आधारमा ८ पृष्ठसम्मको पालिका परिचय, र फोटोसहितको मुख्य विवरण छाप्ने, उक्त छापिएका अङ्कका ५० प्रति उक्त पालिकालाई उपलब्ध गराउने जस्ता शर्तहरू उल्लेख गर्दै आफ्नो अभिलेख तयार पार्न अनुरोध गरिएको छ ।

वर्ष ४७, वैशाख-असार २०७७ सम्पूर्णाङ्क ८६, वैशाख-असार २०७७ को पृष्ठ १९० मा कवि 'प्रयासीको स्मृतिमा' शीर्षक दिएर वि.सं. २०२५ मा किरण पुस्तकालयको विकास र उत्थानमा अमूल्य योगदान दिने भेषबहादुर कुँवर प्रयासीको मृत्युबाट किरण पुस्तकालय र हाम्रो पुरुषार्थलाई अपूरणीय क्षति भएको छ । त्यस्तै प्रयासीले वि.सं. २०२८ देखि रजत जयन्ती मनाउँदासम्म कोषाध्यक्ष पदमा रही अनवरत सेवा गर्नु भएको, पुस्तकालयको आर्थिक उत्थानका लागि उहाँकै अगुवाइमा भैलो खेली अर्थसंकलन भएको थियो । वि.सं. २०३० देखि २०७५ सम्म हाम्रो पुरुषार्थका सहायक सम्पादक रहनु भएका प्रयासीको स्मृति अङ्क प्रकाशनका लागि कोभिड-१९ द्वारा विभिन्न कठिनाइ भए पनि विभिन्न कठिनाइका बावजुद २०७७ जेठ ६ गते प्रयासीको वार्षिक पुण्य तिथिका अवसरमा स्मृति अङ्क प्रकाशित गरी समर्पण गरिएको जानकारी गराइएको छ ।

वर्ष ४७, सम्पूर्णाङ्क ८७, साउन-असोज २०७७ को पृष्ठ ९५-९४ मा "त्रैमासिक गतिविधि" शीर्षकमा किरण पुस्तकालयको पातो प्रस्तुत गरिएको छ । मनबहादुर खत्री 'मनु' को गजल-सङ्ग्रहको विमोचन, माधव घिमिरेको मृत्युमा मौन धारण, तेह्रौं पुस्तकालय दिवस "समाज रूपान्तरणका लागि पुस्तकालय" भन्ने नाराका साथ सम्पन्न, भेषबहादुर कुँवर स्मृति अङ्क विमोचनका साथै हाम्रो पुरुषार्थका पूर्व सदस्य तथा सम्पादक चिरञ्जीवी शर्माको मृत्युमा मौन धारण, नेपाल सरकारको राष्ट्रिय पुस्तकालय जमलमा बनाउने योजना पूर्ण होस् भन्ने कामना गरिएको छ।

वर्ष ४८, सम्पूर्णाङ्क ८८, कार्तिक-पुस २०७७ को पृष्ठ १०१ मा 'पुस्तकालयका गतिविधि' शीर्षक दिएर किरण पुस्तकालयको पातो प्रस्तुत गरिएको छ । पुस्तकालयको ५२ औं वार्षिकोत्सव, १५५ औं मोतीजयन्ती, १३७ औं लेखनाथजयन्ती, निर्माणाधीन भवनको सभाहलमा सम्पन्न भएको, १२१ आजीवन सदस्यमध्ये १६ जनाको मृत्यु भैसकेको, ५३ औं अधिवेशन २०७७/१०/२४ गर्ने निर्णय र ८९ औं अङ्कलाई पं.भीमकान्त स्मृति अङ्क प्रकाशित गर्ने किरण पुस्तकालयको १९ औं पुष्प डा. बाबुराम ज्ञवालीद्वारा लिखित बृहस्पति सूत्र अर्थात् बार्हस्पत्य राजार्थशास्त्र प्रकाशित, सात दिने पुस्तकालयसम्बन्धी तालिम आयोजना गर्ने योजना पनि उक्त पातोमा प्रस्तुत छ ।

माघ-चैत्र २०७७, वर्ष ४८ सम्पूर्णाङ्क ८९, पं. भीमकान्त पन्थी स्मृति अङ्क हो । यो अङ्क ५३ औं पुस्तकालय सभाको अवसरमा प्रकाशित गरिएको हो । शशि पन्थीको अध्यक्षतामा ९ सदस्यीय पुस्तकालय व्यवस्थापन समिति गठनजस्ता जानकारी प्रस्तुत गरिएको छ ।

वर्ष ४८, सम्पूर्णाङ्क ९०, वैशाख-असार २०७८ को पृष्ठ ९३ मा 'पुस्तकालयका गतिविधि' शीर्षकमा विभिन्न ९ बुँदामा प्रस्तुत गरिएको छ । कर्मचारी मिलन केन्द्रले रू. दुई लाख सहयोग गरेकोले धन्यवाद ज्ञापन गरिएको छ । २०७८ वैशाख ११ गते पुस्तकालयको नवनिर्मित भवन माननीय सांसद गोकर्ण बिष्टद्वारा समुद्घाटन, २०७७ को जानकी साहित्य पुरस्कार कवि नारद गौतमलाई प्रदान गरिएको, यस अघि २०७५ मा सूर्यबहादुर सेन, २०७६ मा भागीरथी श्रेष्ठलाई प्रदान गरिएको, आयस्रोतको व्यवस्थापनका लागि रेसुङ्गा नगरपालिकालाई अनुरोध गरिएको, कालीगण्डकी गाउँपालिकाले आफ्नो परिचय छपाएर रू. १,१३,०००/- सहयोग गरेको, पूर्व योजनानुसार पुस्तकालयसम्बन्धी तालिम कोभिडका कारण सम्पन्न हुन नसकेको जस्ता कुराको उल्लेख भएको छ ।

सम्पूर्णाङ्क ९१, वर्ष ४८, साउन-असोज २०७८ को पृष्ठ ११४-११५ मा "पुस्तकालयका विविध गतिविधि" शीर्षकमा प्रस्तुत गरिएको छ । प्रतिनिधि सभा सदस्य तथा पूर्व परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीद्वारा पुस्तकालयको अवलोकन गरी विभिन्न शीर्षकका ५१ थान पुस्तक प्रदान गर्नु भएको, सबल समाजको आधार

सार्वजनिक पुस्तकालयको विकास भन्ने नाराका साथ १४ औं पुस्तकालय दिवस भाद्र १५ मा सम्पन्न, आश्विन ३१ गते पुस्तकालयको ५४ औं सभा सम्पन्न, २० लाख ५० हजारको बजेट पारित, पुस्तकालयलाई विभिन्न रूपमा सहयोग गर्नेहरूलाई हार्दिक धन्यवाद ज्ञापनजस्ता गतिविधिहरू प्रस्तुत भएका छन् । त्यस्तै यसै समयमा अर्घाखाँची सन्धिखर्क निवासी श्री कृष्ण आचार्यले रू. १,०१,१११/- को अक्षयकोषको स्थापना गर्नु भएको थियो ।

वर्ष ४९, सम्पूर्णाङ्क ९३, माघ-चैत्र २०७८ को पृष्ठ १०९-११० मा 'केही गुनासा केही काम' शीर्षकमा किरण पुस्तकालयको पातो राखिएको छ । सरकारी तहबाट पुस्तकालय सञ्चालन र व्यवस्थापनमा कुनै चासो नदिएकोमा गुनासो गरिएको छ । २०७८ फागुन ४ मा नेपाल सरकारका पूर्व सचिव युवराज भुसालद्वारा लिखित 'हाम्रो भौगोलिक इतिहास' नामक कृति काठमाडौंको नेपाल प्रज्ञाप्रतिष्ठान कमलादीमा उपकुलपति गंगाप्रसाद उप्रेतीद्वारा र गुल्मीको किरण पुस्तकालयमा रेसुङ्गा न.पा.का प्रमुख डिल्लीराज भुसाल, मदाने गा.पा.का अध्यक्ष दानबहादुर के.सी. (भुसाल) र प्र.जि.अ. पुण्यविक्रम पौडेलद्वारा संयुक्त रूपमा विमोचन भएको थियो । यो किरण पुस्तकालयको प्रकाशनमाला बीसौं कृति हो । चैत्र ७ गते लोकवार्तासम्बन्धी अन्तर्क्रियात्मक कार्यक्रम सम्पन्न, सो कार्यक्रममा लोकवार्ता परिषद् नेपालका अध्यक्ष प्रा.डा. प्रेमकुमार खत्रीको उपस्थिति रहेको आदि विवरण प्रस्तुत छन् ।

वर्ष ४९, सम्पूर्णाङ्क ९४, वैशाख-असार २०७९ को पृष्ठ १०४-१०५ मा किरण पुस्तकालयको पातो प्रस्तुत छ उक्त पातोमा २०७९/३/११ मा सहरी विकास भवन निर्माण विभाग संघीय योजना कार्यन्वयन भैरहवा रूपन्देही एकाइद्वारा नवनिर्मित भवन किरण पुस्तकालयलाई हस्तान्तरण गरिएको थियो । २०७९ असार १५ र १६ मा सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूको महासंघ गठन गर्ने सिलसिलामा शशि पन्थीको अध्यक्षतामा तदर्थ समिति गठन, १० सूत्रीय माग र सुझाव नेपाल सरकारलाई प्रदान, रेसुङ्गा नगरपालिकाद्वारा रू. पाँच लाख तथा प्रदेश सरकारद्वारा रू.१ लाखको आर्थिक सहयोग प्राप्त भई पुस्तक, पत्रपत्रिका तथा सामग्री खरिद गरिएको, लुम्बिनी प्रदेश सरकार शिक्षा, विज्ञान, युवा तथा खेलकुद विकास मन्त्रालयको आयोजनामा २०७९/३/१३ मा प्रस्तावित पुस्तकालय नीतिको मस्यौदामाथि सुझाव संकलन गोष्ठी सम्पन्न भएको जस्ता जानकारी दिइएका छन् ।

वर्ष ४९ सम्पूर्णाङ्क ९५, साउन-असोज २०७९ को पृष्ठ १०८ मा 'पुस्तकालयका गतिविधि' शीर्षक दिएर किरण पुस्तकालयको पातो प्रस्तुत गरिएको छ । यसमा २०७९ को जानकी साहित्य पुरस्कार रुद्र ज्ञवालीलाई प्रदान गरिएको, १५ औं पुस्तकालय दिवसको नारा पढौं, पढाऔं निरन्तर शिक्षाका लागि पुस्तकालय' भन्ने

नाराका साथ सम्पन्न, २०७९/६/२४ पूर्व सहरी विकास मन्त्री रामकुमारी झाँक्रीद्वारा पुस्तकालयको अवलोकन, रेसुङ्गा न.पा.-१ निवासी गणेश श्रेष्ठद्वारा आफ्नी अजीको स्मृतिमा एक थान सुकुन्दा पुस्तकालयलाई प्रदान, शिक्षा, विकास तथा समन्वय एकाइमा पुस्तकालयको पञ्जीकरण नवीकरण र भूइँतला कुनै संघ-संस्थालाई दिई नियमित आयको स्रोत बनाउने योजना रहेको जस्ता विवरणहरू प्रस्तुत भएका छन् ।

वर्ष ५०, सम्पूर्णाङ्क ९६, २०७९ कार्तिक-पुस अङ्कको पृष्ठ ११३ मा किरण पुस्तकालयको पातो छ । यसको शीर्षक "पुस्तकालयका गतिविधि" राखिएको छ । यसमा पुस्तकालयका नियमित गतिविधिहरूको विवरण दिइएको छ भने कार्तिक २७ गते देवकोटा जयन्ती तथा ५४ औं किरण पुस्तकालय दिवस सम्पन्न भएको, निष्ठापूर्ण राजनीतिक योद्धा दयानिधि स्मृति ग्रन्थ विमोचन, उहाँका ज्येष्ठ सुपुत्र हेमनिधि शर्माद्वारा रू.१,११,१११/- रकम अक्षयकोषका लागि प्रदान, लुम्बिनी प्रदेश सभासदस्य डिल्लीराज भुसालद्वारा प्रतिबद्धता अनुसारको रकम रू. १,००,०००/- अक्षयकोषका लागि प्रदान, नबिल बैक गुल्मी शाखालाई पुस्तकालय भवनको तल्लो तला भाडामा दिने गरी सम्झौता सम्पन्न, २०७९/८/२४ गते किरण पुस्तकालयको ५५ औं सभा सम्पन्न, २०७९/९/२९ गते किरण पुस्तकालयका उपाध्यक्ष एवं हाम्रो पुरुषार्थका सहसम्पादक दीन पन्थीलाई 'हुटिट्याउँको मन' निबन्ध-सङ्ग्रहका लागि अनुराग साहित्य समाज देवदहले २०७६ को नरेन्द्र अनुराग सम्मानबाट सम्मानित गरेकोजस्ता विवरणहरू प्रकाशित गरिएको छ ।

वि.सं. २०७९, माघ-चैत्रमा सम्पूर्णाङ्क ९७ को पृष्ठ ११५-११६ मा किरण पुस्तकालयको पातो रहेको छ । यसको शीर्षक-'एघारौं लोकवार्ता सम्मेलन' राखिएको छ । यस पातोमा २०७९ फाल्गुण ८ र ९ गते किरण पुस्तकालय तम्घास गुल्मीको आयोजनामा तम्घासको बालमन्दिर हलमा ११ औं लोकवार्ता सम्मेलन भव्यरूपमा सम्पन्न भएको विवरण प्रस्तुत गरिएको छ । उक्त सम्मेलनको समुदघाटन लुम्बिनी प्रदेशसभा सांसद् दिनेश पन्थीबाट भएको थियो भने कार्यक्रमका संयोजक किरण पुस्तकालयका अध्यक्ष शशि पन्थी रहनुभएको थियो । उक्त कार्यक्रममा विभिन्न लोकसंस्कृति झल्किने खालका नृत्य-गीत र लोकवार्तासम्बन्धी कार्यपत्रहरू पनि प्रस्तुत गरिएको विवरण छ । यस पातोमा कसरी लोकवार्ता सम्मेलन सम्पन्न भयो भन्ने विवरण प्रस्तुत गरिएको छ ।

वि.सं. २०८०, सम्पूर्णाङ्क ९८, वर्ष ५० को पृष्ठ ३४८ चारवटा अनुच्छेदमा 'यस वर्षका काम' शीर्षक दिएर किरण पुस्तकालयको पातो राखिएको छ । यसभित्र २०७९/०८० मा भएका थप र फरक प्रकृतिका कामहरू भनेर प्रस्तुत गरिएको छ । किरण पुस्तकालय गुल्मीको संयोजनमा ११ औं लोकवार्ता सम्मेलन सम्पन्न भएको, यसै वर्ष किरण पुस्तकालयको भूइँ तला मासिक रू.५०,०००/- हजारमा

भाडामा दिएर नियमित स्रोतको बाटो बनाइएको, प्रस्तुत अङ्क रुरुक्षेत्रका ऐतिहासिक, सामाजिक, सांस्कृतिक र धार्मिक सम्पदालाई लिपिबद्ध गरेर रुरुक्षेत्र विशेषाङ्क प्रकाशन गर्न सफल भएको, २०८० को देवकोटा जयन्तीमा हाम्रो पुरुषार्थको शताङ्क विशेषाङ्कको रूपमा प्रकाशन गर्ने तयारी रहेकोले हाम्रो पुरुषार्थ सम्बद्ध लेख, समीक्षा, सुझाव, विश्लेषण आदि पठाउन इच्छुक स्रष्टा समीक्षकहरूलाई अनुरोध गरिएको छ ।

सम्पूर्णाङ्क ९९, साउन–असोज ८० को पृष्ठ १४९ मा किरण पुस्तकालयको पातो रहेको छ । यसको शीर्षक "पुस्तौं पुस्ताका लागि पुस्तकालय" राखिएको छ । यो १६ औं पुस्तकालय दिवसको नारा हो । प्राचीन समयमा मौखिक परम्परामा डुलेको ज्ञान आधुनिकीकरणसँगै पुस्तकहरू र अहिले विद्युतीय माध्यमबाट डुल्दै पुस्तकालय विकसित भएका छन् । यस वर्षको पुस्तकालय दिवसमा मानवजातिको, सभ्यता, संस्कृति, ज्ञान–विज्ञान, कला–साहित्य, ऐतिहासिक गौरवगाथालाई संरक्षण गरी "पुस्तौं पुस्तालाई संरक्षण गरौं" भन्ने आदर्श वाक्य तयार भएको खुलासा दिइएको छ । उक्त दिवसको उपलक्ष्यमा विभिन्न पुस्तकालयप्रेमी महानुभावहरूद्वारा पुस्तकालयलाई पुस्तकहरू उपहारस्वरूप अर्पण गर्नु भएको विवरण दिइएको छ ।

*आज हाम्रो पुरुषार्थ विश्वका कुनै पनि कुनाबाट पढ्न सकिने अवस्थामा छ, यो परिणाम समस्त शुभचिन्तकहरूकै हो । किरण पुस्तकालयको पातो हाम्रो पुरुषार्थ र पुस्तकालय स्वयंकै संघर्षको कथाव्यथाहरूको सँगालो हो । पुस्तकालय र पुरुषार्थको आत्मकथा हो । यस कथाबाट समाजसेवा र सार्वजनिक संस्थाका बारेमा चिन्तन गर्न खोज्नेहरूका लागि महत्त्वपूर्ण प्रेरणा मिल्न सक्छ । पुस्तकालयको परिकल्पना, पुस्तकालयका आर्थिक र भौतिक विकासका चरणहरू पढ्न र बुझ्न खोज्नेहरूका लागि महत्त्वपूर्ण दस्तावेज पनि हो ।*

## उपसंहार

यसरी प्रथम अङ्कदेखि ९९ अङ्कसम्म ५० वर्षसम्मको ऐतिहासिक कालखण्डमा किरण पुस्तकालयको पातो अवलोकन गर्दा हाम्रो पुरुषार्थमार्फत किरण पुस्तकालयका आवाजहरू बुलन्द भएका छन् । किरण पुस्तकालयले हाम्रो पुरुषार्थका माध्यमबाट आफ्नो उत्थान र विकासका लागि विशेष गरी सरकारसँग हारगुहार गर्दै आएको छ । कहिले उपयुक्त ऐननियमको अपेक्षा गर्दै त कहिले यस्ता सामुदायिक पुस्तकालयको सञ्चालन र व्यवस्थापनमा सरकारको दृष्टि पुगोस् भन्ने आशय राख्दै ९९ अङ्कहरूमध्ये धेरै अङ्कहरूमा सरकारलाई घचघचाइएका आवाजहरू किरण पुस्तकालयका पाताहरूमा व्यक्त भएका छन् ।

पुस्तकालय सञ्चालक समिति गठन भएदेखि वि.सं. २०७३ सालसम्म सचिवका रूपमा र उपाध्यक्ष हुँदै हाल अध्यक्षका रूपमा रही यस पुस्तकालयको उत्थान र विकासका निमित्त अहोरात्र चिन्तनशील शशि पन्थीले पुरुषार्थको माध्यमबाट किरण पुस्तकालयका आवाज र गुनासाहरू प्रस्तुत गर्नुभएको छ । हाम्रो पुरुषार्थ किरण पुस्तकालयको साहित्यिक मुखपत्र हो । वि.सं. २०४६ पछि केही समय निद्रामा परे पनि वार्षिक, अर्धवार्षिक र त्रैमासिक प्रकाशनसम्म आइपुग्नु, राष्ट्रिय स्तरका 'क' वर्गको पत्रिकाका रूपमा मान्यता प्राप्त गर्न सक्नु निरन्तर संघर्ष र त्यागको परिणाम हो । राष्ट्रले खासै दृष्टि पुर्‍याउन नसके पनि शुभेच्छुकहरूकै सहयोग र सद्भावबाटै किरण पुस्तकालय अगाडि बढेको तथ्य छर्लङ्ग छ । पुस्तकालयलाई गोठबाट सार्वजनिक स्थानमा ल्याउन सहजीकरण गर्नु हुने रूपबहादुर स्वाँरदेखि गुल्मी अर्घाखाँची ग्रामीण विकास परियोजना एवं माननीय गोकर्ण बिष्टको योगदान अविस्मरणीय छ । उक्त योगदानका लागि आफ्ना आवश्यकता र योजना अगाडि बढाउने काम तत्कालीन सचिव या भनौं वर्तमान अध्यक्षज्यूबाट भएको हो । पुस्तकालयले आफ्ना ९९ औं अङ्कसम्मका पाताहरूमा हरेक सहयोगीजन, संघ, संस्थाहरूप्रति आभार प्रकट गरिएको छ । आज हाम्रो पुरुषार्थ विश्वका कुनै पनि कुनाबाट पढ्न सकिने अवस्थामा छ, यो परिणाम समस्त शुभचिन्तकहरूकै हो । किरण पुस्तकालयको पातो हाम्रो पुरुषार्थ र पुस्तकालय स्वयंकै संघर्षको कथाव्यथाहरूको सँगालो हो । पुस्तकालय र पुरुषार्थको आत्मकथा हो । यस कथाबाट समाजसेवा र सार्वजनिक संस्थाका बारेमा चिन्तन गर्न खोज्नेहरूका लागि महत्त्वपूर्ण प्रेरणा मिल्न सक्छ । पुस्तकालयको परिकल्पना, पुस्तकालयका आर्थिक र भौतिक विकासका चरणहरू पढ्न र बुझ्न खोज्नेहरूका लागि महत्त्वपूर्ण दस्तावेज पनि हो । समय, साधन, श्रम र स्रोतले भेटे प्रथमदेखि १०० अङ्कसम्मका हरेक स्थायी स्तम्भ, समालोचना, सिर्जना, भेटवार्ता आदिलाई छुट्टा-छुट्टै रूपमा पुस्तकाकारका रूप प्रस्तुत गर्न सकिएमा सुनमा सुगन्ध हुने देखिन्छ ।

*हाम्रो पुरुषार्थ किरण पुस्तकालयको साहित्यिक मुखपत्र हो । वि.सं. २०४६ पछि केही समय निद्रामा परे पनि वार्षिक, अर्धवार्षिक र त्रैमासिक प्रकाशनसम्म आइपुग्नु, राष्ट्रिय स्तरका 'क' वर्गको पत्रिकाका रूपमा मान्यता प्राप्त गर्न सक्नु निरन्तर संघर्ष र त्यागको परिणाम हो । राष्ट्रले खासै दृष्टि पुर्‍याउन नसके पनि शुभेच्छुकहरूकै सहयोग र सद्भावबाटै किरण पुस्तकालय अगाडि बढेको तथ्य छर्लङ्ग छ ।*

**उप-प्राध्यापक - रेसुङ्गा बहुमुखी क्याम्पस, गुल्मी ।**

०००

// लेख //


# किरण पुस्तकालय : संक्षिप्त परिचय



डा. टंकप्रसाद पन्थ

## विषयप्रवेश

गुल्मीको शैक्षिक तथा प्राज्ञिक क्षेत्रलाई आलोकित गर्ने कार्यमा किरण पुस्तकालय महत्त्वपूर्ण संस्थाका रूपमा रहेको छ । सामान्य रूपमा गुरुकुल परम्परा कायम रहेको समाजमा सार्वजनिक पुस्तकालय खोल्ने र पठन संस्कृतिमा जागरण ल्याउने कुरा आफैमा कल्पनाभन्दा बाहिरको विषय थियो । अर्कोतिर नागरिकले पढ्नु, लेख्नु अनि सचेतना प्राप्त गर्नु पनि तत्कालीन व्यवस्थाले गर्दा सहज कुरा र विषय थिएन । व्यक्तिगत रूपमा पुस्तकहरू सङ्कलन गरी गोठ तथा पेटीबाट सुरू भएको पुस्तकालयको अवधारणाले आज आएर मूर्त रूप प्राप्त गरेको कुरा अहिलेको किरण पुस्तकालयको भौतिक संरचना र यसको छविले पुष्टि गरेको स्पष्ट हुन्छ । शिक्षाका हिसाबले पछाडि परेको गुल्मीमा शैक्षिक जागरण ल्याउने काममा किरण पुस्तकालय र रेसुङ्गा बहुमुखी क्याम्पसले उल्लेखनीय योगदान पुऱ्याएको कुरालाई भुल्न सकिँदैन । त्यस समयमा समाजमा सिर्जनात्मक कर्म नगरी बेसुरमा समय बिताएका मानिसहरूलाई पढ्नुपर्छ, ज्ञानको क्षितिज फराकिलो बनाउनुपर्छ भन्ने चेतना ल्याउने काम किरण पुस्तकालयले नै गरेको हो । यस कार्यमा सुरूदेखि नै लाग्ने व्यक्तिमा शशि पन्थी, दीन पन्थी, टीकाराम पन्थी लगायतका विद्वान्हरूको भूमिका प्रशंसनीय रहेको छ । **'हाम्रो पुरुषार्थ'** को सम्पादन तथा प्रकाशनमा सुरूदेखि अहिलेसम्मै उहाँहरू निरन्तर रूपमा खट्नुभएको छ । अहिले किरण पुस्तकालय गुल्मी क्षेत्रको ज्ञानगङ्गाका रूपमा स्थापित भएको छ । प्रस्तुत लेखमा किरण पुस्तकालयको संक्षिप्त परिचय उठाउने काम गरिएको छ ।



## किरण पुस्तकालयको इतिहास

गुल्मीको शैक्षिक विकासमा किरण पुस्तकालय महत्त्वपूर्ण कडी बनेर रहेको छ । यसको स्थापना २०२५ साल कार्तिक २० गतेका दिन गुल्मीको सदरमुकाम तम्घासमा भएको हो । सुरूमा देवीदत्त पन्थीको घरको पेटीमा पुस्तकहरू जम्मा गरी गोठको एउटा कोठामा पुस्तकालय सञ्चालन गरिएको हो । पौराणिक तथा व्यावहारिक ज्ञानका साथै पाठ्यक्रममा आधारित पुस्तकहरू सङ्कलन गरी पुस्तकालयमा राखिएको उल्लेख पाइन्छ । २०२७ सालमा एकतले भवनमा सारेर सञ्चालन गर्न थालिएको चर्चा पाइन्छ । यस पुस्तकालयले २०२८ सालमा शिक्षा मन्त्रालय, शिक्षाविभागद्वारा पुस्तकालयको सञ्चालन अनुमति प्राप्त गरेको र २०२९ सालमा जिल्लाशिक्षा कार्यालय पाल्पाबाट स्वीकृति प्राप्त गरेको इतिहास भेटिन्छ । सञ्चालनमा समस्या भएको महसुस गरी २०३१ सालमा तत्कालीन गाउँपञ्चायतको तर्फबाट सामुदायिक भवन पुस्तकाललाई उपलब्ध गराएको पाइन्छ । यसरी विभिन्न प्रतिकूलता र सङ्घर्ष झेल्दै एक ठाउँबाट अर्को ठाउँमा सर्दै पुस्तकालय अगाडि बढेको देखिन्छ ।

वर्तमान अवस्थालाई हेर्दा किरण पुस्तकालयको सुविधासम्पन्न तीनतले भवन निर्माण भएको छ । भुइँतला बैंकले भाडामा लिएको छ । बीचको तलामा प्रशासनिक कक्ष, वाचनालय, पुस्तक कक्ष, इ-पुस्तकालय आदि सञ्चालनमा रहेका छन् । पुस्तक कक्षमा पुस्तकहरूलाई व्यवस्थित रूपमा राखिएको छ । कम्प्यूटर र इन्टरनेटको व्यवस्था गरिएको छ । नियमित रूपमा कर्मचारीको सेवा उपलब्ध हुनुका साथै सञ्चालक समितिको बाक्लो उपस्थिति देखिन्छ । तम्घासको मुटुमा पुस्तकालय भवन अवस्थित रहेको छ । नजिकै जिल्ल प्रशासन कार्यालय तथा अन्य कार्यालयहरू अवस्थित रहेकाले त्यहाँ आउने सेवाग्राहीहरू पनि सहजै पुस्तकालयमा प्रवेश गर्दा विद्यार्थीहरू प्रायः इ-लाईब्रेरीमा आएर पढ्ने गरेको देख्न सकिन्छ । पुरानो पुस्ता र नयाँ पुस्ताको आकर्षणका रूपमा किरण पुस्तकालयलाई अगाडि बढाइएको कुरा पुस्तकालयका अध्यक्ष शशि पन्थीले बताउनुभयो ।

## सदस्यताको प्रकृति र प्रावधान

किरण पुस्तकालयले विभिन्न प्रकारका सदस्यताको प्रावधान बनाएको छ । जसमा साधारण सदस्य, आजीवन सदस्य, विशिष्ट सदस्य, संरक्षक सदस्य रहेका छन् । वार्षिक रूपमा पाँच सय शुल्क तिरेर साधारण सदस्यता प्राप्त गर्न सकिन्छ । दस हजार वा सोभन्दा बढीको रकम सहयोग गर्ने व्यक्तिलाई आजीवन सदस्यता प्रदान गरिन्छ । यसैगरी बीस हजार वा सोभन्दा बढी रकम सहयोग गर्ने व्यक्तिलाई विशिष्ट सदस्यता प्रदान गरिन्छ । पुस्तकालयको संरक्षण तथा विकासमा महत्त्वपूर्ण योगदान पुर्‍याउने व्यक्तिहरूलाई सञ्चालक समितिले निर्णय

गरी संरक्षक सदस्यता उपलब्ध गराउने प्रावधानहरू पुस्तकालय सभाका सदस्यसमेत रहने व्यवस्था गरिएको छ । पुस्तकालय सभा नै पुस्तकालयको सर्वोच्च निकाय रहने व्यवस्था गरिएको छ । यसैबाट पुस्तकालयको दैनिक कार्य सञ्चालनका लागि पुस्तकालय व्यवस्थापन समिति गठन गरिने र उक्त समितिको कार्यकाल तीन वर्षको रहने प्रावधान रहेको छ ।

पुस्तकालयमा पत्रपत्रिका, पुस्तक, सन्दर्भ पुस्तक लगायत विविध खालका पाठ्यसामग्रीहरू रहेका छन् । पुस्तकालयमै बसेर पुस्तक तथा पत्रपत्रिका पढ्नका लागि कसैलाई रोकतोक गरिएको छैन । सार्वजनिक पुस्तकालय भएकाले सबैले प्रवेश गरी निशुल्क अध्ययन गर्न सक्दछन् । पुस्तकहरू घरमा लगेर पढ्नका लागि भने निश्चित मापदण्ड निर्माण गरिएको छ । वार्षिक रूपमा पाँच सय तिरेर साधारण सदस्यता लिई धरौटीस्वरूप पाँच सय रूपैयाँ जम्मा गरेपछि पुस्तक घरमा लैजान सक्ने प्रावधान रहेको छ । यदि तोकिएको मितिभित्र पुस्तक फिर्ता नगरेमा विलम्ब शुल्क लाग्ने व्यवस्था पनि गरिएको छ । आजीवन सदस्य, विशिष्ट सदस्य र संरक्षक सदस्यले भने पुस्तक लैजानका लागि कुनै प्रकारको शुल्क वा धरौटी तिर्नुपर्दैन ।

## हाम्रो पुरुषार्थ साहित्यिक पत्रिकाको प्रकाशन

किरण पुस्तकालय गुल्मी र 'हाम्रो पुरुषार्थ' पत्रिका एक अर्काका पर्याय नै बनेर रहेका छन् । २०३५ साल चैत्र १४ गते जिल्ला कार्यालय गुल्मीमा दर्ता भई 'हाम्रो पुरुषार्थ' साहित्यिक पत्रिकाको प्रकाशन गर्ने गरी स्वीकृति लिइएको देखिन्छ । त्यस समयदेखि वर्तमानसम्म पत्रिका निरन्तर रूपमा प्रकाशित हुँदै आएको छ । निरन्तर रूपमा संस्थाको विकास र पत्रिका प्रकाशन कार्यमा लाग्ने नेतृत्वका कारण पुस्तकालय राष्ट्रिय रूपमै परिचित बन्न पुगेको छ । शशि पन्थी, दीन पन्थी लगायतका अग्रज विद्वान्हरूको अटुट साधना र समर्पणका कारण 'हाम्रो पुरुषार्थ' ले लगभग पाँच दशकको यात्रा पार गरेको छ। प्रारम्भमा अर्धवार्षिक र पछि आएर त्रैमासिक रूपमा प्रकाशित पत्रिकाको शताब्दी अङ्क प्रकाशनको तयारीमा रहेको छ । साहित्यिका विभिन्न विधाको प्रवर्धन तथा साहित्यमा विशिष्ट योगदान गरेका व्यक्तित्वलाई केन्द्रमा राखी परिचर्चा गर्ने कुरामा पत्रिकाले अहम् भूमिका खेलेको छ । पवित्र भूमि रेसुङ्गाको काखमा रहेर अनुकूल तथा प्रतिकूल अवस्थालाई छिचोल्दै किरण पुस्तकालयले ज्ञानका किरणहरू छर्दै आएको छ । ज्ञानको आलोक छर्न सफल यस पुस्तकालयले प्रकाशनका माध्यमबाट आफ्ना गतिविधि र कामलाई पाठकसामु ल्याउने काम गरेको छ । सार्वजनिक पुस्तकालय सञ्चालन र समुचित व्यवस्थापन गर्नु आफैमा सकसको कुरा हो । अहिले पठन संस्कृतिमा ह्रास आएको बेलामा पनि पुस्तकालयमा पाठकलाई आकर्षण गर्ने कुरामा पुस्तकालय सफल रहेको छ ।

त्यससँगै पत्रिका प्रकाशनलाई निरन्तरता दिनु कम चुनौतीको विषय होइन । मोफसलमा रहेर नियमित प्रकाशन गर्ने कुरा वास्तवमै दुर्लभ कुरा हो । यस कार्यमा किरण पुस्तकालयको नेतृत्व अब्बल साबित भएको छ । देशका विभिन्न स्थानमा प्रतिनिधिहरूको व्यवस्था गरी हुलाक र कुरियरमार्फत् पत्रिका पठाएर वितरण गर्ने व्यवस्था गर्नुले पनि यस संस्थाको मौलिकतालाई प्रतिबिम्बित गरेको छ । मानिसमा हुटहुटी र इच्छाशक्ति भएमा जस्ता चुनौती पनि पार हुन्छन् भन्ने कुराको दृष्टान्त 'हाम्रो पुरुषार्थ' को प्रकाशनलाई मान्न सकिन्छ । यसको साक्ष्य सय अङ्कसम्मको निरन्तरता नै हो । पठन र प्रकाशन कार्यलाई अनुत्पादक मानिने अहिलेको मानसिकतामा त्यो पनि मोफसलमा रही स्वयंसेवाद्वारा पुस्तकालयलाई त्राण दिनु र वाङ्मयको प्राण भर्नु आफैमा तपस्यापूर्ण काम हो । सानोतिनो अठोटले यस्तो गुरुत्तर कार्य पूर्ण हुन सक्दैन । यस तपस्यामा सिद्धि प्राप्त गर्ने काममा अग्रज विद्वान् शशि पन्थीको टिमले योग्यता प्रदर्शन गरेका कुरामा दुईमत हुन सक्तैन । वाङ्मयको सेवा गरी सभ्यतालाई नै मानि उठाउने कार्यमा यस्तै पवित्र मनहरूको खाँचो रहेको छ । भाषा, कला, साहित्य, संस्कृति लगायत बहुविधा क्षेत्रका विषय र समस्यालाई सम्प्रेषण गर्ने साझा मझेरीका रूपमा रहेको 'हाम्रो पुरुषार्थ' ले राष्ट्रमै आफ्नो छवि प्रज्ज्वलित गरेको छ । यति मात्र नभई देश तथा विदेशमा रहेका स्रष्टा र द्रष्टाहरूलाई साझा मञ्च उपलब्ध गराउनु नै यस प्रकाशनको प्राप्ति मान्नुपर्दछ । आज साहित्य सिर्जना, समालोचना तथा विद्वत्हरूका भलाकुसारी र लेखनमा 'हाम्रो पुरुषार्थ' को पुरुषार्थी कर्मको चर्चा र विमर्श हुने गरेको छ । विधागत विविधताको प्रस्तुति, नियमित स्तम्भको निरन्तरता, भर्खर प्रकाशनमा आएका र प्राप्त भएका कृतिको संक्षिप्त चिनारी जस्ता कुराले पत्रिकाको पहिचान पृथक् बनेको छ ।

## निष्कर्ष

किरण पुस्तकालय अहिले गुल्मीको मात्र नभई लुम्बिनी तथा पश्चिम क्षेत्रकै ज्ञानको आलय बनेको छ । २०२५ सालमा स्थापित यो पुस्तकालय विभिन्न उतार-चढावहरू झेल्दै अगाडि बढेको छ । ज्ञानको खडेरी लागेको अवस्थामा एकप्रकारको प्राज्ञिक उर्वरता प्रदान गर्नमा यस संस्थाको अटुट भूमिका रहेको छ । गुल्मी क्षेत्रको शैक्षिक सूचकाङ्कलाई माथि उठाउनमा यस संस्थाको पनि उल्लेखनीय भूमिका रहेको छ । घरको पेटी र गोठमा स्थापना गरी सुरू गरिएको यस पुस्तकालयको अहिले सुविधासम्पन्न भवन तथा भौतिक संरचना निर्माण भएको छ । गुल्मी, तम्घासको एउटा गर्व गर्ने गहनाका रूपमा यो पुस्तकालय बनेको छ । आम मानिसमा पुस्तक पढ्ने संस्कृतिलाई माथि उठाउनुका साथै संस्थालाई प्रकाशन गृहका रूपमा विकास गर्ने काम भएको छ । 'हाम्रो पुरुषार्थ' को नियमित प्रकाशन तथा विभिन्न स्रष्टाका विविध विधाका

कृतिहरू प्रकाशन गर्ने काम पनि यस पुस्तालयले गर्दै आएको छ । कला साहित्यका साथै सामाजिक जीवनमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरूमाथि केन्द्रित रही ग्रन्थ प्रकाशन गर्ने कार्य पनि अनुकरणीय रहेको छ । स्वयम्सेवीका रूपमा खटेर पुस्तकालयलाई उन्नतिमा लैजानुलाई नेतृत्वमा रहेको सङ्कल्प र त्यसलाई मूर्तता दिने लगनशीलता मान्नुपर्दछ । यस कर्ममा पुस्तकालयको नेतृत्व सफल देखिएको छ ।

आज किरण पुस्तकालयले ज्ञानका किरणहरू यत्रतत्र फैलाएको छ। समयसान्दर्भिक रूपमा पुस्तकालयलाई हिँडाउने कुरामा पनि किरण पुस्तकालय सफल रहेको छ । अहिले पुस्तकालयमा दर्जनभन्दा बढी कम्प्यूटरहरू व्यवस्था गरिएको छ । पुस्तकालयमा इन्टरनेटको सुबिधा रहेको छ । इ-लाइब्रेरीको अवधारणालाई पनि सँगै अगाडि बढाएको छ। नयाँ पुस्ताका विद्यार्थीलाई आकर्षित गर्ने गरी कार्यक्रमहरू जोडिएका छन् । सञ्चालक समिति तथा स्थानीय व्यक्तिहरूको चासोका कारण नेपाल सरकारको राम्रै बजेटद्वारा संरचनाहरू निर्माण भएका छन् । संघ, प्रदेश र स्थानीय सरकारको सहयोगले पुस्तकालयले त्राण पाएको छ । सार्वजनिक संस्थाहरूको अवस्था नाजुक बन्दै गएको वर्तमान अवस्थामा किरण पुस्तकालय यसको अपवाद रहेको देख्न सकिन्छ । यस कुरामा पुस्तकालयको नेतृत्वको संयोजन कला र सफलता मान्नुपर्दछ । किरण पुस्तकालयले समयानुकूल ज्ञानका किरणहरू प्रसारित गर्दै जाओस् । हार्दिक शुभकामना ।

***– साभार : 'नेतृत्व' राष्ट्रिय त्रैमासिक, वर्ष २६, अङ्क ३, २०८० (कार्तिक-पुस)***

**सर्जक, समीक्षक ।**

ooo


## हार्दिक शुभकामना !

**गुल्मीको गौरव 'हाम्रो पुरुषार्थ'ले आफ्नो अविरल ५० वर्षे यात्रामा १०० औं अङ्क प्रकाशन गरेको अवसरमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।**

**शालिकराम पन्थी**
अध्यक्ष : वि.व्य.स.

एवम्

**कृष्णप्रसाद मरासिनी**
प्रधानाध्यापक

# महेन्द्र माध्यमिक विद्यालय परिवार

**रेसुङ्गा नगरपालिका-१, चिदीचौर, तम्घास, गुल्मी**

// *लेख* //

# हाम्रो पुरुषार्थ र यसको ९७औं अङ्क



**भबीन्द्र पन्थी**

गुल्मी जिल्लाको तम्घासमा स्थायी बसोबास गर्दै आउनुभएका साहित्यप्रेमी, ज्ञान, विवेकका अब्बल व्यक्ति श्री शशि पन्थी र श्री दीन पन्थीको अनमोल योगदान, चिन्तन, विचार, रुचि र प्रेरणाबाट किरण पुस्तकालयको स्थापना भएको ५ वर्षमा २०३० सालदेखि "हाम्रो पुरुषार्थ" नामक पत्रिका पनि गुल्मी जिल्लाबाट निस्कन शुरू भएको थियो । शुरूमा वार्षिक मुखपत्र, २०३६ सालदेखि अर्धवार्षिक र २०७० सालदेखि त्रैमासिक रूपमा निस्कन थालेको साहित्यिक पत्रिका "हाम्रो पुरुषार्थ"का हालसम्म १०० अङ्क प्रकाशित भइसकेका छन् । यसले आफूलाई ५० वर्ष प्रौढ बनाएको छ ।

"हाम्रो पुरूषार्थ" साहित्यिक पत्रिकाले साहित्यका विविध विधा र मानविकी विषयहरूलाई छानबीन गरी प्रकाशित गर्नुको साथै गाउँ-बेसी र विकट क्षेत्रमा लुकेर बसेका उत्कृष्ट व्यक्तित्वहरूलाई प्रोत्साहित गर्दै साहित्यिक क्षेत्रमा आफ्नो छुट्टै स्थान बनाएर आफूलाई अमर राख्ने प्रयास गरेको देख्दा अत्यन्तै खुसी लाग्छ । देशभित्र मात्र नभई देशबाहिरका अन्य विकसित राष्ट्रहरूमा पनि यसको गुण-गान र छवि उत्तिकै व्यापक छ ।

यस साहित्यिक पत्रिकामा प्रकाशित अन्तर्वार्ता, लेख, निबन्ध,समीक्षा, टिप्पणी, कथा, लघुकथा, गीत, कविता, गजल, मुक्तक, हास्य-व्यङ्ग्य र स्थायी स्तम्भहरूले गर्दा यसका विषयवस्तुहरूमा निकै व्यापकता छ । लेखहरूको मुख्य उद्देश्य सामाजिक परिवर्तन, मानवीय प्रगति, साहित्यिक उत्कृष्टता र साहित्यिक स्वतन्त्रताको समर्थन र संरक्षण गर्नु रहेछ । मैले पनि "हाम्रो पुरुषार्थ" साहित्यिक पत्रिकाको ९७ अङ्कभित्र शंकरप्रसाद गौतमद्वारा लेखिएको "पारितोषिक" नामक कथा पढ्ने मौका पाएँ । उक्त कथा अति रोचक र सान्दर्भिक रहेछ । मैले पढ्दै जाँदा एउटा अन्दाजी साठी-बैसठ्ठी वर्ष उमेरको व्यक्तिले सोधेको प्रश्न-सिडियो साप महिला आइछन् । सिडियो साप भन्ने होला कि, सिडियोनी साप ? दोस्रो प्रश्न-घरको काम गर्ने महिलालाई गृहिणी भन्दछन्, भने घरको काम गर्ने पुरुषलाई के भन्दछन् भन्ने प्रश्नले मलाई पनि कुतूहलता उत्पन्न गरायो ।

मेरो थोरै समयको अध्ययनमा "हाम्रो पुरुषार्थ" को ९७ अङ्कभित्र कविता १३, गद्य-कविता २, हास्यव्यङ्ग्य १, संस्मरण १, टिप्पणी १, गीत १, लेख २,कथा १, समीक्षा २, लघुकथा ४, गजल १, आलेख १, झ्याउरे कविता १, निबन्ध १, का अतिरिक्त स्थायी स्तम्भमा अनुभव/अनुभूति, सम्पादकीय, भेटघाट, पुस्तकालय परिचय, नैलो सृष्टि, किरण पुस्तकालयको पातो, यताउताबाट, पाठक-प्रतिक्रिया, किरण पुस्तकालयका आजीवन/विशिष्ट सदस्यका परिचय, "हाम्रो पुरूषार्थ"का आजीवन ग्राहकहरूको नामावली आदि छापिने गरेको पाएँ । विशिष्ट विद्वान्को अन्तर्वार्ता छापिने गर्दो रहेछ । यस पटक लिइएको अन्तर्वार्तामा प्रकाशित भएको रहेछ-प्राचार्य प्रा. शिवगोपाल रिसालको अन्तर्वार्ता उहाँले धार्मिक, नैतिक, चारित्रिक, आध्यात्मिक, सांस्कृतिक पुनर्जागरणको युग चाहिएको कुरा उद्घोष गर्नुभएको छ किरण पुस्तकालयको पातोभित्र एघारौं लोकवार्ता सम्मेलनको विवरण लेखिएको रहेछ । उक्त लेखमा "हाम्रो परम्परा, हाम्रो पहिचान" भन्ने मूलमन्त्रलाई स्वीकार गरी नेपालभित्रका संस्कृति, लोक साहित्य, मौखिक इतिहास, किंवदन्ती, पुरातात्त्विक सम्पदा जस्ता पुर्खाले आर्जन गरेका ज्ञानको अध्ययन , अनुसन्धान गर्दै यिनको संरक्षण र संवर्धनार्थ मिति २०७९ फागुन ८ र ९ गते रिडी र तम्घासमा भव्य रूपमा सम्पन्न भएका कुराहरूको संक्षिप्त परिचय दिइएको रहेछ । यस्ता काम गरिनु भोलिको लागि ज्यादै उपयोगी काम हो । यस्ता कामहरू जुनसुकै नेतृत्व र जहाँसुकैबाट सम्भव हुँदैन । अहिलेको समयमा प्रविधि-सञ्जाललाई मुख्यविन्दु बनाई अगाडि बढ्न सके यस पत्रिकाको भविष्य अझ उज्ज्वल हुनेछ ।

"हाम्रो पुरुषार्थ" साहित्यिक पत्रिकाले अनुसन्धानका क्षेत्रमा रुचि राख्ने पाठकहरूलाई सधैं मार्गदर्शन गर्नुका साथै सकारात्मक र मूल्यवान् विचारहरू प्रवाह गर्ने गरेको छ । साहित्यिक पत्रिका "हाम्रो पुरुषार्थ" त्रैमासिक रूपमा प्रकाशित हुने भएकोले हामीले यसलाई तन, मन, धनले सहयोग गरेर गुल्मीको शान र मानलाई सदैव उच्चा राख्न आ-आफ्नो स्थानबाट प्रयत्न गर्नुपर्दछ । धन्यवाद तथा शुभकामना !

✍ **रेसुङ्गा नगरपालिका-२, तम्घास, गुल्मी ।**

ooo

**पुस्तकालयमा गई पत्र–पत्रिका, पुस्तक पढ्ने बानी बसाली पठन संस्कृतिको विकास गरौं ।**

# 'यताउताबाट' स्तम्भको संक्षिप्त अध्ययन



ज्ञानराज मरासिनी

हाम्रो पुरुषार्थ पत्रिकाले पचास वर्ष पूरा गरी ५१ औं वर्षमा प्रवेश गरेको शुभ घडीमा यसका एक सय अङ्क निस्केका छन् । आधा शताब्दीको यात्रा पार गरेको यो पत्रिका गुल्मेली जनसमुदायको समृद्धि, जागरूकता र समाजिक समर्थनको प्रकाश हो । यसले नेपाली भाषा, साहित्यको सेवा त गरेकै छ । गुल्मी जिल्लाबाट प्रकाशन भएको कारणले यस पत्रिकामा गुल्मीको धर्म, संस्कृति, सामाजिक रीतिरिवाज भौगोलिक, ऐतिहासिक विषयवस्तुलाई पनि समेट्ने गरेको पाइन्छ । हिजो-आजका गतिविधिहरू भोलि इतिहासको रूपमा सम्झिने हुनाले त्यस्ता विषयवस्तुहरूलाई पुस्तकालयले सुरक्षित राख्ने र यथावसरमा प्रकाशमा ल्याउने काम पनि पुस्तकालयले गरेको छ । ५० वर्ष पहिलेका काम कुराहरू र जनताले भोगेका तिनका सुख-दु:खका अनुभव, सन्देश आज इतिहासको पठनीय र अन्वेषणीय सामग्री भइरहेका छन् । यसबाट हाम्रो समाज पहिले कस्तो थियो भन्ने बुझ्न सहयोग मिल्छ । २०५७ सालको कार्तिक महिनादेखि "हाम्रो

*२०५७ सालको कार्तिक महिनादेखि "हाम्रो पुरुषार्थ"ले वर्तमान समयका पाठकहरूलाई हाम्रो पुरुषार्थ र किरण पुस्तकालयप्रति हाम्रो हितैषी र सहयोगी पत्र-पत्रिकाहरूले कुन-कुन समयमा के कसरी आफ्ना विचारहरू प्रकट गरे त्यो बुझ्न सजिलो होस् भन्ने उद्देश्यले सम्पूर्णाङ्क ४१ देखि 'यताउताबाट' भन्ने स्तम्भ शुरू गरियो । विगतमा घटेका घटनाहरूलाई समाचारहरूमा सम्प्रेषण गरी भविष्यमा नयाँ पिंढीको लागि एउटा दस्तावेज बनाउने परिकल्पना हो । यस्ता किसिमका गतिविधिहरूले जनसमुदायलाई नै अधिक सूचना प्रदान गरी आपसी व्यवहारमा समाजिक समृद्धिलगायत अन्य महत्त्वपूर्ण विषयको बारेमा जानकारी प्राप्त हुने गर्दछ । यस पत्रिकाभित्र ५८ अङ्कमा अतीतका अन्य पत्रिकामा मुद्रित अभिलेखहरू जम्मा ७० रहेको देखिन्छ ।*

पुरुषार्थ"ले वर्तमान समयका पाठकहरूलाई हाम्रो पुरुषार्थ र किरण पुस्तकालयप्रति हाम्रो हितैषी र सहयोगी पत्र-पत्रिकाहरूले कुन-कुन समयमा के कसरी आफ्ना विचारहरू प्रकट गरे त्यो बुझ्न सजिलो होस् भन्ने उद्देश्यले सम्पूर्णाङ्क ४१ देखि 'यताउताबाट' भन्ने स्तम्भ शुरू गरियो । विगतमा घटेका घटनाहरूलाई समाचारहरूमा सम्प्रेषण गरी भविष्यमा नयाँ पिंढीको लागि एउटा दस्तावेज बनाउने परिकल्पना हो । यस्ता किसिमका गतिविधिहरूले जनसमुदायलाई नै अधिक सूचना प्रदान गरी आपसी व्यवहारमा समाजिक समृद्धिलगायत अन्य महत्त्वपूर्ण विषयको बारेमा जानकारी प्राप्त हुने गर्दछ । यस पत्रिकाभित्र ५८ अङ्कमा अतीतका अन्य पत्रिकामा मुद्रित अभिलेखहरू जम्मा ७० रहेको देखिन्छ । यसरी अतीतका घटना, खबरहरूलाई लिपिबद्ध बनाइराख्ने कार्यले भोलिको समयमा यस्ता विवरणमाथि कसैको दृष्टि पुगेमा समाजको विकासक्रमलाई बुझ्न मद्दत मिल्दछ ।

यसरी विगतका कुराहरू बोध गराउने, शिक्षा लिने, कोट्याउने प्रवृत्तिले रूपान्तरण र उत्कृष्टताको विकास सहजै गर्न सकिन्छ । यस्ता कामहरू जनसमुदायको माझमा पुग्दा मानवीय मस्तिष्क विकसित हुनुको साथै अतीतका कुराहरू लोप हुन जाने डर पनि न्यून हुन्छ ।

यस किरण पुस्तकालयबाट प्रकाशित हुने हाम्रो पुरुषार्थ साहित्यिक पत्रिकाभित्र पनि पुस्तकालयमा प्राप्त भएका देशका विभिन्न ठाउँबाट प्रकाशित पत्र-पत्रिकाहरूका प्रतिक्रियाहरूलाई साभार मुद्रण गरी समय-समयका अङ्कहरूमा समावेश गर्ने गरिएको छ । यस्ता प्रतिक्रिया, समीक्षा र समाचारहरू छापिएका पत्रिकाहरूको सूची यसप्रकार छ :-

| क्र. सं. | पत्रिकाको नाम | अतीतका दस्तावेजहरूको सङ्ख्या |
|---|---|---|
| १. | दैनिक निर्णय | ५ |
| २. | समीक्षा साप्ताहिक | २ |
| ३. | राजधानी दैनिक | २ |
| ४. | घटना र विचार साप्ताहिक | १ |
| ५. | रेसुङ्गा शिखर सन्देश साप्ताहिक | १ |
| ६. | मेचीकाली दैनिक | १ |
| ७. | भावना राष्ट्रिय दैनिक | १ |
| ८. | बुटवल टुडे राष्ट्रिय दैनिक | ४ |
| ९. | कान्तिपुर दैनिक | २ |
| १०. | अन्नपूर्ण पोष्ट दैनिक | २ |

| क्र. सं. | पत्रिकाको नाम | अतीतका दस्तावेजहरूको सङ्ख्या |
|---|---|---|
| ११. | सहयात्री | ४ |
| १२. | वाटिका | १ |
| १३. | चेष्टेफ | १ |
| १४. | जि.वि.यो. (जिल्ला विकास योजना) | १ |
| १५. | गोरखापत्र दैनिक | २ |
| १६. | पूर्वाञ्चल दर्पण | १ |
| १७. | कान्ति उ.मा.वि. | २ |
| १८. | पत्रकारिता - लुम्बिनी | १ |
| १९. | तम्घास सन्देश साप्ताहिक | १ |
| २०. | राष्ट्रिय साप्ताहिक | ३ |
| २१. | आह्वान साप्ताहिक | २ |
| २२. | नयाँ सन्देश साप्ताहिक | २ |
| २३. | पुस्तकालय आवाज | ४ |
| २४. | शब्दपथ, विशेष पत्रपत्रिका | १ |
| २५. | दैनिक पत्र | १ |
| २६. | जनवार्ता | १ |
| २७. | अर्पण साप्ताहिक | २ |
| २८. | निष्पक्ष ध्वनि राष्ट्रिय साप्ताहिक | १ |
| २९. | नेपाल साहित्यिक आयामिक निरूपण समालोचना | १ |
| ३०. | साप्ताहिक सुरमा सरोवर (प्रेम कैदी) | १ |
| ३१. | स्नातकोत्तर शोध प्रबन्धबाट | १ |
| यताउताबाट भन्ने स्तम्भभित्र हाम्रो पुरुषार्थमा छापिएका प्रतिक्रिया, समीक्षासम्बन्धी दस्तावेजहरू | | ५५ |

यस सूचीका आधारमा छापिएका अभिलेखहरू किरण पुस्तकालयमा सुरक्षित छन् । यी पत्रिकाहरू अध्ययन गर्न चाहने व्यक्तिहरूले पुस्तकालयमा गई अध्ययन अनुसन्धान गर्न सक्छन् ।

🖋 **सहायक ग्रन्थपाल - किरण पुस्तकालय, गुल्मी । रेसुङ्गा नगरपालिका-१, तम्घास, गुल्मी ।**

**ooo**

# शताङ्कको सुखद अवसरमा पहिलो अङ्क फर्केर हेर्दा



गोविन्द गिरी प्रेरणा

समयले इतिहास बनाउँछ । त्यो इतिहासको निरन्तरताले परम्पराको समेत साथसाथै निर्माण गरिरहेको हुन्छ । मेरो कम्प्यूटरको स्कृनमा पिडिएफ फाइलको रूपमा हाम्रो पुरूषार्थको पहिलो अङ्क झुल्किएको छ । यसको सौजन्यमा शशी पन्थीजी जोडिनु भएको छ । सन्दर्भ गर्विलो छ । हाम्रो पुरूषार्थको सयौं अङ्कको प्रकाशन ।

हाम्रो समाजमा सय बर्ष बाँचेस् भनेर आशिक दिने चलन छ । हाम्रो पुरूषार्थ सयौं अङ्क प्रकाशन हुँदैछ । यो स्वयंमा यौटा इतिहास हो । सयौं अङ्क ! शताङ्क ! सय वर्षको आयुभन्दा कम महत्त्वपूर्ण होइन । एकै अङकको प्रकाशनपछि समयको गर्तमा बिलाएका नेपाली साहित्यिक पत्रिका अनेक छन् । मेरो नीजि पुस्तकालयमा । मेरो सम्झनामा । ज्ञानमा । इतिहासमा ।

विक्रम संवत् २०३० देवकोटा जयन्ती । लक्ष्मी पूजा । हाम्रो पुरूषार्थको प्रथम अङ्क प्रकाशनको सालनाल ।

वर्ष १ । अङ्क १ । प्रधान सम्पादक; शशि पन्थी । सम्पादक; चिरञ्जीवी शर्मा । सहायक सम्पादकः भेष बहादुर कुँवर । प्रकाशक; किरण पुस्तकालय, तम्घास । गुल्मी ।

हाम्रो पुरूषार्थसँग किरण पुस्तकालय जोडिएको छ प्रकाशकको नातामा । यो नाताको निरन्तरता अब शताङ्कमा आइपुगेको छ । यो स्वयंमा एक साहित्यिक अनुष्ठानको दस्तावेज हो ।

यसको सम्पादकीयमा लेखिएको छ, "शिक्षा र साहित्य जीवनका अत्यावश्यक र अभिन्न चीज हुन् । यी दुबैमा मानवका आकांक्षा र लक्ष्यहरू सन्निहित छन् । शिक्षा र साहित्यको विकासमा नै सभ्यता र संस्कृतिको उत्थान सम्भव छ । जबसम्म यी चीजको विकास हुँदैन तबसम्म मानव जातिको गौरव पनि पूर्ण हुँदैन । मानव जातिको यसै गौरवमय इतिहासलाई जीवित राख्न सुशिक्षा र सत्साहित्यको नितान्त आवश्यकता पर्दछ । नेपाली भाषा र साहित्यको सेवामा

जिल्ला र गाउँका कुना कुनाबाट पनि केही योगदान दिन सकियोस् र छिपेका साहित्यकारहरूले आफ्नो प्रतिभाको विकास गर्न पाऊन् भन्ने उद्देश्य लिई पुस्तकालयको आर्थिक अवस्था अत्यन्त दयनीय छँदा छँदै पनि 'हाम्रो पुरूषार्थ' लाई वार्षिक प्रकाशनको रूपमा निकाल्ने साहस गरियो ।

२०२९ साल कार्तिक २० गते यस पुस्तकालयको चतुर्थ वार्षिकोत्सव र महाकवि देवकोटाको जन्म जयन्ती एकै साथ मनाइएको र अब यसै परम्परालाई जीवित राख्न आज यसको पञ्चम वार्षिकोत्सव र देवकोटा जयन्ती कै दिन यसलाई प्रकाशित गर्ने ढिपी गर्‍यौं । समयको अभावले १०० पृष्ठको रहेको हाम्रो योजना आधा मात्र पूरा हुन सकेकोले एक वर्ष यता केही भन्ने हिम्मत छैन । खालि देवकोटालाई श्रद्धाञ्जलि मात्र ।"

यो सम्पादकीयले हाम्रो पुरूषार्थ प्रकाशनको उद्देश्य गूढ रूपमा प्रस्तुत गरेको छ र यो अङ्क प्रकाशनको लागि भोग्नु परेका समस्या र लक्षित आकाङ्क्षालाई पनि सङ्केत गरेको छ । पहिलो अङ्क १०० पृष्ठको प्रकाशन गर्ने उद्देश्य भए पनि आधा मात्र पूरा भएकोमा निराशा भन्दा पनि हिम्मत नहारिएको बताइएको छ । हुन पनि त्यो हिम्मत आजपर्यन्त जीवित भएको दृष्टान्त यो १०० अङ्कको प्रकाशन हो।

पत्रिकामा शुभकामना शिर्षकमा चार हरफको कविता प्रकाशित छ । यो कसले लेखेको खुल्दैन । सम्भवत सम्पादक मण्डलकै कसैले लेखेको हुन सक्छ भनेर अनुमान गर्न सकिन्छ । कविता यस्तो छः

**यी हिन्दू जनको अपूर्व रसिलो आनन्दको यो क्षण**
**बन्दै गै अति तेजिलो भुवनमा हाम्रा हितैषी गण ।**
**होऊन् पूज्य र मान्य विश्व भरमा चम्केर चाँडै अब**
**देखून् यी अनगिन्ति मार्गहरूमा गन्तव्य ठाउँ सब ॥**

"हाम्रो पुरूषार्थ" को यस पहिलो अंकमा ९ थान कविताहरू छन्, उल्लिखित बेनामी कविता बाहेक । पत्रिमामा प्रकाशित १२ रचनामध्ये ९ रचना कविता हुनु कविताको सर्वाधिक बाहुल्यता हो ।

यस अंकमा प्रकाशित कवि र कविताहरूमा चिरन्जीवी शर्माको "हाम्रो पुरूषार्थ", श्रीधर शर्माको "जीवन ज्योति",राजकुमार बलालको "कविता के ?", कुलचन्द्र गौतमको "विरोधाभाष", 'टी' थापाको "अफसोस", भेषबहादुर कुँवरको "गइन् तिनी दुलही बनेर",हरिहर ज्ञवालीको "शर्त" तथा पद्मप्रसाद पन्थीको "छोटो कुराकानी" रहेका छन् ।

यी ९ कविता बाहेक ३ लेख रचना छन् । डा. टीकाराम पन्थीको "बोली", गणेश प्रसाद शर्माको "पुस्तकालय र पाठक" तथा पूर्णलाल चुकेको "आधुनिक युगमा पुस्तकालयको महत्त्व" रहेका छन् ।

डा. टीकाराम पन्थीको "बोली" लुम्बिनी-गण्डकी-धवलागिरी अञ्चलमा बोलिने भाषा सम्बन्धी विशेष लेख हो । यो लेख विस्तृत अध्ययन तथा अनुसन्धान गरी तयार गरेको देखिन्छ । बाँकी २ लेख पुस्तकालयसँग सम्बन्धित छन् । एक पुस्तकालयको प्रकाशन भएकाले पुस्तकालयसँग सम्बन्धित लेखहरू निसन्देह सान्दर्भिक लाग्छन् ।

त्यसैगरी सचिवको प्रतिवेदनमा पुस्तकालयका साहित्यिक गतिविधि उल्लेख छन् जुन आजको सन्दर्भमा उल्लेखनीय छन् । जस्तो विसं २०२८ साल जेठ ३० गते राजा महेन्द्रको जन्मोत्सवका अवसरमा बृहत् साहित्य गोष्ठीको आयोजना गरिएको र दधिराम सापकोटा प्रथम, हेमराज सुवेदी द्वितीय र कृष्णबहादुर कुँवर तृतीय भएका र पुरस्कार एवं प्रमाणपत्र वितरण गरिएको उल्लेख छ । साथै प्रत्येक वर्ष महाकवि लक्ष्मीप्रसाद देवकोटा, आदिकवि भानुभक्त आचार्य, युवक कवि मोतीराम भट्टका जन्म जयन्तीहरू समेत मनाउने परम्पराको उल्लेख छ । यी तथ्यहरूले किरण पुस्तकालयले गरेको ऐतिहासिक कर्मको अभिलेख प्रस्तुत मात्र नगरी सुन्दर दस्तावेजको समेत काम गर्दछ ।

पत्रिकाको अन्तमा पुस्तकालयलाई सहयोग गर्ने दाताहरूको नामावली प्रस्तुत गरिएको छ । जसमा बढीमा २० रूपैयाँदेखि ५० पैसासम्म पुस्तकालयलाई सहयोग गर्नेहरूको नामावली छ  र कूल ५८४ रूपैयाँ ४० पैसा सङ्कलन भएको देखिन्छ । २० रूपैयाँ सहयोग गर्नेहरू ३ जना छन् र ५० पैसा सहयोग गर्ने एक जना छन् । यो दाताहरूको नाम र रकम हेरिरहँदा त्यतिवेला ५० पैसाको पनि कति महत्त्व रहेछ भन्ने पनि बुझिन्छ ।

यस पहिलो अङ्कमा केही पत्रिकाको विज्ञापन पनि प्रकाशित छन् । ती विज्ञापनको माध्यमबाट त्यतिवेला प्रकाशित हुने अखवार र साहित्यिक पत्रिकाको विषयमा यौटा अभिलेखको काम समेत भएको देखिन्छ, अध्ययन गर्नेहरूलाई, अनुसन्धान गर्नेहरूलाई ।

भैरहवाबाट प्रकाशित मनोरञ्जक "अनुराग" तथा भैरहवाबाटै प्रकाशित साहित्यिक पत्रिका "भेटघाट" को विज्ञापन छापिएको छ । त्यस्तै "खसोखास" साप्ताहिकको विज्ञापन पनि प्रकाशित छ, तर कहाँबाट प्रकाशित हो, त्यो चाहीं खुल्दैन । अर्को विज्ञापन "सङ्कल्प" पत्रिकाको छ । सम्भवतः यो प्रगतिवादी चर्चित साहित्यिक पत्रिका होला भन्ने अनुमान गर्न सकिन्छ, यद्यपि यो पत्रिका कहाँबाट प्रकाशित हो र कस्तो पत्रिका हो, त्यो विज्ञापनबाट खुल्दैन । निसन्देह यो अङ्कको ऐतिहासिक महत्त्व रहेको छ ।

**फल्स चर्च, भर्जिनिया, अमेरिका ।**

ooo

# १७ रूपैयाँको जागिरबाट विद्याधर्मका लागि लाखौंको योगदान



मोहनबहादुर भलामी

*(गुल्मी जिल्लाको सदरमुकाम तम्घास खानीगाउँमा बस्ने भलामीहरू भलाचौर साखिनधाराबाट बसाइ सरी तम्घासमा आएका हुनाले आफूहरूलाई भलामी भएको बताउँछन् । तम्घासमा आएका सहदेव भलामीको छोरा महादेव भलामी भए । महादेव भलामीका छोरा तेजमान भलामी २०४७ सालमा ८४ वर्ष ८ महिनाको उमेरमा दिवंगत भए । तेजमान भलामीका धनबहादुर, मोहनबहादुर र खेतबहादुर नामका ३ भाइ छोराहरू भए । जेठा धनबहादुरको जन्म वि.सं. १९८८ साल असोज ६ गते भएको थियो । उहाँ आज ९२ वर्षको हुँदा पनि राम्रोसँग हिंडडुल गर्न सक्नुहुन्छ । उहाँका महिला भाइ मोहनबहादुर भलामीको जन्म वि.सं. १९९५ सालको वैशाख २९ गते बुधबारका दिन तम्घासमा भएको थियो । ८५ वर्षीय मोहन भलामी अहिले पनि खेतीपाती र कृषि कर्ममा तल्लीनतापूर्वक क्रियाशील हुनुहुन्छ र निकै स्वस्थ देखिनुहुन्छ । उहाँ २०१५ सालमा २० वर्षको उमेरमा नेपाल प्रहरीमा भर्ती भई प्रहरी नायब निरीक्षक (स.इ.) पदबाट २०४८ भाद्रमा सेवानिवृत्त हुनुभएको हो । उहाँका बालसखा पं. विश्वनाथ पन्थीको उपस्थितिमा शशि पन्थीले मोहन भलामीसँगको भेटमा उहाँले भोगेका अनुभवहरूको बारेमा गरेको कुराकानीको संक्षिप्त अंश यहाँ प्रस्तुत गरिएको छ।*–सम्पादक)

**१. तपाईंहरूलाई भलामी किन भनेको हो ?**

❑ हाम्रा जिजुबाजे सहदेवका बाबु साखिनधारा भलाचौरबाट तम्घासमा आएका थिए रे । भलाचौरबाट आएका हुनाले हामीलाई भलामी भनिएको रहेछ ।

**२. भलामीभन्दा अगाडि तपाईंहरूलाई के भन्थे ?**

❑ हामीहरू सुतपराई गोत्रका घर्ती मगर रहेछौं । भलाचौरबाट यहाँ आएपछि भलामी भएका रहेछौं ।

## ३. तम्घासमा आउनुको खास कारण के हो ?

- ❑ तम्घासमा खानीको काम खुलेपछि हाम्रा पुर्खाहरू यहाँ आएका रहेछन् । जहाँ खानी खन्ने काम हुन्छ त्यहाँ हाम्रा पुर्खाहरूले काम गर्ने रहेछन् । तम्घासको धागिथुममा खानी खन्न काम गर्ने व्यक्तिहरू अहिलेको खानीगाउँमा बस्ने गरेर यो गाउँको नाम पनि खानीगाउँ भएको रहेछ ।

## ४. तपाईंहरूले के कसरी पढ्नुभयो ?

- ❑ त्यसबेला तम्घासमा स्कुलहरू थिएनन् । अलि अलि पढाउन सक्ने व्यक्तिका घर आँगनमा बसेर उरिममा बिहान बेलुका फुर्सदमा पढ्ने पढाउने चलन थियो । हामीहरूले साहिंला भुजेल भन्ने सुन्तलारुखे लालबहादुर भुजेलका घरमा गएर अक्षर चिनेका हौं । उनले हामीलाई चिठ्ठी लेख्ने बनाए । त्यसपछि चौर लालु भलामीले पढाए । त्यसपछि यज्ञेश्वर मरासिनी र बाटारे मनिराम मरासिनीसँग पढियो । त्यसपछि थुम्का प्रेमलालसँग पढियो । हामी पढ्ने मान्छेहरू १०-१२ जना हुन्थ्यौं । धेरैजसो साँझमा पढ्न जान्थ्यौं। पढेंको पैसा तिर्न पर्दैनथ्यो । बिना पैसा पढ्थ्यौँ । २००९ सालमा गिरिप्रसाद बुढाथोकी गुल्मी ६ जिल्लाको बडाहाकिम भएर आएपछि स्कुल बनाउनुपर्छ भन्ने कुराहरू उठे । बाँसका डाँडाभाटा जम्मा गरी चिदीचौरमा सल्लीपिरलको छाप्रो बनाएर त्यहीँ स्कूल चलाउने काम भयो । त्यसै छाप्रे स्कुलमा हामीले १२-१३ सालसम्म पढ्यौं । छुट्टाछुट्टै कलासहरू बनाएर पढाउने चलन थिएन । सबैलाई एकै ठाउँ राखेर पढाउने गरिन्थ्यो । त्यहाँ प्रेमलाल थापा, धनबहादुर थापा, वर्णबहादुर ठकुरी, प्रह्लाद पोखरेल, यज्ञेश्वर मरासिनी आदिले पढाएका हुन् । पछि पछि स्कुलका कक्षाहरू छुट्याउने पक्की घर बनाउने र स्थिति बसाली नियमानुसार त्यसै ठाउँमा अहिलेको महेन्द्र हाई स्कुल चलाउने काम भएको हो ।

## ५. तपाईंलाई तम्घासमा अड्डा बसेको पनि सम्झना छ ?

- ❑ छ २००९ सालमा गुल्मी गौंडामा पहिलो पटक गिरिप्रसाद बुढाथोकी बडाहाकिम भएर आएका हुन् । चिदीचौर लाँकुरी मञ्चको पूर्वपट्टिको चउरमा एउटा कच्ची घरमा गौंडा बसेको हो । बडाहाकिम र माललाई सुरक्षा दिन सबुजको प्लाटुन गौंडाको कोखैमा खरको छाप्रोमा बसेको थियो । २०११ सालमा जिल्ला पुलिस इन्स्पेक्टर कार्यालय आएको हो । इन्सपेक्टर बलबहादुर लिम्बू श्रीमतीसहित आएर रुद्रबहादुर भुजेलको घरमा डेरा गरी बसेका थिए । यसै जि.प्र.इ.का. (जिल्ला प्रहरी इन्स्पेक्टर कार्यालय) अन्तर्गत २०१२ सालमा गुल्मी ६ जिल्लाका लागि ८९ जनाको दरबन्दी तोकिएको थियो । जिल्लाको सदरमुकाम तम्घासमा १ इन्सपेक्टर, १ स.इ., २ असइ, ५ हवल्दार, १६ सिपाही गरी २५ जनाको दरबन्दी थियो । ठाडा थानामा १ सइ, १ असइ, २ हवल्दार, १२ सिपाही गरी

जम्मा १६ जनाको दरबन्दी थियो । रिडी चौकीमा १ हवलदार र ५ सिपाही गरी ६ जनाको दरबन्दी थियो । त्यस्तै ग्वाघा, वामी, धुर्कोटका चौकीहरूमा १/१ जना हवलदार र ५/५ जना सिपाहीसहित जम्मा १८ जनाको दरबन्दी थियो । त्यस्तै कारागारका लागि दुई हवल्दार र १२ जना सिपाही गरी १४ जनाको दरबन्दी थियो । बडाहाकिमको गार्डका लागि १ हवलदार र ४ जना सिपाही गरी ५ जना, मालको गार्डमा १ हवलदार र ४ सिपाही गरी ५ जना हुन्थे । यसरी पूरै ६ जिल्ला गुल्मीका लागि सुरक्षा निकाय नेपाल प्रहरीतर्फ ८९ जनाको दरबन्दी थियो ।

## ६. अड्डामा हाजिर गर्ने के कस्तो प्रक्रिया थियो ?

❑ अड्डामा हाजिर अनिवार्य हुनुपर्थ्यो । अड्डामा उपस्थित भएपछि 'हा' (हाजिर) भनेर रजिष्टरमा जनाइदिन्थे । आफैले औंठा छाप लगाउने वा उपस्थिति सूचक हस्ताक्षर गर्ने चलन थिएन ।

## ७. तपाईं नेपाल प्रहरीको सेवामा कहिलेदेखि प्रवेश गर्नुभयो ?

❑ म नेपाल प्रहरी सेवामा २०१५ साल कार्तिक १ गतेदेखि २० वर्षको उमेरमा सिपाही पदमा भर्ती भएको हुँ । २०४८ सालमा प्रहरी नायब निरीक्षक पदबाट सेवा निवृत्त भएको हुँ ।

## ८. तपाईं के-कसरी प्रहरीमा भर्ती हुनुभयो ?

❑ बिर्खे, (वृषबहादुर राई) इन्सपेक्टर हाम्रै गाउँमा बस्थे । गाउँमा बस्दाबस्दै चिनाजानी भएको थियो । दरबन्दी खाली छ । भर्ती हुन आऊ भनी तिनै बिर्खे राई भन्ने इन्सपेक्टरले बोलाएर अफिसमा लगी जागिर लगाइदिएका हुन् । त्यहाँ गएपछि फाँटवालाले हाजिर लगाउँथ्यो । बिहान साँझ १०-५ बजे रोल कल हुन्थ्यो ।

## ९. पुलिसमा भर्ना हुँदा कति तलब हुन्थ्यो ?

❑ शुरूमा एक महिनाको तलब रू.१७ र विशेष भत्ता १५ गरी ३२ रुपियाँ हुन्थ्यो । १८ महिना सेवा गरेपछि मासिक लुगा भत्ता रु. ५ तलब रु. ५ थप भई रु. ४२ भएको हो ।

## १०. त्यसबेला तपाईंहरूको अफिस कहाँ थियो ?

❑ त्यसबेला हामीहरूको अफिस पुरानो बजारको छेउपट्टि पूर्वोत्तर भागमा रहेको थापाको पौवामा थियो । पछि त्यसैसँग जोडिएको ठाउँमा विस्तार गरिएको थियो । अहिले त्यो पौवा पनि छैन । कार्यालय पनि सरेर चिदीचौरको मञ्चमाथि जिल्ला प्रहरी कार्यालयको रूपमा रहेको छ ।

**१०. २०१७ सालमा संसदीय व्यवस्था विघटन भई पञ्चायती व्यवस्था लागू भएपछि शान्ति सुरक्षाको अवस्था कस्तो थियो ।**

- २०१७ सालपछि शान्ति सुरक्षाको व्यवस्था धेरै कडा हुँदै आयो । सुरक्षा शक्ति थप गरियो । २०१८ सालमा बडा हाकिम चन्द्रमान थकालीले ४२ जनाको प्लाटुन एन.सी.सी. थप गरी पं. कृपाराम पन्थीद्वारा निर्मित उधिनढुङ्गाको धौले पौवामा ल्याएर राखे । त्यसमा सुवेदार पाल्पा छहराका शेरबहादुर (कुँवर) भन्ने व्यक्ति थिए । धागिथुम बाङ्के सल्लाका टोपबहादुर घर्ती हवलदार थिए । शान्ति सुरक्षा कायम गर्न यसरी थप प्लाटुन आएको थियो ।

*२०१९ सालको जेठमा भएको विद्रोहमा टीकाराम खनाल, मोतीप्रसाद भुसाल आदि मारिए । धुर्कोटको अमरपुर चोरकाटेमा शम्शेरबहादुर खत्रीको टाउको काटेर दलबहादुर (कवि) भन्ने व्यक्तिलाई बोक्न लगाई तम्घासमा घुमाएर अराष्ट्रिय तत्त्वको हालत यस्तै हुन्छ भनी प्रदर्शन गराइयो । यी अत्यन्त दुःखदायी क्रूर घटनाहरू थिए ।*

**११. २०१९ सालमा गुल्मीमा पनि काटमारका घटना भएको तपाईंलाई केही सम्झना छ कि ?**

- २०१९ सालको वैशाख २१ गते अहिलेको अर्घाखाँचीको वाङ्लामा पुलिसको अस्थायी पोस्टमा ३ जना प्रहरीहरू मात्र भएको बेलामा त्यसताक अराष्ट्रिय तत्त्व भनिने शम्शेरबहादुर खत्रीको समूहका विद्रोहीहरूद्वारा आक्रमण गरी गोली हानी बडो नराम्रोसँग दुई जना प्रहरी मारिए । कन्स्टेबल सिपाही भीमबहादुर पछाई क्षत्री (इस्मा) र पूर्णबहादुर थापा क्षत्री त्यस घटनामा मारिए । तौलिहवामा गोविन्द दर्लामी मारिए ।

  त्यसबेला अराष्ट्रिय तत्त्व भन्ने समूहका विद्रोहीहरूले नम्बर मेटेका राइफल बोकेका हुन्थे । व्यवस्थासमर्थकहरूले विरोधीहरूका गतिविधिको जानकारी बडा हाकिम चन्द्रमान थकालीलाई दिने गर्थे । शम्शेरबहादुर खत्रीकी कान्छी श्रीमतीले यस्तो लडाइँमा नजानुस् भनी रोक्न खोज्दा उनले श्रीमतीलाई मैले जितेँ भने तिमी रानी हुन्छ्यौ मरेँ भने राँडी हुन्छ्यौ भनेर युद्धमा लागेका थिए । २०१९ सालको जेठमा भएको विद्रोहमा टीकाराम खनाल, मोतीप्रसाद भुसाल आदि मारिए । धुर्कोटको अमरपुर चोरकाटेमा शम्शेरबहादुर खत्रीको टाउको काटेर दलबहादुर (कवि) भन्ने व्यक्तिलाई बोक्न लगाई तम्घासमा घुमाएर अराष्ट्रिय तत्त्वको हालत यस्तै हुन्छ भनी

प्रदर्शन गराइयो । यी अत्यन्त दुःखदायी क्रूर घटनाहरू थिए । अमरपुरको घटनापछि शान्ति सुरक्षाको स्थिति बिस्तारै राम्रो बन्दै आएको हो ।

### १२. शम्शेरबहादुरको टाउको कसले काटेको हो ?

❑ बडाहाकिमको खटनपटनमा सुरक्षा फौज धुर्कोटतर्फ गएको थियो । सुराकीहरूले चोरकाटेको स्कुलमा अराष्ट्रिय तत्त्वमा लागेका व्यक्तिहरू भएको जानकारी दिए । त्यहीं तिनीहरू बसेको बेलामा सुरक्षा फौज त्यहाँ पुग्यो । विद्रोहीहरूले कुनै तयारी गर्न पाएनन् । सरकारी फौजको रेलबहादुर थापा मगर (मुसिकोट) भन्ने सिपाहीले शम्शेरबहादुर खत्रीको टाउको काटी दलबहादुरलाई बोकाएर तम्घास ल्याएको हुनाले उसलाई सिपाहीबाट हवल्दारमा पदोन्नति गरियो । उसले तक्मा पनि पायो ।

### १३. तपाईंको सेवानिवृत्त जीवन कसरी बितिरहेको छ ?

❑ घरमा बाबुबाजेहरूले गर्दै आएको कृषि र पशुपालनको काम यथासक्दो गरिरहेको छु । बेलाबखतमा आफू सक्दो तीर्थ-व्रत, धर्मकर्म, दान-पुण्यका कामहरू गर्दै आइरहेको छु ।

### १४. तीर्थव्रत गर्न कहाँकहाँ जानुभयो ? दानपुण्य के के गर्नुभयो ?

❑ २०६१ सालमा गया, काशी, हरिद्वार, गङ्गोत्री, यमुनोत्री, बद्री, केदार, वसुन्धरा आदिमा पुगी तीर्थ-व्रत, स्नान, श्राद्ध आदिका कर्महरू गरें । स्वदेशका टनकपुर, नेपालगञ्ज, रिडी आदिको भ्रमण पनि गरें । २०६१ को विजया दशमीमा भगवती मन्दिर खानीगाउँमा असोज २८ गतेदेखि पूजामा कर्ताको कार्य गरें । २०६२ आश्विन १९ गते जयपुरबाट मूर्ति ल्याई भगवतीको प्राण प्रतिष्ठा गर्ने कार्यमा सहभागी भएँ । २०६८ मङ्सिरमा काठमाडौंमा एउटा यज्ञमा कर्ता भएर बसें । सिद्धबाबा माध्यमिक विद्यालयमा मातापिताका नाममा रू. ३,४१,५५५/- कोष स्थापना गरेको छु । त्यस कोषलाई वृद्धि गरी रू. ५,५५,५५५/- पुऱ्याउने विचार छ । रेसुङ्गा गोशालामा रू. १५,५५५/- दिएको छु । त्यस कोषलाई पनि बढाउँदै लैजाने हो । भगवती मन्दिर, रेसुङ्गा बहुमुखी क्याम्पस आदिलाई पनि सहयोग गर्दै आइरहेको छु । सिद्धबाबा माध्यमिक विद्यालयमा मेरो जन्म दिवस पारेर रू. ५५,५५५/- को छात्रवृत्ति कोष खडा गरी कल्याणकारी जेहेनदार छात्रवृत्ति उपलब्ध गराउन थालेको छु । मैले गर्ने दानपुण्यका काम भनेका यस्तै यस्तै हुन् ।

ooo

# बाँसगढी सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र, बर्दिया

**गोविन्दप्रसाद शर्मा**

## पृष्ठभूमि

बर्दिया जिल्लाको बाँसगढी बजार क्षेत्रलाई शैक्षिक क्षेत्रमा सुधार गर्नका लागि तत्कालीन इन्सेक जिल्ला प्रतिनिधि श्री कृष्णराज अधिकारीको पहलमा इन्सेक बर्दियाबाट रू. २,२०,०००।– सहयोग प्राप्त भएपछि इन्सेक मोतीपुरका संयोजक श्री पूर्णप्रसाद अधिकारीज्यूले शिलान्यास गरी उँहाकै संयोजकत्वमा सामुदायिक अध्ययन केन्द्रको भवनको समुद्घाटन गरिएको थियो । पछि तत्कालीन मोतीपुर गा.वि.स.को विनियोजित बजेटबाट क्रमशः होमनाथ अधिकारी र नरेन्द्रराज पराजुलीको अध्यक्षतामा निर्माण समिति गठन भई भवन निर्माणको काम अगाडि बढेको पाइन्छ । पछि नेपाल सरकारको योजनाबमोजिम तत्कालीन स्रोत केन्द्रस्तरीय सरोकारवालाको भेलाबाट सामुदायिक अध्ययन केन्द्रको अध्यक्षमा श्री बुद्धिसागर अधिकारी चयन भई अध्ययन केन्द्रको काम कारवाही अगाडि बढिरहेको सन्दर्भमा यस बाँसगढी सामुदायिक पुस्तकालयको स्थापनाको लागि पहल भएको देखिन्छ ।

यस बाँसगढी सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्रको अवधारणा त्रिभुवन सामुदायिक पुस्तकालयसँग सम्पर्कमा आएपछि अघि बढेको हो । उक्त पुस्तकालयले दुईवटा स्याटलाईट पुस्तकालय खोल्न लागिरहेको कुरा अवगत भई यस बाँसगढी (तत्कालीन मोतीपुर)मा पनि सामुदायिक पुस्तकालय स्थापना र सञ्चालन गर्न आवश्यकता महसुस गरी तत्कालीन सामुदायिक अध्ययन केन्द्रका अध्यक्ष श्री बुद्धिसागर अधिकारी र श्री ने.रा.मा.वि. बाँसगढीका प्र.अ. श्री निराजन चापागाईद्वारा प्रपोजल तयार गरी सकेपछि स्थल छनौट गर्न रिड नेपाल, यस बाँसगढी नगरपालिकाका राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, शिक्षाप्रेमी लगायत यहाँका विद्यालयका प्र.अ.हरूको प्रथम भेला मिति २०७१ साल कार्तिक १३ गतेका दिन साविक मोतीपुर गा.वि.स. का अध्यक्ष एवं सचिव श्री हरिशचन्द्र शर्माको अध्यक्षतामा भेला बसी गोविन्दप्रसाद शर्माको संयोजकत्वमा पुस्तकालय स्थापनाको लागि पहल गर्न ७ सदस्यीय समन्वय समिति गठन गरिएको थियो । उक्त समितिले पुस्तकालय सञ्चालनका लागि आवश्यक सामग्रीहरू तथा वातावरण तयार गर्ने काम सम्पन्न गर्‍यो । सामुदायिक पुस्तकालयको अवधारणा

यस स्थानको आवश्यकता, सञ्चालन, दिगो विकास सबै दृष्टिकोणबाट विचार विमर्श गर्दा आवश्यकता महसुस गरी सो विषयमा सहयोगी संस्था रिड नेपाल र रेष्टलेस डेभलपमेन्टसँग सहकार्य गरी नगरपालिकाको नगरबासीको चाहना र दाताबाट सहयोग प्राप्त हुने प्रतिबद्धता र दृढ संकल्पित राजनैतिक दलका नेतृत्वको अगुवाइमा रिड नेपाल, त्रिभुवन सामुदायिक पुस्तकालय, रेष्टलेस डेभलपमेन्ट, स्थानीय बुद्धिजीवीहरू, विद्यालयका प्र.अ.हरू र युवाहरूको प्रतिनिधित्वमा यस पुस्तकालयको स्थापना भएको हो । सोही समितिले २०७१/८/२५ गते बृहत् भेला गराई श्री गोविन्दप्रसाद शर्माको अध्यक्षतामा १३ सदस्यीय संस्थापक समिति गठन गरी अघि बढेको देखिन्छ ।।




मिति २०७१ साल पौष २६ गते हव पुस्तकालय त्रिभुवन सामुदायिक पुस्तकालय, रिड नेपाल र बाँसगढी सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र बीच त्रिपक्षीय सम्झौता भई ८०, ०९, ८५९ । ०० अस्सी लाख नौ हजार आठ सय उनन्साठी मध्ये रिड नेपालले ६७, ०२, ८५९ । ०० बाँसगढी सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्रबाट १३,०७०००।- ब्योहोर्ने गरी सम्झौता गरिएको थियो । साथै नियमित संघीय सरकार, प्रदेश सरकार र बाँसगढी नगरपालिका तथा विभिन्न संघ-संस्थाको सहयोग करिब १ करोड पचास लाखको लागतमा यस पुस्तकालयको निर्माणकार्य सम्पन्न भएको छ ।

संस्थाको आन्तरिक जीवनप्रणालीको सबैखाले कार्यहरू गर्दै जाने क्रममा मिति २०७५/१/१५ गतेका दिन संस्थाको प्रथम साधारणसभाबाट श्री पूर्णप्रसाद अधिकारीज्यूको अध्यक्षतामा १५ सदस्यीय समिति गठन भएको थियो । पछि अध्यक्ष पूर्णप्रसाद अधिकारीले आफ्नो स्वास्थ्यसम्बन्धी समस्या देखाई राजिनामा दिएपछि तत्कालीन व्यवस्थापन समितिको बैठकको मिति २०७५/८/२४ को निर्णय अनुसार तत्कालीन उपाध्यक्ष श्री अम्बिका चापागाईज्यूलाई कार्यवाहक अध्यक्षको रूपमा जिम्मेवारी समालेको र हाल २०७८ साल कार्तिक २ गतेको अधिवेशनबाट पुनः संस्थापक अध्यक्ष श्री गोविन्दप्रसाद शर्माको अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति चयन भई कार्य अघि बढेको छ ।

समाजको समग्र विकासको मूल आधार नै शिक्षा हो । बहुभाषिक, बहुधार्मिक परम्परायुक्त मुलुक नेपाल मौलिक कला र साहित्यिको धनी देश हो । विभिन्न भौगोलिक सामाजिक एवम् आर्थिक कारणले यहाँका बहुसंख्यक मानिसहरू सामाजिक विकासको मूलप्रवाहमा समाहित हुन नसकी पिछडिएको परिप्रेक्षमा शैक्षिक जागरण, ज्ञान, सीप र सूचनाको स्रोतको प्रचार प्रसारबाट मात्र सामाजमा विद्यमान रूढीवादी संस्कार, चेतना र व्यवहारमा परिवर्तन ल्याउन सकिने तथा परापूर्व कालदेखि चलिआएको वैदिक सनातन संस्कार र परम्परालाई अक्षुण्ण राख्न व्यक्तिहरूको रुचि र आवश्यकताअनुसार आध्यात्मिक, भौतिक, साहित्यिक, कला संस्कृति, विज्ञान प्रविधि, राजनीतिक, आर्थिक, सामाजिक तथा ज्ञान विज्ञान र विविध विषयका पुस्तकहरू एकीकृत र संगृहीत गरी व्यवस्थित रूपमा अध्ययन गर्ने परिपाटी र अभ्यासको विकास गर्दै भिविन्न जातजाति भाषा भाषी, धर्म लिङ्ग, वर्ण पेशा र विभिन्न क्षेत्रका समुदायहरूबीच निःस्वार्थ सेवाबाट सहयोगको भावना जगाई समाजलाई सीपमूलक ज्ञान सूचना प्रविधिको विकासमा परिचालन गर्दै सामाजिक चेतना अभिवृद्धि गरी प्रजातान्त्रिक सचेतना र मानव विकासमा योगदान पुऱ्याउने अभिप्रायले एक संस्थाको आवश्यकताको महसुस गरी यस पुस्तकालयको स्थापना भएको हो ।

यस बाँसगढी सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र, लुम्बिनी प्रदेश, बर्दिया जिल्ला बाँ.न.पा.-५, बाँसगढी बजारमा रहेको छ । यसको संरक्षक बाँसगढी नगरपालिका रहेको छ । आर्थिक वर्ष ०७४/०७५ मा यस संस्थालाई सहयोग गर्ने गैर सरकारी दातृ निकाय रिड नेपालले प्रत्येक सामुदायिक पुस्तकालय स्थानीय स्तरमा आफ्नै खुट्टामा उभिनु पर्ने नीतिबमोजिम सन २०१५ देखि २०१८ सम्म दिदै आएको रोटा परियोजना अन्तर्गत I.C.T. कक्ष र अन्य कार्यको लागि दिंदै आएको सहयोग पूर्णरूपले कटौती गरिसकेपछि पुस्तकालयमा कार्यरत २ जना कर्मचारीलाई तलब खुवाउन र अन्य कार्यालय सञ्चालन गर्न समस्या देखा परेपछि यसै पुस्तकालयको संरक्षक संस्था बाँसगढी नगरपालिकासँग थप ४ वटा सटरहरू माग गरी नगरपालिकाको कार्यालयद्वारा हाल प्रदान गरिएको थप ४

वटासहित जम्मा ७ वटा सटर भाडा र हल भाडाद्वारा हाल यस पुस्तकालयको २ जना कर्मचारीको तलब र अन्य कार्यलय व्यवस्थापन कार्य सञ्चालन भैरहेको अवगत गराउन चाहन्छु । पूर्ण व्यवस्थापनपश्चात् यस लाइब्रेरीलाई e-Library को रूपमा विकास गर्ने लक्ष्यका साथ अगाडि बढिरहेको कुरा सहर्ष जानकारी गराउन चाहन्छु । अहिले यस संस्थामा आजीवन सदस्यहरू १४० जना र पाठक सदस्य ६०० जना रहेका छन् ।

१. स्थापना मिति : २०७१/११/२८
२. स्थान : बाँसगढी नगरपालिका वडा नं. ५, बाँसगढी, बर्दिया
३. टेलिफोन न. :-०८४४००१४७
४. इमेल :-basgadhiclrc@gmail . com
५. स्थापित मिति :-२०७१/११/२८
६. अध्यक्षको नाम :-श्री गोविन्दप्रसाद शर्मा
७. सम्पर्क न. :-९८५८०३००४७
८. इमेल :-govinda 9858030047@gmail . com
९. पुस्तकालय दर्ता तथा आबद्ध

| **क्र.सं.** | **दर्ता तथा आबद्ध संघ-संस्था** | **आबद्ध मिति** | **नवीकरण मिति** |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | २०७१/११/२८ | २०७९/०६/३० |
| २ | आन्तरिक राजस्व कार्यालय | २०७१/१२/०८ | २०७९/०६/३० |
| ३ | समाज कल्याण परिषद् | २०७२/०२/३० | २०८० असार मसान्तसम्म |
| ४ | राष्ट्रिय पुस्तकालय | | आजीवन सदस्य |

१०. विधानको व्यवस्था : भएको
११. सदस्यहरूको विवरण
    आजीवन सदस्य : १४० जना
    पाठक सदस्य : ६०० जना
१२. दैनिक पाठक संख्या : ४५ जना
१३. पुस्तक संख्या : ५२००
१४. फर्निचरको अवस्था : व्यवस्थित भएको
१५. पुस्तकालयका वार्षिक मुख्य गतिविधि :

- कोभिड १९ को महामारीमा समुदायको लागि आर्थिक तथा भौतिक सहयोग ।

- प्रत्येक वर्ष भदौ १५ मा अतिरिक्त क्रियाकलापसँगै पुस्तकालय दिवस मनाउँदै गरेको ।
- सेवाग्राही (पाठक)को माग अनुसारका पुस्तकहरू थप ।
- दिगो परियोजना र कोभिड १९ प्रतिकार्य परियोजना सम्पन्न ।
- आजीवन सदस्यता (११७बाट १४०) वृद्धि ।
- पाठक सदस्यमा वृद्धि ।
- नियमित बैठक प्रत्येक महिनाको पहिलो शनिबार गर्ने ।
- पाठकको सुविधालाई मध्यनजर गरी पुस्तकालय आइतबार बन्द गर्ने र शनिबार खोल्ने ।
- १ वटा ल्यापटप थप
- ह्यान्डवास स्टेसनको व्यवस्था ।
- डस्टवीनको व्यवस्थापन ।
- खेलाडीहरूलाई सम्मान ।
- उत्कृष्ट पाठकलाई सम्मान ।
- विद्यार्थीहरूका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन ।
- प्रत्येक वर्ष साधारणसभा गरेको ।
- नगरपालिकाले आयोजना गरेका कार्यक्रममा सहभागी ।
- सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारीसँग सम्बन्धित सूचनामूलक दिगो परियोजना कार्यक्रम विभिन्न वडामा सम्पन्न ।
- वैदेशिक रोजगारीसंग सम्बन्धित वडा नं. ५ मा तथ्याङ्क संकलन कार्यक्रम सम्पन्न ।
- DIDRR कार्यक्रम वडा नं. ३ मा सञ्चालन ।

१६) जग्गा : १ कट्ठा

१७) भवनको विवरण :

भवन संख्या : १ वटा कोठा संख्या : ७ वटा

तालिम हल : २ वटा सटर : ७ वटा

१८) आर्थिक स्रोत : सटर भाडा, हल भाडा

१९) वार्षिक बजेट : रु. ५,५०,०००।-

२०) कर्मचारीको व्यवस्था : दुई जना

२१) खुल्ने समय : बिहान १०:०० बजेदेखि बेलुका ५ बजे सम्म

२२) उपकरणहरू :

कम्प्युटर : ११ वटा फोटोकपी : १ वटा
प्रिन्टर : १ वटा प्रोजेक्टर : २ वटा

पुस्तकालयको कामलाई व्यवस्थित गर्न निम्न लिखित उप-समितिहरू पनि गठन गरिएको छ ।

- शैक्षिक तथा पुस्तकालय सञ्चालन उप-समिति
- बालकक्ष उप-समिति
- युवा परिचालन उप-समिति
- महिला कक्ष उप-समिति
- ICT उप-समिति
- आर्थिक उप-समिति
- ज्येष्ठ नागरिककक्ष उप-समिति
- निर्माण उप-समिति
- अनुगमन उप-समिति
- लेखा उप-समिति
- DIDRR उप-समिति
- दियो उप-समिति

**१. निःशुल्क बेसिक कम्प्युटर तालिम :-**

यस बाँसगढी सामुदायिक पुस्तकालयले सञ्चाालन गरेका निःशुल्क बेसिक कम्प्युटर तालिम जम्मा ७ वटा कम्प्युटरको सहायतामा सञ्चालन गर्दै आइरहेको छ । यस पुस्तकालयबाट निःशुल्क रूपमा ४३ जनाले बेसिक कम्प्युटर सिकिरहेका थिए ।

| क्र.सं. | विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | एक वर्षभित्र सिकेका विद्यार्थीहरू | ३७ | ६ | ४३ |
| २ | हाल सिक्दै गरेका विद्यार्थीहरू | १५ | ३ | १८ |

**२. प्रविधियुक्त सामुदायिक सिकाइ आदान-प्रदान कक्षको निर्माण**

यस प्रविधियुक्त सामुदायिक सिकाइ आदान-प्रदान कक्षको निर्माणले यस बाँसगढी सामुदायिक पुस्तकालयका पाठकहरू अन्य सम्बन्धित सरोकारवालाहरूले विश्वव्यापी रूपमा, समुदाय, राष्ट्रिय, प्रादेशिक एवम स्थानीय स्तरमा भैरहेका विषय वस्तुहरूका बारेमा नवीनतम ज्ञान प्राप्त गर्ने र राम्रा अभ्यासहरूको

अनुसरण गर्ने तथा यस क्षेत्रमा भएका असल अभ्यासहरूको बारेमा अनुभव आदान-प्रदान गर्ने उद्देश्यका साथ यो सिकाइ आदान-प्रदान कक्ष निर्माण गर्न लागिएको हो । अहिले यस तल्लो हलमा रङ्ग लगाउने, थप पंखा जडान गर्ने, बालकक्ष र युवाकक्षमा कार्पेट बिछ्याउने, कार्यक्रम सञ्चालनका लागि कुर्सी राख्ने र ह्वाइट बोर्ड निर्माण गर्नको लागि नगरपालिकाको बजेट रू २३६, ८७४।-अक्षरूपी दुई लाख छत्तीस हजार आठ सय चौरहत्तर रूपैयाँ विनियोजन भई खर्च भएको थियो ।

## ३. सुरक्षित आप्रवासनका लागि सूचनामूलक दिगोकक्ष निर्माण

यस पुस्तकालयको अध्ययन कक्षमा रिड नेपालको आर्थिक सहयोगमा सुरक्षित आप्रवासनका लागि सूचनामूलक दिगो परियोजना कार्यक्रम सञ्चालनका लागि १ थान LED र १ सेट Sound system जडान गरेको छ । जसबाट वैदेशिक रोजगारीमा जान चाहने, वैदेशिक रोजगारीबाट फर्केका, विदेश गएको परिवारहरूलाई सूचनामूलक भिडियो प्रदर्शनी गरी वैदेशिक रोजगारीमा ठगीमा परेको व्यक्तिलाई उद्धारको लागि सहजीकरण गर्ने ।

## ४. प्रस्तावना पेश

गत साल २०७७/२०७८ मा सिकाइ आदान-प्रदानकक्ष व्यवस्थापन गर्न शिक्षा तथा सामाजिक विकास निर्देशानालय लुम्बिनी प्रदेश बुटवलमा प्रस्तावना पेस गरी १, ४९, २४६।-बजेट विनियोजित भई १ वटा ल्यापटप, १२ वटा कुर्सी र १३२ थान किताब खरिद गरियो । २०७८/०७९ मा यस बाँसगढी सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्रमा पाठ्यसामग्रीहरूलाई थप व्यवस्थित गर्न तथा पाठ्य सामग्रीहरूको सहज पहुँच र सिकाइमैत्री वातावरण निर्माणका लागि सिकाइ आदान-प्रदान कक्षलाई व्यवस्थित गर्न पाठ्यसामग्रीको उपलब्धताको लागि सामुदायिक पुस्तकालयको लागि शैक्षिक सामग्रीको व्यवस्थापन परियोजना सामाजिक विकास मन्त्रालय लुम्बिनी प्रदेश बुटवलमा पेश गरिएकोमा २०७८/०७९ मा ९२, ७८२।-अक्षेरेपी बयानब्बे हजार सात सय बयासी रूपैयाँ मात्र बजेट विनियोजन भई किताब खरिद गरियो ।

## ५. एक वर्षभित्र भएका अन्य कार्यक्रमहरू

यस बाँसगढी सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रले विभिन्न कक्षहरू जस्तै महिलाकक्ष, पुस्तकालयकक्ष, बालकक्ष, युवाकक्ष, सूचना तथा प्रविधिकक्षबाट सेवाहरू प्रदान गर्दछ । साथै बाँसगढी नगरपालिकाको आह्वानमा विभिन्न अन्य कार्यक्रमहरू निबन्धलेखन, चित्रकला प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता

सरसफाइ कार्यक्रम सचेतनामूलक कार्यक्रमहरू आदिमा पनि सहभागिता जनाउने गरेको छ ।

**६. चुनौतीहरू :-**

१. समुदायको उपस्थिति कम देखिनु
२. पार्किङको उचित व्यवस्था गर्न नसक्नु ।
३. आर्थिक स्रोतको अभावमा समुदायमा कार्यक्रम सञ्चालन गर्न नसक्नु।
४. कर्मचारीलाई उचित पारिश्रमिक दिन नसक्नु
५. पुस्तकालय प्रयोगकर्ताहरूको साइकल र चप्पल हराउनु
६. e-Library को रूपमा विकास गर्न नसक्नु
७. पाठक सङ्ख्यामा उल्लेखनीय रूपमा वृद्धि नहुनु ।
८. सी.सी.क्यामराको क्षमतालाई सञ्चालन र व्यवस्थापन गर्न नसक्नु ।

**७. भावी कार्यक्रम तथा योजना**

१. पाठकहरूको मागअनुसार पुस्तक वृद्धि गर्न कोसिस ।
२. पाठकहरूका लागि निमार्ण भएको अध्ययन कक्ष व्यवस्थापन गर्ने ।
३. दातृ निकायसँग समन्वय गरी प्राप्त कार्यक्रमहरू सञ्चालन गर्ने ।
४. आजीवन सदस्यता वृद्धि गर्ने ।
५. आवश्यकताअनुसार विधान संशोधन गर्ने ।
६. पाठक संख्यामा वृद्धि गर्ने ।
७. कम्प्युटर वृद्धि गर्ने ।
८. सि सि क्यामेराको क्षमता विस्तार गर्ने ।
९. पार्किङको व्यवस्था गर्ने ।
१०. पुस्तकालयलाई ई पुस्तकालयको रूपमा विकास गर्ने ।

**८. यस कार्य समितिले गरेका मुख्य कार्यहरू**

- ❑ कोभिड १९ को महामारीमा समुदायको लागि आर्थिक तथा भौतिक सहयोग ।
- ❑ AC हल निर्माण ।
- ❑ स्वच्छ पिउने पानीको लागि धारा जडान ।
- ❑ सेवाग्राही (पाठक)को मागअनुसारका पुस्तकहरू थप ।
- ❑ तीनवटा शौचालय निर्माण ।
- ❑ दिगो परियोजना र कोभिड १९ प्रतिकार्य परियोजना सम्पन्न ।
- ❑ आजीवन सदस्यता वृद्धि ।
- ❑ पाठक सदस्यमा वृद्धि ।
- ❑ नियमित बैठक प्रत्येक महिनाको पहिलो शनिबार गर्ने ।

- पाठकको सुविधालाई मध्यनजर गरी पुस्तकालय आइतबार बन्द गर्ने र शनिबार खोल्ने ।
- LED र sound system जडान ।
- पूर्व अध्यक्षहरूलाई सम्मान ।
- खेलाडीहरूलाई सम्मान ।
- उत्कृष्ट पाठकलाई सम्मान ।
- विद्यार्थीहरूका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन ।
- नगरपालिकाले आयोजना गरेका कार्यक्रममा सहभागी ।
- सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगारीसँग सम्बन्धित सूचनामूलक दियो परियोजना कार्यक्रम विभिन्न वडामा सम्पन्न ।
- वैदेशिक रोजगारीसँग सम्बन्धित वडा नं. ५ मा तथ्याङ्क सङ्कलन कार्यक्रम सम्पन्न ।
- DIDRR कार्यक्रम वडा नं. ३ मा सञ्चालन ।

**९. हालसम्मको उपलब्धि :-**

- समुदायमा चेतना अभिवृद्धि ।
- समुदायको जीविकोपार्जनमा टेवा ।
- सूचना तथा सञ्चार प्रविधिमा समुदायको पहुँच ।
- विद्यार्थी भाइबहिनीहरूको अतिरिक्त समय सदुपयोग भएको ।
- युवासशक्तीकरण र परिचालन ।
- गुणस्तरीय शिक्षामा टेवा ।
- विभिन्न क्षेत्रमा महिलाहरूको नेतृत्व विकास तथा क्षमता वृद्धि ।
- समुदायका व्यक्तिहरूको अध्ययन गर्ने बानीको विकासमा टेवा ।
- वेदेशिक रोजगारमा जाने युवायुवतीहरूलाई परामर्श ।
- सुरक्षित स्थानान्तरसम्बन्धी जनचेतना अभिवृद्धि ।
- नगरपालिका, नगरपालिकाका विभिन्न शाखाहरूको कार्यक्रमका लागि हल उपलब्ध गराउनुका साथै NGO र INGO हरूका कार्यक्रमका लागि हल उपलब्ध गराउनु ।
- सार्वजनिक शौचालयको व्यवस्थापन ।
- Internet को प्रयोग गरी Online मार्फत Zoom तालिमको सुविधा ।
- आजीवन सदस्यतामा वृद्धि ।

**अध्यक्ष - बाँसगढी सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र, बाँसगढी, बर्दिया ।**

ooo

# हार्दिक कृतज्ञता

१५८ औं मोतीजयन्ती, जानकी साहित्य पुरस्कार वितरण तथा कविता वाचन प्रतियोगिता कार्यक्रमको यस पुस्तकालयका अध्यक्ष श्री शशि पन्थीको अध्यक्षतामा सञ्चालित कार्यक्रममा प्रमुख अतिथि माननीय डिल्लीराज भुसाल रहनुभएको थियो भने विशिष्ट अतिथिको रूपमा रेसुङ्गा नगरपालिकाका उपप्रमुख श्री अमृतादेवी कुँवर रहनुभएको थियो । इतिहास, संस्कृति, धर्म, दर्शन र साहित्यसम्बन्धी कृतिहरू प्रकाशन गर्दै आइरहेको पुस्तकालयबाट जानकी साहित्य पुरस्कार २०७५ देखि नियमित रूपमा वितरण गर्ने गरिएको छ । यसवर्ष धुर्कोट गाउँपालिका वस्तु, गुल्मीमा २०१६ जेठ ५ गते जन्मनुभएका हाल - तिलोत्तमा-८, दीपनगर, रूपन्देही निवासी आख्यानकार डा. हरिप्रसाद भण्डारीलाई प्रमुख अतिथि लुम्बिनी प्रदेशसभा सदस्य माननीय डिल्लीराज भुसालबाट जानकी साहित्य पुरस्कार नगद रू. १०,०००/- प्रमाणपत्र र दोसल्लाबाट सम्मान गरिएको थियो ।

२०८०/०७/२७ गते ५५ औं वार्षिकोत्सव तथा महाकवि लक्ष्मीप्रसाद देवकोटाको ११५ औं जन्मजयन्ती किरण पुस्तकालयको सभाहलमा विविध कार्यक्रमको आयोजना गरी सम्पन्न भएको थियो । तम्घास निवासी वर्तमान लुम्बिनी प्रदेश सभासद् माननीय डिल्लीराज भुसाल प्रमुख अतिथि रहेको सो समारोहमा उहाँले वार्षिक रूपमा आजीवन रु. १ लाख पुस्तकालय सञ्चालनार्थ सहयोग गर्ने प्रतिबद्धता गरे अनुसारको रकम हस्तान्तरण गर्नुभएको थियो ।

साथै सोही समारोहमा पुस्तकालयका अध्यक्ष तथा समारोहका अध्यक्ष श्री शशि पन्थीलाई मालारानी गाउँपालिका मरेङ्ग निवासी हाल अमेरिकामा कार्यरत इन्जिनियर श्री महेश आचार्यले किरण पुस्तकालयको अक्षयकोष वृद्धिका लागि नगत रू. १०११११ प्रदान गर्नुभएको थियो ।


मिति २०८०/०९/१५ मा कविशिरोमणि लेखनाथ पौड्यालको १४० औं जन्मजयन्ती समारोह नेपाल सरकारका पूर्व राजदूत झवीन्द्र अर्यालको प्रमुख आतिथ्यमा विविध साहित्यिक कार्यक्रमका साथ सम्पन्न भएका थियो ।

किरण पुस्तकालयको मुखपत्र 'हाम्रो पुरुषार्थ' साहित्यिक पत्रिका २०३० सालदेखि वार्षिक, अर्धवार्षिक र त्रैमासिक हुँदै २०८० सालमा ५० वर्षको समयावधिमा हाम्रो पुरुषार्थको शताङ्क प्रकाशन गर्न पाएकोमा हामी हर्षित भएका छौं । यस शताङ्कलाई हामीले प्रथम भाग र द्वितीय भाग गरी दुई भागमा प्रकाशनमा ल्याएका छौं । यसका लागि लेख, रचना, विज्ञापन उपलब्ध गराई सहयोग पुर्‍याउने स्रष्टा, पाठक तथा विज्ञापन दाताहरूमा पुस्तकालयको तर्फबाट हार्दिक कृतज्ञता प्रकट गर्दछौं ।

***- सचिव***

# नौलो सृष्टि : सानो दृष्टि

## १. यायावरीय अनुभूति





गुल्मी जिल्लाको हरेवामा जन्म भई कर्मथलो रूपन्देही बनाएर त्यहीं नै बसाइ सरी आफ्ना जीवनका करिब चार दशक शिक्षक सेवामा बिताएका गोविन्दप्रसाद आत्रेयले 'यायावरीय अनुभूति' नामक आत्मवृत्तान्त तयार पार्नुभएको छ । दायित्व वाङ्मय प्रतिष्ठान, नेपालको प्रकाशन रहेको उक्त कृति स्रष्टाका निजी अनुभव अनुभूतिहरूको सङ्गालो हो ।

यस कृतिलाई स्रष्टाले विभिन्न ११ शीर्षकमा आफ्ना अनुभूतिहरू र १२ औं खण्डमा सान्दर्भिक तस्वीरहरूसहित यो कृति तयार गर्नुभएको छ । पहिलो खण्डमा जन्मस्थान, पारिवारिक सन्दर्भ र मातापिताका जीवनप्रसङ्ग समावेश गरिएको छ । दोस्रो खण्डमा स्रष्ट्राले आफ्नो बाल्यकाल र नून मट्टितेलका लागि बटौली आवतजावत गर्दाका प्रसङ्ग रहेका छन् । तेस्रो खण्डमा आफ्नो प्रारम्भिक अध्ययन, उच्च शिक्षा र शिक्षक तालिमसम्मका प्रसङ्ग छन् । चौथो खण्डमा जागिरे जीवनका अनुभूति र पाँचौं खण्डमा विवाह तथा पारिवारिक सन्दर्भका कुराहरू छन् । छैठौं खण्डमा आफू सहभागी भएका देशविदेशका सांस्कृतिक कार्यक्रमहरूको प्रसङ्ग छ भने सातौं खण्डमा पञ्चायंतकालदेखि हालसम्मको राजनीतिक परिवृत्त र कोभिड महामारीको प्रसङ्ग छ । आठौं खण्डमा स्रष्टाले नेपालभित्र र बाहिरका महत्त्वपूर्ण तीर्थाटनको चर्चा गरेका छन् । नवौं खण्डमा पुरस्कारसम्मानको प्रसङ्ग छ भने दशौं खण्डमा अमेरिका र जापान भ्रमणका अनुभवको उल्लेख छन् । एघारौं खण्डमा जन्मस्थान हरेवा, रूपन्देही सूर्यपुरा, करैया, बुटवल र काठमाडौंसम्मको बसाइसराइका अनुभूति समेटिएका छन् । अन्त्यमा केही सान्दर्भिक तस्वीरहरूअन्तर्गत परिवारजन, इष्टभित्र, नातासम्बन्ध र २०६४ सालका कालिका मा.वि.का शिक्षक परिवारका तस्वीरहरूसमेत राखिएको छ ।

प्रारम्भिक खण्डसहित झण्डै चार सय पचास पृष्ठमा संरचित प्रस्तुत आत्मसंस्मरणले स्रष्टाका वैयक्तिक अनुभवहरूको माध्यमबाट मानव जीवनका यथार्थ पक्षको समुद्घाटन गर्ने प्रयास गरेको अनुभव गर्न सकिन्छ । बाल्यकालदेखिका समग्र अनुभूतिलाई इमान्दार भएर प्रस्तुत गर्न सके मात्र यस्ता आत्मवृत्तान्तको गरिमा बढ्ने तथ्यलाई स्रष्टाले भुल्नु हुँदैन ।

## २. बुच्के छपडी (संस्मरण-सङ्ग्रह)




कुनै विषय सन्दर्भमा अत्यन्त सजीव ढंगबाट चित्रण गर्न सिपालु मुक्तिप्रसाद उपाध्याय उपन्यासकार, कथाकार, अनुवादक, अभिनयकर्ता र नाटककारसमेत हुन् । उनले प्रवासमा रहेर नेपाली भाषासाहित्यको निष्काम भावले सेवा गरेका छन् । उनको बुच्के छपडी संस्मरण-सङ्ग्रह (सन् २०२१) प्रकाशित छ । यस संस्मरणभित्र बुच्के छपडी, भाग्यमानी मालती, अनुवादको आफ्नै फूलबारीमा रुमलिंदा र मेरो नाट्ययात्रा गरी चारवटा अलगअलग शीर्षकमा संस्मरणहरू भिन्न अनुभूतिका साथ प्रस्तुत गरिएका छन् ।


ब्रह्मपुत्र नदीका किनाराका स-साना बस्तीहरू ती कहिले ब्रह्मपुत्रको जलप्रवाहले विस्थापितसमेत हुन्छन् भने अधिकांश समय ती स्थानहरूमा हुने चहलपहलका विभिन्न प्रसङ्गहरूलाई संस्मरणकारले चर्चा गरेका छन् । बाल्यकालमा दशैंका बेला बाबाआमाले टीका लगाउँदा दिएको आशीर्वाद स्मरण गर्दै संकलन गरिएको यस संस्मरणमा आफ्ना बाल्यकालका तीतामिठा अनुभवहरू प्रस्तुत गरेका छन् । यस खण्डमा धेरै कथानक जस्ता रोचक प्रसङ्ग छन् । ती बुच्के छपडीहरूको जनजीवनका रमणीय प्रसङ्गहरू यस संस्मरणमा प्रस्तुत गरिएको छ ।

दोस्रो संस्मरणलाई 'भाग्यमानी मालती' को शीर्षक दिइएको छ । यस संस्मरणमा साहित्य एकादमी दिल्लीबाट प्रदान गरिएको पुरस्कार थाप्न मुंबई जाँदाका घट्नाहरू स्मरण गरिएको छ । कथामा जन्मेकी काल्पनिक पात्र मालतीले आफ्ना जन्मदातालाई त्यत्रो पुरस्कारबाट सम्मानित गर्ने अवसर प्रदान गर्ने साँच्चै भाग्यमानी हो भन्ने भावका साथ यो संस्मरणको शीर्षक छनौट गर्दै यावत् संस्मरण प्रस्तुत गरिएको छ ।

तेस्रो शीर्षक आफ्नै अनुवादको फूलबारीमा रुमलिंदा राखिएको छ । यसभित्र सिक्किम, असम, कोलकत्ता, दार्जिलिङ्, खर्साङ आदि स्थानहरूमा भएका अनुवाद कार्यशाला संगोष्ठी र तीसँग सम्बद्ध अनुभवहरूको फेहरिस्त प्रस्तुत गरिएको छ ।

चौथो शीर्षक 'मेरो नाट्ययात्रा' राखिएको छ । बाल्यकालमा साँझमा आमाबाट सुनेका रामायणका श्लोकहरूबाट प्रभावित भएर उनमा पनि अभिनय कलाप्रति रुचि जागेको र त्यसैका आधारमा ससाना नाटकहरूमा गरेका अभिनयहरूको स्मरण गरेका छन् ।

काव्यात्मक भाषा, आख्यान तत्त्वको मिश्रण र प्रकृतिको जीवन्त चित्रणले प्रस्तुत संस्मरण रोचक बनेको छ । भिन्न प्रसङ्गका स्मरणलाई भिन्नाभिन्नै शीर्षकमा प्रस्तुत गरेर स्रष्टा उपाध्यायले स्तरीय संस्मरण-सङ्ग्रह तयार गरेका छन् ।




### ३. बिहानीपख (हाइकु-सङ्ग्रह)

हाइकु स्रष्टा रामप्रसाद अर्याल 'अविराम' निबन्धकार, गजलकार र समसामयिक लेख-रचना प्रकाशित गर्ने व्यक्तित्व हुन् । साहित्यिक मञ्चलगायतका साहित्यिक संस्थाहरूमा संलग्न अर्यालले आगन्तुक विधा हाइकु-सङ्ग्रह प्रकाशित गरेका छन् । भावअनुसार भिन्नाभिन्नै शीर्षक दिएर ती शीर्षकभित्र त्यसैअनुसार भावभङ्गिमा भएका हाइकु रचना गरेका छन् । पहिलो क्रममा समृद्धिको चाहना शीर्षकमा हाइकुकार लेख्दछन् :-

उठौं न अब
वर्गीय विभेदको
अन्त्यका लागि (१२)

यही चालाले
कहिले होला पूरा
हरित क्रान्ति (१४)

त्यस्तै समृद्धि त हात्ती आयो 'हात्ती आयो फुस्सा' भएको यसरी व्यक्त गर्दछन्:-

बजेछ रित्तै
समृद्धिको बिगुल
सासको खती

हाइकु क्रमको तेस्रो शीर्षकमा सिर्जनाको सौगात राख्दै हाइकुकारले 'बिहानी पख' हाइकु-सङ्ग्रहको शीर्षकका सन्दर्भमा धेरै भाव पोखेका छन् :-

बिहानी पख
क्षितिजको लालिमा
झर्‍यो धर्तीमा

बिहानी पख
फक्रिएका कोपिला
शिखर चुम्न (७६)

हाइकुका बिब्ल्याँटो शीर्षकमा हाम्रो समाज, संस्कृति, राजनीति, चालचलन, शासनप्रणाली आदिमा देखिएका विकृतिप्रति यसरी प्रहार गर्छन्:-

कस्तो चिन्तन
स्वाभिमान बेचेर
हर्ष बढाइँ । (१९)

त्यस्तै

जाँदा पहिरो
आउने खल्तीभित्र
राहत कोष (९३)

खोज्दै जाँदा हाइकुकारले निश्चित शीर्षक दिएर त्यसका परिधिभित्र रही भाव संप्रेषण गरेका छन् । समाजका विविध क्षेत्रमा देखिएका विकृति र विसंगतिहरूको चित्रण गर्ने प्रस्तुत हाइकुसङ्ग्रहभित्रको हरेक हाइकु आफैमा सक्षम छ । ५१५ वटा हाइकुलाई विभिन्न १० शीर्षकभित्र समेटिएको छ । १०४ वटा हाइकु बिब्ल्याँटो शीर्षकभित्र छन् भने सबैभन्दा कम चित्कार शीर्षकमा २५ वटा हाइकु समावेश गरिएको छ । बिन्दुमा सिन्धु अटाउने क्षमता राख्ने हाइकु संक्षिप्त तर पूर्ण काव्यात्मक अभिव्यक्ति हो । यही धर्मलाई प्रस्तुत सङ्ग्रहले निर्वाह गरेको छ ।

## ४. घरदेखि परसम्म




गोपालप्रसाद बस्याल शैक्षिक जनशक्ति विकास केन्द्रसँग सम्बद्ध रही शिक्षकहरूलाई तालिम दिने प्रशिक्षक हुन् । उनले आफ्नो पाल्पा दैलातुङदेखि गुल्मी, पाल्पा, अर्घाखाँची, दाङ, पोखरा, स्याङ्जालगायतका स्थानहरूमा विभिन्न प्रयोजनमा र विदेशका श्रीलङ्का, बङ्गलादेश र अमेरिकासम्म शैक्षिक उद्देश्य र प्रयोजनका लागि गरेका भ्रमण प्रसङ्गहरू यसमा रहेका छन् ।


स्रष्टा बस्यालले दैलातुङ आरम्भ-बिन्दु शीर्षकलाई विषयसूचीको क्रममा राखेका छैनन् । यात्रा र यात्री, यात्रा र तीता मीठा अनुभूति, यात्रा घलेगाउँको, आँखैमा अन्नपूर्ण, अलौकिक साजका रूखहरू, पाणिनि साहित्य यात्रा, वर्षा बाटो र व्यवस्था, कुहिरोभित्र तीतामीठा क्षणहरू, सरर मिर्मी तालैमा जस्ता शीर्षकका संस्मरणहरूमा तत्-तत् क्षेत्रको प्राकृतिक सौन्दर्य, भौगोलिक परवेश, भ्रमणभित्रका तीता-मीठा क्षणहरू, तालिमका क्रममा गरेका अनुभवहरू, नेपालका विद्यालयहरूको शैक्षिक स्थिति, नेपालको यातायात व्यवस्था, सडकहरूको स्थिति, र यात्रुहरूले भोगेका कठिनाइका क्षणहरूजस्ता संस्मरणहरू समेटिएका छन् । दैलातुङ आरम्भ-विन्दु शीर्षकले लेखकका जन्मस्थानको इतिवृत्त प्रस्तुत गरेको छ । उक्त स्थानको नामकरण भौगोलिक परिवेश र प्राकृतिक सौन्दर्यको जीवन्त चित्र प्रस्तुत गरिएको छ । यही दैलातुङलाई 'घर' ठान्दै लेखकले अन्य संस्मरणलाई 'पर' मानेर यस सङ्ग्रहको शीर्षक घरदेखि परसम्म नामकरण गरेका छन् ।

यस संस्कारणभित्रका अमेरिकी कक्षाकोठा, हेर्दाहेर्दै सूर्य पानीमै डुब्यो, ढाकामा अंग्रेजी मेला जस्ता शीर्षकहरूमा नेपालबाहिरका क्षेत्रहरूमा तालिम लिन जाँदा

घुमे देखेका स्थानहरूलाई र विशेष गरी ती स्थानहरूको शैक्षिक प्रणाली, शिक्षण सिकाइका प्रविधि जस्ता कुराहरूलाई अत्यन्त चासोका साथ स्मरण गर्दै नेपालको शिक्षाप्रणालीका कमजोरीहरूको आत्मालोचना गरेका छन् ।

अतः प्रस्तुत संस्मरण सङ्ग्रहभित्र, पाल्पा-काठमाडौं र काठमाडौं-पाल्पासम्मको यात्रा वृतान्तका साथै गुल्मी, पाल्पा, अर्घाखाँची, दाङ, स्याङ्जा, घलेगाउँ, तन्तिङ जस्ता क्षेत्रको भूगोललाई समेटिएको छ । प्राकृतिक परिवेशको जीवन्त चित्रण गर्नुका साथै हरेक घटना-प्रसङ्गलाई विस्तृत रूपमा चित्रण गर्नाले प्रस्तुत कृति उत्कृष्ट बनेको छ । स्रष्टा बस्यालको लेखनी अझ खारिँदै अझ उत्कृष्ट कृतिहरूको सिर्जनातर्फ जाओस् । शुभकामना !

## ५. परावर्तन




वि.सं. २०५७ मा जन्मिएर सम्पादन र सिर्जनामा लागेका युवा स्रष्टा रोहित सैजूले 'परावर्तन' शीर्षकको मुक्तक-सङ्ग्रह तयार गरेका छन् । प्रकाशक उदय बिष्ट रहेको प्रस्तुत सङ्ग्रहभित्र २४० वटा मुक्तकहरू समावेश छन् । देशप्रेमका भावना र देशमा देखिएका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गरिएका मुक्तकहरूको संख्या बहुल छ । उदीयमान युवा स्रष्टालाई शुभकामना दिने सिद्धहस्त स्रष्टा, समीक्षकहरूका साथै मुक्तककारहरूले समेत मुक्तकमै शुभकामना दिएर यस सङ्ग्रहको गरिमा बढाउने चेष्टा गर्नुभएको छ ।

पिताप्रति श्रद्धाभावका साथै परिवारमा पिताको महत्त्व उजागर गर्दै आरम्भ गरिएको प्रस्तुत सङ्ग्रहमा सरकारको अन्धोपन यसरी प्रस्तुत गर्ने खोजिएको छ ।

**सयौं युवाका सपनाहरू तुहिएको देख्दैन सरकार**
**कर्णालीमा जडीबुटी कुहिएको देख्दैन सरकार**

**तर पनि देशलाई यस्तो उस्तो बनाउँछु भन्छ ऊ कठै !**
**झुपडीको छानो चुहिएको देख्दैन सरकार ! (१२)**

युवापुस्ता विदेश पलायनको अवस्थालाई रोक्न र देशको उत्थानका लागि यसरी सुझाव दिन्छन् स्रष्टा :-

**क्षमता अनुसारको काम लगाउनुस् अनि देश बन्छ ।**
**बिदेसिने प्रथालाई बन्द गराउनुस् अनि देश बन्छ**

**सबैको आवाज यही हो मनन गर्नुस् त एकचोटि**
**युवाका पसिना देशमै खन्याउनुस् अनि देश बन्छ ।**

पद ओगटेर बस्ने पदमा पुग्न अगडम बगडम र तिगडम गर्ने नेताहरूलाई स्रष्टा यसरी चिनाउन खोज्दछन् :

**धीरता देखिदैन कठै ! साधना छैन उहाँमा**
**समावेशी खन्याउने सपना छैन उहाँमा**
**ओहदामा पुग्नुभएको त भोट किनेर हो**
**खासमा देशप्रतिको भावना छैन उहाँमा । ८६ ।**

चुनावका बेला सुनिने नेताका भाषणलाई स्रष्टाले मुक्तकभित्र यसरी प्रस्तुत गरेका छन् :-

**मनको घाउ निको पार्छु भन्ने पनि आए**
**आकाशको तारा झार्छु भन्ने पनि आए**
**अरे, अचम्म त त्यतिबेला परें म आफै**
**चन्द्रमामा बसाइँ सार्छु भन्ने पनि आए । १८८ ।**

अभाव, गरिबीबाट मुक्तिका लागि धन कमाउन गरेको संघर्ष र त्यसले पनि नहुँदा मुक्तककार यसरी प्रस्तुत हुन्छन् :-

**प्रदेशतिर मोडियो यो पैसाकै लागि**
**सयौंको पाउ ढोगियो यो पैसाकै लागि**
**ए प्रियसी ! बरू मेरो अङ्ग काटेर बेचिदेऊ**
**कठै ! चन्दनझैं घोटियो यो पैसाकै लागि । २३६ ।**

आदर्शका भाषण गर्ने तर भित्रभित्रै भ्रष्टाचार गर्ने नेता र कर्मचारीप्रति कवि यसरी उपहास गर्छन् :-

**नयाँ नेपालको अन्दाज गर्दैछु भन्थ्यौ भन्न त**
**कल्याण हुने कामकाज गर्दैछु भन्दैथ्यौ भन्न त**
**आज एक्कासि अख्तियारको फन्दामा परेछौ ।**
**आमाका घाउको इलाज गर्दैछु भन्थ्यौ भन्न त । ११६ ।**

मुक्तक स्रष्टा सैजू यस सङ्ग्रहभित्र नेपाली समाज, राजनीतिक परिवेश, विकृति, विसङ्गति, नेताहरूका चिल्ला कुरा, युवापुस्ताको पलायनको कहाली लाग्दो स्थिति अभाव, गरिबीजस्ता विषय प्रसङ्गको वरिपरि घुमेका छन् । केही मुक्तकहरू छोडेर अधिकांश मुक्तकहरूमा कलिलो मस्तिष्कबाट पनि परिपक्व भाव प्रस्फुटन भएका छन् । स्रष्टाको लेखनकला अझै माझिदै जाओस् । शुभकामना !

**– अकिञ्चन**

०००

# पचास वर्षपहिलेको समाचार

## ❑ भानु जयन्ती सम्पन्न

गुल्मी : ढिलो गरी प्राप्त भएको समाचारअनुसार तम्घासमा स्थापित भई सेवा गर्दै आइरहेको किरण पुस्तकालयको तत्वावधानमा गत आषाढ २६ गते एक विशेष समारोहका बीच आदिकवि भानुभक्तको जन्मजयन्ती भव्यतासाथ मनाइयो । समारोहको सभापतित्व गुल्मी जिल्ला पंचायत सभापति श्री बैकुण्ठ बहादुरले गर्नु भएको थियो । समारोहमा माल्यार्पसा, श्रद्धाञ्जलि, साहित्य गोष्ठी, प्रवचन, चियापान र दीपावली थिए ।

भानुभक्तको देन सम्बन्धमा प्रमुख जिल्ला अधिकारी श्री रामजीप्रसाद गुप्त, डा.टीकाराम पन्थी, प्रेमचन्द्र शर्मा, भीष्मप्रसाद शर्मा, अल्छी गोपाल पाण्डेय आदिले प्रवचन दिनुभएको थियो ।

*– साभार : अर्पण साप्ताहिक, काठमाडौं, वर्ष ७, अङ्क ७, २०२८ श्रावण १४ गते शुक्रबार ।*

## ❑ किरण पुस्तकालयमा मोती जयन्ती

प्रधानमन्त्री श्री बिष्टले आफ्नो विवशता जाहेर गर्दै मौसुफ सरकारमा चढाएको राजीनामा रानीतिक क्षेत्रमा निकै चर्चाको विषय बनेको छ । प्रधानमन्त्रीले राजीनामा दिंदा आफ्नो विवशता जाहेर गर्नु पर्दा बाहिरी अथवा भित्री नै कुनै दवाव परेर हो कि भन्ने पनि पर्यवेक्षहरूले अटकल काटेका छन् ।

प्रधानमन्त्री विष्टको प्रशासनकालमा राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा निकै साहसिल कार्यहरू पनि भएको हुँदा आजको नेपालको परिस्थितिलाई हेर्दा श्री विष्ट नै प्रधानमन्त्री पदमा नियुक्त हुन सक्ने कुराको पनि निकै चर्चा छ ।

जि.पं. सभापति बैकुण्ठबहादुर चन्द बोहोराको सभापतित्वमा किरण पुस्तकालयमा एक सभारोहको आयोजना गरी नेपाली साहित्यका युग प्रवर्तक श्री मोतीराम भट्टको जन्मजयन्ती बडो धुमधामका साथ सम्पन्न भएको समाचार छ यस अवसरमा विभिन्न कार्यक्रमहरूको आयोजना गरिएको थियो साहित्य गोष्ठीमा विभिन्न साहित्यकारहरूले रचना पढेर सुनाए । विभिन्न साहित्यप्रेमीहरूले प्रवचन दिए । अरू कार्यक्रममा माल्यार्पण, श्रद्धाञ्जली र दीपावली मुख्य थियो ।

यसै समारोहका बीच पुस्तकालयको अध्यक्ष डा.टीकाराम पन्थीले पुस्तकालयको तर्फबाट श्री ५ वडामहारानी रत्न राज्यलक्ष्मीदेवी शाहको ४४ औं शुभ जन्मोत्सवको शुभ घडीमा हार्दिक शुभकामना प्रकट गर्नुभयो ।

यसै गरी रानीरत्नको शुभजन्मोसत्व नेपाल महिला संगठन जिल्ला कार्यसमिति गुल्मीको तत्वावधानमा विशेष कार्यक्रमका साथ मनाएको समाचार छ ।

***– साभार : दैनिक निर्णय, वर्ष ६, अङ्क १९६, २०२८ भदौ १२ गते शनिबार***

# स्थायी स्तम्भहरूमार्फत नयाँ-नयाँ कुरा थाहा पाइन्छ ।

श्रीमान् सम्पादकज्यू,
हाम्रो पुरुषार्थ,
किरण पुस्तकालय, तम्घास, गुल्मी ।

म विगत ४ वर्षदेखि हाम्रो पुरुषार्थको नियमित पाठक हुँ । यस पुस्तकालयका विभिन्न पुस्तकहरूका साथै हाम्रो पुरुषार्थ पत्रिका पढ्ने अवसर पाएको छु । यसै सिलसिलामा हालै प्रकाशन भएको 'हाम्रो पुरुषार्थ'को सम्पूर्णाङ्क ९९ अध्ययनको लागि सम्पादकज्यूबाट प्राप्त भयो । यसमा विभिन्न लेख, रचना, कथा, कविता, गजल, गीत आदिलाई राम्ररी अध्ययन गरें । जसमा पृष्ठ ७३ मा हीरा ए.सी.ज्यूबाट लेखिएको धार्मिक तथा ऐतिहासिक क्षेत्र रेसुङ्गाको पर्यटकीय महत्त्वको विषयमा धेरै सन्दर्भ-सामग्री रहेको लेखमा धेरै कुराहरू पढ्न पाउँदा ज्ञानवर्धक कुराहरू भएको महसुस गरें ।

यस्तै चूडामणि गौतमको अन्तर्वार्ताले गरे के हुँदैन भन्ने सन्देश दिएको छ । विजय सागरले मारवाडी समाजलाई राम्ररी चिनाउनुभएको छ । खगेन्द्र गिरी 'कोपिला'को संस्मरणको प्रस्तुति निकै घतलाग्दो छ । कविता, गजल र मुक्तक सबै मीठा छन् । विष्णुबहादुर सिंहको अनुभव र अनुभूति छोटो भएर पनि मीठो छ । स्थायी स्तम्भहरूमार्फत नयाँ-नयाँ कुरा थाहा पाइन्छ ।

गुल्मी जिल्लामा एक मात्र सम्पूर्ण सुविधासम्पन्न किरण पुस्तकालयमा पढ्न जाँदा पाठकलाई सफा, सुन्दर र शान्त वातावरणमा अध्ययन गर्ने अवसर प्राप्त भएको छ । अबका दिनमा बालमैत्री कक्षहरू सञ्चालन गर्दै जाने कार्यक्रम पनि रहेको कुरा सम्पादकज्यूले भन्नुभएको हुँदा अझ यसको महत्त्व बढ्दै जाने देखिन्छ । साथै भविष्यमा अपाङ्गमैत्री कक्षसमेत सञ्चालन हुँदै जाऊन् भन्दै यस पुस्तकालयका नियमित रूपमा सञ्चालनमा खटिनुभएका सम्पूर्ण व्यवस्थापन समिति, कर्मचारीप्रति हार्दिक आभारसहित धन्यवाद भन्न चाहन्छु ।

**-नमराज मरासिनी**
**रेसुङ्गा नगरपालिका-७, गुल्मी**

०००

# किरण पुस्तकालयका विशिष्ट/आजीवन सदस्यको परिचय



**विशिष्ट सदस्य**

नाम : कृष्ण आचार्य

जन्ममिति : २०३४/१२/१०

ठेगाना : नुवाकोट, अर्घाखाँची, हाल-सन्धिखर्क

पिता/माता : मित्रलाल आचार्य/सरस्वती आचार्य

धर्मपत्नी : विद्या पन्थी आचार्य

शिक्षा : एम.बी.ए.(भारत), ए.सी.एम.ए, सी.जी, एम्.ए(सी.आइ.एम.ए.यू.के)

कार्यरत : जी.एम्-फाइनान्स निसान मोटर कर्पोरेशन, यू.ए.इ.

कार्यानुभव : (माघ २०७६-असोज२०७८)-ए.जी.एम्. फाइनान्स, निसान मोटर कर्पोरेशन, यू.ए.इ

(चैत्र २०७१-पौष-२०७६)- म्यानेजर, फाइनान्स, निसान मोटर कर्पोरेशन, भारत

(साउन २०६५-फागुन२०७१)- ए म्यानेजर निसान मोटर कर्पोरेशन, भारत

(जेठ २०६४ वैशाख २०६५) एक्जिक्यूटिभ एकाउन्टस अर्चिड क्यामिकल्स, भारत

(वैशाख २०६२ जेठ २०६४) अफिसर एकाउन्टस, अडियो इन्डिया लिमिटेड, भारत

मोबाइल नं. : ००९७१-५२१०४७१३१

इमेल : krishnaacharya.77@gmail.com

संस्थापक : आराध्यारभ पुस्तक वृद्धि कोष किरण पुस्तकालय, गुल्मी

## विशिष्ट सदस्य



नाम : महेश आचार्य
पिता/माता : चूडामणि/पार्वती आचार्य
पत्नी : इला पन्थी
जन्ममिति : २०४०/०८/२९
ठेगाना : सन्फ्रान्सिस्को, क्यालिफोर्निया, यू.एस.ए.
सम्पर्क नम्बर : +१७०३=४२८-५५४०
शिक्षा : Bachelor in Computer Engineering, MSC in Computer Science

Professional Experience:
(2008-2010) : Software Engineer at D2Hawkeye services, Kathmandu, Nepal., (2010-2012) : Teaching Assistant at University of Nevada, las Vagas, (2012-2018) : Software Engineer at corner corporation, Kamas City, Missouri
2018-हाल : Software Engineer at lendingeluh, Sanfrancisco, CA

---

## आजीवन सदस्य



नाम : विनोद आचार्य
पिता/माता : यज्ञप्रसाद/विष्णुमाया आचार्य
पत्नी : गीता आचार्य
जन्ममिति : २०२३/०९/११
ना.नं. : १३३४/२८४२
ठेगाना स्थायी : सन्धिखर्क-४, वाङ्ला, अर्घाखाँची
हाल : कीर्तिपुर, आदित्यपुर, काठमाडौं
फोन नं. : ९८४७०७२२१०
शिक्षा : B.A./B.Ed.
इमेल : binodji23@gmail.com
अभिरूचि : अध्ययन/समाजसेवा
संलग्नता : अध्यक्ष- वाङ्ला खानेपानी, सञ्चालक-मोति पुस्तकालय, वाङ्ला, सञ्चालक-हरिततारा सहकारी, पूर्व शिक्षक-विजय मा.वि., डिभर्ना अर्घाखाँची



नाम : हरिलाल न्यौपाने
पिता/माता : बलभद्र न्यौपाने/डिलकुमारी न्यौपाने
पत्नी : तुल्सी न्यौपाने
जन्ममिति : २०२६/४/२
ना.नं : ४६७/३२५४
ठेगाना स्थायी : रेसुङ्गा नगरपालिका-१, क्याम्पस रोड
फोन नं. : ९८५७०२३३८५
शिक्षा : एस.एल.सी.
इमेल : Rupchhaya.Mix.@gmail.com
संलग्नता : संस्थापक-सूर्यथुम संयुक्त क्याम्पस, अ.खाँ., विशिष्ट सदस्य- महेन्द्र मा.वि., आजीवन सदस्य- रेसुङ्गा बहुमुखी क्याम्पस, सिद्धबाबा मा.वि., उपल्लो तम्घास मा.वि., भाडगाउँ मा.वि., तम्घासस्थान संयुक्त गुठी, रेसुङ्गा संरक्षण समिति, नेपाल नेत्र ज्योति संघ, हृदयरोग निवारण संस्था, किरण पुस्तकालय, नेपाल बाल संगठन, नेपाल रेडक्रस सर्कल, भगवती मन्दिर, टुनिखोला, अर्जुन भगवती मन्दिर, लगायत दजनौं धार्मिक तथा सामाजिक संघसंस्थामा आवद्ध ।



नाम : महेश पन्थी
पिता/माता : भोजराज/सीता पन्थी
पत्नी : मञ्जु रिजाल
जन्ममिति : २०५१/०१/०१
ना.नं. : ४११००१/८६३२३
ठेगाना स्थायी : रेसुङ्गा नगरपालिका वार्ड-९, सुर्केपाटा
हाल : रे.न.पा.-९, चारीखोला
फोन नं. : ९८४७२७९२३४
शिक्षा : डिग्री. M.B.S
इमेल : mpanthi09@gmail.com
अभिरूचि : अध्ययन भ्रमण सामाजिक सेवा,
संलग्नता : गुल्मी, युनाइटेड



नाम : देवराज पाण्डे
पिता/माता : घनश्याम पाण्डे/हुमकला पाण्डे
पत्नी : बुमकला पाण्डे
जन्ममिति : २०२०/५/१६
ना.नं : १७३९
ठेगाना स्थायी : अर्खले गा.वि.स.वार्ड-७, (हाल रे.न.पा.-४)
फोन नं. : ९८४४७७२४४५
शिक्षा : १० पास
अभिरूचि : समाजसेवा
संलग्नता : रेसङ्गा संरक्षण समिति, उपाध्यक्ष लेकाली साकोस, विश्व हिन्दुमहासंघ, कोषाध्यक्ष जोगीथुम भगवती मन्दिर व्यवस्थापन समिति, राँगेढुङ्गा मन्दिर व्यवस्थापन समिति, बाघमारे भजन कृतन समूह, रेसुङ्गा पूर्वविद्यार्थी मन्च ।



नाम : नेत्रबहादुर बस्नेत क्षत्री
पिता/माता : टीकाबहादुर/रूनिकला बस्नेत
पत्नी : उमकला बस्नेत
जन्ममिति : २०१४/११/०९
ना.नं. : १२८८
ठेगाना स्थायी : छत्रकोट गा.पा.-१
हाल : रेसुङ्गा न.पा.-१
फोन नं. : ९८५७०२७९१५
शिक्षा : एस.एल.सी.
अभिरूचि : समाजसेवा, क्षत्री समाज नेपाल केन्द्रीय सदस्य
संलग्नता : रेसुङ्गा संरक्षण समिति, कोषाध्यक्ष
अन्य : बस्नेत संघ गुल्मी-उपाध्यक्ष, उद्योग बा.संघ गुल्मी-सदस्य, विश्व हिन्दु महासंघ-सदस्य, किरण पुस्तकालय आजीवन सदस्य



| | |
|---|---|
| नाम | : भुवनप्रसाद श्रेष्ठ |
| पिता/माता | : मथुराप्रसाद श्रेष्ठ/विष्णुकुमारी श्रेष्ठ |
| पत्नी | : संगिता श्रेष्ठ |
| जन्ममिति | : २०२३/६/२२ गते |
| ठेगाना स्थायी | : रेसुङ्गा नगरपालिका-१, पुतलीबजार |
| हाल | : रेसुङ्गा नगरपालिका-१, पुतलीबजार |
| फोन नं. | : ९८५७०६१६०७ |
| शिक्षा | : B.A. |
| इमेल | : bhuwanphotos111@gmail.com |
| अभिरूचि | : समाजसेवा |
| संलग्नता | : २०४९ देखि २०५९ साल तत्कालीन तम्घास गा.वि.स. अध्यक्ष/नेपाली कांग्रेसको जिल्ला तहका, विभिन्न समितिमा कार्य गर्दै हाल ने.का.लुम्बिनी प्रदेश उपसभापति |

## हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरू

| क्र.सं. | ग्राहकको नाम | ठेगाना |
|---|---|---|
| ९६०. | विनोद आचार्य | सन्धिखर्क नगरपालिका-४, वाङ्ला, अर्घाखाँची ।<br>हाल : कीर्तिपुर, आदित्यपुर, काठमाडौं<br>फोन नं.: ९८४७०७२२१०<br>इमेलः binodji23@gmail.com |
| ९६१. | नेत्रबहादुर बस्नेत | रेसुङ्गा नगरपालिका-१, तम्घास, गुल्मी ।<br>मो.नं. : ९८५७०२७९१५ |
| ९६२. | श्री देवराज पाण्डे | रेसुङ्गा नगरपालिका-४, अर्खले, गुल्मी।<br>फोन नं.: ९८४४७७२४४५ |
| ९६३. | श्री भुवनप्रसाद श्रेष्ठ | रेसुङ्गा न.पा.-१, तम्घास, गुल्मी<br>फोन नं.: ९८५७०६१६०७<br>इमेल : bhuwanphotos111@gmail.com |

९६४. श्री महेश पन्थी — रेसुङ्गा न.पा.-९, सुर्केपाटा, तम्घास, गुल्मी ।
फोन नं.: ९८४७२७९२३४
इमेलः mpanthi09@gmail.com

९६५. श्री कृष्णकुमार रेग्मी — बुटवल उपमहानगरपालिका-१०, कालिकानगर, रूपन्देही ।

९६६. श्री राजेन्द्र घिमिरे — धुर्कोट, गुल्मी । (हाल : तिलोत्तमा नगरपालिका-३, शङ्करनगर, रूपन्देही) ।

ooo

## किरण पुस्तकालयबाट प्रकाशित 'हाम्रो पुरुषार्थ' साहित्यिक पत्रिकाका विशेषाङ्कहरूको संशोधित मूल्य यसप्रकार रहेको छ :

| क्र. सं. | विशेषाङ्कको नाम | प्रकाशित वर्ष | सम्पूर्णाङ्क | अहिलेको मूल्य |
|---|---|---|---|---|
| १. | श्री ५ वीरेन्द्र शुभराज्याभिषेक अतिरिताङ्क | २०३१ | ३ | ५० |
| २. | अन्तर्राष्ट्रिय बालववर्षातिरिक्ताङ्क | २०३६ | ९ | ५० |
| ३. | समालोचना विशेषाङ्क | २०३७ | ११ | १५० |
| ४. | लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क | २०३९ | १५ | ३५० |
| ५. | साहित्यकार विश्वेश्वरप्रसाद कोइराला स्मृति अङ्क | २०३९ | १६ | १५० |
| ६. | लेखनाथ अङ्क | २०४१ | २१ | ५० |
| ७. | अन्तर्राष्ट्रिय युवा वर्षाङ्क | १९८५ (२०४२) | २४ | ५० |
| ८. | गुल्मी परिचयाङ्क | २०५३ | ३३ | १५० |
| ९. | पुस्तकालय विशेषाङ्क | २०५५ | ३७ | १५० |

| क्र. सं. | विशेषाङ्कको नाम | प्रकाशित वर्ष | सम्पूर्णाङ्क | अहिलेको मूल्य |
| --- | --- | --- | --- | --- |
| १०. | कथा विशेषाङ्क | २०५६ | ३८ | १५० |
| ११. | नेपाली भाषिक संगोष्ठी विशेषाङ्क | २०५८ | ४२ | १५० |
| १२. | पत्रकारिता विशेषाङ्क | २०६२ | ५० | ३०० |
| १३. | डा. टीकाराम पन्थी विशेषाङ्क | २०६७ | ५६ | ५०० |
| १४. | भानु विशेषाङ्क | २०७० | ६० | ५०० |
| १५. | बी.पी.विशेषाङ्क | २०७१ | ६३ | ५०० |
| १६. | किरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्क | २०७५ | ८० | ५०० |
| १७. | कवि प्रयासी स्मृति-अङ्क विशेषाङ्क | २०७७ | ८६ | २०० |
| १८. | पं भीमकान्त पन्थी शतवार्षिक स्मृति विशेषाङ्क | २०७७ | ८९ | ७०० |
| १९. | रूरू क्षेत्र विशेषाङ्क | २०८० | ९८ | ५०० |
| २०. | शताङ्क विशेषाङ्क (प्रथम खण्ड) | २०८० | १०० | ६०० |
| २१. | शताङ्क विशेषाङ्क (दोस्रो खण्ड) | २०८० | १०० | ४०० |
| | | | | **६१५०** |



## क्षमाप्रार्थना !

**शताङ्क प्रथम भागमा साहित्यकार श्री कृष्णप्रसाद बस्यालको फोटो अन्यथा हुन गएकोमा क्षमाप्रार्थना गर्दै सच्चाएर बुझिदिनुहुन अनुरोध गर्दछौं ।**

**– सम्पादक मण्डल**

# किरण पुस्तकालय, तम्घास, गुल्मीद्वारा प्रकाशित 'हाम्रो पुरुषार्थ'का विशेषाङ्कहरू














































जि.का., गुल्मी द.नं.: ०१/२०३५/०३६

# किरण पुस्तकालय, तम्घास, गुल्मीद्वारा प्रकाशित पुस्तकहरू



स्वामी शशिधर (२०३३)




महाप्रभु लक्ष्मीनारायण (२०३६)




डा. टीकाराम पन्थी (२०४२)




केशवप्रसाद पौडेल (२०४३)



डा. टीकाराम पन्थी (२०४४)



डा. टीकाराम पन्थी (२०५४)




मुकुन्दहरि ज्ञवाली (२०५४)




डा.. राजाराम सुवेदी (२०५५)



मोदनाथ प्रश्रित (२०५८)




डा. टीकाराम पन्थी (२०६२)




डा. टीकाराम पन्थी (२०६४)


परशुराम उपाध्याय पन्थी (२०६७)



अर्जुनप्रसाद भट्टराई (२०६८)



डा. लक्ष्मीकान्त पन्थी (२०७५)



प्रा.डा. बाबुराम ज्ञवाली (२०७६)



दीन पन्थी (२०७६)




विष्णुप्रसाद खनाल (२०७६)



मनबहादुर खत्री 'मनु' (२०७७)



प्रा.डा. बाबुराम ज्ञवाली (२०७७)



युवराज भुसाल (२०७८)

मुद्रिका प्रिन्टर्स, गुल्मी (९३०४९०)